नेपाली संक्षिप्त भारत



चक्रपाणि चालिसे
कविशिरोमणि लेखनाथ पौड्याल

नेपाली संक्षिप्त भारत

पं. चक्रपाणि चालिसे

संक्षिप्त श्रीमद्भगवद्गीताका लेखक
कविशिरोमणि लेखनाथ पौड्याल

भुँडीपुराण प्रकाशन

३२२९२

नेपाली संक्षिप्त भारत

प्रकाशक
भुँडीपुराण प्रकाशन
बागबजार, काठमाडौं
फोन नं. : ०१-४२२३३१६/४२२५१४८

लेखक : पं. चक्रपाणि चालिसे
सर्वाधिकार : प्रकाशक
प्रथम संस्करण : १९७५, साझा प्रकाशन
वर्तमान संस्करण : २०७८ चैत
मूल्य : रु. ६९०।-
कम्प्युटर : भुँडीपुराण डेस्क

ISBN : 978-9937-772-31-0

Nepali Sankshipta Bharat By P. Chakra Pani Chalise



पं. चक्रपाणि चालिसे

(१९४० कार्तिक – २०१५ चैत्र)

भूमिका

महाभारत सर्वमान्य एक ठूलो आर्य इतिहासको संस्कृत ग्रन्थ हो । सम्पूर्ण आर्यहरू यसलाई अतिशय पूज्य दृष्टिले हेर्दछन् । यसको पूज्यभाव यहाँसम्म छ कि यसलाई आर्यहरू वेदबराबर सम्झन्छन् । यसकारणले महाभारतको श्रवण, मनन र पठन गर्नु हाम्रो परम धर्म र कर्तव्य पनि छ । यो महाभारतनामक महान् इतिहास महर्षि वेदव्यासले पवित्र देववाणीमा लेखेका छन् । यसमा अठार पर्व छन् । यसको ग्रन्थ-सङ्ख्या सवा लाख छ । यसमा भगवान् पुराण पुरुष कर्मयोगी श्रीकृष्ण, धर्मधुरीण राजा युधिष्ठिर, भ्रातृभक्त र पराक्रमी भीम, अर्जुन, नकुल, सहदेव, सती शिरोमणि द्रौपदी र यिनीहरूका पक्षीय अरू अनेक महापराक्रमी धीर वीर योद्धाहरूको युद्धनीति, धर्मनीति, वीरता, धीरता, भ्रातृप्रेम आदिले परिपूर्ण पवित्र चरित्र राजा धृतराष्ट्र, उनका छोरा दुर्योधनका उनान्सय भाइ र तत्पक्षीय देवव्रत भीष्म, आचार्य द्रोण, कृप, अश्वत्थामा, कर्ण आदि अनेक रथी-महारथीका चरित्रको समेत वर्णन विस्तृत भावले लेखिएको छ । यही चरित्रको वर्णनमा सांसारिक र पारमार्थिक उत्कर्ष चाहने दुवै प्रकारका मनुष्यको सम्पूर्ण कर्तव्य पनि पूर्णतया सरल हिसाबसँग बताइएको छ । विचारपूर्वक यस ग्रन्थको अवलोकन गर्नाले ऐहलौकिक र पारलौकिक कुनै विषय पनि अज्ञात रहन सक्तैन । यथार्थमा यो ग्रन्थ ज्ञानरत्नको अक्षय भण्डार हो भने पनि हुन्छ । यसका आधारमा आजतक कैयौं काव्य, उपन्यास, आख्यायिका आदि साना-ठूला ग्रन्थहरू तयार भइसकेका छन् ।

अखिल भूमण्डलका विद्वान्हरू जसलाई शिरोन्द्य सम्झन्छन् सो अमूल्य गीतारत्न एक अवयव हो । यस्तो यो परम पवित्र ठूलो इतिहासको अवलोकन, विचार र परिशीलन गर्नाले नै यस भारतवर्षमा अनेक वीर देशोद्धारक, तत्त्वज्ञानीहरूको बराबर प्रादुर्भाव भएको छ । के नैतिक, के सामाजिक, के धार्मिक जुनसुकै विषय

पनि यस ग्रन्थमा नपाइने कुनै छैन । सांसारिक र पारमार्थिक सम्पूर्ण विषयको यस ग्रन्थमा विस्तारपूर्वक विवेचन गरिएको छ । यसबाट जो महत्त्वपूर्ण उपदेश मिल्दछ त्यो अरू कुनै ग्रन्थबाट मिल्न सक्तैन । यसकारण यो ग्रन्थ आर्यहरूको सर्वस्व नै हो ।

परन्तु खेद यस्तो अमूल्य ग्रन्थरत्न विद्यमान भएर पनि हाम्रा देशबाँधवहरूलाई यसबाट यथेष्ट लाभ उठाउने सौभाग्य आजतक प्राप्त भएको छैन । कारण, यो ग्रन्थ संस्कृतमा लेखिएको छ । संस्कृतज्ञ पण्डित सिवाय अरूलाई यसको यथार्थ ज्ञान हुन कठिन छ । यसैले यस महाभारतको अध्ययन, परिशीलन र मनन आदिबाट हुने लाभमा हाम्रा बन्धुको अधिकतर अंश वञ्चित भइरहेको छ । यो बहुत खेदको विषय हो । जुन ग्रन्थबाट हाम्रा पूजनीय पूर्वपुरुषहरूका दिग्दिगन्तव्यापिनी कीर्तिको कीर्तन हुन्छ, जसबाट हाम्रा धीर, वीर, पराक्रमी र तेजस्वी पुरुषहरूको चरित्रज्ञान हुन्छ, जसबाट हाम्रा प्राचीन कला, कौशल, ऐश्वर्य, प्रभुत्व र एकाधिपत्यको यथार्थ हाल मिल्दछ, त्यस्ता ग्रन्थको परशीलनबाट वञ्चित रहनु हाम्रा निमित्त अतिशय कलङ्ककको विषय भइरहेको छ ।

यद्यपि हाम्रा मातृभाषाका प्रेमी कविहरूले महाभारतका कैयौं पर्वको अनुवाद गरी देशमा प्रचार गराएका छन् तथापि ती आधुनिक कविताबाट मूल ग्रन्थको मर्मले पाठकका हृदयमा आफ्नो प्रभाव जमाउन सकेको देखिंदैन । महाभारतबाट सर्वसाधारणले जस्तो ज्ञान उपार्जन गर्नुपर्दछ त्यस्तो ज्ञान प्राप्त गराउने तरिकाबाट आजतक मूल ग्रन्थको हाम्रो मातृभाषामा अनुवाद भएको कतै छैन ।

आज हामी गोरखाली प्रजाका भाग्यले श्रीमान् प्रजारक्षक श्री ३ महाराज चन्द्रशमशेर प्रभुका असीम करुणाले समिति खडा गराई बराबर पुस्तकहरू निकाल्न बन्दोबस्त गरिबक्सेको हुनाले त्यसै समितिबाट यो अत्युत्तम संक्षिप्त महाभारत एक सानो पुस्तक तयार भयो; विशेष गरेर यो पुस्तक बालक विद्यार्थीहरूका निमित्त तयार गरिएको छ ।

यस पुस्तकमा मूल ग्रन्थ (महाभारत) को पूर्णतया अनुवाद नगरी संक्षेप कथांशको मात्र प्रायः उल्लेख गरिएको छ । त्यसबाट बालकहरूका कोमल बुद्धिले मूल ग्रन्थको मुख्य विषय सजिलैसँग ग्रहण गर्न सक्नेछ । बीचबीचमा बालकहरूको मनोविनोदार्थ र सो मनोविनोदका साथसाथै धार्मिक, नैतिक आदि विषयका शिक्षाका निमित्त केही पद्यहरू पनि ठाउँ-ठाउँमा दिइएका छन् ।

नीतिज्ञान र धर्मज्ञानका साथसाथै बालकको हृदयमा कर्मयोगशास्त्र श्रीमद्भागवद्गीताका केही उत्कर्ष विचारको छाया जमोस् भन्नाका निमित्त सुयोग्य पण्डित लेखनाथ शर्मा पौड्यालले बनाएको संक्षिप्त गीतासारको पनि समावेश गरिएको छ । त्यसबाट भागवद्गीताको केही आभास बालकहरूमा अवश्य पर्नेछ । मेरो अन्दाजमा गीतासारमा धेरै विषय छुटेको छैन । यो उही गीता हो जसमा अर्जुनले लडाइँको प्रारम्भावस्थामा सारा आफ्ना कुटुम्बहरूलाई समरोन्मुख देखेर एकदम विषादपूर्ण चित्तले म बन्धुहनन गर्दिन भनी धनुर्बाण छोडेका बेलामा श्रीकृष्णबाट आफ्नो कुलको धर्म गर्नु नै मानवजीवनको मुख्य लक्ष्य हो भन्ने यथार्थ कुराको उपदेश पाउँदा श्रीकृष्णको सो उपदेशामृतपानले अर्जुन फेरि समरोद्योगमा लागे, कर्मको प्रधानता स्वीकार गरे । यसैले सबलाई फलेप्सु नभई आफ्ना कुलमा चलेको कर्म गर्नैपर्दछ भन्ने उपदेश मिल्दछ । त्यस्तो गीताको सार लेखी-अबोध-जन-सुलभ गराइदिनु यो पण्डित लेखनाथको ठूलो काम हो । तसर्थ म पण्डित लेखनाथलाई हार्दिक धन्यवाद दिन्छु ।

यस पुस्तकमा विस्तृत विषयलाई सरल संक्षिप्त गराउनमा विशेष यत्न गरिएको छ । यो पुस्तक लेख्दा क्षेमेन्द्रकृत भारतमंजरी, इन्डियन प्रेसको बालभारत, सचित्र भारत आदि पुस्तकको सहायता लिइएको छ । अतः यिनका कर्तालाई पनि अनेक धन्यवाद छ । यस किताबबाट गोरखाली बालकहरू आफ्ना प्रभु श्री ३ महाराजको जय मनाउँदै सच्चरित्रताका उपदेश पाई आफ्नो समेत लाभ गर्न सकून् भन्ने मलाई पूर्णतया आशा छ ।

मानिसको अनिवार्य दृष्टिदोषादिबाट यस पुस्तकमा ऊचनीच पर्न गएकोमा सुजनको सौजन्य नै सहायक सम्झनेछु । इत्यलम् ।

गो. भा. प्र. स.
नेपाल
६-४-७५

निवेदक
ना. सु. पं. राममणि आ. दी.
अध्यक्ष, गोरखा-भाषा-प्रकाशिनी समिति

विषयसूची

आदिपर्व	१
सभापर्व	८६
वनपर्व	११७
विराटपर्व	१६०
उद्योगपर्व	१७९
भीष्मपर्व	२०६
संक्षिप्त श्रीमद्भगवद्गीता	२०८
द्रोणपर्व	२९१
कर्णपर्व	३२२
शल्यपर्व	३४३
गदापर्व	३५३
सौप्तिकपर्व	३५९
स्त्रीपर्व	३६८
शान्तिपर्व	३७३
अनुशासनपर्व	३८२
आश्वमेधिकपर्व	३९३
आश्रमवासिकपर्व	४०६
मौशलपर्व	४१६
महाप्रस्थानिकपर्व	४२३
स्वर्गारोहणपर्व	४२७
उपसंहार	४३०

नेपाली संक्षिप्त भारत

आदिपर्व

श्रीमान् भै चिरकालसम्म रहने इच्छा भए निश्चय ।
राजन् ! बन्धुविरोध छोड रणमा देखिन्छ भारी भय ॥
देऊ अंश यथार्थ पाण्डुसुतको होला सबैको हित ।
यो शिक्षा कुरुराजमा दिनुहुने श्रीकृष्णमा हूँ रत ॥

जुन महाप्रतापी राजा भरतका नामले भारतवर्ष र भरतवंश आजसम्म प्रसिद्ध भएको र भविष्यमा पनि भइरहनेछ भन्ने आशा गर्न सकिन्छ । तिनको कुलका आदिपुरुष महाराज ययाति हुन् । तिनका ज्येष्ठ पुत्रको नाम यदु थियो । तिनले कुनै कुरामा पिता ययातिलाई चिढाएका थिए । यसै कारण तिनलाई र तिनका वंशहरूलाई समेत राजसिंहासनमा बस्न नहुने सराप परेको थियो; तथापि तिनका वंशजहरूले आफ्नो बाहुबलद्वारा कुलको नाम अत्यन्त प्रसिद्ध गराए । आजसम्म पनि तिनीहरूको वंश यादववंश कहलाइरहेको छ ।

भोज, वृष्णि, अन्धक आदि वीर पुरुषहरूले यही यादववंशमा जन्मी आफ्नो यश फैलाएका हुन् । अन्त्यमा परमपूजनीय अतुल पराक्रमी, अनन्तैश्वर्यशाली, पुराण-पुरुष भगवान् श्रीकृष्णले पनि यसै वंशमा जन्म लिनुभयो । यसले गर्दा यदुवंशको मान-मर्यादा कुनै कुरामा पनि क्षत्रियकुलभन्दा कम थिएन ।

उता राजा ययातिका अर्का पुरु नामक एक पुत्र थिए । तिनी पिताका परमभक्त र आज्ञाकारी हुनाले अत्यन्त प्रेमपात्र बनेका थिए । यसैले राजा ययातिको शेषपछि उनको राज्य तिनैलाई प्राप्त भयो । तिनका वंशमा पनि अनेक शूरवीर राजाहरू पैदा भएर आफ्नो प्रसिद्धि फैलाए । आखिर तिनै पुरुका वंशमा राजा भरत पैदा भए । तिनैको नामले गर्दा पृथ्वीको एक विशाल विभाग र तिनको वंशसमेत यथाक्रमले भारतवंश भनी अद्यापि कहलाइरहेछ । त्यसपछि भरतका

वंशमा कुरु नामका राजा पैदा भए । त्यहाँदेखि तिनको वंश कौरव भन्ने नामले प्रसिद्ध भयो । त्यही कौरववंशमा द्वापरयुगको अन्त्यमा राजा प्रतीपदेखि स्वकुल चूडामणि राजा शन्तनु पैदा भए । यिनलाई राजा प्रतीपले आफ्नो जीवितावस्थैमा राज्यसिंहासन सुम्पेका थिए । राजा प्रतीपको वानप्रस्थाश्रममा देहान्त भएपछि शन्तनुको प्रताप झन्झन् प्रदीप्त हुँदै गयो । उनी रामराज्यलाई बिर्साएर प्रजाको शासन गर्न थाले ।

राजा शन्तनुलाई शिकार खेल्ने ठूलो सोख थियो । यसै कारण उनले आफ्नो सुबिस्ताका निमित्त सघन वनको समीपवर्ती गङ्गातटमा एक रमणीय महल बनाएका थिए । उनी राजधानीमा भन्दा ज्यादा त्यसै महलमा रहेर बराबर जङ्गलमा शिकार खेल्न जान्थे । एक दिन जङ्गलमा शिकार खेलेर फर्कंदा उनले गङ्गाजीका किनारमा बसिरहेकी एक परम सुन्दरी रमणीलाई देखे । सुन्दरी पनि टाढैदेखि उनलाई हेरेर बसिरहेकी थिइन् । तिनको रूप, सौन्दर्य, वेशरचना र नवयौवन देखेर राजा शन्तनुलाई आश्चर्य लाग्यो । उनी सहसा तिनैमाथि मुग्ध भएर प्रेमपूर्वक सरस वचनले भन्न थाले, "हे सुन्दरी ! तिमीले देवता, दानव, गन्धर्व अथवा मनुष्य कुन जातिको कुललाई आफ्नो जन्मले अलङ्कृत गराएकी छौ ? त्यो कुल धन्य हो । तिम्रो रूप-सौन्दर्य देखेर मलाई तिम्रासाथ विवाह गर्ने इच्छा पैदा भयो । तिमी कृपा गरेर भन, तिम्रो इच्छा के छ ? आफ्नो आशय स्पष्ट गरेर मेरा हृदयको उत्कण्ठालाई शान्त गराऊ ।"

राजा शन्तनुको मधुर-मधुर वचन सुनेर मन्दस्मित गर्दै सुन्दरीले भनिन्, "महाराज ! हजुर मलाई यसरी चाहनुहुन्छ र ममा हजुरको त्यहाँसम्मको अनुराग छ भने म हजुरलाई निराश गर्न सक्तिनँ, म हजुरकी पत्नी हुन तयार छु; परन्तु मसित हजुरले एक प्रतिज्ञा गरिबक्सनुपर्छ । म जुनसुकै काम गरूँ, त्यो असल होस् वा खराब होस् त्यसमा न ता हजुरले मलाई रोकिबक्सने अधिकार रहोस्, न ता 'यसो नगर' भन्ने हुकुम होओस्, न मेरा उपर कुनै तिरस्कार हजुरबाट हुन पाओस् । यदि हजुरले त्यसो गरिबक्सिएन र प्रतिज्ञाको उल्लङ्घन गरिबक्सियो भने उत्तिखेरै म हजुरलाई छोडेर जानेछु । यो प्रतिज्ञा गरिबक्सिन्छ भने म हजुरको इच्छा पूर्ण गराउन तत्पर छु ।"

महाराज शन्तनु प्रेमको फन्दामा फसिसकेका थिए । उनलाई त्यसबेला उचित-अनुचितको ज्ञानै थिएन । उनले यताउति केही विचारै नगरी सुन्दरीका कुरा स्वीकार गरेर उनलाई राजधानीमा लगे । आफ्ना अरू रानीहरूमध्येकी पहिली रानी बनाएर उनैको साथ आनन्दपूर्वक रहन थाले ।

केही दिनपछि महाराज शन्तनुबाट तिनै अज्ञातनाम्नी रानीमा एक पुत्र पैदा भए । परन्तु पैदा हुनासाथ ती बालकलाई रानीले गङ्गाजीमा लगेर फ्याँकिदिइन् । ती बालक सदाका निमित्त गङ्गागर्भमा लीन भए । रानीको यो व्यवहार देखेर राजालाई असह्य कष्ट भयो । मानौं उनको शिरमा वज्रपातै भए जस्तो लाग्यो । परन्तु के गरून् ? अघि नै प्रतिज्ञाबद्ध भएका हुनाले उनले त्यो चुपचाप सहे । यसको केही समयपछि फेरि रानीबाट अर्का पुत्र पैदा भए । तिनलाई पनि उत्तिखेरै लगेर उनले गङ्गाजीमा विसर्जन गरिन् । यस पटक पनि राजाले केही भन्न सकेनन् । यस्तै गरी सातोटा पुत्रसम्मलाई रानीले जन्मनासाथ गङ्गाजीमा फ्याँकिदिइन् । प्रत्येक पटकमा राजाको क्रोध र सन्ताप झन्झन् बढेर आउँदै थियो ।

आखिर आठौं पुत्रलाई पनि जन्मनासाथ फ्याँक्नका निमित्त उनी गङ्गाजीतिर हिंडेकी देखेर शन्तनुले चित्तोद्वेगलाई रोक्न सकेनन् । सहसा उनी पुत्रशोकले विह्वल हुँदै रानीको पछिपछि 'खबरदार ! खबरदार ! यस बालकलाई फ्याँक्न पाउँदिनौं' भन्दै दौडे । त्यसो भन्दा पनि जब रानीले छोडिनथिन् अनि राजा अगाडि गएर रोक्तै भन्न लागे, 'ए पुत्रघातिनी, तिमी को होऊ ? किन यो जघन्य काम गर्दछ्यौ ? यस्तो निष्ठुरता योग्य हुँदैन । यस पुत्रलाई म केही गरे फ्याँक्न दिन्नँ ।' यो सुनेर रानीले भनिन्, 'हे पुत्रको इच्छा गर्ने महाराज ! तपाईंको आज्ञाले म यस बालकलाई फ्याँक्दिनँ । तर तपाईंले जो प्रतिज्ञा गर्नुभएको थियो, जुन वचन दिनुभएको थियो, आज त्यसको तपाईंबाट उल्लङ्घन भयो । यसकारण अब म तपाईंसित रहन सक्तिनँ । तपाईंको र मेरो अन्तिम भेट यही हो । जहाँसम्म म तपाईंसँग रहँ त्यहाँसम्म राम्रै तरहले दिन बिताएँ । तपाईंको सहवासले मलाई ठूलो आनन्द मिल्यो । म बहुतै प्रसन्न छु । यसैले म आफ्नो सारा हाल तपाईंलाई सुनाउँछु । यस घटनाबाट तपाईंले कत्ति दुःख मान्नुपर्दैन । दुःख मान्नुपर्ने कारण पनि केही छैन ।

'मेरो हाल यो होः- म महर्षि जन्हुकी कन्या जाहनवी (गङ्गा) हुँ । अघि महर्षि वशिष्ठले परम तेजस्वी अष्टवसुलाई आफ्नो गाई हरण गरेबापत 'तिमीहरूले मर्त्यलोकमा जन्म लिनुपरोस्' भन्ने सराप दिनुभएको थियो । परन्तु ती अष्टवसुलाई गर्भमा धारण गर्न सक्ने मबाहेक अरू कोही थिएन । यही कुरा जानेर ती आठै वसु मकहाँ उपस्थित भई 'तपाईं हाम्री जननी होइदिनुहोस्' भनी प्रार्थना गरे । फेरि उनीहरूले यो पनि भने, 'मर्त्यलोकमा रहन हामीलाई साह्रै कष्ट हुन्छ । यसकारण जन्मनासाथ हामीलाई नष्ट गरी महर्षिको सरापबाट चाँडै नै फुर्सद

दिनुहोला । हामीले एक दिन पनि मर्त्यलोकमा बस्नु नपरोस् ।' उनीहरूको यो निवेदन मैले स्वीकार गरैं । भरतवंशभन्दा उत्तम वंश उनीहरूको निमित्त कुनै नदेखेकीले मानव शरीर धारण गरी म तपाईंसँग उपस्थित भएँ । यी वसुहरूका पिता हुनुभएकाले तपाईंले आफूलाई कृतार्थ सम्झनुहोला । यस कुरामा कत्ति शोक नहोस् । जुनचाहिं द्यूनामक वसुले वशिष्ठका उपर अपराध गरेका थिए उनै आठौंचाहिं वसु तपाईंका यी अन्तिम हुन् । यिनले जीवनभर तपाईंको वंशमा रहेर त्यसलाई उज्ज्वल गराउनेछन् । म स्वयम् यिनको यथोचित पालन-पोषण गर्नेछु । यिनको उपरमा कत्ति चिन्ता लिनु पर्दैन ।' यति भनेर नवजात पुत्रसमेत गङ्गाजी अन्तर्धान भइन् । राजालाई पत्नी र पुत्रको वियोगले कठोर दुःख भयो । त्यस दुःखलाई दूर गराउनका निमित्त मनोविनोदको तवरबाट अर्थात् कार्यमा अलमलिइरहे दुःखका दिन गएको थाहा हुँदैन भन्ने विचारले उनी प्रजाको शासन गर्न थाले ।

महाराज शन्तनु अत्यन्त बुद्धिमान् र धर्मात्मा पुरुष हुनाले उनका गुणले मुग्ध भएका दिग्दिगन्तका राजाहरू उनलाई सम्राट् र आफ्नो राजराजेश्वर सम्झन्थे । हुन पनि राजा शन्तनुको प्रजापालन पद्धति बहुतै प्रशंसनीय थियो । यसैले उनको राज्यका कुनै प्रजा पनि दुःखी, भयभीत, रोगपीडित र शोकग्रस्त थिएनन् । यस्तैमा एक दिन शिकारमा उनले एक मृगिणीका उपर बाण प्रहार गरे । त्यो मृगिणी आफ्नो शरीरमा गढेको बाण लिएर भागी । राजा पनि त्यसको पछिपछि दौडँदै जाँदाजाँदा गङ्गाको किनारमा पुगे । उनी पुग्नासाथ गङ्गाजीको जल एकाएक सुक्यो । यो देखेर उनलाई बहुतै आश्चर्य लाग्यो । उनी यो आश्चर्यजनक घटनाको कारण के हो भनेर यताउति हेर्दै थिए, सहसा उनका दृष्टिपथमा सामने एउटा देवताको सदृश रूपसौन्दर्यले परिपूर्ण भएको बालक बराबर बाणवृष्टि गरिरहेको देखियो । त्यस बाणवृष्टिले गर्दा गङ्गाजीको प्रवाहै रुद्ध भएकाले गङ्गाको मार्गमा जलको नामनिशानासम्म पनि थिएन । बालकको यस्तो अद्भुत ग्रहणचातुरी देखेर राजाको चित्त चमत्कृत भयो । यी बालक उनै गङ्गाजीका गर्भबाट पैदा भएका वसु थिए । तिनको नाम गङ्गाजीले देवव्रत भनी राखेकी थिइन् । राजा शन्तनुले तिनलाई जन्मसमयदेखि अतिरिक्त अरू कुनै समयमा देखेका थिएनन् । यसकारण उनले यो मेरै औरस पुत्र हो भनी चिन्न सकेनन् । परन्तु बालकले भने देख्नासाथ राजालाई यी मेरै पिता हुन् भनी चिने । परन्तु उनले त्यसबेला राजाका समीपमा उपस्थित भएर आफ्नो परिचय दिन उचित सम्झेनन् । उनी उत्तिखेरै अन्तर्धान भएर जगज्जननी गङ्गाजीकहाँ गई सारा वृत्तान्त सुनाउन थाले ।

यता महाराज शन्तनु आश्चर्य-समुद्रमा निमग्न भएर उही वीर बालक रहेको दिशातर्फ दृष्टिपात गरिरहेका थिए । यस्तैमा सहसा उही पूर्वपरिचित मानवरूपधारिणी गङ्गाजी पुत्र देवव्रतसमेत उनको समक्षमा प्रकट भई भन्न थालिन्, "महाराज ! तपाईंको पुत्र देवव्रतलाई मैले यत्नपूर्वक पालन-पोषण गरेर बढाइदिएँ । वशिष्ठ, शुक्राचार्य, वृहस्पति, परशुराम आदि श्रेष्ठ गुरुहरूबाट तिनले वेद, वेदाङ्ग, शस्त्रविद्याको उच्च शिक्षा राम्रैसित पाएका छन् । अब यिनले कुनै विषयको शिक्षा लिनु बाँकी छैन । अब यिनलाई म तपाईको जिम्मा लगाउँछु । तपाईं सकल गुणसम्पन्न यी आफ्ना पुत्रलाई लिनुहोस् ।" गङ्गाजीको यो कुरा सुनेर महाराज शन्तनुको चित्त हर्षले गद्‌गद भयो । उनी ती परम तेजस्वी सर्वगुणसम्पन्न वीर पुत्र देवव्रतलाई लिएर राजधानीतर्फ प्रस्थित भए । गङ्गाजी पनि अन्तर्धान भइन् । राजाले वीरशिरोमणि देवव्रतलाई युवराज बनाए । यसले उनका प्रजाहरूमा पनि अत्यन्त प्रसन्नताको उदय भयो ।

यसपछि एक दिन महाराज शन्तनु यमुनाको तटवर्ती सुमधुर स्वच्छ वायुको सेवन गर्नानिमित्त टहलिरहेका थिए । अकस्मात् उनलाई एक अद्‌भुत सुगन्धको सञ्चार भएको अनुभव हुन थाल्यो । त्यस्तो सुगन्ध उनले त्यहाँभन्दा अघि कहिल्यै अनुभव गरेका थिएनन् । यसैले उनी यो अपूर्व सुगन्ध कताबाट आयो भनी यताउता अनुसन्धान गर्न थाले । केही बेरपछि उनलाई यो सुगन्ध समीप-वर्तिनी कुनै देवाङ्गनासदृश रूपलावण्यशालिनी धीवरकन्याको मुखारविन्दबाट प्रवाहित भएको रहेछ भन्ने ज्ञान भयो । उनी सहसा आश्चर्ययुक्त हुँदै ती धीवरकन्याको समीपमा गएर भन्न थाले, "सुन्दरी ! तिमी को होऊ ? किन यहाँ आएर बसेकी छौ ? यस यमुनाको तटमा तिम्रो नियत कार्य के छ ?" राजाको प्रश्न सुनेर धीवरकन्याले भनिन्, "महाराज ! म एक माझीकी छोरी हुँ । मेरो नाम सत्यवती हो । यहाँ पिताजीको आज्ञाले नाउ चलाउने काम गरी बसेकी छु ।"

धीवरकन्याको यस्तो सुमधुर वचन सुन्दा उनको अलौकिक रूपसौन्दर्य देख्दा र उनका शरीरको आश्चर्यकारी सुगन्ध अनुभव गर्दा महाराज शन्तनुको हृदय मुग्ध भयो । उनले उसैबेला धीवरराजकहाँ गएर आफ्नो मनको आशय प्रकट गरे । उनको त्यस्तो आग्रह देखेर धीवरराजले भने, "हे नरनाथ ! कन्या पैदा भएपछि पिताले उसको विवाह अवश्यै गरिदिनुपर्दछ । तर विद्वान्‌हरू समान-शील-कुलमा कन्या दिनू भनेर भन्दछन् । यसकारण मैले समानै कुलमा यी कन्याको विवाह गरिदिनुपर्ने हो । परन्तु हजुर यस्ता पृथ्वीका अधिपति भएर पनि म नीचकुलको धीवरकी कन्या विवाह गर्न चाहनुहुन्छ, यो मेरो निमित्त बहुतै सौभाग्यको कुरा

हो । यसभन्दा सुख र सन्तोषको कुरा हुनै सक्दैन । तर यी कन्या विवाह गर्नानिमित्त मेरो मनको एक अभिलाषा हजुरले पूरा गरिबक्सनुपर्छ । सो के भने यी कन्याबाट हजुरका पहिला जुन पुत्र पैदा होलान् तिनैलाई हजुरले आफ्ना राज्यको उत्तराधिकारी बनाउनुपर्दछ । यदि यो कुरा हजुरबाट स्वीकृत हुन्छ भने त आफ्नी कन्या प्रसन्नतासाथ हजुरमा समर्पण गर्दछु ।"

महाराज शन्तनु सत्यवतीका उपर अत्यन्त मुग्ध भइसकेका थिए । परन्तु उनको देवव्रतका उपर बहुतै प्रेम थियो । उनको राज्याधिकार हरण गरेर दासकन्याको पुत्रलाई दिने प्रतिज्ञा गर्नु उनका निमित्त अतिशय असामञ्जस्यको कुरा थियो । यसैले उनी सहसा सो कठोर प्रतिज्ञा गर्न नसकी भग्नमनोरथ हुँदै आफ्नो राजधानी हस्तिनापुरतिर फर्के । परन्तु सत्यवतीको रूपराशि उनको हृदयमा कुनै तरहबाट नमेटिने गरी चित्रित भइरहेको थियो । उनले आफ्नो दरबारमा रहेको अनेक उपाय गर्दा पनि सत्यवतीको मनोमोहिनी मूर्ति र उनका कलेवरको अकृत्रिम सुगन्धलाई हृदयबाट बाहिर गर्न सकेनन् । उनी अत्यन्त विकल र उदार हृदय भएर कष्टसाथ दिन बिताउन लागे । हुँदाहुँदा उनको यस्तो अवस्था देखेर परिजनहरूको चित्त पनि व्याकुल हुन लाग्यो । मन्त्रीवर्गसमेत उनको त्यो अवस्थादेखि व्याकुलताको कारण खोज्न थाले । अन्त्यमा स्वयम् देवव्रतले एकान्त समय पारेर उनीसँग निवेदन गरे, "पिताजी ! हजुरलाई आज धेरै दिनदेखि सधैं उदासीन र व्याकुल अवस्थामा देख्दछु । प्रतिदिन हजुरको गाथ क्रमशः कृशतर हुँदै गएको देखिन्छ । यदि आपत्ति केही छैन भने बालकले सो हजुरको चित्तोद्वेगको कारण यथार्थ सुन्न पाऊँ ।" आफ्ना परम प्रेमास्पद पुत्र देवव्रतको यस्तो विनीत निवेदन सुनी महाराज शन्तनुले मनको कुरा छिपाउन सकेनन् । तथापि सत्यवतीका विषयको कुरा स्पष्टतासाथ उनका मुखबाट सहसा निस्कन सकेन । उनले सो कुरालाई भङ्ग्यन्तरबाट झल्काउने गरी भने, "बाबु ! मेरो तिमी एक मात्र पुत्र छौ । तिम्रो स्वभाव सदा वीरतासम्बन्धी कार्यकै तर्फ आकृष्ट भएको देखिन्छ । यसकारण कदाचित् तिम्रा उपर कुनै अनिष्ट या आपद् आइपऱ्यो भने हाम्रा वंशको के गति होला ? यही चिन्ताले म सधैं ग्रस्त भैरहन्छु । मेरो चिन्ताको कारण यसभन्दा अरू केही छैन ।" महाराजको यो प्रत्युत्तर सुनेर देवव्रतका मनमा सन्देह भयो । उनी पिताजीले आफ्नो मनको कुरा स्पष्ट गर्न कठिन मान्नुभयो भन्ने सम्झी चुपचाप त्यहाँबाट उठेर जुनचाहिं मन्त्री सत्यवतीका साथ राजाको भेट हुँदा सँगै थिए उनैकहाँ गए । मन्त्रीले पनि उनी आउनाको कारण बुझेर सत्यवतीको सारा हाल साफसाफ सुनाइदिए । सो हाल सम्पूर्ण ज्ञात

भएपछि देवव्रतको चित्त शान्त भयो । उनी तत्कालैमा पिताको अभिलाषा पूर्ण गराउना निमित्त धीवरराजको घरतर्फ हिंडे । उहां पुगेर पिताको सारा हाल पनि विस्तार गरे । त्यसबेला राजकुमार देवव्रतका साथ अरू कैयौं राजपुरुषहरू पनि गएका थिए । यता धीवरराजको सभामा पनि अनेक गण्यमान्य पुरुषहरू उपस्थित थिए । केही बेर यताउताको वार्तालाप भएपछि धीवरराजले सबै सभासद्का सामने यो कुरा भने, "हे राजकुलमणि ! राजकुमार देवव्रत ! हजुर पृथ्वीमण्डलका सकल शस्तास्त्रधारीहरूमध्ये श्रेष्ठ, महाराज शन्तनुका एकमात्र पुत्र हुनुहुन्छ । महाराज शन्तनुका सर्वैश्वर्यसम्पन्न साम्राज्यको उत्तराधिकार तपाईं सिवाय अरू कसैको प्राप्य छैन । यसकारण म आफ्नो मनको कुरा साफसाफ निवेदन गर्दछु । हजुरसँग सम्बन्ध गर्ने इच्छालाई म ता के स्वयम् इन्द्र पनि छोड्न असमर्थ छन् । यी मेरी कन्या सत्यवतीका साथ विवाह गर्ना निमित्त महर्षि पराशरले कैयौं पटक मसित याचना गर्नुभएको थियो । परन्तु मैले यिनको विवाह कुनै राजाका साथ गरिदिन पाए हुँदो हो भनी इच्छा राखेको थिएँ । यसकारण मैले महर्षिको याचनालाई पनि स्वीकार गरिनँ । आज हजुरका पिताको यी कन्याका उपर प्रेम हुन गएछ । यो मनोऽभिलषित कार्य नै हो । म महाराजको इच्छा पूर्ण गराउनामा तत्परै छु, परन्तु मेरो मनमा यो सन्देह छ । हजुरको पिताजीका साथ यी कन्याको विवाह हुन गयो भने यिनबाट पैदा भएका सन्तानद्वारा हजुरको राजमा घोर अनर्थ उठ्ने सम्भव छ । सौतिने भाइहरूका साथ हजुरको शत्रुता भई ठूलो विद्रोह हुनमा पनि असम्भव केही छैन । यसैकारण सहसा सत्यवती सुम्पनामा म सङ्कुचित भएको हुँ । यस्तो अवस्थामा म कन्यादान गर्न सक्छु वा सक्तिन सो आफैं विचार गर्नुहोस् ।"

वीरशिरोमणि महाबुद्धिमान् देवव्रतले धीवरराजको आशय बुझेर प्रसन्नतासाथ भने, "धीवरराज ! म तपाईंको र पिताजीको समेत दुवै तर्फको इच्छा पूर्ण गर्नमा तत्पर छु । तपाईंको कुरालाई मैले सहर्ष स्वीकार गरैं । तपाईंकी कन्याको गर्भबाट जुन पुत्र उत्पन्न होला त्यही मेरा पिताको स्वामी बन्नेछ । त्यसैलाई म आफ्नै हातले राजगद्दीमा खुशीसाथ राख्नेछु । त्यसको हरतरहबाट सदा सहायता पनि गर्नेछु । यसमा सन्देह छैन ।" देवव्रतको यो कुरा सुनेर धीवरराजले फेरि भने, "हे शत्रुसूदन ! यदि क्षमा पाउँछु भने म अर्को एक कुरा निवेदन गर्दछु । संसारमा सकल प्रजाहरू हजुरलाई सत्यवादी भन्दछन् । हजुर सदा सत्य बोल्नुहुन्छ । हजुरले सत्यवतीको पुत्रलाई आफ्नो पैतृकराज्य दिने प्रतिज्ञा गर्नुभयो । त्यस विषयमा अब कसैलाई सन्देह छैन । किन्तु पछि कुनै हजुरबाट पैदा भएका

सन्तानले हजुरको प्रतिज्ञालाई अन्यथा गरी उसको विपरीत आचरण गरे भने त्यसको के उपाय हुने हो सो पनि म सुन्न पाऊँ ।" यो सुनेर परम पितृभक्त देवव्रतले पिताको सुखलाई सर्वोपरि सम्झी निःस्वार्थले भने, "हे धीवरराज, हे अरू सकल सभासद्वर्ग ! मेरो प्रतिज्ञा सुन्नुहोस् । मैले राज्याधिकारलाई अघि नै तपाईंको समक्षमा छोडिसकैं । सत्यवतीकै पुत्रलाई राजा गराउंला भन्ने मेरो पहिलो प्रतिज्ञा भयो । अब म दोस्रो प्रतिज्ञा गर्दछु । म आमरणान्त विवाह गर्नेछैन । आजदेखि लिएर मृत्युसमयपर्यन्त म ब्रह्मचर्यव्रतको पालन गरेर रहुंला । यति भएपछि सत्यवतीका पुत्रलाई राज्याधिकारबाट भ्रष्ट गराउने भय कुनै रहनेछैन । फेरि उनको राज्यप्राप्तिमा कुनै बाधा पनि रहने छैन ।"

वीरशिरोमणि सत्यसन्ध देवव्रतले यसरी आफ्नो स्वार्थका उपर तिलाञ्जलि दिएर आफ्नो उदारतालाई हद्द सीमासम्म पुऱ्याएको देखेर सारा सभासद्हरू आश्चर्यसागरमा डुब्दै भन्न थाले, "स्याबास ! राजकुमार देवव्रत ! हजुरलाई सहस्रशः धन्यवाद छ । हजुरले आफ्ना हकको सारा राजपाठ छाडिदिनुभयो । आजन्म ब्रह्मचर्यव्रतको सङ्कल्प गर्नुभयो । हजुर जत्तिको स्वार्थत्यागी पुरुष यस त्रैलोक्यमा न कुनै भयो, न कुनै होला ।" सभासद्हरू यसरी देवव्रतको तारिफ गर्दै थिए, सहसा उनका उपर आकाशबाट पुष्पवृष्टि हुन थाल्यो । स्वर्गमा रहेका देवताहरू पनि उनको प्रशंसा गर्न थाले । यसै दिनदेखि त्यस्तो भीष्म (डरलाग्दो) प्रतिज्ञा गरेको हुनाले देवव्रतलाई सबैले 'भीष्म' भनी सम्बोधन गर्न थाले । पछि उनको नाम 'भीष्म' भनी लोकमा प्रसिद्ध भयो ।

धीवरराजको इच्छा पूर्ण भयो । उनले उसै बेला हर्षका साथ सत्यवतीलाई बोलाएर भीष्मको नै जिम्मा लगाइदिए । भीष्मले पनि सत्यवतीलाई पिता शन्तनुको समीपमा उपस्थित गराएर आफूलाई कृतार्थ सम्झे । महात्मा भीष्मको अलौकिक प्रतिज्ञा सुनेर शन्तनुलाई ठूलो आनन्द भयो । उनले भीष्मलाई "तिम्रो इच्छा मरण होस्, अर्थात् आफैंले मरूँ भन्ने इच्छा नगरुन्जेल मृत्युको तिम्रा उपर केही जोर नचलोस्" भनी वर दिए । यति भएपछि महाराज शन्तनुको सत्यवतीका साथ रमणमा समय बित्न थाल्यो । यिनै सत्यवतीबाट महाराज शन्तनुका चित्राङ्गद र विचित्रवीर्य नामक दुई पुत्र पैदा भए । ती पुत्रहरू यौवनारूढ भएपछि सहसा महाराज शन्तनुको देहान्त भयो । त्यसपछि माता सत्यवतीका अनुमतिअनुसार भीष्मले जेठा चित्राङ्गदलाई राजसिंहासनमा बसाले परन्तु तिनले धेरै दिनतक राज्य गर्न पाएनन् । तिनी गन्धर्वहरूका साथ युद्ध हुंदा चित्राङ्गद नामकै गन्धर्वद्वारा मारिए ।

त्यसपछि भीष्मले फेरि सो पैतृक राज्यमा कान्छा भाइ विचित्रवीर्यलाई अभिषिक्त गरे । उमेरमा कच्चै भए तापनि महात्मा भीष्मको शिक्षाअनुसार विचित्रवीर्य राज्यको काम राम्रै तरहले चलाउन सक्ने भए । उनी युवा भएपछि भीष्मलाई यिनको विवाह कहाँ गरूँ भनी चिन्ता भइरहेको थियो । यसै बेला उनकहाँ काशीका राजाका तीन ओटी कन्याहरू स्वयंवरको विधिले आफ्नो विवाह गर्न चाहन्छन् रे भन्ने खबर आयो । सो खबर सुन्नासाथ महात्मा भीष्म माता सत्यवतीसँग बिदा भई काशीतर्फ प्रस्थित भए । काशीराजको सभाभवनमा स्वयंवरको समारोह भइरहेको थियो । उसमा नाना देशका राजा, राजकुमारहरू कन्याप्राप्तिका इच्छाले एकत्रित भइरहेका थिए । तिनीहरूलाई देखेर भीष्मको मनमा यतिका राजा, राजकुमारहरू जम्मा भएको ठाउँमा मेरो मनोरथ सिद्ध हुन कठिन छ भन्ने विचार उठ्न थाल्यो । उनले त्यस विषयमा धेरै विचार गरे । अन्त्यमा उनको मनले यी तीनै कन्यालाई बलपूर्वक हरण गरेर लैजानु नै बेस होला भन्ने निश्चय गऱ्यो । यही निश्चयअनुसार उनले स्वयंवरमण्डपमा उपस्थित हुनासाथ काशीराजका अम्बा, अम्बिका र अम्बालिका नाम भएका तीनै ओटी राजकुमारीलाई रथमा बसालेर बाहिर निकाले ।

वीरशिरोमणि भीष्मको यस्तो साहस देखेर त्यहाँ एक भएका राजा, राजकुमारहरूले सहन गर्न सकेनन् । उनीहरूले चारैतर्फबाट घेरा दिई भीष्ममाथि आक्रमण गरे । तिनीहरूका साथ भीष्मको घोर सङ्ग्राम भयो । उनी बाल्यावस्थामा माता गङ्गाजीको प्रसादले सकल शस्त्रास्त्र विद्यामा प्रवीण भइसकेका थिए । मर्त्यलोकमा उनको प्रतिद्वन्द्वी पुरुषै अर्को कोही थिएन । यसैले कुनै राजा वा राजकुमार पनि त्यस बेला उनलाई जित्न समर्थ भएनन् । उनको शस्त्रास्त्र प्रयोगको कुशलता र आफ्नो रक्षाको अपूर्व चातुरी देख्ता शत्रुहरू पनि उनलाई धन्यवाद दिन थाले । सारा राजा, राजकुमारहरू परास्त भएर फर्केपछि भीष्म तीनै ओटी कन्यालाई लिएर हस्तिनापुरमा आए ।

त्यसपछि तीन कन्याको विचित्रवीर्यका साथ विवाह गर्नाको निमित्त राजदरबारमा नाना प्रकारका आयोजन हुन थालेको थियो । यसै बीचमा तीनमध्येकी जेठीचाहिं राजकुमारी अम्बा लज्जवनत मुखले भीष्मसँग भन्न थालिन्, "हे महाबाहु ! मैले धेरै दिन अघिदेखि शाल्वराजका साथ आफ्नो विवाह गर्ने सङ्कल्प गरेकी थिएँ । उहाँले पनि मेरो साथ विवाह गर्ने निश्चय गर्नुभएको थियो । एक पटक उहाँको प्रार्थनासमेत मकहाँ थियो । पिताजीको पनि यस कुरामा मञ्जुरी भइसकेको थियो । यदि स्वयंवर हुँदो हो त म वरमाला शाल्वराजकै कण्ठमा पहिराउने

थिएँ, तपाईंले बलात् हरण गरेर ल्याउनुभयो । अब आफैं विचार गर्नुहोस् यस अवस्थामा म तपाईंको भाइ महाराज विचित्रवीर्यका साथ विवाहिता हुन योग्य छु या छैन ? जो उचित सम्झनुहुन्छ उसै गर्नुहोस् ।" अम्बाको यो निवेदन सुनेर भीष्मलाई अत्यन्त चिन्ता भयो । वास्तवमा अम्बाले पनि सत्य कुरा भनेकी थिइन् । अब भीष्म के गरुन् ? उनले यस विषयमा धेरै विचार गरेर अम्बालाई "त्यस्तो भए तिमी शाल्वराजकहाँ नै जाऊ" भनी बिदा दिए । उनी हस्तिनापुरबाट प्रस्थित भएपछि अम्बिका र अम्बालिका दुई राजकुमारीका साथ महाराज विचित्रवीर्यको विवाहकर्म सम्पन्न भयो ।

यता भीष्मसँग बिदा भएर एक वृद्ध ब्राह्मण र एउटी धाईका साथ अम्बा शाल्वराजकहाँ पुगिन् र भन्न थालिन्, "हे राजन् ! मैले अघिदेखि हजुरलाई मनले वरण गरेकी थिएँ । हजुरले पनि मेरा निमित्त प्रार्थना गरिबक्सिएको थियो । यसैले आज हजुरका समीपमा उपस्थित भएकी छु । मलाई स्वीकार गरिबक्सियोस् ।" अम्बाको यो कुरा सुनेर शाल्वराजले विचार गरे यिनी स्वयंवरमा भीष्मले हरण गरेर लगिएकी हुन् । अर्काले आफूलाई जितेर हरण गरिएकी स्त्रीलाई त्यसै लिनु हामी क्षत्रियको उचित धर्म होइन । यसकारण यिनलाई यथार्थ उत्तर दिनुपऱ्यो ।" यस्तो विचार गरी उनले केही हँसिलो मुख गरेर भने, "राजकुमारी ! तिमी स्वयंवरसभामा हामीहरूबाट जितिएर जससित गएकी हौ अब पनि उनैकहाँ जाऊ । हाम्रो तिमीसँग केही सरोकार छैन । हामी आफूले हारेको कुरा कदापि हरुवा बनेर फिर्ता लिँदैनौं । यसकारण म तिमीसित विवाह गर्न सक्तिनँ ।"

शाल्वराजको यस्तो कठोर प्रत्युत्तर सुनेर अभिमानले पूर्ण भएकी राजकुमारी अम्बा चुपचाप त्यहाँबाट निस्किन् । उनलाई फेरि फर्केर भीष्मकहाँ जाने इच्छा पनि भएन । उता पिताको घरमा जान पनि उनले उचित सम्झिनन् । अन्त्यमा उनी आफ्नो पिता, भीष्म, शाल्वराज र आफूलाई समेत धिक्कार दिँदै अनाथ जस्ती भई यताउता घुम्न थालिन् । केही दिन त्यसै घुमेपछि एक दिन उनको मनमा "यो सारा अर्थको मूल भीष्म नै हुन्" भनी उनका उपर अत्यन्त क्रोध उत्पन्न भएर आयो । त्यस क्रोधले अन्ध हुँदै भीष्मसँग बदला लिनाका निमित्त उनी तपोवनवासी ऋषिश्वरहरूका आश्रममा गएर घुम्न थालिन् । एक दिन आश्रमवासी ऋषीहरू एकत्रित भएको मौका पारेर उनले आफ्नो सारा हाल बताउँदै तिनीहरूसँग भनिन्, "हे महात्मा ऋषीश्वरवर्ग ! अब मेरो कर्तव्य के हो ? तपाईंहरू सकल संसारका धर्मप्रचारक हुनुहुन्छ । मलाई उचित उपदेश दिनुहोस् ।"

राजकुमारी अम्बाको कुरामा कुनै ऋषिले पनि केही प्रत्युत्तर दिन पाएका थिएनन् । यस्तैमा सहसा अम्बाका मातामह होत्रवाहननामक राजर्षि त्यहीं आइपुगे । उनलाई सहसा उपस्थित भएको देखेर अम्बाले लज्जापूर्वक शिर नीचो गरिन् । पछिबाट राजर्षिका प्रेरणाले उनको आफ्नो सारा दुःखकहानी उनीसँग प्रकट गरिन् । सो सुन्दा उनलाई पनि मनमा साह्रै दुःख लाग्यो । उनले केही बेर विचार गरेर दयापूर्वक भने, "पुत्री ! तिमी परशुरामका शरणमा हिंड । उनी मेरा भाइ हुन्, भीष्मका गुरु पनि हुन् । तिमीले उनीकहाँ गएर आफ्नो परिचय दिएपछि र आफ्नो दुःखकथा बयान गरेपछि उनले अवश्य तिम्राउपर दया राख्नेछन् । भीष्मलाई पनि यथोचित दण्ड दिएर तिम्रो हृदयलाई शीतल गराउनेछन् ।" यति भनेर राजर्षि होत्रवाहन उत्तिखेरै राजकुमारी अम्बालाई साथ लिएर परशुरामको आश्रमतिर हिंडे । आश्रममा पुगेर अम्बाले परशुरामको चरणमा अभिवादन गरिन् र "हे प्रभु ! मेरो उद्धार गर्नुहोस्" भन्दै आफ्नो सारा दुःखकहानी सुनाइन् । उनको त्यो अवस्था देखेर परशुरामलाई पनि अत्यन्त दुःख लाग्यो । उनले करुणापूर्वक भने, "राजनन्दिनी ! यदि तिमी इच्छा गर्दछ्यौ भने म शाल्वराजलाई तिमीसित विवाह गर्ने आज्ञा दिन्छु । अथवा भीष्मसित बदला लिन चाहन्छ्यौ भने पनि म तुरुन्त दूत पठाएर उनलाई तिमीसित क्षमा माग्नका निमित्त लाचार गराइदिन्छु । तिमीलाई जे इच्छा छ भन, म उही काम गर्न तयार छु ।"

परशुरामको करुणापूर्ण सान्त्वनावचन सुनेर अम्बाले विन्ती गरिन्, "हे प्रभु ! शाल्वराजले स्वीकार नगरी मलाई फर्काइदिए, मसित विवाह गर्दिनँ स्पष्टै जवाफ दिए । यसकारण म फेरि उनीकहाँ जान र तिनीसित विवाह गर्न समेत चाहन्नँ । मेरा सारा दुःखको कारण एकमात्र भीष्म नै हुन् । तिनै भीष्मलाई हजुरबाट प्राणदण्ड बक्सियो भने एकमात्र मेरो शोक दूर हुन्छ, नत्र हुँदैन । हजुरको जो कृपा ।" यति भनेर अम्बा चुप लागिन् । परशुरामले उनको चित्त बुझाउनानिमित्त धेरै बेरसम्म यत्न गरे । विनाभीष्मको प्राणदण्डले उनको चित्त शान्त हुने देखेनन् ! अन्त्यमा लाचार भएर परशुरामले भीष्मका साथ युद्धै गर्ने निश्चय गरे । अम्बालाई समेत साथमा लिई हस्तिनापुरमा पुगेर उनले भीष्मकहाँ आफू आएको खबर दिनानिमित्त दूत पनि पठाए । भीष्मलाई पनि गुरु आएको खबर सुनेर बहुतै हर्ष भयो । उनले सो खबर लिएर आउने ब्राह्मणलाई अनेक गोदान दिई सन्तुष्ट गराए । उनैका साथ उनी दर्शनार्थ गुरु परशुरामको समीपमा दाखिल भए ।

परस्परमा कुशल प्रश्नादिको अनन्तर भीष्मको पूजा ग्रहण गरेर परशुरामले भने, "हे भीष्म ! तिमीले यी कन्यालाई हठात् हरण गरेर बहुतै दुःख दिएछौ ।

तिम्रो कृत्यले गर्दा अब यिनलाई कसैले पनि विवाह गर्न चाहँदैनन् । यसकारण अब तिमी नै यिनलाई आफ्नी पत्नी बनाएर आफ्नो घरमा राख । यिनका उपर तिमीबाट जो अपमान भएको छ त्यसको निष्कृति यही उचित छ ।" परशुरामलाई यसरी क्रुद्ध भएको देखेर भीष्मले विनयपूर्वक हात जोडेर भने, "हे भगवान् ! हे ब्रह्मर्षि ! मैले आजन्म ब्रह्मचर्यव्रत धारण गर्ने प्रतिज्ञा गरेको छु । यसकारण मेरो विवाह हुनै सक्तैन । आफ्नो प्रतिज्ञालाई भङ्ग गरेर कसरी क्षत्रियधर्मको नाश गरूँ ?"

भीष्मको नम्र निवेदनलाई परशुरामले तृण जत्तिको पनि गनेनन् । उनको क्रोध झन्झन् बढ्न थाल्यो । उनी लाललाल नजर गराउँदै अग्निको ज्वाला वर्षाउँछन् कि भनेझैं गरी भन्न लागे, "तिमी मेरो वचन मान्दैनौ भने युद्धमा जीवित रहुँला भनी तिमीले आशा राख्नै पर्दैन । तिमीलाई रणभूमिमा नगिराई मेरो क्रोध कदापि शान्त हुनेछैन ।" यो सुनेर भीष्मले परशुरामसँग अनेक प्रार्थना गरे, बारम्बार विन्ती गरे । कुनै तरहबाट उनको क्रोधाग्निको ज्वाला शान्त भएन । अन्त्यमा लाचार भएर उनले फेरि भने, "हे भगवान् ! प्रभु मेरो गुरु हुनुहुन्छ । गुरु शिष्यको युद्ध कसरी होला र हजुर मसित युद्ध गर्न चाहनुहुन्छ ?"

परशुरामले झन् रिसाएर भने, "भीष्म ! तिमी धेरै जोर नगर । यदि तिमी मलाई गुरु हो भनेर मान्दछौ भने मेरो कुरालाई नटाल । शिष्यले गुरुको वचन कदापि उल्लङ्घन गर्नु उचित हुँदैन ।" परन्तु दृढव्रत भीष्मले गुरु यसरी रिसाए तापनि आफ्नो प्रतिज्ञा भङ्ग गर्नु उचित सम्झेनन् । उनले फेरि भने, "हे गुरुजी ! यदि हजुर युद्ध नगरीकन मान्दै मान्नुहुन्न भने मेरो के लाग्यो ? युद्ध नै गर्नुपर्ला । हजुरै मलाई युद्धका निमित्त आह्वान गर्नुहुन्छ भने हजुर एक ता ब्राह्मण दोस्रो मेरा गुरु हुनुहुन्छ तापनि हजुरका साथ युद्ध गर्नामा मलाई केही दोष छैन । जहाँ हजुरले युद्ध दे भन्ने आज्ञा भयो त्यो पनि गुरुको आज्ञा हुनाले मेरा निमित्त अत्यन्त प्रतिपालनीय नै छ । म युद्धका निमित्त प्रस्तुत भएँ ।"

अब दुवै गुरुशिष्य भित्रभित्रै प्रकुपित भएर युद्धका निमित्त सुसज्जित भए । दुई जनामा घनघोर युद्ध हुन थाल्यो । महाबली भीष्म शस्त्रास्त्र चलाउनमा बहुतै निपुण थिए । उनलाई युद्धविद्याका सबभन्दा ठूलाठूला आचार्यहरूबाट माता गङ्गाजीका प्रसादले शिक्षा मिलेको थियो । त्यही शिक्षाको प्रभावले गर्दा उनले त्यस युद्धमा परशुरामलाई बारम्बार थकित गराए । परशुराम ब्राह्मण उसमा पनि गुरु हुनाले उनलाई मारिहाल्नु भने हुँदैनथ्यो । यसकारण उनलाई महापराक्रमी भीष्मले अन्त्यमा प्राण मात्र बाँकी राखी छोडिदिए । यस प्रकारले आफ्ना कतैबाट

पनि पराक्रम नचलेको देख्दा परशुरामलाई पनि आश्चर्य लाग्यो । उनले भीष्मको त्यस्तो अलौकिक वीरता देखेर बहुतै प्रसन्नता प्रकट गर्दै आफूलाई पराजित मानेर युद्ध बन्द गरे । त्यसपछि उनले काशीराजकन्या अम्बालाई बोलाएर भने, "पुत्री ! मैले तिमीलाई जो कुरा भनेथें त्यसलाई पूरा गराउनका निमित्त आफ्नो शक्तिले भेटेसम्म यत्न गरें । मसित जति दिव्य शस्त्रास्त्रहरू थिए ती सारा मैले भीष्मका उपर प्रयोग गर्नामा बाँकी राखिनं । जहाँतक खुबी भेट्छ त्यहाँसम्म आफूसित भएभरको बल पराक्रम अक्कल बुद्धि मैले खर्च गरें, तैपनि महाबली भीष्मलाई मैले जित्न सकिनं । यसकारण अब मबाट तिम्रो काम बन्न सकेन । तिमी जसको सहायताले आफ्नो कामना पूर्ण गर्न पाउँछ्यौ उसैकहाँ जाऊ ।"

अम्बाले भनिन्, "हे भगवान् ! हजुरले ता सक्नु भएन भने अरू भीष्मलाई जित्न सक्ने पुरुष पृथ्वीमा को जन्मेको होला ? देवताहरूले पनि उनलाई जित्न सक्ने रहेनछन् । जो भयो, भयो । अब म कसैलाई दुःख दिन चाहन्नं । जसरी हुन्छ भीष्मको नाश गर्ने उपाय म स्वयम् गर्दछु ।" यति भनेर अम्बा चुप लागिन् । तर त्यस बेला उनको हृदय क्रोधले पूर्ण भइरहेको थियो । ओठ थरथर काँपिरहेका थिए । लावण्यपूर्ण उनको मृदु मञ्जुल कलेवरबाट श्रृङ्गाररसको प्रतिकूल वीररसको भीष्मसंहारी अनलज्वाला निस्किरहेको थियो । उनी भीष्मको संहारमा पागलजस्ती भएर त्यहाँबाट निस्की तपोभूमिको गोप्य कन्दरामा गएर निराहार रही तपस्या गर्न थालिन् । तपस्या जो जति कष्ट भोग गर्नुपर्दथ्यो त्यो सारा उनले धैर्यपूर्वक भोग गरिन् ।

कैयौं वर्ष बितिसकेपछि राजकुमारी अम्बा एकान्त तपोवनमा तपस्या गरिरहेकै थिइन् । एक दिन अकस्मात् उनको घोर तपस्यादेखि प्रसन्न हुनुभएका त्रैलोक्यनाथ स्वयम् शङ्करले प्रत्यक्ष भई उनलाई दर्शन दिएर भन्नुभयो, "हे भद्रे ! तिम्रो तपस्यादेखि म बहुतै सन्तुष्ट भएँ । जो इच्छा छ सो वर माग ।" भगवान् त्रिशूलपाणि शङ्करको करुणापूर्ण वचन सुनेर अम्बाले विन्ती गरिन्, "हे भगवान् ! हे आसुतोष ! हे त्र्यम्बक ! यदि प्रभु मेरो तपदेखि प्रसन्न होइबक्सन्छ भने म भीष्मको वधसाधनामा समर्थ होऊँ । यही वर प्रार्थना गर्दछु ।" भगवान् शङ्करले अम्बाको यस प्रार्थनालाई 'तथास्तु' भनी पूरा गराउनुभयो । त्यसपछि त्यही तपोवनमा अम्बाले एक चिता बनाई त्यसैमा आफ्नो सुकुमार कलेवरलाई आहुति गरिन् । अर्को जन्ममा उनी राजा द्रुपदकी शिखण्डिनी नामकी कन्या भएर जन्मेकी थिइन् । एक प्रभावशाली यक्षको वरले उनी स्त्रीयोनिबाट पुरुष योनिमा परिवर्तित भई शिखण्डी नामले प्रसिद्ध भइन् । अन्त्यमा यिनै शिखण्डीद्वारा भीष्मको वध हुनेछ ।

यता सत्यवतीका कनिष्ठ पुत्र महाराज विचित्रवीर्य अम्बिका र अम्बालिकाका साथ सुखपूर्वक दिन बिताइरहेका थिए । सात-आठ वर्षतक उनको समय निर्विघ्नतासाथ बित्यो । त्यसपछि उनलाई अकस्मात् राजयक्ष्मा (क्षयरोग)ले आक्रमण गऱ्यो । उनी क्रमशः क्षीण हुँदै गएर थोरै दिनमा नै स्वर्गका अतिथि बने । उनको आकस्मिक मृत्युले गर्दा माता सत्यवतीको हृदय शोकाकुल भयो । उनलाई ज्यादा शोकको कारण यो थियो कि विचित्रवीर्य वा चित्राङ्गद कुनैतर्फका पनि सन्तान भएका थिएनन् । दुवै भाइ निःसन्तान परलोकका अथिति बनेका थिए । बाँकी भएका एक पुत्र भीष्मले पनि आजन्म ब्रह्मचर्यको व्रत धारण गरेका थिए । भावी सन्तानको पनि आशा थिएन । कुरुवंशको रक्षा कतैबाट देखिँदैनथ्यो । यसैले सत्यवतीका अतिरिक्त अरू मन्त्रीवर्गादिसमेत बडो असामञ्जस्यमा पर्न थाले ।

एक दिन भीष्मलाई चिन्ताग्रस्त भइरहेका देखेर बुद्धिमती सत्यवतीले उनीसँग भनिन्, "बाबु ! तिमीसित मैले एउटा कुरा अझसम्म छिपाएर राखेकी थिएँ । सो कुरा आज म प्रकाश गर्दछु सुन । अघि तिम्रा पिताको साथ मेरो विवाह हुनुभन्दा पहिल्यै म यमुनामा नाउ चलाएर बसेकी थिएँ । मेरा पिता बहुतै धर्मात्मा हुनुहुन्थ्यो । यसैकारण उहाँले मलाई महसुल नलिईकन यात्रीहरूलाई नाउबाट तार्नु भन्ने आज्ञा दिनुभएको थियो । एक दिन संयोगवश महर्षि पराशर त्यही बाटो आउनुभएछ र मैले उहाँलाई बेमहसुलमा पार उतारिदिएँ । त्यसैले अत्यन्त प्रसन्न भई उहाँले मलाई एक पुत्र दिनुभएको थियो । त्यस बेलासम्म मेरो मुखबाट हरबखत माछाको गन्ध निस्कन्थ्यो । त्यसैले मलाई मानिसहरू मत्स्यगन्धा भन्दथे । त्यस गन्धलाई पनि सुधारी उहाँले मेरो श्वासमा मनोहर दिव्य गन्ध पैदा गरिदिनुभो ! फेरि पुनर्विवाह समयसम्मलाई कन्यात्व वर पनि दिनुभएको थियो । उहाँको वीर्यबाट पैदा भएको पुत्र यमुनाको द्वीपमा जन्मेको हो । यसैले उनको नाम द्वैपायन रहेको छ । त्यो तिमी जस्तै विद्वान्, बुद्धिमान् र महर्षिको वीर्य हुनाले सकल शास्त्रमा पारङ्गत भई चारै वेदलाई अलग विभाग गराएकाले हाल त्यसको नाम व्यास भनी प्रसिद्धतर भएको छ । त्यसले मसित बिदा हुने समय "तपाईलाई कुनै सङ्कट पऱ्यो भने मलाई सम्झनुहोला" भनेको थियो । आज झलक्क सो कुरा मैले सम्झेँ । यस आपद्को समयमा वंशको उद्धारका निमित्त त्यसैलाई सम्झूँ कि भन्ने मेरो विचार छ, तिमी के भन्छौ ?"

माता सत्यवतीको यो कुरा सुनेर भीष्मलाई अत्यन्त आनन्द लाग्यो । उनले त्यस्तो गुणवान् भाइ रहेछन् भन्ने कुराले हर्षले गद्गद हुँदै उत्तिखेरै व्यासलाई बोलाउने अनुमति दिए । सत्यवतीले पनि तुरुन्त व्यासलाई सम्झिन् । स्मरण

गर्नासाथ योगबलले थाहा पाएर व्यास उहीं उपस्थित भए । उनले माता सत्यवतीको सकल दुःख कथा सुनेर दुःख प्रकट गरे । त्यसपछि सत्यवतीले उनलाई भनिन्, "बाबु ! तिमी सकल शास्त्रका ज्ञाता वेदको तत्त्व जान्ने छौ । तिमीलाई मैले सम्झाइरहनुपर्ने कुरा केही छैन । अघि परशुरामले एक्काइस पटकसम्म पृथ्वीमा निःक्षत्रियता गर्दा कुनै क्षत्रिय बचेको थिएन । त्यस बेला पृथ्वीको पालनका निमित्त ब्राह्मणहरूले क्षत्रियहरू पैदा गराएथे । औतथ्य नामक मुनिले पनि राजा बलिकी सुदेष्णा नाम्नी रानीमा गर्भाधान गरी अङ्ग नामक राजालाई पैदा गराएका हुन् । पुराणहरूमा पनि तिमीले नै बताएका यस विषयका प्रमाण छन् भन्ने सुन्दछु । यसकारण अब म तिमीलाई यस वंशोच्छेदको समयमा आज्ञा दिन्छु, "तिमी आफ्ना स्वर्गीय भाइ विचित्रवीर्यका दुवै रानीमा पुत्र दिने कृपा गर ।"

माता सत्यवतीको आज्ञा व्यासले शिरोपर गरे । त्यसपछि एक दिन शुभ मुहूर्तमा सत्यवतीले अम्बिकालाई व्यासको सेवामा पठाइन् । परन्तु व्यास वनवासी तपस्वी हुनाले कृष्णवर्णका र पहँलो दृष्टि भएका, लामा सेता दाह्री आदिले भयङ्कर जस्ता देखिन्थे । यसै कारण एकान्तमा सेवा गर्न गएकी अम्बिकाले उनीसँगको एकान्त समयमा डरले आँखा चिम्लिदिइछन् । भोलिपल्ट व्यास सत्यवतीको समीपमा उपस्थित हुँदा उनले सोधिन्, "बाबु ! अम्बिकाले तिम्रो सेवा राम्रोसित गरिन् ? तिनीबाट हाम्रो कुलको लायक र कुललाई थाम्ने पुत्र होलाकि होओइन ?" यो सुनेर व्यासले भने, "माता ! तिनीबाट पुत्र अवश्य हुनेछ ? त्यसबाट सन्तान पनि बहुतै होलान् । परन्तु यो पुत्र (माताको दोषले गर्दा) जन्मान्ध हुनेछ ।" सत्यवतीले भनिन्, "हाय ! अन्धपुत्रले बिचरी अम्बिका के गर्लिन् ? यत्तिकैमा मेरो चित्त शान्त भएन । अब एक पटक अम्बालिकालाई तिम्रो सेवामा पठाउँछु । तिनबाट अवश्य उत्तम सन्तान होला भन्ने मलाई आशा छ ।" यति भनेर सत्यवतीले फेरि अर्को एक शुभ मुहूर्तमा अम्बालिकालाई व्यासको सेवामा पठाइन्; परन्तु तिनीले पनि व्यासको तपस्याले उज्ज्वलदेदीप्यमान सूर्य जस्तो स्वरूप देखेर डरले एकान्तको समयमा पाण्डु (फुस्रो) वर्णको मुख गराइन् । भोलिपल्ट फेरि व्याससित सत्यवतीले उही कुरा सोधिन् । सो सुनेर व्यासले भने, "पुत्र ता असलै हुनेछ । तर माताको दोषले गर्दा त्यो पनि पाण्डु वर्णको हुनेछ ।"

यतिले पनि सत्यवतीको चित्त बुझेन । उनले फेरि अम्बिकालाई अर्को शुभ मुहूर्तमा व्याससित पठाइन् । परन्तु अम्बिका एक पटक डराएको हुनाले आफू जान सकिनन् । उनले आफ्नी एउटी विश्वासपात्र दासीलाई आफ्नो वेशमा खडा गराएर व्यासकहाँ पठाइन् । त्यस दासीले राम्रो तरहसँग व्यासको सेवा गरी ।

भोलिपल्ट फेरि सत्यवतीले त्यही प्रश्न गरिन् । व्यासले भने, 'माता ! यस पटक अम्बिकाले छल गरिन् । दासीले मेरो राम्रो तरहले सेवा गरी । त्यसबाट उत्तम पुत्र पैदा हुनेछ ।' यति भनेर व्यास आफ्नो स्थानमा गए ।

यसपछि यथासमयमा अम्बिकाको गर्भदेखि धृतराष्ट्र नामक अन्धपुत्र पैदा भए । अम्बालिकाको गर्भदेखि कपूरको जस्तो वर्ण भएका पाण्डु नामक पुत्र पैदा भए । दासीका गर्भदेखि 'शूद्र-योनिमा पैदा भएस्' भन्ने माण्डव्यको सराप परेर जन्म लिन आएका धर्म पैदा भए, तिनको नाम विदुर भनेर प्रसिद्ध भयो । यस प्रकारले कुरुकुलमा पैदा भएका भाइहरू प्रजाहरूको उत्सवका साथ क्रमशः चन्द्रमाका कला बढेझैं बढ्न थाले । यिनमा विदुर धर्मात्मा, दीर्घदर्शी र ज्ञानी भएर निस्के । धृतराष्ट्र प्रज्ञाचक्षु (बुद्धि नै आँखा भएका) र बलवान् भएर निस्के । पाण्डु बुद्धिमान्, राजनीतिज्ञ र शील स्वभाव रूपमा आफ्ना पूर्वपितामह भरत जस्तै भएर निस्के । जेठा धृतराष्ट्र अन्धा हुनाले भाइ भए तापनि हस्तिनापुरको राज्यसिंहासन पाण्डुलाई नै मिल्यो । त्यहाँपछि धृतराष्ट्रको गन्धारदेशका राजा सुबलकी पुत्री शकुनिकी बहिनी गान्धारीसित विवाह भयो । तिनी अत्यन्त पतिव्रता थिइन् । पतिको भन्दा अधिक कुनै कुरा चाहन्नथिन् । कहाँसम्म भने तिनी सत्यव्रतधारिणी गान्धारी आफ्ना पति अन्धा हुनाले उनैका समान भइरहनाका निमित्त सदा आँखामा पट्टी बाँधिराख्तथिन् । यसपछि विदुरलाई पनि देवव्रत भीष्मले महापराक्रमी राजा देवककी पारशवी नामक कन्या ल्याएर विवाह गरिदिए ।

अब महाराज पाण्डुको विवाह हुन बाँकी थियो । त्यसका निमित्त भीष्म विचार गर्दै थिए । यस्तैमा शूर नामक कोही यदुवंशी राजाकी कन्या पृथाको स्वयंवर हुने भएको छ भन्ने खबर उनीकहाँ आयो । राजा शूरसेनका फुपाज्यू भोजका राजा कुन्तिभोज भन्ने एक राजा थिए । यी दुई फुपाज्यू-भदाहामा ठूलो प्रेम थियो । फुपाज्यूचाहिंका कोही सन्तान थिएनन् । यसैकारण शूरसेनले मेरो पहिलोचाहिं सन्तान पुत्र वा पुत्री जो होला सो तपाईंलाई दिउँला भनी प्रतिज्ञा गरेका थिए । यही प्रतिज्ञाका अनुसार शूरसेनले आफ्नी जेठी कन्या पृथालाई कुन्तिभोजका घरमा पठाइदिएका थिए । उनै कुन्तिभोजका घरमा यिनी बढेकी र पालन-पोषण भएकाले यिनको दोस्रो नाम कुन्ती भनी प्रसिद्ध भएको थियो । यिनी कुमारी छँदा एक दिन कुन्तिभोजको घरमा दुर्वासा नामक ऋषि आएका थिए । कुन्ती अतिथि सत्कार गर्नामा बहुतै प्रवीण थिइन् । यसैले ऋषिको सेवामा कुन्तिभोजले कुन्तीलाई नै खटाएका थिए । उनले ऋषिको सेवा राम्रो तरहसित गरिन् । त्यसबाट अत्यन्त प्रसन्न भई उनले कुन्तीलाई एक उत्तम मन्त्र दिएर भने, 'पुत्री । म तिम्रो सेवादेखि

बहुतै सन्तुष्ट भएँ । यसकारण म तिमीलाई एक महामन्त्र दिन्छु । तिमी यो मन्त्र जपेर जुन देवताको स्मरण गरौली उनै देवता प्रत्यक्षरूपले तिम्रो अगाडि खडा भई मनोरथ पूर्ण गराइदिनेछन् ।"

त्यस बेला कुन्ती केटाकेटी नै थिइन् । उनको बुद्धि कच्चा थियो । यसकारण उनले ऋषिप्रदत्त मन्त्रको परीक्षाका निमित्त एक दिन सो मन्त्र जपेर सूर्यनारायणको स्मरण गरिन् । ऋषिले दिएको मन्त्र अन्यथा कहिल्यै हुँदैनथ्यो । स्मरण गर्नासाथ श्रीसूर्यनारायण कुन्तीका समक्षमा प्रादुर्भाव हुनुभयो । यस्तो आश्चर्य देखेर कुन्ती डरले केही बेरसम्म बोल्न पनि सकिनन् । आखिरमा चित्तलाई धैर्य दिएर उनले श्रीसूर्यनारायणसँग विन्ती गरिन्, "हे भुवनदीपक भगवान् ! मैले लडकपनको वशवर्तिनी भएर मन्त्रको परीक्षा गर्नानिमित्त प्रभुलाई कष्ट दिएँ । बालिकाको अपराध क्षमा रहोस् ।" यो सुनेर श्री सूर्यनारायणले भन्नुभयो, "हे सुन्दरी ! तिमी नडराऊ । यसमा तिम्रो केही अपराध छैन । महर्षि दुर्वासाले जो मन्त्र तिमीलाई दिएका छन् त्यस मन्त्रको प्रभावले तिमीलाई एक अत्यन्त रूपवान् पराक्रमी पुत्र हुनेछ । फेरि सो पुत्र भएपछि तिमीलाई त्यस विषयबाट कुनै लज्जा वा भय रहने छैन, तिम्रो कन्याको भाव पनि नष्ट हुनेछैन । तिमीले आफैं प्रकाश नगरुन्जेल कुमारी नै रहनेछौ । फेरि मेरो प्रसादले सो तिम्रो पुत्र गर्भदेखि दिव्य अमर कवच कुण्डल धारण गरेर जन्मनेछ । त्यस कवचलाई कसैले छेड्न र शस्त्रअस्त्रले तोड्नसमेत सक्नेछैन ।" यति भनेर कुन्तीमा गर्भाधान गरी श्रीसूर्यनारायण अन्तर्धान हुनुभयो ।

सूर्यका वरका प्रभावले कुन्तीका शरीरमा गर्भधारणको चिह्न पनि कसैले केही देख्न पाएन । उनी अघि-पछि जस्तै कुन्तिभोजका घरमा रहिन् । मास पूर्ण भएपछि एकान्त स्थलमा उनको गर्भदेखि दिव्य कवच कुण्डलधारी सर्वाङ्ग सुन्दर पुत्र पैदा भए । उनलाई पैदा हुनासाथ कुन्तीले एक पेटारीमा बन्द गरी नदीमा बहाइदिइन् । सो उनले बगाएको पेटारी केही पर पुगेपछि कुरुराजको सारथि अधिरथले फेला पारी आफू निःसन्तान हुनाले ईश्वरदत्त पुत्र सम्झी प्रसन्नतासाथ आफ्नी पत्नी राधालाई दिए । उनैबाट बालकको पालनपोषण भयो । तिनको नाम अधिरथले वसुसेन राखे । पछि यिनको नाम कर्ण प्रसिद्ध भयो । यिनी अत्यन्त दानी र सूर्यका परम भक्त थिए । तिनले बिहान सूर्यको उपस्थान गर्न लागेको बेलामा आफूसित जसले जे मागे पनि दिन्थे । यिनको यो अद्भुत व्रतै थियो । यस प्रकारले पुत्र पैदा गरे तापनि सूर्यका वरप्रसादले पृथा कुन्तिभोजको घरमा कुमारी नै थिइन् । पूर्णयौवना भएपछि यिनको विवाहका निमित्त स्वयंवरको आयोजना हुन लागेको थियो ।

स्वयंवरको समयमा कुन्तीको रूप लावण्यको प्रशंसा सुनेर दिग्दिगन्तरका राजा, राजकुमारहरू निमन्त्रित भई उहाँ उपस्थित भएका थिए । कैयौं राजाहरूका प्रार्थनापत्र पनि आएका थिए । यता हस्तिानापुरबाट भीष्मको आज्ञाले महाराज पाण्डु पनि उहाँ पुगे । यथासमयमा वैवाहिक वेशले सजिसजाउ भएकी राजकुमारी पृथा (कुन्ती) बिस्तारैबिस्तारै हंसगतिले शिरीषकोमल चरणयुगलाई परिचालित गर्दै लज्जा, उत्साह र भयले सङ्कुचित हुँदै वरमाला हातमा लिएर स्वयंवरसभामा मानौं तारागणमण्डित गगनाङ्गणमा विद्युल्लता प्रकट भएझैं उपस्थित भइन् । उनको नवयौवनारूढ सौन्दर्यराशि त्यस बेला झन्झन् प्रज्वलित भएर निस्केको थियो । उनलाई देख्नासाथ सभामा एकत्रित भएका राजा राजकुमारहरूको अनिमेष दृष्टि उनैको सौन्दर्यसागरमा निमग्न हुन थाल्यो । उनले पनि चारैतर्फ खचित भएका ती राजमण्डलीलाई क्रमशः आफ्ना नयनपथको अतिथि गराइन् । अन्त्यमा उनको पूर्णमान् दिव्यदृष्टि सहसा भरतवंशावतंस महापराक्रमी महाराज पाण्डुमा पुगेर रुद्ध भयो । हुन पनि त्यस बेला महाराज पाण्डु आफ्नो सूर्यसदृश तेजले सम्पूर्ण राजा, राजकुमारको तेजलाई मलिन गराइरहेका थिए । अतएव उनलाई देख्नासाथ कुन्तीको हृदय एकाएक मुग्ध भयो । उनले अन्यत्र कतै नहेरी लज्जावश ईषत्कम्पायमान करकमलमा रहेको वरमाला महाराज पाण्डुको गलामा पहिराइदिइन् । त्यसपछि उनी चुपचाप राजभवनतिर प्रस्थित भइन् । अरूअरू राजा, राजकुमारहरू पनि निराश भएर चुपचाप सभामण्डपबाट उठे । महाराज पाण्डुका उपर कसैले केही विघ्नबाधा उपस्थित गराउन सकेनन् । त्यहाँपछि शुभलग्नमा महाराज पाण्डुका साथ राजकुमारी पृथाको विवाह भयो । केही दिनपछि राजा कुन्तिभोजले नाना प्रकारका दाइजो आदि दिएर छोरीज्वाइँलाई बिदा गरे । नवविवाहिता वरवधू दुवै जना ब्राह्मणको आशीर्वाद ग्रहण गर्दै निजनगर हस्तिनापुरमा प्राप्त भए । महाराज पाण्डुको समय आनन्दपूर्वक महारानी कुन्तीका साथ बित्न लाग्यो ।

यसपछि एक दिन भीष्मले मद्रदेशका राजा शल्यकी अनुपम रूपवती बहिनी विवाहयोग्य भएकी छन् भन्ने खबर पाए । उनको मनमा मद्रराजको वंश पनि आफ्ना वंशको योग्य देखेर त्यससित सम्बन्ध गर्नु उचित लाग्यो । उनी पाण्डुको अर्को विवाह गर्नाका निमित्त आफैं मद्रदेशतर्फ हिंडे । उता मद्रदेशका राजालाई पनि महापराक्रमी भीष्म आएका छन् भन्ने सुन्दा बहुतै हर्ष लाग्यो । उनले ठूलो आदरसाथ भीष्मलाई आफ्नो राजधानीमा लगे । दुई थरीमा प्रेमालाप हुँदा भीष्मले पनि मद्रराजका उपर ठूलो शिष्टता देखाए । अन्त्यमा विवाहको प्रसङ्ग उठ्यो ।

त्यसमा मद्रराज पाण्डुलाई आफ्नी भगिनी माद्री दिनमा सम्मत भए । उनले नाना प्रकारका हस्त्यश्वादि उपायनका साथ माद्रीलाई भीष्मको हातमा सुम्पे । भीष्मले पनि प्रसन्नतापूर्वक हस्तिनापुरमा ल्याई पाण्डुका साथ उनको विवाह गरिदिए । यस प्रकारले धृतराष्ट्रलाई गान्धारी, महाराज पाण्डुलाई कुन्ती र माद्री तथा विदुरलाई पारशवी नामकी सर्वलक्षणसम्पन्ना राजकुमारीहरू विवाह गरिदिएर भीष्म कृतार्थ भए । उनलाई वंशलोपको भय पनि हरायो । उनी निश्चिन्त भएर रहन थाले ।

यसपछि एक दिन शुभ मुहूर्तमा भीष्मको आज्ञाअनुसार महाराज पाण्डुको दिग्विजय यात्रा आरम्भ भयो । उनले क्रमशः दशै दिशाका राजाहरूलाई धर्मयुद्धमा जितेर तिनीहरूलाई कर दिने गराए । त्यस दिग्विजयमा उनलाई असङ्ख्य धनसम्पत्ति हस्तगत भयो । उनले सो सारा सम्पत्ति ल्याएर भीष्मको पाउमा समर्पण गरे सो देखेर भीष्मलाई अत्यन्त आनन्द भयो । उनले महाराज पाण्डुलाई धन्यवाद र अनेक आशीर्वाद दिए । त्यस बेलादेखि भरत कुरुका कुलको कीर्ति र ख्याति अत्यन्त उज्ज्वल भएर सारा संसारमा दबदबाउन थाल्यो । सारा प्रजाहरू रामराज्यको सुख लुटेर रहन लागे । उनको राज्य समयमा कुनै प्रकारको विघ्नबाधाले प्रजामाथि आक्रमण गर्न पाएन । यस प्रकारसित महाराज पाण्डुले धेरै दिनतक पृथ्वीको एकछत्र राज्य गरे ।

महाराज पाण्डु शिकारका अत्यन्त सोखी थिए । उनी केही दिन राज्यकार्यबाट विश्राम लिनानिमित्त शिकारैको बहानाले आफ्ना दुवै रानीलाई साथ लिएर पर्वतप्रान्तको विशालतर शालको वनमा सफर गरी बसेका थिए । त्यस बखत उनी बराबर शिकार खेल्दथे । यस्तैमा एक दिन उनले मृगरूप धारण गरी मृगरूपधारिणी निजपत्नीका साथ बिहार गरिरहेका कुनै ऋषिकुमारमाथि साँच्चैको मृग सम्झेर बाण प्रहार गरे । सो बाणको चोटले तिनको जीवन मरणासन्न भयो । तिनी बाणको कठोर वेदना सहन नसकी चिच्याएर रुन थाले । सो सुनेर राजाको मनमा मैले धोकामा परेर ऋषिकुमारका उपर बाण प्रहार गरेँछु भन्ने होस आयो । उनी सम्भ्रम र भयले व्याकुल हुँदै तिनको नगिच पुगी आफ्नो अपराध स्वीकार गरेर क्षमा प्रार्थना गर्न थाले । उनको कातर वचन सुनेर ऋषिकुमारले भने, "महाराज ! तपाईंले मलाई ऋषिकुमार हो भनी चिन्नुभएन । चिन्नुभएको भए मेरा उपर बाण प्रहार गर्नु हुने थिएन । मृगै सम्झेर हान्नुभएको हो । यसकारण तपाईंलाई यसमा दोष केही छैन । तपाईंलाई ब्रह्महत्या भने लाग्दैन किन्तु तपाईंले धर्मज्ञ भएर पनि धर्मको विचार केही नराखी बडो निष्ठुरताको काम

स्वयंवरको समयमा कुन्तीको रूप लावण्यको प्रशंसा सुनेर दिग्दिगन्तरका राजा, राजकुमारहरू निमन्त्रित भई उहाँ उपस्थित भएका थिए । कैयौं राजाहरूका प्रार्थनापत्र पनि आएका थिए । यता हस्तिानापुरबाट भीष्मको आज्ञाले महाराज पाण्डु पनि उहाँ पुगे । यथासमयमा वैवाहिक वेशले सजिसजाउ भएकी राजकुमारी पृथा (कुन्ती) बिस्तारैबिस्तारै हंसगतिले शिरीषकोमल चरणयुगलाई परिचालित गर्दै लज्जा, उत्साह र भयले सङ्कुचित हुँदै वरमाला हातमा लिएर स्वयंवरसभामा मानौं तारागणमण्डित गगनाङ्गणमा विद्युल्लता प्रकट भएझैं उपस्थित भइन् । उनको नवयौवनारूढ सौन्दर्यराशि त्यस बेला झन्झन् प्रज्वलित भएर निस्केको थियो । उनलाई देख्नासाथ सभामा एकत्रित भएका राजा राजकुमारहरूको अनिमेष दृष्टि उनैको सौन्दर्यसागरमा निमग्न हुन थाल्यो । उनले पनि चारैतर्फ खचित भएका ती राजमण्डलीलाई क्रमशः आफ्ना नयनपथको अतिथि गराइन् । अन्त्यमा उनको पूर्णमान् दिव्यदृष्टि सहसा भरतवंशावतंस महापराक्रमी महाराज पाण्डुमा पुगेर रुद्ध भयो । हुन पनि त्यस बेला महाराज पाण्डु आफ्नो सूर्यसदृश तेजले सम्पूर्ण राजा, राजकुमारको तेजलाई मलिन गराइरहेका थिए । अतएव उनलाई देख्नासाथ कुन्तीको हृदय एकाएक मुग्ध भयो । उनले अन्यत्र कतै नहेरी लज्जावश ईषत्कम्पायमान करकमलमा रहेको वरमाला महाराज पाण्डुको गलामा पहिराइदिइन् । त्यसपछि उनी चुपचाप राजभवनतिर प्रस्थित भइन् । अरूअरू राजा, राजकुमारहरू पनि निराश भएर चुपचाप सभामण्डपबाट उठे । महाराज पाण्डुका उपर कसैले केही विघ्नबाधा उपस्थित गराउन सकेनन् । त्यहाँपछि शुभलग्नमा महाराज पाण्डुका साथ राजकुमारी पृथाको विवाह भयो । केही दिनपछि राजा कुन्तिभोजले नाना प्रकारका दाइजो आदि दिएर छोरीज्वाइँलाई बिदा गरे । नवविवाहिता वरवधू दुवै जना ब्राह्मणको आशीर्वाद ग्रहण गर्दै निजनगर हस्तिनापुरमा प्राप्त भए । महाराज पाण्डुको समय आनन्दपूर्वक महारानी कुन्तीका साथ बित्न लाग्यो ।

यसपछि एक दिन भीष्मले मद्रदेशका राजा शल्यकी अनुपम रूपवती बहिनी विवाहयोग्य भएकी छन् भन्ने खबर पाए । उनको मनमा मद्रराजको वंश पनि आफ्ना वंशको योग्य देखेर त्यससित सम्बन्ध गर्नु उचित लाग्यो । उनी पाण्डुको अर्को विवाह गर्नाका निमित्त आफैं मद्रदेशतर्फ हिंडे । उता मद्रदेशका राजालाई पनि महापराक्रमी भीष्म आएका छन् भन्ने सुन्दा बहुतै हर्ष लाग्यो । उनले ठूलो आदरसाथ भीष्मलाई आफ्नो राजधानीमा लगे । दुई थरीमा प्रेमालाप हुँदा भीष्मले पनि मद्रराजका उपर ठूलो शिष्टता देखाए । अन्त्यमा विवाहको प्रसङ्ग उठ्यो ।

त्यसमा मद्रराज पाण्डुलाई आफ्नी भगिनी माद्री दिनमा सम्मत भए । उनले नाना प्रकारका हस्त्यश्वादि उपायनका साथ माद्रीलाई भीष्मको हातमा सुम्पे । भीष्मले पनि प्रसन्नतापूर्वक हस्तिनापुरमा ल्याई पाण्डुका साथ उनको विवाह गरिदिए । यस प्रकारले धृतराष्ट्रलाई गान्धारी, महाराज पाण्डुलाई कुन्ती र माद्री तथा विदुरलाई पारशवी नामकी सर्वलक्षणसम्पन्ना राजकुमारीहरू विवाह गरिदिएर भीष्म कृतार्थ भए । उनलाई वंशलोपको भय पनि हरायो । उनी निश्चिन्त भएर रहन थाले ।

यसपछि एक दिन शुभ मुहूर्तमा भीष्मको आज्ञाअनुसार महाराज पाण्डुको दिग्विजय यात्रा आरम्भ भयो । उनले क्रमशः दशै दिशाका राजाहरूलाई धर्मयुद्धमा जितेर तिनीहरूलाई कर दिने गराए । त्यस दिग्विजयमा उनलाई असङ्ख्य धनसम्पत्ति हस्तगत भयो । उनले सो सारा सम्पत्ति ल्याएर भीष्मको पाउमा समर्पण गरे सो देखेर भीष्मलाई अत्यन्त आनन्द भयो । उनले महाराज पाण्डुलाई धन्यवाद र अनेक आशीर्वाद दिए । त्यस बेलादेखि भरत कुरुका कुलको कीर्ति र ख्याति अत्यन्त उज्ज्वल भएर सारा संसारमा दबदबाउन थाल्यो । सारा प्रजाहरू रामराज्यको सुख लुटेर रहन लागे । उनको राज्य समयमा कुनै प्रकारको विघ्नबाधाले प्रजामाथि आक्रमण गर्न पाएन । यस प्रकारसित महाराज पाण्डुले धेरै दिनतक पृथ्वीको एकछत्र राज्य गरे ।

महाराज पाण्डु शिकारका अत्यन्त सोखी थिए । उनी केही दिन राज्यकार्यबाट विश्राम लिनानिमित्त शिकारैको बहानाले आफ्ना दुवै रानीलाई साथ लिएर पर्वतप्रान्तको विशालतर शालको वनमा सफर गरी बसेका थिए । त्यस बखत उनी बराबर शिकार खेल्दथे । यस्तैमा एक दिन उनले मृगरूप धारण गरी मृगरूपधारिणी निजपत्नीका साथ बिहार गरिरहेका कुनै ऋषिकुमारमाथि साँच्चैको मृग सम्झेर बाण प्रहार गरे । सो बाणको चोटले तिनको जीवन मरणासन्न भयो । तिनी बाणको कठोर वेदना सहन नसकी चिच्याएर रुन थाले । सो सुनेर राजाको मनमा मैले धोकामा परेर ऋषिकुमारका उपर बाण प्रहार गरेँछु भन्ने होस आयो । उनी सम्भ्रम र भयले व्याकुल हुँदै तिनको नगिच पुगी आफ्नो अपराध स्वीकार गरेर क्षमा प्रार्थना गर्न थाले । उनको कातर वचन सुनेर ऋषिकुमारले भने, "महाराज ! तपाईंले मलाई ऋषिकुमार हो भनी चिन्नुभएन । चिन्नुभएको भए मेरा उपर बाण प्रहार गर्नु हुने थिएन । मृगै सम्झेर हान्नुभएको हो । यसकारण तपाईंलाई यसमा दोष केही छैन । तपाईंलाई ब्रह्महत्या भने लाग्दैन किन्तु तपाईंले धर्मज्ञ भएर पनि धर्मको विचार केही नराखी बडो निष्ठुरताको काम

गर्नुभयो । धर्मज्ञले कदापि आफ्नी स्त्रीसँग सुखपूर्वक विहार गरिरहेको जन्तुका उपर यसरी बाण प्रहार गर्नु हुँदैनथ्यो । यसकारण तपाईंले निष्ठुरताको फल ता अवश्य भोग गर्नैपर्छ । अतएव तपाईंको पनि रानीका साथ क्रीडा गर्न लागेकै समयमा मृत्यु हुनेछ ।" यति सराप दिएर ऋषिकुमारले देह त्याग गरे ।

महाराज पाण्डुलाई अत्यन्त दुःख लाग्यो । उनले वनबाट फर्केर आफ्ना दुवै रानीलाई सो सराप परेको कुरा सुनाए । त्यस दिनदेखि उनको मनमा वैराग्य बढ्न थाल्यो । अन्त्यमा उनले तपस्यामा जीवन व्यतीत गर्ने निश्चयले एक दिन रानीहरूसँग बिदा मागे । उनको त्यो आग्रह देखेर रानीहरूले भने, "महाराज ! तपोवनमा सवारी हुन्छ भने हामी पनि हजुरको साथ छोड्न सक्दैनौं । हामीलाई पनि लगिबक्सियोस् । हजुरको जे गति हाम्रो पनि उही गति । हामी पनि तपोवनमा जितेन्द्रिय भई वृक्षका वल्कल धारण, कन्दमूल फलाहार गरी हजुरको सेवा गर्दछौं । हजुरको जुन दिन स्वर्गवास होला उसै दिन हामी पनि हजुरका सहगामिनी बनौंला । यदि हजुर हामीलाई छोडेर सवारी हुन्छ भने आजै हजुरका सामने हामी यस नश्वर देहलाई विसर्जित गर्दछौं ।" रानीहरूको यो कुरा महाराज पाण्डुले स्वीकार गरे । त्यसपछि उनी आफ्ना राजसी वस्त्र भूषणादि सकल सामान ब्राह्मणहरूलाई दिई आफूसँग आएका सेवकवृन्दलाई हस्तिनापुर गई महाराज धृतराष्ट्र, पितामह भीष्म र माता सत्यवतीसँग हाम्रो सारा हाल विनति गरिदिनू भनेर अराई दुवै रानीका साथ शतशृङ्ग नामक तपोवनतिर प्रस्थित भए ।

यता महाराज पाण्डुसँग वियुक्त भएर आएका सेवकवर्गले धृतराष्ट्रको समीपमा सो सारा हाल विन्ती गरे । त्यो सुनेर महाराज धृतराष्ट्र, भीष्म र सत्यवतीसमेत सकल नगरवासीहरू अगाध शोकसागरमा मग्न भए । उता पाण्डुको राज्यसिंहासन खाली भयो । आखिर धैर्यका साथ सबैले चित्त बुझाए । मन्त्रीवर्ग र भीष्मको सम्मतिअनुसार धृतराष्ट्र हस्तिनापुरको राज्यसिंहासनमा रहेर राजकाज चलाउन थाले ।

महाराज तपोवनमा रहेर मुनिवृत्तिले कालक्षेपण गरिरहेका थिए । यस्तैमा एक दिन उनले शृङ्गपर्वतनिवासी मुनिहरू ब्रह्मलोक जान आँटेका छन् भन्ने खबर सुनेर तिनीहरूसँग मलाई पनि साथ लैजानुहोस् भनी विनयपूर्वक प्रार्थना गरे । परन्तु मुनिहरूले उनलाई ब्रह्मलोकमा लैजान उचित सम्झेनन् । सो नलैजानको कारण पनि उनीहरूले केही बताएनन् । खालि मार्गको कठिनताले गर्दा तिमी जान सक्तैनौ भन्ने इत्यादि अलमल्याउने कुराले उनलाई प्रत्याख्यान गरी उनीहरू ब्रह्मलोकतिर गए । उनीहरू गएपछि पाण्डुको चित्तमा आफूलाई नलगेको कारण

यथार्थ थाहा भयो । उनीहरूले मलाई अपुत्र हुनाले 'अपुत्रस्य गतिर्नास्ति' यस वाक्यको दृष्टान्त तुल्याएर छोडेका रहेछन् भन्ने कुरा उनले बुझे । यसैले उनलाई सन्तानको विषयमा घोर चिन्ता उठ्न लाग्यो । उनका साथसाथ रानीहरू पनि त्यही चिन्ताले विह्वल हुन थाले । यही चिन्तामा उनीहरूको केही समय बित्यो ।

निदानमा महाराजले कुन्तीसँग एकान्तमा भने, 'प्रिय ! मनुष्यले ठूला ठूला यज्ञ यागादि गरोस् तापनि अपुत्र छ भने त्यस्तालाई स्वर्गति प्राप्त हुँदैन । यसकारण हरएक प्रकारसँग मनुष्यहरू सन्तानप्राप्तिको उपाय गर्दछन् । कहाँसम्म भने कुनै उपायबाट केही लागेन भने शास्त्रोक्त रीतिका अनुसार क्षेत्रज पैदा गराएर पनि आफ्नो स्वर्गद्वार खुलाउँछन् । अघि मदयन्तीले पनि आफ्ना स्वामी कल्माषपादको आज्ञाले वशिष्ठको वीर्यबाट अश्मक नामक पुत्र पैदा गरिथिन् । हामी पनि महाराज विचित्रवीर्यका क्षेत्रज पुत्र नै हौं, वंशोच्छेदको र आफ्नो गति शून्यताको समेत विचार गरी तिमी पनि क्षेत्रज पुत्र पैदा गराऊ । यो हामी क्षत्रियकुलका निमित्तको युगधर्म नै हो । यसमा केही दोष छैन ।'

महाराज पाण्डुका धर्मार्थयुक्त वचन सुनेर कुन्तीको चित्त बुझ्यो । उनले केही बेर मनमा विचार गरेर भनिन्, 'महाराज ! यदि हजुरको यस्तो आग्रह छ भने म त्यस कुरामा प्रसन्नतासाथ तत्पर छु । मैले बाल्यावस्थामा सेवा-शुश्रूषाद्वारा प्रसन्न गराएका महर्षि दुर्वासाबाट एक अमोघ मन्त्र पाएकी छु । मैले विधिपूर्वक सो मन्त्र जपी जुन देवताको स्मरण गरे पनि ती देवता मेरा सामने प्रकट भई मेरो मनोरथ पूरा गराउँछन् । यसको परीक्षा समेत मैले एक पटक गरिसकेको छु । यसकारण मुनष्यबाट क्षेत्रज पैदा गराउनुभन्दा देवताबाट पैदा गराउनु असल होला । अब आज्ञा होस्, हजुरको मनोरथ पूर्ण गराउनालाई म कुन देवताको स्मरण गरूँ ?' राजाले भने, 'प्रिय ! धर्मराज नै सर्वश्रेष्ठ देवता छन् । उनको वीर्यबाट पैदा भएको सन्तान अवश्य धर्मात्मा नै हुन्छ । यसकारण तिमी धर्मराजकै स्मरण गरेर मन्त्र जप ।' यो सुनेर कुन्तीले शुभ मुहूर्तमा विधिपूर्वक एकान्तस्थलमा बसेर धर्मराजको स्मरण गर्दै मन्त्र जपिन् । जप्नासाथ धर्मराजले प्रकट भएर उनमा गर्भाधान गरिदिए । यथासमयमा उनबाट युधिष्ठिर नामक पुत्र पैदा भए । ती पुत्रलाई पाएर केही दिनतक महाराज पाण्डु आनन्दपूर्वक रहे । उता यसैबेला युधिष्ठिरभन्दा केही समयपछि गान्धारीबाट पनि दुर्योधनको जन्म भएको हो ।

यसको एक वर्षपछि महाराज पाण्डुले फेरि कुन्तीसित भने, 'प्रिय ! क्षत्रियकुलमा बलको नै अधिकार प्रयोजन रहन्छ जो बलवान् हुन्छ त्यसको प्रशंसा हुन्छ । जो सत्पुत्रवान् छ त्यो बलवान् पनि हुन सक्तछ । यसकारण तिमी जगत्मा सबभन्दा

बलवान् वायुदेवताको स्मरण गर । उनबाट हाम्रो एक अति बलवान् पुत्र पैदा हुनेछ ।" यो सुनेर कुन्तीले त्यसै गरिन् । वायुदेवताबाट भीमसेन नामक पुत्र पैदा भए । यसपछि फेरि पाण्डुलाई सर्वश्रेष्ठ देवांशबाट अर्को एक पुत्र पैदा गराउन पाए हुँदो हो भन्ने विचार आयो । उनले कुन्तीलाई फेरि एक पटक देवराज इन्द्रको स्मरण गर भनी आज्ञा दिए । कुन्तीले पनि उनको आज्ञा पालन गरिन् । उनलाई देवराज इन्द्रबाट महाप्रतापी सकल गुणसम्पन्न अर्जुन नामक पुत्र प्राप्त भए ।

तदनन्तर एक दिन महाराज पाण्डुकी दोस्री रानी माद्रीले सुअवसर पारेर महाराजसँग विन्ती गरिन्, "महाराज ! मलाई कुन्तीका पुत्र भए ईर्ष्या छैन, न उहाँसित मैले आजतक कुनै कुरामा सापन्त्यभाव राखेकी छु । तथापि आज मेरो चित्त सन्तानप्राप्तिको कामनाले व्याकुल भइरहेको छ । यसकारण कृपा भए म पनि पुत्रको मुख देख्न पाउने थिएँ ।" उनको यो कुरा सुनेर महाराजलाई अत्यन्त दया लाग्यो । फेरि कुन्तीलाई पनि त्यस उत्सुकावस्थाले करुणापूर्ण गरायो । महाराजले कुन्तीलाई माद्रीको मनोरथ पूरा गराउने आज्ञा दिए । उनको आज्ञाअनुसार कुन्तीले विधिपूर्वक मन्त्र जपेर माद्रीलाई इच्छा लागेको देवताको स्मरण गर भनिन् । माद्री अत्यन्त चतुरी स्त्री थिइन् । उनले एकैपटक अश्विनीकुमारहरूको स्मरण गरिन् । ती कुमारबाट नकुल र सहदेव नामक दुई पुत्र पैदा भए । त्यहाँपछि महाराज पाण्डु तिनै पाँच पुत्रका साथ आनन्दपूर्वक दिन बिताउन थाले । उनका पाँच पुत्रहरू पञ्चपाण्डव नामले प्रसिद्ध भए ।

यता महाराज धृतराष्ट्र भाइ पाण्डुको वियोगले सन्तप्त भई यथाकथञ्चित राजकाज चलाइरहेका थिए । यस्तैमा एक दिन अकस्मात् अव्याहतगति मुनिवर व्यास भोक प्यासले व्याकुल हुँदै धृतराष्ट्रकहाँ आए । उनलाई गान्धारीले यथोचित सेवा-शुश्रूषाले सन्तुष्ट गराइन् । उनको सेवादेखि प्रसन्न भएर व्यासदेवले तिम्रो इच्छा लागेको वर माग भने । उनले पनि मुनिवर व्यासको आफ्ना उपर त्यस्तो प्रेम देखेर निवेदन गरिन्, "हे महर्षि ! यदि हजुर मलाई वरदानमा कृपा राखिबक्सन्छ भने मेरा स्वामीका समान बलवीर्यशाली र सर्वगुणसम्पन्न सय पुत्र म पाऊँ ।" मुनिवर व्यासले, "तथास्तु ! तिम्रो मनोरथ पूर्ण हुनेछ" भनी त्यहींबाट प्रस्थान गरे । त्यसपछि यथासमयमा गान्धारीले गर्भधारण गरिन् । परन्तु सो गर्भ रहेको दुई वर्ष बित्यो, उनी प्रसूति भइनन्, यस्तैमा महारानी कुन्तीबाट जेठा पुत्र युधिष्ठिर पैदा भए भन्ने खबर उनीकहाँ आयो । सो खबर सुनेर उनको मन आकुल हुन थाल्यो । उनी मेरा छोराहरूभन्दा जेठा भएपछि पैतृक राज्यको अधिकारी युधिष्ठिरै बन्ने भए । मेरा पुत्रलाई राज्य नमिल्ने भएपछि मैले यो

गर्भधारण गरेको केही पनि सार भएन भन्ने विचारले दुईदुई वर्षसम्म रहँदा पनि प्रसव नभएको आफ्नै गर्भदेखि रिसाउन थालिन् । आखिर उनका क्रोधले भयङ्कर रूप धारण गऱ्यो । उनले त्यही क्रोधको वशवर्तिनी भएर एकदम आफ्नै पेटमा आफैं एक घुस्सा मारिन् । त्यसले गर्दा समयपूर्ण हुन नपाउँदै उनको गर्भपात भयो । त्यस बेलासम्म त्यस गर्भपिण्डमा रहेको सन्तानको अङ्ग-प्रत्यङ्ग केही बन्न पाएका थिएनन् । केवल मांसपिण्ड मात्र पतन भएको थियो । यो देखेर पछिबाट मैले मूर्खतावश व्यर्थै सन्तानको नाश गरैं भनी गान्धारीलाई ठूलो पश्चात्ताप भयो । उनी गर्भपिण्डलाई कता फ्याँकूँ भनेर विचार गर्दै थिइन् । यस्तैमा सर्वान्तर्यामी योगेश्वर व्यास उहाँ आइपुगे । उनी आएको खबर पाएर गान्धारीले यो घटना छिपाउन उचित सम्झिनन् । उनले सो कुरा कुन्तीको ईर्ष्याले गरैं भनी व्यासस्थित यथार्थ बताउँदै भनिन्, "हे भगवान् ! हजुरले मलाई सय पुत्र पाउली भन्ने वर दिनुभएको थियो । मेरा मूर्खताले गर्दा आज यहाँ यो घटना उपस्थित भइरहेछ । मबाट साह्रै अनुचित कार्य भयो । यसमा क्षमा रहोस् । हे प्रभु ! अब मलाई सन्तान कसरी हुन्छन् ? अब मैले निःसन्तति भएर रहनुपऱ्यो । मेरो रक्षा गरिबक्सियोस् ।" यति भनेर गान्धारी रुन विलाप गर्न थालिन् ।

गान्धारीको त्यो अवस्था देखेर मुनिवर व्यासलाई दया लाग्यो । उनले भने, "पुत्री ! तिमी शोक नगर, समय पूर्ण नभइकन गर्भपात भए तापनि तिम्रो सन्तान नष्ट हुनेछैन । मेरो वचन अन्यथा कहिल्यै हुँदैन । तिम्रा सय पुत्र अवश्य हुनेछन् ।" यति भनेर व्यासले घृतपूर्ण भएका सय घडा मगाएर सो अकालपतित गर्भपिण्डलाई सय टुक्रा पारी प्रत्येक घडामा एक-एक टुक्रा राख्दै गए । तर टुक्रा पार्दा भूलले एक टुक्रा अधिक हुन गयो । त्यो बढ्ता भएको देखेर गान्धारीले यस टुक्राबाट एक कन्या पैदा भए हुँदो हो भनी चिताइन् । उनको सो इच्छा चाल पाएर व्यासदेवले अर्को घृतपूर्ण घडा मगाई त्यस टुक्रालाई पनि त्यसमा राखेर भने, "यी एक सय घडालाई बडो हिफाजतसाथ दुई वर्षसम्म पवित्र, एकान्त र सुरक्षित स्थानमा राखिछोड्नु । दुई वर्ष पूरा भएपछि खोलेर हेर्नु, सय पुत्र र एक कन्या तिमीलाई प्राप्त हुनेछन् ।" यति भनेर व्यास अन्तर्धान भए । गान्धारी सन्तानप्राप्तिको प्रतीक्षा गरेर रहन थालिन् ।

दुई वर्ष पूर्ण भएपछि घडा खोलेर हेर्दा पहिलो घडाबाट ज्येष्ठ दुर्योधन नामक पुत्र पैदा भए । तिनको जन्म समयमा नाना प्रकारका अपशकुनहरू देखिन थाले । सो देखेर राजा धृतराष्ट्र, रानी गान्धारी र अरू मन्त्रीवर्गसमेत चिन्तित हुन थाले । सो देखेर बुद्धिमान् विदुरले धृतराष्ट्रलाई भने, "महाराज !

यस अपशकुनबाट विचार गर्दा हजुरको यस ज्येष्ठ पुत्रद्वारा राज्यको ठूलो हानि हुने देखिन्छ । यसकारण यो एक पुत्रलाई त्याग गर्नु उचित छ ।" विदुरको यो हितोपदेश धृतराष्ट्रलाई मन परेन । उनले भने, "भाइ ! यो वृद्धावस्थामा पाएको उसमाथि पनि सबभन्दा ज्येष्ठ पुत्रलाई कसरी त्याग गर्न सक्छु ? पछि जेसुकै होस्, म ता सर्वथा यसलाई त्याग गर्दिनँ ।" यति भनेर उनले दुर्योधनलाई काखमा लिए । त्यसपछि क्रमशः बाँकी घडाहरूबाट दुःशासन, विकर्ण आदि उनान्सय पुत्र र दुःशला नामकी एक पुत्री पैदा भए । यही दुर्योधनको जन्म समयमा उता पाण्डुका मध्यपुत्र भीमसेनको जन्म भएको थियो । महाराज धृतराष्ट्रकी गान्धारीभन्दा अतिरिक्त एक भित्रिनी रानी पनि थिइन् । तिनबाट पनि एक पुत्र पैदा भए । तिनको नाम युयुत्सु राखियो ।

महाराज पाण्डु हिमालय पर्वतमा आफ्ना दुई रानी र पाँच पुत्रका साथ आनन्दपूर्वक रहेका थिए । एक दिन वसन्तोत्सव मनाउनका निमित्त उनी माद्रीलाई लिएर वनविहार गर्न गएका थिए । विहार गर्दागर्दैमा उनको चित्त माद्रीका उपर कामासक्त हुँदै आयो । भवितव्य कदापि नटर्ने हुनाले ऋषिको श्राप पनि उनले बिर्सिदिए । माद्रीले रोक्तारोक्तै पनि उनी दैवप्रेरित भएर उनीसित हठपूर्वकको व्यवहार गर्न थाले । अन्त्यमा उनको अकस्मात् त्यसै बेला प्राणवियुक्त भयो । पतिको त्यो गति देखेर माद्री मूर्छित हुँदै जमिनमा गिरिन्, परन्तु शोक गरेर हुनु केही थिएन । केही बेरपछि उनी सचेत भएर नाना प्रकारले विलाप गर्न थालिन् । उनको त्यो गगनस्पर्शी आक्रन्दन सुनेर उनका दुई पुत्र, कुन्ती र उनका तीन पुत्र समेत दौडँदै उहीं पुगे । महाराजको प्राणविहीन कलेवर देखेर उनीहरूमाथि वज्रपात जस्तो भयो । उनीहरू सारा एक स्वर गरेर रुन छाती पिट्न थाले ।

आखिर शोकको वेग केही कम भएपछि कुन्तीले माद्रीलाई भनिन्, "बहिनी ! जो हुनु थियो भयो । अब धेरै बेर शोक गरेर केही हुँदैन । हामी दुई जनामा म महाराजकी जेठी महिषी हुँ । यसकारण उहाँकी सहगामिनी हुने अधिकार मेरै छ । तिमी यी बालक पाँच पुत्रहरूको पालन गरेर बस, म महाराजका साथ चिताधिरोहण गर्दछु ।" यो सुनेर माद्रीले भनिन्, "आर्ये ! तपाईं त्यसो नभन्नुहोस् । मेरै साथ बिहार गर्दा महाराजको देहान्त भएको हुनाले मैले नै उहाँकी सहगामिनी हुनु उचित छ । फेरि तपाईंभँै राम्रोसँग सन्तानको परिपालन गर्न पनि म जान्दिनँ । यसकारण तपाईं मलाई स्वामीको सहगामिनी हुननिमित्त बिदा दिनुहोस् ।" यति भनेर सहसा माद्री महाराजको मृतदेहमा गएर वृक्षमा लता बेरिएझैं लपेटिइन् । तत्क्षणैमा उनलाई प्राण पखेरुले छाडिदियो ।

यसपछि त्यहाँका आश्रमवासी ऋषिमुनिहरूले सम्मतिअनुसार महाराज पाण्डुको र माद्रीको शवदेह हस्तिनापुरमा लगे । युधिष्ठिरादि पाँच भाइ र कुन्तीहरूले भीष्म, धृतराष्ट्र आदि सकल वन्धुवर्गको साथ उहीं यथाविधि दुवैको अग्निसंस्कार गरे । अन्त्येष्टिको सकलकर्म समाप्त भएपछि एक दिन सत्यवतीले अन्तःपुरमा रहेका महाराज विचित्रवीर्यकी रानी अम्बिकासँग भनिन्, 'हे भद्रे ! मैले पुत्र द्वैपायन (व्यास) को एक भविष्यवाणी सुनेकी थिएँ । अघि तिम्रो ज्येष्ठ पौत्र पैदा भएको बेलामा अनेक अपशकुन हुन लागेको देखेर पनि धृतराष्ट्रले त्यस पुत्रलाई जब त्याग गरेनथे त्यस बेला यसबाट हाम्रो वंश शीघ्र नै विपत्मा पर्नेछ भनी उनले भनेका थिए । सो कुरा अवश्य नभइरहने छैन । यसकारण यो वृद्धावस्थामा हामीले निजवंशको त्यो दुर्दशा हेर्नुभन्दा जङ्गलमा गएर जीवन व्यतीत गर्नु बढिया छ । हिंड, अब हामी तपोवनमा बसेर ईश्वरको आराधनामा जीवन बिताऊँ ।' सत्यवतीको यो कुरा अम्बिका र अम्बालिका दुवै जनाले स्वीकार गरे । उनीहरू तीनै जना उसै दिन प्रस्थान पनि गरिहाले । तपोवनमा रहेर तपस्या गर्दागर्दै केही दिनपछि उनीहरूको देहान्त भयो ।

महाराज पाण्डु, सत्यवती, अम्बिका र अम्बालिकाहरूको देहावसान भएपछि पाण्डवहरू पाँचै भाइ महाराज धृतराष्ट्रको आश्रयमा रहेर नाना प्रकारका सुखभोगमा दिन बिताउँदै बढ्न थाले । उनीहरू दुर्योधनादि सय पितृव्यपुत्रहरूका साथ सदा खेल-कुद गर्दथे । ती एक सय पाँच भाइहरूमा अरू सबैको भन्दा पाण्डवहरू पाँच भाइको तेज अधिक देखिन्थ्यो । हार-जितको खेलमा पनि ज्यादा गरेर दुर्योधनादि कौरवलाई पाण्डवहरू जित्तथे । कसरत, बोझा उठाउनु, दौडनु, कुट्नु आदि ज्यादा बल पर्ने कामहरूमा सबभन्दा बलवान् हुनाले भीमसेन बढ्ता भएर निस्के । उनीसँग दुर्योधन र उनान्सय भाइहरूमा कसैको पनि कहिल्यै जित भएन । भीमसेन हरएक विषयमा उनीहरूलाई जित्तथे । कहिलेकाहीं दुर्योधनसित भीमसेनको कुस्ती पर्दथ्यो । त्यसमा भीमसेन दुर्योधनलाई गिराएर पिस्नसम्म पिस्तथे । कहिले जुल्फीमा समातेर फ्याँकिदिन्थे । कहिले पौडी खेल्दा अगाध जलमा फ्याँकेर डुबाइदिन्थे । दुर्योधन पनि ईर्ष्यावश अरू पाण्डवहरूभन्दा भीमसेनसँग ज्यादा भिडिन्थे । तर हरएक कुरामा सदा उनको हारै मात्र हुन्थ्यो । यसो हुँदा अन्त्यमा दुर्योधन र भीमसेनमा भित्रभित्र राम्रै वैरभाव भयो । उनीहरू परस्परमा बराबर शत्रुता देखाउन थाले ।

शत्रुताको अङ्कुर पैदा भएपछि बढ्न धेरै दिन लाग्दैन । त्यो शीघ्र भयङ्कर रूपमा परिणत भएर निस्कन्छ । एक दिन हरएक कुरामा भीमसेनकै उत्कर्ष

देखेर दुर्योधनको मनमा यो विचार उठ्यो- 'बलले काम गरूँ भने हामी कुनै भाइको यससित केही चल्दैन । यससित बदला भने नलिई भएन । यसकारण अब अर्कै कुनै कपटको उपाय गरेर यस भीमसेनलाई मारौं र यसका अरू चार भाइलाई कैद गरेर एकातिर ठेगाना लाइदिनुपन्यो ! पछि जे जस्तो होला सहुँला । अहिल्यै यससित यसरी दबेर बस्नुपन्यो भने पछि पाण्डवहरू नै हस्तिनापुरको पूर्ण अधिकारी बन्न बेर लाउनेछैनन् ।' यति विचार गरेर दुर्योधनले जलविहारको बहाना निकालेर गङ्गाको किनारमा एक रमणीय क्रीडास्थल बनाउन लगाए । कोसौंतक लामो पालैपालको सानो एक नगरै खडा गरियो । उसमा खानपीन, शयन-भोग, विहारका सकल सामग्रीहरू खचाखच गरिए । जता हेऱ्यो उतै कपडाका घर, कपडैको अटाली, कपडैका झ्याल-ढोकाहरू देखिन्थे । ठाउँठाउँमा पानीका फोहरा, बागबगैंचा, पहलमानीका अखडा, नाचघर, बजार इत्यादिले गङ्गातट परिपूर्ण भयो ।

सबै कुरा ठीक भएपछि दुर्योधनले भाइ र पाण्डवहरूलाई समेत जलविहार गर्न जाऔं भनी बोलाए । युधिष्ठिर सीधा पुरुष थिए । उनमा कपटको मात्रा एक पनि थिएन । फेरि कसैले आफूमाथि गर्न लागेको कपटकला पनि उनी केही जान्दैनथे । उनी आफ्ना भाइहरूका साथ त्यस स्थलमा जान प्रस्तुत भए । कोही रथमा सवार भए, कोही अश्वारोही बने, कोही हात्तीका उपर विराजमान भए । परिचारकवर्गसहित कौरव पाण्डवहरूको लस्कर हस्तिानापुरबाट प्रस्थान गरेर नवनिर्मित अपूर्वशोभाशाली गङ्गातटवर्ती विहार स्थलमा दाखिल भयो । उहाँको अपूर्व शोभा र रचना कौशल देखेर प्रसन्नतासाथ केही बेर यताउता घुमफिर गरी सबै आ-आफ्नो डेरामा आए । त्यसपछि यथासमयमा भोजनका निमित्त नाना प्रकारका सुस्वादु पदार्थहरू उपस्थित गरिए । परस्परमा नाना प्रकारका वार्तालाप गर्दै सबै भोजन गर्न थाले । जसलाई जुन चीज मीठो लाग्दथ्यो त्यो उही मागेर खान्थ्यो । कहिले आपसमा खानेकुरा साटासाट गरेर पनि खान्थे । कसैमाथि कसैले कपट गर्ला भन्ने सन्देशसम्म पनि थिएन । परन्तु दुर्योधन भने आफ्नो अभीष्टसिद्धिको मौका खोजिरहेका थिए । भीमसेनले लड्डूको प्रशंसा गरेको सुनेर तुरुन्त अघिबाटैदेखि विष मिलाइराखेको लड्डू झिकी दुर्योधनले उनलाई दिए । भीमसेनलाई त्यस्तो छ भन्ने केही शङ्का थिएन । उनले झटपट त्यो विषमिश्रित लड्डूको गफ्फा लगाइदिए । त्यो देखेर दुर्योधनको मन भित्रभित्र दङ्ग हुन थाल्यो । उनी आफ्नो मनोरथ पूर्ण भएको सम्झेर मस्त हुँदै भोजनस्थलबाट उठे । भोजन समाप्त भएपछि सारा कौरव-पाण्डवहरूको गङ्गाजीमा जलक्रीडा आरम्भ भयो ।

सन्ध्या समय भइसक्यो, कौरव-पाण्डव दुवै पक्षका भाइहरू गङ्गाजीबाट निस्केर आ-आफ्ना वस्त्र भूषण पहिरन थाले । केही बेरपछि सबै आ-आफ्ना आवासगृहमा खर्चित भए । परन्तु महाबली भीमसेनचाहिँ विषको प्रभावले गर्दा बेहोस भएर गङ्गाकिनारमै मुढो लडेझैं लडिरहेका थिए । उनको शरीर शिला जस्तै जड भइरहेको थियो । हातपाउ चलाउने शक्तिसम्म उनमा थिएन । यो कुरा दुर्योधनसिवाय अरू कसैलाई पत्तै थिएन । दुर्योधन भने जलक्रीडाको आरम्भ समयदेखि नै भीमसेनका उपर तीव्र दृष्टि राखिरहेका थिए । सन्ध्यासमयमा जब सबै जना डेरातर्फ फर्के अनि दुर्योधनले एकान्तको अवसर पारी निश्चेष्ट परिरहेका भीमसेनलाई उठाएर लहराहरूले कसी गङ्गाजीमा हेलिदिए । यस्तो पापकर्म गरेर फर्केपछि दुर्योधनको चित्त शान्त भयो ।

दुर्योधनले गङ्गाजीमा फ्याँक्का भीमसेनलाई चैतन्य थिएन । उनी पत्थर डुबेझैं अगाध जलमा डुब्दै-डुब्दै नागलोकमा पुगे । अकस्मात् त्यसरी भयङ्कर अवस्थामा मनुष्य आइपुगेको देखेर उहाँ रहने महाविषधर नागहरूलाई त्रास हुन थाल्यो । उनीहरू क्रोधले पूर्ण हुँदै चारैतर्फबाट धुरा छुटेर भीमसेनलाई डस्न थाले । परन्तु त्यसको फल उल्टा निक्ल्यो, अर्थात् 'विषम्य विषमौषधम्' यस उक्तिको अनुसार भीमका शरीरमा फैलिएको लड्डूको विष नागको विषमा मिलेर आफैँआफ शान्त भयो । विष उत्रने साथ भीम सचेत भए । उनले आफूलाई बाँधेका लहराहरूलाई चुँडालेर फ्याँकिदिए, त्यसपछि उनी आफ्नाउपर आइलाग्ने नागहरूको संहार गर्न थाले । उनको अद्भुत पराक्रमले गर्दा सारा नागलोक भय कम्पित हुन थाल्यो । नागहरू भागाभाग गरेर आफ्ना राजा वासुकिको शरणमा जान थाले । उनीहरूद्वारा वासुकिलाई मुनष्यलोकबाट एक महाबलिष्ठ वीर पुरुष आएको रहेछ भन्ने थाहा भयो । उनी उत्तिखेरै आफ्ना अनुचरवर्गका साथ भीमको समीपमा उपस्थित भए । भीमसेनलाई देखेर उनलाई ठूलो हर्ष लाग्यो । किनभने कुन्तीका पिता कुन्तिभोज नागराज वासुकिका दौहित्र थिए । भीमसेन कुन्तिभोजका पनि दौहित्र थिए । यसैले नागराज र भीमसेनका नगिचैको नाता थियो । अतएव प्रसन्नतासाथ वासुकिले भीमसेनलाई आदरसाथ आफ्नो घरमा लगी आनन्दपूर्वक राखे । उनले भीमका शरीरमा विषद्वारा भएको अस्वास्थ निवारणका निमित्त अमृतमय दिव्यौषधिको प्रयोग गरे, त्यसले भीमसेनको शरीर ज्यौंका त्यौं भएर आयो । त्यसपछि उनलाई नागराजले आनन्दपूर्वक शय्यामा लगेर सुकला गराए ।

यता रासक्रीडा समाप्त भएपछि भीमसेनबाहेक अरू सकल कौरव-पाण्डवहरू उसै दिन रथ, हात्ती, घोडा इत्यादिमा सवार भएर राजधानी तर्फ फिरे ।

उनीहरूले समाजमा भीमसेनलाई नदेखेर अधिबाटै फर्के होलान् भन्ने ठानेका थिए । फर्के-नफर्केकोको यथार्थ हाल कि ता उनै पापकर्ता दुर्योधन जान्दथे कि ता भीमसेनै जान्दथे, अरू कसैलाई पत्तासम्म पनि थिएन । राजधानीमा प्रवेश गरेपछि सबभन्दा अगाडि युधिष्ठिर रथबाट उत्रेर माता कुन्ती भएठाउँमा गए । उनले भीमसेन आइपुगे भनी सोधेको सुनेर कुन्तीले भनिन्, "अहँ, भीमसेन ता आएका छैनन् । तिमीहरूसँगै आएका होइनौ र ?" युधिष्ठिरले भने, "माता ! हामी पनि भीमसेन अगाडि गए होलान् भन्ने निश्चयले बाटामा हाँस-खेल गर्दै आएका थियौं । बाटामा पनि कहीं भेट भएन । यहाँ पनि आएका रहेनछन् । यो के आश्चर्य भयो ।" यति भनेर युधिष्ठिर यता र उता खोज्न थाले । कुन्तीलाई पनि घोर चिन्ता पऱ्यो । कतै तलास गर्दा पनि पत्ता नलागेपछि कुन्ती कराउन लागिन् । उनलाई दुर्योधनको कपटकला अधिदेखि नै विदित थियो । यसैले उनी भीमसेन अवश्य दुर्योधनको कुचक्रमा परे भन्ने शङ्का गर्न थालिन् । युधिष्ठिर पनि अरू तीन भाइका साथ भीमसेनको खोजीमा निस्के । यसै बेला शोकाकुल भएकी कुन्तीले विदुरलाई बोलाएर एकान्तमा भनिन्, "आर्य ! आज तपाईंका भतिजाहरू सबै फर्केर आए परन्तु भीमसेन आएनन् । जतातते खोजखबर गरैं, कतै केही पत्ता लागेन । मैले अधिदेखि विचार गर्दै आएकी छु । दुर्योधन सदाकाल भीमसेनका उपर द्वेष राख्थे । उनको मनमा भीमलाई कुन उपायले सिध्याऊँ भन्ने चिन्ता छ भन्ने कुरा पनि कहिलेकाहीं आप्तजनबाट सुन्दथे । उनबाट हाम्रो असल होला भन्ने आशा पनि कहिल्यै लाग्दैनथ्यो आज भीमसेन नआउँदा मेरो मन बिलकुलै दुर्योधनको क्रूरतामा शङ्कित हुन लागिरहेछ ।"

बुद्धिमान् विदुरले भने, "कल्याणी ! यो आफ्नो मनको सन्देहलाई सदा गोप्य राख्नु उचित छ । यो कसैमा प्रकट हुन नपाओस् । तपाईंका पुत्रहरू सबै दीर्घायु छन् । उनीहरू सहसा कहिल्यै नष्ट हुने छैनन् । भीमसेन फर्केर आउनेछन् । तपाईं धैर्य राख्नुहोस् । थोरै समयमा भीमसेनलाई देख्न पाउनुहुनेछ ।" विदुर निस्के । तर कुन्तीको चित्त शान्त भएन । उनी घोर चिन्ताले र शोकले व्याकुल भई जिउँदै मरे जस्तो हुन थालिन् । युधिष्ठिरहरू पनि यथाशक्य चारैतर्फबाट खोजी गर्दासमेत पत्ता नलागेको हुनाले दिग्दार हुँदै फर्केर आएको देख्दा कुन्तीको शोक झन्झन् बढ्न थाल्यो ।

यता नागराज वासुकिको दरबारमा सुखपूर्वक सुतेका भीमसेनको निद्रा आठ दिनमा खुल्यो । उनी निद्राबाट बिउँझेर नागराजको समीपमा हाजिर भए । उनलाई देखेर वासुकिले भने, "बाबु ! तिमीलाई मैले अमृतमय दिव्य औषध पान

गराएको थिएँ । त्यस औषधको प्रभावले तिमीमा हजार हात्तीको बल सदासर्वदा रहनेछ । अब म तिमीलाई दिव्य जलपान गराउँछु । सो पान गरेर तिमी आफ्नो घर जाऊ । तिमीविना तिम्री माता विह्वल भइरहेकी होलिन् ।" नागराजको यो आज्ञा पाएर भीमसेनले दिव्य जलाशयमा स्नान गरी सो दिव्य जलपान गरे । सफेद पुष्पमाला धारण गरे । नाना प्रकारका दिव्य वस्तुहरू भोजन गरे । त्यसले उनको सारा थकाइ निवृत्त भयो । त्यसपछि उनी नागगणहरूले स्तुति गरिँदै वासुकिसँग बिदा भएर नागलोकबाट प्रस्थित भए । उनी हस्तिानापुरमा आएपछि सारालाई आनन्द भयो । चिरवियोगिनी कुन्ती पनि परमानन्दमा प्राप्त भइन् । भीमसेनले आफ्नो सारा हाल वर्णन गरे । सो सुनेर उनलाई युधिष्ठिरले एकान्तमा भने, "भाइ ! यो आफ्नो वृत्तान्त कसैलाई नभने । दुर्योधनको भित्री आशय स्पष्टै ज्ञात भयो । उनी मौका परेका बेलामा हामीलाई सब तरहबाट सिध्याउने यत्न गर्दारहेछन् । यसकारण अब उपरान्त हामीले आफ्ना पाँच भाइहरूमा परस्परको रक्षाका निमित्त सर्वदा सावधान रहनुपर्दछ ।"

त्यसपछि भीमसेन जीवित फर्की आएको देखेर दुर्योधनको मनमा अत्यन्त सन्त्रास हुन लाग्यो । उनी आफ्ना भाइ र मित्रवर्गहरूलाई मतमा लिएर पाण्डवहरूका उपर अनेक जाल फैलाउँदै पिता धृतराष्ट्रलाई पनि उनीहरूका उपर कुपित गराउने यत्नमा लागे । यो कुरा एक-एक गरी पाण्डवहरू चाल पाउँथे तापनि महात्मा विदुरको उपदेशले चुपचाप सहन गर्दथे । कसैसित दुर्योधनले हाम्रा उपर यस्तो गरे भनी भन्दैनथे ।

अघि महाराज शन्तनुले शिकार खेल्न भनी गएका समयमा वनभित्र एक बालक र बालिकालाई अलपत्र अवस्थामा देखे । तिनीहरूका अगाडि धनुर्बाण र मृतचर्म पनि त्यत्तिकै थियो । सो देख्ता यी कुनै धनुर्वेद जान्ने ब्राह्मणका सन्तान रहेछन् भन्ने अनुमान हुन्थ्यो । तर त्यस बेला ती बालक र बालिकाको संरक्षक त्यहाँ कोही थिएन । तिनीहरू त्यसै अलपत्र परिरहेका थिए । तिनको त्यस्तो अवस्था देखेर महाराज शन्तनुले कृपा गरी तिनीहरूलाई आफ्नै छोराछोरीझैं गरी पालिराखेका थिए । यसैले तिनीहरूको नाम कृपा र कृपी राखिएको थियो । तिनीहरू यथार्थमा महर्षि शरद्वानका सन्तान थिए । सन्तानको पालनपोषणमा लाग्दा तपोभङ्ग होला भन्ने ठानी उनले तिनीहरूलाई वनमा छोडिदिएका थिए । पछि राजा शन्तनुले घर लगेर पालन-पोषण गरेका छन् भन्ने सुनेर महर्षि शरद्वानले उहीं गएर ती आफ्ना पुत्र कृपालाई सकल शस्त्रास्त्र विद्या सिकाए । त्यसपछि क्रमशः हस्तिनापुरमा कृपाको प्रतिष्ठा बढ्दै गयो । अन्त्यमा उनी कौरव-

पाण्डवको आचार्य बनेर उनीहरूलाई शस्त्रास्त्र विद्या सिकाउन थाले । कृपीको प्रसिद्ध महात्मा द्रोणका साथ विवाह भयो ।

यिनै कृपाचार्यको धनुर्विद्या पढेर केही दिनमा कौरव-पाण्डवहरू एकसेएक वीर हुँदै आए । परन्तु तिनीहरूले शिक्षा पाउने विषय अरू पनि धेरै बाँकी थियो । त्यस विषयमा भीष्म विचार गर्दै थिए । यस्तैमा दुवैतर्फका राजकुमारहरू जम्मा भई नगरबाहिरको एक मैदानमा भकुन्डो खेल्न भनी गए; खेल सुरु भयो । सब खेलमा मस्त थिए । यस्तैमा खेल्दाखेल्दै उनीहरूले जोरसँग हानिएको भकुन्डो अकस्मात् एक गहिरो पानी भएको कुवामा गएर खस्यो । त्यो भकुन्डो त्यहाँबाट झिक्नानिमित्त उनीहरू प्रत्येक जनाले आफ्नो अक्कल बलले भेटेसम्म यत्न गरे, तैपनि कसैको केही लागेन । सब आफूलाई धिक्कार गर्दै लज्जावनत भएर चुपचाप बसेका थिए । यसै अवस्थामा एक दुब्ला र कृष्णवर्गको शरीर भएका ब्राह्मण कतैबाट आउन लागेका उनीहरूले देखे । देख्नासाथ उनीहरूले चारैतर्फ घेरा दिएर सो भकुन्डो कुवाबाट झिक्नाको निमित्त सहायता मागे । उनीहरूको त्यो चाला देखेर ब्राह्मणलाई हाँसो उठ्यो । उनले हाँस्तै भने, "तिमीहरूको क्षत्रियपनलाई धिक्कार छ । भरत-कुलमा जन्मेर पनि तिमीहरूले यस साधारण कुवाबाट भकुन्डो निकाल्न सकेनौ । तिमीहरूबाट अरू वीरताका कार्य के होलान् ? भइगयो । म त्यस भकुन्डोलाई झिकिदिन्छु । तर मलाई पेटभर भोजन गराउनुपर्दछ ।" ब्राह्मणका कुराले कौरव-पाण्डव राजकुमारलाई लज्जामाथिको लज्जा थपियो । तर के गरून्, उनीहरूले ब्राह्मणको कुरा स्वीकार गरे । सो भकुन्डो झिकिदिनु भनी प्रार्थना गरे ।

ब्राह्मणको बल, बुद्धि, विद्वता के कस्तो थियो, त्यस बेलासम्म कसैलाई थाहा थिएन । कौरव-पाण्डव राजकुमारहरू उनको वीरोचित संभाषण शैलीमा मुग्ध भएर उनको मुख ताकिरहेका थिए । सहसा ब्राह्मणले नगिचै पडिरहेको अलिकति झिँगल्टाहरू ल्याएर सोझा र तीखो टुप्पो भएका टुक्राहरू बनाए । ती टुक्राहरूमा पहिले एक टुक्रा कुवामा फ्याँकेर भकुन्डोमा ठाडो पर्ने गरी रोपे । त्यसपछि दोस्रो टुक्रा फ्याँकेर पहिले रोपिएको टुक्राको टुप्पोमा गाडिदिए । फेरि त्यसको टुप्पोमा अर्को टुक्रा फ्याँकेर गाडे । एवम् क्रमले टुक्राटुक्रा रोप्दै-रोप्दै कुवाको मुखसम्म ल्याएर मानौं एक डोरी जस्तै गराएर सजिलैसित भकुन्डो झिकिदिए । ब्राह्मणको यस्तो बुद्धिकौशल र हस्तलाघव देखेर राजकुमारहरूलाई अत्यन्त आश्चर्य लाग्यो । उनीहरूले सहसा उनका पाउमा प्रणाम गरेर भने, "हे ब्राह्मणश्रेष्ठ ! तपाईं को हुनुहुन्छ ? अस्त्र विद्यामा तपाईंको जस्तो योग्यता हामीले आजतक कहीं देखेका

थिएनौं । तपाईंको यस कार्यबाट हामी कृतकृत्य भयौं । तपाईंलाई जो इच्छा छ सो आज्ञा गर्नुहोस्, हामी त्यो कुरा पूरा गराउनमा यथाशक्य तत्पर छौं ।" यो सुनेर ब्राह्मणले भने, "यो मेरो वृत्तान्त पितामह भीष्मलाई गएर सुनाओ । उहाँले मलाई अवश्य चिन्नुहुनेछ । यो सुनेर उनीहरूले उसैबेला सो सारा वृत्तान्त भीष्मकहाँ गई सुनाए । भीष्मलाई पनि त्यस कुराबाट आश्चर्य लाग्यो । उनले ती ब्राह्मणलाई बोलाउन पठाए । यथोचित सत्कार गरी आफ्नो नाम, धाम र काम समेत बताउनुहोस् भनी भीष्मले प्रश्न गरे ।

भीष्मको कुरा सुनेर ब्राह्मणले भने, "म महर्षि भारद्वाजको पुत्र हुँ । मेरो नाम द्रोण हो । महर्षि अग्निवेशका आश्रममा धनुर्वेद र अस्त्र विद्या पढ्न गएको थिएँ । उहाँ धेरै दिनतक ब्रह्मचारी गुरुको मैले सेवा गरैं । मेरो साथमा पाञ्चाल देशका राजकुमार द्रुपद पनि पढ्थे । धेरै दिनतक सहाध्यायी भएर बसेकाले उनको र मेरो बहुतै मित्रता थियो । एक दिन उनले मसित भने, "म पिताको बहुतै प्यारो छु । एक न एक दिन मलाई पैतृक राज्य अवश्य मिल्ने छ । म राजा भएँ भने तिमीलाई आफ्नो आधा राज्यको मालिक गराएर सुखी तुल्याउँला ।" यो कुरा भएको धेरै दिनपछि विद्या पढिसकेर हामी दुवै जना आ - आफ्ना घर फर्क्यौं । द्रुपदले गरेको प्रतिज्ञा मैले कहिल्यै बिर्सिनँ । केही दिनपछि मेरो गौतम पुत्री कृपीका साथ विवाह भयो । तिनबाट मैले सूर्यसमान तेजस्वी पुत्र पैदा गरैं । तिनको नाम अश्वत्थामा हो । पुत्र पाउनाले हामी दम्पती अत्यन्त प्रसन्नतासाथ रहन थाल्यौं । परन्तु म घरको अकिञ्चन हुनाले पुत्र अश्वत्थामाको पालन राम्रो तरहसित गर्न असमर्थ थिएँ । जेनतेन प्रकारेण उनको उदरपूर्तिको बाटोसम्म मबाट हुन्थ्यो ।

एक दिन पुत्र अश्वत्थामाले नगिचै छिमेकीका पुत्रले दूध पिएको देखेछन् र घरमा आएर पिताजी, म पनि दूध पिउँछु भनेर रुन थाले । तर के गरूँ ? घरमा न गाई पालेको थियो न कहींबाट दूध आउने प्रबन्ध गरेको थिएँ । पुत्रको त्यो इच्छा देखेर मेरो चित्त खिन्न भयो । म उसैबेला एउटा दुहुनी गाईको खोजमा निस्कैं, परन्तु अभाग्यवश गाई कहीं मिल्न सकेन । त्यसै उदास चित्त भएर घर फर्कैं । संयोगवश म घर आइपुगेकै बेलामा एक-दुई जना छिमेकी केटाकेटी मिलेर पानीमा पीठो पखाली यो दूध पिअ भनी अश्वत्थामालाई हंस्सीको तवरबाट दिन लागेका रहेछन् । अश्वत्थामा पनि साँच्चिकै दूध सम्झेर पिउन लागेका रहेछन् । यो घटना देखेर अश्वत्थामाको अज्ञानता र आफ्नो दरिद्रताका उपर मलाई

असह्य शोक भयो । तिनैताक मैले द्रुपद राजा भएका छन् भन्ने सुनेको थिएँ । शोकवश विचार गर्दागर्दै मलाई झट्ट राजा द्रुपदको प्रतिज्ञा स्मरण भयो । उनले आफ्नो प्रतिज्ञाअनुसार मेरो दरिद्रता पनि अवश्य दूर गरिदिनेछन् भन्ने आशा पनि लाग्यो । उसै दिन स्त्री-पुत्रसमेत साथ लिई मैले पाञ्चाल देशतर्फ प्रस्थान गरें । पाञ्चालदेशमा पुगेपछि राजा द्रुपदसँग भेट भयो । उनलाई मैले बालसखा सम्झेर पूर्वप्रतिज्ञा स्मरण गराएँ । परन्तु 'यौवनं धनसम्पत्तिः प्रभुत्वमविवेकिता । एकैकमप्यनर्थाय किमुयत्र चतुष्टयम्' यस आप्त वाक्यलाई चरितार्थ गराउँदै उनले मेरो ठूलो अपमान गर्दै भने :-

लाज छैन तिमीलाई भिखारी द्विज भैकन ।
मित्र मेरा नृपति छन् भनी धाक लगाउन ॥
कुलशीलवयोविद्या ज्ञानमानमहाँ सदा ।
समान जो छ उसमा सुहाउँदछ मित्रता ॥
अज्ञात बाल्यावस्थामा जसले जे भने पनि ।
साँचै हुने भएदेखिको बस्थ्यो दुनियाँ बनी ॥

एक ठाउँमा एकै अवस्थामा रहुन्जेलसम्म मानिसहरूमा उहीअनुसारको मित्रता हुन सक्दछ । परन्तु अवस्थाभेदले गर्दा त्यस मित्रतामा पनि अवश्य भेद पैदा हुन जान्छ । उही अधिको मित्रता खोजेर यस अवस्थामा पाइन सक्दैन । पण्डितका साथ मूर्खको, धनीका साथ गरीबको, राजाका साथ प्रजाको मित्रता कसरी हुन सक्छ ? मलाई त्यस्तो प्रतिज्ञा गरेको सम्झना छैन । भए पनि दूर देशबाट आएका ब्राह्मण हौ, एक छाक भोजन गरेर जाऊ । फेरि फेरि राजदरबारमा आएर यस्तो असभ्यता कहिल्यै प्रकट नगरे ।

राजा द्रुपदको कर्णकटु वाक्यशरले गर्दा मेरा हृदय शतधा विदीर्ण भयो । म उनलाई आफ्नै एक आँतको भाइ जस्तो परम मित्र, बालसखा सम्झेर गएको थिएँ, परन्तु त्यसको मलाई उल्टा फल मिल्यो । एक क्षण पनि उहाँ रहन सकिन । क्रोधले अन्धो भएर उल्टै पाउ तुरुन्त फर्कें । त्यसै बेला मैले उनकै अगाडि यस अपमानको बदला म पनि एक पटक तिमीलाई नदिई छाड्ने छैन भनी प्रतिज्ञा गरें । यही बदला कुन तरहबाट लिऊँ भन्ने विचारले म यहाँ आएको हुँ । हाल म जेठान कृपाचार्यको घरमा सपरिवार बसेको छु । हे कुरुपितामह ! मैले आफ्नो सकल वृत्तान्त तपाईंलाई सुनाएँ । अब तपाईंको मेरा उपर के इच्छा छ सो सुन्न पाऊँ ।"

द्विजवर्य द्रोणको उपर्युक्त वृत्तान्त सुनेर पितामह भीष्मले भने, "विप्र ! मैले तपाईंलाई राम्रोसित चिनैं । तपाईं यो क्रोधको वेगलाई कम गर्नुहोस् । तपाईंले अब कतै जानुपर्दैन । कृपापूर्वक यहीं हाम्रो राजधानीमा रहेर नाति कौरव र पाण्डवहरूलाई शस्त्रास्त्रविद्याको शिक्षा दिनुहोस् । तपाईंलाई आजैदेखि कौरव र पाण्डवहरूको आचार्यपदवी टक्र्याएँ । तपाईंका निमित्तको सुखसामग्री जे जति चाहिन्छ सो राजकोषबाट दिइने छ ।" भीष्मको यो शिष्टाचार र आफ्नाउपर पूर्ण कृपा देखेर द्रोणको क्रोध शान्त भयो । उनले प्रसन्नतासाथ हस्तिनापुरमा रहेर कौरव-पाण्डवहरूलाई शिक्षा दिने भार आफ्नो हातमा लिए । उनले भने, "राजकुमारहरूले मलाई राम्रोसित प्रसन्न गराउन सके भने उत्तम-उत्तम शस्त्रास्त्रको शिक्षा उनीहरूलाई दिनेछु । मैले महर्षि परशुरामबाट दिव्य-दिव्य शस्त्र-अस्त्रको शिक्षा पाएको छु । सो शिक्षा मलाई बडो मौकाले उहाँबाट मिलेको हो । एक दिन यस्तो मौका पन्यो ।

एक दिन म दरिद्रतावश "महर्षि परशुरामले आफ्नो सारा सम्पत्ति दान गर्ने सङ्कल्प गर्नुभएको छ" भन्ने सुनेर धनै माग्न भनी गएको थिएँ । परन्तु त्यस बेला उहाँ आफ्नो सारा धनसम्पत्ति ब्राह्मणहरूलाई दान गरेर रित्तो भइसक्नुभएको रहेछ । म आएको देखेर उहाँलाई साह्रै सङ्कोच भयो । उहाँले भन्नुभयो :

१

दानी छ राम भनी नाम सुनेर आयौ,
हे विप्रवर्य ! तर केवल दुःख पायौ ॥
मौका गयो पछि भयौ, अब आज हाय,
तिम्रो गरूँ म कसरी धनले सहाय ॥

२

सीदत्कुटुम्ब तिमि छौ तिमिमाथि भारी,
दारिद्र्यको पिर छ घोर अनर्थकारी ।
देखिन्छ साफ सब यो अनुहारबाट,
देखेर हुन्छ तर के म फकीरबाट ॥

३

ऐश्वर्य बाहुबलले अघि जो कमाएँ,
त्यो कश्यपादि ऋषिवृन्दमहाँ चढाएँ ॥
विप्रेन्द्र ! एक दमडी पनि छैन पास,
दरिद्र्यको गरिदिऊँ कसरि म नाश ॥

४

अर्थी अकिञ्चन अनाथ तिमिसमान,
सत्पात्रका उपर पाइन गर्न दान ।
यै पीरले अहह !! आज चिरिन्छ छाती,
दिग्दारीको लहर उठ्तछ भाँति भाँति ।।

५

सम्पत्तिमा मसित देहसिवाय छैन,
खाली बिदा यदि गरूँ मन चाहँदैन ।
शस्त्रास्त्रको बरु म दिन्छु समस्त शिक्षा,
यै भो तिमीकन अचिन्त्य अमेय भिक्षा ।।

यति भनेर महर्षि परशुरामले आफूले जाने जति एक बाँकी नराखी दिव्य शस्त्रको शिक्षा दिएर साङ्गोपाङ्ग धनुर्वेदमा मलाई पारङ्गत गराउनुभयो ।'

यस प्रकारले आफूमा भए जति सकल गुणको वर्णन गरी द्रोण चुप लागे । त्यसपछि भीष्मले उनलाई हस्तिनापुरमै घरबार, जागिर आदि सारा कुराको बन्दोबस्त गरी शिक्षाका निमित्त आफ्ना दुवैतर्फका (कौरव-पाण्डव) कुमारहरू सुम्पिदिए । भीष्मको आज्ञाअनुसार राजकुमार कौरव-पाण्डव उनैका साथ प्रतिदिन रहेर पढ्न थाले । केही दिन पढेपछि एक दिन द्रोणाचार्यले आफ्ना शिष्यहरूसँग भने, 'राजकुमारहो ! तिमीहरूलाई सबै विषयको शिक्षा दिनेछु । परन्तु तिमीहरूले एक कुराको कबूल गर्नुपर्छ । सो के भने पढिसकेपछि तिमीहरूले चिरकालदेखि मेरो मनमा लागेको एक कुरालाई पूर्ण गरिदिनुपर्दछ । सो पूर्ण गराउन को सक्तछ ऊ अगाडि सर ।' यो सुनेर अरू सारा चुपचाप मुखामुख गर्न थाले । परन्तु वीर अर्जुनले अगाडि सरेर भने, 'गुरुजी ! हजुरको मनोरथ म पूर्ण गराउँला । मैले प्रतिज्ञा गरैं, यो कदापि अन्यथा हुनेछैन ।' अर्जुनको यो प्रतिज्ञा सुनेर द्रोण अत्यन्त प्रसन्न भए । त्यस दिनदेखि अरूमा भन्दा विशेष गरेर अर्जुनमाथिको शिक्षामा द्रोणको विशेष ध्यान रहन थाल्यो ।

यस प्रकारले राजकुमार कौरव-पाण्डवहरू द्रोणाचार्यका साथ पढ्न लागेका थिए । यस्तैमा एक दिन महाराज धृतराष्ट्रको सारथिका पुत्र वसुसेन अर्थात् कुन्तीका अज्ञात पुत्र कर्ण पनि तिनै राजकुमारका साथ आएर द्रोणसित पढ्न थाले । पढ्दा पढ्दा भुजबलमा, उद्योगमा र धनुर्वेदको शिक्षामा अरूको भन्दा अर्जुनले विशेष योग्यता प्राप्त गरे । उनको बराबरी गर्ने साहस एक कर्णलाई छोडेर अरू कुनै राजकुमारमा भएन । अश्वत्थामा पनि पिताका साथ उनीहरूसँगसँगै पढ्दथे ।

उनलाई पनि कैयौं अंशमा जितेर अर्जुन अगाडि बढ्न लागे । परन्तु द्रोणलाई यस कुरामा खटका लाग्यो । उनले आफ्नो पुत्र अश्वत्थामाभन्दा अर्जुनलाई बढ्ता हुन दिनु हुँदैन भन्ने विचार गरी एक युक्ति निकाले । कस्तो युक्ति भने बिहान सबैरै पढाउने बेलामा सारा शिष्यलाई सानो मुख गरेको एक कमण्डलु दिएर जल ल्याउन पठाउने र अश्वत्थामालाई ठूलो मुख गरेको एक कमण्डलु दिएर पठाउने गरे । सानो मुख गरेको कमण्डलुमा पानी भरिन धेरै बेर लाग्छ, ठूलो मुख भएको चाँडै भरिन्छ र अश्वत्थामा अरूभन्दा अगाडि पानी लिएर आइपुग्छन् र यिनलाई त्यही क्षणभरको एकान्त समयमा अरूको भन्दा बढ्ता शिक्षा दिउँला भन्ने द्रोणको यही आशय थियो । परन्तु बुद्धिमान् अर्जुनले गुरुको अभिप्राय यथार्थ सम्झे । उनले गुरुलाई त्यस्तो मौका पर्न नदिने गर्ना निमित्त बारूणास्त्रद्वारा झटपट कमण्डलु भरी अश्वत्थामाको सँगसँगै आउन थाले । यसैकारण अर्जुनलाई अश्वत्थामाकै बराबर शिक्षा प्राप्त भयो । अश्वत्थामा उनीभन्दा कुनै विषयमा बढी हुन पाएनन् ।

एक दिन अर्जुन बेलुका भोजन गर्न लागेका थिए, खाँदाखाँदैमा अकस्मात् बत्ती निभ्यो । अँध्यारैमा उनले भोजन गर्नुपऱ्यो । भोजन गरिसकेपछि उनको मनमा यो विचार उठ्यो, "आज मैले अँध्यारैमा भोजन गरँ । त्यस्तो निस्पट्ट अँध्यारोमा पनि हातमा लिएको गाँस अभ्यासवश अन्यत्र कतै नपरी ठीक मुखभित्र पर्न जाने रहेछ भने अभ्यास गर्न सकेको पक्षमा अँध्यारामा बाणले निसाना मार्ने गर्न पनि सकिँदो होला । अब यो अभ्यास पनि गर्नुपऱ्यो ।" यस्तो विचार गरेर अर्जुन रातमा धनुर्बाण लिएर निसाना मार्ने अभ्यास गर्न थाले । त्यसरी रातरातभर परिश्रम गरेको चाल पाउँदा द्रोणलाई पनि बहुतै हर्ष लाग्यो । उनले प्रसन्नतासाथ अर्जुनलाई अङ्कमाल गर्दै भने, " पुत्र ! तिम्रो उत्साहदेखि म अत्यन्त प्रसन्न भएँ । अब म तिमीलाई अलौकिक शस्त्रास्त्रको शिक्षा दिन्छु । त्यसले गर्दा संसारमा तिमी भन्दा बढ्ता कुनै योद्धा पनि हुनेछैन ।" यति भनेर द्रोणाचार्यले त्यस दिनदेखि अर्जुनलाई भाँतीभाँतीको शिक्षा दिन लागे । हात्ती, घोडा, रथ इत्यादिमा सवार भएर युद्ध गर्ने, तरबार, गदा, तोमर, भिन्दिपाल, प्रास, शक्ति इत्यादि मुख्य शस्त्रद्वारा युद्ध गर्ने, यस्ता किसिमका शिक्षा पनि अर्जुनलाई आचार्य द्रोणबाट प्राप्त भयो । यस प्रकारले अर्जुन सकल भूमण्डलभरका एक मुख्य वीर सम्झिन लागे ।

अर्जुनको यो अपूर्व वीरत्वलाभको समाचार देशदेशान्तरमा समेत फैलियो । दिग्दिगन्तका राजकुमार क्षत्रियकुमारहरू द्रोणाचार्यबाट यस्तो शिक्षा पाइँदो रहेछ भन्ने सुनेर कौरव-पाण्डव राजकुमारहरूको जमातमा आएर सामेल भई शस्त्रास्त्र चलाउन सिक्न थाले । यिनै नवागत शिष्यवर्गमा निषादराजका एक पुत्र पनि

थिए । तिनको नाम एकलव्य थियो । यिनलाई आचार्य द्रोणले यो निषादकुलोत्पन्न शूद्रजातिलाई क्षत्रिय कुमारहरूका साथ मिसाएर शिक्षा दिनु उचित हुँदैन भन्ने विचार गरी शिष्य नबनाई फर्काइदिए । बिचरा एकलव्य निराश भएर फर्कनुपरेकाले उदास मन गर्दै द्रोणसित बिदा भई जङ्गलको एक कुनामा गए । उनले माटाको मूर्ति बनाएर स्थापना गरी त्यही मूर्तिको अगाडि स्वयम् धनुर्वेदको अभ्यास आरम्भ गरे । श्रद्धा, अभ्यास, परिश्रम र मनोयोगको प्रभावले गर्दा उनी थोरै समायमा नै युद्धविद्यामा अत्यन्त प्रवीण भए ।

केही दिनपछि एक पटक द्रोणको आज्ञाअनुसार सकल कौरव पाण्डवहरू शिकार खेल्नानिमित्त हस्तिनापुरबाट बाहिर निस्केका थिए । उनीहरूले मृग पक्रनका निमित्त जाल, कुकुर इत्यादि सामान पनि लगेका थिए । शिकार खेल्दा-खेल्दा उनीहरूको एक कुकुर मृगलाई लखेट्दै जाँदा एकलव्यको आश्रममा पुगेछ । एकलव्यको शरीर बहुतै मलिन थियो, त्यस बेला उनी कालो मृगचर्म पहिरेर बसेका हुनाले मानौं एक जनावर जस्ता देखिन्थे । यसैले उनलाई देख्नासाथ कुकुर भुक्न थाल्यो । त्यसरी एकनाससित आफूतिर फर्केर कुकुर भुकेको सुन्दा एकलव्यलाई झर्को लाग्यो । फेरि उनको मनमा 'कुकुर आइलागेको बेसै भयो । धनुर्विद्यामा कत्तिको अभ्यास भएछ सो कुराको परीक्षा यसै उपर गर्नुपन्यो' भन्ने यस्तो विचार पनि उठ्यो । उनले सहसा सात बाण लगातार प्रयोग गरी भुक्ताभुक्तैको कुकुरको मुखभरि तुल्याएर भुक्न बन्द गरिदिए । त्यसछि भुक्न पनि नसकेर त्यो कुकुर सात बाण मुखभरि लिँदै आफ्ना शिकारीहरू भएतर्फ फर्क्यो । उहाँ पुगेपछि त्यो कुकुरको मुखमा बाण भरिएको सारा राजकुमारहरूले देखे । सो देख्दा उनीहरूलाई आश्चर्य लाग्यो । उनीहरू यो कसको काम रहेछ, त्यसलाई भेटौं भनेर यताउता खोज्न लागे । केही बेर यताउता खोजेपछि उनीहरूको एकलव्यसँग भेट भयो । त्यस बेला उनी मलिन वेशमा रहेर बराबर एकनिशानका उपर बाण चलाइरहेका थिए । उनलाई सहसा कसैले पनि चिन्न सकेन । आखिर उनीहरू नगिचै पुगी उनको नाम, धाम सोध्न थाले । एकलव्यले पनि यो उत्तर दिए, "म निषादराजको पुत्र र द्रोणाचार्यको शिष्य हुँ । एक्लै यस वनमा रहेर धनुर्विद्या सिक्नलागेको छु ।" यो सुनेर कौरव-पाण्डवहरू आश्चर्य मान्दै राजधानीमा फर्के । उनीहरूले शिकारका समयमा भएको घटना र एकलव्यको बयानसमेत द्रोणलाई सुनाए । त्यसैबीचमा एकान्त पारेर अर्जुनले द्रोणसित अभिमानपूर्वक भने, "गुरुजी, हजुरले केवल मलाई मात्र सबभन्दा विशेष शिक्षा दिन अङ्गीकार गर्नुभएको हो । किन्तु हजुरको अर्को मभन्दा पनि जबर्दस्त शिष्य निषादपुत्र रहेछ । के हजुरले मलाई छकाउनु ता भएन ?"

द्रोणाचार्यलाई एक नयाँ अपरिचित शिष्यको नाम-कर्महरू सुन्दा आश्चर्य लाग्यो । उनले यो के मामला हो भनी धेरै बेर विचार गरे । कतैबाट केही रहस्य थाहा भएन । अन्त्यमा उनी सो सारा रहस्य यथार्थ जान्ननिमित्त अर्जुनलाई साथ लिई एकलव्य भए ठाउँमा गए । त्यस बेला पनि एकलव्य लगातार बाण चलाइरहेका थिए, अकस्मात् द्रोणचार्य आफ्ना अगाडि आइपुगेको देखेर उनलाई अत्यन्त हर्ष लाग्यो । उनले आफूलाई धन्य सम्झँदै द्रोणाचार्यको यथोचित सत्कार गरे । उनको त्यो शिष्टतादेखि द्रोणलाई पनि खुशी लाग्यो । उनले भने, "हे वीर ! तिमी मलाई साँच्चिकै आफ्नो गुरु सम्झन्छौ भने गुरुदक्षिणा पनि अवश्य दिन्यैछौ । यसै कारण आज म तिमीकहाँ आएको हुँ ।" यो सुनेर एकलव्यले भने, "भगवान् ! मेरा लेखा संसारमा हजुरलाई नचढाउने वस्तु नै कुनै छैन । जो आज्ञा हुन्छ चढाउन तत्पर छु ।" द्रोणाचार्यले भने, "यदि साँच्चिकै दक्षिणा दिने हौ भने तिमी आफ्नो दाहिने हातको बूढीआँला देऊ । त्यसैलाई म सर्वोत्तम गुरुदक्षिणा सम्झनेछु ।" यस्तो दक्षिणा माग्नाको मतलब द्रोणको के थियो भने, केवल अर्जुनको मन प्रसन्न गराउनु । फेरि अर्को कुरा यो पनि थियो, "सो एक अंगुठो नभएपछि त्यति अंशमा अर्जुनको एकलव्यको भन्दा उत्कर्ष हुने थियो । नत्र अर्जुनभन्दा कुनै अंशमा उनी कम हुने थिएनन् ।" यो कुरा विचार गरेको पक्षमा उनलाई थाहा हुन्थ्यो तापनि उनको गुरुको उपर ठूलै भक्ति थियो । अतएव उनले गुरुको वाक्य सुन्नासाथ कुनै कुराको पनि विचार नगरी आफ्नो दाहिने हातको बूढीआँठो काटेर चढाए । त्यस विषयमा उनले किञ्चित् पनि दीनता वा अपशोच देखाएनन् ।

धनुर्विद्यामा अर्जुनको बराबरी गर्ने यिनै एकलव्यसिवाय अरू थिएनन् । यिनले पनि अङ्गुष्ठहीन हुँदा अर्जुनभन्दा अलिकति कम हुनुपर्‍यो । यसकारण अर्जुन नै धनुर्धारीहरूमा सर्वश्रेष्ठ भएर निस्के । दुर्योधन र भीमसेनले गदा युद्धमा सबैको भन्दा विशेष योग्यता प्राप्त गरे । उनीहरू दुई जनामा एक-अर्कोभन्दा बढ्ने उद्योग गर्दथे । युधिष्ठिरले रथी हुनुमा अर्थात् रथमा सवार भएर युद्ध गर्ने विषयमा विशेष योग्यता प्राप्त गरे । नकुल र सहदेवले तरबार चलाउनामा सबैको भन्दा श्रेष्ठता प्राप्त गरे । अश्वत्थामा सब प्रकारको शिक्षामा प्रवीण भएर निस्के । यस प्रकारसित सारा कौरव-पाण्डव राजकुमारहरू एक-एक विषयमा एकभन्दा एक प्रवीण भएर निस्के ।

एक दिन द्रोणाचार्यलाई आफ्ना शिष्यहरूको परीक्षा लिने इच्छा भयो । उनले एउटा नीलो रङको नक्कली चरा बनाई एक अग्लो वृक्षको हाँगामा झुण्ड्याएर भने, "बाबुहो तिमीहरू यस चरोमाथि बाण लगाउनका निमित्त तयार होओ, म

तिमीहरू हरएक जनालाई बाण छोडेर निशानमा लगाउनु भन्ने आज्ञा दिनेछु । मेरो आज्ञा पाउनासाथ यस चराको शिरमा तिमीहरूले बाण लगाउनु ।" धनुमा बाण चढाई निशाना ताकेर सबै जना तयार भएपछि द्रोणले पहिले युधिष्ठिरलाई बोलाएर भने, "हे वीर ! तिमी पहिले मेरा प्रश्नको उत्तर देऊ, अनि मेरो आज्ञा पाउनासाथ बाण छोड, पहिलो प्रश्न यो हो, तिमी त्यस चरालाई देख्छौ ?" युधिष्ठिरले भने, "देख्दछु ।" दोस्रो सवालमा द्रोणले तिमी यस रूखलाई, मलाई र यहाँ रहेका सकल राजकुमारहरूलाई देख्छौ कि देख्दैनौ भनी सोधे । यो सुनेर युधिष्ठिरले सबैलाई राम्रैसित देखिरहेको छु भनी जवाफ दिए ।

यो उत्तर सुनेर द्रोणले युधिष्ठिरलाई "तिमी यो निशाना मार्न सक्तैनौ यता आऊ" भनेर अखाडाबाट हटाए । यसपछि यस्तै गरेर द्रोणले अर्जुनबाहेक अरू हरएक शिष्यलाई निशानाको सामने खडा गराएर सवाल गरे । परन्तु उनका सवालको प्रत्युत्तर कसैबाट ठीक निस्कन सकेन र उनले सबैलाई हटाए । उनीहरूको जवाफ सुनेर मैले यतिका शिक्षा दिएको केही काम लागेनछ भनी उनलाई ठूलो खेद पनि भयो । उता गुरुले तिरस्कार गरेको सुनेर सारा राजकुमारहरूलाई पनि दुःख लाग्यो । आखिरमा द्रोणले अर्जुनलाई बोलाएर हाँसी हाँसी भने, "बाबु अर्जुन ! हेर तिम्रा दाज्यूभाइहरू कसैले मेरो प्रश्नको उत्तर ठीकठीक दिन सकेनन्, तिमी अवश्य दिन सकौला भन्ने मलाई पूरा विश्वास छ । तिमीले यस निशानालाई मार्नुपर्दछ । लौ निशानाको सामने खडा भएर बाण चढाऊ । अनि मेरा प्रश्नको उत्तर देऊ ।" गुरुको यो आज्ञा पाउनासाथ वीरवर अर्जुन धनुमा बाण चढाउँदै निशानातर्फ एकलक्ष्य गरी खडा भए । अनि द्रोणले अघि गरेका उनै प्रश्न गरे । ती प्रश्नको जवाफमा अर्जुनले भने, "गुरुजी ! मैले निशाना राम्रैसित देखँ, निशानाबाहेक अरू हजुर, यो वृक्ष र यी दाज्यूभाइहरू कसैलाई पनि देख्तिनँ । मेरो दृष्टि त्यस चरोको घाँटीबाहेक अरू कुनै कुरामा छैन ।"

यो सुनेर द्रोण प्रसन्न भए । उनले बाण चलाउने आज्ञा दिनासाथ अर्जुनले चराको शिरच्छेदन गरी भुइँमा गिराइदिए । त्यस दिनदेखि अर्जुनको प्रशंसा झन् झन् बढ्न थाल्यो ।

यसका केही दिनपछि एक दिन द्रोणाचार्य आफ्ना शिष्यवर्गका साथ गङ्गास्नान गर्न भनी गएका थिए । उनलाई गङ्गाजीमा प्रवेश गर्नासाथ हात्ती जत्रो ग्राहले पक्र्यो । त्यस बेला उनले आँटेको भए आफैं पनि त्यस ग्राहको पक्राइबाट छुट्न सक्तथे । परन्तु उनले शिष्यहरूको परीक्षा लिन त्यसो गरेनन् । नकली डर देखाएर

'लौ मलाई ग्राहले पक्र्यो, जलबाट उत्रन सकिनँ, चाँडै उतार' भनी कराउन थाले । उनको त्यस्तो कातर स्वर सुनेर शिष्यहरूको मन पनि घबरायो । उनीहरू अब के गर्ने हो भनी छटपटाउन थाले । परन्तु त्यस अगाध जलमा पसेर अथवा अरू कुनै उपायले उतार्ने साहस र बुद्धि पनि कसैबाट निस्केन । सबै चित्रलिखित जस्ता भएर मुखामुख गरिरहेका थिए । यस्तैमा वीरशिरोमणि अर्जुनले झटपट अगाडि सरी जलभित्र पाँच अमोघ बाण प्रहार गरी ग्राहलाई हटाइदिए । द्रोण सहजै छुटेर उत्रे । यस प्रकारसँग विपत्तिका समयमा पनि धैर्य नछोडीकन विपत्देखि बच्ने उपाय सोच्नामा र जलभित्रको अदृश्य पदार्थमाथि बाण प्रहार गर्नामा समेत अर्जुनको पूर्ण कुशलता देखेर द्रोणलाई अत्यन्त आनन्द भयो । उनले यसै बेला प्रसन्नतासाथ ब्रह्मशिर नामक अमोघ अस्त्र अर्जुनलाई पुरस्कार दिए । त्यस अस्त्रको प्रयोग उपसंहार गर्ने विधि राम्रोसित सिकाएपछि उनले भने, 'बाबु ! यो अमोघ अस्त्र आजतक मैले कसैलाई दिएको थिएन । यो अस्त्र कदापि व्यर्थ जाँदैन । यसलाई कसैले रोक्न पनि सक्तैन । परन्तु यो मनुष्यका उपर नगरे । किनभने मनुष्यका उपर प्रहार गरेर यसको तेज असहनीय भएर निस्कन्छ, त्यस तेजको प्रचण्डताले गर्दा दशै दिशामा अग्निको ज्वाला प्रकट भई दन्कन थाल्दछ । यसै कारण मुनष्यबाहेक अरू कसैले तिम्रा उपर मार्न्ये इच्छाले शस्त्रअस्त्र प्रहार गऱ्यो भने मात्र त्यसका उपर तिमीले यो अस्त्र छोड्नू । यो अस्त्र तिमीबाट छुट्नासाथ तिम्रा शत्रु भस्म हुनेछन् ।' यस प्रकारले अर्जुनलाई दिव्यास्त्रलाभ भएपछि द्रोणसमेत सकल कौरव-पाण्डवहरू राजधानीतिर फर्के । यसै दिनदेखि द्रोणाचार्यलाई मेरो मनोरथ अर्जुनबाट पूर्ण हुनेछ भन्ने निश्चय पनि भयो ।

यति भएपछि द्रोणलाई आफ्नो बुद्धिअनुसार शिष्यहरूले विद्या पढिसके भन्ने निश्चय भयो । उनले शुभ मुहूर्तमा ती सारा शिष्यवृन्दलाई भीष्म, व्यास, विदुर, कृपाचार्य, महाराज धृतराष्ट्र र अरू मन्त्रीवर्गसँग भने, 'महाराज ! राजकुमारहरूको पढाइ समाप्त भयो । यिनीहरूले हरएक प्रकारका शस्त्रास्त्र प्रयोग गर्ने क्रियाहरू सिकिसके । अब आज्ञा भए यिनीहरू आफूले पढेका विद्याको हजुरलाई परिचय दिन तयार छन् ।' यो सुनेर धृतराष्ट्रलाई बहुतै हर्ष भयो । उनले उसै बेला ती राजकुमारहरूको विद्या परिचयका निमित्त रङ्गभूमिको तयारी गर भनी विदुरलाई आज्ञा दिए । भोलिपल्टदेखि राजाको हुकुममुताबिक द्रोणले बताएबमोजिमको रङ्गभूमि बनाउन निमित्त एक विशाल खुला मैदान ठीक गरियो । उसमा लता, वृक्ष, झारपातसम्म पनि केही थिएन । जो भएको पनि काटी, उखेली सफा गरियो । उसको चौतर्फी सिमाना बाँधियो । ठूला-ठूला सिपालु शिल्पीहरूद्वारा

दर्शकमण्डली रहने एक विशाल मण्डप बनाइयो । उसको भित्रपट्टि स्त्रीगणहरू बसेर तमासा हेर्नानिमित्त मण्डपको बाहिरपट्टि अग्ला-अग्ला मचान पालहरू खडा गराए । ती हरएक बस्ने ठाउँमा किसिम किसिमका मेचहरू राखिए ।

यथासमयमा महाराज धृतराष्ट्रको सवारी चल्यो । महारानी कुन्ती, गान्धारी र अरू राजमहिषीहरूसमेत नाना प्रकारका बहुमूल्य वस्त्र भूषणादिले सुसज्जित भई निजनिज स्थानमा गएर विराजमान भए । राजधानीका ब्राह्मण, वैश्य, शूद्र आदि सारा गण्यमान्य र सर्वसाधारण पुरुषहरूको एक समाजै तमासा हेर्नानिमित्त उहाँ जम्मा भयो । चारैतर्फबाट रङ्गभूमि खचाखच भएपछि उनीहरूको कोलाहलले गर्दा मानौं तूफान उठ्न लागेको समुद्र जस्तो भान हुन थाल्यो । परीक्षाको समय निकट भएको देख्नासाथ नाना प्रकारका बाजा बज्न थाले । यसै बेला निजपुत्र अश्वत्थामालाई साथ लिएर द्रोणाचार्यले रङ्गभूमिमा प्रवेश गरे । उनका दाह्री-जुँघा सबै सफेद थिए । पोशाक पनि सफैदै थियो । सर्वाङ्गमा सफेद चन्दन लेपेका थिए । उनको मुखमण्डलबाट ब्रह्मतेज र वीरताको अपूर्व झलक फैलिरहेको थियो । उनले आउनासाथ राजपुरोहितलाई अब मङ्गल कार्यको आरम्भ होओस् भनी आज्ञा दिए । उनको आज्ञाअनुसार मङ्गल कार्य सम्पन्न भएपछि शस्त्रास्त्रहरू भारीका भारी उहाँ ल्याएर राखिए । त्यसपछि सारा राजकुमारहरू आँलामा अङ्गुलित्राण, शरीरमा कवच, धनुर्बाण, हातहतियार इत्यादि जो जो धारण गर्नुपर्दथ्यो धारण गरी ठाँट-बाँटका साथ अखाडामा खडा भए । उनीहरू सबैका अगाडि ज्येष्ठ हुनाले युधिष्ठिर खडा भए । उनीपछि वयोऽनुसार यथाक्रमले श्रेणीबद्ध भएर सबै जना गुरुको आज्ञा पर्खन थाले ।

यथासमयमा आचार्य द्रोणको आज्ञाअनुसार राजकुमारहरूको नकली लडाइँ आरम्भ भयो । उनीहरूले प्रथमतः अनेक प्रकारका अस्त्रहरूको प्रयोग गरेर आफ्ना हातको चातुरी देखाए । त्यसपछि उनीहरूको घोडा, हात्ती रथको सवारीमा रहेर बाणद्वारा लक्ष्यभेदन गर्ने तमासा देखिन थाल्यो । त्यो तमासा समाप्त भएपछि उनीहरू तरबार हातमा लिएर पस्परमा पैदलै पट्टा खेल्न थाले । विशेष गरेर यो तरबारको खेल अत्यन्त रमणीय देखिन्थ्यो । चमचमाकार चहक निकाल्ने तरबारहरू झनझनाहटले दिशा घन्कन्थ्यो । दर्शकवृन्दहरू आश्चर्यसाथ उनीहरूको युद्धकौशल देखेर स्याबास फलाना, स्याबास फलाना भन्दै उनीहरूको प्रशंसा गर्दथे । कोही करतल ध्वनिद्वारा योद्धाहरूको उत्साहलाई द्विगुणा गराउँदथे । बीचबीचमा आचार्य द्रोण पनि उनीहरूको बहादुरीका उपर धन्यवादको वृष्टि गर्दथे । यता यो सब तमासा अन्ध राजा धृतराष्ट्रलाई विदुरले एक एक गरी

22292

सुनाउँथे, गान्धारीलाई कुन्तीले सुनाउँथिन् । यो सुनेर उनीहरू आफ्ना छोरा, भतिजाहरूको प्रशंसा गर्दै आचार्य द्रोणका उपर ठूलो हर्ष प्रकट गर्दथे ।

त्यसपछि गदा युद्ध आरम्भ भयो । यस युद्धमा विशेष गरेर अरूभन्दा दुर्योधन र भीमसेन नै प्रवीण थिए । यसकारण उनै दुई जना हातमा वज्रकठोर गदा लिएर रङ्गभूमिमा खडा भई परस्पर दाउ खोज्दै घुम्न थाले । कहिले गदा उठेका देखिन्छन्, कहिले घुमेका देखिन्छन् । कहिले तलतिर लट्केका देखिन्छन्, कहिले परस्परको ठक्करले घनघोरको कणस्फोटकारी आवाज निस्कन्छ । दर्शकहरू खचाखच भएर अनिमेष दृष्टिले हेरिरहेछन् । कोही स्याबास भीमसेन भनेर भीमको प्रशंसा गर्दैछन्, कोही वाह ! वाह ! दुर्योधन ! भन्दै दुर्योधनलाई उत्तेजित गराउँछन् । हारजित कसैको भएको छैन, परस्परमा लड्दा दुवैको जोश र क्रोध पनि बढ्दै गएको छ । कपटचारी दुर्योधन मौका परेसम्म यसं कृत्रिम युद्धमा नै भीमको इतिश्री गर्ने विचारले दाउ खोजिरहेछन् । यसरी उनीहरूमा धेरै बेरसम्म गदायुद्ध चलिरह्यो । अन्त्यमा आचार्य द्रोणले धेरै बेरको युद्धले यिनीहरूको शरीर शिथिल भयो होला भन्ने विचारले र दुर्योधनको कपटी चेष्टासमेत देखेर युद्ध बन्द गर्ने आज्ञा दिए । उनको आज्ञाअनुसार दुवै जना आफ्नो आफ्नो गदा भुइँमा राखेर रङ्गभूमिबाट हटे ।

यति भएपछि बाजा बन्द गराएर रङ्गस्थलको बीचमा अर्जुनलाई अघि सारी आचार्य द्रोणले सकल दर्शकवृन्दलाई सुनाउँदै भने-

तेजस्वी वीर योद्धा रणनिपुण बडा शूर सर्वास्त्रवेत्ता ।
यी मेरा मुख्य चेला कुरुकुलभरका विक्रमी सिंहजस्ता ॥
सामूमा छन् तयारी खुशिसित सबले वीरदर्पापहारी ।
प्रत्यक्षै हेर्नु होला अनुपम यिनको युद्धचातुर्य भारी ॥

सभ्यमण्डलीलाई यति सुनाएर द्रोणले अर्जुनलाई कार्य आरम्भका निमित्त आज्ञा दिए । गुरुले यसरी प्रशंसापूर्वक अर्जुनलाई अघि सारेको देखेर कुन्तीका आनन्दको सीमा रहेन । अर्जुन पनि गुरुको कृपाले भएको आफ्नो योग्यतामा अतिशय प्रसन्न हुँदै आफ्ना गुणको परिचय दिन थाले । उनले पहिला अग्न्यास्त्रको प्रयोग गरेर आगो दन्काए । त्यसपछि त्यस आगोलाई वारुणास्त्र प्रयोगले शान्त गराए । अनि वायव्यास्त्र प्रयोग गरी प्रचण्ड आँधीबेहरी चलाए । पर्जन्यास्त्रद्वारा आकाशमा बादलको दल उठाइदिए । भौमास्त्रले पृथ्वी छिन्नभिन्न गराए । पर्वतास्त्रले पहाडका पहाड उखाडे । त्यसपछि अन्तर्धान अस्त्रद्वारा ती सबैलाई अलप तुल्याए । यस प्रकारसित नाना अस्त्रहरूको खेल देखाए । अनि उनले

अद्भुत कसरतको चमत्कार देखाउन सुरु गरे । त्यस खेलमा उनको शरीर कहिले एकदम छोटो, कहिले आकाशमा, कहिले जमिनमा, कहिले यस रथमा, कहिले यस घोडाबाट उस घोडामा, कहिले रथभित्र, कहिले रथको गजुरमा, कहिले सवार बस्ने ठाउँमा फूर्तिसाथ कुदेको देखिन्थ्यो । यस प्रकारको कसरतको खेल सकेपछि उनी बाणहनाइको खेल देखाउन थाले । उनले प्रयोग गरेका बाण कहिले फूलको थुँगा टिपेझैं एकदम हलका तवरले लक्ष्यलाई टिपेर लैजान्थ्यो, कहिले सूक्ष्मभन्दा पनि सूक्ष्मतर सियो टिपेझैं गरी एकदम सूक्ष्मरूपले लक्ष्यलाई उडाउँदथ्यो, कहिले मानौं बज्र बजारिएझैं गरी कडाभन्दा पनि कडा चीजलाई छेडेजस्तो गर्दै लक्ष्यभेदन गर्दथ्यो । कहिले लगातार हल्लिरहेको फलामको सुँगुरको मुखमा एकैचोटि पाँच-पाँच बाण प्रहार गरेर भरिदिन्थे । कहिले डोरीमा झुण्ड्याएको बयलका सिङको प्यालभित्र एकैचोटि लगातार एक्काइस बाणसम्म प्रवेश गराउँथे, कहिले आकाशमा उड्दा उड्दैको पतिङ्गरलाई टुक्रा-टुक्रा पारी गिराउँथे, कहिले जमिनमा दौडँदा-दौडँदैको जनावरको ठीक पुर्पुरो ताकेर उसलाई गिराउँदथे, कहिले आँखा चिम्ली-चिम्ली जहाँ भन्यो उहींको लक्ष्यभेदन गर्दथे । यस प्रकारले अद्भुत धनुर्विद्याको परिचय अर्जुनले दिए । त्यसपछि हरतरहको तरबारको खेल, गदाको खेल पनि देखाए । यो सब देखेर धृतराष्ट्र आदि राजकुल र अरू सकल प्रजाहरूको मनमा अर्जुन जत्तिको पुरुषार्थ वीर कहीं रहेनछ भन्ने निश्चय भयो ।

विस्तार-विस्तार सन्ध्याको समय निकट आयो । सभाविसर्जनको घोषणा निस्क्यो । बाजाहरू बन्द भए । दर्शकवृन्दहरू जान भनी उठ्न थाले । यस्तैमा अकस्मात् रङ्गमण्डपको मूल-ढोकामा गोलमाल भए जस्तो सुनिन थाल्यो । त्यसको साथसाथ एक वीर पुरुषले कुम ठोकेको आवाज पनि सुनियो । सारा मानिसहरू उतैतिर हेर्न थाले । पाँच पाण्डवका बीचमा रहेका आचार्य द्रोणको दृष्टि पनि सहसा उतैतर्फ दौडन थाल्यो । मूलढोकामा गएर हेर्छन् ता उहाँ अश्वत्थामा र आफ्ना उनान्सय भाइहरूका साथ गदा हातमा लिएर मानौं एक शिखरवाला पर्वतझैं दुर्योधन खडा रहेका देखिए । उनलाई देख्नासाथ यताउता रहेका मानिसको भीड एकतर्फ हट्न थाल्यो । दुर्योधनका साथ एक दिव्य कवचकुण्डलधारी वीर पुरुष पनि देखिन्थे । ती दुर्योधनका अधिरथ नामका सूतका पुत्र महाबली कर्ण थिए । तिनीहरू एकाएक रङ्गभूमिका बीचमा घुसेर चारैतर्फ दृष्टि फिराउन थाले । उनीहरूका पछिपछि अरू सारा तमासेहरू पनि अब के हुन आँट्यो भनेर परस्पर हल्ला फिजाउँदै उहीं जम्मा भए । भगवान् श्रीकृष्ण पनि उहीं एक ठाउँमा चुपचाप हेरिरहनुभएको थियो । वीर कर्ण अर्जुनका खुद दाज्यू हुन् भन्ने कुरा त्यस दिनसम्म एक कुन्तीसिवाय अरू कसैलाई थाहा थिएन ।

सबैतिरको हल्ला शान्त भएपछि वीर कर्णले सबभन्दा पहिले केही तिरस्कारसाथ श्रीकृष्ण र द्रोणाचार्यलाई प्रणाम गर्दै अर्जुनतर्फ लाल-लाल नजरले हेरेर भने, "अर्जुन, तिमी यो सारा प्रशंसाको पात्र केवल मै एक छु भनेर ठान्दो हौ । परन्तु यो तिम्रो काम कुनै आश्चर्ययोग्य होइन । त्यत्तिको पुरुषार्थ हामी पनि देखाउन सक्तछौं ।" वीर कर्णको यो अभिमानयुक्त वाक्य सुनेर सारालाई आश्चर्य लाग्यो । सबै यस नयाँ घटनाको परिणाम के हुने हो भनेर जान्नानिमित्त उत्सुक हुन थाले । दुर्योधनलाई अर्जुनको प्रशंसा असहनीय थियो । यतिको बेरसम्म उनले सो अर्जुनको प्रशंसा बडो दुःखसाथ सुनिरहेका थिए । उनलाई मनमनै क्रोधाग्निको ज्वालाले तताइरहेको थियो । वीर कर्णको सहायता पाएपछि उनलाई बडो आनन्द लाग्यो । उनी त्यस बेला अर्जुनकै तेजोवध गर्नानिमित्त कर्णका साथ फेरि आएका थिए । अभिमानी कर्णको कटुवाक्य सुनेर अर्जुनलाई साह्रै लाज लाग्यो । उनी क्रोधले पूर्ण भएर थरथर काँप्न थाले ।

त्यसपछि कर्णको फूर्ति देखिन थाल्यो । उनले त्यस रङ्गभूमिमा अर्जुनले जति कार्य गरेका थिए, उति सबै देखाए । यो देखेर दर्शकवृन्दलाई अत्यन्त आश्चर्य लाग्यो । अरू सबै चुपचाप थिए । यस्तैमा एकाएक दुर्योधन उठेर दौडँदै गई कर्णलाई अङ्कमाल गरे । उनले पाण्डवको तेजोवध गर्नानिमित्त कर्णको प्रशंसा पनि हदसम्म गरे । सो सुनेर कर्णले भने, "हे प्रभु, मैले अर्जुनले देखाए जति सारा काम देखाएँ । अब म अर्जुनसँग द्वन्द्व युद्ध गरेर हामी दुईमा को बलवान् रहेछ यो विचार गर्न चाहन्छु ।" कर्णको अभिमानपूर्ण वचन र उनका उपर दुर्योधनले गरेको प्रशंसा सुनेर अर्जुनलाई असाध्य भयो । उनले लाल मोहडा गराएर दुर्योधनलाई सुनाउँदै कर्णलाई भने, "ए सवारको पुत्र, जुन मानिस सभामा नबोलाईकन आउँछ, कसैले केही नसोधीकन बकवाद गर्दछ, त्यस्ता मनुष्यले जान लायकको जुन लोक हो त्यसै लोकमा तिमी मेरा हातबाट मरेर जान चाहन्छौ । यसैले तिमी यहाँ आएर सो बकवाद गर्न लागेका छौ ।" यी सुनेर कर्णले भने, "अर्जुन, यो रङ्गभूमिमा जुनसुकै योद्धालाई आउने अधिकार छ । यहाँ कसैले कसैलाई बोलाइरहनुपर्ने आवश्यक छैन । तिमीलाई पनि यहाँ कसैलाई निकाल्ने र बोलाउने अधिकार छैन । यो कुरा पर रहन देऊ । अब म तिम्रो शिरलाई अलग गरेर नगिराई छोड्दिनँ । यदि सामर्थ्य छ भने अघि सर । अब म व्यर्थ प्रलाप गर्न चाहन्नँ ।"

कर्णका वचनले अर्जुनको क्रोध झन्-झन् बढ्यो । उनी आफ्नो धनुर्बाण सह्माल्दै युद्ध गर्नानिमित्त कर्णका सामने खडा भए । उता कर्णलाई पनि दुर्योधनादिले उत्साहित गरेर युद्धका निमित्त प्रेरणा गर्न थाले । त्यो देखेर सभामा

बसेका मानिसहरूको मन घबराउन थाल्यो । उनीहरू कोही कर्णतर्फ र कोही अर्जुनतर्फ भएर दुई दल बने । द्रोणाचार्य, कृपाचार्य र चार पाण्डवहरू अर्जुनको पक्षमा रहे । दुर्योधन, अश्वत्थामा र धृतराष्ट्रका उनान्सय पुत्र कर्णतर्फ लागे । परन्तु त्यस बेला कुन्ती पनि उही स्त्रीसमाजका बीचमा बसेर तमासा हेरिरहेकी थिइन् । कर्ण र अर्जुन दुवै उनकै पुत्र थिए । आफ्ना दुई पुत्रमा यो गडबड उठेको देखेर उनलाई डर लाग्न थाल्यो । अब यस गडबडको परिणाम कस्तो निस्कने हो ? यस अवस्थामा मैले गर्ने कर्तव्य के हो ? यसै कुरामा उनको मन हडबडाउन थाल्यो । उनी त्यसै उद्वेगमा परेर सहसा सबैले देख्तादेख्तैमा मूर्छित भएर जमिनमा गिरिन् । तर उनको यो भित्री आशय कसैलाई ज्ञात थिएन । कर्ण कुन्तीका पुत्र हुन् भन्ने कुरा पनि त्यस बेलासम्म कतैबाट खुलेको थिएन । कुन्ती सहसा मूर्छित भएको देखेर अब यहाँ अनर्थ नभई छोड्न आँटेन भन्ने विचार गरी बुद्धिमान् कृपाचार्यले दुवै जनालाई रोक्ने चेष्टा गरे । उनले कर्णलाई भने, "वसुसेन, जसको कुल शील अज्ञात छ, उसका साथ राजकुमारहरूले युद्ध गर्दैनन् । यो रणनीतिको एक नियमै छ । तिमी दुर्योधनका सारथिका पुत्र हौ । यो सबैले जानेका छन् । अब तिमी नै भन, खुद सारथिको पुत्रसँगै राजकुमारले युद्ध गर्नु उचित हो कि होइन ? यसकारण हे महाबाहु, तिमी पहिले आफ्ना माता-पिताको नाम भन, आफ्नो कुलको बयान गर । तिमी कुन राजवंशमा पैदा भएका रहेछौ, त्यो कुरा थाहा भएपछि अर्जुन तिमीसित युद्ध गर्न अघि सर्नेछन् ।"

आचार्य कृपको युक्तिसङ्गत कुरा सुनेर कर्णलाई शरम लाग्यो । माता-पिताको नाम उनलाई पत्तै थिएन । उनी के गरुन् ? उँधो शिर गरेर चुप लागे । परन्तु दुर्योधनलाई असह्य भयो । उनी बिलकुल यिनै कर्णको आधारमा पाण्डवसँग यस्तो द्वेषभाव लिएर आएका थिए । फेरि कर्ण आफ्ना शरणागत हुनाले उनको अपमान पनि दुर्योधनलाई असह्य नै थियो । यसैले सहसा उनी कृपाचार्यलाई सम्बोधन गरेर भन्न थाले-

पृथ्वी छन् वीरभोग्या गुरुजि ! अरू यहाँ जाति पाँति कुलादि
केही चाहिन्न खालि भुजयुगलमहाँ शक्ति चाहिन्छ ज्यादी ।
त्यैद्वारा वीर्यशाली जन निजभुजको ख्याति सम्पन्न गर्छ
पृथ्वीको चक्रवर्ती हुन पनि सहसा योग्य सोही ठहर्छ ॥

गुरुजी ! यदि राजा नभई यिनीसँग युद्ध गर्न हुँदैन भने लौ अहिल्यै अङ्गदेशको राज्य दिएर यिनलाई राजा बनाइदिन्छु ।"

यति भनेर उत्तिखेरै ब्राह्मणहरू बोलाई विधिपूर्वक राज्य सिंहासनमा राखेर दुर्योधनले कर्णलाई अङ्गदेशको राज्यमा अभिषेक गरे । यसले कर्णको जो अपमान भएको थियो, त्यसबाट मूर्तरूपले रक्षा भयो । उनको मानमर्यादा दुर्योधनले पूरा गराए । यसरी राजमुकुट पहिरेपछि कर्णले दुर्योधनसँग भने, 'महाराज हजुरले मलाई राजा बनाइबक्सियो । यस उपकारको बदला मबाट हुन असम्भव छ । तथापि आफ्नो शक्तिले पुगेसम्म आजन्म म हजुरको आज्ञाकारी बनेर रहुँला ।' दुर्योधनले भने, 'अब म तपाईंसँग सदाकालका निमित्त मित्रता राख्नेछु । तपाईं मलाई आफ्नो पूर्ण सखा सम्झनुहोला ।' कर्णले भने, 'हुकुम शिरोपर छ । मैले यस कुरामा प्रतिज्ञा गरँ । जहाँसम्म मेरो शरीरमा प्राण रहला त्यहाँसम्मं क्षणभरका निमित्त पनि म यो आफ्नो प्रतिज्ञालाई भुल्ने छैन ।'

रङ्गमण्डपमा यस्तै भइरहेको थियो । त्यही अवसरमा आफ्ना पुत्र वसुसेन (कर्ण) को अर्जुनका साथ खडबड हुन लागेको छ भन्ने खबर पाएर सारथि अधिरथ सहसा उहीं आइपुगे । बाटामा हडबडसाथ आएकोले उनको शरीर त्यस बेला पसिनाले लथपथ भइरहेको थियो । ओढेको दुपट्टा पनि एकातिर खुस्केको देखिन्थ्यो । उनी सहसा रङ्गमण्डपमा प्रवेश गरेको देखेर उनको मानमर्यादा राख्नका निमित्त झटपट धनु भुइँमा राखी कर्णले उनलाई प्रणाम गरे । उनले भर्खर राजमुकुट पहिरेर अभिषेकजलले आर्द्र भएको कर्णको शरीर देख्ता हर्षका आँसु बहाउँदै बारम्बार 'पुत्र !' भनी प्रेम प्रकट गरे । उनीहरू पिता-पुत्रको यो व्यवहार सबैले हेरिरहेका थिए । यस्तैमा झटपट भीमसेनले कर्णको अगाडि गएर भने, 'अहो ! आश्चर्य ! राधेय, अब पनि तिमीले क्षत्रियकुमार अर्जुनसँग स्पर्धा गर्नु उचित होला ? छिः ! तिमीले राम्रोसित लगाम पक्रेर रथ हाँक्न पो सिक्नु योग्य छ यही तिम्रो उचित कुलधर्म हो । बिरालाले सिंहको अनुकरण गरेको कत्ति सुहाउँदैन । कुकुर जस्तो यज्ञको हविष्यान्न खान योग्य छैन, त्यस्तै तिमी पनि अङ्गदेशको राजा बन्न योग्य रहेनछौ । बरु जाऊ, तिम्रो कुलाचारमा चलिआएको रथको रासमा बस, यही तिम्रो निमित्त उचित छ ।'

भीमसेनको यस्तो कठोर अशिष्ट व्यवहार देखेर कर्णको कलेजा जल्न थाल्यो । उनी क्रोधान्ध भएर ओठ फरफराउन थाले । परन्तु त्यस बेला गरुन् के ? कठिनसाथ क्रोधलाई सम्हालेर चुप लागे । फेरि त्यस बेला सन्ध्यासमय पनि हुन लागेको थियो । सबै जना सभाविसर्जनका निमित्त उत्सुक देखिन्थे । परन्तु अभिमानी भ्रातृद्रोही दुर्योधनलाई कर्णका उपर भीमसेनको कटुवाक्य साह्रै नै मनमा खट्क्यो । उनले जुरुक्क आसनबाट उठेर भीमसँग भने, 'ए वृकोदर,

यस्तो शिष्टाचार विरुद्ध वचन गर्नु कदापि हुँदैनथ्यो । क्षत्रियहरूमा बलैको ज्यादा गौरव रहन्छ । जो आफ्नो भुजबलले सारा पृथ्वीलाई जित्न योग्य छ, त्यसका निमित्त अङ्गदेशको राज्य के चीज हो ? यी वसुसेन दिव्य कवच-कुण्डलसहित जन्मेका पुरुष हुन् । यसैबाट यिनको जन्म कुनै असाधारण कुलमा नै भएको हुनुपर्दछ । जो भयो भइगयो, अब यिनले अङ्गदेशको राज्य पाएको जसलाई द्वेष छ त्यो मेरो अगाडि सरोस् । म त्यससँग युद्ध गर्न तयार छु ।" दुर्योधनको यस कुरालाई उनको पक्षका सारा मनुष्यहरूले समर्थन गरी उनलाई धन्यवाद दिए । यत्तिकैमा श्री सूर्यनारायणले पनि "आजलाई यो गडबड बन्द होओस्" भन्ने आशयले हो कि भनेझैं अस्तञ्चलको शिखरबाट ओर्लनुभयो । रङ्गभूमिको सभा विसर्जन गरी दुर्योधन पनि कर्णलाई अङ्कमाल गर्दै आफ्नो दरबारतिर प्रस्थित भए । उनलाई अर्जुनसँग जोडतोड गर्न सक्ने महाबली कर्णसँग मित्रता भएकाले परम आनन्द भयो । यता बुद्धिमान् युधिष्ठिरले कर्णलाई बेस योद्धा ठहऱ्याएका थिए । यसकारण उनी दुर्योधनतर्फ भएको देख्ता युधिष्ठिरको मनमा केही धसरा पऱ्यो । उनी अब भविष्यमा के के हुने हो ? भन्ने विचार गर्दै भाइहरूका साथ आफ्नो भवनतिर प्रस्थित भए ।

यसपछि एक दिन शिष्यहरू सबै विद्यामा प्रवीण भएको देखेर द्रोणाचार्यलाई गुरुदक्षिणा लिने इच्छा भयो । उनले सबैलाई बोलाएर भने, "बाबुहो, अघि मेरो र राजा द्रुपदको ठूलो मित्रता थियो । त्यस अवस्थामा उनले मलाई 'म राजा भएपछि तिमीलाई आधा राज्य दिउँला' भन्ने प्रतिज्ञा गरेका थिए । पछि उनी राजा भएपछि मैले उनीकहाँ गएर सो प्रतिज्ञा स्मरण गराएँ । परन्तु राजमदले मस्त भएको हुँदा उनले मेरो साह्रै तिरस्कार गरेका थिए । आज म सोही तिरस्कारको बदला उनीसँग लिन चाहन्छु । यसकारण तिमीहरू गएर सङ्ग्राममा जिती राजा द्रुपदलाई कैद गरेर मकहाँ ल्याइदेओ । त्यसलाई म ठूलो गुरुदक्षिणा सम्झने छु ।" गुरुको आज्ञा पाएर सारा कौरव-पाण्डव राजकुमारहरू शस्त्रास्त्रले सज्जित भई भारी सैन्यका साथ पाञ्चालदेशतिर हिंडे । उनीहरूमा सबैभन्दा अगाडि कर्णलाई साथ लिएर दुर्योधन हिंडेका थिए । उनी सबैभन्दा अगाडि गएर "द्रुपदलाई जिती गुरुदक्षिणाको पहिला प्रसादभागी बनूँ भनी चाहन्थे । उनको त्यो अभिलाषा चाल पाएर पाण्डवहरू गुरुको सम्मतिअनुसार केही पछि नै रहे । उता राजा द्रुपद पनि "कौरवसैन्य आफ्नाउपर आक्रमण गर्न आएको छ" भन्ने सुनेर सैन्यका साथ राजधानीबाट बाहिर आई तयार भइरहेका थिए ।

दुईतर्फको सेना सामने पर्नासाथ घनघोर युद्ध हुन थाल्यो । द्रुपदराजका सैन्यहरूमा प्रायः धेरै जति मुशलधारी नै थिए । तिनीहरूले मोहडामा होमिन

गएका दुर्योधन र उनका भाइहरूको एक प्रकारले दुर्दशा नै गराएर छोडे । राजा द्रुपदका सामने उनीहरूको अड्ने सामर्थ्य रहेन । उनीहरू "अब के गर्ने हो" भनी व्याकुल भइरहेका थिए । त्यस्तैमा सहसा वीरवर भीमसेन गदा घुमाउँदै रणभूमिमा उपस्थित भए । उनका साथ अरू चार भाइ पनि थिए । भीमसेनले गदा प्रहार गरेर द्रुपदका कैयौं हात्ती, घोडा, रथ र वीरहरूलाई समेत सोतर तुल्याए । त्यसपछि धनुर्धारीमाका धुरन्धर अर्जुन अघि सरेर बाणको वृष्टि गर्न थाले । उनका बाणको चोट त्यस दिनसम्म कसैले पनि खाएको थिएन । जता हेऱ्यो उतै बाणै बाणको वर्षा मात्र देखिन्थ्यो । त्यस बाणवृष्टिले गर्दा द्रुपदका सैन्यहरू क्षणभरमा तितर-वितर भएर यताउता लागे । कैयौंले यमपुरीको बाटो पनि तताए । द्रुपदका मुख्य-मुख्य सेनापतिहरूमा पनि कैयौंको लास रणभूमिको रक्तनदीमा पौडन लागेको देखियो । एवम् रीतसँग अर्जुनले सारालाई हटाएर राजा द्रुपदको रथको ध्वजा गिराए । त्यसपछि पाँच बाण प्रहार गरेर द्रुपदको धनुलाई दुई टुक्रा गराउँदै उनको रथ, घोडा, सारथिसमेतलाई चूर्ण गराइदिए । त्यसले गर्दा द्रुपदको तेजै मन्द हुन थाल्यो । तैपनि जित्नाको चेष्टा गर्दै थिए, यस्तैमा सहसा धनुर्बाण राखेर तरबार हातमा लिई रथबाट ओर्लेर अर्जुनले उनको रथभित्रै पुग्ने गरी उफ्री उनलाई पक्रिहाले । उनी कैद भएको देखेर अरू कौरवहरू पनि सुरिँदै पाञ्चालदेशमाथि हमला गर्न थालेका थिए । परन्तु उनीहरूलाई रोकेर अर्जुनले भने, "भाइहो, हाम्रो प्रयोजन जति थियो सो सिद्ध भयो । मैले राजा द्रुपदलाई कैद गरें । अब व्यर्थ उनको सैन्यमा रक्तपात गराउनु बढिया छैन । फेरि राजा द्रुपद हाम्रा नजिकैका नातादार पुरुष हुनुहुन्छ । उहाँको धेरै नोक्सान गराउनु पनि मनासीब छैन । उहाँका सैन्यले हाम्रो अपराध पनि केही नगरेकाले त्यसलाई व्यर्थ मार्नु पनि न्यायविरुद्ध हुन्छ । अतएव अब सबैले विश्राम लिनु उचित छ ।"

अर्जुनका यी वाक्यले सबैको चित्त बुझ्यो । सबै शस्त्रास्त्रहरू थन्काएर चुपचाप खडा भए । अन्त्यमा अर्जुनले राजा द्रुपदलाई आचार्य द्रोणको घरमा ल्याएर, "गुरुजी, गुरुदक्षिणा प्रस्तुत छ" भनी चढाए । राजा द्रुपदको घमण्ड चूर्ण भयो । उनी आफूबाट भएको अघिको तिरस्कार सम्झी लज्जावनत मुख लिई चुपचाप द्रोणको अगाडि खडा भए । उनको त्यो अवस्था देखेर द्रोणले भने, "राजन् ! मेरै आज्ञाले तपाईंको राजधानी आज बरबाद गरिएको हो । अब तपाईलाई केही भन्ने इच्छा छ भने भन्नुहोस्, म त्यस कुरालाई पूर्ण गरिदिन्छु किनभने तपाई मेरो बालसखा हुनुहुन्छ । त्यही नाताले गर्दा तपाईको मुहार देखेर मलाई माया लाग्दछ ।"

आचार्य द्रोणको कुरा सुनेर द्रुपद जिउँदै मरे जस्ता भए । उनको मुखबाट एक वचनसम्म पनि निस्कन सकेन । उनको हृदय आफैँआफ छियाछिया हुन थाल्यो । उनी चुपचाप जमिनतिर हेर्न थाले । केही बेरपछि उनलाई त्यसरी व्याकुल भएको देखेर द्रोणले फेरि भने, 'राजन् ! नडराउनुहोस् । म तपाईंको प्राण लिन चाहन्नँ । ब्राह्मणको जात स्वभावैले कोमल हुन्छ । ब्राह्मण वृत्तिको क्षमाशील मनुष्य अरूअरू जातिमा पाउनु कठिन छ । अर्को कुरा के भने तपाईं र मैले अघि बाल्यावस्थामा एकै गुरुसँग पढेका र एकै ठाउँमा खेलेका हौं । यसले तपाईंका उपरको प्रेम मैले अझसम्म बिर्सन सकेको छैन । अघि यही प्रेमलाई सम्झेर तपाईंलाई पैतृक राज्य प्राप्ति भएको समयमा पूर्वप्रतिज्ञाको कुरा स्मरण गराएथें । उस बेला तपाईंले मेरो साह्रै तिरस्कार गर्नुभयो । आज त्यस तिरस्कारको बदला मैले तपाईंसितबाट पाएँ । अब मबाट तपाईंको अनिष्ट कत्ति पनि हुनेछैन । यो कुरा तपाईं सत्य सम्झनुहोला । तपाईं अघि जस्तो मित्र हुनुहुन्थ्यो अब उप्रान्तलाई पनि उस्तै रहनुहुनेछ । अब त चाहन्छु, आजसम्म तपाईंको र मेरो जो अवस्थाभेद छ अर्थात् तपाईं राजा हुनुहुन्छ म एक साधारण भिक्षुक ब्राह्मण छु, अब यो अवस्थाभेद मेटिदिनुपर्दछ । सो मेट्नाका निमित्त म पूर्वप्रतिज्ञाअनुसार तपाईंको आधा राज्य लिएर तपाईंलाई छोडिदिन्छु । त्यति भएपछि तपाईं पनि राजा, म पनि राजा, हाम्रो अवस्थाभेद दूर हुनेछ । तपाईं र म पूर्ववत् मित्र भइरहनेछौं ।' यति भनेर द्रोणले द्रुपदको आधा राज्य लिई अहिच्छत्र नामक नगरलाई आफ्नो राजधानी तुल्याएर उनलाई छोडिदिए । राजा द्रुपद चुपचाप यो कुरालाई अङ्गीकार गरी आफ्नो राजधानीतिर फर्के ।

राजा द्रुपदलाई ब्राह्मणको तिरस्कार गरेको फल मिल्यो । परन्तु उनको मनमा यस कुराले ठूलो आघात परिरहेकै थियो । उनी द्रोणसँग यसको बदला लिने उपाय खोजिरहेका थिए । धेरै दिनपछि उनी द्रोणको वधका निमित्त राम्रै उद्योग गर्न थाले । तर उनबाट के हुन सक्थ्यो ? द्रोणको पुरुषार्थका अगाडि उनको पुरुषार्थ तृणसमान पनि थिएन । उनको सारा प्रयत्न अघि नै कौरव-पाण्डव राजकुमारहरूसँगको युद्धमा व्यर्थ गइसकेको थियो । यसकारण उनी निरुपाय भएर अन्त्यमा छिपीकन अरण्यवासी मुनिहरूको आश्रममा गई द्रोणवधको उपाय खोज्न थाले । तर उनलाई सो उपाय कसैले बताउन सकेन । निदानमा उनलाई द्रोणवधकारी पुत्र पैदा गराउना निमित्त याज र उपयाजनामक दुई जना महर्षिहरू पुत्रेष्टि गराउन तत्पर भए । सो यज्ञबाट प्रसन्न भएका अग्निदेवका प्रसादले उनलाई धृष्टद्युम्न नामक एक पुत्र र कृष्णा नामकी एक कन्या प्राप्त

भइन् । कालान्तरमा यिनै धृष्टद्युम्नबाट द्रोणको वध हुनेछ, कृष्णा नामकी जो कन्या थिइन् ती पाण्डवमहिषी हुनेछन् । यसैबीचमा अघि भीष्मको वधका निमित्त सजीव चिताधिरोहण गरेकी काशीराजकी कन्या अम्बाले पनि यसै यज्ञबाट पुनर्जन्म लिइन् । यिनको नाम शिखण्डिनी रह्यो । पछि तिनी एक यक्षको वरप्रसादले शिखण्डी नामका पुरुष भए । तिनैबाट भीष्मको वध हुनेछ ।

यता सारा कौरव-पाण्डवहरूलाई शस्त्रास्त्र-विद्यामा एकसेएक निपुण गराएपछि आचार्य द्रोण महाराज धृतराष्ट्रसँग बिदा भए । जाने बेलामा उनले आफ्ना प्रिय शिष्य अर्जुनलाई सिकाउन बाँकी भएका अस्त्रग्रामहरूको शिक्षा पनि दिए । त्यसपछि उनी उत्तर पाञ्चालको राजधानी अहिच्छत्र नगरमा गएर आनन्दपूर्वक राजकाज चलाई बस्न थाले । उता कौरव- पाण्डव राजकुमारहरू पनि नाना प्रकारको सुखभोग गरी बस्न लागे । परन्तु जुनसुकै कुलमा पनि एकभन्दा अर्को उत्कृष्ट भएर निस्क्यो भने त्यसको उपर अरू अपकृष्ट व्यक्तिहरूको ईर्ष्या हुन थाल्दछ । यो प्रायः देखिएकै कुरा हो । महाराज पाण्डुका पुत्रहरूको हरएक कुरामा आफ्ना पुत्रहरूको भन्दा अधिक उत्कर्ष देखेर धृतराष्ट्र र उनका दुर्योधनादि सबै पुत्रहरूमा क्रमशः ईर्ष्याको मात्राले बलियो जरा हाल्न थाल्यो । फेरि उनीहरू आफूले पाण्डवका उपर विषका लड्डू दिनु आदि अनेक अपराध गरी चिढ्याएका हुनाले 'कृताऽपराध; स्वयमेव शंकते' भनेझैं डराउन पनि लागे । उनीहरूका मनमा 'पाण्डवहरूले हामीलाई मौका परेका बेलामा बाँकी राख्ने छैनन्, भरसक हालसाल नै उनीहरूको कुनै प्रकारले ठेगाना लगाउन पाए हुँदो हो' भन्ने विचार उठ्न थाल्यो । यसैले उनीहरू त्यति ठूलो राजसी सोखमा पनि अहोरात्र बेचैनीसाथ दिन बिताउन थाले ।

पाण्डवहरू अत्यन्त बुद्धिमान् थिए । यसकारण उनीहरूदेखि प्रजागण पनि सारा खुशी थिए । यसैले प्रजाहरू आफुसमा भन्दथे, 'राजा धृतराष्ट्रले पाण्डवहरूलाई राज्यभार नसुम्पेर आजसम्म बूढो भएर पनि आफैं चलाइरहेछन् । यो हस्तिानापुरको राज्य पाण्डुको हो । उनी परलोकवासी भएकाले मात्र अन्ध भए तापनि धृतराष्ट्रले पाएका हुन् । आजसम्म पनि सिंहासन नछोड्नु यो उनको अन्याय हो । यसमा केही भेद अवश्य हुनुपर्दछ । यो राज्य उनले अवश्य आफ्ना पुत्र दुर्योधनका हातमा पार्ने चेष्टा गरेका हुन् । पाण्डवहरू सर्वगुणसम्पन्न र निर्दोष छन् । उनीहरूले आफ्ना पिता पाण्डु र यी वृद्ध राजा धृतराष्ट्रमा अलिकति पनि फरक देखेका छैनन् । तनमन साराले उनीहरू उनको सेवामा प्रस्तुत छन् । यस्ता यस्ता सुयोग्य र आफ्ना परमभक्त भतिजाहरूका उपर उनले यो अत्याचार गर्नु बहुतै अनुचित हो ।'

वास्तवमा प्रजाहरूको विचार सत्य नै थियो । वृद्ध राजा धृतराष्ट्र पाण्डवहरूको यस कुरामा उत्कर्ष र प्रजाहरूले पनि प्रायः उनीहरूकै पक्ष ग्रहण गर्न लागेको देखेर मनमनै अधीर हुन लागेका थिए । एक दिन उनले मनको विचारलाई रोक्न नसकेर आफ्ना प्यारा मन्त्री कणिक नामक ब्राह्मणलाई एकान्तमा बोलाई भने, 'द्विजश्रेष्ठ ! मलाई आफ्ना पुत्रहरूको राज्यप्राप्तिमा बहुतै सन्देह हुन लागिरहेछ, फेरि के उपाय गर्नाले मेरा पुत्रहरू यो राज्य पाउन सक्तछन् ? यो पनि मलाई सुझ्दैन । तपाईं सुयोग्य राजनीतिज्ञ पुरुष हुनुहुन्छ । तपाईं खूब विचार गरेर भन्नुहोस् । म राजधर्मको अनुसार पाण्डवहरूसँग कुन किसिमको व्यवहार गरूँ ? कस्तो व्यवहार गर्नाले मेरा पुत्रहरूलाई पाण्डवदेखिको भय दूर हुन्छ ?' वृद्ध राजाको यो कुरा सुनेर मन्त्री कणिकले भने, 'महाराज ! पाण्डवहरू हजुरका पुत्रहरूका साँच्चिकै सहज शत्रु हुन् । तिनीहरूदेखि हरएक कुरामा डर मान्नैपर्दछ । यो डर बिना तिनीहरूको उन्मूलन नगरी दूर हुन सक्तैन । यसभन्दा अर्को उपाय नै केही छैन । शत्रुहरूलाई बुद्धिमान् पुरुषले कदापि उपेक्षा गरेर छोड्नु हुँदैन । शत्रुलाई अशक्त कमजोर सम्झेर उपेक्षा गरिदिनाले पछि पश्चात्ताप हुन जान्छ । यसकारण शत्रुहरूलाई अशक्त र कमजोर भएको मौका पाउनासाथ फेरि उठ्न नसक्ने तुल्याएर छोडिदिनुपर्दछ । राजनीतिको नियमै यही हो, यही नियमलाई ध्यानमा राखेर हजुर अहिले पाण्डवहरूका उपर आफ्नो पनि कल्याण हुने उनीहरू पनि राम्रैसित भित्ता लाग्ने यस्तो कुनै चालबाजी खडा गरिबक्सियोस् । यसमा हजुरको राजकुमारहरूको पनि सम्मति लिनु उचित छ ।'

महाराज धृतराष्ट्रलाई कणिकले कुनै राम्रो उपाय बताउलान् भन्ने आशा थियो । परन्तु उनले यस्तो कूटनीतिको खेल देखाए । यस खेलमा सामेल हुन सहसा महाराजको चित्त मान्दैनथ्यो- आफ्ना परमभक्त भतिजाहरूका उपर सहसा यस्तो चालबाजी खेल्नु उनले उचित सम्झेनन् । उनको पाण्डवहरूका प्रति ममता पनि विशेष थियो । किनभने उनीहरू सदा धर्मपरायण थिए । आफ्ना उपर दुर्योधनादिले कस्तो कस्तो कुव्यवहार गरे त्यो एक अक्षरसम्म पनि उनीहरूको मुखबाट निस्केको थिएन । यसकारण उनीहरूको नाशका उपर मन्त्रीले दिएको सम्मति उनलाई ठीक लागेन । परन्तु लोभ र पुत्रवात्सल्य बहुतै बलवान् हुन्छ । आफ्ना पुत्रहरूको भविष्य सम्झेर धृतराष्ट्रको मनमा दुःख भने अवश्य भइरहेकै थियो । उनी यही विचारमा कैयौं दिनतक चक्कर मारिरहेकै थिए । तर उनका पुत्रहरू भने सदा पाण्डवहरूको उच्छेदमा कटिबद्ध भई अनेक किसिमको षड्यन्त्र रच्ने चेष्टा गर्दथे । पाण्डवहरूको चालढाल, अर्जुनको अद्भुत पराक्रम इत्यादि सबै कुरा दुर्योधनका कलेजाको घाउ थियो । उनी त्यही घाउको मल्हमपट्टीका

निमित्त एक दिन एकान्त समयमा पिता धृतराष्ट्रसँग गएर भन्न थाले, "पिताजी ! नगरवासीहरू हजुरको र पितामह भीष्मको समेत तिरस्कार गरी युधिष्ठिरलाई हस्तिनापुरको राज्य दिलाउने चेष्टा गर्दारहेछन् । भित्र भित्रबाट यस कुरामा पितामहको पनि सम्मति भएको जस्तो बुझ्दछु । यसले मलाई बडो दुःख हुन लागिरहेछ । अघि हजुर पनि ज्येष्ठ भ्राता छँदाछँदैमा हजुरलाई छोडी कान्छा वितृव्य पाण्डुलाई सबैले यो राज्य दिलाए । पछि हाम्रो भाग्यले उहाँको देहान्त भए उप्रान्त फेरि यो राज्य हजुरको हातमा पर्न आएको हो । अब हजुरबाट गुमाइबक्सियो भने हामी पुत्रहरूका उपर हजुरबाट शत्रुले नगर्ने व्यवहार गरे जस्तै हुनेछ । अहिले युधिष्ठिरलाई यो राज्य मिल्यो भने उनका शेषपछि उनैका वंशजहरू यस राज्यका अधिकारी बन्नेछन् । हामीले सदाका निमित्त यस राज्यबाट हात धोएर पाण्डवको नोकर बनी बस्नुपर्नेछ । यसकारण अब हजुरले चुपचाप रहनु मलाई उचित जस्तो लाग्दैन ।"

मन्त्री कणिकको उपदेश र पुत्र दुर्योधनको यस्तो दुःखपूर्ण वचन सुनेर वृद्ध राजा धृतराष्ट्रको धैर्य डगमगाउन थाल्यो । परन्तु अन्याय र अधर्मको विचारले उनलाई अवाक् पनि तुल्यायो । उनी न यसो न उसो भई त्यसै चुपचाप शान्त रहन लागे । तर दुर्योधनको मनले सो आफ्ना पिताको शान्त भावलाई कुनै तरहबाट सहन गर्न सकेन । उनी एक दिन होइन, दुई दिन होइन, बराबर प्रतिदिन गएर पितालाई पिरोल्न थाले । उनको त्यो चाल देखेर धृतराष्ट्रले भने, "बाबु ! हेर, मेरा भाइ पाण्डु बहुतै धर्मात्मा थिए । राज्य पाएपछि पनि कुनै कुरा मेरो सम्मतिविना उनी गर्दैनथे । हाल उनका पुत्र युधिष्ठिर पनि उत्तिकै मेरा आज्ञाकारी छन् । उनका भाइहरूले पनि मेरो अनिष्ट र मेरो दुर्यश गरेको आजतक सुनिएको छैन, उनीहरू पनि मेरा भक्तिपूर्वक सेवा गर्दैछन् । फेरि अहिले हाम्राभन्दा सहायक पनि उनीहरूकै अधिक भएका देखिन लागिरहेछन् । बल पुरुषार्थमा पनि उनीहरू कुनै भाइ कम छैनन् । यस्तो अवस्थामा धर्माधर्मको विचारलाई त्यागेर पनि मैले उनीहरूलाई बलपूर्वक राज्यबाट बहिष्कार गरँ भने प्रजाहरू नै बागी बनेर हाम्रा उपर आइपुग्ने सम्भव छ । अर्को कुरा के भने तिमीले बारम्बार मसित आएर भन्दा कुनै-कुनै समयमा मेरो विचार पनि उल्टिन्थ्यो । परन्तु म यस्तो अन्यायलाई बडो जघन्य पापकर्म सम्झेर आफैंआफ रोकिन्थें । यो कुरा पनि परै रहोस्, अहिले पाण्डवलाई राज्यबाट वञ्चित गराएर कतै पठाऊँ भने आचार्य द्रोण, आचार्य कृप, विदुरहरू पनि त्यसमा सल्लाह दिनेछैनन् ।" यति भनेर राजा धृतराष्ट्र चुप लागे ।

दुर्योधनले फेरि भने, "पिताजी ! हजुरबाट आज्ञा भएको कुरा मनासिब हो । परन्तु प्रजाको विषयमा हजुरबाट जो उनीहरू पाण्डवप्रति अनुरक्त छन् भन्ने आज्ञा भयो त्यसलाई उल्टाउने उपाय सजिलै छ । हामी प्रजाहरूलाई यथेष्ट धन-धान्यादिले सन्तुष्ट गराऔंला; त्यसो भएपछि उनीहरू आफैंआफ हामीमा अनुरक्त हुनेछन् । फेरि पाण्डवहरूको अनिष्ट पनि म केही चाहन्न । उनीहरू सदा सुखी रहून् भन्ने मेरो पनि इच्छा छ । जे भए पनि हाल केही दिनका निमित्त उनीहरूलाई हजुर वारणावत शहरमा पठाइबक्सियोस् । यस बेला सारा राजकोष सम्पूर्ण मन्त्रिमण्डल हाम्रै हातमा छ । यही बीचमा हामीले कुनै त्यस्तो चालबाजी खेलेर प्रजालाई आफ्नो वशमा तुल्याई राज्य हस्तगत गर्नु उचित छ । पितामह भीष्म पाण्डव र हामीलाई उत्तिकै प्यारो गर्नुहुन्छ । हामी दुवै पक्षका तर्फ उहाँको एकनास प्रीति छ । अश्वत्थामा हाम्रा पक्षमा छन् । यसकारण आचार्य द्रोण र कृपले पनि लाचारीसाथ हाम्रै पक्ष ग्रहण नगरी हुनेछैन । बाँकी रहनुभयो एक काका विदुर, उहाँ पनि हामीले दिएको जागिर र धनको पाशमा बाँधिनुभएकै छ । यद्यपि यहाँ भित्रभित्रबाट पाण्डवहरूको पक्ष ग्रहण गर्नुहुन्छ भन्ने सुनिन्छ तापनि उहाँ एक जना बेग्लै भएर हाम्रो केही अड्काउ हुँदैन । यसकारण हजुरले धेरै शङ्का गर्नु उचित छैन । पाण्डवहरूको उत्कर्ष हामीलाई रात नीद न दिन भोक गराइरहेछ । अतएव अब हामीलाई धेरै दिन यस शोकाग्निको आँचमा नपिल्स्याइबक्सियोस् ।"

दुर्योधनको कुरा सुनेर धृतराष्ट्रको विचार केही शिथिल हुँदै आयो । पाण्डवहरूलाई राजनीतिअनुसार कतैबाट अपयश नआउने गरी युक्तिपूर्वक पन्छाएर राज्य हस्तगत गर्न सक्तछन् भने बेसै भयो, राम्रै विचार हो । यसमा दुर्योधनलाई केही दोष छैन । परन्तु उसको यस कार्यमा बुद्धि पुग्न सकोइन कि भन्ने इत्यादि विचार गरी उनी चुप लागे । यति भएपछि दुर्योधनको तर्फबाट एक भारी षड्यन्त्र रचिन थाल्यो । उनी मुक्तहस्त भएर धनधान्यले प्रजाहरूलाई हात लिन लागे । अन्त्यमा उनले एक आफ्नो परम विश्वासी सिपालु पुरोचन नामक कारीगरलाई गुप्त तवरबाट यथेष्ट धन दिएर वारणावत नगरमा लाहा, सुन, साल, बाँस, खर आदि आगो लाग्नासाथ बल्ने किसिमका चीजहरूको एक रमणीय लाक्षागृह (लाहाको महल) बनाउन पठाए । त्यसले उहाँ गएर सिपालु शिल्पीहरूद्वारा त्यस्तै महल तयार गराई त्यसको भित्तामा तेल, लाहा, बोसो र अरू त्यस्तै स्फोटक पदार्थहरू मिलेको लिउन लगाएर देख्तैमा पनि बसिरहुँ भने जस्तो तुल्यायो । त्यसपछि त्यस महलको चारैतर्फ खावा खनेर त्यसमा बारुद, गन्धक इत्यादि

स्फोटक पदार्थहरूले भरेर माथिबाट त्यस्तै स्फोटक पदार्थ मिलेको माटो लेपन गरी कसैलाई शङ्कासम्म नहुने गरायो । त्यति गरेपछि त्यस कारीगरले सो खबर दुर्योधनलाई आएर बतायो । त्यसलाई फेरि दुर्योधनले भने, "त्यस महलमा नाना प्रकारको सुखसामग्री जम्मा गरी पाण्डवहरू उहाँ पुगेपछि उनीहरूको चित्त प्रसन्न हुने तवरसँग सेवा गरेर केही दिनतक त्यहीं बस्ने गराउनू । जब उनीहरू आनन्दसाथ त्यहाँ बस्तछन् अनि खूब मौका पारेर आधारातको बीचमा त्यस महलमा आगो झोसिदिनू । यति गरिस् भने तँलाई भारी पुरस्कार मिल्नेछ ।" यति भनेर उनले पुरोचनलाई पठाए ।

पुरोचन फर्केपछि दुर्योधनले फेरि उस्तै आफ्नो परम विश्वासी मन्त्रीलाई पठाएर राजसभामा "वारणावत नगर बडो रमणीय छ, उहाँ भगवान् भवानीपति शम्भु विराजमान हुनुहुन्छ, उहाँको दर्शन पूजाका निमित्त आजकल ठूलो मेला लागेको रहेछ" भनी त्यस भारी मेलाको प्रशंसा सुनाउन लगाए । भवितव्यतावश सो कुरा सुनेर पाण्डवहरूलाई त्यो मेला भर्न जाने इच्छा भयो । उनीहरू त्यसमा उत्सुक जस्ता देखिन थाले । उनीहरूको उत्सुकता देखेर धृतराष्ट्रलाई अत्यन्त खुशी लाग्यो । उनी "के खोज्छस् काना आँखो" भनेझैं बाहिरका अन्धा भए तापनि भित्रभित्रैबाट हेरिरहेका थिए । उनलाई पुत्र दुर्योधनको चित्त प्रसन्न गराउने मौका हात लाग्यो । उनले खुशीसाथ उनीहरूलाई वारणावत जाने आज्ञा दिए । परन्तु युधिष्ठिर बडा बुद्धिमान् र दीर्घदर्शी पुरुष थिए । उनले त्यस बेला धृतराष्ट्रले बिदा दिनाको ढङ्ग देखेर उनको आशय स्पष्टै थाहा पाए । उनलाई यो सबै हाम्रा उपरको षड्यन्त्ररचना हो भन्ने ज्ञान पनि भयो । तर राजाको हुकुम अलङ्घ्य थियो । फेरि पहिले आफूले नै केही नबुझीकन जाने इच्छा प्रकट गरेका थिए । यसकारण लाचारीसाथ उनी भाइहरूलाई साथमा लिई वारणावत जान तयार भए । यो देखेर दुर्योधनका आनन्दको सीमा रहेन ।

शुभ मुहूर्तमा आफ्ना आफ्ना रथ, घोडा, हात्ती, पालकी इत्यादि सवारीमा आरूढ भई दलबलसमेत पाण्डव राजकुमारहरूले हस्तिनापुरबाट प्रस्थान गरे । त्यसरी सहसा उनीहरूले नगरबाट प्रस्थान गरेको कारण बाहिर कसैलाई थाहा थिएन । प्रजाहरूलाई उनीहरूको वारणावत यात्रामा सन्देह हुन थाल्यो । उनहीहरू "यो अवश्य निर्दयी धृतराष्ट्रले पाण्डवहरूलाई देशनिष्कासन गराएको हो" भन्ने सम्झी नाना प्रकारका कुराले धृतराष्ट्रको छेडछाड गर्न थाले । कोही प्रेमवश पाण्डवहरूकै अनुसरण गर्न लागे । तर बुद्धिमान् युधिष्ठिरलाई त्यो कुरा उचित लागेन, उनले ती सबैलाई राम्रोसित बुझाएर शान्त गराए । पछि

लाग्नेहरूलाई पनि 'तिमीहरू हामीसँग प्रेम राख्तछौ र हाम्रो असल चाहन्छौ भने फर्क' भनी सम्झाई फर्काइदिए । त्यस बेला पाण्डवमाता कुन्ती पनि सँगै गएकी थिइन् । बुद्धिमान् विदुरलाई यो जाल सबै भित्रभित्रबाट थाहा भइसकेको थियो परन्तु भएर के गरुन् ? त्यस बेला उनी केही गर्न सक्दैनथे । फेरि गर्ने मौका पनि थिएन । यसकारण उनले सो सबै कुरा प्रस्थान गर्ने बेलामा अरू कसैले नबुझ्ने गरी म्लेच्छ भाषामा युधिष्ठिरलाई सम्झाइदिएका थिए । उनको उपदेशले गर्दा पाँचै भाइलाई यो अवश्य धोखा नै हो भन्ने स्पष्ट थाहा भयो । तथापि उनीहरू हस्तिनापुरबाट प्रस्थित भएर आठ दिनमा अर्थात् फाल्गुण शुक्ल अष्टमी रोहिणी नक्षत्रमा वारणावत नगरमा पुगे । उनीहरूलाई उहाँ पुग्नासाथ अधिबाटैदेखि गएर बसेका दुर्योधनका परम विश्वासपात्र दुराचारी पुरोचनले ठूलो मानमर्यादाका साथ रमणीय गृहमा लगेर 'यो राजकुमारहरूको मुकामका निमित्त महाराजको हुकुमले तयार भएको महल हो' भनी विश्राम गरायो । उनीहरूलाई खाने, पिउने, सुत्ने, बस्ने, विहार गर्ने इत्यादि हरएक कुरामा पनि उसले खूब सेवा गरे जस्तो देखायो । परन्तु उसको सबै सेवा यमदूतको चेष्टासमान भयो । पाण्डवहरू उसको हरएक काममा बडो सावधान रहन्थे । यस प्रकारसँग उनीहरू दश दिन त्यही महलमा सुखपूर्वक रहे ।

एघारौँ दिनमा पुरोचनले टहलाउँदै पाण्डवहरूलाई त्यही लाक्षागृहमा लगेर 'अब केही दिन यहाँ राज होस्' भनेर राखिदियो । त्यसले आग्रहसाथ त्यहाँ लगेर राखेको देख्ता पाण्डवहरूलाई झन् सन्देह उठ्न थाल्यो । उनीहरू होसियारीसाथ रहन लागे । यस्तैमा एक दिन त्यस महलमा सहसा एक प्रकारको विचित्र गन्ध उठ्न लागे जस्तो युधिष्ठिरलाई अनुभव हुन थाल्यो । उनले हत्तपत्त भीमसेनलाई भने, 'भाइ मलाई यस घरबाट एकतमासको बोसो गनाए जस्तो गनाउने गन्ध उठे जस्तो लाग्यो । म ता अवश्य यस घरमा धोकाबाजी भए जस्तो मान्दछु । यो कुरा अघि नै मलाई काका विदुरले म्लेच्छभाषामा सूचना पनि दिनुभएको थियो । अहिले ती कुरा मिल्न आएको देखिन्छ । फेरि मैले खूब विचार गरेर यस घरको भित्ता कुनाकानी सबै हेरें । जतातै अग्निदह्य द्रव्यबाट काम लिएको देखिन्छ । बोसो, घिउ, तेल, सुन, गन्धक, लाहा इत्यादि पदार्थहरूकै शिल्पकला सिवाय अरू यहाँ केही देखिन्न । दुर्योधनको दुष्टता पूरा तवरले यहाँ प्रत्यक्ष देखिन लागेको छ । यसकारण अब यहाँ बस्नु कालको मुखमा बस्नु हो । एक क्षण पनि अब यहाँ नबसौं ।' यो सुनेर भीमसेनले चारैतर्फ खूब ध्यानपूर्वक हेरेर विचार गरी भने, 'दाजैज्यू ! मलाई पनि साँच्चि नै त्यस्तै लाग्यो । यो घरमा एकछिन पनि

बस्नु उचित रहेनछ । यो सब कपटी दुर्योधनको खेल हो । जाऔं, भागिहालौं ।" युधिष्ठिरले भने, "भाइ ! म ता यहीं बसूँ कि भन्दछु, किनभने हामीले पनि त्यसको खेलमाथि अर्को खेल खेल्नु उचित छ । यसै भागेर गयौं भने दुर्योधनादिको भन्दा हाम्रो पुरुषार्थ नै केही देखिएन । फेरि यहीं बसिरह्यौं भने पनि पापी पुरोचनले बेखबरसँग यस घरमा आगो लगाएर हामीलाई भस्म नगराई छोड्नेछैन । कदाचित् त्यस समयमा पनि हामीहरूमध्ये कोही भागेर बच्यौं भने भन् खोजीखोजी हामीलाई दुर्योधनले नष्ट गराउनेछ । यसकारण अब यो युक्ति गर्नुपऱ्यो- हामी शिकार खेल्ने बहानाले दिउँसो बाहिर घुम्ने गरौं । यताउता घुम्दा यस घरबाट भित्रभित्र भएर निस्कने मार्ग पनि हामी देख्न बनाउन सकौंला । त्यसो भएपछि धोखा हुनासाथ यहाँबाट भाग्न सजिलो हुनेछ । धोखाको भय पनि रहनेछैन ।"

युधिष्ठिर र भीमसेनमा यी सल्लाह हुँदै थियो, यस्तोमा सहसा हस्तिनापुरबाट विदुरले पठाएको एक विश्वासपात्र मानिस उहाँ आइपुग्यो । उसले एकान्तमा युधिष्ठिरसँग भन्यो, "प्रभु ! म हजुरको परमहितैषी काका महात्मा विदुरले पठाएको उहाँको विश्वासपात्र मानिस हुँ । उहाँले केही कुरा सुन्नुभएको रहेछ र सो खबर दिन भनी मलाई पठाउनुभएको हो । दुर्योधनको आज्ञाअनुसार पुरोचनले आगामी कृष्णपक्षको चतुर्दशीको आधा रातमा यस घरमा आगो लगाउनेछ । यस कुरामा कत्ति सन्देह नराखिबक्सिएला । यो कुरा अघि प्रस्थानको समयमा पनि विदुरजीबाट म्लेच्छभाषामा हजुरलाई सम्झाउनुभएको हुनुपर्दछ । यत्ति कुरा सुनाउन आएको हुँ । अब धेरै बेर म यहाँ बसँ भने पुरोचनले शङ्का गर्ला । बिदा पाऊँ ।" यो सुनेर युधिष्ठिरले भने, "भाइ ! मलाई काकाजीको कुरामा पूरा विश्वास छ । मैले स्वयम् विचार पनि गरिसकँ । यस घरमा अवश्य धोखा छ भन्ने कुरा मलाई थाहा भइसक्यो । अब यदि तिमी मेरो असल चाहन्छौ भने एक काम गरेर जाऊ । यस लाक्षागृहको चारैतर्फ अस्त्र-शस्त्रहरूले नदेखिने गरी घेरिराखेको छ । पुरोचन आठौं प्रहर स्वयम् त्यसको रखवारी गरी बस्तछ । एक छिन छोडेर कतै जाँदैन । यसकारण हामी यस घरमा आगो लागेपछि कदाचित् यहाँबाट उम्केर निस्कौं तापनि यी चारैतर्फ रहेका अस्त्र-शस्त्रबाट हामी बच्न सक्नेछैनौं । यसैले म भन्दछु, यसको बचाउ कतैबाट हुन सक्तछ भने त्यो काम तिमी गरेर जाऊ ।"

विदुरले सो मानिसलाई खूब विचार गरेर पठाएका थिए । त्यो सामान्य मानिस थिएन । पुरोचनभन्दा सहस्र गुण अधिक बुद्धि भएको कारीगर थियो । त्यसले युधिष्ठिरको कुरा सुनेर लाक्षागृहभित्र चारैतर्फ घुमेर हेऱ्यो । त्यसले साथमा आफ्नो हातहतियार पनि लुकाएर ल्याएको थियो । केही बेर सबैतिर हेरेपछि

उसले त्यस लाक्षागृहको माझ मझेरीमा एउटा गहिरो खाडल खन्यो र त्यसबाट सुरुङ बनाउँदै लगेर घरको सिमानाभन्दा धेरै पर पुगी निस्कने बाटो बनायो । अनि सो खाडल खनेका ठाउँमा एकदम कसैले थाहै नपाउने किसिमसित माटो र पत्थर जमाएर रसाइदियो । त्यति गरेर त्यो मानिस बिदा भयो । पाण्डवहरू पनि निर्भयतासाथ रहन लागे । उनीहरू पुरोचनलाई कत्ति सन्देह नहोस् भन्नानिमित्त "हामीलाई अघि बसेको ठाउँमा भन्दा यस घरमा रहँदा बडो आनन्द र सुबिस्ता भएको छ" भनी त्यस लाक्षागृहको तारिफ गर्दथे । दिनभर बाहिर जङ्गलमा शिकार गर्न जान्थे, रातभर सुरुङभित्र पसेर सुत्तथे । पुरोचन पनि "यिनीहरू मेरो जालमा राम्रै फसिसके" भनी मनमनमा दङ्ग थियो, दुवै थरी मौका पर्खेर रहन थाले ।

पुरोचन "अब कार्य सिद्ध भयो, पाण्डवहरू राम्रैसित मेरो जालमा फसिसके" भन्ने हर्षले गद्‌गद थियो । पाण्डवहरू पनि पुरोचनलाई राम्रैसित छकायौं भन्ने विश्वासमा थिए । एक दिन उनीहरूले यो सल्लाह गरे, "अब यस घरमा पुरोचनले आगो लाउला र हामी भागौंला भनेर बस्तु व्यर्थ छ । हामी नै पहिले यस घरभन्दा बाहिरको शस्त्रागारमा आगो लगाऊँ । त्यसो भएपछि त्यस शस्त्रागारका साथसाथै पुरोचन पनि भस्म हुन्छ । अनि यस लाक्षागृहमा आगो लगाएर भागौं ।" यो सल्लाह ठीक भएपछि सो आगो लगाउन ठीक भएको दिनमा कुन्तीले त्यहाँका नगरवासीहरूलाई खूब भोजन गराइन्; सो भोजन पाउनाले सारा नगरवासी नरनारीहरू प्रसन्न भएर पाण्डवहरूलाई आशिष् दिँदै आफ्ना घर गए । त्यस भोजनमा एक भिल्लिनी पनि पाँच पुत्रका साथ आएकी थिई । त्यो भोजनमा यथेष्ट मदिरा पिएर लठ भई आफ्नो घर जान नसक्ता त्यही शस्त्रागारको एक कुनामा निश्चेष्ट लडिरहेकी थिई । पाण्डवहरूलाई त्यसको पत्ता केही थिएन । बिस्तारै-बिस्तारै रात पऱ्यो । चारैतर्फ विकट अन्धकारले घेरा दियो । यताउता रहने सकल प्राणीहरू घोर निद्रामा परेर घुर्न थाले । कसैलाई कसैको खबर थिएन । यस्तैमा पाण्डवहरू उठे । भाग्ने समय बहुतै अनुकूल थियो । दाज्यू, भाइ र माता कुन्तीको सल्लाहअनुसार भीमसेनले बडो हलका चालसँग पहिले शस्त्रागारमा पुगेर आगो झोसे । त्यसपछि भित्रभित्रैबाट चारतर्फ लाक्षागृहको गाह्रोलाई प्रज्वलित गराए । त्यति भएपछि उनले चार भाइका साथ माता कुन्तीलाई काँधमा राखी सुरुङको मार्गबाट जङ्गलतर्फ प्रस्थान गरे ।

पुरोचनले आफ्ना कर्तव्यको फल पायो । त्यो शस्त्रागारका साथसाथै भस्म भयो । यता निश्चेष्ट अवस्थामा मदमत्ता भएर सुतिरहेकी पाँच पुत्रसमेतकी भिल्लिनी पनि उसैकी सहगामिनी बनी । चारैतर्फ शस्त्रागार समेतको लाक्षागृह

घोर मसानको दृश्य देखाउँदै दन्कन थाल्यो । यता अकस्मात् त्यहाँ आगलागी भएको देखेर पुरवासीहरू हाहाकार मचाउन थाले । कैयौं मानसिहरू दौडादौड गरेर उहीं पुगी, "हाय ! यस घरका साथसाथै यहाँ रहने पाण्डवहरू पनि जले" भनी छाती पिट्न थाले । कोही कौरवराज धृतराष्ट्र र दुर्योधनको कर्तव्य सम्झेर उनीहरूलाई सराप्न लागे । रातभर यत्तिकैमा बित्यो ।

भोलिपल्ट बिहान लाक्षागृह जलेको खबर पाएर नगरवासीहरूले जम्मा भई आगो निभाए । पाण्डवहरूको लास पाइन्छ कि भनी खोज्री हेरे । तर सुरुङको द्वार भीमसेनले एकदम रिसाएझैं बन्द गरेर हिंडेका हुनाले त्यसको यादै भएन । अन्त्यमा उसबाट पुत्रसमेत भिल्लिनीका छ लासहरू निस्के । ती लासहरू देख्ता सारालाई सभ्रातृक पाण्डवहरू मरेछन् भन्ने निश्चय भयो । सबैले यस हत्याको कारण धृतराष्ट्र, विदुर, भीष्म, दुर्योधनलाई सम्झेर नाना प्रकारले उनीहरूको निन्दा गरे । सो सारा खबर उत्तिखेरै हस्तिनापुरतर्फ पनि पठाइयो । सो खबर सुनेर हस्तिनापुरवासी सारा प्रजाहरू शोकविह्वल भई, "हा युधिष्ठिर ! हा कुन्ती ! हा भीमसेन ! हा वीर अर्जुन ! हा सौम्य नकुल ! हा सहदेव !" भन्दै उनीहरूको गुण कीर्तन गर्दै विलाप गर्न थाले । राजगृहमा पनि पाण्डवपक्षका सारा परिवारहरू विह्वल भए । महाराज धृतराष्ट्र, पितामह भीष्म, द्रोण, कृप इत्यादिहरूलाई पनि ठूलो शोक भयो । परन्तु सच्चा हाल कसैलाई थाहा थिएन । केवल एक महात्मा विदुरलाई यथार्थ हाल ज्ञात थियो तथापि उनले सबैका साथ लागेर केही बेरसम्म बनावटी शोक देखाए । दुर्योधनादि सय भाइहरूले पनि भित्रभित्र हर्ष मान्दै बाहिर शोक प्रकट गरे जस्तो देखाए । यसपछि धृतराष्ट्रको आज्ञाअनुसार पाण्डवहरूको अन्त्येष्टि क्रिया गरिन थाल्यो । सबले गङ्गाजीमा सचैल स्नान गरी सभ्रातृक पाण्डवहरूलाई जलाञ्जली दिए । यो सब घटना दुर्योधनको कर्तव्यबाट भएको थियो तापनि उनको चकचकी जमेको हुनाले डरका मारे उनका उपर कसैले केही दोषारोपण गर्न सकेनन् । सबैले मनमनै उनको तिरस्कार गरे ।

यता पाण्डवहरू सुरुङको मार्गबाट निस्के । आधा रातको समय थियो, देख्नु-सुन्नु कतै केही थिएन । उनीहरू आकाशका तारा हेर्दै दिशाको पत्ता लगाएर सीधा दक्षिणतर्फ जङ्गलको मार्गमा हिंड्न लागे । मार्ग विकट थियो । सहसा हिंड्ने साहस कसैलाई हुँदैनथ्यो । यो देखेर महाबली भीमसेनले माता कुन्तीलाई काँधमा बोकेर कहिले कसैलाई काखी च्याप्तथे, कसैलाई डोऱ्याउँथे । यस्तै प्रकारले रातभर हिंडेपछि उज्यालो हुने बेलामा उनीहरूले एकान्त जङ्गलको कुनै महान् वटवृक्षमुनि पुगेर विश्राम लिए । उनीहरू राम्ररी सुस्ताउन पनि पाएका थिएनन्,

यस्तैमा सहसा एक शान्त स्वरूपका मनुष्य उनीहरूलाई खोज्दै उहीं आइपुग्यो । त्यो महात्मा विदुरको एक परम विश्वासपात्र दूत थियो । हरसमय पाण्डवहरूको खबर लिनानिमित्त गुप्तरूपले उनीहरूका पछिपछि हिंड्ने गर्दथ्यो । लाक्षागृह जलेको खबर पाउनासाथ त्यसलाई विदुरले उहाँ पठाएका थिए । त्यसले त्यहाँ पुगेर पहिले नाउमा चढाई पाण्डवहरूलाई गङ्गापार उतार्‍यो । त्यसपछि उसले उनीहरूलाई कुनै एकान्त सुरक्षित स्थानमा लगेर राख्यो । अनि केही बेर बसेर विदुरले भनिपठाएको सारा हाल बयान गरी त्यो त्यहाँबाट बिदा भयो ।

सो विदुरको दूत बिदा भएपछि पाण्डवहरू केही घडीतक तहीं बसे । त्यसपछि उनीहरूले त्यहाँबाट उठेर फेरि विस्तार-विस्तार दक्षिणतर्फ जङ्गलको मार्ग पक्रे । दिनभर रातभरको हिंडाइ, विकट मार्ग, भोक, प्यास, थकाइ इत्यादिले गर्दा सबैको शरीर सुस्त भइसकेको थियो । जाँदाजाँदा जङ्गलैको बीचमा सन्ध्याकाल भयो । वृक्षहरूमा वास बसेर पक्षीगणहरू नाना प्रकारको शब्द गर्न थाले । बाघ, भालू आदि हिंस्रक जन्तुहरूको बथान शिकारको खोजमा घुम्न थाल्यो । खानु, पिउनु केही थिएन । न जङ्गलमा केही फलफूलहरू खोजौं भने त्यस अन्धकारमा कसैको केही पत्ता लाग्दथ्यो, न समीपमा कुनै जलासय कतै देखिन्थ्यो । आशाजनक कुनै कुरा कतै थिएन । हिंड्दाहिंड्दै जो जता पायो उतै ढुन्मुनिएर बस्न थाले । यस्तैमा सहसा तृषाकुल भएर कुन्ती यसरी विलाप गर्न थालिन्, 'हाय ! यस्ता यस्ता पराक्रमी पाँच पाण्डवकी माताले आफ्ना पुत्रका साथमा रहेर पनि एक घुट्को पानीका निमित्त यसरी व्याकुल हुनुपर्‍यो ।' माताको यो विलाप सुनेर पाण्डवहरूको हृदय सहस्र टुक्रा भयो । तर भएर मात्र त्यस बेला के हुन सक्तथ्यो ! चुपचाप आँसुका धारा बहाइरहेका थिए । भीमसेन जुरुक्क उठेर त्यताबाट निस्के । उनले धेरै बेरसम्म एक्लै यताउता घुमेर एउटा सघन वटवृक्षको छायाँमा सुबिस्तासाथ बस्न लायकको ठाउँ फेला पारी सबैलाई त्यहीं लगी आरामीसाथ राखे । त्यसपछि नगिचै केही दूरमा सारस पक्षीको शब्द सुनेर उनी युधिष्ठिरको आज्ञानुसार पानीको खोजमा हिंडे ।

नगिचैमा एक रमणीय तलाउ थियो । त्यसलाई देखेर भीमसेनको चित्त भित्रदेखि सरस भएर आउन थाल्यो । उनी केही बेरतक त्यस तलाउको किनारमा पुगेर चुपचाप खडा भए । थकाइ, गर्मी र प्यासले गर्दा उनको शरीर झाई नै बेचैन भइरहेको थियो । उनले झटपट त्यस तलाउमा प्रवेश गरेर नुहाए, यथेष्ट पानी पिए । त्यसले उनको सारा थकाइ दूर भयो । परन्तु जलपात्र साथमा थिएन । अरू केही नपाएर उनी आफ्नो अंगुछा त्यस तलाउमा डुबाई वासमा

आए । त्यस बेला उहाँ युधिष्ठिर आदि पाँचै जना श्रमले व्याकुल भएर पल्टनासाथ मस्त निद्रामा मग्न भइरहेका थिए । होसहवास कसैलाई थिएन । त्यो अवस्था देखेर भीमसेनले तिनीहरूलाई उठाउन सकेनन् । उनी आफूले रुमालमा ल्याएको पानीलाई एकातिर हिफाजतसाथ राखी आफ्ना दिनदशालाई र दुर्योधनका वशीभूत राजा धृतराष्ट्रलाई धिक्कार दिँदै मनमनै नाना प्रकारको शोक गर्न थाले । उनलाई निद्रा पनि लागेन । फेरि माता र भाइहरूको रक्षा गर्ने विचारले समेत उनी सावधानीसाथ जागै रात काट्न थाले ।

पाण्डवहरू जुन ठाउँमा बसेका थिए, त्यसैको नगिचमा एक विशाल सालको वृक्ष थियो । त्यस वृक्षमा मेघको जस्तो भयङ्कर कालो वर्ण भएको हिडिम्ब नामक राक्षस बस्तथ्यो । त्यो नरमांसमा अत्यन्त लुब्ध र धेरै दिनदेखिको भोको हुनाले मानिसको खोजीमा हिँडिरहेको थियो । पाण्डवहरू आएर वटवृक्षको तलतिर बसेपछि उनीहरूको शरीरबाट निस्केको मनुष्यगन्ध त्यसको नाकमा पुग्यो । त्यसकी हिडिम्बा नामकी एक बहिनी पनि त्यहीँनेर बस्तथी । त्यसले मनुष्यको गन्ध पाउनासाथ बहिनीलाई बोलाएर 'वटवृक्षमुनि बसेका मानिसहरू मारी लिएर आइज' भनी पठायो । दाज्यूको आज्ञा पाउनासाथ मनुष्यरूप धारण गरी वस्त्र आभूषणले सजिसजाउ भएर त्यो मन्द गति गर्दै वटवृक्षको समीपमा पुगी । निदाएका पाण्डवहरू त्यस बेलासम्म मस्त निद्रैमा थिए । उनीहरूको रक्षक भएर भीमसेन चारैतर्फ दृष्टि दिई सावधानीसाथ जागा थिए । नगिचमा पुगेर भीमसेनलाई देख्नासाथ युवती राक्षसीको विचित्र दशा भयो । कहाँ नरमांसको इच्छाले आएकी, कहाँ उसको इच्छाले एकाएक पलटा खायो । त्यो उसलाई पत्तै भएन । त्यो भीमसेनको नवयौवन रूप लावण्य र हृष्ट सुन्दर स्वरूप देख्तैमा सहसा काममोहित भएर चुपचाप लज्जापूर्वक भीमसेनतर्फ हेर्न लागी । भीमसेन पनि त्यसको चेष्टा देखेर चुपचाप अनिमेष दृष्टिले त्यसैतर्फ हेर्न थाले । अन्त्यमा त्यस राक्षसीले लज्जापूर्वक भनी, 'पुरुष श्रेष्ठ ! तपाईं को हुनुहुन्छ ? यी तपाईंको समीपमा सुतेकी सुकुमाराङ्गी को हुन् ? यी अरू सदनसदृश सुन्दराकार युवा पुरुषहरू को हुन् ? तपाईंहरू कुन कामले कहाँ जान भनी यस जङ्गलको बाटो आउनुभएको हो ? यो जङ्गल मेरा दाज्यू हिडिम्ब नामक राक्षसराजको अधिकारमा छ । म उनैकी हिडिम्बा नाम्नी भगिनी हुँ । मलाई तपाईंहरूको सुकोमल मांस र सरस रक्त ल्याउनानिमित्त दाज्यूले यहाँ पठाउनुभएको हो । म आफ्ना दाज्यूको इच्छा पूर्ण गराउनानिमित्त शीघ्रतासाथ यहाँ आएकी थिएँ । परन्तु तपाईंको रूप लावण्यले मलाई मुग्ध गरायो । म दाज्यूको आज्ञालाई भुलेर तपाईंमा आसक्त

भएँ ।' तपाईं मसित गन्धर्व विवाह गरेर आनन्दपूर्वक रहनुहोस् भनी प्रार्थना गर्दछु । म स्वेच्छाचारिणी छु, जहाँ पनि जान सक्तछु, मलाई कसैको रोकटोक छैन । फेरि मलाई कसैले केही गर्न पनि सक्तैन । मेरो दाज्यूमा भन्दा पराक्रम पनि ममा कम छैन । मेरो साथ रहनाले तपाईंलाई कुनै तरहले भय रहनेछैन । स्वयम् दाज्यूले पनि मलाई केही गर्न सक्तैनन् । फेरि समय पनि अहिले रातको हुनाले बहुतै अनुकूल छ । यी तपाईंका सहचरहरू पनि मस्त निद्रामा छन् । मेरो प्रार्थना स्वीकार गर्नुहोस् ।'

रङ्गमा भङ्ग भनेर यस्तैलाई भन्दछन् । त्यस बेला भीमसेनको उद्देश्य के थियो, उनका उपर के आइपऱ्यो ? निशाचरीको कुरा सुनेर उनी क्षणभर आश्चर्यसमुद्रमा डुबे । उनलाई दैवको इच्छा देखेर भित्रभित्र हाँसो पनि उठ्यो । उनले प्रहसित मुख गर्दै भने, 'सुन्दरी ! तिमी यो के कुरा गर्दछ्यौ ? अहिले माता, दाज्यू, भाइहरूलाई यस अवस्थामा छोडेर म कसरी तिम्रो इच्छा पूर्ण गराउन सक्तछु । तिमीले दाज्यूको अधिकारमा यो जङ्गल छ भनेर जो डर देखायौ त्यो कुनै कुरा होइन । म तिम्रो दाज्यूसँग डराउने मनुष्य होइन । मेरो सामनेमा तिम्रो दाज्यू क्षणभर पनि तग्न सक्नेछैन । यसकारण तिमी यो कुरा नगर फर्केर जाऊ, अथवा दाज्यूलाई यहीं बोलाएर ल्याऊ, म यिनीहरूलाई छोडेर जान कदापि सक्तिनँ ।'

हिडिम्बा भीमसेन भएको ठाउँमा आएको धेरै बेर भयो । भोको नरमांसार्थी दाज्यूचाहिं बहिनी कुन बेला आइपुग्छे भनी नरमांसस्वादनको स्वप्न देखिरहेको थियो । धेरै बेरसम्म पनि बहिनी नआउनाले उसको मन हडबडाउन थाल्यो । उसलाई भोकमाथिको क्रोधले पनि जलाउँदै ल्यायो । आखिरमा क्षणभर पनि खप्न नसकेर त्यो राक्षस एकदम शाल वृक्षबाट फाल हाल्दै बहिनी भएठाउँमा पुग्यो र भन्न थाल्यो, 'ए दुष्टे ! बेइमान ! के तेरो चाल यही हो ? मेरी बहिनी भएर मेरो आज्ञा उल्लङ्घन गरी मेरै आहारासँग मोहित भइरहिछस् ? हेर, अब म तेरो प्रेमीका साथसाथै तेरो पनि संहार नगरी छाड्दिनँ ।' बहिनीलाई यति भनेर फेरि उसले भीमसेनतर्फ हेर्दै भन्यो, 'अरे बदमाश ! मेरो राज्यमा आएर तँ यो बदमाशी गर्ने ? मलाई चिनेको छैनस् ? हेर, अब म तेरो कुन दशा गराउँछु ।' भीमसेनले भने, 'ए दुष्ट ! तँ व्यर्थ गर्जेर मेरो माता र भाइहरूको निद्रा किन भङ्ग गर्दछस् ? निरपराधिनी बहिनीमाथिको तेरो यो क्रोध पनि व्यर्थ छ । यदि तँलाई युद्धको इच्छा छ भने आ, म तयार छु । तेरो गर्जनबाट म डराउने मानिस होइन ।'

भीमसेनको वीरोचित उत्तर सुनेर हिडिम्बको क्रोध झन्-झन् बढ्न थाल्यो । त्यो बहिनीलाई छोडेर एकाएक दुवै हात फैलाउँदै भीमसेनका तर्फ झम्टन भनी

आइलाग्यो । भीमसेनले पनि उसका दुवै हात पक्रेर त्यहाँबाट गर्घनी लगाइदिए । फेरि पनि पक्रेर जोरसँग अँठ्याए । विस्तार-विस्तार दुई जनामा कुस्ती पर्न थाल्यो । राक्षस गर्जेर भीमलाई पछार्न खोज्दथ्यो । भीमसेन उसलाई अनेक कुस्तीका खेल देखाउँदै हैरान गराउँथे । यस्तैमा राक्षसको घनघोर गर्जाइले गर्दा मातासमेत सुतेका पाण्डवहरूको निद्रा भङ्ग भयो । हिडिम्बाचाहिँ उहींनेर बसेर आफ्नो प्रेमी भीम र दाज्यूको युद्ध हेरिरहेकी थिई । निद्राबाट ब्युँझेर हेर्दा अगाडि नगिचैमा परम सुन्दरी युवती बसिरहेकी देखेर पाण्डवहरूलाई आश्चर्य लाग्यो । हत्तपत्त कुन्तीले मधुर वचन गर्दै उसलाई तिमी को हौ ? किन यहाँ आएको ? भनेर सोधिन् । त्यसको उत्तरमा हिडिम्बाले भनी, "देवी ! जुन यस भयङ्कर मेघसमानको निविड बन तपाईं देख्नुहुन्छ त्यो मेरो दाज्यू हिडिम्ब नामक राक्षसराजको अधिकारमा छ । म उहाँकी बहिनी हिडिम्बा हुँ । हाम्रो जाति राक्षस हो । हामी नरमांस र रगतलाई बडो प्रेमसित खान इच्छा गर्दछौं । यसकारण तपाईंहरूको गन्ध पाएर दाज्यैले मलाई तपाईंहरूलाई मारी ल्याउनु भनी पठाएका थिए । परन्तु यहाँ आउनासाथ मैले तपाईंहरूको रखवाला भएर रहेको परम सुन्दर युवा पुरुषलाई देखेर उनको रूप लावण्यले मेरो चित्तलाई चुम्बकले फलामलाईझैं आकर्षण गऱ्यो । मैले दाज्यूको आज्ञालाई उल्लङ्घन गरी आफ्नो इच्छापूर्तिका निमित्त उनीसँग प्रार्थना गरेँ । उनले मलाई स्वीकार गरेका थिएनन् । यत्तिकैमा मैले ढीला गरेकोबाट क्रुद्ध भई स्वयम् मेरा दाज्यू यहाँ आएर मलाई र मेरा परम प्रेमी युवालाई समेत अनेक मर्मभेदी वचनले हप्काउनुभयो । त्यसैले उनीहरूमा घोर युद्ध हुन लागिरहेछ । अगाडि दृष्टि दिनुहोस् ।" यति भनेर हिडिम्बा चुप लागी ।

त्यसपछि भीमसेन र हिडिम्बमा द्वन्द्व युद्ध हुन लागेको देखेर अरू चार भाइ पनि युद्धस्थलमा पुगे । उसै बेला भीमसेनले पनि जोरसाथ त्यस राक्षसलाई उचालेर आकाशमा लट्ठी घुमाएझैं घुमाई जमिनमा पछारे । पछारिनासाथ उसले सदाका निमित्त धरणी माताको काखमा आत्मसमर्पण गऱ्यो । भीमसेनको त्यो पुरुषार्थ देखेर सबै भाइहरू अत्यन्त प्रसन्न भए । माता कुन्ती पनि हृदयदेखि भीमसेनको प्रशंसा गर्न थालिन् । हिडिम्बाका मनमा पनि भीमसेनको पुरुषार्थले गर्दा झन्-झन् उत्कण्ठा बढाउँदै ल्यायो । युद्धको श्रम राम्रै शान्त भएपछि सबै जना त्यस ठाउँबाट अगाडि बढे । हिडिम्बा पनि उनीहरूकै पछि लागी । केही पर पुगेपछि भीमसेनले पछिल्तिर फर्केर हेर्दा हिडिम्बालाई सँगसँगै आएको देखेर उनलाई रिस उठ्यो । उनले भने, "ए राक्षसी ! तँ नाना प्रकारको माया रचेर मनुष्यका साथ हिँडी धोका दिने गर्दिरहिछस् । यसकारण हामी तँलाई

साथ लैजान सक्तैनौं । तँ यहींबाट फर्केर जहाँ इच्छा लाग्छ जा ।" भीमको यो परुष वचन सुनेर राक्षसीलाई मनमा साह्रै दुःख लाग्यो । उसले निराधार भएर कुन्तीका शरणमा परी विनति गरी, "माता ! म हजुरकी दासी हुँ । मेरो शरण लिनुहोस्, मेरो साथ विवाह गर्नानिमित्त आफ्ना पुत्रलाई आज्ञा दिनुहोस् । केही समयतक म उहाँसँग सुखपूर्वक रहेर फेरि म यहीं तपाईंको समीपमा हाजिर गराउनेछु ।"

राक्षसीले दीनतापूर्वक माताको शरणमा परी प्रार्थना गरेको सुनेर महात्मा युधिष्ठिरलाई पनि दया लाग्यो । उनले भने, "हे ! सुन्दरी ! तिम्रो कामना पूर्ण होओस् । म भाइलाई तिम्रासाथ विवाह गर्ने आज्ञा दिन्छु, तिमी दिनभर भीमसेनलाई लिएर जहाँ इच्छा लाग्छ यथेष्ट विहार गर । परन्तु रात परेपछि प्रतिदिन यस जङ्गलमा हामी रहुन्जेल उनीलाई हामी भए ठाउँमा ल्याएर छोडिदिनुपर्छ । यसमा अन्यथा हुन नपाओस् ।" हिडिम्बालाई यति भनेर युधिष्ठिरले भीमसेनलाई उसका साथ विवाह गर्ने आज्ञा दिए । उनको आज्ञा पाउनासाथ हिडिम्बाले भीमसेनलाई टपक्क टिपेर आकाशमा उडाई । उनीहरू दिनभर कहिले स्वर्गमा, कहिले पातालमा, कहिले सुन्दर वाटिकामा, कहिले समुद्रतटमा, कहिले पवित्र गङ्गातटवर्ती उपवनहरूमा विहार गर्न थाले । दिनभर विहार गरेपछि हिडिम्बाले भीमसेनलाई भाइहरू भए ठाउँमा ल्याएर छोडिदिई । यस प्रकारले उनीहरूका कैयौं दिन बिते । यसरी भीमसेनका साथ विहार गर्दा हिडिम्बामा गर्भधारण भयो । यथासमयमा उनले पुत्र पैदा गरी । त्यसको नाम घटोत्कच राखियो । त्यसका उपर भीमसेन, कुन्ती र अरू चार भाइहरूले पनि ठूलो स्नेह प्रकट गरे । सदाका निमित्त त्यसका साथ उनीहरूबाट स्नेह र वात्सल्यको व्यवहार हुन थाल्यो ।

यसपछि पाण्डवहरू मृगचर्म धारण गरेर गुप्तरूपले मत्स्य, त्रिगर्त, पाञ्चाल, कीचक आदि अनेक देशमा भ्रमण गर्न थाले । यस्तैमा एक दिन उनीहरूको अकस्मात् बाटामा पितामह व्यासजीसँग भेट भयो । उनीहरूको आपत्ति देखेर व्यासले ठूलो दुःख प्रकट गरे । उनले उनीहरूलाई धेरै तरहबाट धैर्य दिँदै एकचक्रा नामक नगरीमा लगे । उहाँ एक ब्राह्मणको घरमा आरामीसाथ राखेर व्यासले उनीहरूलाई भने, "बाबुहो ! तिमीहरू केही दिनतक आनन्दपूर्वक यिनै ब्राह्मणदेवका घरमा सुबिस्तासाथ बस । यहाँ बसुन्जेल तिमीहरूलाई कुनै प्रकारको दुःख र भय समेत हुनेछैन । केही दिनपछि फेरि म तिमीहरू भएको ठाउँमा आउनेछु ।" यति भनेर व्यास यहाँबाट आफ्नो आश्रमतर्फ गए । पाण्डवहरू पनि उनैको आज्ञाअनुसार त्यहीं रहेर दिन व्यतीत गर्न थाले । केही दिन बसेपछि

उनीहरूको अलौकिक गुणले गर्दा त्यहाँका सकल नगरवासीहरू उनीहरूसँग प्रेम गर्न लागे । दिनभर पाँच भाइ नगरमा घुमेर भिक्षा मागी ल्याउँथे । जो प्राप्त हुन्थ्यो साँझमा जम्मा भई माता कुन्तीका साथ उनीहरू भोजन गर्दथे । भोजनको भाग लगाउँदा कुन्ती जो भएको आहारमा आधा भीमसेनलाई दिन्थिन् । आधामा अरू पाँच जनाको भाग लाग्दथ्यो । यसको कारण के थियो भने, भीमसेनलाई शारीरिक श्रमको काम धेरै पर्दथ्यो । उनबाट त्यस्तै काम मात्रै अधिक हुन्थे । फेरि उनको आहार पनि सबैको भन्दा अधिक थियो, शरीर पनि आहारअनुसारको देखिन्थ्यो ।

एक दिन ती ब्राह्मणको घरमा सहसा एक हृदयविदारक घटना उपस्थित भयो । युधिष्ठिर, अर्जुन, नकुल र सहदेव भिक्षाका निमित्त बाहिर निस्केका थिए, भीमसेन आमाको रक्षक भएर बसेका थिए । यस्तैमा सहसा त्यस घरको भित्रबाट बडो करुणालाग्दो रोएको शब्द सुनिन लाग्यो । त्यो सुनेर कुन्ती हडबडाउन थालिन् । उनलाई दयाको पर्दाले ढाक्न थाल्यो । उनले हडबडाउँदै भीमसँग भनिन्, "बाबु ! हेर, भित्र रोएको आवाज सुनिन्छ । यी हाम्रा घरपटी द्विजदेवलाई के आपत्ति पर्न आँट्यो । हामी यिनको घरमा डेरा गरेर बसेका छौं । हामीले यिनको दुःख हेरिरहनु हुँदैन । के दुःख परेको रहेछ बुझी त्यसलाई दूर गराऊ ।" भीमले भने, "त्यसो भए हजुर भित्र सवारी भई दुःखको कारण राम्ररी बुझेर मलाई आज्ञा होस् । म त्यसलाई हटाउने उपाय गर्दछु । जस्तोसुकै कठिन कार्य भए पनि म यथाशक्य त्यसलाई पार लगाउने चेष्टा गरूँला ।" माता-पुत्रमा यति कुरा हुँदै थियो, भित्रबाट रोएको शब्द झन्झन् उच्चो भएर आउन थाल्यो । कुन्ती दौडँदै भित्र पसिन् । ब्राह्मणदेव आफ्ना स्त्री, पुत्र र कन्यालाई अङ्कमाल गरेर रोइरहेका थिए । उनलाई धैर्य दिएर सोद्धा रुनाको कारण कुन्तीलाई यथार्थ ज्ञात भयो ।

रुनाको कारण यो थियो- "त्यस नगरको नगिचमा बक नामक राक्षस रहन्थ्यो । त्यो सदा मनुष्यको आहार गरेर जीवनवृत्ति गर्दथ्यो । यसकारण त्यस नगरभरमा त्यसैको अधिकार जमेको थियो । त्यसले अघि त्यहाँका सारा मनुष्यहरूलाई खाएर विध्वंस गर्न लागेको देखी त्यहाँका बासिन्दाहरूले प्रतिदिन त्यसको आहारका निमित्त पालैसँग एक-एक जना जाने प्रबन्ध मिलाएका थिए । यसपल्ट यिनै ब्राह्मणदेवताका घरको पालो पर्दथ्यो । यसैले यिनका जम्मा चार जना जहानमा को जाने भनी खलबल पर्दा बूढा म जान्छु भन्दथे । बूढी म जान्छु भन्दथिन् । छोराछोरी हामी जान्छौं भन्दथे । प्रत्येकको स्नेह पूर्ण हुनाले एक जना पनि त्यस परिवारबाट छुट्टिन बहुतै कठिनको कुरा थियो । त्यही स्नेहको वशवर्ती भएर वृद्ध ब्राह्मण र उनका परिवार रोइरहेका थिए ।

यो सबै कारण थाहा भएपछि कुन्तीले ब्राह्मणलाई भनिन्, "द्विजदेव ! तपाईं नरुनुहोस् । तपाईंको यो दुःख म छुटाइदिन्छु । मेरा पाँच पुत्र छन् । उनमा एक जनालाई म राक्षसको आहाराका निमित्त पठाइदिन्छु, तपाईं शोक नगर्नुहोस् । मेरा पुत्रले तपाईंहरू सबैको रक्षा गरिदिनेछन् । तपाईंको घरमा बसेर हामीले यतिका दिन बितायौं । अत्यन्त आनन्दसाथ तपाईंले हामीलाई वास दिएर राख्नुभएको छ । यसको प्रत्युकापर हामीले नगरी हुँदैन । यसकारण आजलाई तपाईंका घरको पालो मेरो पुत्रले खेपिदिनेछन् । तपाईं धन्दा नमान्नुहोस् ।" यो सुनेर ब्राह्मणले भने, "माता तपाईंहरू अतिथि हुनुहुन्छ । आफ्ना घरमा आएका अतिथिलाई राक्षसको मुखमा पठाएँ भने मैले कुन लोकको भोग गर्नु पर्ला ? त्यो तपाईं नै विचार गर्नुहोस् । यो कुरा म कदापि मान्दिनँ । आफ्ना प्रारब्धको भोग आफैंले गर्नुपर्दछ । त्यसमा अर्कालाई अग्रसर गराएर पापभागी बन्नु यो कृतघ्नको काम हो । अतएव तपाईं यसै कुरामा आग्रह नगर्नुहोस् । जत्तिको मलाई आफ्ना अपत्यको स्नेह लाग्दछ उत्तिकै सबैलाई लाग्दछ । यो कुरा जो सम्झँदैन त्यो आततायी हो । त्यसको निस्तार कहिल्यै हुँदैन ।" यति भनेर ब्राह्मण चुप लागे । फेरि कुन्तीले उनलाई भीमसेनको बल पराक्रमको वर्णन सुनाइन् । उनले अघि हिडिम्बवध गरेको पनि देखाइन् । अरूअरू धेरै पनि सम्झाइन् । त्यसले गर्दा अन्त्यमा ब्राह्मणदेवताको चित्त बुझ्यो । उनी विलापबाट विरत भएर कुन्तीका साथसाथै भीमसेन भए ठाउँमा आए । कुन्तीले भीमसेनलाई सबै कुरा सुनाई राक्षसकहाँ जाने आज्ञासमेत दिइन् । भीमसेनले पनि माताको सो आज्ञा स्वीकार गरे ।

केही दिन शेष भएपछि बाहिर गएका पाण्डवहरू पनि आइपुगे । उनीहरूलाई घरको घटना सबै थाहा भयो । भीमसेन राक्षसकहाँ जान तयार छन् भन्ने सुन्दा पहिले ता सबैले दुःख प्रकट गरे । त्यस विषयमा आज्ञा दिएकोमा यस्तो साहसको काम गर्ने भनी माता कुन्तीसँग पनि उनीहरू रिसाए । परन्तु अन्त्यमा सबैको सल्लाह हुँदा ब्राह्मणको उपकारका निमित्त प्राण सर्वस्व दिएर पनि यत्न गर्नु मनुष्यको परम कर्तव्य हो भन्ने निश्चय भई कुन्तीले उनलाई आज्ञा दिएको उचितै ठहरियो । फेरि उनीहरूलाई भीमसेनको पुरुषार्थ सम्झेर त्यस राक्षसको अवश्य यिनीबाट वध हुनेछ, त्यसो भएपछि यी ब्राह्मण परिवारका अतिरिक्त सकल नगरवासीहरूको दुःख पनि सदाका निमित्त दूर हुनेछ भन्ने आशा पनि थियो । यसकारणले भीमसेनको राक्षसकहाँ जाने विषयमा सबैको सम्मति भयो । ब्राह्मणपरिवारसमेत उनीहरू रातभर आनन्दसाथ सुते ।

भोलिपल्ट बिहान राक्षसको भोजन पुऱ्याउने समय भयो, भीमसेन ब्राह्मणको घरबाट नाना प्रकारको भक्ष्य थक पात्रमा लिई राक्षसको वासस्थानमा गए । उनको ढोकैनेर पुगेर उनले उसलाई "ए बकासुर, खानेकुरा खान आइज !" भनी बोलाए । खानेकुरा जो लगेका थिए सो आफैं खान पनि थाले । यत्तिकैमा क्रोधसाथ भित्रदेखि गर्जंदै बकासुर आएर "अरे बदमास ! तँ को होस् । मेरो खानेकुरा किन खान लागिस्" भनेर चिल्लाउन थाल्यो । भीमसेनले उसको गर्जनालाई एक उच्च अट्टहास्यले जबाब दिए । आफूले खाएको जूठो पात्रले त्यसैको खप्परलाई निशाना तुल्याए । यो देखेर राक्षस उनीमाथि आइलाग्यो । दुई जना भिडिएर तानातान गर्न लागे । उनीहरूको धक्कामा परेर वरिपरिका कैयौं वृक्षहरू माटो खान थाले । पृथ्वी ठाउँठाउँमा धसिएर राक्षसलाई मनुष्यवधको पाप भोग गर्ननिमित्त अधोलोकको बाटो बनाइदिन थालिन् । धेरैबेरतक दुई जनामा घमासान युद्ध भयो । अन्त्यमा भीमसेनले वेगसाथ त्यस राक्षसलाई जमिनमा पछारेर त्यसको पीठमा चढी घुँडैघुँडाले पेल्न थाले । पेलिँदापेलिँदैमा कमरको हड्डी टुटेर राक्षसराज सदाका निमित्त नउठ्ने गरी लोटेको लोट्यै भयो । त्यति गरेर भीमसेन डेरामा फर्के । उनले त्यस राक्षसको वध गरेको वृत्तान्त सुनेपछि सबैलाई परम आनन्द भयो । ब्राह्मणदेव हृदयैदेखि आशीर्वाद दिएर हर्षाश्रुले उनको शरीरमा सेचन गर्न थाले । त्यस बेला पाण्डवहरूले ती ब्राह्मणलाई भने, "द्विजश्रेष्ठ ! तपाईं यो कुरा बिलकुल गुप्तै राख्नुहोला । कसैले सोध्यो भने त्यस राक्षसलाई कुनै दयालु ब्राह्मणले हाम्रो दुःख देखेर मारिदिएका होलान्, तिनी हिजो बेलुका वास बस्न आएका थिए । तिम्रो दुःख म छुटाइदिन्छु भन्थे, फेरि कता गए हामीलाई थाहा छैन भनिदिनुहोला ।" ब्राह्मणले पनि यो कुरा स्वीकार गरे । उनले यथार्थ कुरा कसैलाई बताएनन् । सो राक्षस मर्नाले सारा नगरवासीहरूलाई सदाका निमित्त निर्भयता प्राप्त भयो । सबैले पाण्डवहरूलाई सहस्रशः आशीर्वाद दिए । पाण्डवहरू पनि यथापूर्व त्यहीं ब्राह्मणको घरमा रहेर दिन बिताउन थाले ।

केही दिनपछि ती ब्राह्मणको घरमा एक तीर्थयात्री ब्राह्मण अतिथि हुन भनी आए । तिनले धेरै तीर्थ र नाना देशहरू घुमेका थिए । तिनलाई पाण्डवसहित ब्राह्मणले राम्रै सत्कार गरी रातभर राखे । तिनीसँग वार्तालाप हुँदा पाण्डवहरूलाई देशदेशान्तरको समाचार पनि विदित भयो । त्यसै बेला द्रुपदराजकहाँ यज्ञ भएको, त्यस यज्ञका प्रभावले द्रोणवधकारी धृष्टद्युम्न नामक पुत्र, शिखण्डिनी तथा कृष्णा (द्रौपदी) नामक दुई कन्या पैदा भएको र हालैमा कृष्णाको स्वयंवरको तयारी हुन लागेको कुरा समेत थाहा भयो । यो सब वृत्तान्त सुनाएर भोलिपल्ट ती ब्राह्मण

बिदा भए । यो सबै कुरा सुनेर त्यस दिनदेखि पाण्डवहरूको चित्त पनि खिन्न हुन थाल्यो । उनीहरू दिनपरदिन उदास भएर रहन लागे । उनीहरूको यो अवस्था देखेर कुन्ती पनि विह्वल हुन थालिन् । अन्त्यमा उनले एक दिन मौका पारेर युधिष्ठिरलाई भनिन्, "हामी यस ब्राह्मणको घरमा बसेको धेरै दिन भयो । यस देशका नगर, ग्राम, वन, उपवन, नदी, नालाहरू प्रायः सबै हामीले देख्यौं । धेरै दिन एकै ठाउँमा बसेपछि मानिसको मन औताउँछ । फेरि एकै ठाउँमा रहनाले मानिसहरू पनि हेला गर्न थाल्दछन् । त्यसैले आजकल पहिलेझैं भिक्षा पनि प्रशस्त पाइन छोडेको छ । यसकारण अब तिमीहरूको इच्छा छ भने हामी यहाँ नबसौं, पाञ्चाल देशमा जाऔं र कृष्णाको स्वयंवरको तमासा पनि हेरौं ।"

कुन्ती यस्तै कुरा गर्दै थिइन् । त्यसै बेला अघिको प्रतिज्ञाअनुसार सहसा व्यासजी उहीं प्राप्त हुनुभयो । उहाँले ती सब जनालाई पाञ्चालदेशमा जाने आज्ञा दिनुभयो । उहाँको आज्ञाअनुसार भोलिपल्टै पाण्डवहरू माता कुन्तीका साथ पाञ्चालदेशतर्फ प्रस्थित भए । व्यास पनि उनीहरूलाई आशीर्वाद दिएर यथास्थानमा जानुभयो ।

माता कुन्तीका साथ हिँडेका पाण्डवहरू नाना देश, गिरि, नदीहरूलाई उल्लङ्घन गर्दै ती ती स्थानको प्राकृतिक दृश्य हेर्दै केही दिनपछि गङ्गाकिनारको सीमान्द्र नामक एक तीर्थमा पुगे । त्यस बेला सन्ध्या भइसकेको थियो । चारै तर्फ अन्धकार छाइरहेको हुनाले देख्नु सुन्नु केही थिएन । केवल गङ्गागर्भमा रहने जलचरहरूको सक्षोभले गर्दा उठेका उच्च जलतरङ्गको सनसनाहट मात्र सुनिन्थ्यो । अर्जुनले एक चिराग बालेर अगाडि गई देखाउन लागे । अरू सबै जना उनको पछिपछि हिंड्न थाले । संयोगवश त्यस समयमा महाबली गन्धर्वराज चित्ररथ आफ्ना स्त्रीसमेत त्यहीं जलविहार गर्न लागेका रहेछन् । गङ्गाको किनारै किनार चिराग बालेर हिंड्न लागेका मनुष्यहरूको पाउको आवाज सुनेर उनलाई आफ्नो जलक्रीडामा बाधा पर्न गएकाले क्रोध उठ्यो । उनले सहसा धनुमा ताँदो चढाएर टङ्कार गर्दै अगुवा भई हिंडेका अर्जुनसँग भने, "ए मनुष्य ! सन्ध्याकालदेखि लिएर प्रातःकालपर्यन्त सारा रात यक्ष, गन्धर्व र राक्षसहरूको समय हो । उनीहरू रातभर यथेष्ट स्थानमा विहार गर्दछन् । अरू समय अर्थात् दिनभर मनुष्यका निमित्त हो । यसकारण मनुष्यले आफ्नो जे जति काम पनि दिनैमा गर्नुपर्दछ । तैंले यस रातमा यहाँ आएर मेरो जलक्रीडामा किन बिघ्न उपस्थित गराइस् ? तँ बडो मूर्ख जस्तो रहिछस् । किन यहाँ आएको होस् ? यसको कारण भन् ।" गन्धर्वराजको यस्तो कठोर वचन सुनेर अर्जुनले जवाफ दिए - "अरे घमण्डी !

समुद्र, पहाड, पर्वत, जङ्गल, नदीनाला उपर कहिल्यै कसैको अधिकार रहँदैन । केवल मनुष्य निर्बल हुनाले मात्र यो रातमा नहिँड्नु भन्ने तिमीहरूले बनाएको नियम कायम भएको हो । परन्तु हामी त्यस किसिमका मनुष्य होइनौं । हामी यो पवित्र गङ्गाजलको स्पर्श गर्ने विषयमा कसैको आज्ञा मान्न सक्तैनौं । हामीलाई गङ्गाजलस्पर्शनमा रोक्ने तँ को होस् ?"

अर्जुनको कडाकडीको जवाफ सुनेर गन्धर्वराजले क्रोधको वेग रोक्न सकेनन् । उनको हातबाट बाणको पर्रा छुट्न थाल्यो । अर्जुनले पनि उनका सारा बाणलाई आफ्नो ढालले बीचैमा रोकेर व्यर्थ गराइदिए । उनले ती गन्धर्वराजका उपर कैयौं बाण प्रहार गरेर द्रोणाचार्यबाट पाएका महातेजोमय दिव्यास्त्रहरूको प्रयोग गरी उनको रथलाई समेत भस्म गराइदिए । दुई जनामा घोर युद्ध हुन थाल्यो । अर्जुनले गन्धर्वराजलाई दम लिने फुर्सदसम्म पनि दिएनन् । अन्त्यमा उनले जुल्फीमा पक्रेर तिनको शिरच्छेदन गर्न आँटेको देखेर गन्धर्वराजकी पत्नी कुम्भीनसी डरले व्याकुल हुँदै सहसा युधिष्ठिरको शरणमा आएर भन्न थालिन्, "हे वीरश्रेष्ठ ! युद्ध रोक्न लगाई मेरा पतिलाई प्राणदान दिनुहोस् । क्षणभर मात्र ढीला भयो भने मेरो सारा सौभाग्य अस्त हुनेछ ।" शरणागत-रक्षक युधिष्ठिरलाई गन्धर्व पत्नीको त्यो अवस्था देखेर दया लाग्यो । उनले अर्जुनलाई युद्ध रोक्ने आज्ञा दिएर भने, "भाइ ! हारेको शत्रुसँग फेरि बदला लिनाको इच्छाले पिष्टपेषण गरिरहनु उचित छैन । गन्धर्वराजकी पत्नीसमेत दीन भएर मेरो शरणमा आइरहिछन् । यसकारण गन्धर्वराजलाई छोडिदेऊ ।" दाज्यूको यो कुरा सुनेर अर्जुनले गन्धर्वराजलाई भने, "गन्धर्व ! अब तिमी आफ्नो प्राण लिएर घर जाऊ । म तिमीलाई मार्दिनँ । केवल तिम्रो गर्व भङ्ग गर्नानिमित्त मात्र तिम्रो उपर यो बल प्रयोग गरेको हुँ । तिमीलाई दाजैज्यूबाट अभयदान दिनुभयो, नडराऊ ।" अर्जुनको यो कुरा सुनेर गन्धर्वको शरीरमा प्राणको सञ्चार हुन थाल्यो । उनले विनयसाथ भने, "महाबली ! मैले तपाईंलाई नचिनेर घमण्ड गरेँ । मलाई त्यसको फल प्राप्त भयो । मैले तपाईंबाट जीवनदान पाएँ । अब म सदाका निमित्त तपाईंसँग मित्रता गर्न चाहन्छु । सो मित्रताको भेटमा म आफ्ना अति वेगवान् पाँच सय घोडा, चाक्षुषी विद्या (अदृश्य कुरा देखिने विद्या) पनि तपाईंलाई समर्पण गर्दछु । त्यसको बदलामा तपाई मलाई आफ्नो परमोत्तम आग्नेयास्त्रको शिक्षा दिनुहोस् ।" अर्जुनले गन्धर्वराजको प्रार्थना स्वीकार गरे । उनले यी घोडा मलाई चाहिएको बेलामा लिउँला, अहिले तिमीसँगै रहून् भनी विधिपूर्वक आग्नेयास्त्रको प्रयोग उपसंहारको प्रक्रिया र मन्त्रसमेत दिए । त्यस दिनदेखि गन्धर्वको साथ पाण्डवहरूको अक्षय्य मित्रता

भयो । उनीहरू ती गन्धर्वको सम्मतिअनुसार त्यहाँबाट उत्कोच नामक तीर्थमा गएर त्यहीं तपस्या गरी बसेका धौम्य नामक एक ब्रह्मर्षिलाई पुरोहित बनाई केही दिन बसे । त्यसपछि उनीहरू द्रौपदीको स्वयंवरोत्सव हेर्नानिमित्त पाञ्चालदेशतिर प्रस्थित भए ।

पुरोहित धौम्य र बाटामा भेट भएका अनेक ब्राह्मणहरूबाट स्वयंवरोत्सवको शुभ समाचार सुन्दै पाण्डवहरू ब्राह्मण वेशले पाञ्चाल नगरमा पुगेर एक कुह्मालेको घरमा बसे । स्वयंवरमण्डपमा ताँदो चढाएको एक उचालिनसक्नु धनु र उसको साथ एक आकाशयन्त्र तयार गरिएको थियो । त्यो यन्त्र धेरै माथि बीच आकाशमा बराबर हल्लिरहने गराएर टाँगेको थियो । त्यसै यन्त्रको उच्चतर शिखरमा एक मत्स्याकार निशाना लट्किरहेको देखिन्थ्यो । महाराज द्रुपदले 'यन्त्रको छिद्रबाट जसले निशाना मार्ला उसैसँग म आफ्नी कन्या कृष्णा (द्रौपदी) को विवाह गरिदिनेछु' भनी लेखेर सबैको दृष्टि पर्ने ठाउँमा राखिदिएका थिए । यस उत्सवको समाचार पाएर नाना देशका राजा, राजकुमारहरूको समाज जम्मा हुन लागेको थियो । कर्णका साथ दुर्योधनादि कौरवगण, बलदेव, श्रीकृष्ण आदि यादवगण र अरू पृथ्वीभरका वीरताको घमण्ड राख्ने सहस्र वीर पुरुषहरू पनि उहाँ उपस्थित थिए । मण्डपको चारैतर्फ सूत, मागध, बन्दीजनहरू स्तुति पाठ गर्दथे । ब्राह्मणहरू स्वस्तिवाचन पढ्दथे । बादशाही बाजाको मनोहर ध्वनि गुञ्जित भइरहेको थियो । पन्ध्र दिन अगाडिदेखिको तयारी हुनाले आगन्तुकहरूमा सुविस्तासाथको मुकाममा कुनै कुराको कमी थिएन । पाण्डवहरू ठीक एक दिनअगाडि त्यस नगर पुगेका थिए ।

स्वयंवरको शुभ दिन उदायो । उत्सवमण्डपमा आगन्तुकवृन्दको आसनका निमित्त मेचहरू यथास्थानमा राखिए । नाना प्रकारका सुगन्धी धूपहरूको सुगन्ध चलिरहेको थियो । नवयुवक वीरपुरुषहरू आफ्नो आफ्नो वासस्थानबाट विराजमान हुन थाले । वीर पाण्डवहरू पनि ब्राह्मणवेशमा कसैले नचिनिने गरी उहाँ पुगे । परम्परा वीरताको स्पर्धा राख्ने अनेकौं शूरवीरहरू आफ्नो आफ्नो ठाँटबाँटले परिपूर्ण भई राजकुमारीको दर्शनमा लालायित भएर समयको प्रतीक्षा गरिरहेका थिए । राजा द्रुपदका चन्द्रवंशी पुरोहितद्वारा यथाविधि हवन गराएर अग्निदेव तृप्त गराइए । ब्राह्मणवर्गबाट स्वस्तिवाचनको ध्वनि निस्कन थाल्यो । शुभ मुहूर्त प्राप्त भएपछि चारैतर्फबाट वाद्यध्वनि अवरुद्ध भई एकाएक चकमन्न भयो । यस्तैमा मङ्गल स्नानोत्तर राजसी वस्त्राभूषणादिले सजिएकी अनुपम लावण्यमयी राजकुमारी आफ्नो करकमलमा विचित्र काञ्चननिर्मित जयमाला लिएर आफ्ना

दाज्यू धृष्टद्युम्नका साथ रङ्गभूमिमा प्रकट भइन् । सकल सभासद्को बीचमा पुगेपछि धृष्टद्युम्नले सबैलाई सुनाउने गरी हात उठाएर भने, "मेरा प्रियातिथि नरेशवृन्द ! यस रङ्गभूमिमा यो जुन धनुर्बाण र त्यसको सीधा मास्तिरको आकाशयन्त्र तपाईंहरू देख्नुहुन्छ, त्यस यन्त्रको शिखरमा लट्कोको निशानालाई यन्त्रको बीच छिद्रबाट एकै पटकमा पाँच बाण छिराएर जसले सो लक्ष्य भेदन गर्न सक्तछ उही वीर पुरुषको कण्ठमा मेरी बहिनी जयमाला पहिराउनेछन् ।"

धृष्टद्युम्नको यो वक्तृता सुनेर सारा वीर पुरुषहरू कम्मर कस्न थाले । सर्वान्तर्यामी श्रीकृष्ण दाज्यू बलदेवका साथ बसेर त्यो घटना हेरिरहनुभएको थियो । त्यसै बीचमा उहाँको दृष्टि सहसा ब्राह्मणवेषधारी पाँच पुरुषमाथि पऱ्यो । उहाँले खूब गौरसित तिनीहरूलाई हेर्नुभयो । यी अवश्य पाण्डवै हुन् भन्ने निश्चय भएपछि उहाँको दाज्यू बलदेवलाई पनि इसाराद्वारा सूचित गर्नुभयो । पाण्डवहरू लाक्षागृहबाट बाँचेका रहेछन् भन्ने सम्झेर दुवै भाइ प्रहर्षित भई अनिमेष दृष्टिले अर्जुनको मुख हेर्न थाले । अरू कसैलाई पाण्डवहरू यहाँ आएका छन् भन्ने शङ्कासम्म पनि थिएन । कार्यारम्भको सूचना पाउनासाथ पालैपालोसँग आसनबाट उठेर वीरपुरुषहरू आफ्नो आफ्नो बल पौरुष देखाउन लागे । दुर्योधन, शाल्व, शल्य बङ्गनरेश, विदेहराज इत्यादि अनेक वीरहरूले धनु उठाउने चेष्टा गरे । उनमा कसैले धनुसम्म येनकेनप्रकारेण उठाए, ताँदो चढाउन सकेनन्, कोही धनु नै डेग चलाउन नसकेर लाजले मुख छोप्दै फर्के । कसैले ताँदोसम्म चढाए, धनु खिच्न सकेनन् । कसैको धनु उठाउने बल देखाउँदा देखाउँदै शरीरमा पहिरेको वस्त्र फाट्ने, भूषणहरू लथालिङ्ग भएर भैंमा छरिने हुन लाग्यो, कोही धनु उचालूँ भनेर बल गर्दैमा चित खाएर तमासा देखाउन थाले । यस प्रकारले धेरै जनाको पालो पुगिसक्यो । अन्त्यमा महाबली कर्णले सिंहझैं उफ्रँदै उहाँ पुगेर जुरुक्क धनु उठाई त्यसमा ताँदो चढाए । त्यो देखेर सारालाई आश्चर्य लाग्न थाल्यो । उनीहरूले देख्तादेख्तै फेरि वीर कर्ण एकै पटक पाँच बाण धनुमा चढाएर आकाश यन्त्रको समीपमा खडा भए । उनको त्यो पुरुषार्थ देखेर सबैलाई राजकुमारीको पाणिग्रहण यिनैसँग हुन आँट्यो भन्ने निश्चय भयो । यता पाण्डवहरू पनि राजकुमारी नपाइने हो कि भन्ने सम्भावनार्थले घबराउन थाले ।

यस्तै बीचमा सभाको चारैतर्फबाट "यी राधाका पुत्र हुन् । यिनको पालन अधिरथ सारथिबाट भएको हो । यिनी सूतवंशमा पैदा भएका हुन्" भन्ने आवाज निस्कन थाल्यो । यो सुनेर सहसा राजकुमारी द्रौपदीले म सूतपुत्रसँग विवाह गर्दिन भनी सबैलाई उत्तर दिइन् । द्रौपदीको यस निषेध वाक्यले गर्दा लक्ष्यभेदन

गर्न तयार भएका कर्णले मुखमण्डप एकदम क्रोधपूर्ण भएर लाल हुन लाग्यो । उनी लज्जा र तिरस्कारको वशीभूत हुँदै हातमा लिएको धनुर्बाण भुइँमा राखी सूर्यनारायणतर्फ दृष्टि दिन थाले । यसपछि बाँकी रहेका अरू क्षत्रियकुमारहरू सो धनु उठाउने यत्न गर्न लागे । परन्तु कसैको मनोरथ पूर्ण भएन । एक छिनपछि चेदिराज शिशुपाल आसनबाट सिंह उठेझैं गरी उठे । उनले धनु उठाएर ताँदो सम्म चढाए । परन्तु टङ्कारको चोट सहन सकेनन् । उनको घुँडा जखम भयो । तदनन्तर महाबली जरासन्ध धनु उठाउन तत्पर भए । तर धनु उचाल्दैमा थचारिएर जाँघ सुमसुम्याउन थाले । यस्तैमा मद्रनरेश शल्य पनि धनु उठाउँ भनेर आँट्तैमा घुँडाको भरमा टेक्न लागे । अब पाँच भाइ पाण्डवबाहेक अरू कुनै राजकुमारी द्रौपदीको इच्छा राख्ने पुरुष बाँकी रहेन । सबका सब हार खाएर खिन्नवदन भई निजनिजासनमा बसे ।

सारा राजा, राजकुमारहरूको दुर्दशा देखेर अर्जुनको मुखमण्डलमा प्रचण्ड तेजोमण्डलको ज्वाला निस्कन थाल्यो । उनी आफ्नो ब्राह्मणवेशलाई बिर्सेर क्षत्रिय तेज र द्रौपदीको सुन्दरताको वशीभूत हुँदै सहसा धनु राखेको ठाउँमा पुगे । उनको यो साहस देखेर त्यहाँ रहेका ब्राह्मणवर्गमा कोलाहल मच्चिन लाग्यो । सारा ब्राह्मणहरू कोही अर्जुनलाई उत्तेजना दिन थाले । कोही क्षत्रियतेजको तिरस्कार गर्दै ब्रह्मतेजको प्रशंसा गर्न लागे । कोही यस्ता यस्ता क्षत्रियवीरले गर्न नसकेको काम यस बाहुनचरीले कसरी गर्ला भनी दिल्लगी उडाउन थाले । कोही ब्राह्मणबाट यो काम सम्पन्न भयो भने हाम्रो नाक रह्यो भनी प्रसन्न हुन लागे । कोही अर्जुनको सर्वाङ्गलाई एक एक हेरेर यिनबाट अवश्य यो लक्ष्यभेदन नभई छाड्नेछैन भनी निश्चय गर्न लागे । कसैले "ए ! तिमी व्यर्थ बेइज्जती गराउन अघि नसर" भनी रोके ।

दर्शकवृन्दमा यो कोलाहल मच्चिँदै थियो । यस्तैमा वीर अर्जुनले मनमनै भगवान् सदाशिवको चरणकमललाई सम्झेर प्रणाम गरे । त्यसपछि उनले त्यस विकट धनुको प्रदक्षिणा गरे । अनि आफ्ना बालमित्र भगवान् श्रीकृष्णकातर्फ स्नेहपूर्वक दृष्टिपात गर्दै उनले धनु उठाएर त्यसमा ताँदो चढाए । तदनन्तर उनले लज्जावत मुख भइरहेका सकल राजमण्डलीका उपर दृष्टिपात गरे । पाँच बाण एकैचोटि त्यस आकाशयन्त्रको छिद्रबाट प्रवेश गराएर लक्ष्यलाई टुक्रा पारी जमिनमा खसालिदिए । यो देख्नासाथ चारैतर्फ ब्राह्मणवृन्दबाट धन्यवादको वृष्टि हुन थाल्यो । राजकुमारी द्रौपदीले प्रसन्नतासाथ अर्जुनको कण्ठमा जयमाला पहिराइन् । सभा विसर्जित भयो । भग्नमनोरथ भएका राजा, राजकुमारहरू आफ्नो

वासस्थानतर्फ फर्के । राजा द्रुपदको राजमहलमा विवाहको आयोजन हुन लाग्यो ।

त्यसपछि भग्नमनोरथ र अपमानित भएर फर्केका क्षत्रिय राजाहरूको परस्परमा मतो हुन लाग्यो । राजा द्रुपदले हामी क्षत्रियहरूको पहिले सत्कार गरेर पछि ठूलो बेइज्जती गरे, किनभने स्वयंवर भनेको क्षत्रियहरूका निमित्त हुन्छ । ब्राह्मणलाई स्वयंवरको कन्या कदापि दिइँदैन । यसकारण हाम्रो अपमान गराएर अरण्यचारी ब्राह्मणलाई कन्या दिनु यो क्षत्रियधर्मको विरुद्ध काम हो । यस्तो अन्याय हामीहरूले कदापि सहन गर्न सकिँदैन । अब हामी सारा एकमत भएर द्रुपदमाथि आक्रमण गरौं भनी सारा राजाहरू शस्त्रास्त्र लिएर राजा द्रुपदका उपर आक्रमण गर्न थाले । बिचरा एक्ला द्रुपदको त्यतिका वीर राजाहरूसँग के जोर चल्दथ्यो । उनी असहाय भएर जुन ब्राह्मण समाजबाट निस्केर अर्जुनले लक्ष्य-भेदन गरेका थिए तिनै ब्राह्मणको शरणमा गए । उनको त्यो अवस्था देखेर स्वयम् अर्जुन ती राजाहरूसँग युद्ध गर्न अग्रसर भए । उनको पछिपछि भीमसेन पनि बडे-बडे वृक्ष उखेल्दै ती राजाहरूको समाजमा घुसेर धूम मच्चाउन थाले । दुवै पक्षमा घनघोर युद्ध भयो । भीमसेनले पहिले दुर्योधन र उनका भाइहरूलाई सास मात्र बाँकी गराएर रणभूमिबाट हटाए । यता अर्जुन र कर्णमा घोर युद्ध हुन लाग्यो । दुवै जना एक से एक पराक्रमी वीर थिए । तिनीहरूको युद्ध धेरै बेरसम्म रह्यो । अन्त्यमा अर्जुनले कर्णलाई पनि बाणैबाणले विद्ध गराएर हटाए । त्यति भएपछि भीमसेन अर्जुन र द्रौपदीलाई अघि लगाएर आफ्नो डेरा उही कुह्मालेको घरतर्फ फर्के ।

युधिष्ठिर नकुल र सहदेवका साथ अघिबाटै डेरामा आएर, माता कुन्तीका साथ स्वयंवरोत्सवको हाल बताउन लागेका थिए । यस्तैमा द्रौपदीलाई लिएर भीमसेन र अर्जुन उहाँ पुगे । त्यस बेला रात परिसकेकाले कुन्ती कार्यवश अर्के एक कोठामा बसेर भोजनको बन्दोबस्तमा लागेकी थिइन् । पुग्नासाथ भीमसेन र अर्जुनले बाहिरैदेखि "मुमा ! खाने कुरा लिएर आयौं" भन्दै भित्र पसे । यो सुनेर कुन्तीले भित्रैबाट भनिन्, "बाबुहो ! जो मिलेको छ, त्यसलाई पाँच भाइले बाँडेर भोग गर ।" परन्तु उनीहरू सामुने पुगेर खडा भएपछि देदीप्यमान रूपकी मानौं स्वर्गबाट पक्रेर ल्याएकी लक्ष्मीसमान द्रौपदीलाई देख्ता उनको मनमा आफूले जबाब दिएको कुरा सम्झी पश्चात्ताप भयो । उनी "मैले विनाविचारसित के भनें ! अब एक कन्या पाँच भाइले कसरी भोग गर्नु ?" भनेर घबडाउन थालिन् । उनको त्यो अवस्था देखेर बुद्धिमान् युधिष्ठिरले अर्जुनलाई भने, "भाइ ! द्रौपदीलाई तिमीले जितेर ल्याएका हौ । तिमी नै यिनका साथ विवाह गर ।" अर्जुनले भने,

"दाज्यैज्यू ! तपाईं मलाई अधर्ममा लिप्त नगराउनुहोस् । पहिले दाज्यूको विवाह नभई भाइको विवाह हुन सक्तैन । यसकारण तपाईं पाञ्चाल नरेशको र हाम्रो समेत कल्याणको विचार गरी कर्तव्यको ठीक गर्नु उचित छ । हामी तपाईंका आज्ञाकारी हौं ।" अर्जुनको यस कुरामा अरू भाइहरूले पनि ऐकमत्य प्रकट गरे । कर्तव्यको निश्चय केही हुन सकेन ।

अन्त्यमा भाइहरू उदासीन भावले चुपचाप खडा भएको देखेर युधिष्ठिरले उनीहरूका मनको भाव बुझे । उनलाई यस विषयबाट पछि आफसमा वैमनस्य होला भन्ने भयले पनि दबाउन थाल्यो । निदानमा उनले आफ्ना मनमा निश्चय गरेर भने, "भाइहो ! यस कठिन समस्याबाट पार पाउने उपाय अरू केही छैन । माताको आज्ञाअनुसार द्रौपदी हामी पाँचै भाइकी साझा हुनुपर्छ । यति नभई हाम्रो झगडा पनि मेटिंदैन । माताको आज्ञा पनि पालित हुँदैन । यसो भएपछि हामी भाइहरूमा ईर्ष्या, द्वेष होला भन्ने डर पनि हराउँछ ।" यति भनी युधिष्ठिर चुप लागे । यस्तैमा संयोगवश यादव कुलचूडामणि भगवान् श्रीकृष्ण र बलदेव स्वयंवरसभाबाट निस्केर पाण्डवहरू कता लागे भनी खोज्दै-खोज्दै उहीं प्राप्त हुनुभयो । उहाँको अकस्मात् दर्शन पाउँदा पाण्डवहरूलाई ठूलो आश्चर्य र हर्ष भयो । उनीहरूले आसनबाट उठेर उहाँको यथोचित सत्कार गरी सुखासनमा विराजमान गराएर "हामी यहाँ छौं भनेर हजुरलाई कसरी खबर मिल्यो ? हामी गुप्तवेशमा रहेकालाई कसरी चिनिबक्सियो ?" इत्यादि अनेक प्रश्न गरे । भगवान् श्रीकृष्णले पनि उनीहरूको प्रश्नको उत्तर दिई लाक्षागृहबाट निस्केदेखि त्यस दिनसम्मको सारा वृत्तान्त सोध्नुभयो । केही बेरसम्म नाना प्रकारको प्रेमालाप भएपछि धृतराष्ट्रको जालबाट ईश्वरले तपाईंहरूको रक्षा गर्नुभएछ । अब तपाईंहरूको सर्वदा कल्याण होस् भनेर आशीर्वाद दिई कुन्तीको पाउमा दर्शन गरेर श्रीकृष्ण, बलदेव दुवै जना त्यहाँबाट बिदा हुनुभयो ।

यता स्वयंवरसभाबाट द्रौपदीलाई लिएर निस्केका पाण्डवहरू कहाँ गए ? यो कुरा कसैलाई थाहा थिएन । राजा द्रुपद मैले कन्यादानसमेत दिन नपाउँदैमा ती ब्राह्मणले कन्यालाई कहाँ लगे ? तिनीहरूको पत्ता कसरी लगाउने हो भनी हडबडाउन लागे । तर बुद्धिमान् धृष्टद्युम्नले त्यस कुराको अघिबाटैदेखि विचार गरेर पाण्डवहरूका पछाडि गुप्तचर छोडेका थिए । त्यो पनि सहसा त्यसैबेला आइपुग्यो । त्यसले पाण्डवहरूको वासस्थान, उनीहरूको चालचलन, उनीहरूको एकान्त सल्लाह र पाण्डव रहेछन् भन्ने यथार्थ परिचयसमेत पत्तो लगाएर आएको थियो । राजा द्रुपदका समीपमा पुग्नासाथ त्यसले सबै हाल निवेदन

गऱ्यो । त्यो सारा कुरा सुनेर राजा द्रुपद अत्यन्त सन्तुष्ट र प्रसन्न भए । त्यसपछि राजा द्रुपदको तर्फबाट विवाहोत्सवका निमित्त कुन्तीसमेत पाण्डवहरूलाई ल्याउन भनी राजोचित वस्त्र, भूषण, रथ, परिचारक, परिचारिका इत्यादिका साथ गुरु-पुरोहितहरू पठाइए । पाण्डवहरू पनि प्रसन्नतासाथ रथमा सवार भएर द्रौपदीसमेत माता कुन्तीका साथ द्रुपदराजाको राजभवनमा उपस्थित भए । राजा द्रुपदद्वारा उनीहरूको यथोचित सत्कार गरियो । कुन्ती पनि अन्तःपुरमा रहेर नाना प्रकारको सत्कार पाउँदा अत्यन्त प्रसन्न भइन् ।

यसपछि शुभ दिनको शुभ मुहूर्तमा राजा द्रुपदले अन्तपुरबाट द्रौपदीलाई ल्याई युधिष्ठिरका सामने राखेर भने, "आज शुभ लग्न छ । यसकारण अर्जुनको द्रौपदीका साथ विवाह होओस् ।" यो सुनेर युधिष्ठिरले भने, "महाराज ! यी सबै भाइहरूमा जेठो दाजु म हुँ । म पछिका माहिला भाइ भीमसेन् हुन् । तर हामी दुई भाइको विवाह नभई साहिँला भाइ अर्जुनको विवाह कसरी हुन सक्छ ? हो, तपाईंकी कन्यालाई अर्जुनले नै जितेका हुन् तर हामी पाँचै भाइको पहिल्यैदेखि यस्तो नियम छ - जसले जुन चीज पाएर ल्याए पनि त्यसलाई हामी पाँचै भाइले भोग गर्नुपर्दछ, फेरि मुमाबाट पनि हामी पाँचै जनाको द्रौपदीका साथ विवाह गर्नू भन्ने आज्ञा दिनुभएको छ । यसकारण हामी आफ्नो चिरप्रचलित नियमलाई कदापि तोड्न सक्तैनौं । तपाईं हामी पाँचै जनाका साथ अग्नि साक्षी गरी यिनको विवाह गर्नुहोस् ।" यो सुनेर राजा द्रुपदले भने, "यो आश्चर्यको कुरा भयो । एक पुरुषका अनेक स्त्री हुन सक्दछन्, परन्तु एक स्त्रीका अनेक पुरुष कदापि धर्मले हुन सक्तैनन् । यो काम श्रुति-स्मृतिको पनि विरुद्ध छ ।" यो सुनेर युधिष्ठिरले भने, "राजन् ! तपाईंले भन्नुभएको कुरा मनासीब हो । तर हामी आफ्नो सम्प्रदायमा चल्नुलाई नै परम धर्म सम्झन्छौं । कोही विषय कुनै ठाउँमा अधर्म ठहरे पनि कुनै ठाउँमा धर्म ठहर्न आउँछ । कहीं धर्म र कहीं अधर्म ठहर्ने यस्ता अनेक विषय हुन्छन् । एक ता मुमाबाट हामीलाई आज्ञा मिलिसकेको छ, दोस्रो हामीबाट अधर्मको कुरा न आज न हिजो न भोलि कहिल्यै भएको र हुने पनि छैन । अतएव यस विषयमा हामी जे गर्न चाहन्छौं त्यसबाट तपाईंले सहमत हुनै पर्दछ ।"

यस प्रकारले राजा द्रुपद र पाण्डवहरूमा द्रौपदीको विषयमा अनेक उक्ति-प्रयुक्ति हुँदै थियो । यस्तैमा सहसा स्वच्छागति भगवान् कृष्णद्वैपायन व्यासजी त्यहीं आउनुभयो । उहाँलाई देख्नासाथ सबैले उठेर यथोचित सत्कार गरे । केही बेरपछि राजा द्रुपद र युधिष्ठिरसमेत दुवै थरीले आफ्नो पक्ष व्यासजीको समक्षमा प्रकट गरे । त्यस विषयमा पाण्डवपक्षलाई नै उचित सम्झेर उहाँले

अनेक पुराणान्तरका दृष्टान्त र प्रमाणहरू बताई गौतमकन्या जटिलाको सप्तर्षिका साथ र वृक्षकन्या वार्क्षीको दश प्रचेताहरूका साथ विवाह भएको उदाहरण दिई राजा द्रुपद र धृष्टद्युम्नको चित्त बुझाउनुभयो । फेरि द्रौपदीलाई अघिल्लो जन्ममा तपस्या गर्दा प्रसन्न भएका महादेवबाट 'पतिदेहि' भनी पाँच पटकसम्म भनेर वर मागेकी हुनाले पाँच पति पाउली भनी वरदान मिलेको कुरा पनि सुनाउनुभयो । यो सब सुनेर राजा द्रुपदको चित्त निःसन्देह भएपछि व्यासदेवको आज्ञाअनुसार उसै दिन पहिले युधिष्ठिरका साथ द्रौपदीको विधिपूर्वक विवाह भयो । त्यसपछि युधिष्ठिर अलग बसेर भीमसेनका साथ भयो । एवम् क्रमले पाँचै भाइका साथ पृथक्-पृथक् गरेर पुरोहित धौम्यद्वारा विधिपूर्वक विवाहकर्म सम्पन्न भयो । केही दिनपछि राजा द्रुपदले असङ्ख्य धनसम्पत्ति, रथ, हात्ती, घोडा, दास, दासी, वस्त्र, आभूषण आदि सुखसामग्रीहरू दिएर द्रौपदी कुन्तीसमेत पाण्डवहरूलाई बिदा गरे । त्यस दिनदेखि उनीहरू पाञ्चाल देशकै एक प्रान्तमा बसेर दिन बिताउन थाले ।

यता दूतद्वारा पाण्डवहरू जीवितै रहेछन्, द्रौपदीलाई विवाह गरेर पाञ्चाल देशमा बसेका छन् भन्ने खबर हस्तिनापुरमा पुग्यो । कौरवहरू लज्जित भएर फर्केको र पाण्डवहरूले द्रौपदी पाएको खबर सुनेर विदुरलाई मनमनमा ठूलो हर्ष लाग्यो । महाराज धृतराष्ट्र पनि कौरवहरू विजयी भए भन्ने सुनेर पहिले ता खूब प्रसन्न भए । तर पछिबाट पाण्डवहरूले द्रौपदी पाए भन्ने कुरा सुन्दा उनको आँत जलेर आउन थाल्यो । तथापि उनले बाहिरी प्रसन्नता देखाएर पाण्डवहरूको उन्नतिमा हर्ष प्रकट गरे जस्तो स्वाङ निकाले । यस्तैमा विदुर निस्केर गएपछि दुर्योधनले आएर भने, "पिताजी ! हजुरको यो के समझ हो ? शत्रुको उन्नति देखेर पनि हजुर हर्ष प्रकट गरिबक्सिन्छ । हजुरले विदुरका साथ पाण्डवहरूको प्रशंसा गरेर आफ्नो कर्तव्यलाई भुल्ने चेष्टा गरेको देख्दा मलाई आश्चर्य लाग्यो । अब हामीले चुप लागेर बस्ने समय छैन । जसरी हुन्छ शत्रुहरूको मूलोच्छेदन गर्ने चेष्टामा लाग्नुपर्दछ ।" यो सुनेर धृतराष्ट्रले भने, "बाबु ! तिमीलाई जस्तो असल लाग्दछ उसै गर । म विदुरसित दिल खोलेर कुरा गर्न डराउँछु । यसै कारण मैले उनका अगाडि पाण्डवहरूको प्रशंसा गरेको हुँ ।" दुर्योधनले भने, "महाराज ! मैले ता यो निश्चय गरें । यही कुरा विन्ती चढाउन हाजिर भएको हुँ । कोही सुचतुर विश्वासी ब्राह्मणलाई पाञ्चालमा पठाई कुन्ती र माद्रीका पुत्रहरूमा विरोध उठाउन लगाऔं । अथवा धेरै धन दिएर द्रुपद र धृष्टद्युम्नलाई वश गरी उनीहरूद्वारा नै पाण्डवहरूका उपर कुनै आपत्ति उठाइदिऔं । कि ता रूप बदल्न जान्ने कोही

बलियो मानिस पठाएर एकान्तमा भीमसेनलाई मराऔं । अथवा यहीं बोलाएर कुनै झूटमूट दोष लगाई पाण्डवको इतिश्री गराऔं । यी सबै उपायहरूमा हजुर जुन उचित सम्झिबक्सिन्छ सोही गर्ने आज्ञा बक्सियोस् ।"

कर्ण पनि पिता-पुत्रको यो कुरा सुनिरहेका थिए । उनलाई दुर्योधनको कुरा उचित लागेन । उनले भने, "महाराज, हजुरको यो सल्लाह मलाई ता एक पनि ठीक लागेन । किनभने हजुरले यस्ता कपटी जाल, उपाय कैयौं गरिसक्नुभयो । तर तिनबाट कहिल्यै हजुरको मनोरथ पूर्ण हुन सकेन । पाण्डवहरू वीर, धर्मात्मा र बुद्धिमान् छन् । उनीहरूलाई कपटी जाल झेलले वश गराउन हजुर कहिल्यै सक्नुहुनेछैन । यदि मेरो कुरा मान्ने हो भने धर्म युद्धमा उनीहरूको अन्त गरेर छोड्नु उचित छ । वीरताबाट नै हामी यो कार्य सिद्ध गर्न सक्नेछौं । यसभन्दा अर्को सुगम उपाय नै केही छैन ।" धृतराष्ट्रले भने; "राजन् कर्ण ! तपाईंले भनेको कुरा ठीक हो । यस विषयमा पितामह भीष्म र द्रोणहरूसँग पनि सल्लाह लिनुपर्दछ ।" यो सुनेर दुर्योधनले द्रोण, कृप र भीष्मलाई बोलाउन पठाएर आफ्नो आशय प्रकट गरे । सबैको कुरा सुनेर भीष्मले भने, "मेरो निमित्त पाण्डु र धृतराष्ट्र एकै हातका औंला हुन् । यसकारण यो घरायसी झगडा मलाई कत्ति पनि मन पर्दैन । मैले भनेको मान्दछौ र धर्मको मार्गमा हिंड्न चाहन्छौ भने पाण्डवहरूलाई बोलाएर आधा राज्य दिई परस्पर मिलाप गरी बस । जस्तो दुर्योधनलाई आफ्ना बाबुबाजेको राज्यमा हक छ उस्तै युधिष्ठिरलाई पनि छ । आधा राज्य दिएपछि उनीहरू पनि सन्तुष्ट हुनेछन् । दुर्योधनलाई पनि उनीहरूसँग मेल राखेको पक्षमा ठूलो कल्याण हुनेछ । दुनियाँबाट धृतराष्ट्रले अपयशको भागी पनि बन्नुपर्ने छैन ! मैले धर्मपूर्वकको कुरा सम्झाएको हुँ । तिमीहरूको जे इच्छा लाग्छ उसै गर, पछि पश्चात्तापले जल्नु बढिया छैन ।"

द्रोणले भने, "महाराज ! सभामा आएपछि सभासद्ले निष्पक्षताको कुरा बोल्नुपर्दछ । त्यसो गर्न सकिँदैन भने सभामा जानै हुँदैन । यसकारण म पनि तपाईंहरू कसैको डर नराखीकन यथार्थ कुरा बोल्दछु । पितामह भीष्मको विचार नै मेरो विचारमा पनि सर्वोत्तम ठहरिएको छ । यदि कल्याणको इच्छा गर्ने हो भने आजै नाना प्रकारका उपहारका साथ पाण्डवहरूलाई ल्याउनका निमित्त मानिस पठाइयून् । राजा द्रुपदकहाँ पनि पाण्डवहरू यहाँ आऊन् भन्ने खबर जाओस् । पाण्डवहरू खुशीसाथ आए भने दुर्योधनका भाइहरूमा एक जना यथोचित रीतिसँग उनीहरूको स्वागतका निमित्त जानुपर्दछ ।" यो सुनेर कर्णलाई रिस उठ्यो । उनले भने, "महाराज ! आजसम्म हजुरले जसलाई यथेष्ट धन दिएर यहाँसम्मको उच्च

दर्जामा पुऱ्याइराखेको छ उनै पुरुषहरू आज हजुरलाई यस्तो सल्लाह दिन्छन् भने यसभन्दा अपशोचको कुरा के हुन सक्तछ ? यस्ता बडादमीहरू पनि बुझ्न पचाएर वैरीको तरफदारी गर्दै उल्टो सल्लाह दिन्छन् भने साधारण मनुष्यको के कुरा ? जसलाई धनको कमी छ उससँगबाट उचित राय कहिल्यै पाइँदैन । त्यस्ताको विश्वास कदापि गर्नु अयोग्य छ । ती केवल धनसम्मको वास्ताको मित्र हुन् । यसकारण यथार्थमा जो आफ्नो परम हितैषी छ त्यसैको सम्मतिमा लाग्नु हजुरको परम कर्तव्य छ ।' कर्णको यो कुरा सुनेर द्रोणको कन्सिरी तात्न थाल्यो । उनले कर्णलाई धिक्कार्दै भने, 'बुझ्यौ कर्ण ! तिमी आफ्नो मनको दोषले गर्दा हामीलाई पनि दोषी ठहराउँदछौ । तिम्रो मनमा पाप छ यसैले तिमी हामीलाई पनि पापी सम्झन्छौ । हामीले परिणामसम्ममा असल हुने हुरा भनेको छौं । हाम्रो कुरालाई जो विपरीत सम्झन्छ त्यो कौरवकुलको धूमकेतु हो ।' यसपछि विदुरले पनि भीष्म, द्रोणहरूकै पक्षलाई समर्थन गरे । अन्त्यमा त्यस बेलाका निमित्त दुर्योधन र कर्णको पक्ष सफल भएन । महाराज धृतराष्ट्र पनि एकदम पाण्डवलाई धोका दिएर सदाका निमित्त बेपत्ता गराउनमा राजी भएनन् । सबैको सम्मतिअनुसार राजा द्रुपदकहाँ पाण्डवलाई यहाँ पठाइदिनू भन्ने खबर पठाइयो । पाण्डवहरू पनि राजा द्रुपद र भगवान् श्रीकृष्णको उपदेशअनुसार हस्तिनापुरबाट पठाइएका मनुष्यहरूलाई सत्कार गरी माता कुन्ती र रानी द्रौपदीका साथ हस्तिनापुरमा आए । उनीहरू फेरि जन्म पाएर आएझैं हस्तिनापुरमा दाखिल भएको देखेर उहाँ साराको मनमा परम आनन्द भयो ।

यसपछि एक दिन धृतराष्ट्रले पाण्डवहरूलाई बोलाएर सबै सभाको समक्षमा भने, 'बाबुहो ! तिमीहरू अब आधा राज्य लिएर खाण्डवप्रस्थमा राजधानी बनाई राज्य गर । यसो भएपछि मेरो छोरा र तिमीहरूमा वैरभावको कारण केही रहने छैन । तिमीहरू आफ्नै बाहुबलले सबै तरहबाट आफ्ना उपर आइलाग्ने आपत्तिहरूलाई टार्न समर्थ छौ । कसैले तिमीहरूको अनिष्ट गर्न सक्नेछैन ।' महाराज धृतराष्ट्रको यो आज्ञा पाएर पाण्डवहरूको मन प्रसन्न भयो । उनीहरू केही दिनपछि हस्तिनापुरबाट आफ्ना कुलवृद्ध र गुरुजनहरूसँग बिदा भई भगवान् बलदेव, श्रीकृष्ण र माता कुन्तीका साथ सपरिवार खाण्डवप्रस्थतिर प्रस्थित भए । उनीहरू उहाँ पुगेपछि एक रमणीय राजमहल र त्यसका निमित्तको सारा राजसी सुखसामाग्री तयार गरियो । उहाँका प्रजाहरू पनि अत्यन्त सन्तुष्ट भएर पितृवत् सम्झी महाराज युधिष्ठिरको शासनमा रहन थाले । त्यस दिनदेखि कुरुराज्य दुई भागमा विभक्त भएर शासित हुन थाल्यो । त्यति भएपछि भगवान् श्रीकृष्ण र बलदेव पनि केही दिन त्यहाँ बसी द्वारकातर्फ गमन गर्नुभयो ।

पाण्डवहरू आनन्दपूर्वक खाण्डवप्रस्थमा राज्य गरेर बसेका थिए । यस्तैमा एक दिन घुम्दैघुम्दै देवर्षि नारद उहाँ आइपुगे । पाण्डवहरूबाट यथोचित सत्कार पाएपछि उनले भने, "हे पुरुषश्रेष्ठ ! पाण्डववृन्द ! तिमीहरू पाँच भाइ छौ । परन्तु पाँच भाइहरूमा संयोगवश रानी द्रौपदीका निमित्त सुन्दोपसुन्द नामक दुई भाइ दैत्यको तिलोत्तमाका निमित्तमा भएझैं झगडा होला भन्ने सम्भव छ । यसकारण तिमीहरूले आफसमा त्यस्तो हुन नपाउने केही प्रबन्ध गरी बस्नु उचित छ । यही कुरा सम्झाउन भनी आज म यहाँ आएको हुँ ।" महर्षि नारदको यो वाक्य सुनेर पाण्डवहरूको आँखा खुल्यो । उनीहरूले उसैबेला महर्षिको आज्ञाअनुसार "एक वर्षसम्म एक भाइले द्रौपदीसँग रहनु त्यस बेला अर्को भाइले उनीकहाँ नजानू ।" यदि नियमभङ्ग गरेर कोही गयो भने त्यसले बाह्र वर्षसम्म ब्रह्मचर्य व्रत लिई वनवास गर्ने भन्ने नियम बाँधे । यो नियम पाँचै भाइमा स्वीकृत भएपछि नारद त्यहाँबाट बिदा भए । पाण्डवहरू पनि नियमपूर्वक रहन थाले । उनीहरूको आपसमा कदापि वैमनस्य भएन ।

पाण्डवहरूले राज्य गरेको केही समय बित्यो । उनको राज्यमा कुनै प्रजा दुःखी थिएन । सबै रामराज्यको सुख अनुभव गरिरहेका थिए । यस्तैमा एक दिन एक जना ब्राह्मण क्रोधले जाज्वल्यमान हुँदै सहसा महाराज युधिष्ठिरको ढोकामा आएर भन्न थाले, "हे पाण्डव ! तिम्रो राज्यमा कुनै अधर्म अन्याय हुन पाउँदैन भन्ने सुनिन्थ्यो । परन्तु आज सबै कुरा झुट्टा रहेछ भन्ने थाहा भयो । आज मेरो गाई चोरी भयो । चोरको अझसम्म पत्ता लागेको र उसलाई दण्डसमेत दिइएको छैन । राजा भएर मुलुकमा यस्तो अत्याचार भएको पनि पत्ता नपाउनु यो कस्तो राज्यगराइ हो । जुन राजा प्रजाको आम्दानीको छैटौं भाग लिएर उनीहरूको रक्षा गर्दैन त्यसले राज्यभरको पाप भोग्नुपर्दछ ।" यति भन्दै ब्राह्मण रुन थाले । यो खबर तुरुन्त पाण्डवहरूकहाँ पुग्यो । ब्राह्मण रोएको चाल पाउनासाथ वीर अर्जुनले भने, "ब्राह्मणदेव ! नरुनुहोस्, तपाईले डराउनुपर्दैन । म तपाईको रक्षा गर्न आएँ" भन्दै निस्के । परन्तु खाली हात निस्केका अर्जुनबाट के हुन सक्थ्यो ? उनका धनुर्बाण आदि गरिएका सारा हतियारहरू शस्त्रागारमा राखिएका थिए । त्यस बेला महारानी द्रौपदीका साथ रहने महाराज युधिष्ठिरको पालो थियो । उनी द्रौपदीका साथ त्यही शस्त्रागारको बाहिरी खोपीमा बसेका थिए । यसकारण नियमभङ्ग गरेर अर्जुनले शस्त्रास्त्र लिनानिमित्त त्यस खोपीको बाटो शस्त्रागारमा जानु भएन । उनी अब के गर्ने हो भनी छटपटाउन थाले । एक ता ब्राह्मणको दुःख छुटाउने काम, दोस्रो राजधर्म, तेस्रो महाराज युधिष्ठिरको अप्रतिष्ठा, चौथो

बाह्र वर्षको वनवास, यसो गरे उसो नहुने, उसो गरे यसो नहुने, अर्जुन साह्रै सङ्कटमा परे । यस विषयमा उनको मनले धेरै बेरसम्म तर्कवितर्क गऱ्यो । अन्त्यमा उनले सबैभन्दा ठूलो धर्म नै हो भन्ने सम्झी बरु नियमभङ्ग गरी त्यसको फल भोग्नु नै असल हो भन्ने निश्चय गरेर सरासर शस्त्रागारतिर प्रस्थान गरे । उनी उहाँबाट दाज्यू युधिष्ठिरलाई सबै वृत्तान्त बताएर धनुर्बाण लिई चोरको खोजीमा निस्के । चोरहरू टाढा पुग्न पाएका थिएनन्, बीचै बाटामा फेला पारी उनीहरूलाई मारेर गाई ब्राह्मणको जिम्मा लगाइदिए । गाई पाएपछि ब्राह्मणले प्रसन्न भएर अर्जुनलाई धेरै आशीर्वाद दिए ।

यसपछि सत्यप्रतिज्ञ वीर अर्जुन वनवासको सङ्कल्प स्थिर गरी महाराज युधिष्ठिरसँग बिदा हुन गए । उनको चाल देखेर युधिष्ठिरलाई आश्चर्य लाग्यो । उनले भने, "तिमीले ब्राह्मणको रक्षा गर्नानिमित्त मेरो खोपीमा प्रवेश गरेका हौ । अरू कुनै भोगादिको इच्छाले तिमी आएका थिएनौ, यसमा तिम्रो के दोष ? तिमीबाट नियमभङ्ग कसरी भयो ? अर्को कुरा के भने, भाइ आफ्नी पत्नीका साथ रहेका बेलामा दाज्यू उहाँ जान दोष ठहर्छ । दाज्यू आफ्नी पत्नीका साथ रहेका बेलामा भाइ उहाँ गयो भने त्यसमा कुनै दोष हुँदैन । यसकारण म तिमीलाई वनवासमा जानानिमित्त बिदा दिन सक्तिनँ, तिमी बिलकुल निर्दोष छौ ।" महाराज युधिष्ठिरको यो कुरा सुनेर अर्जुनले भने, "दाज्यैज्यू ! धर्मभन्दा ठूलो केही छैन । प्रतिज्ञापालन गर्नु सबैभन्दा ठूलो धर्म हो । यसकारण म नियमअनुसार वनवासमा नगई छोड्दिनँ । बाह्र वर्षको वियोगमा डराएर स्नेहवश हजुरबाट यस्तो आज्ञा नहोस् । म बिदा भएँ ।" यति भनी सहसा अर्जुन वनवासका निमित्त प्रस्थान गरिहाले । उनी निस्केको देखेर कैयौं ब्राह्मण संन्यासीहरूको फौज उनका पछि लाग्यो । उनमा धेरैलाई सम्झाई फर्काएर केही संन्यासी र ब्राह्मणहरू साथमा लिई अर्जुन वनमा पसे । नाना नदी, सरोवर, पुण्यक्षेत्रहरूको अवलोकन दर्शन स्पर्शन गर्दै जाँदा जाँदा गङ्गाकिनारको एक पवित्र स्थानमा पुगेपछि उनको मनले विश्राम लिने इच्छा गऱ्यो । उनी केही दिनका निमित्त उहीं स्थान बनाएर बस्न थाले ।

एक दिन स्नान गर्न भनी अर्जुन गङ्गाजीमा गएका थिए । त्यसै बेला स्नानान्तर सन्ध्या तर्पण आदि कर्म समाप्त गरी अग्निहोत्रको कर्म गरूँ भनेर लाग्दा उनको रूप लावण्यले मोहित भएकी नागराजकी पुत्री उलूपीले उनलाई सहसा हातमा समातेर तान्दै नागलोकमा लगिन् र आफ्नो आशय प्रकट गरिन् । अर्जुनले उनको त्यस कुरामा केही उत्तर नदिई पहिले उनैद्वारा अग्नि मगाई

आफ्नो अग्निहोत्र कर्म समाप्त गरे । त्यसपछि उनले भने, "सुन्दरी ! तिमी को हौ ? मलाई किन यहाँ ल्यायौ ? यो कुन ठाउँ हो ? सबै बयान गर ।" यो सुनेर उलूपीले भनिन्, "हे युवा ! म कौरव्य नामक नागराजकी कन्या हुँ । मेरो नाम उलूपी हो । तपाईंको रूप सौन्दर्यमा मोहित भएर मैले यस नागलोकमा ल्याएकी हुँ । मेरो कामना पूर्ण गराउनुहोस् । तपाईंले वनवास गरेको कारण पनि मलाई सबै थाहा छ । तपाईंले बाह्र वर्षलाई ब्रह्मचार्य धारण गर्नुभएको छ भन्ने पनि मैले जानेको छु तर म अबला हुँ । मेरो मनोरथ पूर्ण गराउनु पनि सानो पुण्यको कुरा होइन । अहिले मेरो मनोरथ पूर्ण भएन भने म यहीं तपाईंको समक्षमा आफ्नो देहलाई विसर्जन गर्नेछु । तपाईंलाई उल्टा स्त्रीहत्याको पाप लाग्नेछ । फेरि मसँग भुल्दा तपाईंको व्रत खण्डित होला, पछि त्यसबाट कुनै आपत्ति आइपर्ला भन्ने तपाईं नसम्झनुहोला । तपाईंको भविष्यमा कल्याणै हुनेछ ।" उलूपीको युक्तियुक्त कुरा सुनेर अर्जुन उनीसँग विवाह गर्न तत्पर भए । उनीहरूको गन्धर्व विवाह भयो । त्यस रात उनी नागराजकै घरमा बसे, भोलिपल्टदेखि उनी उलूपीलाई गङ्गाकिनारको उही आफ्नै आश्रममा ल्याएर आनन्दपूर्वक बस्न थाले ।

यसपछि अर्जुनले अङ्ग, बङ्ग, कलिङ्ग आदि नाना देशका तीर्थस्थान, देवाश्रम, ऋष्याश्रम, पुण्यक्षेत्रहरूको भ्रमण गरे । तदन्तर उनी कलिङ्ग देशलाई नाघेर समुद्रको किनार मणिपुर नामक एक नगरमा पुगे । त्यस नगरको राजाको चित्राङ्गदा नाम्नी एक कन्या थिइन् । ती राजाको वंशमा एक जनाको एकदेखि बाहेक दोस्रो सन्तान नहुने यस्तो वर महादेवबाट प्राप्त भएको थियो । यसै कारण अर्जुन उहाँ पुगेको खबर पाउनासाथ राजाले उनलाई बोलाई नामधाम सोधी आफ्ना कन्या चित्राङ्गदासँग विवाह गरिदिने आशय प्रकट गरे । त्यो कुरा अर्जुनलाई पनि स्वीकृत भयो । उनी चित्राङ्गदाको पाणिग्रहण गरी तीन वर्षसम्म त्यहीं मणिपुरमा बसे । त्यसपछि उनी फेरि दक्षिण महासागरको तटवर्ती तपस्वीहरूको दर्शन र त्यहाँका तीर्थस्थानहरूको मेला हेर्नानिमित्त मणिपुरबाट निस्के । उनी निस्केको केही समयपछि चित्राङ्गदाकै गर्भबाट उनको वभ्रुवाहन नामक पुत्र भए । सो खबर पाएर अर्जुन फेरि एक पटक पुत्रको मुख हेर्नानिमित्त मणिपुर फर्केर केही दिन बसे । उनका पुत्र वभ्रुवाहनलाई मातामहले आफ्ना उत्तराधिकारी बनाएर राखे ।

यसपछि अर्जुनले गोकर्णतर्फ यात्रा गरे । तदनन्तर क्रमशः भारतवर्षको पश्चिमी देशका अनेक तीर्थस्थानमा भ्रमण गर्दै अर्जुन प्रभास तीर्थमा पुगे । उनी यहाँ पुगेको सुनेर श्रीकृष्णले पनि उहीं आएर उनीसँग भेट गर्नुभयो । उहाँले अर्जुनलाई मनोविनोदका निमित्त रैवतक पर्वतमा लगी नाना प्रकारका आमोद-

प्रमोदको प्रबन्ध पनि गरिदिनुभयो । केही दिनतक रैवतक पर्वतका रमणीय स्थानहरूमा विहार गरेपछि अर्जुन द्वारका गए । अर्जुनको शुभागमनले गर्दा द्वारकावासी सारा यादवगणमा ठूलो हर्षोत्सव भयो । त्यसै उत्सवमा मदमत्त भई द्वारकाका सारा नरनारीहरू अनेक प्रकारको क्रीडा कौतुक देखाउन लागेका थिए । यस्तैमा सहसा अर्जुनको दृटि वसुदेवकी पुत्री श्रीकृष्णकी अविवाहित भगिनी परम सुन्दरी सुभद्राका उपर पऱ्यो । सुभद्रा पनि अर्जुनको रूपसौन्दर्यमा मुग्ध भइन् । दुई जनाको त्यो अवस्था चाल पाएर श्रीकृष्णले अर्जुनलाई सुभद्रा हरण गर्ने आशय दिनुभयो । उहाँको आशय पाएर अर्जुनले एक दिन राम्रो अवसर पारी सुभद्रालाई हरण गरे । त्यो देखेर बलरामलाई हाम्रो अपमान गर्ने भनी क्रोध उठ्यो । उनी सारा कौरवकुल ध्वस्त गराउँछु भनी कटिबद्ध भए । उनलाई भगवान् श्रीकृष्णले धेरै तरहबाट सम्झाई शान्त गराउनुभयो । त्यसपछि यादवहरूले द्वारकामा फर्काई ल्याएर विधिपूर्वक अर्जुन र सुभद्राको विवाह गरिदिए । विवाह भएको केही दिनपछि अर्जुनको वनवासको समय थोरै नै बाँकी थियो । उनी बाँकी रहेको समयलाई पुष्कर क्षेत्रको यात्रामा व्यतीत गराई सुभद्राका साथसाथै आफ्नो राजधानी खाण्डवप्रस्थमा फर्केर आए । उनी आएको देखेर सारा पाण्डव कुन्तीहरूलाई ठूलो आनन्द भयो । अर्जुनले सुभद्रालाई द्रौपदीसँग लगेर दुई जनाको परस्पर मेल गराई राखे, यादवहरू कहाँबाट आएको असङ्ख्य दाइजो सामान पनि द्रौपदीकै जिम्मा लगाइदिए । त्यसपछि पाण्डवसँग भेट गर्ने इच्छाले नाना प्रकारको सौगात लिई श्रीकृष्ण, बलदेव, सात्यकि, प्रद्युम्न आदि धेरै यादवहरू खाण्डवप्रस्थमा आए । उनीहरूको परस्पर भेट हुँदा उहाँ ठूलो प्रहर्षोत्सव फैलियो । केही दिन बसेपछि बलदेवप्रभृति अरू सबै यादवहरू द्वारकातर्फ फर्के । भगवान् श्रीकृष्णचाहिं प्रेमवश अर्जुनका साथ खाण्डवप्रस्थमै रहनुभयो । यसै बीचमा सुभद्राका गर्भबाट अर्जुनका अभिमन्यु नामक एक परम तेजस्वी पुत्र पैदा भए । फेरि द्रौपदीका गर्भबाट पनि प्रत्येक पाँच पतिका पाँच पुत्र पैदा भए । युधिष्ठिरका पुत्रको नाम प्रतिविन्ध्य, भीमसेनका पुत्रको नाम सुतसोम, अर्जुनका पुत्रको नाम श्रुतकर्मा, नकुलका पुत्रको नाम शतानीक र सहदेवका पुत्रको नाम श्रुताशन राखियो । यी प्रत्येक कुमारहरू कुलोचित संस्कारका साथसाथै क्रमशः बढ्न थाले । यिनीहरूलाई सर्वप्रकारको शिक्षा पनि दिइयो । त्यसले गर्दा प्रत्येक कुमारहरू शूर वीर धनुर्धारी र आफ्ना आफ्ना पिताकै सदृश गुणी भएर निस्के ।

भगवान् श्रीकृष्ण खाण्डवप्रस्थमा आफ्ना बालसखा अर्जुनसँग नाना प्रकारको मनेविनोदकारी सुखसयलमा रहनुभएको थियो । यस्तैमा एक दिन गर्मीको याममा

अर्जुनले उहाँलाई शीतल आवहवाको सेवनका निमित्त यमुनाको किनारमा बस्न जाऔं भनी विन्ती गरे । त्यस कुरामा भगवान् पनि राजी हुनुभयो । दुवै जना यमुनाको तटवर्ती रमणीय प्रदेशमा गई भ्रमण गर्न थाले । यसै समयमा उनीहरू दुई जना बसी वार्तालाप गरिरहेको ठाउँमा भर्खर पगालेको सुवर्ण जस्तो पिङ्गल वर्णवाला लामा लामा दाह्रीजुँघा भएका एक उच्च कदका व्यक्तिले आएर भने, "वीर पुरुष हो ! म ब्राह्मण हुँ, मलाई धेरै खानुपर्दछ । त्यसकारण आज तपाईंहरू कहाँ भोजनार्थ आएको छु । म केही खान माग्दछु,, सो पाऊँ ।" अभ्यागतको यो कुरा सुनेर श्रीकृष्ण अर्जुन दुवै जनाले उनलाई भोजन गराउने प्रतिज्ञा गरी. तपाईलाई के खाने इच्छा छ भनी सोधे । सो सुनेर ब्राह्मणले भने, "म अग्नि हुँ, मलाई आजकल अन्न मीठो लाग्दैन । यसकारण खाण्डव वन जलाएर त्यहाँ रहेका जीवजन्तुहरू खान पाए तृप्त हुँदो हुँ कि भन्ने विचार गरेको थिएँ । परन्तु त्यस वनमा इन्द्रको परम मित्र नागराज तक्षक बसेको रहेछ । मैले कति पटक सो वन जलाउने चेष्टा गरँ मित्रको रक्षाका निमित्त इन्द्रले पानी वर्षाई मेरो उद्योग सफल हुन दिनुभएन । यसैकारण आज म तपाईंहरूलाई अलौकिक वीर र दानी पुरुष सम्झी यहाँ आएको हुँ । तपाईंहरू शस्त्रास्त्रले सज्जित भई इन्द्रले यहाँ पानी पनि वर्षाउन नपाउने र यहाँका जीवजन्तुहरू भाग्न पनि नपाउने उपाय गरिदिनुहोस्, यति भएपछि मेरो मनोरथ पूर्ण हुनेछ । यही कुरा म तपाईंहरूसँग माग्दछु ।"

ब्राह्मणरूपधारी अग्निदेवको कुरा सुनेर अर्जुनले भने, "हे वैश्वानर ! तपाईंको इच्छा म पूर्ण गरिदिने थिएँ । तर अहिले मसँग धनुर्बाण, शस्त्र, अस्त्र केही छैन । न मेरो रथ छ, न घोडा छन् । फेरि भगवान् श्रीकृष्णसँग पनि उहाँले चलाउन लायकको कुनै हातहतियार छैन । यस्तो अवसरमा हामी कसरी तपाईंको इच्छा पूर्ण गरौं ।" अर्जुनको उत्तर सुनेर अग्निदेवले झटपट वरुणदेवताको स्मरण गरे । उनले स्मरण गर्नासाथ वरुणदेव पनि उहीं प्रकट भएर मलाई किन सम्झनुभयो भनी सोध्न लागे । त्यसको उत्तरमा अग्निले भने, "हे वरुणदेव ! अघि सोमराजले तपाईंकहाँ नासो राखेको प्रचण्ड गाण्डीव नामक धनु, अक्षय्य (बाणले कहिले रित्तो नहुने) दुई ठोक्रा र कपिध्वज रथसमेत सबै चीज अहिल्यै यहाँ पठाइदिनुपऱ्यो । तिनबाट अर्जुनले आज ठूलो काम गर्नुपर्नेछ ।" यो कुरा स्वीकार गरी वरुणदेव अन्तर्धान भए । केही बेरपछि उनले सर्वदा बाणले भरिइरहने दुई ठोक्रा, गाण्डीव नामक अलौकिक सारवान् धनु, वायुवेगी घोडा लागेको वानरको झण्डावाल रथ र त्यस रथभित्र युद्धका निमित्त चाहिने जति सम्पूर्ण सामान समेत ल्याएर अर्जुनलाई

सुम्पिदिए । उसै बेला अग्निदेवले पनि भगवान् श्रीकृष्णलाई सुदर्शन चक्र र कौमोदकी नामक गदा ल्याई यो चक्र र गदा शत्रुका उपर प्रहार गरेपछि त्यसको नाश गरेर मात्र तपाईंको हातमा आउँनेछ भनी चढाए ।

अग्निदेवलाई खाण्डववन जलाउने आवश्यक परेको कारण के थियो भने, अघि श्वेतकि नामक राजाको ठूलो यज्ञ भएको थियो । त्यस यज्ञमा शिवजीको वरप्रसादले अग्निदेवका उपर बाह्र वर्षसम्म अटुट घृतधारा पान गर्दा गर्दा अग्निदेवलाई अजीर्ण भई उनी क्षीणकान्ति बनेका थिए । उनमा एक प्रकारको जाड्यसमेत पैदा भएको हुँदा फेरि प्रज्वलित हुने सामर्थ्यसमेत हराइसकेको थियो । उनको त्यो अवस्था देखेर सो अजीर्ण शान्तिका निमित्त ब्रह्माजीले अनेक औषधियुक्त खाण्डववन जलाई जङ्गली जन्तुको मांस भक्षण गर्नु भन्ने आज्ञा दिनुभएको थियो । यसै कारण उनी सो वन जलाउँदा कैयौं पटक व्यर्थ प्रयत्न भएकाले श्रीकृष्ण र अर्जुन भए ठाउँमा उपस्थित भएका थिए ।

गाण्डीव धनु पाएपछि प्रसन्नतासाथ रथमा सवार भएर अर्जुनले अग्निलाई भने, "भगवान् ! अब तपाईं निर्भयतासँग खाण्डव वनको चारैतर्फ आफ्ना लपलपायमान ज्वाला फैलाइदिनुहोस् । यो रथ र यस धनुका प्रभावले म तपाईंको मनोरथ पूर्ण गराउन समर्थ भएँ । अब तपाईंले कसैसँग भय राख्नु पर्दैन । अर्जुनको यो कुरा सुनेर अग्निदेवले प्रचण्ड रूप धारण गरे । उनको कराल ज्वालाले खाण्डववनलाई चारैतर्फबाट घेऱ्यो । उनी आफ्ना सातै जिह्वा फैलाएर जङ्गली औषधि र जन्तुहरूको ग्रास गर्न थाले । त्यस वनमा भएका जीवजन्तुहरूको विचित्र दुर्दशा भयो । के पशु, के पक्षी, के सिंह, के हात्ती, के गैंडा, सारा प्राणीहरू अग्निको असहनीय ज्वालामा होमिएर पिल्सिन र खरानी हुन थाले । तलाउहरूको पानी छड्केर क्वाथ हुन थाल्यो । तरुलताहरू अगुल्टाको रूपमा चटचटाकर शब्द निकाल्न थाले । भूभिवरमा रहने कीट, सरीसृप आदि प्राणीहरू पनि भित्रभित्रै गुम्सिएर कवाफ बन्न थाले । त्यस वनमा रहने कुनै प्राणी पनि भाग्न पाउँदैनथ्यो । भगवान् श्रीकृष्ण र अर्जुन वनको चारैतर्फ घुमेर सबैलाई रोक्तथे । विस्तार-विस्तार अग्निको प्रचण्ड ज्वाला प्रलयकालको दृश्य देखाउन हो कि भनेझैं उर्लेर मेघमार्गलाई अतिक्रमण गर्दै देवतागणलाई समेत ताप गराउन थाल्यो । देवताहरू हाहाकार मच्चाउँदै सुरराज इन्द्रका समीपमा खबर दिन पुगे । इन्द्रलाई पनि आफ्नो मित्र तक्षकको चिन्ताले ग्रस्त गरायो । उनी खबर पाउनासाथ सारा मेघमण्डलीलाई जम्मा गरी मुसलधारे पानी वर्षाएर अग्निदेवको शमन गर्ने चेष्टामा लागे । परन्तु त्यस बेला कसको के जोर चल्दथ्यो ? इन्द्र जति पानी

वर्षाउँथे उति आकाशैमा अग्निदेवको ज्वालाले सोसी तल ओर्लन पाउँदैनथ्यो । सोसिन नपाएर जमिनतर्फ झर्न लागेको जति जलधारा थिए तिनलाई पनि वीर अर्जुनले बाणैबाणको बाँध बाँधी आकाशैमा रोकिदिए । एक बुँद जलसम्म पनि खाण्डववनभूमिमा पर्न पाएन ।

भाग्यवश यस बेला नागराज तक्षक त्यहाँ थिएनन् । उनी कार्यवश कुरु क्षेत्रमा गएका थिए । परन्तु उनका पुत्र अश्वसेन त्यहीं खाण्डवमा बस्तथे । उनले त्यहाँबाट भाग्न भनी कैयौं पटक चेष्टा गरे, तर उनलाई अर्जुनले रोकेर निस्कन दिएनन् । आखिर उनलाई बचाउनानिमित्त उनकी माताले निलेर पेटमा पुऱ्याई भाग्ने यत्न गरिन्, तैपनि उनी उम्कन सकेनन् । माताको मुखबाट निलिन बाँकी रहेको उनको पुच्छर देखेर भाला प्रहार गरी काटिदिए । पुत्रको यो अवस्था देखेर तक्षकपत्नी साह्रै विह्वल भइन् । सहसा उनको मुखबाट 'पापी अर्जुन ! तिम्रो पनि भारी बेइज्जत भइहालोस्' भनी सरापको वचन निस्क्यो । उनको त्यो दशा देखेर इन्द्रको हृदयमा ठूलो चोट लाग्यो । उनले स्वयम् क्रोधान्ध भएर अर्जुनका उपर बाणको वृष्टि गर्न थाले । विस्तार-विस्तार इन्द्र र अर्जुनमा नै घोर युद्ध हुन थाल्यो । त्यस युद्धमा इन्द्रले अनेक चेष्टा गरी केही बेरका निमित्त अर्जुनलाई रोकेर अश्वसेनलाई भाग्ने मौका दिलाए । पुच्छर काटिएको पुत्रलाई लिएर तक्षकपत्नी भागिन् । अश्वसेनको ज्यान बच्यो । परन्तु आफूलाई त्यसरी अलमल्याएर अश्वसेनलाई भगाएको देख्ता वीर अर्जुनलाई खपिसक्नु भएन । उनले आफूलाई सराप परेको पनि थाहा पाएनन् । उनी अग्निमाथिको दोस्रो प्रलयकालीन अग्नि जस्तो हुँदै इन्द्रका उपर नाना शस्त्रास्त्रको प्रयोग गर्न थाले । यो पिता पुत्रको युद्ध थियो । कुनैभन्दा कुनै कम थिएनन् । उनीहरूको युद्धले भयङ्कर रूप धारण गऱ्यो । उता बिजुली चम्कन्छ, उता बज्रको मुटु फोर्ला जस्तो आवाज सुनिन्छ । उता मेघहरू परस्पर ठक्कर लागेर घनघोर गर्जन निकाल्दछन् । एक छिनपछि अर्जुनले वायव्यस्त्र प्रहार गरेर सारा मेघमण्डललाई यत्रतत्र गराई आकाशमण्डललाई साफ मैदान बराबर तुल्याइदिए । आखिर इन्द्रको पनि केही लागेन । उनी स्वयम् लाचार भएर खाण्डवदाही अग्निको शमन गर्ने कार्यबाट बिरत भए । खाण्डववन सारा जलेर भस्म हुन मात्र बाँकी थियो, यसै बेला एक अत्यद्भुत रूपशाली दानव आएर अर्जुनका शरणमा पऱ्यो । त्यस दानवको नाम मय थियो । धेरै दिनदेखि त्यो तक्षकको घरमा बस्तथ्यो । त्यो श्रीकृष्णको सुदर्शन चक्रका भयले खाण्डववनबाट बाहिर निस्कन नसकेर अर्जुनको शरणापन्न भएको थियो । त्यसलाई शरणमा आएको देखेर अर्जुनको मनमा दया

आयो । उनले त्यस मय दानवलाई भगवान् श्रीकृष्णसँग बक्साई अभय दिएर सजीव छोडिदिए । अग्निदेवले पनि उनीमाथि आफ्नो ताप फैलाएनन् । अन्त्यमा यस भयङ्कर अग्निकाण्डबाट तक्षकपुत्र अश्वसेन, मय नामक दानव र मन्दपाल नामक ऋषिका पक्षिशावकको रूपमा रहने चार पुत्र मात्र बचे । अरू सकल जीवजन्तु, वृक्ष, तला, वनस्पति स्वाहा भए । पन्ध्र दिनतक खाण्डववनमा त्यो अग्निकाण्ड भइरह्यो ।

खाण्डव दाह गर्दा नाना जङ्गली जीव जन्तु र दिव्यौषधि खान पाउनाले अग्निको अजीर्ण शान्त भयो । उनी तृप्त र प्रसन्न भएर श्रीकृष्ण र अर्जुनका पराक्रमको प्रशंसा गर्न थाले । यता अग्निदेवलाई तृप्त गराउन पाएकोले भगवान् श्रीकृष्ण र अर्जुनलाई पनि परम आनन्द भयो । यसै बेला अग्निदेवले अर्जुनलाई तिमी महादेवको तपस्या गरी आग्नेय, वायव्य, पाशुपत इत्यादि नाना दिव्यास्त्र प्राप्त गर्नेछौ भन्ने वर दिए । भगवान् श्रीकृष्णलाई पनि तपाईंको र मेरो मित्रता कहिल्यै नटुटोस् भन्ने वर चढाए । त्यसै समयमा इन्द्रले पनि स्वयम् उहीं उपस्थित भएर श्रीकृष्ण र अर्जुनको नाना प्रकारले प्रशंसा गरे । यति भएपछि इन्द्र र अग्नि दुवै जनासित बिदा भई स्व स्व स्थानमा गए । श्रीकृष्ण र अर्जुन पनि मय दानवलाई साथमा लिई फेरि यमुनाको किनारमा आएर विहार गर्न थाले । यसै बीचमा एक दिन सुअवसर पाएर मय दानवले अर्जुनसँग हात जोडेर विनति गऱ्यो, "वीर शिरोमणि पाण्डव ! तपाईंले क्रुद्ध भइरहेको अग्निदेव र श्रीकृष्णबाट मलाई बचाउनुभयो । तपाईंकै कृपाले गर्दा म बाँचेको हुँ । यसकारण मैले यस उपकारको प्रत्युपकार पनि अवश्य तपाईंलाई चढाउनुपर्दछ । आज्ञा होस्, म कुन कुराले तपाईंको सेवा गरूँ ? हामीभन्दा ठूलो भएर हामीलाई वर अथवा हामीले गरेको उपकारको बदला चुकाउन खोज्दछौ भन्ने आज्ञा नहोस् । म प्रसन्नता र प्रेमका साथ तपाईंले इच्छा लागेको कुरा चढाउन तयार छु । मबाट तपाईंले केही लिनैपर्दछ । दानवकुलको विश्वकर्मा (कर्मी) हुँ । अरू केही नभए पनि मेरो सीपको काम ता अवश्य तपाईंले स्वीकार गर्नैपर्दछ ।" यो सुनेर अर्जुनले भने, "दानवराज ! कालको मुखबाट तिमीलाई बचाएको पुरस्कारमा मैले तिमीसँग केही लिनु ता उचित थिएन, तर तिम्रो आग्रहले र तिमीलाई चिरकालसम्म ऋणी बनाएर राख्न अनुचित हुनाले म तिम्रो कुरामा सहमत छु । तिमी भगवान् श्रीकृष्णलाई प्रिय लाग्ने उहाँबाट आज्ञा भएको काम गरिदेऊ ।" अर्जुनको यस्तो आदेश पाएर मयले श्रीकृष्णसँग प्रार्थना गऱ्यो । श्रीकृष्णले पनि केही बेर विचार गरी उसलाई भन्नुभयो, "शिल्पकर्म विशारद दैत्यराज ! तिमी मेरो प्रिय गर्न चाहन्छौ भने

महाराज युधिष्ठिरका निमित्त तिमीले खाग गराएको खाण्डववनको पवित्र भूमिमा आजतक संसारभरमा कतै नदेखिए नसुनिएको र भविष्यमा पनि हजारौं यत्न गर्दा समेत कसैले बनाउन नसकिने यस्तो आत्यद्भुत परमरमणीय एक सभाभवन बनाइदेऊ ।" भगवान् श्रीकृष्णको यो आज्ञा पाएर मय दानव प्रसन्नतासाथ सो सभाभवन तयार गर्ने प्रबन्धमा लाग्यो । श्रीकृष्ण र अर्जुन पनि पाण्डवराजधानी खाण्डवप्रस्थतिर प्रस्थित भए । उनीहरूले सो खाण्डवदाहको सारा वृत्तान्त र मय दानववाट सभाभवन तयार हुन लागेको कुरा समेत महाराज युधिष्ठिरलाई सुनाए ।

॥आदिपर्व समाप्त॥

□□□

सभापर्व

भगवान् श्रीकृष्ण र अर्जुनसँग बिदा भएर हिंडेको दानवराज मय पूर्वोत्तर प्रदेशतिरको बाटो गरी कैलाशको उत्तर भाग मनाक पर्वतको समीपवर्ती एक ठूलो पर्वतमा पुग्यो त्यो दानवकै राज्य थियो । त्यहींनेर बिन्दु सरोवरको नगिचै उहिल्यै दानवहरूले बडो भारी यज्ञ गरेका थिए । त्यस यज्ञका निमित्त बनाएको सभामण्डपको आश्चर्यजनक सारा सामान त्यहाँ राखिएका थिए । दानवराज मयले त्यहींबाट आफूलाई चाहिएबमोजिमको सामान ल्याएर खाण्डवप्रस्थमा खचित गरायो । सामान देखेर महाराज युधिष्ठिर अत्यन्त आनन्दित भए । उनले दानवराजको ठूलो प्रशंसा पनि गरे । त्यसको केही दिनपछि सभाभवन बनाउने काम आरम्भ भयो ।

एक शुभ दिनको मुहूर्तमा सभाभवनका निमित्त पाँच हजार गज लम्बा र त्यत्ति चौडा जमिन नापिएर त्यसमा भगवान् श्रीकृष्णको इच्छानुसार कोही देवताहरू लायकका, कोही मनुष्यहरू रहने किसिमका, कोही दैत्यका निवास योग्य, सुनौला, अत्यन्त उच्चा वृक्षसमानका खम्बावाला मणि रत्नादिले जडिएका मन्दिरहरूको परिवेष्टित भएको अद्‌भुत सभामण्डप बन्न थाल्यो । उसमा नाना प्रकारका स्फटिक, मणि-माणिक्यहरूले खचित भएको सभामण्डपको छाना लगाइयो । मण्डपको बीचमा स्फटिकको सिँढीदार रत्नजडित वेदिकाले सुशोभित स्वच्छ जलको एक सरोवर तयार गरियो । मण्डपको चारैतर्फको भूमिमा कमल वनले परिपूर्ण भएको स्वच्छ जलमय खाबा खनी उसको वरिपरि किनारभर छायादार वृक्षश्रेणी र सुगन्धित पुष्पवाटिकाहरू बनाइए । त्यसले गर्दा जलज र स्थलज पुष्पहरूको सुगन्धमिश्रित वायु सारा सभामण्डपलाई सुगन्धित गराउन लाग्यो । अरू पनि जो जो सामानको आवश्यकता थियो ती सामानहरू ल्याएर यथास्थानमा राखिए ।

यस प्रकारसँग सभाभवन बन्दै थियो, यस्तैमा एक दिन भगवान् श्रीकृष्णले महाराज युधिष्ठिरसँग द्वारका जाने इच्छा प्रकट गर्नुभयो । स्नेहवश पाण्डवहरू उहाँलाई अरू केही दिन आफैंसँग राख्न इच्छा गर्दथे तापनि सो उहाँको

इच्छालाई अन्यथा गर्न सक्तैनथे । उनीहरूले भगवान्लाई कठिनतासाथ बिदा गरे । उनीहरूसँग बिदा भई नाना प्रकारका मङ्गलका साथ भगवान्ले खाण्डवप्रस्थबाट प्रस्थान गर्नुभयो । उहाँको सवारी द्वारका पुगेपछि द्वारकावासी र उहाँको परिवार हरूले ठूलो आनन्दोत्सव मनाए ।

यता सभाभवन बनाउने काम लगातार चौध महिनासम्म चलिरह्यो । पन्ध्र महिनाको आरम्भमा दानवराज मयले सभाभवन तयार भयो भनी महाराज युधिष्ठिरलाई सूचना दियो । सूचना सुनेर युधिष्ठिरको मनमा अत्यन्त हर्ष भयो । उनले दानवराजको ठूलो प्रशंसा गरे । त्यसपछि उनले दूरदूर देशसम्मका ब्राह्मण, ऋषि, मुनिहरूलाई निमन्त्रण गरी शास्त्रको विधिपूर्वक त्यस मण्डपको प्रतिष्ठा गरे । त्यस प्रतिष्ठाको समयमा ब्राह्मणवर्गले गरेको स्तुतिपाठ, मङ्गलविधान, नृत्य, गीत, वाद्य आदिको शब्दले आकाश गुञ्जायमान भयो । प्रतिष्ठाकर्मको अन्त्यमा निमन्त्रितवर्गलाई यथोचित आदर, सत्कार, पूजनादिद्वारा महाराज युधिष्ठिरले सभामा प्रवेश गरे । त्यो सभाभवनको अलौकिक निर्माणकला देखेर आश्चर्यपूर्वक शिर नहल्लाउने कोही भएन । सारा लोक त्यस मण्डपको अपूर्व रचनाको प्रशंसा गर्दथे । महाराज युधिष्ठिर सभाभवनका बीचमा रहेको रत्नसिंहासनमा विराजमान हुनासाथ उनका उपर चारैतर्फबाट पुष्पवृष्टि भयो, जयजयकार ध्वनिले दिशाहरू गुँजे । त्यसपछि सिंहासनबाट ओर्लेर महाराज युधिष्ठिर सभामण्डपको चारैतर्फ घुम्दै नाना प्रकारका मनोहर दृश्य हेर्न लागे ।

यस समयमा एकाएक आकाशमा केही खलबल जस्तो सुनिन लाग्यो । मानिसहरू पनि उतै दृष्टि दिएर प्रतीक्षा गर्न थाले । विस्तार-विस्तार कोही दिव्य पुरुषहरूको समुदाय तलतिर आउन लागेको देखियो । अन्त्यमा महात्मा देवर्षि नारद केही ऋषिमुनिहरूसाथ आउनुभएको रहेछ भनी सबैले चिने । एक छिनपछि देवर्षि नारद महाराज युधिष्ठिरको समीपमा उपस्थित भए । उनलाई देख्नासाथ महाराजले अर्घ्य पाद्यादिले पूजा गर्दै सभाभवनभित्र लगी सुखासनमा राखे । केही बेरतक यताउताका कुरा र धर्मसम्बन्धी कथा-कहानीहरू भएपछि देवर्षि नारदले महाराजलाई अनेक धार्मिक उपदेश दिँदै भने, "महाराज ! तपाईंको यस सभाको समान अर्को सभा मनुष्यलोकमा मैले आजतक कहीं देखे सुनेको थिइनँ । यो केवल देवसभाको साथ तुलना गर्न योग्य रहेछ । यसलाई देखेर म बहुतै प्रसन्न भएँ । मैले इन्द्रको सभा देखेँ, कुबेरको सभा देखेँ तर यत्तिको रमणीय सभा कुनै छैन ।" यति भनेर देवर्षि नारदले, यी प्रत्येक सभाहरूका सदस्य यक्ष, राक्षस, देव, गन्धर्व, ऋषि, मुनि, राजर्षिहरूको वर्णन पनि सुनाए । सबैभन्दा पछि उनको

मुखारविन्दबाट सुरेन्द्रसभाका मुख्य महापुण्यवान् राजा हरिश्चन्द्रको चर्चा निस्कन लाग्यो । उनले हरिश्चन्द्रको विषयमा बाल्यावस्थादेखि लिएर स्वर्गारोहणपर्यन्तको हाल सुनाए ।

देवर्षि नारदको मुखबाट महाराज हरिश्चन्द्रको वर्णन सुनेर युधिष्ठिरलाई आश्चर्य लाग्यो । उनले भने, "भगवान् ! महाराज हरिश्चन्द्रले त्यस्तो अद्भुत पुण्य के गरेका थिए । कुन पुण्यका प्रभावले उनलाई इन्द्रको अर्धासन मिल्यो ? सो पनि सुन्न पाऊँ । नारदले भने, "महाराज ! हरिश्चन्द्रका पुण्यको वर्णन गरिसक्नु नै कठिन छ । उनले सातै द्वीपपर्यन्तको पृथ्वीलाई जितेर ठूला-ठूला राजर्षिहरूले गर्न योग्य भएको राजसूय नामक यज्ञ गरेका हुन् । सो यज्ञ जसले गर्न सक्तछ त्यसले अन्त्यमा इन्द्रपद प्राप्त गर्दछ ।" यति भनेर देवर्षि त्यहाँबाट बिदा भए ।

देवर्षि नारद बिदा भएपछि राजसूय यज्ञको महिमा सुन्नाले महाराज युधिष्ठिरको मन दोलायमान भएर उठ्यो । उनी राजा हरिश्चन्द्रको आश्चर्यजनक उद्योग सो उद्योगको साफल्यमा जतिजति विचार गर्दथे उतिउति उनको इच्छा प्रबल भएर उठ्तथ्यो । यसै कारण उनी त्यस बेलादेखि राज्यको काममा बहुतै ध्यान दिन लागे । उनीदेखि सारा प्रजाहरू प्रसन्न छँदै थिए तापनि आफ्ना कल्याणका उपर ध्यान दिइन लागेको देखेर प्रजाको मन पूर्णतया भक्तिभावले भरिन लाग्यो । यस कामका अतिरिक्त महाराज युधिष्ठिरले नाना प्रकारका पुण्यकर्महरू पनि गरे । यस प्रकारले शासन गर्दा थोरै कालमा नै महाराज युधिष्ठिरको राज्य उन्नतिको उच्चकोटिमा प्राप्त भएको देखियो । आफू जस्तिकै धर्मात्मा भीम आदि भाइहरूको अगाध बल, बुद्धि, उत्साह र पराक्रम, महारानी द्रौपदीको सुशीलता, महारानी कुन्तीको शुभ व्यवहार, आफ्ना उपर प्रजाको भक्ति, धर्मपूर्वक उपार्जित भएको असङ्ख्य सम्पत्ति इत्यादि सब कुरा देखेर महाराज युधिष्ठिरको मनमा अब म सब कुराबाट सम्पन्न भइसकैं भन्ने लाग्यो । उनले सोही अनुकूलको समय पारेर एक दिन आफ्ना भाइहरूसँग चिरकालदेखिको इच्छा अर्थात् राजसूय यज्ञ गर्नाको मनसुवा प्रकट गरे ।

महाराज युधिष्ठिरको राजसूय यज्ञ गर्ने इच्छा देखेर सारालाई हर्ष लाग्यो । मन्त्रीहरूले भने, "महाराज ! क्षत्रियमा जस्तो बल वीर्य हुनुपर्दछ सो भएपछि राजसूय यज्ञ गर्न केही कठिन छैन । अहिले पृथ्वीतलका धेरै राजाहरू हजुरको अधीन भइसकेका छन् । जो नभएका छन् तिनीहरूलाई पनि परास्त गरेर वशमा ल्याउन सक्ने एक से एक पराक्रमी भाइहरू हुनुहुन्छ । यसकारण हजुरबाट राजसूय यज्ञ गरिबक्सिनामा केही चिन्ता राखिबक्सनुपर्दैन । यज्ञको

आरम्भ गरिबक्सियोस् ।" मन्त्रीहरूको यो कुरा सुनेर भीम आदि चार भाइहरूले पनि आफ्ना आफ्ना बल वीर्यको प्रभावले हजुरको इच्छा पूर्ण गराउँला भनी सङ्कल्प उठाए । अरूअरू विद्वान् विचारवान् पुरुषबाट पनि महाराज युधिष्ठिरलाई राजसूय यज्ञ गर्नामा सम्मति मिल्यो । सो कुरामा सम्मति नदिने कोही भएन । यसले महाराज अत्यन्त आनन्दित भए ।

पाण्डवहरू बाल्यावस्थैदेखि भगवान् श्रीकृष्णलाई अत्यन्त चाहन्थे । उहाँको सम्मतिविना उनीहरू कुनै ठूलो कार्यमा पनि हस्तक्षेप कहिल्यै गर्दैनथे । यसकारण आज यो राजसूय यज्ञको महान् उद्योगका निमित्त उनीहरूले भगवान् श्रीकृष्णको सम्मति लिनु परमावश्यकै थियो । यही विचार गरेर महाराज युधिष्ठिरले एक दिन श्रीकृष्णलाई ल्याउनानिमित्त एक रिसल्ला पठाए । त्यसबाट खबर पाउनासाथ भगवान् पनि शीघ्र नै खाण्डवप्रस्थमा आउनुभयो । उहाँको दर्शन पाएपछि महाराज युधिष्ठिरले भने, "भगवान् ! तपाईं मानुषिक सम्बन्धले भाइ हुनुहुन्छ तापनि हामीले तपाईंलाई आजसम्म आफ्नो इष्टदेव जानेर आएका छौं । हाम्रो हरएक विषयमा तपाईंको सदुपदेश र सहायताले कतैबाट असाफल्य आएको छैन । यसकारण आज मैले आफ्नो चिरकालदेखिको इच्छा गरी त्यस विषयमा यथायोग्य उपदेश पाउनाका निमित्त कष्ट दिएँ । यसमा क्षमा राखेर मलाई यथार्थ उपदेश दिनुहुन्यैछ । मेरो मनमा राजसूय यज्ञ गर्ने इच्छा लागेको धेरै समय भयो । परन्तु आफ्नो समय सबैतिरबाट असल भएको नदेखी मैले यो इच्छा प्रकट गर्न सकेको थिइन । आज भाइहरू पनि सबै तरहबाट समर्थ भएका, राज्यको स्थिति पनि अनुकूल हुँदै आएकाले मैले भाइहरू र मन्त्रीवर्गमा समेत आफ्नो इच्छा प्रकट गरैं । उनीहरू सबैले मलाई राजसूय यज्ञ गर्ने सम्मति दिए । परन्तु उनीहरूमा कोही बन्धुत्वको हेतुले गर्दा मेरो विरुद्ध बोल्न चाहँदैनन्, कोही स्वार्थवश भएर खुशामदीपनाले मेरो कुरामा सही थाप्तछन् । तर यथार्थमा हृदयैदेखि निष्पक्षपात गरेर मलाई यथोचित सल्लाह दिने तपाईं एउटा हुनुहुन्छ । जसरी हुन्छ उसरी मेरो चिन्ता शान्त होओस् ।"

श्रीकृष्णले भन्नुभयो, "महाराज ! तपाईं अत्यन्त गुणवान् हुनुहुन्छ यसकारण तपाईं हरतरहबाट राजसूय यज्ञ गर्न सक्नुहुन्छ । अधिअधिको समयमा कोही धनको बलले, कोही बाहुबलले, कोही प्रजापालनले, कोही तपस्याको बलले साम्राज्य प्राप्त गरेर समस्त भूमण्डलको सम्राट् बन्दथे । उनीहरूको अगाडि सारा माण्डलिक राजा शिर झुकाउँथे । अहिले तपाईंमा ता यी सबै गुण एकत्रित देखिन्छन् । यसकारण तपाईंलाई सम्राट् हुनु ता सहजै छ । परन्तु अहिलेलाई

यसमा एक ठूलो बाधा छ । पहिले त्यसैलाई दूर गर्नु आवश्यक छ । सो बाधा के भने, परम प्रतापी मगध-नरेश जरासन्धको प्रभावले गर्दा आसपासका राजाहरू थर्थर काँपिरहेका छन् । जरासन्धसँगको युद्धमा जति भागेका थिए, तिनीहरू सबैको यही अवस्था छ । जो उनको अधीनमा छन् ती उनलाई नजिती हाम्रा अधीनमा आउन सक्दैनन् । अघि हाम्रा मामा दानवराज कंसले यादवहरूका उपर घोर अत्याचार गर्न आरम्भ गरेका थिए । उनीहरूको उद्धार निमित्त मैले मामालाई मार्नुपऱ्यो । अहिले मेरा माइज्यूहरू मेरा कर्तव्यले गर्दा विधवा भएर बसेका छन् । ती उनै मगधराज जरासन्धका ज्वाइँ थिए । आफ्ना ज्वाइँलाई मारिदिएकाले त्यस बेलादेखि उनी मसँग अत्यन्त क्रुद्ध भइरहेछन् । तिनैको पीरले गर्दा मैले आफ्ना सकल यादवहरूका साथ मथुरा छोडेर द्वारकामा बस्नुपरेको हो । कहिलेकाहीं उनको उपद्रवबाट बच्नका निमित्त मैले द्वारकालाई पनि छोडेर अन्यत्र रैवतक पर्वतको कुशास्थली नामक एक सुदृढ किल्लामा समेत बस्नुपऱ्यो । महाबली शिशुपालसमेत उनीसँग युद्धमा हारेर उनको सेनापति भएर बसेका छन् । तपाईंका पिता (पाण्डु) का परम मित्र यवन-नरेश भगदत्त पनि आजसम्म जरासन्धलाई कर दिँदैछन् । यति भएर पनि नपुगी मगधराज जरासन्धले कैयौं राजाहरूलाई जितेर आफ्ना राज्यको महादेवको मन्दिरमा बलि दिन भनी कैद गरी राखेका छन् । यसकारण वर्तमान समयका निमित्त यी महाबली जरासन्धलाई नजिती कोही सम्राट् बन्न सक्तैन । सम्राट् नबनी राजसूय यज्ञ पनि हुन सक्तैन ।"

युधिष्ठिरले भने, "भगवान् ! मैले तपाईंबाट उचित सल्लाह पाएँ । आजसम्म मगध-नरेश जरासन्ध त्यस्ता छन् भन्ने मलाई थाहा थिएन । तपाईंलाई उनले त्यस्तो दुःख दिँदा पनि मलाई खबर दिनुभएन । नत्र उसैबेला आफ्ना भाइहरू पठाई उसको घमण्ड टुटाउने थिएँ । तर गएको कुरा गरेर केही लाभ छैन । अब मलाई आज्ञा होस्, यस विषयमा के गर्नुपर्दछ ?" युधिष्ठिरको यो कुरा सुनेर श्रीकृष्णबाट उत्तर नदिँदैमा भीमसेनले आफ्नो बाहुबल, अर्जुनको अस्त्रशिक्षा र श्रीकृष्णका बुद्धिबलको प्रशंसा गर्दै जरासन्धलाई जित्ने भार हाम्रो जिम्मामा रहोस् भनी कुम ठोके । उनीपछि अर्जुनले भने, "वीरता, यश, बल र आफ्नो पक्षसमेत लिने मुख्य गाउनु कठिन कुरा हो । तर ईश्वरको कृपाले हामीले यी सबै कुरा पाएका छौं । हजुरको यश छ, माहिला दाज्यैको बल छ, मसँग शस्त्रविद्याको अगाध वीरता छ, भगवान् श्रीकृष्णको सागर गम्भीर बुद्धि छ । यति सामान [illegible], पनि हामीले त्यसको उपयोग नगर्नु अल्सीले कानमा तेल हालेर बस्नु जस्तै हो । यसकारण हामी तीन जना भएर जरासन्धलाई जितेर आउँछौं । हामीलाई यस काममा आज्ञा मिलोस् ।"

श्रीकृष्णले भन्नुभयो, "हे धर्मनन्दन ! अर्जुनले वीरोचित कुरा भने । चाहे आज, चाहे भोलि या अहिले वा भरे, मनुष्यको मृत्यु अवश्यम्भावी छँदैछ । युद्धबाट भागे पनि कोही अमर रहन सक्ने होइन । यदि दुवै पक्षको बल समान रहेछ भने बुद्धिमान् पुरुष त्यस अवस्थामा चतुऱ्याइँपूर्वक काम लिएर जितबाजीलाई हस्तगत गराउँछ । शत्रुपक्ष कमजोर रहेछ भने सहजै जित्तछ । अधिक बलवान् शत्रु रहेछ भने प्राणै समर्पण गरेर परत्रका निमित्त अमर यश स्थापना गरेर जान्छ । अहिले म विचार गर्दछु, जरासन्ध कोहीले जित्न सकिने पुरुष होइनन् । सीधा चालले उनलाई जित्न कठिन छ । यसकारण कोही चतुऱ्याइँबाट काम लिन सकेको खण्डमा हामी उनलाई जित्न सक्नेछौं । यदि त्यति गर्दा पनि हाऱ्यौं भने हामीलाई स्वर्गप्राप्ति हुन्यैछ । किनभने हाम्रो उद्देश्य अत्युत्तम छ, म नीति जान्दछु, अर्जुन शस्त्रविद्यामा निपुण छन्, भीमसेनको बाहुबल हाम्रो सहारा छ । हामी गुप्त रीतले जरासन्धको राजधानीमा घुसेर उनलाई युद्धका निमित्त निमन्त्रणा गरौं । बलको नशामा चूर भएर उनी अवश्य भीमसेनका साथ मल्लयुद्ध गर्न तयार हुनेछन् । त्यस बेला हामी भीमसेनको रक्षा गरौंला । यसरी युद्ध गरेपछि भीमसेनले अवश्य नजिती छोड्नेछैनन् । यसमा अरू तर्कवितर्क गर्ने कुरै केही छैन । अब चाँडै नै हामीलाई आज्ञा दिनुहोस् ।" यो सुनेर युधिष्ठिरलाई अत्यन्त आशा र हर्ष भयो । उनले श्रीकृष्णको प्रशंसा गरी आफ्ना दुवै भाइका साथ जरासन्धसँग युद्ध गर्न जाने आज्ञा दिए ।

भगवान् श्रीकृष्ण, भीमसेन र अर्जुन तीनै जनाले ब्रह्मचारी ब्राह्मणको भेष धारण गरी खाण्डवप्रस्थबाट प्रस्थान गरे । बाटामा अनेक आमोदप्रमोदका वार्तालाप गर्दै यस पटक जरासन्ध मारिनेछ भन्ने निश्चयले मगधदेशमा पुगे । राजा जरासन्धको राजधानी एक प्रकारको दूर्ग जस्तै थियो । जो कोही मनुष्य सहसा उहाँ घुम्न पनि पाउँदैनथ्यो । नगरको समीपैमा एक चौतारामाथि अघि कुनै समयमा मरेको कुनै बलवान् दानवको छालाले मोरेका तीन ओटा नगरा राखेका थिए । उनीहरू प्रत्येक जनाले प्रत्येक नगरा ठोकेर पहिले नगरवासीहरूलाई जनाउ दिए । त्यसपछि उनीहरू नगरका चौकिदारहरूलाई भगाउँदै मूल सडकबाट शहरभित्र घुसे । बीचबीचमा फूलमाला, असल खाद्य पदार्थहरू जे जे मिल्दथ्यो ती पनि भोग गर्दै उनीहरू जरासन्धकै राजमहलकै समीपमा पुगे । उनीहरू त्यहाँ पुगेको दिन राजधानीमा अनेक अपशकुन भइरहेका थिए । पुरोहितद्वारा यो खबर जरासन्धकहाँ पुगिसकेको थियो । जरासन्ध त्यसको शान्ति स्वस्ति गरेर एकान्त कोठामा बसिरहेका थिए । यस्तै समयमा श्रीकृष्णसमेत भीम र अर्जुन राजमहलका द्वारहरूबाट जबर्जस्ती घुस्तै उनको समीपमा उपस्थित भए ।

मगधराज जरासन्धलाई अकस्मात तीन जना ब्राह्मण भेषधारी पुरुष आफ्नो अगाडि उपस्थित भएको देखेर आश्चर्य लाग्यो । उनी सहसा आसनबाट उठेर खडा हुँदै अभ्यागत सम्झेर उनीहरूको यथोचित सत्कार गर्न प्रस्तुत भए । परन्तु भीम र अर्जुनले सो सत्कार ग्रहण गरेनन् । उनीहरू चुपचाप खडा भइरहे । श्रीकृष्णले अगाडि सरेर भन्नुभयो, "राजन् ! यी मेरा दुई जना साथीहरूले आज व्रत लिएका छन् । आधा रातभन्दा पहिला यिनीहरू बोल्दैनन्, आधा रात बितेपछि तपाईं यिनीहरूसँग वार्तालाप गर्न सक्नुहोला ।" जरासन्धले यो कुरा स्वीकार गरी उनीहरूलाई यज्ञशालामा सुखपूर्वक राखेर आफ्नो अन्तःपुरमा प्रवेश गरे । आधारात बितेपछि उनले फेरि आएर तीनै जनाको यथोचित सत्कार गर्न खोजे । तर यस बेला पनि उनीहरू दुई जनाले उनका सत्कार ग्रहण गरेनन् । यस्तो अद्भुत घटना देखेर जरासन्धलाई आश्चर्य लाग्यो । उनले भने, "ब्राह्मण हो ! तपाईंहरू को हुनुहुन्छ ? स्नातक ब्राह्मणको नियम ता यो हो कि उनीहरू सभामा जाने बेला बाहेक अरू समयमा लाल पोशाक पहिरँदैनन् । माला चन्दन पनि धारण गर्दैनन् । परन्तु तपाईंहरूको चाल भने उल्टा देखिन्छ । पहिरन भने ब्राह्मणको जस्तो छ । शरीर भने अत्यन्त बलिष्ठ र धनुको ठेलाले चिह्नित छ । यो सब देखेर मेरो मनले तपाईंहरू क्षत्रिय नै हुनुहुन्छ कि भन्ने अनुमान गर्दछ । तपाईंहरूले मेरो नगरमा प्रवेश गर्दा चौतारामा राखेका नगराहरू पनि फोरेर चौतारा पनि भत्काएर आउनुभयो रे भन्ने सुन्दछु । यसको कारण के हो ? फेरि यहाँ आएर मेरो अतिथिसत्कार पनि ग्रहण गर्नु भएन । यो सब कारण स्पष्ट गरेर मलाई भन्नुहोस् ।"

श्रीकृष्णले उत्तर दिनुभयो, "महाराज ! तपाईंले हामीलाई स्नातक ब्राह्मण भनी किन सम्बोधन गर्नुभयो ? ब्राह्मणदेखि अतिरिक्त क्षत्रिय, वैश्यहरू पनि स्नातक हुन सक्तछन् । तर तपाईंले भन्नुभएको पनि ठीक हो । बलले नै क्षत्रियको परिचय दिन्छ । यसकारण आज तपाईं हाम्रा बलको परीक्षा लिनुहोस् । मित्रका घरमा प्रकाशभावले र शत्रुका घरमा गुप्तरूपले जानु भन्ने नीतिको आज्ञा छ । यसकारण शत्रुले दिएको पूजा नलिने नियम पालन गर्दै हामी तपाईंको घरमा आएका हौं ।" यति भन्दा पनि जरासन्धले राम्रो बुझ्न सकेनन् । उनले फेरि भने, "हे स्नातक ब्राह्मणवर्ग मलाई ता आजसम्म थाहा छैन । मैले तपाईंसँग कहिले शत्रुता गरँ ? तपाईंको बिगार पनि मैले केही गरे जस्तो लाग्दैन । तपाईंहरू भुलेर यो कुरा गर्न लाग्नुभएको छैन ?" यो सुनेर श्रीकृष्णले भन्नुभयो, "नृपाधम ! तिमी आफ्नै समान वर्णवाला राजाहरूलाई पशुभैं सम्झी बलिदान गर्न जहाँ तयार भइरहेछौ उहाँ सारा क्षत्रियहरू तिम्रो अपेक्षा शत्रु भए । तिमी आफूलाई क्षत्रियकुलमा सबभन्दा

बलवान् छु भनी सम्झँदा हौ । यो तिम्रो भारी भूल हो । महाराज युधिष्ठिरले यही तिम्रो भ्रम दूर गर्नानिमित्त आज हामीलाई यहाँ पठाउनुभएको छ । अब कि ता तिमी आफूले कैद गरेका सारा राजाहरूलाई छोडेर कुरुराज युधिष्ठिरको अधीनता स्वीकार गर, कि ता हामीसँग युद्ध गर ।"

जरासन्धले भने, "मैले नजितीकन कुनै राजालाई ल्याएर कैद गरेको छैन । यसकारण उनीहरूका उपर आफ्नो मनमाफिक व्यवहार गर्नामा मेरै अधिकार छ । तिमीहरू जुनसुकै राजाले पठाएर आएका भए पनि म तिमीहरूसँग डराउने पुरुष होइन । तिमीहरू प्रत्येकको साथ अलग-अलग भन्दछौ तापनि एकै पटक तीनै जनाका साथ भन्दछौ तापनि म युद्ध गर्न तयार छु ।" श्रीकृष्णले भन्नुभयो, "राजन् ! अन्यायको युद्ध कदापि गर्न चाहँदैनौं । तिमी हामी तीनमा जससँग चाहन्छौ उसैसँग युद्ध गर । भन, हामी तीन जनामा को अघि सरौं ?" यो सुनेर जरासन्धले भीमको मुखतिर हेरेर उनैसँग युद्ध गर्ने प्रतिज्ञा गरे । यथासमयमा युद्धको स्थल नियत गरियो । राजा जरासन्ध मुकुट उतारेर कवच धारण गरी युद्धभूमिमा उपस्थित भए । भीमसेन पनि श्रीकृष्णको आज्ञाअनुसार उहाँ खडा भए । परस्परको मल्ल युद्ध आरम्भ भयो । कुस्तीका पेचदाउहरू जति थिए ती सारा दुवैतर्फबाट प्रयोग गरिए । उसलाई उसले पछार्नामा यथाशक्य उनीहरूबाट यत्न गरियो । दुवै जना एकसेएक बलवान् थिए, कसैलाई कसैले पछार्न सक्तैनथ्यो । दुवै जना आफसमा मुर्मुरिदै सिंहको जस्तो गर्जना गर्दथे । आखिर कुस्तीमा दुवैको बराबरी देखिनाले हार-जित कसैको हुन पाएन । त्यसपछि उनीहरूले घुस्साघुस्सीको घमासान युद्ध आरम्भ गरे । त्यस युद्धमा वज्रकठोर मुष्टीको आवाजले दशै दिशा घन्कन्थे । त्यसपछि उनीहरूको घिच्राघिच्री घच्चाघच्चीको युद्ध भयो । बिस्तारै दुवै वीरहरू क्रोधले पागर भएर भयङ्कर घुस्साबाजी र लातलातको धाराप्रवाह पर्रा छोड्न थाले । खानु-पिउनुविना नै अहोरात्र यस प्रकारको युद्ध भइरह्यो । अन्त्यमा बुद्धिमान् श्रीकृष्णले जरासन्ध अलिअलि थाके जस्तो बुझेर भीमसेनलाई सूचना दिँदै इसाराको तवरबाट भन्नुभयो, "भीमसेन ! थाकेको शत्रुलाई ज्यादा पीडा दिनु उचित छैन ।" यो सुनेर भीमसेनले झन्-झन् क्रुद्ध हुँदै जरासन्धमाथि चोट छोड्न थाले । त्यस बेला जरासन्ध पनि साँच्चै नै धेरै बेरको युद्धले थकित भइसकेका थिए । यस्तै अवसरमा भीमसेनले एकदम आफ्नो सारा बल खर्च गरी जरासन्धलाई उचालेर कैयौं पटक घुमाउँदै जमिनमा पछारेर घुँडा धसीकन कम्मरको हड्डी नै तोडिदिए । त्यहाँपछि जरासन्ध फेरि उठ्न सकेनन् । उनलाई प्राणपखेरुले छोडिदियो ।

त्यति भएपछि श्रीकृष्ण, भीम र अर्जुन तीनै जरासन्धको मृतक शरीरलाई राजद्वारमा लगेर फ्याँकी सरासर जेलखानातर्फ लागे । उहाँ पुगेर उनीहरूले कैद भैरहेका सारा राजालाई छोडिदिए । ती छुटेका राजाहरूले पनि कृतज्ञतासाथ श्रीकृष्ण, भीम र अर्जुनको अनेक प्रशंसा गर्दै महाराज युधिष्ठिरको अधीनता स्वीकार गरी आफ्ना आफ्ना देशको बाटो लिए । त्यसपछि श्रीकृष्णले भयभीत भइरहेका जरासन्धको पुत्रलाई सान्त्वना दिँदै पैतृक सिंहासनमा अभिषेक गरी महाराज युधिष्ठिरको अधीनवर्ती तुल्याउनुभयो । यस प्रकारले कृतकार्य भई तीनै जना जरासन्धको पुत्रले सौगात चढाएका नाना नजरानासमेत लिई रथमा सवार भई खाण्डवप्रस्थमा आए । उनीहरूको मुखबाट जरासन्धको वध र उसले कैद गरेका राजाहरूको मोक्ष तथा ती सबैले आफ्नो अधीनता स्वीकार गरेको सुनेर महाराज युधिष्ठिरलाई अत्यन्त आनन्द भयो । त्यसका केही दिनपछि महाराज युधिष्ठिरले अधीनवर्ती राजाहरूका देशहरूबाट यज्ञका निमित्त धन सङ्ग्रह गर्ने इरादाले आफ्ना चारै भाइलाई दिग्विजयका निमित्त आज्ञा दिए ।

महाराज युधिष्ठिरको आज्ञाअनुसार वीर अर्जुनले उत्तर दिशातर्फ राजाहरूलाई जित्नका निमित्त प्रस्थान गरे । उनी पहिले प्राग्ज्योतिष देशका राजा भगदत्त, उलूक देशका निवासी बृहत्र र काश्मीर देशका क्षत्रिय वीरहरूलाई जितेर आफ्नो वशमा गराउँदै उत्तर कुरु नामक गन्धर्व देशमा पुगे । उनलाई त्यहाँ पुगेको देखेर राजधानीका महाभयङ्कर द्वारपालहरूले आएर भने, "भाग्यशाली अर्जुन ! यो नगरी मनुष्यहरूले जित्न असम्भव छ । यस नगरीमा तिमीले प्रवेशसम्म गर्नु नै तिम्रो वीरताको एक महान् परिचय हो । यस नगरीमा जो जति चीज वस्तुहरू छन् ती सारा मायिक छन् । तिनलाई तिमीले जित्न कठिन छ । यसकारण तिमी युद्धको आग्रहलाई छोड । तिम्रो साहस देखेर हामी प्रसन्न भयौं । तिमी जे चाहन्छौ, भन ।" यो सुनेर अर्जुनले भने, "म महाराज युधिष्ठिरको साम्राज्य स्थापनाका निमित्त युद्ध गर्दै आएको हुँ । यसकारण तिमीहरू करको रूपमा मलाई केही दिन्छौ भने त्यतिले नै मेरो प्रयोजन सिद्ध हुनेछ ।" अर्जुनको यो इच्छा पूर्ण गर्नानिमित्त त्यहाँका मानिसहरूले नाना प्रकारका बहुमूल्य वस्त्र गहना र मृगचर्महरू दिए ।

उता अर्जुन दिग्विजयका निमित्त निस्केकै दिन महाबली भीम पूर्व दिशातिर हिंडेका थिए । उनले त्यसतर्फका पाञ्चाल, विदेह आदि कैयौं देशहरूलाई जित्दै चेदिराज शिशुपालका राजधानीमा पुगेर विश्राम लिए । शिशुपालले पनि उनलाई

मित्रताको तवरबाट ठूलो सत्कार गर्दै आफैंआफ महाराज युधिष्ठिरको अधीनता स्वीकार गरेर भने, "महाबाहु ! तपाईंको के इच्छा छ, जो आज्ञा गर्नुहुन्छ सो गर्नामा म तयार छु ।" भीमसेनले भने, "म महाराज युधिष्ठिरको आज्ञाअनुसार पूर्व देशका सारा राजाहरूलाई अधीनवर्ती गराई कर असूल गर्नानिमित्त हिँडेको हुं ।" यो सुन्नासाथ शिशुपालले उनलाई अनेक पदार्थहरू करको रूपमा दिई विदा गरे । यसपछि भीमसेन कोशलनरेश बृहद्बल, काशिराज, राजेश्वर, त्रथ आदि अनेक पूर्वदेशीय राजाहरूलाई जित्ते रत्न, चन्दन, अगरु, वस्त्र, मणि, मोती, कम्बल, सुन, चाँदी आदि अनेक वस्तु करको रूपमा लिएर फर्के ।

यस्तै गरी वीर सहदेव पनि ठूलो सैन्य साथ लिएर दक्षिण दिशाका राजाहरूलाई जित्नानिमित्त हिँडेका थिए । उनले मथुरानरेश, मत्स्यराज, कुन्तिभोज आदि मित्र राजाहरूलाई राजसूयको खबर दिँदै धेरै धन द्रव्य जम्मा गरे, त्यसपछि उनी किष्किन्धा नामक वानरको राजधानीमा पुगे । उनको त्यहाँका निवासीहरूसँग लगातार सात दिनतक युद्ध भयो । परन्तु त्यस युद्धमा उनले शत्रुहरूलाई अलिकति पनि थकित गराउन सकेनन् । तथापि उनीहरूले सहदेवको वीरतादेखि प्रसन्न भएर भने, "तिमी जो काम गर्न चाहन्छौ त्यसमा हामी विघ्न पार्ने चेष्टा गर्दैनौं । यसकारण तिमी हामीलाई नजितीकन पनि करको स्वरूपमा यहाँका असङ्ख्य रत्नहरू लगेर धर्मधुरन्धर महाराज युधिष्ठिरकहाँ चढाइदेऊ ।" किष्किन्धावालाहरूको यस उक्तिले सहदेवको मन प्रसन्न भयो । उनले त्यहाँ पाएका रत्नहरू लिएर त्यहाँबाट प्रस्थान गरे । त्यसपछि उनले समुद्रकच्छ देशमा आफ्नो शिविर खडा गरेर त्यहाँ बसीबसी दूतद्वारा द्रविड, कलिङ्गपुरी, यवनपुर आदि देशका राजा र पुलस्त्यनन्दन विभीषणहरूबाट नाना प्रकारका रत्न, सुन, चाँदी आदि उपहार असूल गरी त्यहाँबाट फर्के ।

एवम् रीतसँग महाबली नकुलले पनि पश्चिमदेशीय राजाहरूलाई जित्नाका निमित्त प्रस्थान गरेका थिंए । उनको सबभन्दा पहिले रोहितक देशका निवासी मयूरगणहरूसँग घोर युद्ध भयो । उनले तिनीहरूलाई जितेर अनेक द्रव्य करस्वरूपमा सङ्ग्रह गरे । त्यसपछि उनै जैरीष नामक मरुदेश र महेश्वर नामक धन्यधान्यसम्पन्न देशहरूलाई आफ्नो अधिकारमा लिँदै दशार्ण, शिवि, त्रिगर्त आदि कैयौं देशमा समेत विजयी बनेर अन्त्यमा यादवहरूसँग कर उठाउँदै फर्के ।

यस्तै गरेर कसैले प्रेमपूर्वक, कसैले लाचारीसाथ महाराज युधिष्ठिरको अधीनता स्वीकार गरी नाना द्रव्य रत्नादिले उनको भण्डार भरिदिए । ती सबै अधीनवर्ती राजाहरूलाई आफ्नै साथ लिएर भीम, अर्जुन, नकुल र सहदेव चारै

भाइहरू खाण्डवप्रस्थमा दाखिल भए । उनीहरूको त्यो पराक्रम देखेर महाराज युधिष्ठिरलाई परम आनन्द भयो । उनको यज्ञका निमित्तको सारा सामान पनि पूर्ण भयो । यति भएपछि सारा मित्रहरूले महाराज युधिष्ठिरलाई अब चाँडै नै राजसूय यज्ञको प्रारम्भ गर्नुपर्दछ भन्ने सम्मति दिए । त्यसपछि महाराज युधिष्ठिरको निमन्त्रणा पाएर भगवान् श्रीकृष्ण पनि हजारौँ यदुवीरहरूका साथ पिता वसुदेवलाई चतुरङ्गिणी सेनाको सेनापति गराएर नाना प्रकारको उपहार लिई खाण्डवप्रस्थमा आउनुभयो । उहाँको आगमनले पाण्डवहरूलाई ठूलो आनन्द भयो । उनीहरूले स्वागत गर्दै सैन्यसमेत उहाँलाई सुखपूर्वक राखे ।

यसपछि एक दिन आफ्ना चारै भाइ र पुरोहित धौम्यजीका सामने महाराज युधिष्ठिरले श्रीकृष्णसँग भने, "वासुदेव, तपाईंको अनुग्रहले गर्दा आसमुद्रान्त पृथ्वीका राजाहरू मेरो अधीनमा भइसके । अब म तपाईंको भरोसामा भाइहरूका साथ राजसूय यज्ञ गर्न चाहन्छु । यसकारण कामको आरम्भमा मलाई अनुमति दिएर कृतार्थ गराउनुहोस् ।" यो सुनेर श्रीकृष्णले युधिष्ठिरको प्रशंसा गर्दै भन्नुभयो, "महाराज ! यो राजसूय यज्ञ गर्न तपाईं नै योग्य हुनुहुन्छ । तपाईं प्रसन्नतासाथ यज्ञको दीक्षा लिनुहोस् । म तपाईंलाई यज्ञमा हरतरहबाट सहायता दिन तत्पर रहनेछु । तपाईंको यज्ञ समाप्त भयो भने बहुतै कृतार्थ पनि हुनेछु ।" श्रीकृष्णको यो अनुमति पाएर उसै बेलादेखि युधिष्ठिरले आफ्ना भाइ सहदेव र मन्त्रीवर्गलाई ब्राह्मणहरूको आज्ञाअनुसार यसको सामान तयार गर्ने आज्ञा दिए । भोलिपल्टदेखि सारा सामग्री तयार हुन लाग्यो । सबै कुरा ठीक भएपछि सहदेवले खबर दिए ।

शुभ मुहूर्तमा यज्ञको काम आरम्भ भयो । उसमा स्वयम् महर्षि द्वैपायन ब्रह्मा बने, धनञ्जय नामक ऋषि सुसामा बनेर सामगान गर्न थाले । ब्रह्मानिष्ठ याज्ञवल्क्य, वसुका पुत्र पौल र धौम्य दुई जना होता भए । धौम्यका शिष्यहरू सदस्य बने । यज्ञको विषयमा हुनुपर्ने इन्तिजाम सबै ठीक भएपछि स्वस्तिवाचन आरम्भ भयो । महाराज युधिष्ठिरले सकल परिवार र भ्रातृवर्गसमेत भई सङ्कल्प गरे । त्यसपछि यज्ञशालाको शास्त्रोक्त विधिअनुसार पूजा भयो । अनि महाराजको आज्ञाले योग्य शिल्पीहरूद्वारा निमन्त्रित ब्राह्मणवृन्दका आवासगृह, यज्ञीय सामग्री राख्ने घर इत्यादि विधिपूर्वक तयार गरिए । त्यति भएपछि शीघ्रगामी दूतहरूद्वारा देश-देशका सम्बन्धीवर्ग, राजा, महाराज, सेठ, साहूकार र अरू चारै वर्णका मानिसहरूसमेतलाई निमन्त्रणा पठाइयो ।

विस्तार-विस्तार निमन्त्रितवर्गहरू खाण्डवप्रस्थमा उपस्थित हुन थाले । भीष्म, द्रोण, धृतराष्ट्र, विदुर, कृपाचार्य, दुर्योधन इत्यादि ज्ञातिवर्गलाई स्वयम् नकुलले

गएर आदरपूर्वक बोलाई ल्याए । सिन्धु-नरेश जयद्रथ, सपुत्र राजा द्रुपद, सपुत्र विराट, सपुत्र शिशुपाल, बलराम आदि यादवगण, काश्मीर-नरेश, सिंहल-नरेश इत्यादि अनेक गण्यमान्य पुरुषहरूले खाण्डवप्रस्थ खचाखच भयो । ती हरएकले महाराज युधिष्ठिरका निमित्त आफ्नो आफ्नो देशको बहुमूल्य वस्तुहरू ल्याएर चढाए । ती सबैको खानपान सेवा-शुश्रूषाका निमित्त अधिबाटैदेखि पूरा प्रबन्ध भइरहेको थियो । सारा मानिसहरू जम्मा भइसकेपछि महाराज युधिष्ठिरले भीष्म आदि कौरवहरूलाई भने, 'तपाईंहरूसँग मेरो प्रार्थना छ । मेरा उपर कृपा राखेर यस यज्ञमा मेरो दौलतबाट जे जति काम गर्नुपर्छ सो गरिदिनुहोला । सो मेरो सम्पत्तिको सर्वाधिकारी तपाईंहरू नै हुनुहुन्छ । तपाईंहरूको तजबिज ।' यो सुनेर साराले एक-एक कामको जिम्मा लिए । दुःशासनले खुवाउने पियाउने सामानको भण्डारको काम रोजे । अश्वत्थामा ब्राह्मणहरूको सेवा सत्कारको काममा खटिए । धृतराष्ट्रपुत्रहरू र सञ्जय राजा-महाराजहरूको सेवा गर्ने काममा नियुक्त भए । दुर्योधन ठाउँठाउँबाट आएको सौगात बुझेर त्यसबाट काम-काममा खर्च गर्ने खजाञ्ची बने । कृपाचार्यलाई जुहारतहरूको हेरविचार भिक्नु इत्यादि गर्ने काम मिल्यो । भगवान् श्रीकृष्णले आफ्नो इच्छाअनुसार ब्राह्मणहरूको पाउ धुने काम लिनुभयो । भीष्म र द्रोणाचार्य सबैका अध्यक्ष बनेर केवल हेरविचार गर्ने काममा लागे । धृतराष्ट्र, विदुर आदि बूढाहरू सर्वोच्च अध्यक्ष बनेर निकासा दिने काममा रहे ।

यथासमय ब्राह्मणहरूले नियमपूर्वक महाराज युधिष्ठिरलाई यज्ञको दीक्षा दिए । त्यसपछि धर्मराज युधिष्ठिर हजारौं ब्राह्मण, भाइ, मित्र, सम्बन्धी, सजातिवर्ग र अधीनवर्ती राजाहरूले परिवेष्टित भएर मूर्तिमान् धर्मझैं यज्ञशालाको मध्यवर्ती मुख्य वेदीमा विराजमान भए । उनका चारैतर्फ नारदादि अनेक ऋषिमुनिहरू यथास्थानमा बसेर मन्त्रपूर्वक धर्मराजलाई अभिषेक गर्न थाले । सो काम सकिएपछि केही बेरतक यज्ञका विषयमा अनेक बातचितहरू भए । तदन्तर कुरुश्रेष्ठ भीष्मले सभाको बीचमा खडा भएर भने, 'अब निमन्त्रित राजावर्गको यथायोग्य सत्कार गर्नुपर्दछ । आचार्य, ऋत्विक्, सम्बन्धी, स्नातक, राजा, मित्रवर्ग या सबैको यथायोग्य सत्कार गरौं । सबभन्दा पहिले आजको यस सभामा जो सर्वश्रेष्ठ पुरुष ठहर्दछ उसलाई अर्घ्य दिएर सत्कार गर्नु उचित छ ।' यो सुनेर धर्मराजले भने, 'पितामह ! हजुरै हुकुम होस् । हजुर यहाँका सबै पुरुषहरूमा कसलाई सर्वश्रेष्ठ पुरुष सम्झिबक्सिन्छ । हामी उनैको अग्रपूजा गर्दछौं ।' भीष्मले एकक्षण भर विचार गरेर भने, 'धर्मराज ! यस यज्ञको विषयमा भगवान् श्रीकृष्णले तिम्रो ठूलो उपकार

गर्नुभएको छ । बुद्धि, बल, पराक्रममा पनि उहाँ नै सर्वश्रेठ हुनुहुन्छ । यसकारण मेरो विचारमा अग्रपूजा उहाँलाई नै मिल्नु उचित देख्छु ।" भीष्मको यो कुरा सुनेर सहदेवले तुरुन्त शास्त्रोक्त रीतअनुसार श्रीकृष्णलाई अर्घ्यप्रदान गरे । भगवान्‌ले पनि यथाविधि सो अर्घ्य ग्रहण गर्नुभयो । त्यसमा एक चेदिराज शिशुपालसिवाय अरू कसैले चुँ तक बोलेन । शिशुपाल एकाएक क्रोधले अधीर भएर उठे । उनले त्यत्रो सभामा श्रीकृष्ण र पाण्डवहरूको तिरस्कार गर्दै भने, "अए पाण्डवहो ! यस सभाका अनेक गन्यमान्य राजा-महाराजाहरू छँदाछँदै कृष्णलाई अग्रपूजा दिनका कारण के हो ? यस पूजाको योग्य उनी कसरी ठहर्दछन् ? फेरि भीष्मले के विचार गरेर तिमीहरूलाई यो सम्मति दिनुभयो ? पहिले कृष्ण राजा नै होइनन् । यदि यादवहरूमा श्रेष्ठ हुन् भने उनका पिता वसुदेव र ज्येष्ठ भ्राता बलदेवहरू छँदै उनलाई यो पूजा प्राप्त हुनै सक्तैन । यो बिलकुल खुशामदीपनासिवाय केही देखिँदैन । कृष्ण सदा तिमीहरूको हाँमा हाँ मिलाउने हुनाले आज यो काम भएको बुझिन्छ । यदि आत्मीय सम्झेर उनको पूजा भएको हो भने पाण्डवहरूका परम आत्मीय र उपकारी राजा द्रुपद, आचार्य कृपहरूको किन अग्रपूजा नहुनु ? यदि कृष्ण नै यस यज्ञमा आचार्य हुन् भने महर्षि द्वैपायनको कामै के रह्यो ? मान्यका निमित्त गर्ने हो भने द्रोण, कृप, अश्वत्थामा, भीष्म, दुर्योधन, कर्ण यिनीहरूको पूजा किन भएन ?"

पाण्डवहरूलाई यति भनेर चेदिराज शिशुपालले श्रीकृष्णतिर कटाक्ष गर्दै भने, "भीरु ! कृष्ण आज भारी बेकूफ भएर पाण्डवहरू यसो गर्न लागिरहेछन् । तर तिमी के विचार गरेर यो अर्घ्य लिन्छौ ? मालिकको आँखा छलेर कुकुरले यज्ञको घिउ चाट्तछ र आफैं आफूलाई खूब सम्झन्छ । तिम्रो पनि यही चाल देखिन्छ । यस पूजाको अधिकारी तिमी कदापि छैनौ । आज झुक्याएर तिमीले यो अर्घ्य लियौ । तर यसमा घमण्ड कदापि नराखे । यसबाट तिमी अरू राजाहरूको अपमान भयो भनी सम्झँदा हौ उनीहरूको केही अपमान भएको छैन । उल्टो तिम्रै गवारपना यसबाट प्रकट हुन्छ ।" यो सुनेर भीष्मले र धर्मराजले शिशुपाललाई श्रीकृष्णका अनेक गुणगान गर्दै धेरै सम्झाए, तथापि उनी चुप लागेनन् । उनी अरूअरू राजाहरूलाई समेत भड्काउँदै भीष्मसँग फेरि भन्न लागे, "भीष्म ! तपाईं तुच्छभन्दा पनि तुच्छ कामका निमित्त श्रीकृष्णको प्रशंसा गर्न लागिरहनुभएको छ । म ता यिनको गुण पुरुषार्थलाई केही पनि सम्झन्नँ । यिनले एउटा चरो (बकासुर), एउटा घोडा (कशी) र एउटा बयल (वृषासुर) लाई मारेको हो, यसमा के आश्चर्य ? फेरि जुन महाबली कंसका अन्नजलले यिनी बढिएका र पालिएका

हुन् उनै साक्षात् मामालाई यिनले मारे । त्यसले यिनको पुरुषार्थ देखियो कि निमकहरामी देखियो ? स्त्री, गाई, ब्राह्मण, अन्नदाता, शरणागत यस्ता मुनष्यका उपर हतियार चलाउनुलाई माहात्माहरूले ठूलो पाप सम्झेका छन् । त्यही पापा यस कुलङ्गारले गरेको छ । यदि यस्ताको पनि तपाईं प्रशंसा गर्नुहुन्छ भने तपाईंले कुरुकुलको गौरवलाई नै पातालमा धसिदिनुभयो । यसको बदलामा यहाँ कैयौं कुलीन राजाहरू छन् । उनीहरूको प्रशंसा तपाईं किन गर्नुहुन्न ? यदि साँच्चिकै यसको पक्षमा तपाईं उठ्नुहुन्छ भने याद गर्नुहोला सिंहको दाँतमा अड्केको मासुको टुक्रा खान खोज्ने गिद्धझैं तपाईंको कदापि कल्याण हुने छैन । यी यहाँ रहेका वीर राजाहरूकै कृपामा अहिलेसम्म तपाईंको जीवन अवलम्बित छ ।"

यो सुनेर महाबली भीमसेनलाई असह्य भयो । उनी लाललाल नजर गर्दै शिशुपालका उपर झम्टन मात्र आँटेका थिए । उनलाई पितामह भीष्मले रोकेर शिशुपाललाई भने, "चेदिराज ! म सम्झन्छु, अब हत्तपत्त यो झगडा शान्त हुने ढङ्ग छैन । जुन कृष्णको हामी पूजा गर्दछौं उनैको तिमी अपमान गर्दछौ । उनी टाढा पनि छैनन्, नगिचै खडा छन् । यदि तिमीमा केही दम छ भने तुरुन्त खडा होऊ । उनीसँग लडेर आफ्नो वीरता देखाऊ ।" यो सुनेर शिशुपाल झन् जङ्गिदै श्रीकृष्णतिर फर्की भन्न लागे, "ए जनार्दन ! आ मसँग युद्ध गर् । जरासन्धले तँलाई दास सम्झेर भीमसँग युद्ध गरेथे र उस बेला बचिथिस् । आज मेरा हातबाट तँ कदापि उम्केर जान पाउनेछैनस् ।" श्रीकृष्णले मधुर स्वरमा भन्नुभयो, "सभामा रहेका राजेन्द्रगण हो ! यस दुर्बुद्धि शिशुपालले कैयौं पटक मेरो अपमान गरिसक्यो । मसँग शत्रुता राख्यो । परन्तु मैले यसकी मातासँग 'तिम्रो छोराको कडाभन्दा कडा सय अपराधसम्म सहुँला' भनी प्रतिज्ञा गरेको थिएँ । आज यसका सयभन्दा अधिक अपराध पुगिसके । अब म यसको इतिश्री नगरी छोड्दिन ।" यति भन्दाभन्दै श्रीकृष्णले आफ्नो सुदर्शन चक्र प्रहार गरी शिशुपालको शिर काटिदिनुभयो । शिर काटिनासाथ अपराधी शिशुपाल काटेको रूखझैं जमिनमा गिऱ्यो । सभामा रहेका सारा राजाहरू श्रीकृष्णको कर्म देखेर दङ्ग भए । ब्राह्मणहरू स्तुति गान गर्न थाले । पाण्डवहरू हर्षले नाच्न थाले । अन्त्यमा युधिष्ठिरले आफ्ना भाइहरूद्वारा शिशुपालको अन्त्येष्टि क्रिया गराई उसको पुत्रलाई चेदिराज्यको सिंहासनमा राखे ।

यसपछि कुनै विघ्नबाधा नपरीकन राजसूय यज्ञको काम राम्रैसँग समाप्त भयो । महाराज युधिष्ठिरले अवभृथ स्नान गरे । अनि निमन्त्रित राजाहरू र अरू मित्र, सम्बन्धीवर्गसमेत सबैलाई यथोचित सत्कार गर्दै नाना प्रकारले पुरस्कार

दिएर निज निज देशमा प्रस्थान गर्नानिमित्त बिदा गरे । यसप्रकारले राजसूय यज्ञ समाप्त भएपछि भगवान् श्रीकृष्ण पनि पाण्डवहरूसँग बिदा भई द्वारकातर्फ फिर्नुभयो । यता हस्तिनापुरबाट आएका कौरवहरू पनि सबै बिदा भएर फर्के, खालि दुर्योधन र उनका मामा शकुनि दुई जना मात्र धर्मराजलाई मय दानवले चढाएको सभागृह हेर्न भनी उहीं बसे ।

राजसूय यज्ञोत्सवबाट सबै जना निवृत्त भएपछि राजा दुर्योधन मामा शकुनिलाई लिएर विस्तार-विस्तार मयनिर्मित सभाभवन हेर्दै घुम्न थाले । उनीहरूले त्यस्तो सभा कहिल्यै देखे सुनेका पनि थिएनन् । सो सबै देखेर लोभी दुर्योधनको मनमा पाण्डवहरूदेखिको डाहा उठ्न थाल्यो । उनी त्यस सभामा घुम्दाघुम्दै कतै टक्क अडिन्थे, कतै आश्चर्यसाथ दृष्टि घुमाउँथे । त्यस सभाको एकातर्फ स्फटिकको भूमिमा स्फटिककै पत्रदार प्रफुल्लित कमल देखेर उनलाई जलको भ्रम भयो । उनी यो पानी हो भनेर पोशाक सम्हाल्दै त्यहाँ उत्रन्छन् ता एकदम जमिनमा पछारिए । उनको यो चाल देखेर भीमसेनलाई हाँसो थामीनसक्नु भयो । उनी जोरसित हाँसे । यस्तै अर्को पटक स्फटिकको भित्तामा स्फटिककै द्वार जस्ता बेल बुट्टा काटेको देखेर यो साँच्चिकै ढोका रहेछ भनी दुर्योधन सो ढोका खोल्न जाइलाग्दा भित्तामा ठक्कर खाएर टाउको सुमसुम्याउन थाले । उनलाई रिंगटा पनि लाग्यो । उनी दुनमुनिँदै पछारिन आँटेको देखेर झटपट सहदेवले समाती अड्याए । फेरि एक पटक उनी प्रफुल्लित कमलवनले पूर्ण भएको सरोवरमा पहिले पछारिए जस्तो स्फटिकभूमि सम्झेर सरासर जाँदाजाँदै पानीमा पनि डुबे र उनको सारा पोशाक सचैल स्नान गरे जस्तो भयो । यो देखेर भीमबाहेक, अर्जुन, नकुल, सहदेवले पनि हाँसो रोक्न सकेनन् । उनीहरू पनि जोरसित हाँस्न थाले । उनलाई महाराज युधिष्ठिरका आज्ञाले एक नोकरले पोशाक ल्याएर फेराइदियो ।

दुर्योधनजस्तो राजाको विचित्र तमासा हुनु एक प्रकारको अपमानै थियो । यसैले उनको चित्त पाण्डवहरूदेखि जलेमाथि झन् जलेर आयो । उनको बुद्धिले पनि ठाउँ छोडिदियो । उनी जता जता जान्छन् उतै जललाई स्थल र स्थललाई जल सम्झेर अनेक ठाउँमा ठक्कर र धोखा खाँदै बल्लतल्ल बाहिर निस्के । उनलाई युधिष्ठिरबाहेक अरू पाण्डवले बीचबीचमा अनेक ठट्टा गरेर पनि उडाए । तर त्यस बेला उनले कसैलाई केही भनेनन्, चुपचाप सहेर निस्के । उनलाई आफ्नो असावधानीदेखि भन्दा पाण्डवहरूको दिल्लगीदेखि साह्रै क्रोध उठिरहेको थियो । उनी मनमनमा- "देखौंला यस अपमानको बदला नलिई छाड्नेछैन" यस्तो विचार गर्दथे । सभाभवन सबै हेरेर निस्केपछि उनी भित्र क्रोधले पूर्ण भए तापनि बाहिरी शिष्टाचार देखाउँदै धर्मराजसँग बिदा भई हस्तिनापुरतिर प्रस्थित भए ।

महात्मा पाण्डवहरूको अतुल महिमा, मान, अनेक राजाहरूको वशवर्तित्व, ऐश्वर्य सभाको अपूर्व शोभा इत्यादि सब कुराले गर्दा दुर्योधनको मन साह्रै नै उदास भइरहेको थियो । उनी बाटामा पनि बडो चिन्तित भावले गइरहेका थिए । उनको यो अवस्थादेखि मामा शकुनिले भने, 'भानिज ! यो कुनचाहिँ फिक्रीको रहमा फालहाल्नुभइरहेछ ? भन्नुहोस् । तपाईं यसरी चिन्ताग्रस्त हुनाका कारण के हो ?' दुर्योधनले भने, 'मामा ! के भनूँ ? आसमुद्रान्त पृथ्वी युधिष्ठिरको वशमा भएको र उनले गरेको इन्द्रको समान यज्ञ देखेर मेरो मन जल्न लागिरहेछ । म भित्रभित्रै यसरी जलिरहेछु । बल्दो आगाको खलियोमा फाल हालेभन्दा अधिक भइरहेछ । विष खाएर मरूँ कि पानीमा डुबेर मरूँ कि के गरेर यो ज्वाला शान्त हुन्छ भनी छटपटाइरहेछु । कुनचाहिँ आत्माभिमानी पुरुष आफ्नो वैरीको बढती र आफ्नो अवनति देखेर सहन सक्ला ? परन्तु मैले अहिले लाचारीसाथ त्यो सबै सहनुपऱ्यो । यस उसले म आफूलाई स्त्री र पुरुष दुवैभन्दा नीच सम्झन लागिरहेछु । यदि म स्त्री हुँदो हुँ ता यस्तो दुर्दशामा पर्न्ये थिइनँ । यदि पुरुष हुँदो हुँ ता यसबाट उद्धार हुने चेष्टा गर्ने थिएँ । युधिष्ठिरको त्यस्तो ऐश्वर्य र आफ्ना उपरको त्यो हँस्सी देख्ता र सुन्दा मेरो चित्त साह्रै व्याकुल भइरहेछ । यसकारण, मामा ! तपाईं मलाई मर्नाका आज्ञा दिनुहोस् । म यहीं एकातिर बेखबरसित मर्दछु । मरेको हाल पिताजीलाई सुनाइदिनुहोला ।'

शकुनिले भने, 'भानिज ! पाण्डवहरूले तपाईंको झैं आधा राज्य पाएका हुन् । उनीहरूले आफ्नो उद्योग र बुद्धिको प्रभावद्वारा त्यस आधा राज्यलाई बढाएर यहाँसम्म विशाल बनाए । यसमा तपाईंले दुःख मान्ने कुरा नै के छ ? तपाईंको अधीर हुने कारण म ता केही पनि देख्तिनँ । यो सब देखेर तपाईंलाई प्रसन्नता हुनुपर्नेमा उल्टो अप्रसन्नता किन भइरहेछ ? तपाईं पनि वीर पुरुष हुनुहुन्छ, तपाईंका सहायकहरू पनि कम छैनन् । आँटेको पक्षमा तपाईं सारा भूमण्डलको ऐकाधिपत्य सहजै लिन सक्नुहुन्छ । यसमा केको फिक्री ? केको सन्ताप ?' दुर्योधनले भने, 'मामा ! यदि तपाईं सल्लाह दिनुहुन्छ भने आफ्ना र तपाईंका मित्रजनहरूको सहायता लिएर अहिले नै पाण्डवहरूलाई जित्तछु । उनीहरू हारेपछि उनका अधीनवर्ती राजाहरू पनि हाम्रै अधीन हुनेछन् । हामीतर्फका हाम्रा छँदैछन् । यसो भएपछि पाण्डवहरूको सारा श्रीसम्पत्ति र सारा राज्य हाम्रै हात लाग्छ ।'

दुर्योधनको यो आग्रह देखेर शकुनिले फेरि भने, 'राजन् ! तपाईंले भन्नुभएको कुरा ठीक हो, तर मित्रवर्गसमेत पाण्डवहरू युद्धमा सामेल भए भने उनीहरूलाई

देवताहरूले पनि जित्न सक्तैनन् । तपाईं हाम्रो त के कुरा ? यस कारण सामान्य युद्धबाट पाण्डवहरूका उपर विजय प्राप्त गर्नु साह्रै कठिन कुरा छ । उनीहरूलाई अर्कै कुनै किसिमको कपटपूर्ण उपायले नै जित्ने चेष्टा गर्नु उचित छ । यदि तपाईंको यही आग्रह दृढ छ भने म एक उपाय बताउँछु सुन्नुहोस् । युधिष्ठिर जुवाका बडा सोखिन छन् । फेरि उनी जुवामा सिपालु पनि छन् । हामी त्यत्तिको पक्का जुवाडे छैनौं । यसकारण उनलाई कहिल्यै पनि जुवामा हामीले जित्न सकेका छैनौं । यसकारण उनलाई जुवामा बोलाएर कुनै कपटी खेल निकाली जित्ने उद्योग गरौं । हामीले जुवामा बोलाएपछि लाजगालले उनी अवश्य खेल्न आउनेछन् । त्यसैमा उनको सारा श्रीसम्पत्ति राजपाठ हात लगाऔंला । परन्तु यस कामका निमित्त तपाईंले पिता महाराज धृतराष्ट्रको मन्जुरी लिनुपर्दछ । उहाँले मन्जुरी दिनुभयो भने हामी भोलिपर्सि नै जुवाको निमन्त्रणा युधिष्ठिरकहाँ पठाउँला ।" दुर्योधनले भने, "मामा ! यस्तो कुरा सहसा पिताजीसँग भन्ने मेरो साहस छैन । यसमा म सर्वथा तपाईंकै भरोसा राख्दछु, तपाईंकै तजबिज ।"

राजधानीमा फर्केपछि एक दिन एकान्तको मौका पारेर शकुनिले धृतराष्ट्रसँग भने, "महाराज ! भानिज दुर्योधन आजकल प्रतिदिन चिन्ताग्रस्त हुनाले अत्यन्त दुर्बल हुँदै जानुभएको छ । उहाँका दुःखका कारण हजुरले सबै बुझेर त्यसको प्रतीकारमा उचित आज्ञा दिनुभए उहाँको चित्त शान्त हुने थियो ।" यो सुनेर धृतराष्ट्रले दुर्योधनलाई बोलाई दुःखको कारण सोधे । उत्तरमा दुर्योधनले भने, "पिताजी ! हामी सदा कातरभैं केवल भोजन वस्त्रले नै सन्तुष्ट भइरहेछौं । तर यस्तो सन्तोषीपनले मानिसको उन्नति कदापि हुँदैन । सन्तोषैले गर्दा राजपाठ धनदौलत सबै गुम्दछन् । वैरीका उपर सदा शान्ति राख्नु कुनै बडप्पनको कुरा होइन । त्यसले मनुष्यको महिमा पनि बढ्दैन । मेरो दुःखको कारण यही छ, जुन दिन मैले धर्मराज युधिष्ठिरको राज्यवैभव र सुखभोगको सामग्री देखेथें, जुन दिन उनका भाइहरूको उद्योग पुरुषार्थद्वारा भएको अलौकिक गौरव मेरो दृष्टिमा परेथ्यो, जुन दिन उनको अद्भुत सभाभवन, राजसूय यज्ञको धूमधाम देखेथें त्यस दिनदेखि मेरो मन साह्रै नै उडिरहेछ । म क्षणभर पनि शान्तिलाभ गर्न सक्तिनँ ।" यो सुनेर धृतराष्ट्रको मन पनि विकल भएर उठ्यो । उनी पनि चिन्ताग्रस्त भएर पुत्रको चित्त बुझाउने उपाय सोच्न थाले ।

शकुनिले भने, "महाराज ! हजुरले भानिजको दुःखमा यसरी ताप लिनु उचित छैन । त्यसको एक उपाय मैले सोचेको छु । सो के भने, युधिष्ठिर जुवाका बहुतै सोखिन छन् । हामी पनि अलि-अलि जुवा खेल्न जान्दछौं । यसकारण उनलाई

जुवामा बोलाऔँ र त्यही खेलमा उनीहरूको राजपाठ, धनदौलत जितौँ । यति भएपछि पाण्डवहरूको भन्दा हाम्रो नै सबै कुरामा उत्कृष्टता हुन गई भानिजको सारा दुःख निर्मूल हुनेछ । यसमा हजुरबाट आज्ञा पाउनाको भानिजलाई ठूलो इच्छा छ ।' धृतराष्ट्रले भने, "हो, यो तिमीहरूको विचार ठीक छ, तर यस विषयमा भाइ विदुर मेरा परम बुद्धिमान् भाइ र मन्त्री हुन् । कार्यको लाभ, हानि उनी जतिको विचार गर्न सक्दछन् त्यो कसैले गर्न सक्तैन ।' दुर्योधनले भने, "पिताजी ! काका विदुर हृदयदेखि पाण्डवहरूको असल चाहनुहुन्छ । हामीसँग जो उहाँको प्रेम छ, त्यो केवल देखौवा मात्र छ । यसकारण यो जुवाको विषयमा उहाँको सम्मति लिनु म उचित ठान्दिनँ । यदि हजुरबाट अहिले मेरो मन माफिक काम गर्नामा आगापिछा गरिबक्सियो भने म शपथ दिएर भन्दछु, भोलिदेखि हजुरको जेठो छोरो संसारमा रहनेछैन । यो निःसन्देह छ ।"

दुर्योधनको हठ देखेर धृतराष्ट्र साह्रै सङ्कटमा परे । उनलाई दुर्योधनको चित्त बुझाउन कठिन भयो । उनले हुन्छ त जुवाको घर तयार गर्न लगाऊ भनी दुर्योधनलाई पठाए । तर उनी पनि एक बुद्धिमान् पुरुष थिए । उनलाई जुवाबाट हुने अनेक अनर्थको एक-एक ज्ञान थियो । अतएव उनको चित्तले यस विषयमा विदुरको सल्लाह नलिई मानेन । उनले दुर्योधनले थाहा नपाउने गरी विदुरलाई बोलाएर सल्लाह गरे । बुद्धिमान् विदुर जुवामा सल्लाह कहिले दिन सक्तथे ? उनले यस जुवाबाट तपाईंका छोरा र भतिजाहरूको घोर विरोध नफैलिइछोड्नेछैन । त्यसको परिणाम अत्यन्त डरलाग्दो र पश्चात्तापको कारण हुनेछ भनी अनेक तरहबाट सम्झाए । दुर्योधनलाई पनि बोलाएर अनेक दृष्टान्त दिँदै उनले भने -

जुवा खेल्नु खराब हो यसमहाँ देखिन्न क्यै मङ्गल
नष्ट-भ्रष्ट भए यसै व्यसनले ऐश्वर्यशाली नल;
तस्मात्तात् ! नराख यो हठ तिमी प्रत्यक्ष दुष्कर्मको,
होला दुःसह दुर्विपाक पछि ता यो दुःखको द्वार हो ।

धृतराष्ट्रले भने, "भाइ ! म के गरूँ । जुवा खेल्नु अकर्तव्य हो भन्ने म जान्दछु । तर स्नेहवश दुर्योधनको चित्त कुँड्याउन म सक्तिनँ । यसैले टारेर टर्ने छैन । सब कुछ दैवको अधीनमा छ । यदि दैव नै हाम्रा उपर प्रसन्न रहेछन् भने यसबाट हाम्रो कल्याणै हुनेछ । मैले जे भए पनि यसमा दुर्योधनको वचन हार्न सकिनँ । जाऊ, तिमी नै गएर युधिष्ठिरलाई जुवा खेल्नानिमित्त निमन्त्रणा देऊ ।"

धृतराष्ट्रको यस कुराले विदुरको मन साह्रै नै खिन्न भयो । उनी दिग्दारीसाथ निस्के । यसपछि धृतराष्ट्रले एकान्तमा दुर्योधनलाई भने, "बाबु ! हेर, विदुर बडा बुद्धिमान् र हाम्रो कुरुकुलको हितचिन्तक हुन् । उनैको बुद्धिबलले गर्दा हाम्रो यहाँसम्म कल्याण भइरहेछ । उनी हाम्रो अकल्याण हुने कुरामा कदापि सम्मति दिँदैनन् । यसकारण अझ पनि भन्दछु जुवा नखेल ।" यति भनेर फेरि विदुरद्वारा पनि धृतराष्ट्रले सम्झाउने चेष्टा गरे । तर दुर्योधनले आफ्नो हठ छोडेनन् । धृतराष्ट्रले लाचारीसाथ चुप लाग्नुपऱ्यो । युधिष्ठिरकहाँ निमन्त्रणा पुग्यो । उनले पनि यस विषयमा आफ्ना भाइ र अरूहरूसँग सल्लाह गरे । विदुरले पनि उनलाई सम्झाए । उनको चित्त बुझ्यो तर अन्त्यमा उनले विचार गरे, "यो महाराज धृतराष्ट्रको इच्छाले भएको काम होइन; केवल दुष्ट दुर्योधनको वचन नाघ्न नसकेर उनले यस काममा आज्ञा दिएका हुन्, तथापि मैले अहिले उहाँ नजानु ठीक होइन, किनभने हामी क्षत्रियहरूको मुख्य धर्म यो हो 'आहूतो न निवर्तेत द्युतादपि रणादपि' हामीले लडाइँमा र जुवामा अर्काले हाँक दिएपछि पछि हट्न उचित छैन ।" यति विचार गरी यथासमयमा भाइहरूका साथ युधिष्ठिरले जुवा खेल्नानिमित्त हस्तिनापुरतिर प्रस्थान गरे ।

हस्तिनापुरमा पुगेपछि महाराज युधिष्ठिर र उनका भाइहरूको धृतराष्ट्र, भीष्म, कर्ण, द्रोण, कृप, अश्वत्थामा इत्यादि सबै बन्धुजनहरूसँग भेट भयो । कौरवहरू सबै खुशी भए । द्रौपदीले पनि दुर्योधनका अन्तःपुरवासिनी देवरानीहरूसँग भेट गरिन् । त्यो दिन परस्परको समागमोत्सवले नै बित्यो । भोलिपल्ट पाण्डव र कौरवहरू दुवै थरी जुवाको घरमा उपस्थित भएर आफ्नो आफ्नो आसनमा डटेपछि शकुनिले युधिष्ठिरसँग भने, "भाञ्जा ! सभामा रहने सारा मानिसहरू तपाईंको बाटो हेरिरहेछन् । अब आउनुहोस्, खेल सुरु गरौं ।" सबैभन्दा अगाडि शकुनिकै जुवामा यस्तो आग्रह देखेर युधिष्ठिरको मनमा सन्देह भयो । उनले भने, "मामाजी ! जुवा त खेलौंला परन्तु यसमा कपट, जालझेल गर्नु बडो पाप छ । फेरि त्यस्तो कपट अथवा पाप गरेर जुवा जित्नु पनि कोही बहादुरीको काम होइन । बेइमानीबाट आएका धनले सुख कदापि हुँदैन । त्यस्तो बेइमान मानिस आफूलाई जस्तोसुकै बडादमी सम्झोस् तापनि प्रशंसायोग्य ठहर्दैन । यस कुराको प्रबन्ध पनि अघिबाटै हुनु उचित छ ।"

शकुनि- हो, बलवान् मनुष्यले कोही दुर्बल मनुष्यलाई मान्यो भने त्यसलाई बेइमान अथवा धूर्त भन्न सकिँदैन । अथवा पण्डितले मूर्खलाई जित्यो भने त्यो पण्डित कदापि धूर्त ठहर्दैन । जुवामा आफूभन्दा जान्ने ठहराएर कपटी भन्नुहुन्छ भने खेल्न आवश्यकै छैन ।

युधिष्ठिर- यदि खेलका निमित्त कसैले बोलाउँछ भने म जरुर त्यसमा सामेल हुन्छु । जुवामा सबभन्दा बलवान् भाग्य नै हुन्छ । भाग्यमा छ भने चाहे जस्तोसुकै कपट गरोस् अवश्य जितै हुन्छ, यसकारण आज म भाग्यकै भरोसामा तपाईंहरूसँग जुवा खेल्न प्रस्तुत छु । मसँग को अघि सर्दछ ? सर्नुहोस् ।

दुर्योधन- युधिष्ठिर ! म आफ्नो राज्य धन सम्पत्ति सारा यस जुवामा खर्च गर्न तयार छु । सो सब दिन्छु । तर म आफ्नो हातले पासा फ्याँक्तिनँ । मामा नै यस काममा मेरो प्रतिनिधि हुनुहुन्छ । उहाँकै हातबाट पासा लडून् ।

युधिष्ठिर- अर्काको वारेस भएर जुवा खेल्नु मेरो विचारमा ता ठीक लाग्दैन । तर तिम्रो त्यस्तो इच्छा छ भने खेल आरम्भ होओस् ।

यति भनेर दुवै गरी जुवा खेल्न तयार भए । भीष्म, द्रोण, कृप, धृतराष्ट्र, विदुर इत्यादि गण्यमाण्य पुरुषहरू पनि वरिपरि बसेर हेर्न लागे । खेल सुरु भयो ।

युधिष्ठिर- भाइ ! दुर्योधन ! लौ मैले यो सुनको मणिजडित आफ्नो हार ठिनी राखेँ । तिमी के राख्तछौ ?

दुर्योधन- लौ म पनि यो एक डिविधाभरको बहुमूल्य मणिको गुच्छा थाप्तछु । यसमा केही परवाह छैन । तिमी नै मार ।

युधिष्ठिर- (पासा फ्याँकेर) लौ हेर, मारा ।

शकुनि- (शकुनिले दाउ हेर्न नपाउँदै पासा टिपेर खिप्तै खूब छिटो हानेर) हेर महाराज ! मारा ।

युधिष्ठिर- (चालबाजी देखेर रिसाउँदै) मामा ! के तपाईं यस्तै चलाकीसँग पासा फ्याँकेर मलाई जितुँला भन्ने ठान्नुहुन्छ ? हुन्छ, लौ, यी मैले आफ्नो अनन्त ढुकुटीमा भएको भारीका भारी सुन थपेँ ।

शकुनि- (पासा फ्याँक्तै) हेर, फेरि पनि मारा, अब के थाप्ने ?

शकुनिको यै चाल देखेर युधिष्ठिरको मनमा विस्तार-विस्तार क्रोध बढ्दै आयो । नबढोस् पनि किन, जति बाजी शकुनिले हान्यो उति बाजी मान्यो । कपटमा पासा बनेका थिए । मार्ने दाउदेखि अरू दाउ पर्दैनथ्यो । तर, धर्मबुद्धि युधिष्ठिरलाई पासा हनाइमा त्यस्तो कपट छ भन्ने हत्तपत्त थाहा भएन । उनी मेरो भाग्य रहेछ भने एक न एक पटक अवश्य नजिती छोड्नेछैन भन्ने विचारले र हार्नाको रिस लज्जा इत्यादिले झन् उत्तेजित हुँदै थपनीको सङ्ख्या बढाउन थाले । उनले आफ्ना रथ, हात्ती, घोडा, दासी, रथी र योद्धाहरूसम्म पनि एक एक गरी थाप्तै लगे त्यो सब शकुनिले जिते ।

अब जुवाले क्रमशः भयङ्कर रूप धारण गर्दै आयो । युधिष्ठिरको सम्पत्ति पनि प्रायः सारा स्वाहा भइसक्यो, यो देखेर महात्मा विदुरको चित्तले मानेन । उनले सहसा सभाका बीचमा धृतराष्ट्रसँग भने, "जस्तो मर्ने रोग लागेको मनुष्यलाई औषधि खान रुच्तैन, त्यस्तै तपाईंलाई पनि मेरो उपदेश नरुचेको होला, तथापि म फेरि एक पटक सम्झाउँछु । जुन पापी दुर्योधन जन्मँदा भयङ्कर अपशकुनहरू भएथे उही दुर्योधन आज हाम्रो कुरुकुलको विनाशमा कारण भएर निस्किरहेछ । मदिराले मदिराबाजको जो दुर्दशा गराउँछ त्यो त्यसले केही सम्झन सक्दैन । यस्तै जुवामा मस्त भएको तपाईंको पुत्र पनि पाण्डवहरूका साथ शत्रुता गर्नाको परिणाम सम्झन सक्तैन । कैयौं राजाहरूले राज्यको काम र आफ्नो रक्षाको निमित्त छोरालाई त्याग गरेका छन् । यसकारण यदि तपाईं पश्चात्तापमा पर्नु नपरोस् भन्ने इच्छा राख्नुहुन्छ भने अहिले बखत छँदैमा यस दुरात्मा पुत्रलाई छोडिदिनुहोस्, तपाईं अहिले पाण्डवहरूको धन पाउने लोभमा फसेर विपत्तिलाई बोलाउन लाग्नुभएको छ । अहिले शकुनि धोखाबाजीसँग जुवा खेलिरहेछन्, यो मैले यथार्थ बुझेको छु । यसकारण यिनलाई पनि तुरुन्त घर जाने आज्ञा दिनुहोस् ।"

विदुरको यो कुरा सुनेर दुर्योधनको कन्सिरी तातेर आयो । उनले भने, "काकाजी ! तपाईं सदा जसको पक्षपात गर्नुहुन्छ त्यो म खूब जान्दछु, निमकहराम पुरुषहरू बहुतै पापी हुन्छन् । तपाईं यस्तै निमकहराप भएर कुन नाकले धर्मको बहाना झिकेर हाम्रो तिरस्कार गर्न चाहनुहुन्छ ? हामीलाई तपाईंले हित-अहितको कुरा गर्ने सरोकार छैन । बुद्धिमानीको घमण्ड राखेर अब यस्तो व्यर्थ उपदेश हामीउपर कदापि नगर्नुहोला ।" यो सुनेर धृतराष्ट्र पनि अकमक्क परे । उनलाई के गर्ने ? के नगर्ने ? यस कुराको होसै भएन । यस्तैमा शकुनिले मौका पारेर भने, "भाञ्जा साहेब ! तपाईंले पाण्डवको सारा सम्पत्ति नष्ट गरिसक्नु भयो । भन्नुहोस्, अब तपाईंसँग केही छ कि छैन ? यदि छैन भने खेल बन्द गरौं ।"

युधिष्ठिर - (क्रुद्ध हुँदै) मामासाहेब ! मसँग धन होओइन भन्ने कुरा किन सन्देह लिनुपऱ्यो ? मसँग अरू पनि बहुतै धन छ ।

यति भनेर युधिष्ठिरले आफ्नो भएभरको सुनाचाँदी, मणि, माणिक्य, भाइ र नोकरचाकरसमेतले शरीरमा पहिरिराखेका गहना थापिदिए । त्यो पनि शकुनिले पासा फ्याँकेर मारा भन्दै सोहोरे । क्रमशः युधिष्ठिरले दाउमा थापेका भीम, अर्जुन, नकुल, सहदेव यी चारै भाइ पनि शकुनिद्वारा जितिए । त्यसपछि शकुनिले भने, "अब

के राख्तछौ ?" युधिष्ठिरले भन्, "मैले आफैंलाई थापैं, लौ हान पासा ।" त्यसपल्ट पनि शकुनिको मुखबाट जोरसाथ माराको आवाज निस्क्यो । अब पाँचै भाइ दुर्योधनको दासत्व जञ्जीरमा बद्ध भए । शकुनिले फेरि भने, "मूर्ख युधिष्ठिर ! तिमी विचार गर्दछौ ? तिमी पाण्डवमा ज्येष्ठ र श्रेष्ठ पुरुष हौ । तिम्री रानी द्रौपदी तिम्रो सम्पत्ति छँदाछँदै आफूलाई किन थाप्यौ । अब द्रौपदीलाई दाउमा राखेर आफूलाई छुटाऊ ।" युधिष्ठिरले क्रोधान्ध भएर भने, "लौ मेरी परमप्रिया लक्ष्मीसमान सुशीला द्रौपदीलाई पनि मैले थापैं, हान पासा ।"

युधिष्ठिरको मुखबाट सहसा यस्तो वाक्य निस्कनासाथ सारा सभा कम्पित भएर उठ्यो । सारा सभासद्हरू उनलाई धिक्कार दिन थाले । युधिष्ठिर अधीनवर्ती जो राजाहरू थिए, तिनीहरू पनि शोकसागरमा डुबे । भीष्म, द्रोण, कृप, अश्वत्थामा आदि महात्मा पुरुषहरूको शरीरबाट पनि पसिना निस्कन थाल्यो । विदुर कपालमा हात राखेर दीर्घ निःश्वास लिन थाले । तर बूढा राजा धृतराष्ट्रलाई भने परम आनन्द भयो । उनी बराबर के जितियो भन्दै सोध्न थाले । उनको खुशी देखेर दुर्योधन, कर्ण, दुःशासनहरू पनि भन् दङ्ग पर्न लागे । शकुनिले द्रौपदी थापेको देख्नासाथ पासा फ्याँके । यस पटक पनि उनैको पौबाह्र पऱ्यो । अब के थियो, दुर्योधन खुशीसाथ उफ्रँदै "लौ ल्याओ, पाण्डवको प्राणप्यारी द्रौपदीलाई सभामा ल्याओ" भन्दै गर्जन थाले । उनले त्यस काममा विदुरलाई नै खटाए । त्यो सुनेर विदुरले भने, "ए, मूर्ख दुर्योधन ! अब तेरा दुर्दिन नगिचै आए । तँ यस कुराको यादै नराखी यसरी उफ्रिन थालिस् । यसैले आज तेरो मुखबाट दुर्वाक्य निस्कन लागिरहेछ । मृग भएर तैंले बाघलाई जिस्क्याइस् । लोभको वशमा परेर मेरो सदुपदेश सुनिनस् । यसबाट तँ अवश्य जान्, वंशसमेत तेरो नाश नभई छोड्नेछैन ।" विदुरको यस उक्तिलाई दुर्योधनले भन् कडा जवाफ दिएर खण्डन गरे । कर्णले पनि त्यसमा सही थापैं गए । अन्त्यमा द्रौपदीलाई ल्याउनानिमित्त कर्णलाई नै अन्तःपुरमा पठाए ।

कर्णले अन्तःपुरमा गएर द्रौपदीसँग भने, "द्रुपदनन्दिनी ! जुवा खेल्दाखेल्दै बौलाहा भएर युधिष्ठिरले तिमीलाई समेत दाउमा थापिदिए । दुर्योधनद्वारा तिमी जितियौ । यसकारण तिमीलाई महाराज दुर्योधनको सभामा ल्याउनू भन्ने हुकुम भएको छ, लौ हिंड ।"

द्रौपदी - सूतपुत्र ! तिमी यो के कुरा गर्दछौ ? कुनै राजा या राजकुमारहरूले आफ्नी स्त्रीलाई जुवामा थापेर खेल्दछन् ? के धर्मराजसँग धनसम्पत्ति केही थिएन र ?

कर्ण - हो, थियो, तर उनले सारा सम्पत्ति, राजपाठ, दासदासी, भाइहरू र आफूलाई समेत हारिसकेपछि तिमीलाई थापेका हुन् ।

द्रौपदी - त्यसो भए तिमी सभामा गएर एक पटक धर्मराजसँग सोधी आऊ, धर्मराजले आफूलाई हारेपछि मलाई थापेको हो कि म हारिएपछि आफूलाई थाप्नुभएको हो ?

कर्णले यो कुरा सभामा गएर बयान गरे । त्यस बेला युधिष्ठिर पागल जस्ता भइरहेका थिए । उनबाट केही उत्तर मिलेन । उनले सो कुरा सुन्दै सुनेन् । तब दुर्योधनले, "त्यहाँ बसेर यो कुरा सोध्ने होइन । तिम्रो जे सोध्नु छ, सभामै आएर सोध्नुपर्दछ भनेर चाँडै द्रौपदीलाई ल्याऊ" भनी फेरि कर्णलाई पठाए ।

कर्णले द्रौपदीसँग गएर दुःखित हुँदै भने, "राजपुत्री ! तिम्रो कुरा मैले सभामा भनँ, तर दुष्ट पापमति दुर्योधनले तिम्रो कुरामा वास्तै राखेनन् । तिम्रा स्वामी धर्मराज यस बेला पागल बनिरहेछन् । उनले पनि केही भन्न सकेनन् । दुर्योधनले तिमीलाई तुरुन्त ल्याउनू भनी फेरि मलाई पठाए ।"

द्रौपदीले भनिन्, "सूतनन्दन ! मेरो भाग्यमा त्यस्तै रहेछ भने भइगयो । संसारमा सबभन्दा ठूलो कुरा धर्म हो । फेरि एक पटक कृपा राखेर तिमीले सभामा सोधिदेऊ । धर्मअनुसार मैले अब के गर्नु उचित छ ?"

यो कुरा कर्णले फेरि सभामा गएर भने । तर सभासद्हरूले दुर्योधनको आग्रह देखेर उनलाई पनि केही भन्न सकेनन् । द्रौपदीको विषयमा पनि अधर्मको भयले उनीहरूको मुखबाट एक वचन निस्कन सकेन । उनीहरू सारालै चुपचाप शिर झुकाए । यो सब देखेर युधिष्ठिरको हृदयमा पनि पूरा चैतन्य भयो र उनले एकान्तमा एउटा दूतलाई बोलाएर भने, "द्रौपदीलाई जे भए पनि सभामा आइदेऊ र ससुराज्यू (काका धृतराष्ट्र) सँग रोऊ, कराऊ भनी सुनाऊ ।" यसपछि कर्णले सभामा भने, "सभासद्हो ! सभामा यसरी चुपचाप बस्नु तपाईहरूको योग्य होइन । भन्नुहोस्, द्रौपदीको सवालमा मैले उनीसँग गएर के उत्तर दिनु ?" दुर्योधनले मेघ गर्जेझैं आफ्नो भाइ दुःशासनतिर फर्केर भने, "भाइ दुःशासन ! यो सारथिको छोरो बिलकुल नासमझको मानिस रहेछ । यो भीमसेनसँग डराएर पछि हट्न खोजेको बुझिन्छ । जाऊ, तिमी आफैं गएर द्रौपदीलाई ल्याऊ । कसैले तिम्रो रौंसम्म टेढो गर्न सक्नेछैन, उठ ।" दाज्यूको आज्ञा पाउनासाथ दुःशासन उठेर दौड्यो । उसले द्रौपदीलाई लाललाल नजर गर्दै लौ चाँडै हिंड भनी लम्की झम्की देखाउन थाल्यो । त्यसको चाल देखेर बिचरी अन्तःपुरनिवासिनी द्रौपदी साह्रै डराइन् । उनको मनमा अब यस बेला मेरो कर्तव्य सासूज्यूको शरण

पर्नु सिवाय केही छैन भन्ने विचार उठ्यो । उनी हत्तपत्त सासू गान्धारीको शरणमा जान भनी दौडिन् ।

एक ता निर्लज्ज, दुष्टबुद्धि दुःशासन, दोस्रो दाज्यू दुर्योधनको अलङ्घ्य शासन लिएर गएको हुनाले उसले द्रौपदीको त्यो भाग्नुलाई देख्न सकेन । उसले क्रोधान्ध भएर पछिपछि दौडँदै द्रौपदीको केशमा पक्रियो । यो देखेर द्रौपदीले केराको पात काँपेझैं काँप्दै नम्रतापूर्वक भनिन्, "दुःशासन ! अहिले म एकवस्त्रा छु । सभामा जान लायकको दोस्रो वस्त्र मेरो आङमा छैन । यस्तो गतिले म कसरी सभामा जाऊँ ?" दुःशासनले भन्यो, "चाहे एकवस्त्रा हौ, चाहे नाङ्गै हौ, तिमी हामीले जुवामा जितेकी दासी हौ । यसकारण तिम्रो आज्ञा पालन गर्न आवश्यक हामीलाई छैन ।" यति भन्दै केशमा समातेर बलैसित घिच्याउँदै दुःशासनले द्रौपदीलाई सभामा पुऱ्यायो । राजसूयको अन्तिम अवभृथ स्नानको जलले पवित्र भएको द्रौपदीको केशलाई दुष्ट दुःशासनको स्पर्शद्वारा त्यसरी कलङ्कित भएको देखेर सभामा बस्ने सारा भलादमीहरू शोकले व्याकुल हुँदै उठे । तर गरुन् के ? त्यस बेला दुर्योधनको विरुद्ध भएर बोल्नु कसको सामर्थ्य ? सारा चुपचाप आँखा छोपेर अधोमुख लाउन थाले । बिचरी महारानी द्रौपदीको शरण कोही भएन । अन्तमा सारा केश फुकेर शरीरमा पहिरेको एकवस्त्रको आधा समेत जमिनमा लत्रिरहेको देखी लज्जा र क्रोधले साह्रै नै विह्वल हुँदै उनी दुःशासनसँग भन्न लागिन्, "दुरात्मा ! यस सभामा इन्द्रसमान पराक्रमी मेरा गुरुजनहरू हुनुहुन्छ । उहाँहरूका सामने तैंले कुन विचार मनमा राखेर मलाई यस अवस्थामा यहाँ ल्याइस् ? यहाँसम्मको साहस कहाँबाट आयो ? यदि देवराज इन्द्रले आएर तेरो सहायता गरुन् तापनि पाण्डुराजकुमारहरूले तेरो यस अपराधलाई क्षमा गर्नेछैनन् । तर मलाई दुःख छ कि तैंले यहाँसम्म गर्दा पनि यस सभामा बसेको कुनै भलादमी बोल्दैन । हाय ! भरतवंशी पुरुषहरूलाई धिक्कार छ । आज क्षत्रिय धर्म नष्ट भइसकेको बुझियो । यसरी कुलको मर्यादा नष्ट भएको देखेर पनि सारा चुपचाप हेरिरहेका छन्, यो कुन सभा हो ? कुन न्याय हो ? कुन नीति हो ? सभासद्हरूबाट म यसको उत्तर पाऊँ ।" यति भन्दै द्रौपदीले आफ्ना पतिहरूको मुखमा हेरिन् ।

पाण्डवहरूलाई राज्य, धन, मान आदि सारा कुरा हार्दा पनि जो पीडा भएको थिएन त्यो द्रौपदीको करुणापूर्ण दृष्टिले गरायो । उनीहरूको हृदयमा एकाएक विषम असहनीय अन्तर्दाहको प्रवाह फुटेर निस्क्यो । उनीहरू भित्रैदेखि जुर्मुराएर उठ्लान् कि भनेझैं गर्न थाले । यता वीरभिमानी कर्ण पहिलेको द्रुपद सभामा

भएको आफ्नो अपमान सम्झेर द्रौपदीको त्यस अवस्थामा झन् हर्ष मनाउन थाले । यसै बेला शकुनि पनि द्रौपदीको अपमानमा सहायता दिन तयार भए । दुःशासन यस्ती दासी, उस्ती दासी भन्दै जोरसित हाँस्न थाल्यो । यो सब देखेर पितामह भीष्मलाई असह्य भयो । उनले द्रौपदीलाई भने, "द्रौपदी ! सभामा कि वस्तै नबस्नु, बसेपछि धर्मको कुरा अवश्यै बोल्नुपर्दछ । यसैले म भन्दछु- एक तरहले पराधीन मनुष्य कुनै चीजलाई आफ्नो धन भनेर जुवामा थाप्न पाउँदैन । अर्को तरहले स्त्रीका उपर स्वामीको हरएक कुरामा सदा अधिकार छ । यसकारण म ता तिमी धर्मअनुसार दुर्योधनले जितिएकी हौ या होइनौ यो निश्चय गरेर भन्न सक्तिनँ ।"

यसपछि द्रौपदीका अपमानबाट क्रुद्ध भएर भीमसेनले दाज्यू युधिष्ठिरलाई यस्तो उस्तो जुवाडे भन्दै तिरस्कार गर्न लागेका मात्र थिए, उनलाई बीचैमा अर्जुनले रोकेर भने, "दाज्यैज्यू ! तपाईले कहिल्यै दाज्यूका उपर यस्तो कटुवाक्य प्रयोग गर्नुभएको थिएन । आज तपाई साह्रै क्रुद्ध हुनुभएको बुझ्दछु । तर क्रोध कसलाई उठेको होइन । मौकाअनुसार बुद्धिमान् मनुष्यले उठेको भए पनि क्रोधलाई दबाएर राख्नुपर्दछ । किनभने दाज्यैज्यूले क्षत्रियधर्मकै अनुसार जुवा खेल्नुभएको हो । उहाँ अहिले धर्मको नियमअनुसार हार मानेर शिर नीचा गरिरहनुभएको छ । यस समयमा हामीले क्रोध निकाल्नु उचित छैन ।" अर्जुनको यो कुरा सुनेर भीमसेन मुर्मुराउँदै लाचारीसाथ चुप लागे । उता दुष्ट दुःशासन द्रौपदीलाई लम्की र झम्की गरिरहेकै थियो, यो देखेर उसको कान्छो भाइ विकर्णको मनमा अत्यन्त दया उठ्यो । उनले भने, "सभासद् हो ! तिमीहरू सारा चुपचाप के हेरिरहेछौ ? द्रौपदीका प्रश्नको किन कोही जवाफ दिँदैनौ ? यो सभाको धर्म होइन । द्रौपदी बराबर रोइरहेकी छन् । बूढापाका भएका धर्मज्ञ कौरवहरू सब चुप छन् । चाहे कोही बोले बोलून् नबोले नबोलून् । मेरो विचारमा त जुवाडेले गरेको काम कदापि सदर हुँदैन । द्रौपदी पाँचै पाण्डवकी पत्नी हुन् । विना सबै भाइको सल्लाह एक्लै युधिष्ठिरले उनलाई कदापि जुवामा थाप्न पाउँदैनन् । यसकारण द्रौपदी जुवामा हारिएकी हुन् भनेर म कदापि भन्न सक्तिनँ ।" विकर्णको पक्षपातरहित कुरा सुनेर दुर्योधनको पक्षका बाहेक अरू सारा सभासद्हरू जमजमाउँदै उठी उनको प्रशंसा गर्न थाले । विकर्णले जो भने त्यो सत्य हो भन्ने कोलाहल निस्क्यो ।

केही बेरपछि कर्णले सभाबाट उठेर विकर्णको हात समात्तै भने, "विकर्ण ! सभासद्हरूको विचार जान्नैका निमित्त यति बेरसम्म सारा कौरववृन्दहरू चुप थिए । तिमी एकदम केटाकेटीपना लिएर सभामा उटपट्याङ कुरा गरी सभासद्हरूलाई

चञ्चल गराइरहेछौ । यो बहुतै अनुचित कुरा हो । युधिष्ठिरले सारा गोस्वारा पाण्डवहरूको सम्पत्ति जुवामा थाप्न पाएपछि द्रौपदीलाई मात्र थाप्न नपाउनु यो कुन न्याय हो ? द्रौपदी खास गरेर युधिष्ठिरले हारेको सदरै ठहदर्छ । यसकारण द्रौपदीका साथ हामीले दासीका समान व्यवहार गर्नामा कत्ति बाधा छैन । हेर पाण्डवहरू पाँचै भाइ यहाँ खडै छन् । उनीहरू समेत केही बोल्न सकेका छैनन् । यदि अन्याय भएको हुँदो हो ता उनीहरू कदापि यसरी चुपचाप सहने थिएनन् । तिमी द्रौपदीलाई एकवस्त्राऽवस्थामा सभामा आउनुपर्दा कति लाज लाग्यो होला भनी दया गर्दा हौ । जसका पाँचपाँचवटा पोइ छन् त्यसलाई संसारका कसको लाज ? दुःशासन ! यी विकर्ण हिजोका बच्चा हुन् पाण्डवहरूको सारा कुरा हामीले धर्मपूर्वकै जुवामा जितेको हो । पाण्डवहरूको दोपट्टा खोस ।"

यो सुनेर पाण्डवहरूले आफ्नो आफ्नो दोपट्टा (पछ्यौरा) उतारी फ्याँकिदिए । द्रौपदीसँग एक सारीसिवाय आँगमा थिएन । उनी त्यै सारी आधा पहिरेर र आधा ओढेर खडा थिइन् । एउटा सारी पनि दुःशासनले छोडेन । सहसा द्रौपदीको सारी समातेर बराबर फुकाउन थाल्यो । अबला द्रौपदीको उससँग जोर के चल्थ्यो ! उनी विह्वल भएर रुन थालिन् । त्यति गर्दा पनि दुःशासनले उनको सारी फुकाउन छोडेन । अन्त्यमा आफ्नो लाज राख्नका निमित्त आर्त भएर द्रौपदीले भगवान् सर्वान्तर्यामी परमात्मास्वरूप श्रीकृष्णको पुकारा गर्दै भनिन् -

जगदीश ! कृपानिधान भो !
अति सङ्कष्टमहाँ परैं प्रभो !
सहसा यसबाट उत्रन,
सकिने छैन कृपा नभैकन ॥

ससुराहरू छन् बुढा बडा,
पति पाँचै जना छन् यहीं खडा ।
तर दीन अनाथिना बनी,
म रुँदीछु सुनिदिन्न क्वै पनि ॥

करुणामय ! यो अनाथिनी,
अबलाले शरणार्थिनी बनी ।
यतिसम्म रुँदा पनि अझ,
चुप छन् हाय ! सभाविसेसब ॥

प्रभु ! हुर्मत राखिबक्सन,
यदि बक्सिन्न भने म दर्शन ।

शरणागत दीनवत्सल !
प्रभुको नाम हुनेछ निष्फल ॥
कुरुराजसभा अभागिनी,
अबलाको करुणोक्ति यही सुनी ।
चुपचाप रहन्छ पो भने,
प्रभुबाहेक शरण्य को हुने ? ॥

करुणामय भगवान्‌को दृष्टि जताततै व्याप्त छ । उहाँको दृष्टिलाई बचाएर कोही कुनै काम गर्न सक्तैन । द्रौपदीको हृदयविदारक पुकारा सुनेर उहाँले उनको सारीलाई जति फुकाए पनि फुकिनसक्ने गराई हुर्मत राखिदिनुभयो ।

दुःशासन द्रौपदीको चीरहरण गर्दागर्दा थकित भएर आसनमा बस्यो । अरू सारा सभासद्‌हरू धृतराष्ट्रका पुत्रहरूलाई घृणा गर्दै ठूलो दुःख प्रकट गर्न थाले । एक क्षणपछि विदुरले सबै कोलाहललाई शान्त गराएर भने, "सभासद्‌हो ! पहिले द्रौपदीलाई युधिष्ठिरले जुवामा थाप्न पाउने हुन् कि होइनन् यस कुराको निर्णय नगरी निरपराधिनी उनीमाथि यो अत्याचार भएको देखेर सभामा बस्नेहरूले चुपचाप हेरिरहनु भारी अधर्म हो । धर्मले देखेको कुरा जोसुकैले पनि सभामा बोल्न हुन्छ ।" परन्तु विदुरको यस कुरामा पनि कोही बोलेन । धृतराष्ट्रका डरले सारा चुपचापै थिए । सहसा दुर्योधनले द्रौपदीलाई भने, "द्रौपदी ! तिमी आफ्नो प्रश्नको उत्तर आफ्नै पतिहरूसँग सोध । उनीहरू जो भन्लान् हामी उही मान्नेछौं । यदि भीमसेन, अर्जुन, नकुल र सहदेवहरू हामी युधिष्ठिरको अधीनमा छैनौं भनेर भन्दछन् भने तिमी हाम्रो दासत्वबाट छुट्न सक्छ्यौ ।"

पाण्डवहरू कोही बोलेनन् । उनीहरूलाई चुपचाप देखेर दुर्योधनको साहस द्विगुणा हुँदै आयो । उनले आफ्नो बायाँ जाँघमा हात राखेर द्रौपदीका उपर अपमानसूचक इसारा गरे । यो देखेर भीमसेनको शरीर क्रोधले काँप्न थाल्यो । उनले सारा सभासद्‌लाई सम्बोधन गर्दै दुर्योधन र दुःशासनतिर क्रोधपूर्ण दृष्टिले हेरी यो प्रतिज्ञा गरे -

पाजी ! हे दुष्ट दुःशासन ! यसरि फुका केश खैंचेर ल्याई,
बोलिस् दुर्वाच्य कृष्णाकन पनि बुझिस् प्यारिका केशलाई,
तेरो छेडेर छाती रगतबिच मुछी बाँधुला, यै गदाले,
तोडुंला टाँग दुर्योधनकन नहि ता भीम नै ह्वैन कैल्यै ।

विदुर - सभासद्हो ! हेर्नुहोस् भीमसेनले बडो भयङ्कर प्रतिज्ञा गरे । यस सभामा एक बिचरी स्त्रीका उपर यो घोर अत्याचार भइरहेछ । मेरो विचारमा त युधिष्ठिरले द्रौपदीलाई जुवामा थाप्ने अधिकारै थिएन भन्ने लाग्दछ । तपाईंहरू चाँडै यस मामलाको निर्णय गरिदिनुहोस् । यस्तो खराब कार्यलाई धेरै बेर बासी रहन दिनु उचित देखिँदैन ।

दुर्योधन - द्रौपदी ! फेरि तिमी आफ्ना पतिहरूसँग सोधिहेर । भीम आदि तिम्रा चार जना पतिहरू युधिष्ठिरको प्रभुता मान्दैनन् भने म तिमीलाई तुरुन्त छोडिदिन्छु ।

अर्जुन - हो, हामी अघि धर्मराजले आफूलाई जुवामा नहारुन्जेलसम्म उहाँ हाम्रो प्रभु हुनुहुन्थ्यो । अब उहाँ आफैँ अर्काको वशमा भइसकेपछि हाम्रा उपर उहाँको प्रभुता कसरी रहन सक्तछ ? यस कुराको विचार कौरवहरू नै गरुन् ।

सभामा यस्तै कुरा भइरहेका थिए । यसै मौकामा बाहिर नाना प्रकारका अपशकुन हुन लागिरहेछन् भन्ने खबर आयो । त्यो सुनेर धृतराष्ट्र डरले काप्न थाले । उनका मनले पुत्र दुर्योधनको अमङ्गलशान्ति र उनको पाप प्रक्षालन गर्ने उपाय सोच्न थाल्यो । उनले सहसा दुर्योधनलाई हप्काउँदै भने, "अरे उद्दण्ड दुर्योधन ! तँ के विचारले पाण्डवकी स्त्रीका उपर सभामा यो दुर्व्यवहार गर्न लागिरहिछस् ? पाजी ! खबरदार ! अब एक वचन बोलिस् भने ।" दुर्योधनलाई यसरी हप्काएर फेरि धृतराष्ट्रले द्रौपदीतिर हेरेर भने, "कल्याणी ! तिमी मेरा बुहारीहरूमध्ये सर्वश्रेष्ठ छ्यौ । तिमी मसँग इच्छा लागेको कुरा माग ।"

द्रौपदी- महाराज ! यदि प्रसन्नतासाथ मलाई वर बक्सिन्छ भने मेरा पतिहरूलाई दासत्वबाट मुक्त गराइपाऊँ ।

धृतराष्ट्र - हुन्छ, तिम्रा पतिहरू दुर्योधनको दासत्वदेखि मुक्त भए ।

कर्ण - (ठट्टाको तवरबाट) स्त्रीहरू अद्भुत काम पनि गर्दछन् भन्ने सुनिन्थ्यो, आज प्रत्यक्षै देखियो । एक्ली द्रौपदीले आफ्ना पाँच पतिहरूलाई दासत्वबाट छुटाई नौका जस्तो भएर विपत्समुद्रदेखि उतारिन् ।

भीमसेन - हो, स्त्रीले नै पाण्डवहरूको रक्षा गरिन् । भैगो, दाज्यैज्यू ! यदि हजुर आज्ञा दिनुहुन्छ भने अहिल्यै यस सभामा हजुरका शत्रुहरूको जड उखाडेर छोडिदिन्छु ।

युधिष्ठिर - (भीमसेनलाई रोक्तै धृतराष्ट्रसँग) पिताजी ! अहिले हामी हजुरकै अधीनमा छौं । यसकारण जो आज्ञा हुन्छ, हामी शिरोपर गर्दछौं ।

धृतराष्ट्र- बाबु ! धर्मराज ! तिमी आफ्नो सारा हारेको श्रीसम्पत्ति लिएर आनन्दपूर्वक राज्य गर । म तिमीसँग आग्रह गर्दछु, मूर्ख दुर्योधनको दुर्व्यवहार र कटुवाक्यलाई तिमी आफ्नो शुभ गुणद्वारा क्षमा गरिदेऊ ।

महाराज धृतराष्ट्रको यो आज्ञाले दासत्वबाट मुक्त भई आफ्नो हारेको सारा श्रीसम्पत्ति फिर्ता लिएर पाण्डवहरू राजधानीतिर जान तयार भए । यो देखेर दुष्ट दुःशासनको चित्त व्याकुल भएर उठ्यो । उसले मन्त्रीसमेत दुर्योधनसँग गई रुँदै भन्यो, "दाज्यैज्यू ! हामीले त्यत्रो कष्ट उठाएर जम्मा गरेका सम्पत्ति बूढा राजाले बरबाद गरिदिए । सारा हामीले जितेको सम्पत्ति पाण्डवहरूलाई फिर्ता दिए । अब यसमा के गर्ने हो ? आज्ञा होस् ।" दुःशासनको यो कुरा सुनेर दुर्योधन एकदम छहराबाट खसेजस्ता भए । उनले कर्ण र शकुनिलाई साथ लिई तुरुन्त धृतराष्ट्रसँग गएर भने, "पिताजी ! हजुरले यो के गरिबक्सियो ? जिस्क्याएको सर्पनेर बसेर कोही बच्न सक्ला ? हजुरलाई पत्तै छैन । क्रोधान्ध पाण्डवहरू आजैदेखि रथमा सवार भएर लडाइँको तयारी गर्न लागिरहेछन् । हामीले उनीहरूको ठूलो हानि गरेका छौं । यसलाई उनीहरू कदापि बिर्सनेछैनन् । हामीले द्रौपदीका साथ गरेको व्यवहार पनि उनीहरू कहिल्यै सहनेछैनन् । परन्तु अब भएको कुरामा अन्यथा हुन सक्तैन । जो भयो भयो । हजुरबाट उनीहरूलाई छोडिबक्सियो, धनसम्पत्ति फिर्ता गरियो । त्यसमा हजुरसँग म केही झिँजो गर्दिनँ, तर पाण्डवहरू बडा पराक्रमी र हामीदेखि साह्रै नै चिढिएका छन् । यसकारण उनीहरूले मौका पाएको बखतमा हामीलाई कदापि त्यसै छोड्नेछैनन् । यसकारण हामीले त्यस कुराको बचाउ पनि अहिल्यै गर्नु उचित छ । उनीहरूलाई त्यस्तो मौका पार्न नदिनु नै हाम्रो अहिलेको कर्तव्य हो । यसमा एक उपाय छ । सो म विन्ती बिसाउँछु । एक पटक फेरि मलाई युधिष्ठिरसँग जुवा खेल्ने आज्ञा बक्सियोस् । यस पटकको जुवामा श्रीसम्पत्तिको खेल केही हुनेछैन । एक भारी प्रण रहनेछ । जसले यस जुवामा हार्दछ, उसले बाह्र वर्ष वनवास र एक वर्ष गुप्तवास गर्ने प्रतिज्ञा गरिनेछ । यसो भएपछि अहिल्यै केही फसाद पनि आइलाग्दैन, पछिलाई पनि केही होओइन भन्ने सम्भव छ ।"

धृतराष्ट्रले केही बेर विचार गरेर भने, "पुत्र ! यदि तिम्रो इच्छा यस्तै छ भने हुन्छ । तिमी फेरि जुवाका निमित्त पाण्डवहरूलाई बोलाऊ ।" धृतराष्ट्रले यति भनेको सुनेर वरिपरि बस्नेहरूको चित्त चञ्चल भएर आयो । उनीहरूले हराइसकेको झगडाको बीज फेरि रोपियो भन्दै दुःख प्रकट गरे । यस विषयमा पनि उनीहरूले धृतराष्ट्रलाई धेरै सम्झाए । तर पुत्रवत्सल मोहान्ध धृतराष्ट्रले

त्यस कुरामा ध्यानै दिएनन् । बरु पुत्रको यो दुर्व्यवहारले अधिदेखि शोकाकुल भइरहेकी गान्धारीलाई फेरि यस कुराले विह्वल गरायो । उनले धृतराष्ट्रसँग भनिन्, "महाराज ! दुर्योधन पैदा भएकै समयमा सबैले यसलाई त्याग गर्नुहोस् भनेथे, तर हजुरले स्नेहवश त्याग्न सक्नुभएन । यसको कुपरिणाम आज एक पटक देखिसकियो र पनि फेरि यस कुलाङ्गार कुकर्मी केटाको कुरा मानेर हजुर यसलाई पाण्डवहरूसँग जुवा खेल्ने आज्ञा बक्सिन्छ । यो कुरा म कदापि मान्दिनँ । यदि हजुर यसलाई आफ्नो आज्ञाकारी बनाएर अधीनमा राख्न सक्नुहुन्न भने आजै यसलाई निकालिबक्सियोस्, तयार भइसकेको पुललाई फेरि आफ्नै इच्छाले कोही भत्काउन सक्तैन । मेरो विन्ती लागोस्, निभिसकेको आगोलाई फेरि जगाएर कुलको नाशमा कारण नबनिबक्सियोस् ।" धृतराष्ट्रले भने, "प्रिय ! यदि हाम्रो वंशको नाश अवश्यम्भावी नै रहेछ भने त्यसमा कसको के उपाय लाग्दछ । बरु त्यो कुरा सहन म तयार छु, परन्तु आफ्नो प्राणभन्दा प्यारो पुत्रका विरुद्ध आचरण गर्न म कदापि सक्दिनँ ।"

महाराज धृतराष्ट्रको अनुमति पाएर दुर्योधनले फर्किसकेका पाण्डवहरूलाई फेरि जुवा खेल्नानिमित्त बोलाए । उनीहरू आएपछि उनले भने, "युधिष्ठिर ! अहिलेसम्म सभामा बसेका सारा मानिसहरू उठेका छैनन् । पिताजीबाट सबै मिलेर जुवा खेल भन्ने हुकुम भएको छ । लौ, फेरि एक पटक जुवा खेल्नुपऱ्यो ।" युधिष्ठिरले भने, "जुवा सर्वनाशकारी खेल हो मलाई निश्चय थाहा छ । परन्तु काकाजीको आज्ञा त्यस्तै छ भने म जुवाको दोष जानीजानीकन पनि खेल्न तयार छु ।" यति भनेर उनी खेल घरमा गए । खेलको आरम्भमा शकुनिले भने, "महाराज युधिष्ठिर ! वृद्ध राजाले अघि हामीले जितेको जे जति कुरा तपाईलाई फिर्ता दिनुभएको छ, त्यसमा हामी कत्ति दखल दिन चाहँदैनौं । यस पटकको जुवामा जसले हार्दछ उसले बाह्र वर्ष वनवास र एक वर्ष अज्ञातवास गर्न कबुल गर्नुपर्दछ । फेरि अज्ञातवासको समयमा कतैबाट कसैले पत्ता लगाउन सक्यो भने त्यसको बदला फेरि अरू बाह्र वर्ष वनवास गर्नुपर्नेछ । यदि यो बाजी राखेर खेल्नमा तपाई डराउनुहुन्न भने खेल आरम्भ होस् ।" शकुनिको यो कुरा सुनेर सारा सभासद्हरू हडबडाउन थाले । उनीहरूले यस पटक पनि शकुनि र दुर्योधनलाई यो काम नगर भनी सम्झाए । तर दुर्योधनले उनीहरूका कुरामा बिलकुलै ध्यान दिएनन् । युधिष्ठिरले पनि नखेलूँ भने डरायो भन्लान्, क्षत्रिय भएर प्रतिपक्षीसित डराउनु मर्नु बराबर हो भन्ने सम्झेर खेल्न स्वीकार गरे ।

खेल सुरु भयो । हरएक पटकको पासा फ्याँकाइमा सिद्धहस्त शकुनिकै जय हुँदै गयो । अन्तमा पराजित भएर चुपचाप पाण्डवहरूले वनवासको तयारी गर्नुपऱ्यो ।

उनीहरू जुवाको घरबाट निस्केर दीनाभावले मृगचर्महरू पहिरी धृतराष्ट्र र अरू सारा सभासद्हरूसँग बिदा भई जङ्गलतर्फ लागे । दुर्योधनहरूको हर्ष बढ्यो । उनीहरू जङ्गलतर्फ हिंड्न लागेका पाण्डवहरूले सुन्ने गरी अनेक अपमानसूचक वाक्यहरूको प्रयोग गर्न पनि थाले । यसैबीचमा दुःशासनले द्रौपदीलाई भन्यो, "द्रौपदी ! तिमीलाई वनवासी पाण्डवहरूको सेवा गर्न बहुतै कठिन पर्नेछ । फेरि उनीहरूको पछि लाग्यो भने कतै फेरि यसै गरी जुवा खेलेर तिमीलाई हारिदिनन् । यसकारण तिमी उनीहरूसँग नजाऊ । बरु हामीहरूमा जससित मन लाग्छ उससित यहीं बस ।" यो सुनेर भीमसेनले क्रोधपूर्ण आवाजमा भने, "ऐ दृष्ट ! तैंले हाम्रा अगाडिमा द्रौपदीको धेरै पटक अपमान गरिस् । त्यसको बदलाका निमित्त मैले अघि पनि प्रतिज्ञा गरिसकेको छु । फेरि अहिले पनि तँ यसरी द्रौपदीका उपर यो मर्मभेदी वाक्यको प्रयोग गर्न लागिरहिछस् । यसमा पनि म उही प्रतिज्ञालाई दोहोऱ्याएर भन्दछु, तैंले जसरी द्रौपदीको मर्मविद्ध गराइस् उसैगरी तँलाई पनि म एक दिन मर्मविद्ध नगरी छाड्नेछैन । तेरो साथसाथै धृतराष्ट्रका जुन जुन पुत्रहरूले तेरो अनुकरण गरेका छन् तिनीहरूलाई पनि एक एक गरी यमलोकमा पठाउने छु । त्यति गर्न सकिनँ भने मलाई पुण्यलोकले गति नै नदेओस् ।" यसपछि अर्जुनले कर्णलाई, सहदेवले शकुनिलाई र नकुलले धृतराष्ट्रका बाँकी पुत्रलाई मार्ने प्रतिज्ञा गरे । उनीहरूलाई प्रस्थानको समयमा भीष्म, द्रोण, विदुर आदि बूढापाकाहरूबाट अनेक शुभाशीर्वाद मिल्यो । पाण्डवमाता कुन्तीलाई वृद्धा भइसकेकी हुनाले वनवासमा कष्ट सहन गर्न नपरोस् भनी विदुरले आफ्नो घरमा आनन्दपूर्वक राखी सेवा गर्ने इच्छा प्रकट गरे । पाण्डवहरूबाट पनि सो कुरा मन्जुर भयो । कुन्ती त्यस दिनदेखि विदुरकै घर रहिन् । द्रौपदीका साथ पाँच भाइ पाण्डवहरू वनतिर प्रस्थित भए । उनीहरू दीनतासाथ त्यसरी वनवासमा गएको सुनेर धृतराष्ट्रलाई पनि स्नेहवश ठूलो दुःख लाग्यो । उनले सो दुःखको कुरा विदुरलाई पनि भने । त्यसमा विदुरले भने, "महाराज ! तपाईंको भलो चाहने हामीहरूले त्यस विषयमा कति तरहले सिकाएकै हौं, तर मान्नुभएन । अब रोएर शोक गरेर केही हुंदैन । अब आफ्नो कर्मको फल भोग्नु नै तपाईंको अन्तिम कर्तव्य हुनेछ । तपाईंको सुख शान्तिले सदाका निमित्त प्रस्थान गरिसकेको सम्झनुहोस् ।"

॥सभापर्व समाप्त॥

□□□

वनपर्व

जुवाको हाल सुनेर नगरवासी सारा प्रजाहरूको क्रोधाग्नि दनदनाएर उठ्यो । उनीहरू धृतराष्ट्र, भीष्म, विदुर, यी तीन जनालाई मुख्य दोषी ठहराएर अनेक प्रकारले छेडछाड गर्न थाले । शकुनि र दुःशासनका सम्मतिअनुसार राज्य शासन गर्न लागेका दुर्योधनलाई पनि उनीहरू खुल्लमखुल्ला यस्ता अन्यायी, यस्ता अधर्मी, यस्ताका राज्यमा रहनुभन्दा जङ्गलमा रहनु निको छ भन्दै युधिष्ठिरको पछि लाग्न तयार भए । उनीहरूको यो आग्रह देखेर युधिष्ठिरले भने, "भाइहो ! तिमीहरूको मेरा उपर यस्तो प्रेम हुनु मेरो अहोभाग्य हो । तिमीहरूले मेराउपर यसरी दया प्रकट गऱ्यौ भने मेरा कुरा पनि तिमीहरू अवश्य मानिदेउला भन्ने म आशा राख्दछु । हेर, यहाँ पनि निरपराधी अनेक वृद्ध पुरुषहरू र मेरी मुमासमेत रहनुभएको छ । यदि तिमीहरू यहाँ भएनौ भने उहाँहरूको हेरविचार कसले राख्ला ? यसकारण तिमीहरू हाम्रो पछि लाग्ने इच्छा नराख । तिमीहरूले राम्रो तरहसँग उहाँहरूको हेरविचार गरिदियौ भने म साँच्चै नै तिमीहरूसँग अत्यन्त प्रसन्न रहनेछु । तिमीहरूको त्यही कामलाई म आफ्नो भारी सत्कार सम्झनेछु । यसले मलाई अत्यन्त सन्तोष हुनेछ ।"

युधिष्ठिरको प्रेमपूर्वकको यो कुरा सुनेर प्रजाजनले केही जोर गर्न सकेनन् । उनीहरू दिग्दारीसाथ फर्के । उनीहरू फर्केपछि द्रौपदीसमेत पाँचै पाण्डवहरू रथमा सवार भएर हस्तिनापुरबाट निस्के । त्यस बेला उनीहरूका साथ स्त्रीसमेत इन्द्रसेन आदि चौध जना सेवक मात्र थिए । उनीहरू हस्तिनापुरदेखि निस्केर सीधा उत्तरतर्फ जाँदा जाँदा सन्ध्याकालमा गङ्गाकिनारको एक वटवृक्षमुनि पुगे । उनीहरू त्यसतर्फ आएको देखेर अनेक धार्मिक भिक्षुक ब्राह्मणहरू पनि उनीहरूका पछि लागी आएका थिए । त्यो रात ती सबैले जलपान मात्र गरी कष्टसाथ बिताए । भोलिपल्ट बिहान पाण्डवहरू त्यहाँबाट पनि अगाडि बढे । तैपनि ब्राह्मणहरूले पछि लाग्न छोडेनन् ।

यो देखेर युधिष्ठिरले भने, "विप्रगण हो ! मेरो राजपाठ, धन, दौलत सबै नष्ट भैसकेको छ । अब मसँग आफ्नो देहसिवाय बाँकी केही छैन । यस अवस्थामा

म यस वनमा आएको छु । यो भयङ्कर हिंस्रक जन्तुले पूर्ण भएको जङ्गलमा तपाईंहरूलाई ठूलो कष्ट हुनेछ । यसकारण तपाईंहरू कृपा राखेर मेरा पछि नलाग्नुहोस् ।" ब्राह्मणहरूले विन्ती गरे, "सत्यनिष्ठ सदाचारी ब्राह्मणहरूका उपर देवताहरू पनि दया राख्छन् । यसकारण हाम्रो उत्साहलाई भङ्ग नगरिबक्सियोस् । हामी हजुरहरूकै साथ जान पाऔं ।" युधिष्ठिरले भने, "द्विजदेवहो ! ब्राह्मणका उपर मेरो ठूलो भक्ति र श्रद्धा छ, तर के गरूँ ? यस निधारमा निराश्रय जङ्गलमा मेरो केही लाग्दैन, म लाचार छु । हुन ता मेरा भाइहरू पराक्रमी छन्, उनीहरूले तपाईंहरूको पालनपोषणका निमित्त शिकार, कन्दमूलहरू खोजेर ल्याउन पनि सक्तछन्, तर उनीहरू प्यारी द्रौपदीको अपमानजनित दुःखले गर्दा साह्रै नै विह्वल छन् । यस्तो अवस्थामा म उनीहरूलाई कष्ट दिन सक्तिनँ । हो, तपाईंहरूसँग रहन पाए तपाईंहरूको सदुपदेशद्वारा मेरोकष्ट बहुतै कम भई दिन बिताउन पनि सजिलो हुनेछ । तर के गरूँ ? तपाईंहरूको जीवनयात्रा मबाट हुन सक्ने देख्तिनँ । यदि तपाईंहरू आफ्नो खानापिनाको बन्दोबस्त आफैं गर्दछौं, तिमीले त्यसमा केही कष्ट गर्नु पर्दैन भन्नुहुन्छ तापनि मैले आफ्नो पछि लागी आएका भिक्षुक ब्राह्मणहरूले कष्टसाथ आफ्नो उदरपूर्ति प्रबन्धका निमित्त कष्ट उठाएको चुपचाप कदापि हेर्नु हुँदैन । हाय ! म के गरूँ ? दुष्ट धृतराष्ट्र पुत्रहरूको कपटले मेरो यो दशा गरायो । दुष्टहरूलाई धिक्कार छ ।" यति भन्दै महाराज युधिष्ठिर अत्यन्त विह्वल भएर चुपचाप जमिनमा बसे ।

युधिष्ठिरको यो अवस्था देखेर केही बेर विचार गरी पुरोहित धौम्यले भने, "महाराज ! तपाईं यसरी विह्वल नहुनुहोस् । म एक उपाय बताउँछु, सो उपाय गर्नुहोस् । त्यसले यी भिक्षुक ब्राह्मणहरूको प्रतिपालनमा तपाईंलाई बहुतै सुबिस्ता हुनेछ । सारा सांसारिक जीवजन्तुका अन्नदाता भगवान् श्री सूर्यनारायण हुनुहुन्छ । यसकारण अहिले तपाईं उहाँको उपासना गर्नुहोस् । उहाँकै प्रसादले ब्राह्मणको भरण-पोषण गर्ने साधन तपाईंलाई अवश्य नमिलिछोड्नेछैन ।" यति भनेर धौम्यले युधिष्ठिरलाई सूर्यको मन्त्रोपदेश गरे । उपासनाको विधि पनि बताए । उनले बताएअनुसार अनुष्ठान पूजन गरेपछि भगवान् श्रीसूर्यले पनि प्रसन्नतासाथ प्रकट भई उनलाई भन्नुभयो, "राजन् ! तिमीले गरेको उपासनाबाट म बहुतै प्रसन्न भएँ । यसकारण तिम्रो मनोरथ पूरा गराउनानिमित्त म तिमीलाई एक अक्षय्य स्थाली (ताउली) दिन्छु । यस स्थालीमा प्रतिदिन द्रौपदीले भोजन नगरुन्जेलसम्म हरएक प्रकारका भोजन पदार्थहरू हरबखत तयार रहनेछन् । त्यसबाट जति जनालाई भोजन गराउनुपरे पनि यथेष्ट पुग्नेछ । द्रौपदीले यसैबाट आफ्नो, पतिको र सेवक

अभ्यागत भिक्षुकहरू साराको भोजन गराउन पाउनेछिन् ।" यति भनेर सो दिव्य पाकस्थली द्रौपदीलाई दिई भगवान् श्रीसूर्य अन्तर्धान हुनुभयो । त्यसै दिनदेखि द्रौपदीले त्यसै स्थालीद्वारा आफ्ना पति, सेवकवर्ग, अतिथि, अभ्यागत साराको आनन्दपूर्वक भरण-पोषण गर्न थालिन् । सबैको जीवननिर्वाह हुन थाल्यो ।

यसपछि पाण्डवहरू गङ्गा किनारैकिनार कुरुक्षेत्र गए । तदनन्तर कुरुक्षेत्रको निकटवर्ती सरस्वती नदीको किनारबाट गएर कुरुजाङ्गल देशको कामक्य नामक वनमा डेरा गरी बस्न थाले । यस प्रकारले पाण्डवहरू त्यही जङ्गलमा कष्टसाथ दिन बिताइरहेका थिए, यस्तैमा एक दिन विदुर उनीहरू भए ठाउँमा आए । उनलाई पाण्डवहरूले यथोचित सत्कार गरी आदरपूर्वक आउनको कारण सोधे । सो सुनेर विदुरले भने, "एक दिन मलाई महाराज धृतराष्ट्रले तिमीहरूको वनवासदेखि सन्तप्त भएर एकान्तमा मसँग यस विषयमा के गर्ने हो भनी सोध्नुभयो । मैले अगि तिमीहरूका सामने जो जवाफ दिएथें त्यै जवाफ दिएँ । फेरि पाण्डवहरूलाई उनको पैतृक राज्य फिर्ता दिएर वनवासबाट फर्काई चित्त बुझाएर राख्नुहोस्, नत्र आखिरमा तपाईंले त्यस पापको प्रायश्चित्त कुलको विनाशद्वारा गराउनुपर्छ । यसबाहेक कुलको विनाशबाट बच्ने उपाय केही छैन भनेर पनि सम्झाएँ । परन्तु मेरो सारा कथन हावामा उड्यो । महाराजले त्यसमा ध्यानै नदिई उल्टो मलाई उपदेश दिएर पाण्डवको असल चाहने रहिछस् भनी मसँग रिसाउनुभयो । त्यही रिसको वेगमा तँ सब तरहबाट पाण्डवको असल चाहने हुनाले मलाई तँसँगको प्रयोजन छैन । तँ यहाँ बसेको र यहाँबाट निस्केर गएको एकै छ; यसकारण अब तँ जहाँ मन लाग्छ उहीं जा भनेर मलाई बिदा दिनुभयो । म तिमीहरूलाई यो खबर दिउँ भनी आएको हुँ । अब धर्मको अनुसार कौरवहरूबाट तिमीहरूको कल्याण होला भन्ने आशा बिलकुलै राख्नु व्यर्थ छ । यस उसले तिमीहरू जसरी हुन्छ समयको प्रतीक्षा गरेर वनवास र अज्ञातवासको अवधि पूरा गर । त्यसपछि मौका पाउनासाथ कौरवहरूसँग बदला लिनका निमित्त तिमीहरूले सहाय सङ्ग्रह गर्नुपर्दछ ।" विदुरको यो कुरालाई पाण्डवहरूले स्वीकार गरे । त्यसपछि विदुर उनीहरूसँगै केही दिन काम्यक वनमा बसे ।

विदुर निस्केर गएको धेरै दिन भयो । धृतराष्ट्र दुर्योधनको चकचकी देखेर प्रसन्न भइरहेका थिए । एक दिन सहसा उनलाई विदुरको सम्झना भयो तर विदुर उहाँ थिएनन् । उनलाई घरमा छैनन् भन्ने खबर पाएर धृतराष्ट्रको मनमा अनेक तर्कवितर्क उठ्न थाल्यो । उनलाई मैले अनाहकमा आफ्नो बुद्धिमान् भाइलाई निकालें भनी पश्चात्ताप पनि भयो । फेरि उनको मनले विदुर अवश्य पाण्डवकहाँ

गए होलान् । उनको सद्विचार र सदुपदेशले पाण्डवहरूको अवश्य कल्याण हुनेछ । पाण्डवहरू बढेर आए भने मेरा छोराहरूको दुर्दशा नगरी छोड्नेछैनन् भन्ने विचार पनि गर्न थाले । उनी चुप रहन सकेनन् । उनले तुरुन्त विदुरलाई लिएर आऊ भनी सञ्जयलाई काम्यक वनमा पठाए । उनको आज्ञाअनुसार सञ्जयले विदुर भएका ठाउँमा गएर भने, "मलाई महाराज धृतराष्ट्रबाट तपाईंलाई लिएर आ भनी पठाइबक्सेको हो । अहिले तपाईं नहुँदा उहाँलाई साह्रै पश्चात्ताप भइरहेछ । तपाईंसँग भेट गर्नानिमित्त उहाँ पलपलमा उत्कण्ठित भइरहनुभएको छ ।" यो सुनेर विदुरले उत्तिखेरै पाण्डवहरूसँग बिदा भई हस्तिनापुरतर्फ प्रस्थान गरे ।

विदुर फर्केर आएपछि धृतराष्ट्रको चित्त अत्यन्त प्रसन्न भयो । उनले विदुरलाई स्नेहपूर्वक आलिङ्गन गरेर ठूलो हर्ष प्रकट गरे । तब विदुरले भने, "महाराज ! तपाईं मेरो परम गुरु हुनुहुन्छ । म आफैं तपाईंको दर्शन गर्न आउन तयार थिएँ । खबर पाउनासाथ तुरुन्त हाजिर भएँ, मेरो लेखा तपाईंका र पाण्डुका पुत्र बराबर छन् । तर यस समयमा पाण्डवहरूको अवस्था साह्रै नै शोचनीय छ । त्यो देखेर मलाई अत्यन्त दया लाग्दछ । यसैले म उनीहरूका उपर विशेष स्नेह प्रकट गर्दछु ।" धृतराष्ट्र र विदुरमा परस्पर यिनै कुरा भइरहेका थिए । दुर्योधनलाई विदुर फर्केर आएको मन परेको थिएन । उनी अब विदुरले फेरि पाण्डवहरूलाई खडा नगरी छोड्न आँटेनन् भन्ने विचारले सन्तप्त हुन थाले । उनको त्यो अवस्था देखेर शकुनिले भने, "भाञ्जा ! तपाईं किन मूर्खले झैं रातदिन अनिष्टको चिन्तनाले यसरी ग्रस्त हुनुहुन्छ ? यो तपाईंको नादानीपना हो । मनुष्यले यसरी अनिष्टको चिन्तामा डुबेर कदापि रहनु उचित छैन । पाण्डवहरू वनवास र अज्ञातवासको प्रतिज्ञामा बद्ध भइसकेका छन् । उनीहरू महाराज धृतराष्ट्रबाट झिकाए तापनि आउनेछैनन् । यदि आफ्नो प्रतिज्ञा भङ्ग गरेर आए भने पनि हामी उनीसँग बाहिरी तवरबाट मेल जस्तो देखाएर महाराजको हाँमा हाँ मिलाउँला । भित्रभित्रबाट उनीहरूको उच्छेद गर्ने उपाय सोच्तै रहौंला ।" दुःशासनले पनि यसै कुरामा समर्थन गरे, तर कर्णलाई यी कुरा मन परेनन् । उनले भने, "यदि हामीले महाराज दुर्योधनको असल गर्ने हो भने यस्तै तुच्छ विचारमा सन्तुष्ट भएर बस्नु कदापि उचित छैन । बरु हामीले पक्का उहाँलाई सहायता दिने हो भने आजै आफसमा दलबद्ध भएर पाण्डवहरूका उपर अहिलेको उनीहरूको कमजोर अवस्थामा नै चढाई गरिहाल्नुपर्दछ । हिंड्नुहोस्, रथमा सवार भएर प्रस्थान गरिहालौं । अहिल्यै आँटेको पक्षमा अवश्य हामी पाण्डव पाँचै भाइलाई मार्न सक्तछौं ।"

कर्णको यस कुरामा सबै मञ्जुर भए । उनीहरू भोलिपल्टै रथमा सवार भएर कुरुजाङ्गल देशतर्फ हिंडे । यसैबीचमा उनीहरूको सहसा कृष्णद्वैपायन व्यासर्सँग बाटामा भेट भयो । परस्पर वार्तालाप हुँदा व्यास पाण्डवकहाँ जान आएका रहेछन् भन्ने थाहा पाएपछि उनीहरूलाई बीचैबाट फर्काएर धृतराष्ट्र भए ठाउँमा ल्याए । धृतराष्ट्रको सत्कार ग्रहण गरेको केही बेरपछि व्यासले उनलाई भने, "हे महामति धृतराष्ट्र ! तिम्रा पुत्रहरूले छलकपट गरेर पाण्डवहरूको वनवास गराए । यो कुरा मलाई ठीक लागेन । तिम्रो ज्येष्ठ पुत्र बहुतै दुर्मति रहेछ । राज्यको लोभले गर्दा व्यर्थ पाण्डवहरूको दुर्दशा गरायो । अब तिमी त्यसलाई रोक । यदि रोकेनौ भने अवश्य अन्त्यमा तिम्रा छोराहरू पाण्डवहरूद्वारा मारिनेछन् । भीष्म र विदुरले पनि उसलाई रोक्न नसक्नु यो बहुतै खराब हो ।" धृतराष्ट्रले भने, "प्रभु ! जुवा खेल्ने विषयमा मेरो वा बान्धव कसैको सम्मति थिएन । भीष्म, विदुर, गान्धारीहरू पनि भरसक रोकेका हुन् । परन्तु पुत्रस्नेहले गर्दा दुर्योधनका उपर मेरो केही वश चलेन ।" व्यासले भने, "हो, संसारमा पुत्र सबको प्यारो हुन्छ । म पनि तिमीलाई त्यही दृष्टिले हेरिरहेछु । यदि तिमी आफ्नो पुत्रको असल चाहन्छौ भने दुर्योधनलाई रोक । पाण्डवहरूलाई खुशी गराएर राख ।" यति भनेर व्यासदेव हस्तिनापुरबाट निस्के ।

यता पाण्डवहरूको वनवास भएको खबर द्वारकामा पनि पुग्यो । सो सुनेर यादवहरू अत्यन्त दुःखी भई पाण्डवहरूसँग भेट गर्नानिमित्त काम्यक वनमा आए । भेटघाट भएपछि श्रीकृष्णले युधिष्ठिरसँग भन्नुभयो, "महाराज ! तपाईं यो कुरा अवश्य सम्झनुहोस् । यो पृथ्वीले दुर्योधनादि कौरवहरूको रक्तपान गर्ने इच्छा देखाएको हो । अब मैले प्रतिज्ञा गरँ म ती दुष्टहरूको संहार गरी तपाईंलाई राज्य नदिलाई कदापि छोड्नेछैन ।" यो सुनेर द्रौपदीको कलेजा भरिएर आयो । उनले सहसा आफ्नो चिरकालीन दुःखको झोली खोल्दै भनिन्, "भगवान् ! धृष्टधुम्नकी बहिनी, पाण्डवकी स्त्री र तपाईंकी प्रियसखी भएकी मैले त्यत्रो सभामा दुष्ट दुःशासनले चुल्ठामा समातै लगिनुपऱ्यो । पाण्डव, पाञ्चाल र यादवहरू जीवित छँदैमा मेरा उपर त्यस्तो दुर्व्यवहार गरियो । भीमसेनको बाहुबल र अर्जुनको गाण्डीव धनुलाई धिक्कार छ । उहाँहरूले मेरो त्यो दुर्दशा देखेर पनि केही परवाह राख्नुभएन । मधुसूदन ! पाण्डवहरू कदापि शरण पर्न आउनेको अनादर हुन दिनुहुन्नथ्यो । तर त्यस बेला मैले कति शरण मागे पनि उहाँहरूले मेरो रक्षा गर्नुभएन, मैले यो दुःख कोसँग पोख्ने ? करुणामय ! मेरो शरण लिइबक्सियोस् । यस समय न मेरो पिता हुनुहुन्छ न भाइ बन्धु छन्, न पतिहरू नै हुनुहुँदो रहेछ ।

हजुरले पनि मलाई छोडिबक्सियो भने मेरो शरण कसले लेला ?" श्रीकृष्णले भन्नुभयो, "द्रौपदी ! तिमी गएको कुरामा कति दिक्क नमान । मैले प्रतिज्ञा गरेको सुनिहाल्यौ, जसजसले तिम्रो अपमान गरेका छन् तिनका स्त्रीहरू लडाइँको मैदानमा बाणले छिन्नभिन्न भएर रगतमा लटपटिँदै गिरेको आफ्ना पतिहरूलाई देखेर तिमीभन्दा दोब्बर दुःखी हुनेछन् । म आफ्नो शक्तिले भेटेसम्म पाण्डवको सहायता गर्न बाँकी राख्नेछैन । बरु आकाश खस्ला, हिमालयको शिखर चूर्ण होला, समुद्र सुक्ला, मेरो प्रतिज्ञा अन्यथा हुनेछैन ।"

श्रीकृष्णको यो वचनले द्रौपदीको मनमा ठूलो धैर्य भयो । उनले करुणापूर्ण दृष्टिले आफ्ना पतिहरूको मुख एक-एक गरेर हेरिन् । उनीहरूले पनि श्रीकृष्णकै वचन प्रमाण गरेर उनलाई आश्वासन दिए । त्यसपछि श्रीकृष्णले युधिष्ठिरलाई भन्नुभयो, "महाराज ! म त्यस बेला (जुवा खेल्ने समयमा) द्वारकामा थिइनँ । म उहाँ भए तपाईंहरूले यो कष्ट भोग्नुपर्ने थिएन । कौरवहरूले मलाई पनि त्यस जुवामा बोलाएको भए जुवाको अनेक दोष देखाएर खेल हुन दिने थिइनँ । यदि मेरो वचन उल्लङ्घन गरेको भए दुर्योधनलाई त्यसको दण्ड नदिइछोड्ने थिइनँ । तर दुर्भाग्यवश म त्यस बेला उहाँ भइनँ । राजसूय यज्ञमा शिशुपाल मरेको रिस फेर्नानिमित्त म द्वारका फर्कन नपाउँदैदेखि सौभराज शाल्वले द्वारकामा घोर उत्पात मच्चाउन थालेको रहेछ । म खाण्डवप्रस्थबाट फर्केपछि थाहा पाएँ । मैले त्यसको घमण्ड नतोडी भएन । म त्यही झमेलामा थिएँ । यहाँ यस्तो उपद्रव भइसकेछ । मलाई केही थाहा भएन । अब के गरूँ ? बाँध फुटेपछि कुलाको पानी रोकेर रोकिँदैन । जो भयो भयो, तेह्र वर्ष जसरी हुन्छ बिताउनुहोस् । त्यसबीचमा केही आपत्ति आइलाग्यो भने मलाई सम्झनुहोला । तेह्र वर्षपछि जो हुनेछ त्यसको भूमिका मैले बाँधिसकेको छु ।" यति भनेर यादवहरूका साथ श्रीकृष्ण द्वारका फर्कनुभयो । पाण्डवहरू धैर्यपूर्वक दिन बिताउन थाले ।

यादवहरू फर्केपछि पाण्डवहरूले आपसमा सल्लाह गरेर बस्नलायक सुबिस्ताको ठाउँ खोज्दै द्वैत नामक वनमा आफ्नो वास नियत गरे । उहाँ बस्ता उनीहरूलाई विशेष सुबिस्ता पनि भयो । उहाँ रहने तपस्वी ऋषिमुनिहरूको सङ्गतले उनीहरूलाई दिन बितेको थाहा भएन । यस्तैमा एक दिन प्रसङ्गवश आफ्ना गएका दिन सम्झेर दिक्क मानी बसेका युधिष्ठिरसँग द्रौपदीले भनिन्,

किन नाथ ! अधैर्यमा परी
रहिबक्सन्छ अशक्तझैं गरी //
नछिपाउनुहोस्न वीरता

प्रभुमा क्षत्रियता गयो कता ! //
धन दौलत पूर्वसञ्चित
गुमिगो छौं आज वञ्चित //
वनवाससमेत भैसक्यो
अहहा ! जीवनवृक्ष नै सुक्यो //
यतिसम्म हुँदा पनि अब
सहिबक्सिन्छ कती पराभव //
अतिमार्दव बेश छैन यो
यसले नै सब नष्ट भै सक्यो //
अपमान सुयोधनादिले
प्रभुकै सामु ममाथि जो //
उसको बदला नलीकन
कसरी थामु म हाय ! यो मन !!
सहसोत्थित वीरकेसरी
सरि भै कोपकृशानु बेसरी //
अब शीघ्र लिएर कौरव-
हरूको नष्ट गराउँ गौरव //

द्रौपदीको त्यस्तो सारगर्भित दीन वचनले युधिष्ठिरको धैर्यमा ठूलो धक्का पुऱ्यायो । उनी एक क्षणतक निरुत्तर भएर टुलुटुलु द्रौपदीको मुख हेर्न थाले । उनको त्यो चाल देखेर द्रौपदीले फेरि भनिन्, "नाथ ! आज म हजुरसँग एक प्रश्न गर्दछु । मलाई जुन बेला दुःशासनले केशाकर्षण गर्दै सभामा लगेर त्यस्तो अपमान गरेथ्यो त्यस बेला हजुरको मनमा कत्ति दुःख लागेन ? अलिकति रिस पनि उठेन ? त्यस्तो हृदयविदारक अवस्थामा पनि चुपचाप रहन सकेको देख्दा मैले त हजुरमा अलिकति पनि कोप रहेनछ भन्ने ठानें । त्यस्तो सदा क्षमाशील पुरुषको कदापि उन्नति हुँदैन । यसैले म सम्झन्छु, अझ पनि हाम्रा दुःखका दिन सकिने छैनन् ।"

युधिष्ठिरले भने, "प्रिय ! तिमीले भनेको ठीक हो । तर क्रोधले असल पनि हुन सक्तछ, खराबी पनि हुन सक्तछ । यसकारण देश कालको राम्रो विचार गरेर मात्र क्रोधको वशमा पर्नु उचित छ । आवश्यक परेको बेलामा जसले क्रोधलाई रोक्न सक्दैन त्यसको नाश नभइछोड्दैन । दुःख भइरहेको बेलामा झन् दुःखित गराउनु, घायलमाथि अरू चोट छोड्नु, पीडितमाथि अरू पीडा गर्नु र मारेमाथि

मार्नु बहुतै खराब काम हो । यदि सबैले त्यसो गरेर हिंड्ने भए आजतक पृथ्वीको नामनिशाना नै रहने थिएन । क्षमा गर्नु परम सनातन धर्म हो । यसैकारण मैले दुर्योधनका उपर क्षमा गरेको हुँ ।"

छोटाको बल कोप हो, बुझ क्षमा नै हो बडाको बल
जो शान्तिप्रिय हुन्छ भोग्छ उसले सो कर्मको सत्फल
तस्मात् देवि ! नराख शोक मनमा हाम्रो पनि निश्चय
होला क्यै दिनमा गरिरहे आखिर भाग्योदय ।।

यस्तै प्रकारसँग युधिष्ठिरले द्रौपदीलाई अनेक कुरा देखाएर सम्झाए । त्यस बेला उनको कुरालाई अरू भाइहरूले पनि खण्डन गरिरहेका थिए । तर अन्त्यमा सबैको चित्त बुझ्यो । एक भीमसेनको चित्त बुझेको थिएन तापनि उनी लाचारीसाथ चुप लागे ।

पाण्डवहरूमा यस्तै प्रतिदिन चर्चा चलिरहन्थ्यो । यस्तै एक दिन सहसा महर्षि वेदव्यास उहाँ आइपुगे र परस्पर कुशल प्रश्नको अनन्तर उनले युधिष्ठिरलाई भने, "धर्मराज ! भीष्म, द्रोण, कर्ण आदि दुर्योधनपक्षीय धनुर्धारीहरूसँग तिमी डराउनु उचितै छ । तर अहिलेको अवस्थामा डराएर बस्नुभन्दा जुन काम गर्नाले सो डर दूर हुन्छ सो काममा लाग्नु तिम्रो परम कर्तव्य छ । सो डर दूर हुने एक उपाय म बताउँछु, सुन । म तिमीलाई श्रुतिस्मृति नामक एक विद्याको उपदेश गर्दछु त्यही विद्याको प्रभावले अर्जुनलाई नाना प्रकारका दिव्यास्त्र प्राप्त हुनेछन् । अर्जुनलाई तपस्या गर्न पठाऊ । मैले दिएको विद्याद्वारा उनी इन्द्र र महादेवलाई प्रसन्न गराऊन् । त्यति भएपछि तिमीहरूलाई जस्तोसुकै भयङ्कर लडाइँको समयमा पनि कुनै शत्रुदेखि डराउनुपर्नेछैन" यति भनेर युधिष्ठिरलाई श्रुतिस्मृति नामक विद्या अर्थात् मन्त्रदान दिएर व्यास बिदा भए ।

केही दिनपछि युधिष्ठिरले एकान्तमा अर्जुनलाई बोलाएर काँधमा हात राख्दै भने, "बाबु ! अब विनायुद्धले हाम्रो यो दुःख मेटिने छैन । हामीले अवश्य यस वनवास र अज्ञातवास समाप्त भएपछि भयङ्कर युद्धको मैदानमा खडा नभई रहने छैन । त्यस बेला तिमीले महाबली शत्रुहरूको सामना गर्नुपर्नेछ । यसकारण म तिमीलाई महर्षि व्यासले दिनुभएको मन्त्र दिई तपस्याका निमित्त उत्तराखण्डतिर पठाउन चाहन्छु । तिमी तपस्या गर्न जाऊ ।" दाज्यूको यी कुरा सुनेर अर्जुन साह्रै खुशी भए । उनले यथासमयमा मन्त्र ग्रहण गरी कवच कुण्डल धनुर्बाणहरू धारण गरेर विदा लिए । त्यस बेला उनलाई युधिष्ठिर, भीम, नकुल, सहदेव, द्रौपदीले शुभाशीर्वाद र मङ्गलात्सवका साथ प्रस्थान गराए ।

सबैसँग बिदा भएरर हिँडेका अर्जुन सीधा उत्तरतर्फ वनैवन जाँदा-जाँदा देवताहरूको निवासभूमि पवित्र हिमालय पर्वतमा पुगे । त्यताबाट पनि अगाडि बढ्दै गन्धमादन आदि दुर्गम प्रदेशहरूलाई पार गरी उनी कैलाश पर्वतको समीपमा उपस्थित भए । त्यहाँ केही बेर विश्राम लिएर उनी केही अगाडि बढेका मात्र थिए, त्यस्तैमा अकस्मात् आकाशतिरबाट "खबरदार, ठहर, ठहर" भन्ने आवाज आयो । यो सुनेर उनले मास्तिर हेरे । नगिचमा एक वृक्षमुनि लामा कैला जटा भएका कोही दुब्ला तपस्वी खडा थिए । तिनलाई देखेर अर्जुन टक्क रोकिए । तपस्वीले भने, "ए मनुष्य ! तिमी व्रतधारी तपस्वी भएर पनि किन धनुर्बाण भिरेर हिँडेका छौ ? यो तपस्वीहरूको आश्रम हो । यहाँ युद्ध वा कुनै योद्धाको केही काम छैन, यसकारण यो धनुर्बाणलाई फ्याँकेर तिमी पुण्यमार्गको अवलम्बन गर ।" यो सुनेर अर्जुन तपस्वीको मुख हेरी चुपचाप खडा भइरहे । फेरि तपस्वीले भने, "वत्स ! तिमीले मलाई चिन्यौ ? म देवराजा इन्द्र हुँ । तिम्रो साहस देखेर म खुशी भएँ, तिमी इच्छा लागेको वर माग ।"

अर्जुनले हत्तपत्त प्रणाम गर्दै हात जोरेर भने, "भगवान् ! म हजुरसँग सम्पूर्ण दिव्यास्त्र सिक्न भनी यहाँ आएको हुँ । कृपापूर्वक हजुर मलाई त्यही (दिव्यास्त्र) वर बक्सियोस् ।" तपस्वीरूप इन्द्रले भने, "पुत्र ! तिमीलाई अब दिव्यास्त्रको आवश्यकै किन पऱ्यो ? मर्त्यलोकमा बस्नेहरू सबै इन्द्रलोक पाउनाको इच्छाले अनेक परिश्रम उठाउँछन् । अहिले तिमीलाई इन्द्रलोक प्राप्ति सुलभ छ । हिँड, म अहिल्यै तिमीलाई लिएर जान्छु ।" अर्जुनले भने, "प्रभु ! म लोभ अथवा कामको वशीभूत भएर यो कठिन मार्गको दुःख उठाउन आएको होइन । मेरा दाज्यूभाइहरू साह्रै दुःखले वनवास गरेर दिन बिताइरहेछन् । उनीहरूको उद्धारका निमित्त म यसरी दुःख उठाएर हिँडिरहेछु ।" इन्द्रले भने, "त्यसो भए तिमी महादेवको तपस्या गरेर उहाँलाई प्रसन्न गराऊ । अनि म तिमीलाई सारा दिव्यास्त्र दिनेछु । ती अस्त्रद्वारा तिम्रो इच्छा पूर्ण हुनेछ ।" यति भनेर तपस्वीरूप इन्द्र अन्तर्धान भए । अर्जुन महादेवलाई प्रसन्न तुल्याउनानिमित्त त्यहीं कठोर तपस्या गर्न थाले ।

अर्जुनले तपस्या गरेर चार महिना बित्यो । पाँच महिना लागेको मात्र थियो, त्यस्तैमा एक दिन अकस्मात् उनले एउटा बडो तेजी बँदेल आफू भएतिर दौडँदै आउन लागेको देखेर झटपट त्यसका उपर एक बाण प्रहार गरे । बँदेलका पछिपछि एक व्याधा पनि लखेट्दै आइरहेको थियो । त्यसले पनि उसैबेला त्यस बँदेलका उपर बाण प्रहार गऱ्यो । दुवैतर्फबाट छुटेका बाणहरू वेगसँग गएर बँदेलका देहमा रोपिए, बँदेल उत्तिखैरै छटपटाउँदै पछारिएर यमलोकतिर गयो ।

अर्जुन पनि सहसा आफू बसेको ठाउँबाट दौडँदै व्याधाको नगिचमा पुगेर भन्न थाले, "अए व्याधा ! बँदेललाई पहिले मैले हानेको हुँ । त्यसमाथि तैंले फेरि किन हानिस् ? के तँलाई आफ्नो प्राणको भय छैन ? शिकारको नियम भङ्ग गरेर किन तैंले यसमाथि बाण प्रहार गरिस् ? यसकारण अब म यस बँदेलका साथसाथै तँलाई पनि यमलोकमा पठाइदिन्छु खडा रह ।" यो सुनेर व्याधाले भन्यो, "तपस्वी ! तिमी बडा घमण्डी रहेछौ । म यस वनको मालिक हुँ । मैले नै अघिबाट यस बँदेलका उपर प्रहार गरेको थिएँ । तिमी उल्टो आफ्नो दोष मेरा उपर पोख्न खोज्दछौ ।"

व्याधाको यस कुराले अर्जुनलाई अत्यन्त क्रोध उठेर आयो । उनी सहसा धनु खिचेर लगातार व्याधाकै उपर बाण प्रहार गर्न थाले । तर उनले जति बाण हान्दथे उति व्याधाले आफ्नो शरीरमा चुपचाप थापेर सहिदिन्थ्यो । ती अर्जुनका सारा बाण त्यस व्याधाको शरीरमा एक सिन्को लागेझैं लागेर जमिनमा गिरे । व्याधालाई चोटपटक सम्म पनि लागेन । अर्जुनले आफ्नो सामर्थ्यले पुगेसम्म बाणवृष्टि गरे । एउटा बाणले पनि व्याधाको एक रौंसम्म टेढो गराउन सकेन । यो देखेर अर्जुनलाई अत्यन्त आश्चर्य लाग्यो । अर्जुनको ठोक्रामा भए जति सारा बाण सकिएर ठोक्रो रित्तै भयो । व्याधा भने मुसुमुसु हाँसेर हेरिरहेको थियो । अन्त्यमा ताजुब भएर हार मान्दै अर्जुन मनमनमा भन्न लागे, "यो को होला ? यो सामान्य व्याधा त अवश्य होइन; कि त कुनै देवता हुन्, कि त साक्षात् सदाशिव नै हुनुहुन्छ । नत्र मेरो सारा बल यिनबाट कदापि व्यर्थ हुने थिएन । तथापि मैले त्यसै नामर्द भएर हार्नु ता उचित छैन ।" यति विचार गरेर अर्जुन व्याधाको नगिचै पुगी रित्तो गाण्डीव धनु फट्काईं उसको छेउ र टुप्पोले व्याधालाई पट्काउन थाले । उनको त्यो काम देखेर व्याधाले त्यही धनुलाई पनि टप्प समातेर रोकिदियो । धनु चलाउन नपाएपछि अर्जुन तरबार उठाएर जाइलागे । तर उनको तरबार पनि व्याधाको शिरमा बज्रेर धूलोपीठो भयो । त्यसपछि उनी मल्लयुद्ध (कुस्ती) गर्न अग्रसर भए । उनले व्याधाको गला पत्रूँ भनेर हात मात्रै पसारेका थिए सहसा उनको दृष्टि व्याधाको गलामा लट्किरहेको मालामा पऱ्यो । त्यो उही उनले पूजासमयमा चढाएको माला थियो । त्यो देख्नासाथ उनी छर्लङ्ग भए । त्यसै बेला उनलाई व्याधारूप शम्भुले आफ्नो प्राकृत रूपको दर्शन दिनुभयो । दर्शन पाउनासाथ अर्जुनले हर्षाश्रुको वर्षा गर्दै भगवान्को पाउमा प्रणाम गरे ।

अर्जुनको भक्ति, तपस्या र युद्धको उत्साह देखेर भगवान् सदाशिव अत्यन्त प्रसन्न भइरहनुभएको थियो । उहाँले ईषत् हास्य गर्दै अर्जुनको हातमा समातेर

भन्नुभयो, "मेरो प्यारो भक्त ! तिम्रो सारा अपराध मैले क्षमा गरैं । म बहुतै प्रसन्न छु । तिम्रो इच्छा लागेको वर माग ।" अर्जुनले हात जोडेर विनति गरे, "भगवान् ! यदि हजुर यस भक्तका उपर प्रसन्न हुनुहुन्छ भने म यही वर प्रार्थना गर्दछु, भविष्यमा कौरवहरूका साथ हाम्रो जो घोर युद्ध हुने सम्भावना छ, त्यसमा भीष्म, द्रोण आदि वीरहरूसँग युद्ध गर्न लायकका अस्त्र मलाई बक्सियोस् । मैले उनीहरूसँग कदापि हार्नु नपरोस् ।" यो सुनेर महादेवले "तथास्तु" भन्दै आफ्नो पाशुपतास्त्र दिएर त्यसको प्रयोग उपसंहारको विधिसमेत बताइदिनुभयो । त्यसपछि उहाँले अर्जुनलाई भन्नुभयो, "हे अर्जुन ! तिमी यो मेरो पाशुपतास्त्रलाई सामान्य मनुष्यका उपर कदापि प्रयोग नगरे । यसबाट नमर्ने त्यस्तो कुनै प्राणी संसारमा छैन । यसको प्रयोगपछि लक्ष्यभेदनविना कदापि यो फर्कदैन यो कुरा सम्झिराख ।" यति भनेर भगवान् चन्द्रमौली अन्तर्धान हुनुभयो । अर्जुन केही बेरतक त्यहीं चुपचाप खडा भए ।

यस प्रकारसँग अर्जुनलाई पशुपतास्त्र दिएर महादेव अन्तर्धान भएको थोरै बेरपछि सहसा आफ्नो प्रतिज्ञाअनुसार देवताहरू साथ लिएर ऐरावतमा सवार भई देवराज इन्द्र त्यहीं प्रकट भए । उनका साथसाथै भगवान् धर्म र वरुणदेवसमेत आएका थिए । थोरैबेर यताउताका वार्तालाप भएपछि धर्म र वरुण दुवै जनाले इन्द्रको आज्ञाअनुसार अर्जुनलाई सकल दिव्यास्त्रको शिक्षा दिएर भने, "हे अर्जुन ! तिमी क्षत्रियहरूमाका श्रेष्ठ पुरुष हौ । हामीले दिएका दिव्यास्त्रद्वारा सङ्ग्राममा सर्वत्र तिम्रो जय हुनेछ ।" यो सुनेर अर्जुन कृतकृत्य भए । त्यसपछि इन्द्रले पनि भने, "पुत्र ! तिम्रो काम पूरा भयो । यसको बदलामा तिमीले देवताहरूको पनि केही काम अवश्य गरिदिनुपर्दछ । यसकारण म तिमीलाई स्वर्गलोकमा लिएर जान्छु । तिमी तयार भइरहू । केही बेरपछि मेरो सारथि मातलि तिमीलाई लैजानानिमित्त रथ लिएर आइपुग्नेछ । अहिले तिम्रो यो सारा खबर दिनानिमित्त म महर्षि लोमशलाई तिम्रा दाज्यूभाइहरू भए ठाउँमा पठाइदिन्छु । उनीहरू तिम्रो कार्यसिद्धि र कुशलताको खबर पाएर सन्तुष्ट हुनेछन् । धेरै दिनको वियोगबाट भएको उनीहरूको ताप पनि शान्त हुनेछ ।" यति भनेर देवगणसमेत इन्द्र अन्तर्धान भए ।

यता काम्यक वनमा बसेका पाण्डवहरू अर्जुनको वियोगमा दुःखी भई वेदपाठ, जप, होम आदि गरेर दिन बिताइरहेका थिए । उनीहरू शिकारमा पाएका मृगहरूको मासु, फलफूल आदिद्वारा ब्राह्मणहरूलाई भोजन गराउँथे । उनीहरूको शेष प्रसादी आफू पनि खाने गर्दथे । उनीहरूको मनमा अर्जुनको वियोग बराबर

जागृत भएर उठ्तथ्यो तापनि धैर्यपूर्वक सहन गरिरहेकै थिए । यस्तैमा सहसा एक दिन बृहदश्व नामक मुनि उनीहरू भए ठाउँमा आए । उनलाई धर्मराज युधिष्ठिरले यथोचित सत्कार गरी सुखपूर्वक विश्राम गराएर भने, "मुनीश्वर ! म जुवा खेल्न सिपालु नहुनाले आज यो दुर्दशामा परिरहेछु । मलाई अर्जुनको ठूलो भरोसा थियो । आज उनीसँग पनि वियोग भएको कैयौं काल बितिसक्यो । त्यसैले हामी सबै आजकल जिउँदै पनि मरे जस्ता भइरहेछौं । म साह्रै अभागी रहेछु । अब मैले के गर्ने हो । आज्ञा होस् ।"

युधिष्ठिरको यस्तो विलाप सुनेर बृहदश्व मुनिको मन पनि साह्रै दुःखित भयो । उनले युधिष्ठिरको चित्त शान्त गर्नलायकका अनेक इतिहास कथाहरू सुनाएर पछिबाट भने-

कोही प्रेरक छैन तापनि सदा केही नभै व्यत्यय ।
जस्तो हुन्छ स्वयम् यथासमयमा आदित्यचन्द्रोदय ॥
त्यस्तै धीर मनस्वि सत्पुरुषको देखिन्छ भाग्योदय ।
यो जानेर सबै सहू नरपते ! होला अवश्यै जय ॥

मुनिवर बृहदश्वको यो युक्तिसङ्गत उक्ति सुनेर युधिष्ठिरको चित्त केही शान्त भयो । उनले भने, "महर्षि ! मलाई जुवामा निपुणता प्राप्त गर्ने ठूलो इच्छा छ । यसकारण मेराउपर कृपा राखेर द्यूतविद्या राम्रोसँग सिकाइदिनुहोस् ।" महर्षिले यो कुरा स्वीकार गरे । यसले युधिष्ठिरलाई पनि हर्ष लाग्यो । केही दिनसम्म त्यहीं द्यूतविद्याको सारा रहस्य बताई मुनिवर युधिष्ठिरलाई जुवामा खूब सिपालु गराए । यति गरेपछि मुनिवर बृहदश्व त्यहाँबाट बिदा भए ।

पाण्डवहरू अर्जुनकै चिन्तामा थिए । अर्जुनको कुशल समाचारसम्म पनि उनीहरूलाई प्राप्त भएको थिएन । यस्तैमा कैलाशतिरबाट कोही ऋषिहरू उनीहरू भए ठाउँमा आएर अर्जुन आजकल तपस्याको निमित्त ठूलो कष्ट उठाएर बसेका छन् भन्ने खबर सुनाए । सो सुनेर द्रौपदीसमेत युधिष्ठिरादिको मन झन्-झन् व्याकुल हुन थाल्यो । हाम्रा निमित्त अर्जुनले त्यस्तो कष्ट उठाउनुपऱ्यो । हामीले उनलाई साह्रै दुःख दियौं भनी उनीहरू परस्पर दुःख प्रकट गर्न थाले । उनीहरूमा कैयौं दिनसम्म यही चर्चा चलिरह्यो । उनीहरू शोकैमा थिए । यसै बेला एक दिन देवर्षि नारदले उहाँ आएर अर्जुनको कुशलवृत्तान्त सुनाउँदै भने, "धर्मराज ! तपाईंहरू अर्जुनको विषयमा कति शोक नलिनुहोस् । अर्जुन आजकल देवताहरूको केही कामका निमित्त देवलोकमा गएर बसेका छन् । उनको हालखबर तपाईंहरूलाई दिनानिमित्त देवराज इन्द्रले महर्षि लोमशलाई

यहाँ पठाउनुभएको छ भन्ने सुनेको छु । उनी चाँडै नै यहाँ आएर तपाईंहरूको शोक दूर गराउनेछन् । उनले पृथ्वीका सकल देश तीर्थस्थानहरू देखेका र तत्तत् स्थानहरूका इतिहाससमेत जानेका छन् । यसकारण उनी आएपछि तपाईंहरू केही कालका निमित्त यस काम्यक वनलाई छोडेर उनैका साथ तीर्थयात्राका निमित्त प्रस्थान गर्नुहोला । त्यसले तपाईंहरूलाई ठूलो शान्ति प्राप्त हुनेछ । बाँकी रहेको वनवासको समय पनि सहजै बित्नेछ ।' यति भनेर अनेक तीर्थस्थानको माहात्म्यसमेत सुनाई देवर्षि नारद त्यहाँबाट बिदा भए ।

देवर्षि नारदको कुरा सुनेर पाण्डवहरूलाई अत्यन्त आनन्द लाग्यो । उनीहरू त्यो सुनेदेखि लोमशको आगमन र तीर्थयात्राका निमित्त प्रतिदिन उत्कण्ठित हुन थाले । यसैबीचमा सहसा महर्षि लोमश पनि यहाँ आइपुगे । आदर सत्कारको पछिबाट आग्रहपूर्वक युधिष्ठिरले आउनको कारण सोधेका सुनेर उनले भने, 'राजन् ! म देवराज इन्द्रको आज्ञाले तपाईंलाई केही खुशखबर सुनाऊँ भनेर आएको हुँ । देवराज इन्द्रको कृपाले यम, वरुण, कुबेर आदि देवताहरूले अर्जुनलाई असल असल दिव्यास्त्रहरू दिए । फेरि भगवान् महादेवलाई उनले तपस्याबाट प्रसन्न गराएर पशुपतास्त्र पनि प्राप्त गरे । अब हाल अर्जुन इन्द्रको आज्ञाअनुसार स्वर्गमा गएर गान्धर्वविद्या अर्थात् गानबजानको काम सिक्न लागिरहेछन् । त्यसमा पनि उनी चाँडै निपुणता प्राप्त गर्नेछन् । अहिले उनलाई कुनै प्रकारले कष्ट छैन । उनको विषयमा तपाईंहरू कत्ति पनि शोक नराख्नुहोला । अर्को खुशीको कुरा यो पनि सुनाउँछु । तपाईं कर्णको जुन दुर्भेद्य कवच कुण्डलदेखि डराउनुहुन्थ्यो सो पनि उनबाट लिनानिमित्त स्वयम् देवराज इन्द्र यत्न गरिरहेछन् ।'

महर्षि लोमशबाट अर्जुनको यो खबर पाएर पाण्डव द्रौपदीहरूलाई अत्यन्त आनन्द भयो र त्यसै बेला उनीहरूले महर्षि लोमशसँग आफ्नो तीर्थयात्राको इच्छा प्रकट गरे । त्यो कुरा महर्षिबाट पनि प्रसन्नतासाथ स्वीकार गरियो । त्यसको तीन दिनपछि अर्थात् मार्गशुक्ल पूर्णिमा बितेर तिष्य नक्षत्रयुक्त शुभ मुहूर्तमा उनीहरू आफ्ना साथ आएका तपस्वी, ब्राह्मण र सेवकवर्ग कसैलाई हस्तिनापुरतिर पठाई, कसैलाई त्यही काम्यक वनमा छोडी केही ब्राह्मण, पुरोहित धौम्य र इन्द्रसेन आदि थोरै सेवकवर्ग मात्रै साथ लिई तीर्थयात्राका निमित्त प्रस्थित भए । यिनीहरूलाई महर्षि लोमशले प्रथमतः नैमिषारण्यको अन्तर्गत गोमती नदीमा परेका तीर्थहरूमा पुऱ्याएर स्नान गराए । यसपछि अनेक तीर्थहरू गर्दै उनीहरू प्रयागमा पुगेर केही दिन बसे । तदनन्तर वेद तीर्थ, कौशिकी तीर्थ, गङ्गासागर आदि तीर्थ गर्दै प्रभास क्षेत्रमा पुगे । उहाँ यादवसँग भेटघाट गरेर केही दिन बसे । त्यहाँबाट पनि

उठेपछि उनीहरू सरस्वती नदी पार गरेर केही दिन बसे । सिन्धु तीर्थ आदि अनेक पुण्यस्थानहरूको मेला भर्दै उत्तरी पहाडखण्डतिर लागे । त्यहाँपछि पहाडै पहाडको दुर्गम मार्ग हिंड्नुपर्ने देखेर लोमशले भीमसेनसँग भने, "भीम ! अब तिमीले अर्जुनको विरहले दुःखित भएकी द्रौपदीको बहुतै ध्यान राखेर रक्षा गर्नुपर्छ । उनी यस दुर्गम मार्गमा हिंड्न सक्नेछैनन् । नकुल र सहदेव पनि अत्यन्त सुकुमार छन् । उनीहरूलाई म आफैं मद्दत गर्दछु । अरू हाम्रो साथमा आएका जति छन् उनीहरूले पनि राम्रोसित आफ्नो शक्तिलाई ठीक गरेर हिंड्नुपर्दछ ।"

यस प्रकारले सबै जनाको ठीक भएपछि महर्षि लोमशसहित पाण्डवहरू गन्धमादनबाट बदरीकाश्रमनित उत्रेकी भगवती भागीरथीको दर्शनको अपार आनन्द अनुभव गर्दै उकालो चढ्न थाले । विस्तार-विस्तार गन्धमादनको एक उच्च शिखरमा पुगेपछि उनीहरूका उपर एक घोर कष्ट उपस्थित भयो । प्रचण्ड आँधी चल्न थाल्यो । दशै दिशा अँध्यारो भए । बडे बडे पत्थरहरू पहिरो लडेर चूर्ण हुन थाले । परस्परमा एउटाले अर्कोलाई नदेख्ने भयो । वृक्ष र पत्थरका थुम्काहरू लडेको भयङ्कर आवाज उठ्न लाग्यो । थोरै बेरपछि मुशालधारे पानी परेर हाहाकार मच्चायो । कोही गुफामा गएर घुस्रे, कोही ठूलाठूला वृक्षको आडमा अडे । कोही अजङ्ग पत्थरको आड लिएर बसे । भीमसेनले द्रौपदीलाई एक वृक्षमनि लगेर राम्रोसित राखे । कैयौं घडीतक यही अवस्था रह्यो । अन्त्यमा धेरै बेरपछि सो उत्पात् शान्त भएर भगवान् सहस्रकिरणले दर्शन दिनुभयो । अनि भीमसेनले जोरसित कराउँदै सबैलाई बोलाएर एक ठाउँमा जम्मा गरे । त्यस बेला बिचरी द्रौपदीको बेहाल भइरहेको थियो । उनी आँधीबेहरीको झोकमा परेर एक प्रकारको मूर्छामा परेझैं विह्वल भइरहेकी थिइन् । उनको त्यो दशा देखेर सबै रुन थाले । अब यहाँभन्दा अगाडि कसरी जाने हो भन्ने चिन्ताले सबैलाई व्याकुल गरायो ।

भाइहरू र द्रौपदीसमेत अरू सबैको यो अवस्था देखेर वीर भीमसेनले युधिष्ठिरसँग भने, "दाज्यैज्यू ! हजुर कत्ति चिन्ता नगर्नुहोस् । अब म आफैं द्रौपदीलाई बोक्तछु । आवश्यक पऱ्यो भने तपाईं र भाइलाई समेत म बोकूँला । फेरि अर्को कुरा यो पनि छ, मेरो हिडिम्बातर्फको पुत्र घटोत्कच अत्यन्त पराक्रमी र अद्भुत शक्ति भएको छ । म त्यसलाई पनि बोलाउँछु । त्यो आएपछि हामीहरू सारालाई सुखपूर्वक यस दुर्गम मार्गबाट पार गराउनेछ ।" यति भनेर भीमसेनले घटोत्कचको स्मरण गरे । उनले सम्झनासाथ घटोत्कच अगाडि प्रकट भएर "मैले के गर्नुपऱ्यो ? म मेरा अरू साथी राक्षसहरूलाई पनि बोलाऊँ ?" भनी सोध्न

थाल्यो । उसलाई युधिष्ठिरले हामी सबैलाई सुबिस्तासाथ राक्षसहरूद्वारा उठाएर लैजाऊ भनी आज्ञा दिए । आज्ञा पाउनासाथ उसले आफ्ना साथी राक्षसहरूको फौज ल्याई युधिष्ठिरसमेतका सबै यात्रीलाई उठाएर बदरिकाश्रमको समीपवर्ती पवित्र गङ्गाकिनारको एक मनोरमणीय सुरक्षित स्थानमा पुऱ्याएर राखिदियो । त्यहीं बसेर पाण्डवहरू सुखपूर्वक दिन बिताउन लागे ।

पाण्डवहरू बदरिकाश्रमका तपस्वीहरूको आश्रममा रहेर उहाँका प्राकृतिक दृश्यको आनन्द अनुभव गरी सुखपूर्वक बसेकै थिए । यस्तैमा एक दिन अकस्मात् कोही सूर्य जस्तो देदीप्यमान हजार पत्रवाला एउटा कमलको फूल हावामा उड्दै आएर द्रौपदीको अगाडि खस्यो । त्यो फूल झटपट उठाएर त्यसको सुवासले अत्यन्त प्रसन्न हुँदै द्रौपदीले भीमसेनतिर हेरेर हाँस्तै भनिन्, "आर्यपुत्र ! यो बहुतै सुन्दर र सुगन्धयुक्त कमल रहेछ । म यो सौगन्धित कमल धर्मराजलाई चढाउँछु । यदि हजुर मलाई प्यारो गरिबक्सिन्छ भने यस्तै अरू दुईचारोटा फूल मलाई ल्याइदिबक्सियोस् । यसले मलाई बहुतै आनन्दित गरायो ।" यो सुनेर भीमसेन उत्तिखैरै आफ्ना हातहतियार लिएर कमलको फूलको खोजीमा निस्के । द्रौपदी युधिष्ठिर भएका ठाउँमा गएर बसिन् ।

महाबली भीम प्यारी द्रौपदीको इच्छा पूर्ण गराउननिमित्त सीधा अगाडिको जङ्गली मार्ग पत्रेर कैयौं कोस पर पुगे । बीचबीचमा साह्रै सङ्कटको मार्ग जहाँ आइपुग्दथ्यो, उहाँका वृक्षहरू उखेल्दै फ्याँक्दै उनी सफा गराउँथे । उनको भयङ्कर आकृति वृक्ष उखेल्नाको शक्ति देखेर उहाँका जनावरहरू भाग्दथे । यसरी जाँदा उनी एक सङ्कीर्ण मार्गवाला घोर जङ्गलमा पुगे । वनभित्र पसेर उनले एक सानो बाटो पत्रेका मात्र थिए सहसा एक ठूलो वानरलाई बाटै छेकेर सुतिरहेको देखे । त्यस वानरलाई हटाएर अगाडि जाननिमित्त उनले दर्पसाथ बाटो छोड् भने । तर वानरले उनको बल विक्रमको परवाहै नराखी भन्यो, "भाइ ! म ज्यादै बूढो भइसकेकाले उठ्न सक्तिनँ । बिस्तारै मेरो पुच्छरलाई हटाएर जाऊ ।" यो सुनेर भीमसेनले त्यस वानरको पुच्छर उठाउने यत्न गरे । उनको सारा यत्न व्यर्थ गयो । अन्त्यमा आश्चर्य मानेर उनले भने, "वानरराज ! तिमी को हौ ? किन वानर वेशले यहाँ रहेका छौ ?" वानरले भन्यो, "भीमसेन ! म वानरराज सुग्रीवको मन्त्री भगवान् श्री रामचन्द्रको सेवक वायुपुत्र हनुमान् हुँ । वृद्ध अवस्था भएकाले भगवान् रामचन्द्रको ध्यान गरेर यहाँ बसेको छु । तिमी मेरा भाइ हौ । यसकारण तिमीलाई देखेर साह्रै माया लाग्यो । तिमी यस मार्गबाट जान लागेकाले स्नेहवश तिम्रो रक्षाका निमित्त मैले बाटो छेकेको हुँ । यस मार्गबाट कुनै मनुष्य पनि जान

सक्तैनन् । यसैले तिमीलाई मैले रोकेको हो । तिमी यस मार्गलाई छोडेर अर्के मार्गबाट अगाडि बढ । तिमी यहाँ आएको कारण पनि मैले थाहा पाएको छु । तिमी जुन फूलको खोजीमा आएका छौ त्यो फूल एक कुबेरको सरोवरसिवाय अन्यत्र कहीं छैन । त्यो सरोवरतिर जाने बाटो बताई हनुमान् त्यहाँबाट हिंडे ।

हनुमान्ले बताएका मार्गबाट जाँदा-जाँदा भोलिपल्ट भीमसेन एक मनोरम नदीको किनारमा पुगे । तिनै नदीबाट उनले खोजे जस्ता अनेक कमलपुष्पहरू बग्दै आएर कुबेरको सरोवरमा जम्मा हुन्थे । भीमसेन तिनै नदीको किनारै किनार गएर त्यस कुबेरको सरोवरमा पुगे । केही बेर त्यहाँको पवित्र र मनोहर दृश्यले प्रसन्नचित्त हुँदै उनले त्यस सरोवरमा स्नान गरे । यसै बेला त्यस सरोवरका रक्षक कुबेरका सेवक यक्षहरूले फूल टिप्ने चेष्टा गर्न लागेका भीमसेनसँग घमण्डसाथ भने :-

यो वीरवेष मुनिवेष दुवै लिएर
हाम्रो सरोवरबिषे सहसा घुसेर ।
सौगन्धिकाहरणतत्पर भैरहेको
को होस् बता तँ किन साहस यो गरेको ?

भीमसेनले भने–

हुँ वीर पाण्डुसुत मध्यम भीमनामा
आफ्नी प्रियाकन गरूँ भनी पूर्णकामा
सौगन्धिकाहरणखातिर छुतयार
छोड्दीन काम कहिल्यै नलगाइ पार ॥

यो सुनेर सरोवरका रक्षकहरूले भने, "भीमसेन ! यो यक्षराज कुबेरको अत्यन्त प्यारो क्रीडा सरोवर हो । उहाँको आज्ञाविना कसैले पनि यसमा प्रवेश वा यहाँबाट सौगन्धित कमल लैजान पाउँदैन ।" भीमले भने, "यो पहाडबाट बगेर आउने झर्नाबाट बनेको सरोवर हुनाले यसमा जो-कोहीलाई पनि प्रवेश गर्ने अधिकार छ । फूल टिपेर लैजानु एक साधारण तुच्छ कुरा हो । यसका निमित्त म कसैको आज्ञाको आवश्य देख्तिनँ ।" भीमसेनको यस्तो निर्भीकतापूर्वकको उत्तर सुनेर सरोवरका रक्षक यक्षहरू क्रोधले अन्ध हुँदै "लौ यसलाई पक्र, मार खबरदार पर्खी" भन्दै एकाएक हातहतियार उठाएर आइलागे । विस्तार-विस्तार दुई थरीमा घोर सङ्ग्राम मच्चिन लाग्यो ।

यता धेरै बेरसम्म भीमसेनलाई नदेखेर युधिष्ठिरले द्रौपदीसँग सोधे, "प्रिय ! म धेरै बेरदेखि भाइ भीमलाई देख्तिनँ । उनी कहाँ गए ?" द्रौपदीले भनिन्,

"राजन्, हजुरलाई मैले जो सुगन्धित पुष्प चढाएथें, त्यो फूल मलाई अत्यन्त राम्रो लागेको हुनाले उहाँसँग त्यस्तै अरू फूल पाए हुँदो हो भन्ने इच्छा प्रकट गरेको थिएँ । सोही मेरो इच्छा पूर्ण गराउनानिमित्त अहिले उहाँ पूर्वोतर दिशातिर सवारी भएको हुनुपर्दछ ।" युधिष्ठिरले भने, "त्यसो भए हिंड, हामी पनि उतै गएर उनीसँग भेट गरौं । बलको घमण्डमा उनी कहाँ के गर्दछन् के गर्दैनन् । कदाचित् उनीमाथि केही आपत्ति पर्न जाला कि भन्ने मलाई ठूलो डर लाग्छ ।" यति भनेर घटोत्कच आदि राक्षसवृन्दको सहायताले युधिष्ठिर, द्रौपदी, नकुल, सहदेव सबै जना भीमसेन गएको दिशातिर लागे । केही बेरपछि उनीहरू सरोवरको समीपमा पुगे । त्यस बेला भीमसेनको यक्षगणका साथ युद्ध भइरहेको थियो । त्यो देखेर युधिष्ठिरलाई आश्चर्य लाग्यो । उनी चुपचाप खडा भएर हेर्दै थिए । यस्तैमा यक्षहरूका उपर विजयलाभ गरेर भीमसेन फर्केर आए । उनीलाई भेट्नासाथ अङ्कमाल गरेर युधिष्ठिरले भने, "भाइ ! तिमीले यो के गरेको ? यो पुण्यारण्यमा आएर कुनै देवतालाई ता तिमीले रुष्ट गराएनौ ? यस्तो गर्नु कदापि उचित छैन ।" युधिष्ठिरको यस कुरामा भीमसेनले उत्तर दिन पनि पाएका थिएनन्, यस्तैमा पाण्डवहरू आएको खबर पाएर यक्षराज कुबेरले उनीहरूलाई लिन भनी पठाएको एक विश्वासपात्र दूत उहीं आइपुग्यो । पाण्डवहरू त्यसैको साथ कुबेरकहाँ गए । कुबेरद्वारा उनीहरूको यथायोग्य सत्कार भयो । त्यसपछि कुबेरको आज्ञाअनुसार अर्जुन फर्केर आइनपुगुन्जेलका निमित्त उनीहरू त्यहीं सुखपूर्वक रहन थाले ।

उता इन्द्रलोकमा नाना प्रकारको शस्त्रास्त्रशिक्षा लिएर सुखपूर्वक अर्जुन बसेको पाँच वर्ष बित्यो । उनले सारा दिव्यास्त्रको प्रयोग र उपसंहारको शिक्षाका साथसाथै गान्धर्व-विद्यामा पनि पूर्णतया निपुणता प्राप्त गरिसकेका थिए । उनको उद्देश्य पूर्ण हुनामा बाँकी केही थिएन । यसैले एक दिन देवराज इन्द्रसँग उनले बिदा मागे । इन्द्रले पनि प्रसन्नतासाथ अनेक आशीर्वाद दिँदै आफ्नो मातलि सारथि भएको रथमा सवार गराएर उनलाई बिदा गरे । मातलिले हाँकिएको रथ बिस्तार बिस्तार मर्त्यलोकतर्फ उत्रन लाग्यो । केही समयपछि नाना लोकको सफर गर्दै वीर अर्जुन स्वर्गीय शृङ्गारले सजिसजाउ भई गन्धमादन पर्वतमा आइपुगे । उनका दाज्यूभाइ र प्यारी द्रौपदीसँग भेट भयो । उनको सकल वृत्तान्त सुनेर सबै जना अत्यन्त आनन्दित भए । यसै बेला अर्जुनले स्वर्गमा देवराज इन्द्रबाट पाएका दिव्य आभूषणहरू द्रौपदीलाई सौगातको रूपमा दिए ।

यस प्रकारसँग पाँचै भाइको भेट भएपछि अर्जुनले आफ्नो स्वर्ग यात्राको हाल विस्तारपूर्वक सुनाउनानिमित्त सबैको सामनेमा महाराज युधिष्ठिरसँग भने, "दाज्यैज्यू ! अर्जुनले पाँच वर्षसम्म घुमेर के-के गरी आयो भन्ने हजुरको मनमा

ठूलो उत्कण्ठा भएको होला, सो हाल बयान गर्दछु, सुनिबक्सियोस् - पहिले हजुरसँग बिदा भएर गएपछि मैले कैलाश पर्वतमा गई घोर तपस्या गरेँ । त्यस तपस्याको प्रभावले देवराज इन्द्रको दर्शन मिल्यो । उहाँको आज्ञाअनुसार मैले फेरि केही समयतक आराधना गरी भगवान् शङ्करलाई प्रसन्न गराई उहाँबाट पाशुपतास्त्र प्राप्त गरेँ । त्यसपछि देवराज इन्द्रबाट सारा दिव्यास्त्र शिक्षा मिल्यो । तदनन्तर देवराज इन्द्रले मलाई स्वर्गमा बोलाई आफ्नै रथमा सवार गराएर आफ्ना शत्रु निवातकवच नामक दैत्यगणका साथ युद्ध गर्न पठाइबक्सियो । ती निवातकवचहरूको निवास्थान महासागरको बीचमा रहेछ । त्यहाँ पुगेर तिनीहरूका साथ मेरो घोर युद्ध भयो । त्यस युद्धमा देवराजको आशीर्वाद र उहाँबाट पाएका शिक्षाको प्रभावले जयलक्ष्मी मेरो हस्तगत भइन् । सारा शत्रुदललाई परास्त गराएर म फेरि स्वर्गमा फर्कें । आफ्ना शत्रुहरूको संहार गरेर आएको मलाई देखेर देवराज बहुतै प्रसन्न हुनुभयो । उहाँले मलाई बक्सनुभएको शिक्षाको बदला यही निवातकवचवधरूप गुरुदक्षिणा सम्झेर ठूलो हर्ष प्रकट गर्नुभयो । फेरि, तँलाई कुनै शत्रुदेखि भय उत्पन्न नहोस् जस्तोसुकै पराक्रमी शत्रुसँग पनि सामना गर्न सकोस् भन्ने वर पनि मैले उहाँबाट प्राप्त गरेँ । यति भएपछि केही दिनतक स्वर्गमा बसी आज देवराजको आज्ञाअनुसार हजुरको पाउमा उपस्थित हुन आएको हुँ । हजुर, माहिला दाज्यै र भाइसमेत प्यारी द्रौपदीलाई सकुशल देख्न पाउनाले मेरो चित्त बहुतै आनन्दित भइरहेछ ।" यति भनेर अर्जुन चुप लागे ।

यसपछि चार वर्षसम्म पाण्डवहरू आनन्दपूर्वक त्यही गन्धमादन पर्वतमै बसे । यसभन्दा अघि उनीहरूको वनवासको अवधि दुई वर्ष मात्र बाँकी थियो । यही देखेर एक दिन उनीहरूमा परस्पर यो सल्लाह भयो, "हामीले धेरै दिनसम्म यो स्वर्गसदृश सर्वसुखसम्पन्न स्थलमा बसेर बितायौँ । यतिका दिन बितेको हामीलाई केही पत्तै भएन । अब हामीले आफ्नो कर्तव्यलाई भुलेर यतै बस्नु उचित छैन । कौरवहरूसँग हामीले बदला लिनैपर्दछ । यसकारण अब हामीले यहाँबाट उठेर विस्तार-विस्तार राजधानीको समीपै एक वनप्रदेशमा कर्तव्यको निश्चय गरी बस्नु उचित छ ।" यस्तो सल्लाह ठीक भएपछि पाण्डवहरू लोमश ऋषिका साथ घटोत्कच आदि वीरहरूको सहायताले कठिन मार्गहरूलाई अतिक्रमण गर्दै एक महिना बदरिकाश्रमको वास गरी राजा सुबाहुको राज्यमा आए । उनीहरूको आफ्ना अवशिष्ट सेवकवर्गहरूसँग पनि उहाँ भेट भयो । त्यहाँबाट उनीहरू द्वैतवनमा आइपुगे । त्यसै बेलादेखि वर्षाऋतुको आरम्भ पनि भयो । उनीहरू दुई महिना वर्षा त्यहीँ बसे ।

विस्तार-विस्तार वर्षाऋतुको अन्त भएर शरद्को उदय भयो । पाण्डवहरू पनि द्वैतवनलाई छोडेर कार्तिक शुक्ल पूर्णिमाका दिन साइत गरी काम्यकवनतिर प्रस्थित भए । उहाँ पुगेर केही दिन बसेपछि उनीहरूसँग भेट गर्न भनी प्यारी सत्यभामा र अरू केही सेवकवर्गका साथ भगवान् श्रीकृष्णको सवारी भयो । धेरै समयपछिको समागमले गर्दा दुवै थरीले ठूलो आनन्दोत्सव मनाए । अर्जुनको दिव्यास्त्रलाभ आदि शुभ समाचार सुनेर भगवान् श्रीकृष्णलाई अत्यन्त खुशी लाग्यो । यता सत्यभामा र द्रौपदी पनि परस्पर समागमले प्रहर्षित हुँदै नाना प्रकारका आमोद-प्रमोदका साथ आनन्द मनाउन थाले । बीचमा श्रीकृष्णले युधिष्ठिरसँग भन्नुभयो, "राजन् ! तपाईंले राजप्राप्तिभन्दा धर्मलाई ठूलो सम्झनुभयो, यो तपाईंको योग्य कुरा हो । अर्जुनले पनि यतिका दिनसम्म अनेक कष्टको सामना गर्दै दिव्यास्त्रको प्राप्ति गरे । यो पनि उनको क्षत्रियोचितै कार्य भयो । अब तपाईंको प्रतिज्ञा अर्थात् बाह्र वर्षको वनवास पूरा हुनासाथ तपाईं आज्ञा दिनुहुन्छ भने म एकदम कुरुकुललाई निर्मूल गराई तपाईंको साम्राज्य फिर्ता गराइदिनेछु । यसमा तपाईं कत्ति सन्देह नराख्नुहोला ।" फेरि द्रौपदीतिर फर्केर उहाँले भन्नुभयो, "द्रौपदी ! तिम्रा प्रतिविन्ध्य आदि पुत्रहरू बडा सुशील पुरुष छन् । उनीहरूलाई सुखपूर्वक सुभद्राले पालनपोषण गरिराखेकी छन् । उनीहरूको शिक्षा पनि स्वयम् प्रद्युम्नबाट भइरहेको छ । उनीहरूको विषयमा तिमीले कत्ति पनि चिन्ता लिनुपर्दैन ।"

युधिष्ठिरले भने, "केशव ! पाण्डवहरूलाई सब तरहबाट उपदेश दिएर कर्तव्यपथमा खडा राख्ने सारा कर्ता धर्ता तपाईं नै हुनुहुन्छ । अब हाम्रो वनवास पूरा हुन थोरै दिन मात्र बाँकी छ । एक वर्ष गुप्तवास पूरा गरेपछि फेरि तपाईंसँग भेट हुन्छ । उसै बेला हाम्रा कर्तव्यका विषयमा तपाईंबाट पूर्णरूपले सहायता पाउनेछौं । अहिलेलाई त्यस विषयमा म तपाईंलाई केही कष्ट दिन्न । एक वर्षको गुप्तवासको प्रतिज्ञा बाँकी नै छ । सो पूरा नगरी म राज्यप्राप्तिको तर्फ कदापि दृष्टि दिनेछैन ।" यति भनेर युधिष्ठिर चुप लागेका मात्र थिए, यस्तैमा सहसा मार्कण्डेय आइपुगे । उनलाई श्रीकृष्णसमेत पाण्डवहरूले यथोचित सत्कारले सन्तुष्ट गराए । उनीहरूको भक्तिभावले प्रसन्न भई उनी केही दिनतक उहीं रहे । उनको मुखारविन्दबाट नाना प्रकारका कथा-कहानी र सदुपदेशहरू सुन्न पाउनाले पाण्डवहरूलाई अतिशय आनन्द भयो ।

यता सत्यभामा र द्रौपदीमा पनि यदुवंश-कुरुवंशको विषयमा अनेक वार्तालाप भइरहन्थ्यो । यसैबीचमा श्रीकृष्णप्रिया सत्यभामाले द्रौपदीसँग प्रहसित मुखले भनिन्, "बहिनी ! महाबली पाण्डवहरूको तपाईं उपर प्रेम देखेर म आश्चर्य

मान्दछु । मलाई एक पति रिझाउन मात्र ता कति कष्ट छ, तपाईंले पाँच पाँच जनालाई एकनास गरेर कसरी रिझाउनुभएको होला यो विचार गरेर मेरो मन दङ्ग पर्दछ । के तपाईंले यी पतिहरूका उपर कुनै वशीकरणको व्रत, तन्त्र, मन्त्र, औषधिहरू ता केही गर्नुभएको छैन ? भए मलाई बताउनुहोस्, म पनि तपाईंकैझैं भगवान् श्रीकृष्णलाई सदा प्रसन्न तुल्याएर बढी सौभाग्यवती प्यारी बनूं ।'

सतीशिरोमणि द्रौपदीले भनिन्, 'प्यारी बहिनी ! पतिलाई प्रसन्न राख्ने विषयमा तपाईंले जुनजुन उपायको उल्लेख गर्नुभयो त्यो केवल अत्यन्त नीच कुलकी स्त्रीले गर्ने कुरा हो, भगवान् श्रीकृष्णकी पत्नीले यो प्रश्न गर्नु नै उचित होइन । मेरी स्त्री मलाई वश गर्नानिमित्त मन्त्र, यन्त्र, औषधिहरूको साधन वा प्रयोग गर्दछे भन्ने थाहा पाएर कसैको पति पनि प्रसन्न हुँदैन । त्यो शान्त भएर पनि कदापि रहन सक्तैन, उल्टो त्यस टुनाही बोक्सी स्त्रीलाई घरको विषालु सर्प जस्तो सम्झन थाल्दछ । यसकारण यी तपाईंले भन्नुभएका उपायहरूद्वारा पनि कदापि वश हुँदैनन् । पतिलाई वश गर्ने शुद्ध सरल उपाय अर्कै छ । जुन उपायले म आफ्ना पतिहरूलाई रिझाइरहेछु सो सुन्नुहोस् -

म आफ्ना पतिहरूका अरू भित्रिनी स्त्रीहरूका उपर कहिल्यै खराब व्यवहार गर्दिनँ । रत्तीभर अभिमान नराखी पतिहरूको इच्छाअनुसार सारा कामकाज गर्दछु, आफ्नो मुखबाट कसैका उपर केही खराब वचन कहिल्यै ननिस्कोस् भन्नानिमित्त बहुतै विचार राख्दछु । पाँचै जना पतिहरूका उपर मेरो विशेष पक्षपात कसैमा छैन । इसारा पाउनासाथ उहाँहरूको एकनास सेवा गर्दछु । आफ्नो घरलाई सदा सफासुग्घर राख्दछु; भोजनहरू ठीकठीक समयमा आफैं तयार गर्दछु । सदा सत्य प्रेमका साथ छलकपट कत्ति नगरी हरेक कामकुरामा उहाँहरूको चित्तलाई प्रसन्न राख्दछु; मलिन वेश, मलिन मुख, मलिन देहले कहिल्यै रहँदिनँ; मेरो शरीर सदा सुगन्धित चन्दन, पुष्प, माला, सौभाग्य-सिन्दुर, सीमन्त रचना सौभाग्य कण्ठसूत्र आदिले सजिसजाउ रहन्छ । पतिहरूको सेवा अथवा घरको कुनै कामकाजमा पनि मलाई आलस्य, क्रोध, अहङ्कार, अभिमान इत्यादिले दबाउन पाउँदैन । जस्तोसुकै अवस्थामा पनि, पतिको हितसिवाय मेरो मनमा अर्को चिन्तन रहँदैन । आफ्ना उपर कदाचित् पतिहरूको कुकार्य, कुचेष्टा, कुदृष्टि पर्ने सम्भावना मात्र देखियो भने म अधिबाटै डरले थरथर काँप्न थाल्दछु । चाहे देवता होस्, चाहे गन्धर्व होस्, चाहे उत्तम आभूषणले सुसज्जित, अद्भुत अदृष्टपूर्व, अश्रुतपूर्वको दिव्य स्वरूपवाला होस् तापनि पर-पुरुषका उपर म कदापि दृष्टिपात गर्दिनँ । पतिभन्दा अधिबाट खानु, सुत्नु इत्यादि कुनै काम पनि मबाट हुँदैन । पतिहरू बाहिरबाट आउने बेलामा पहिल्यैबाट सबै कामबाट फुर्सद लिएर उहाँहरूको

स्वागतका निमित्त खडा भइरहन्छु । घरमा आउनासाथ पाउ धोई सुखासनमा राखेर यथासमय प्रिय वस्तुहरू टक्र्याउँछु । मेरो घरमा मालमत्ता, भाँडा, बर्तन, लत्ताकपडा सफासुग्घर एक स्थानमा रहेका हुन्छन् । अन्न, खाने पिउने वस्तु सदा शुद्ध, ताजा र देख्दैमा पनि मानिसको मन ललचाउने किसिमसँग रहन्छन् । पतिहरूले मागेको कुरामा घरमा भएसम्मको जुनसुकै वस्तु होस् तापनि तुरन्त दिनामा कत्ति कसर राख्दिनँ । आफ्नो मन र अरू इन्द्रियहरूलाई पनि सदा वशमा राख्ने यत्न गर्दछु । पतिहरूका उपर रूखो बोली, उहाँहरूका अगाडि कुनै चञ्चलेपना मबाट हुन पाउदैन । बेकाममा हाँस्नु, धेर बोल्नु, नचाहिने गफ गर्नु, बराबर बेपर्वाहसँग आफ्ना अङ्गहरू देखाउनु, नचाहिँने चेष्टा गर्नु, झ्यालढोकामा गएर अकडिरहनु, पतिहरूको कुरा बाटेर बीचमा जान्ने भएर अरूसँग कुरा कहानी गर्नु इत्यादि कुनै कुरा पनि मैले गर्न जानेकी छैन । यसले मेरा पतिहरू सदा मदेखि प्रसन्न हुनुहुन्छ । मलाई न त कुनै बागबगैंचामा गएर, बेकाममा टहलिने सोख छ, न विनापतिहरूको आज्ञाले कुनै तीर्थ, व्रत, मेला इत्यादिमा म लाग्छु, न पतिहरूलाई मन नपर्ने कुरा मबाट हुन्छ । सासू, माता-पिताबाट मलाई जो शिक्षा मिलेको छ, त्यसैको अनुसार म व्यवहार गर्दछु । आफूखुशी कुनै काम पनि मैले आजसम्म गरेको छैन । शरीर, मन, वचन र बुद्धिले भेटेसम्म पतिको र सासूससुरा आदि गुरुजनको सेवा गर्नु नै हामी स्त्रीजातिको मुख्य धर्म हो । यही धर्मले मलाई पतिहरू प्रसन्न राख्ने विषयमा सहायता मिलिरहेको छ । यसलाई तपाईं मन्त्र, यन्त्र, औषध जे सम्झनुहुन्छ सम्झनुहोस् ।

यसको उल्टा तीर्थ, व्रत, मन्त्र, औषधहरूले पतिलाई वश गराउन खोज्नु स्त्रीजातिको अत्यन्त मुर्ख्याइँ हो । किनभने औषधद्वारा पतिलाई वश गराउँ भनेर लाग्यो भने त्यस औषधले उनको शरीरको स्वास्थ्यलाई घटाएर अनेक रोग उत्पन्न गराउँछ । धेरै स्त्रीहरूले आफ्ना पतिलाई औषध प्रयोग गरेर वश तुल्याउँछु भन्दाभन्दैमा जलोदरी, कोढी, लाटो, बहिरो बनाएका छन् भन्ने पनि सुनिन्छ । मन्त्र, यन्त्रद्वारा वश नभई उल्टो कतिका पति सिल्ली पनि बनेर बेपत्ता हुन्छन् । अतएव यी उपायद्वारा स्त्रीले कदापि पतिलाई वश गराउने चेष्टा गर्न हुँदैन । मेरो प्यारी बहिनी ! यी मैले माथि बताएका जुन असल उपाय हुन् तिनैको अनुसार व्यवहार गर्नुभयो भने भगवान् श्रीकृष्ण सदा तपाईंदेखि प्रसन्न रहनुहुनेछ । यसमा कति सन्देह छैन ।"

सत्यभामाले भनिन्, "सखी ! मैले तपाईंसँग जो प्रश्न गरेँ त्यो परिहासको तवरबाट गरेकी हुँ, मबाट साह्रै भूल भयो, सखीको परिहासमा क्षमा राख्नुपर्दछ ।

तपाईंको व्यवहार देखेर मलाई अत्यन्त आनन्द लाग्यो । तपाईंको कल्याण होस् ।" यति भनेर सत्यभामा चुप लागिन् । यसको एक-दुई दिनपछि भगवान् श्रीकृष्ण पाण्डवहरूसँग बिदा भई सत्यभामाको साथ द्वारकातर्फ फिर्नुभयो । पाण्डवहरू द्वैतवनमा गएर एक सरोवरको नगिचै आश्रम बनाई बस्न थाले ।

पाण्डवहरू द्वैतवनमा बसेर आफ्नो वनवासको शेष समय व्यतीत गरिरहेका थिए । एक दिन उनीहरूले आफ्नो कुशल वृत्तान्त सुनाउनानिमित्त एक कार्यकुशल ब्राह्मणलाई महाराज धृतराष्ट्रकहाँ पठाएका थिए । ती ब्राह्मणले पाण्डवहरूको कुशलमय वृत्तान्त अर्जुनको दिव्यास्त्रलाभ इत्यादिको बयान गरी दुर्योधनको अत्याचारका उपर शोक प्रकट गरे । त्यो सब सुनेर धृतराष्ट्रको मनमा पनि पाण्डवहरूका उपर दया र दुर्योधनका उपर घृणा उठ्न थाल्यो । फेरि अर्जुनको दिव्यास्त्रलाभले उनको मनमा भित्रभित्रै भयको अङ्कुरसमेत उत्पन्न भएर आयो । यो कुरा दुर्योधनका मन्त्रीहरूले पनि चाल पाएका थिए । यसैले एक दिन कर्ण, शकुनिहरूले दुर्योधनलाई एकान्तमा राखेर भने, "महाराज ! हाल पाण्डवहरू यही द्वैतवनको सरोवरको नगिचै बसेका छन् भन्ने सुनिन्छ । अहिलेका दीनहीन दरिद्र अवस्थामा हामीले आफ्नो ऐश्वर्यको चमकदमकका साथ एक पटक उनीहरूसँग भेट गर्न पाए बडो मजा हुने थियो । शत्रुको मानभङ्ग गर्ने मौका यस्तै हुन्छ । यदि हजुर इच्छा गर्नुहुन्छ भने पिताजीसँग आज्ञा लिने प्रबन्ध होओस् ।"

दुर्मन्त्रीहरूको विचारले जस्तोसुकै न्यायी राजाको विचारलाई पनि नबिगारी छोड्दैन । कर्ण र शकुनिको विचारलाई दुर्योधनले खुशीसाथ स्वीकार गरे । परन्तु यो कुरा सहसा धृतराष्ट्रसँग गएर भन्ने साहस दुर्योधनमा थिएन । यसैले उनी अब कुन बहाना निकालूँ भनी विचार गर्दै थिए । भोलिपल्टै कर्ण र शकुनिले आएर द्वैतवनको समीपवर्ती अहीर (ग्वाला) हरूको बस्तीमा हेरविचार गर्न जाने बहाना निकालेको पक्षमा वृद्ध महाराजबाट अवश्य हामी आज्ञा पाउनेछौं भन्ने उपाय बताए । अन्त्यमा यही बहाना गरी धृतराष्ट्रसँग बिदा भएर कर्ण, शकुनि, दुःशासन र थोरबहुत अन्तःपुरचारिणी स्त्रीहरूसमेत साथ लिई दुर्योधनको द्वैतवनतर्फ भारी सवारी चल्यो । उनका साथसाथै अरू नगरवासी मुनष्यहरू पनि शिकार खेल्ने इच्छाले पछि लागे । अहीरहरूको बस्तीमा पुगेपछि उनीहरूबाट हरएक गोठमा रहेका गाई-बाच्छाहरूको गिन्ती, तिनीहरूको पालन-पोषण्को प्रबन्ध-प्रणाली, दही, दूध, घिउको आय-व्यय इत्यादि प्रत्येक विषयको जाँच-बुझ गरियो । त्यसपछि असल काम गर्ने ग्वालाहरूलाई पारितोषिक प्रदान र काम गर्नेहरूको अदली-बदली गर्ने काम भयो । अनि सबै शिकार खेल्दै द्वैतवनको समीपवर्ती सरोवरको नगिचै

पुगे । त्यो ठाउँ अत्यन्त रमणीय हुनाले त्यहींनेर एक सुन्दर क्रीडास्थान बनाउनु भनी दुर्योधनले आज्ञा दिए ।

परन्तु यस बेला त्यस सरोवरलाई आफ्नो जल विहारका निमित्त चित्रसेननामक गन्धर्वराजले आफ्ना सेवकवर्गद्वारा चारैतर्फबाट घेरेर रोक्का गरिराखेको थियो । दुर्योधनका नोकरहरू एकाएक त्यहाँ आएर क्रीडास्थान बनाउने विचारमा लागेको देख्नासाथ गन्धर्वराजका सेवकवर्गले रोके । त्यो कुरा दुर्योधनलाई पनि थाहा भयो । उनले ऐश्वर्यको घमण्डमा मस्त भएर सहसा गन्धर्वहरूसँग सङ्ग्रामको आरम्भ गरिदिए । दुवैतिर घोर सङ्ग्राम मच्चियो । त्यस सङ्ग्राममा गन्धर्वहरूले सारा शत्रुहरूलाई नाकदम गराई अन्त्यमा स्वयम् दुर्योधनलाई पक्रेर कैद गरे । दुर्योधनको केही चलेन । उनका असहाय स्त्रीहरू पनि गन्धर्वहरूद्वारा कैद गरेर लगिए । शकुनि, कर्णहरू पनि रणभूमिबाट बेपत्ता भएर भागे । जो बचेका थिए तिनीहरू निरुपाय हुँदै नगिचै बसेका पाण्डवहरूको शरणमा प्राप्त भए ।

यस प्रकारसँग दुर्योधनका सेवकवर्गहरू आफ्ना शरणमा आएको देखेर पाण्डवहरूलाई अत्यन्त आश्चर्य लाग्यो । दुर्योधन र उनका स्त्रीवर्गसमेत गन्धर्वहरूद्वारा कैद भएका वृत्तान्त सुन्दा युधिष्ठिरबाहेक अरू चार भाइ अत्यन्त खुशी भए । तर सच्चरित्र धर्मधुरन्धर महाराज युधिष्ठिरलाई भने दुर्योधनको त्यो हाल सुनेर अत्यन्त दुःख भयो । उनले झटपट दुर्योधनलाई गन्धर्वको कैदबाट छुटाएर ल्याउनुपर्दछ, यसमा ढिलो गर्नु हुँदैन भनी भाइहरूसँग भने । दाज्यूको यो कुरा सुनेर भीमसेनको मुख एकाएक क्रोधले लाल भएर उठ्यो । उनले भने -

दाज्यैज्यू ! कुन यो दयालुपन हो ज्यादै हजुर्ले लिने !
वैरीमाथि दया गरेर कसरी निर्वाह हाम्रो हुने ॥
खाली शान्ति दया क्षमा भनि भनी यो दुर्दशा भैसक्यो !
यस्तै हुन्छ भने त भोलि सबैले झोली लिए भैगयो ॥

जसले हाम्रो यो दुर्दशा गराएको छ, जससँग बदला लिउँला भन्ने आशाले हामी यस्तो कष्टका साथ धैर्य गरेर दिन बिताइरहेछौं उसको शत्रुलाई हानीले थाहै नपाइकन गन्धर्वहरूले कैद गरेछन् । कुचाले बढार्ने कसिङ्गरलाई हावैले बढारिदिएछ । यसमा हजुरलाई केको दुःख ? छलकपट र अन्यायले उपार्जन गरेको ऐश्वर्य भोगुँला भन्दथ्यो, दैवले उसको फल दिएछ । यो ता हाम्रो निमित्त परम सौभाग्यको कुरा हो । आफैँआफ आफ्नो पापको दण्ड पायो । अहिले हामीलाई त्यसको उद्धार गर्ने केको आवश्यक ?

भीमसेनका कुरा सुनेर युधिष्ठिरले भने, "भाइ ! पहिले यस्तो वाक्य बोल्नु उचित छैन । किनभने कौरवहरू र विशेष गरेर उनका स्त्रीहरू दुर्दशाले ग्रस्त भएर आज हाम्रो शरणमा आइरहेछन् । अर्काको हातबाट आफ्नो कुलको यस्तो अपमान भएको देखेर हामीले चुप रहनु कदापि उचित छैन । यसकारण गन्धर्वको कैदबाट छुटाऊ । हाम्रो शरणमा आएर कौरवहरूले निस्तार पाउनु यो हाम्रा निमित्त अत्यन्त सौभाग्यको कुरा हो । अहिले यज्ञको काममा दीक्षित भएर नरहेको हुँदो हुँ ता स्वयम् नै दुर्योधनलाई गन्धर्वका हातबाट छुटाएर ल्याउँथें ।"

महाराज युधिष्ठिरको यस्तो सौजन्य देखेर कौरवतर्फका पलायित मन्त्रीहरूलाई ठूलो भरोसा भयो । भीम आदि चार भाइले पनि दाज्यूको आज्ञा उल्लङ्घन गर्न सकेनन् । उनीहरूले तुरुन्तै त्यहाँबाट गन्धर्वगण भएतर्फ प्रस्थान गरे । रणस्थलमा पुगेपछि युद्धको तयारी हुन थाल्यो । यो देखेर झटपट गन्धर्वराज चित्रसेनले उच्चा स्वरसँग अर्जुनलाई भने, "वीरशिरोमणि अर्जुन ! रोक्नुहोस् युद्ध हुन सक्दैन । म तपाईंको मित्र चित्रसेन हुँ ।" यो कुरा सुन्नासाथ अर्जुनको दृष्टि एकाएक शत्रुदलतर्फ दौड्यो । सहसा आफ्नो पुरातन मित्र चित्रसेनलाई देखेर उनले भने, "मित्र ! तपाईंले सपरिवार दुर्योधनलाई किन कैद गर्नुभयो ?" चित्रसेनले भने, "मित्र ! मलाई कौरवद्वारा आफ्नो अपमान भएकोमा कत्ति रिस उठेको थिएन । परन्तु उनीहरू तपाईंहरूकहाँ आएर ऐश्वर्यको धाक देखाई तपाईंहरूलाई लज्जित गराउन र सताउन तयार भएको देखेर मलाई असह्य क्रोध उठ्यो । त्यसैले आज मबाट यो काम भएको हो । यस्ता अपराधीले यही दण्ड पाउनु उचित छ । तर शुद्धात्मा महाराज युधिष्ठिरले दुर्योधनको कुनियत बुझ्नुभएन । यसैले उहाँको यसलाई छुटाउने विचार हुनुपर्दछ । यो कुरा एक पटक गएर उहाँलाई सम्झाउनुहोस्, अनि जो गर्नुपर्ने गर्नेछु ।

गन्धर्वराज चित्रसेनको आज्ञाअनुसार अर्जुनले सो कुरा युधिष्ठिरलाई सम्झाए । तर युधिष्ठिरको विचार कदापि बदलिन सक्तैनथ्यो । उनले दुर्योधनलाई छोडिदिनैपर्छ भनी चित्रसेनसँग प्रार्थना गरे । फेरि उनले भने, "गन्धर्वराज ! तपाईंले समर्थ भैकन पनि कौरवहरूलाई नमारीकन जीवित राखिदिनुभयो । यो हाम्रा निमित्त बहुतै सौभाग्यको कुरा हो । यसले हाम्रो कुलको मर्यादा रक्षित भैरहेछ । म तपाईंदेखि बहुतै प्रसन्न भएँ । आज्ञा होस्, म तपाईंको कुन अभिलाषा पूर्ण गरूँ ?" महाराज युधिष्ठिरको यो शिष्टाचार देखेर गन्धर्वराजलाई अत्यन्त आनन्द भयो । उनी सहसा सपरिवार दुर्योधनलाई बन्धनमुक्त गराएर त्यहाँबाट आफ्ना स्थानतिर प्रस्थित भए । त्यसपछि महाराज युधिष्ठिरले भाइ र परिवारसमेत

दुर्योधनलाई अत्यन्त प्रेमसँग भने, "भाइ ! यस्तो नचाहिँदो साहस कदापि नगरे । अब आनन्दपूर्वक तिमी आफ्नो राजधानीतर्फ गमन गर ।"

महाराज युधिष्ठिरको सौजन्य विनययुक्त व्यवहार देखेर पापात्मा दुर्योधनको चेहरा एकाएक मलिन भयो । उनले लज्जावनत मुख लगाएर युधिष्ठिरलाई प्रणाम गरी बिस्तारै त्यहाँबाट प्रस्थान गरे । त्यस बेला उनको अवस्था साह्रै शोचनीय भैरहेको थियो । उनको पाइला पनि अगाडि सर्नुभन्दा पछाडि सर्नमै बल गर्दथ्यो । उनका सारा इन्द्रियहरू अगाध लज्जा र अपमानको समुद्रका भुमरीमा चक्कर लगाइरहेका थिए । क्षोभले गर्दा हृदय फाटिरहेको थियो । विस्तार-विस्तार अगाडि बढ्दै जाँदा बीच बाटामा एक मैदान फेला पऱ्यो । त्यहीं उनले केही बेर विश्राम लिने इच्छा प्रकट गरे । उनको साथसाथै अरू उनको परिवार र मन्त्रीवर्गहरूले समेत विश्राम गरे । यसै बेला राहुग्रस्त चन्द्रमाझैं मलिन मुख गरिरहेका दुर्योधन भएको ठाउँमा कर्ण पनि आइपुगे । कर्णलाई दुर्योधनको सच्चा हाल केही थाहा थिएन । उनी अघिबाटै रणस्थलबाट भागेका थिए । यसैले उनले भने, "महाराज ! बडो सौभाग्यको कुरा हो । हजुर परिवारवर्गका साथसाथै आफ्नो र मन्त्रीवर्गको समेत रक्षा गरी गन्धर्वहरूसँगको युद्धमा नाम राखेर फिर्नुभएछ । हाम्रो सेना सबै भागेको थियो । यसैले म पनि युद्धको मैदानमा ठहर्न सकिनँ । तर हजुरले साह्रै ठूलो बहादुरी गर्नुभएछ । मलाई अत्यन्त खुशी लाग्यो ।"

कर्णको कुरा सुनेर दुर्योधनले मन्द स्वरमा भने, "कर्ण ! अहिलेको अवस्थामा तिमीले मेरो प्रशंसा गर्नु काटेको घाउमा नूनचूक लगाउनु जस्तै हो । सच्चा हाल तिमीलाई थाहा छैन त्यसैले तिमीसँग मैले क्रुद्ध हुनु अनुचित छ । सच्चा हाल बताउँछु, सुन । त्यस युद्धमा मन्त्रीवर्गको र अनुचरण वर्गका साथसाथै मलाई गन्धर्वहरूले कैद गरेर लगिसकेका थिए । मेरा परमशत्रु पाण्डवहरूले आएर मेरा स्त्रीहरूका अगाडि मलाई छुटाई ल्याए । युधिष्ठिरका सामने ल्याएर मलाई एक सानो उपहार जस्तै गरी सुम्पिदिए । जसलाई हामी अहोरात्र नष्ट गराउनाको चेष्टामा लागिरहन्थ्यौं आज उनैका हातबाट मैले प्राणका भिक्षा लिनुपऱ्यो । अब यो अपमान म कसरी सहूँ । मैले यस्तो अपमानित भएर संसारमा जीवित रहनाको प्रयोजन नै रहेन । यस्तो हुनुभन्दा बरु गन्धर्वहरूको हातबाट युद्धमा मरेर मैले इन्द्रलोक पाउनु उचित थियो । हाय ! म कस्तो हतभागी रहेछु । मेरो यो खबर पाएर दुनियाँले कति दिल्लगी उडाउलान् ! यही सम्झेर म मरे जस्तो भइरहेछु । क्षणभर पनि जीवित रहन मन लाग्दैन ।" कर्णलाई यति भनेर दुर्योधनले दुःशासनतर्फ हेर्दै भने, "भाइ ! अब मलाई राजपाठको केही काम छैन । मैले सारा

राजपाठ, घरबार तिम्रो हातमा सुम्पँ । तिमी आफ्ना जातिवर्गमा प्रेम र गुरुजनमा भक्तिभाव राखेर यो सम्पत्तिको भोग गर । अब म यहींबाट बिदा हुन्छु ।"

दाज्यूको यो अवस्था देखेर दुःशासनको छाती उर्लन थाल्यो । उनले आंसुको प्रवाह छोड्दै दुर्योधनको पाउमा परेर भने, "महाराज ! प्रसन्न हुनुहोस् । बरु पृथ्वी फुट्न सक्ला, आकाश टुक्रा हुन सक्ला, सूर्य चन्द्र अहोरात्र अस्ताइरहनन्, मबाट हजुर जीवित छँदै यो कुरा हुन सक्तैन । हजुरको सय वर्ष आयु होस् । राजपाठ हजुरकै बाहुलीमा रहोस् । म कदापि लिन चाहन्नँ ।" दुई भाइमा यो कुरा हुन लागेको सुनेर निर्लज्ज कर्णले भने, "कौरवहो ! यो कुन कुरा हो ? तपाईहरूले यस्तो कातर भएर शोक गर्नुभयो भने शत्रुहरूको उत्साह झन्-झन् बढ्दछ । समझदार मनुष्यले धैर्य लिनुपर्दछ । पाण्डवहरू अहिले तपाईंकै राज्यमा तपाईंकै सहारामा बसेका छन् । अतएव तपाईंका प्रजाले तपाईंका उपर जस्तो भक्तिभाव राख्नुपर्दछ उस्तै पाण्डवहरूले तपाईंका उपर गर्नुपर्दछ । उनीहरूले आज आफ्नो कर्तव्य नै पूरा गरेका छन् । तपाईंको उनीहरूबाट के अपमान भयो ? यसलाई अपमान सम्झनु तपाईंको भारी भूल हो । महाराज, हेर्नुहोस्, भाइ दुःशासन तपाईंको अवस्थामा कत्तिको दुःखित भइरहेछन् । उनलाई र आफूलाई समेत धैर्यले उत्साहित गराई राजधानीतर्फ सवारी होस् ।

महाराज दुर्योधन साधारण पुरुष थिएनन् । उनी कौरवकुलका एक परम आत्माभिमानी पुरुष थिए । उनलाई परापमानको लेश मात्र पनि विषको घैला जस्तो लाग्दथ्यो । यसैले कर्ण, दुःशासन र अरू जोकोहीले सम्झाउँदा पनि उनको मनमा शान्ति भएन । अन्त्यमा उनी कसैको कुरा नसुनी अन्नजलसमेत त्याग गरेर त्यही मैदानमा जीवन विसर्जित गर्न उद्यत भए । त्यो दिनरात विनाअन्नजलले नै बित्यो । त्यसै रातमा बेहोसीको अवस्थामा उनले यस्तो स्वप्न देखे- "महाराज ! तिमी पाण्डवहरूसँग किन डराउँछौ ? हामी दानवहरू आएर तिम्रो सहायता गरौंला । हामी भीष्म, द्रोण आदि वीरहरूको शरीरमा प्रवेश गरेर घनघोर सङ्ग्राम उठाई पाण्डवको संहार गर्नेछौं । तिमी, अर्जुनसँग मेरो केही लाग्नेछैन भन्ने शङ्का पनि कत्ति नराख । दैत्यराज नरकासुरको आत्मा कर्णका शरीरमा प्रवेश गर्नेछ । त्यस बेला स्वयम् इन्द्र नै आए पनि अर्जुनलाई बचाउन सक्नेछैनन् । उनलाई तिमी सहजै परास्त गर्नेछौ । उठ, खुशीसाथ घर जाऊ ।" यस्तो स्वप्न देख्नासाथ दुर्योधन बिउँझेर उठे ।

स्वप्नको कुराले दुर्योधनको मनमा ठूलो धैर्य भयो । उनको आशा क्रमशः बलवती भएर उठ्न थाल्यो । शोकको वेग पनि आफैंआफ कम भएर आयो ।

तर त्यो स्वप्नको कुरा उनले कसैसँग भनेनन् । उनी भोलिपल्टै उठेर राजसी ठाँटबाँटले हस्तिनापुरतिर हिँडे । राजदरबारमा पुगेपछि केही बेर यताउताको प्रसङ्गका अनन्तर उनलाई भीष्मले भने, "बाबु ! तिमीलाई द्वैतवन जाने बेलामा मैले नजाऊ भनेर सम्झाएको हुँ । देख्यौ, पाण्डवहरू कस्ता धर्मज्ञ रहेछन् । उनीहरूले गन्धर्वको हातबाट छुटाएर तिम्रो प्राण बचाए । के त्यस बेला तिमीलाई अलिकति पनि लाज लागेन ? आफैँ आफ्नो प्रशंसा गर्ने कर्णको पराक्रम देख्यौ ? उनले तिम्रो आपत्समयमा कतिसम्म सहायता दिए ? अझ पनि तिमी चेतेनौ ? उही कर्णका उपर भरोसा राखेर पाण्डवका उपर द्वेषभाव राख्तौछौ ? यदि कर्ण तिम्रो सदा हितैषी हुँदा हुन् ता लडाइँको मैदानमा तिमीलाई छोडेर कदापि भाग्ने थिएनन् । अझ पनि त्यही बेइमानको उपर विश्वास गर्नु तिम्रो कहाँसम्मको बुद्धिमानी हो, आफैँ विचार गर ।"

महाबुद्धि भीष्म पितामहको यस कुरालाई दुर्योधनले सुनेको नसुन्यै गरिदिए । यस्ता बूढाको कुरा सुनेर कदापि निर्वाह हुँदैन भनी उनी चुप लागे । त्यसै बेला कर्णले भीष्मको ठूलो तिरस्कार गरेर आफ्नो घमण्ड देखाउँदै भने, "महाराज ! यी बूढा बाज्ये सदा पाण्डवहरूको प्रशंसा र हाम्रो निन्दा गर्दछन् । मेराउपर पनि यिनको यस्तो द्वेषभाव छ । अब यस्तो अपमान कदापि सहन सकिँदैन । यदि तपाईं आज्ञा दिनुहुन्छ भने यिनै बूढाका अगाडि म एक्लै पाँचोटा पाण्डव ता के सारा पृथ्वीलाई जितेर तपाईंको हातमा दिन्छु । यी कुरुकुलमा महानीच पुरुष पैदा भएका रहेछन् । तपाईं आज्ञा मात्र दिनुहोस्, म यिनलाई आफ्नो वीरता नदेखाइछोड्नेछैन । किनभने-

यदि हुकुम म पाउँ कालको दर्प तोडूँ ।
यम वरुणहरूको राष्ट्रसीमा म फोडूँ ॥
तृणसदृश किरोटी के छ ? मेराअगाडि ।
फिरुँ कि म अहिले नै पाण्डूवंशै उजाडी ॥

यति भनेर उसै बेला दुर्योधनसँग बिदा भई दिग्विजयका निमित्त ससैन्य कर्णले प्रस्थान गरिहाले । सबभन्दा पहिले उनले द्रुपद राजालाई जितेर उनबाट करको रूपमा एक रथ लिए । त्यसपछि उत्तरतर्फ लागेर भगदत्त आदि राजाहरूलाई परास्त गराउँदै हिमालयसम्म सारा राज्यलाई अधीनमा गराए । तदनन्तर पूर्वतर्फ लागेर अङ्ग, बङ्ग, कलिङ्ग, मगध, मिथिला आदि प्रदेशलाई परास्त गराएर कुरुराज्यमा मिलाउँदै पश्चिमी प्रदेशका अवन्तिनरेश र यादवहरूका साथ सन्धिपत्र गरी अगणित सम्पत्तिका साथ उनी हस्तिनापुरमा फर्केर आए । त्यस प्रकारले

दिग्विजय गर्दै आएका उनलाई दुर्योधनको तर्फबाट ठूलो मान मिल्यो । दुर्योधनले प्रसन्नतासाथ उनलाई भने, "वीर कर्ण ! तिम्रो मङ्गल होस् ।" भीष्म, द्रोण आदि महाबली आनन्दित भए । यथोक्ति विधिले दुर्योधनको महायज्ञ आरम्भदेखि समाप्तिसम्म निर्विघ्नतापूर्वक सम्पन्न भयो । निमन्त्रित वर्गहरू यथायोग्य सत्कार पाएर दुर्योधनको प्रशंसा गर्दै निजनिज स्थानतर्फ प्रस्थित भए । कौरवहरूको मन पनि सो यज्ञ निर्विघ्न समाप्त भएकाले अत्यन्त आनन्दित भयो । यसै बेला सहसा सभाबाट उठेर कर्णले भने, "महाराज ! आज हाम्रो सौभाग्यले गर्दा निर्विघ्नपूर्वक यज्ञ समाप्त भयो । पृथ्वीका राजाहरूले हजुरको सत्कार गरे । परन्तु मबाट हजुरको पूरा सत्कार सेवा अझ पूर्ण हुन सकेको छैन । यो सेवालाई जुन दिन पाण्डवहरूको नाश गरेर हजुरको धूमधामसँग राजसूय यज्ञ गर्नुहोला उसै दिन पूर्ण गराउनेछु । म कर्ण हुँ, मैले प्रतिज्ञा गरैं । जहाँसम्म म अर्जुनलाई मारोइन त्यहाँसम्म आसुरव्रत धारण गरी मद्य-मांसको स्पर्श पनि गर्ने छैन । यी व्रतका दिनमा मसँग जसले जे मागे पनि दिनेछु ।"

कर्णको अर्जुनवधसम्बन्धी प्रतिज्ञा सुनेर दुर्योधनलाई अत्यन्त सन्तोष भयो । उनी अवश्य पाण्डवहरूसँग घोर युद्ध नपरी छोड्ने छैन भनी आफ्ना अधीनवर्ती देश-देशका राजाहरूलाई अनेक तरहबाट प्रसन्न राखेर आफ्नो पक्ष सुदृढ गराउने चेष्टामा लागे । यता द्वैतवनमा बसेका पाण्डवहरूकहाँ पनि यो खबर पुग्यो । उनीहरू पनि बडो चिन्तित भावले दिन बिताउन लागे । यस्तै गरेर धेरै समय बित्यो ।

एक दिन पाण्डवहरूको अत्यन्त र चिन्तित दुखित अवस्था देखेर देवराज इन्द्रको मनमा दया उठ्यो । अर्जुनसँग उनले जो प्रतिज्ञा गरेका थिए, त्यसको पनि स्मरण भएर आयो । अन्त्यमा कर्णको व्रतसम्बन्धी प्रतिज्ञा सुनेर उनले विचार गरे, कर्णको शरीरमा एक दुर्भेद्य कवच छ । सो कवच जहाँसम्म उसको शरीरमा रहन्छ त्यहाँसम्म उनको मृत्यु हुँदैन । यसकारण अहिले जसले जे मागे पनि दिने व्रत गरेर बसेको बेलामा कर्णसँग गई त्यही दुर्भेद्य कवच माग्नुपर्‍यो । इन्द्र यस्तै विचार गरिरहेका थिए । उनको यो विचार नजाने कहाँबाट श्रीसूर्यदेवलाई थाहा भयो । कर्ण सूर्यका पुत्र थिए । पुत्रको दुर्भेद्य कवचहरणद्वारा नाश हुने देखेर एक दिन स्वयम् सूर्य भगवान्‌ले कर्णलाई स्वप्नमा दर्शन दिएर भन्नुभयो, "पुत्र ! तिम्रो शरीरमा जन्म समयैदेखि लाएर आएको जो कवच छ त्यो देवराज इन्द्रले तिमीबाट फुस्काउन विचार गरिरहेछन् । अहिले व्रतमा रहेको हुनाले तिमी कसैलाई विमुख फर्काउन सक्तैनौ तापनि कुनै तरहबाट दुर्भेद्य कवच इन्द्रलाई नदिए । यदि दियौ भने तिमीलाई अर्जुनले नमारी छोड्नेछैन ।"

कर्णले भने, "भगवान् ! श्रीसूर्यनारायणै मेरो हितैषी बनेर उपदेश गर्नुहुन्छ भने हजुरको आज्ञा उल्लङ्घन गर्न मेरो के सामर्थ्य ? तर हे वरदायक ! त्रिभुवन चक्षु ! भगवान् यदि हजुर मसँग प्रसन्न हुनुहुन्छ भने मलाई आफ्नो व्रत भङ्ग गर्ने काममा प्रेरणा नगर्नुहोस् । यदि सो कवच दिनाले मेरो प्राण जान्छ भने जाओस्, त्यसमा म केही शोक गर्दिनँ । यो क्षणभङ्गुर शरीर दिएर कल्पान्तस्थायी कीर्ति पाइन्छ भने मर्नुभन्दा यस कीर्तिलाभलाई म सहस्र गुणा उत्तम सम्झन्छु ।" सूर्यले भन्नुभयो, "पुत्र ! यही दुर्भेद्य कवचको प्रभावले गर्दा तिमीलाई स्वयम् इन्द्र पनि जित्न असमर्थ छन् । यस्तो कवचलाई आफ्नो सत्यव्रतको अपेक्षा तिमी उपेक्षित सम्झन्छौ भने त्यसमा म के भनूँ ? सत्य धर्म जत्तिको ठूलो कुरा संसारमा केही छैन, भइगयो । तर यस्तो दुर्भेद्य कवचलाई अकार्थमा गुमाउन ता अवश्य हुँदैन । यसको बदलामा यस्तै अरू कुनै चीज तिमीले इन्द्रसँग माग्नुपर्दछ । इन्द्रका साथ एक अमोघ शत्रुवाहिनी शक्ति छ । सो शक्ति तिमी यस दुर्भेद्य कवचको बदला माग । त्यसले पनि तिम्रो ठूलो सहायता गर्नेछ ।" यति भनी श्रीसूर्यदेव अन्तर्धान हुनुभयो ।

व्रतको समयको कर्णको नियम यस्तो थियो : उनी मध्यान्न स्नानको अनन्तर जलासयबाट उत्रेर श्रीसूर्यदेवको भक्तिपूर्वक केही बेरसम्म स्तुति गर्दथे । यसै बेला उनीसँग जसले गएर जे मागे पनि उनबाट पाउँदथ्यो । इन्द्रलाई यो कुरा थाहा थियो । यसैकारण उनी त्यस्तै समय पारेर एक दिन सहसा कर्णको सामने ब्राह्मण वेशले प्रकट भए । उनलाई दानको समयमा उपस्थित भएको अभ्यागत ब्राह्मण सम्झेर "के माग्न आयौ" भनी कर्णले सोधे । त्यसको उत्तरमा इन्द्रले उही दुर्भेद्य कवच कर्णले कानमा पहिरेका दुई कुण्डल मागे । सो सुनेर कर्णलाई भगवान् सूर्यदेवको कुरा सम्झना भयो । उनले अवश्य यिनी कपट वेशले आएका इन्द्र रहेछन् भनी चिनेर भने, "ब्राह्मण ! म जन्म समयैदेखि मेरो शरीरमा रहेर आएका कवच र कुण्डल कसरी दिन सक्छु ? यसको सट्टामा अरू धनसम्पत्ति जे माग्दछौ माग, म दिन्छु ।" ब्राह्मण रूपधारी इन्द्रले भने, "मलाई अरू धनसम्पत्ति केही चाहिँदैन । यदि आफ्नो प्रतिज्ञाअनुसार दिने हौ भने कवच र कुण्डल देऊ ।"

कर्णले भने, "ब्राह्मण मैले तपाईंलाई चिनें । तपाईं अर्जुनको हिताभिलाषी देवराज इन्द्र हुनुहुन्छ । म तपाईंलाई के दिन सक्तछु ? तपाईं त्रैलोक्यका स्वामी हुनुहुन्छ । बरु मैले नै तपाईंबाट वर पाउन योग्य छ । यदि मेरो कवच-कुण्डल हरण गरेर मलाई दुर्बल गराउनुहुन्छ भने त्यसमा मेरो के हानि ? संसारले तपाईंकै निन्दा गर्नेछ । यस कुराको पनि परवाह नराखी मेरो कवच-कुण्डल नै

माग्नुहुन्छ भने त्यसको सट्टामा मलाई पनि कुनै त्यस्तै अमोघ अस्त्र दिनुहोस् ।' इन्द्रले भने- 'कर्ण ! मैले पनि थाहा पाएँ, तिमीलाई श्रीसूर्यले सूचना अघिबाटै दिएका रहेछन् । तर हुन्छ मेरो एक वज्रलाई छोडेर अरू तिमीले जे माग्दछौ माग, म दिन्छु ।' यो सुनेर कर्णले इन्द्रको अमोघ वीरघातिनी शक्ति मागे । आफ्नो कवच र कुण्डल पनि चढाए । इन्द्रले पनि सो वीरघातिनी शक्ति दिएर भने, 'हेर, यो शक्ति मैले तिमीलाई दिएँ । यो अमोघ शक्ति हो । जसका उपर प्रयोग गरिन्छ त्यसको वध नगरी यो कदापि फिर्ता हुँदैन । तर यस शक्तिको प्रयोग तिमीले एक पटकदेखि अर्को पटक गर्न पाउने छैनौ । एक पटक प्रयोग गरिसकेपछि यो शक्ति फेरि मैसँग आउनेछ, तिमीसँग रहनेछैन ।' कर्णले यस कुरामा मन्जुर गरे । त्यति भएपछि देवराज इन्द्र कवच कुण्डल लिँई त्यहाँबाट अन्तर्धान भए । कर्णको त्यस्तो अद्भुत दान माहात्म्य देखेर उनका उपर एकाएक पुष्पवृष्टि भयो । त्यसै दिनदेखि उनलाई मानिसहरू महाव्रती, महादानी, दानवीर भनेर पुकार्न थाले । इन्द्रले कर्णलाई ठगे । तर त्यसले कर्णको भन् ठूलो कल्पान्तस्थायी यश जगत् मा फैलियो । यस कुराले गर्दा कौरवहरू बहुतै खिन्न भए । पाण्डवहरूको मनमा केही धैर्यको सञ्चार भयो ।

एक दिन धेरै शिष्यहरूका साथ दुर्वासा ऋषि दुर्योधनका दरबारमा उपस्थित भए । उनलाई देख्नासाथ दुर्योधनले ठूलो सत्कार गरे । त्यसले प्रसन्न भएर दुर्वासा दुर्योधनलाई वर दिन तयार भए । दुर्योधनले पनि खुशीसाथ निवेदन गरे, 'ऋषीश्वर ! यदि हजुर ममाथि प्रसन्न हुनुहुन्छ भने वनमा गई पाण्डवहरू र द्रौपदीले समेत भोजन गरिसकेपछि यी दश हजार शिष्यसहित मलाई भोजन गराऊ भनी युधिष्ठिरसँग माग्नुहोस्, म हजुरसँग यही वर माग्दछु । यही मेरो हजुरमा प्रार्थना छ ।'

दुर्योधनका भक्तिले मुग्ध भएका दुर्वासा पाण्डवको सत्य डगाउनामा तत्पर भए । उनी केही दिनपछि शिष्यवर्गका साथ युधिष्ठिर भएका ठाउँमा पुगे । उनलाई युधिष्ठिरले सत्कारपूर्वक सोधे, 'ऋषीश्वर ! आज यस वनमा कति कुराका निमित्त पाल्नुभयो ?' यस्तो युधिष्ठिरको प्रश्न सुनेर दुर्वासाले भने, 'महाराज ! मेरा यी सारा शिष्यहरू भोकै छन्, म पनि भोकै छु । यसनिमित्त हामी स्नान गर्न जान्छौं उताबाट फर्केर आउनन्जेलसम्ममा हाम्रा निमित्त भोजन तयार गर्नुहोला ।' यत्ति भनेर दुर्वासा शिष्यवर्गका साथ प्रभासतीर्थतिर प्रस्थान गरे ।

पाण्डवहरूलाई सूर्यले पाकस्थली (पाकताउली) दिएका थिए । त्यसमा जुनसुकै चीज पनि मनले चिताई सूर्यतिर देखाउना साथ प्राप्त हुन्थ्यो, तर

द्रौपदीले खाइसकेपछि भने यो कुरा हुँदैनथ्यो । दैवसंयोग त्यस बेला द्रौपदीले पनि भोजन गरिसकेकी थिइन् ।

दुर्वासा ऋषि बेबखतमा आए । अब यिनलाई र यिनका शिष्यहरूलाई के खान दिऊँ ? साथमा केही छैन, स्थालीको समय पनि बित्यो । उनलाई केही दिन सकिएन भने अवश्य श्राप दिनेछन् । यसउसले अब के गर्ने हो ? भनी द्रौपदीलाई ठूलो चिन्ता पऱ्यो । अनन्यगति उनले ईश्वरको स्तुति गर्न प्रारम्भ गरिन् :

करुणामय ! दीनबान्धव !
भगवान् ! धर्मधुरीण ! माधव !
कसरी गरूँ धर्मपालन !
अबलाको अब जान्छ जीवन !

यस्ता प्रकारसँग भक्तिपूर्वक नम्रभावले द्रौपदी स्तुति गर्दै थिइन्, उनको सत्य राख्नाका निमित्त भक्तवत्सल श्रीकृष्ण अकस्मात् त्यहाँ प्रादुर्भाव हुनुभयो । उहाँले द्रौपदीका मुखतिर हेरेर ईषत्हास्यका साथ भन्नुभयो, "द्रौपदी मलाई धेरै टाढादेखि हिँडेर आएकाले साह्रै भोक लागिरहेछ । खानेकुरा केही भए पाऊँ ।" श्रीकृष्णको वचन सुनेर द्रौपदीले लज्जापूर्वक भनिन्, "यही खानेकुरा निमित्त मलाई यो सङ्कट परेको छ । उग्रमूर्ति दुर्वासा आइपुग्ने बेला भयो, उनलाई र उनका शिष्यवर्गलाई समेत के खान दिएर तृप्त गराऊँ ? यदि उनीहरूलाई भोजन गराउन सकिनँ भने दुर्वासाले मेरो सर्वनाश गराउनेछन् । यस्तै बेलामा हजुरसमेत मेरो मन चोर्नाका निमित्त मलाई खान देऊ भन्ने आज्ञा हुन्छ, अब म के टक्र्याऊँ ? यस्तो धर्मसङ्कटका बेलामा मेरो गर्नु-नगर्नु हजुरको तजबिजमा छ, जो निगाह ।"

द्रौपदीको दीन र लज्जायुक्त वचन सुनेर फेरि श्रीकृष्णले भन्नुभयो, "सूर्यदत्त पाकस्थलीमा अवश्य केही खानेकुरा होला । जे छ सोही खान्छु देऊ, साह्रै भोक लागिरहेछ ।" श्रीकृष्णको यो वचन सुनेर बिचरी द्रौपदीले शिर नीचा गरिन् । उनले केही जवाफ दिन सकिनन् । उनको यो अवस्था देखेर श्रीकृष्णले आफैं गई त्यस सूर्यदत्त पाकस्थलीमा हेर्नुभयो । उसमा सागको एउटा त्यान्द्रो सिवाय केही थिएन । त्यही पनि उहाँले झिकेर श्रद्धापूर्वक खाइदिनुभयो । सर्वात्मा श्रीकृष्णले त्यो साग खानासाथ नुहाउन गएका शिष्यसहित दुर्वासाको पेट भरियो । उनीहरू स्वयम् तृप्त भएर डकार्दै उताबाट आफ्ना आश्रममा गए । यस्ता प्रकारसँग श्रीकृष्णले पाण्डवको धर्म बचाइदिनुभयो ।

केही समयपछि एक दिन काम्यक वनमा बसेका पाण्डवहरू द्रौपदीलाई पुरोहित धौम्यको आश्रममा राखी शिकार खेल्न भनी भिन्न-भिन्न दिशातर्फ लागेका

थिए । यस्तैमा धृतराष्ट्रका ज्वाइँ सिन्धुनरेश जयद्रथ आफ्नै पुनर्विवाहका निमित्त कन्याको खोजी गर्दैगर्दै अनेक अधीनवर्ती राजाहरूका साथ त्यही वनको बाटो गरी शाल्वदेशतिर जान लागेका रहेछन् । त्यस बेला परम सुन्दरी पाण्डवमहिषी द्रौपदी धौम्यको आश्रमको ढोकामा उभिइरहेकी थिइन् । अचानक जयद्रथको दृष्टि उनीमाथि पऱ्यो । उनको रूपसौन्दर्यले एकाएक मुग्ध भई जयद्रथले क्षणभर पनि धैर्य धारण गर्न सकेनन् । उनले आफ्नो कोटिकास्य नामक एक दूत पठाएर द्रौपदीको सबै हाल बुझे । तदनन्तर उनले स्वयम् निर्लज्जतासाथ द्रौपदीका अगाडि गएर अनेक प्रकारका कुरा गर्दै आफूमा आसक्त गराउने चेष्टा निकाले । तर सतीशिरोमणि द्रौपदीले उनलाई कडा-कडा जवाफ दिएर तिरस्कार गरिन् । अन्त्यमा जबर्दस्तीसाथ उनलाई पक्रेर रथमा राखी जयद्रथ त्यस आश्रमबाट कूच भए । त्यस बेला धौम्यले पनि उनलाई छुटाउनानिमित्त अनेक यत्न गरे । तर उनको के जोर चल्थ्यो र ? सारा वनलाई आर्तनादले गुञ्जाउँदै द्रौपदी हरिइन् ।

केही बेरपछि पाण्डवहरू शिकारबाट फर्केर आए । द्रौपदीविहीन आश्रमलाई देखेर उनीहरूको होसहवास उड्यो । पाँचै भाइ चारैतर्फ खोज्न लागे । अन्त्यमा धूलामा लडीबुडी गरेर रुन लागेकी एक दासीबाट सारा बयान सुनी भीमसेनले वायुवेगसँग दौडँदै जयद्रथलाई फेला पारे । उनको जयद्रथका सैन्यसँग घोर युद्ध भयो । सारा शत्रुसैन्यको विध्वंस गराएर उनले द्रौपदीलाई जयद्रथको रथबाट उतारेर युधिष्ठिरका साथ धौम्याश्रमतिर पठाए । जयद्रथ प्राण बचाएर भागेका थिए तापनि भीमसेनले उनको पीछा गर्न छोडेनन् । धेरै बेरपछि दौडँदादौडँदैको जयद्रथलाई फेला पारेर उनले खूब जोरसँग जमिनमा पछार्दै घिस्याउँदै अर्जुनका अगाडि ल्याएर छातीमा घुँडा धस्तै अधमरा गराए । त्यति गर्दा पनि उनको रिस शान्त भएन । उनले अर्धचन्द्राकार बाण प्रहार गरी एक शिखालाई छाडी जयद्रथको शिर मुडिदिए । त्यस बेलासम्म जयद्रथलाई होस थिएन । शिर मुडेर केही बेर भीमसेन चुप लागेपछि उनको होस सम्हालिएर आयो । उनी टुलुटुलु भीमसेनको मुख हेरेर चुपचाप जमिनमा लेटेकै थिए । यस्तैमा भीमसेनले भने, "पाजी जयद्रथ ! पाण्डवकी सहधर्मिणीका धर्षणाको फल पाइस् । अब भन, यदि बाँच्नाको इच्छा छ भने आजदेखि म तिम्रो दास भएँ भनेर प्रार्थना गर्, नत्र तेरो जीवन यहीं समाप्त गरिदिन्छु ।"

लाचारीसाथ जयद्रथले भीमसेनको कुरा मान्नै पऱ्यो । उनले दासत्व स्वीकार गरे । त्यति भएपछि उनलाई डोरीले पाता कसी चोरलाई घिस्याएझैं घिस्याउँदै भीमसेनले युधिष्ठिरको अगाडि खडा गराए । त्यस गतिमा आएको जयद्रथलाई

देखेर युधिष्ठिरलाई खूब हाँसो उठ्यो । उनले हाँस्तै भीमसँग भने, "भाइ ! यसले यथेष्ट दण्ड पाइसक्यो । अब यसलाई छोडिदेऊ ।" तर भीमसेनको क्रोध शान्त भइसकेको थिएन । उनले जति सम्झाए पनि जयद्रथलाई छोडेनन् । अन्त्यमा स्वयम् द्रौपदीले उनलाई भनिन्, "नाथ ! यसले हाम्रो दासत्व स्वीकार गरिसक्यो । यसको शिरसमेत मुडियो भने अब यसभन्दा ठूलो सजाय दिनु के बाँकी छ ? यसलाई छोडिबक्सियोस् ।" द्रौपदीका यस कुराले गर्दा बल्लतल्ल भीमसेनको क्रोधवेग शान्त भयो । उनले बन्धन खोलेर जयद्रथलाई छोडिदिए । जयद्रथ लाचारी र लज्जाका साथ पाँचै भाइका पाउमा शिर राख्दै त्यहाँबाट निस्के । यस काण्डले गर्दा जयद्रथको चित्त साह्रै विकल भयो । उनी घर फर्कन पनि सकेनन् । त्यहींबाट सोझै गङ्गाद्वारमा गई पाण्डवहरूसँग बदला लिनाका निमित्त कठोर तपस्या गर्न थाले । केही समयतक कठिन तपस गर्दा उनदेखि आशुतोष भगवान् शिव प्रसन्न भई वर माग भन्नुभयो । जयद्रथले म पाँचै पाण्डवलाई जित्न सकूँ भनी मागे । शिवजीले भन्नुभयो, "हे भक्तप्रवर ! म तँलै मागेको वर दिनेथिएँ, तर मैले अर्जुनलाई आफ्नो अमोघ अस्त्र (पाशुपतास्त्र) दिएको छु । त्यसको प्रभावले गर्दा उनलाई कोही जित्न सक्तैन, यसकारण अर्जुनबाहेक अरू चार पाण्डवहरूलाई तँ एक दिनको लडाइँमा अवश्य जित्नेछस् ।" यति वर दिई शिवजी अन्तर्धान हुनुभयो । जयद्रथ आफ्नो राजधानीतिर हिँडे । यता पाण्डवहरू पनि विस्तार-विस्तार काम्यक वनबाट उठेर द्वैतवनमा गई बस्न लागे ।

जयद्रथका हातबाट द्रौपदीलाई छुटाएपछि पाण्डवहरू काम्यक वनबाट द्वैतवनमा गए । यसै बेला उनीहरूसँग एक अपरिचित ब्राह्मणले आएर भने, "हे वीर पुरुषहो ! मेरो एक बालिका पुत्रीलाई जङ्गली मृगले सिङमा उनेर लग्यो त्यस बालिकाको रक्षा गरिपाऊँ ।" यो सुनेर पाँचै भाइ धनुमा बाण चढाउँदै मृगका पछि दौडे । तर केही पर पुगेपछि मृग बेपत्ता भयो । पाण्डवहरू उसलाई भेट्टाउन नसकी एक वटवृक्षमनि बसेर थकाई मार्न थाले । उनीहरूलाई तृष्णाले व्याकुल गराएको थियो । केही बेर विश्राम लिएपछि तृष्णाले व्याकुल भएका युधिष्ठिरले सहदेवलाई भने, "भाइ ! यहाँ कतै पानी छ कि जाऊ खोजेर ल्याऊ । साह्रै तिर्खाले सताएको छ ।" दाज्यूको आज्ञा पाएर सहदेव पानीको खोजीमा हिँडे । उनी नगिचैको एक तलाउमा पुगे । जब तिनले त्यस तलाउबाट पानी झिक्न आँटेथे त्यस बेला त्यस तलाउमा रहेको एक यक्षले उनीसँग भन्यो, "तिमी को हौ ? यस तलाउको पानी नचलाऊ । यो मेरो तलाउ हो । पानी पिउने भए मेरा प्रश्नको उत्तर देऊ ।"

यक्षको प्रश्न सुनेको नसुन्यै गरी तृषार्थ सहदेवले पानी पिए । त्यो पानी घाँटीबाट तल जान पाएको थिएन, उनी बेहोस भएर लडे । यता धेरै बेरसम्म सहदेव नआउँदा तृष्णाले युधिष्ठिरले फेरि उनको खोजमा नकुललाई पठाए । उनको पनि त्यही गति भयो । एवम्रीत्य भीम र अर्जुनको पनि सोही हाल भयो ।

जब भाइहरू नै फर्केनन् अनि युधिष्ठिरका मनमा चिन्ता पऱ्यो । उनी आफैं भाइका खोजमा हिंडे । केही बेरपछि त्यही तलाउमा पुगेर युधिष्ठिरले आफ्ना भाइहरूलाई मूर्छित भइरहेको देखे । सो देखी बडो खेदका साथ उनी पनि केही बेर मूर्छित भए । आखिरमा उनी स्वयम् बिउँझेर सांसारिक शोकको वेगलाई थामी पानी पिउन लागे ।

युधिष्ठिरलाई पनि पूर्ववत् यक्षले रोक्यो । उनले यक्षसँग भने, "यक्षराज ! भन, तिम्रा सवालको उत्तर म दिन्छु ।" युधिष्ठिरको यो वचन सुनेर यक्ष खुशी भयो । उसले उत्तिखेरै उनीसँग तल लेखेका प्रश्न गऱ्यो । उसले गरेका प्रश्नको उत्तर पनि उनले दिए ।

प्रः- सूर्यलाई कसले उदित गराउँछ ?
सूर्यका अगल-बगलमा हिंड्ने को हुन् ?
सूर्यलाई अस्त गराउने को हुन् ?
सूर्य केका आधारमा छन् ?

उः- सूर्यलाई ब्रह्माले उदित गराउँछन् ।
सूर्यका अगल-बगल हिँड्ने देवता हुन् ।
सूर्यलाई अस्त गराउने धर्म हो ।
सूर्य सत्यका आधारमा छन् ।

प्रः- जिउँदै मरेको कसलाई भन्दछन् ?

उः- देवता, पितृ, अर्थी र भृत्यहरूका पेटमा जसको
अन्न परेको छैन त्यसलाई जिउँदै मरेको भन्दछन् ।

प्रः- पृथ्वीभन्दा ठूलो को हो ?
आकाशभन्दा उच्चतर के छ ?
हावाभन्दा चाँडो को दौडन्छ ?
रुवाभन्दा हलुका चीज के छ ?

उः- पृथ्वीभन्दा ठूली आमा हुन् ।
आकाशभन्दा उच्चतर बाबु हुन् ।

हावाभन्दा चाँडो मन दौडन्छ ।
रुवाभन्दा हलुका चीज माग्ने हो ।

प्रः- सुत्ता आँखा नचिम्लने को छ ?
उत्पन्न भएर नचल्ने को छ ?
हृदय कसको हुँदैन ?
सबैभन्दा चाँडो बढ्ने के हो ?

उः- सुत्ता आँखा नचिम्लने माछो छ ।
उत्पन्न भएर नचल्ने अण्डा (फुल) हो ।
पत्थरको हृदय हुँदैन ।
सबैभन्दा चाँडो बढ्ने खोलो हो ।

प्रः- परदेशको मित्र को हो ?
घरको मित्र कुन हो ?
रोगीको मित्र कुन हो ?
मर्ने बेलाको मित्र कुन हो ?

उः- परदेशको मित्र धन हो ।
घरको मित्र पत्नी हो ।
रोगीको मित्र वैद्य हो ।
मर्ने बेलाको मित्र दान हो ।

प्रः- सबैको पाहुनु को हो ?
सनातन धर्म कसलाई भनिन्छ ?
अमृत भनेको के हो ?

उः- सबैको पाहुनु अग्नि हुन् ।
मोक्षलाई सनातन धर्म भन्दछन् ।
गाईको दूध अमृत हो ।

प्रः- धर्मको स्थान के हो ?
सुख पाउने युक्ति के छ ?

उः- धर्मको स्थान उद्योग हो ।
सुख पाउने युक्ति दान छ ।

प्रः- धन्य मानिसमा उत्तम को हो ?
लाभमा उत्तम के छ ?
सुखमा उत्तम सुख कुन छ ?

उः- धन्य मानिसमा उत्तम चतुरो मानिस हो ।
लाभमा उत्तम आरोग्य लाभ हो ।
सुखमा उत्तम सुख सन्तोष हो ।

प्रः- सबैभन्दा उत्तम धर्म कुन हो ?
कुन धर्म नित्य फलदायक छ ?
कसलाई वश गर्नाले शोक लिनुपर्दैन ?
कससँगको मित्रता स्थिर रहन्छ ?

उः- साँचो बोल्नु सबैभन्दा उत्तम धर्म ।
वैदिक धर्म नित्य फलदायक छ ।
मनलाई वश गर्नाले शोक लिनुपर्दैन ।
सज्जनसँगको मित्रता स्थिर रहन्छ ।

प्रः- कुन कुरा छोड्नाले मानिस सबैको प्रिय हुन्छ ?
कुन कुरा छोड्नाले शोक पर्दैन ?
कुन कुरा छोड्नाले धनी भइन्छ ?
कुन कुरा छोड्नाले मानिस सुखी हुन्छ ?

उः- अभिमान छोड्नाले मानिस सबैको प्रिय हुन्छ ।
रिस छोड्नाले शोक पर्दैन ।
अभिलाषा त्याग गर्नाले मानिस धनी हुन्छ ।
लोभ छोड्नाले मानिस सुखी हुन्छ ।

प्रः- संसारलाई आच्छादान गर्ने को हो ?
प्रकाशलाई कसले रोक्तछ ?
कसका मित्र छुट्दछन् ?
मूर्ख किन स्वर्ग जान पाउँदैन ?

उः- संसारलाई आच्छादान गर्ने अज्ञान हो ।
प्रकाशलाई अन्धकारले रोक्तछ ।
लोभीका मित्र छुट्दछन् ।
कुसङ्गत गर्ने हुनाले मूर्ख स्वर्ग जान पाउँदैन ।

प्रः- कसलाई मृतक भन्दछन् ?
कस्ता यज्ञलाई मृतयज्ञ भन्दछन् ?
कस्ता राष्ट्रलाई मृतराष्ट्र भन्दछन् ?

उः- निर्धनलाई मृतक भन्दछन् ।
दक्षिणा नभएको यज्ञलाई मृतयज्ञ भन्दछन् ।
राजा नभएको राष्ट्रलाई मृतराष्ट्र भन्दछन् ।

प्रः- दिशा कसलाई भन्दछन् ?
जल कसलाई भन्दछन् ?
विष कसलाई भन्दछन् ?
श्राद्धको अवसर कुन हो ?

उः- सज्जनलाई दिशा भन्दछन् ।
आकाशलाई जल भन्दछन् ।
माग्नुलाई विष भन्दछन् ।
गुणी ब्राह्मण जुन बेला पाइन्छ त्यही बेला
श्राद्धको अवसर हो ।

प्रः- तप के हो ?
दम के हो ?
क्षमा के हो ?
लज्जा के हो ?

उः- स्वधर्ममा रहनु तप हो ।
विषयदेखि मन हटाउनु दम हो ।
सबैमा एक चालको व्यवहार राख्नु क्षमा हो ।
खराब कामबाट बाँच्नु लज्जा हो ।

प्रः- पुरुष कसलाई भन्दछन् ?

उः- जसका पुण्य कर्मका शब्दले आकाश र पृथ्वीलाई
व्याप्त गरेको छ त्यसलाई पुरुष भन्दछन् ।

प्रः- ज्ञान कसलाई भन्दछन् ?
शम कसको नाम हो ?
ठूलो दया के हो ?

उः- तत्त्वार्थ जान्नुलाई ज्ञान भन्दछन् ।
चित्तशान्तिको नाम शम हो ।
सबै प्राणीको सुख चिताउनु दया हो ।

प्रः- मानिसको सबैभन्दा ठूलो शत्रु कुन हो ?

उपचार नलाग्ने रोग कुन हो ?
साधु कसलाई भन्दछन् ?
दुष्ट कसलाई भन्दछन् ?

उः- रिस मानिसको ठूलो शत्रु हो ।
उपचार नलाग्ने रोग लोभ हो ।
सबैमा दया गर्नेलाई साधु भन्दछन् ।
निर्दयीलाई दुष्ट भन्दछन् ।

प्रः- मोह के हो ?
अभिमान के हो ?
आलस्य के हो ?
शोक के हो ?

उः- धर्म नजान्नु मोह हो ।
आफूलाई ठूलो सम्झनु अभिमान हो ।
धर्ममा मन नलगाउनु आलस्य हो ।
नजान्नु शोक हो ।

प्रः- पण्डित कुन हो ?
मूर्ख कुन हो ?
नास्तिक कुन हो ?

उः- धर्म जान्ने पण्डित हो ।
अधर्मी मूर्ख हो ।
ईश्वरमा विश्वास नराख्ने नास्तिक हो ।

प्रः- मधुर वचन बोल्नाले के लाभ हुन्छ ?
धर्म गर्नाले के हुन्छ ?

उः- मधुर वचन बोल्नाले सबैको प्रिय हुन पाइन्छ ।
धर्म गर्नाले मोक्ष प्राप्ति हुन्छ ।

प्रः- विचारपूर्वक काम गर्नाले के हुन्छ ?
धेरै मित्र बनाउनाले के हुन्छ ?

उः- विचारपूर्वक काम गर्नाले जयलाभ हुन्छ ।
धेरै मित्र बनाउनाले सुखप्राप्ति हुन्छ ।

प्रः- सुखी के हो ?
आश्चर्य के हो ?
बाटो कुन हो ?
कुरा भन्नु के हो ?

उः- जुन मानिस दिनको आठौं प्रहरमा आफ्नो घरमा एक छाक साग मात्र पनि खान पाउँछ, जसलाई ऋण लागेको छैन, जसले परदेश जानु पर्दैन त्यही मानिस सुखी हो । प्रतिदिन मानिसहरू बराबर मरेका देखिन्छन् तापनि बाँकी मानिस बाँचिरहनाको इच्छा गर्दछन्, यसभन्दा अर्को आश्चर्य छैन; आश्चर्य यही हो । तर्कनाको मूल छैन, शक्ति भिन्न भिन्न छ, त्यस्तो ऋषि पनि एउटा छैन, जसको वचन प्रामाणिक छैन धर्मको तत्त्व एक गुफामा छ, कसैलाई थाहा छैन । यस प्रकारले महाजन (शिष्ट)हरू जुन बाटो हिँड्छन् त्यसैलाई बाटो भन्नू । यस महामोहरूपी कराहीमा सूर्यरूपी अग्नि र रात-दिनरूपी दाउरा मिलाएर महिना-ऋतुरूपी दाबिलाले चलाउँदै कालरूपी भान्से सारा प्राणीलाई पकाइरहेछ । कुरा भन्नु यही हो ।

यी सब प्रश्नका उत्तर सुनेर यक्ष प्रसन्न भयो । उसले खुशीसाथ युधिष्ठिरसँग भन्यो, 'महाराज ! तिम्रा उत्तरबाट म बहुतै प्रसन्न भएँ । यसकारणले त्यसको बदलामा म तिमीलाई वर दिन्छु । के माग्दछौ माग ।' यक्षका कुरा सुनेर युधिष्ठिरले मेरा भाइहरूलाई बचाइदेऊ भन्ने वर मागे । यो सुनी यक्षले भन्यो, 'हुन्छ तर, यी तिम्रा चार भाइमध्ये जसलाई उठाउन खोज्दछौ त्यो एउटालाई मात्र उठाउन पाउँछौ, लौ भन कसलाई उठाइदिऊँ ?'

यक्षका यी कुरा सुनी युधिष्ठिरले झटपट नकुललाई उठाउने वर मागे । उनले सौतेनी भाइ नकुललाई उठाउँछु भनी वर मागेको सुनी यक्षले फेरि भन्यो, 'युधिष्ठिर ! तिमीमा बुद्धि रहेनछ । यत्रा यत्रा पराक्रमी भीम र अर्जुन जस्ता भाइहरूलाई छोडी कान्छा, उही पनि सौतिने भाइलाई बचाउनाका कारण के हो ? सो मैले बुझ्न सकिनँ । मलाई यो आश्चर्ययुक्त कुराको समाधान गरी चित्त बुझाऊ ।'

यक्षको यस्तो वचन सुनेर धर्मात्मा युधिष्ठिरले फेरि भने, 'यक्षराज ! हेर्नुहोस्, म राजा हुँ । मैले अधर्म कदापि गर्नु हुँदैन । सबैमा समदृष्टि राख्नुपर्दछ । मेरा आमाहरू दुई थिए । कुन्तीको एक म छँदैछु । अर्की आमा (माद्री) को एक छोरो भए हामी दुवै आमाका एक-एक छोरा हुन्छौं । यही मेरो धर्म पनि हो । यसैले नकुललाई बचाउने वर मागेको हुँ ।' युधिष्ठिरको यो कुरा सुन्दा यक्षले अत्यन्त

खुशी भएर चारै भाइलाई बचाई युधिष्ठिरको अत्यन्त प्रशंसा गऱ्यो । उसले तिमीहरूको कल्याण होओस् भनी आर्शीवादसमेत दियो ।

विस्तार-विस्तार वनवासमा बाह्र वर्ष बितिसके । सत्यप्रतिज्ञ पाण्डवहरू तेह्रौं वर्षको अज्ञात (गुप्त) वासको तयारी गर्न थाले । बाह्र वर्ष पूर्ण भएपछि धर्मराज युधिष्ठिर आफ्नो साथमा रहने ब्राह्मणहरूसँग बिदा भए । उनलाई ब्राह्मणहरूबाट अनेक सुदुपदेश र आशीर्वाद मिल्यो । त्यसपछि उनीहरू पुरोहित धौम्यलाई साथ लिएर कुनै एकान्त प्रदेशमा गई परस्पर गुप्तवासको सल्लाहका निमित्त बसे । उनीहरूमा यस प्रकारको सल्लाह हुन थाल्यो ।

युधिष्ठिर- भाइ, अब हामीले एक अत्यन्त रमणीय र गुप्त स्थानको तजबिज गर्नुपऱ्यो । जुन ठाउँमा बस्नाले शत्रुहरू हाम्रो अत्तापत्ता पाउन नसकून् ।

अर्जुन- महाराज ! कुरुमण्डलका चारैतर्फ पाञ्चाल, चेदि, मत्स्य आदि कैयौं राज्य छन् । त्यहाँका सबै राजाहरू हाम्रा मित्र नै हुन् । सबै हामीसँग बन्धुभाव राख्दछन् । यिनै देशहरूमध्येको एक देशमा गएर हामी गुप्त भएर रहौं ।

युधिष्ठिर- हो, मैले पनि त्यही विचार गरेको छु । मेरो विचारमा अरूभन्दा विराटनरेशकहाँ गएर बस्नु असल होला कि जस्तो लाग्छ । किनभने, उनी हाम्रा पिताजीका मित्र हुन् । हाम्रो सदा असल चाहन्छन् । वृद्ध र धर्मात्मा पनि छन् । उनीकहाँ गएर एक-एक काममा नियुक्ति भई हामी छ जना बस्न पायौं भने एक वर्ष सहजै बिताउन सक्नेछौं । उनीकहाँ गुप्तवेशले जाँदा म आफ्नो नाम कङ्क भनी राख्नेछु । पासा गोटी थर्की लिएर जानेछु । तिमी को हौ ? के काम गर्दछौ ? भनी सोधे भने म राजा युधिष्ठिरको प्रिय मित्र थिएँ हजुरको सभासद् भएर परिआएको काम र विशेष गरेर जुवा खेल्ने कामबाट दिल बहलाउ गर्नेछु भनुँला ।

भीमसेन- दाज्यैज्यू ! यो कुरा मलाई पनि ठीक लाग्यो । म पनि आफ्नो बल्लभ भन्ने नाम राखेर खानसामाको काम गर्न पाऊँ, महाराज युधिष्ठिरकहाँ नि यही काम गर्दथें भनुँला । अरू के के जान्दछौ भनी सोधे भने पहलमानीको काम पनि जानेको छु, त्यसले पनि हजुरको चित्त प्रसन्न राखुँला भनी त्यसै काममा नियुक्त भएर बस्नेछु ।

अर्जुन- दाज्यैज्यू ! मेरा निमित्त भने वेश छिपाउने काम बहुतै कठिन छ । किनभने मेरो हातमा धनुका ठेला छन् । युद्धमा लायक वीर पुरुषको सूचना दिने डीलडाल शरीरमा देखिन्छ । मानिसहरू देख्दौमा पारख गर्न सक्तछन् । तर मैले एक उपाय सोचेको छु । त्यसले मेरो स्वरूप पनि अवश्य छिप्न सक्नेछ ।

माथमा लामो चुल्ठो बाट्तछु, कानमा कुण्डल पहिरिन्छु, लामो सारी पहिरिन्छु, अनि आफ्नो नाम बृहन्नला राखेर जान्छु । सोधे म नटुवा हुँ, नाचगानको काममा सिपालु छु, रानी द्रौपदीकहाँ यही काम गर्दथें । यहाँ मैयाँ साहेबहरूलाई नाचगान सिकाउने काम गरेर बस्न पाऊँ भनुँला । सो काम इन्द्रलोकमा बस्ता सिकेर पनि आएको छु । यसो भनेपछि अवश्य मलाई राजा विराटले राख्नेछन् ।

नकुल- मलाई घोडाको काममा बहुतै सोख छ । घोडा सधाउने घोडाको इलाज गर्ने काममा पनि मलाई पूरा अभ्यास छ । यसकारण म ग्रन्थिक भन्ने नाम राखेर दारोगाको नोकरी पाऊँ । महाराज युधिष्ठिरकहाँ पनि अस्तबलखानाको डिट्ठा भएर बसेको थिएँ भनुँला ।

सहदेव- मलाई दाज्यैज्यूबाट विशेष गरेर गाईवस्तुहरूको हेरविचार गर्ने काम लगाइबक्सिन्थ्यो । त्यसो हुनाले गाई पाल्ने, दुहुने, बिरामी भएमा औषधि गर्ने इत्यादि सारा काममा मेरो पूरा अभ्यास छ । पशुहरूको शुभाशुभ क्षणहरू पनि धेरै जान्दछु । महाराज युधिष्ठिरको पशुशालाको मुख्य अध्यक्ष थिएँ । हजुरको गोठमा बसेर काम गर्न पाऊँ भनी मागुँला । यस कामबाट राजा विराटलाई प्रसन्न पनि तुल्याउनेछु ।

द्रौपदी- मैले पनि आफ्नो जीवननिर्वाहका निमित्त एक काम सोचेकी छु । कपाल कोरीबाटी गर्ने, शृङ्गार बनाउने इत्यादि स्त्रीसमाजको उपयोगी सारा कामकाज मलाई याद छ । यही काम गरेर रानी द्रौपदीको खोपीमा बस्तथें । यहाँ पनि महारानी सुदेष्णाको खोपीमा यही काम गरी बस्न पाऊँ भनी प्रार्थना गरूँला । महारानीले अवश्य मलाई राख्यैछन् यो काम उस्तो निन्द्य पनि होइन, अनाथ साध्वी स्त्रीहरूले यस्तै काम गरेर बस्नुपर्दछ । यसैले मेरो यही काम गरी बसूँ कि भन्ने विचार छ । मेरानिमित्त हजुरले कदापि कष्ट पाउनुपर्नेछैन । आफ्नो सीपले नै म सुबिस्तासाथ सबैलाई प्रसन्न राखी बस्नेछु ।

परस्परमा यस प्रकारको सल्लाह ठीक भएपछि महाराज युधिष्ठिरले आफ्ना साथमा आएका दासदासी, सवारी सरसामान जे जति थियो सो सबै द्रुपद राजाकहाँ पठाइदिए । उनका इन्द्रसेन आदि सारथिहरू पनि उनको आज्ञाअनुसार एक वर्षका निमित्त यादवहरूको आश्रयमा रहन भनी रथ घोडाहरू लिएर द्वारकातर्फ गए । तिनीहरू सबैलाई कसैले हाम्रो खबर सोध्यो भने द्वैतवन छोडेर कता गए ? हामी केही थाहा पाउँदैनौं भन्नू भनी पठाए । त्यसपछि बिदा हुने बेलामा पुरोहित धौम्यले प्रेमपूर्वक पाण्डवहरूलाई यस प्रकारले उपदेश दिए :

पाण्डवहो ! तिमीहरू लोकव्यवहारको विषय सबै जान्दछौ । तर स्वयम् राजकुमार हुनाले तिमीहरूलाई राजाको सेवा गर्नेले राजाका उपर कस्तो व्यवहार राख्नुपर्दछ यो थाहा छैन । यस कारणले त्यस विषयमा म तिमीहरूलाई केही उपदेश दिन चाहन्छु, सुन :

चाहे मान होस्, चाहे अपमान होस्, अवश्य एक वर्षसम्मलाई तिमीहरूले राजभवनमा नै बस्ने सङ्कल्प उठाएकै छौ । यसकारण राजदरबारमा बसेर जसरी हुन्छ तिमीहरूले राजा विराटलाई हरएक यत्नबाट सन्तुष्ट राख्ने चेष्टा गर्नुपर्दछ । केही नसोधीकन राजालाई कुनै उपदेश नदिनू । राजदरबारको कुनै भित्री कुरा पनि बाहिर बकवाद गरेर नहिंड्नू । दरबारको कुनै गोप्य कुरा थाहा पाएको भए पनि कसैसँग प्रकाश नगर्नू । राजाले आफूलाई जतिसुकै प्यारो गरुन् तापनि उनको आज्ञाविना उनको घोडा बग्गी आदि सवारीमा चढ्नू, उनको पलङमा सुत्नु, उनको गद्दीमा बस्नु इत्यादि काम कदापि नगर्नू । आफ्नो ह्याउले नभेट्टाउन काममा म यसो गर्न सक्तछु भनेर राजको अगाडि फूर्ति नदेखाउनु, राजसभामा बस्ता आफ्नो तोकिएको ठाउँलाई छोडेर यताउता सरीसरी कदापि नबस्नू । राजाको अगाडि हातपाउ नहल्लाउनू । उपर्युट्टी नलगाउनू । ठूलो स्वरले नबोल्नू । कहिले काहीं राजाले आफ्ना उपर प्रसन्नता देखाए भने त्यसमा ठूलो कृतज्ञता प्रकट गर्नू, राजा आफ्ना उपर रिसाए भने उनका उपर द्वेषभाव कदापि नराख्नू र सो कुरा कसैसँग प्रकट पनि नगर्नू । यी सब राजदरबारमा रहने सेवक वर्गका मुख्य कर्तव्य हुन् । यिनमा कदापि त्रुटि हुन नदिए । फेरि राजाको अन्तःपुरमा अनेक ठूल्ठूला अनर्थ पनि कहींकहीं हुन्छन् । त्यसमा पनि बहुतै होसियार बनेर द्रौपदीका उपर पूरा दृष्टि राख्ने गर्नू । यत्ति गर्न सकेको पक्षमा तिमीहरूको गुप्तवासको समय सहजै पूर्ण हुनेछ ।

पुरोहित धौम्यको यो उपदेश सुनेर युधिष्ठिरले भने, "ब्रह्मण्यदेव ! तपाईंबाहेक अरू कसले हामीलाई यस्तो उपदेश दिन्छ ? तपाईंको उपदेशलाई हामी सर्वदा हृदयमा धारण गर्नेछौं । अब जे गर्नाले हाम्रो कल्याण हुन्छ सो कुरा गर्नुहोला ।" यति भनेर द्रौपदीसमेत पाँचै भाइले धौम्यको प्रदक्षिणा गरी त्यहाँबाट प्रस्थान गरे । महामुनि धौम्य पनि उनीहरूलाई अग्निको प्रदक्षिणा गराउँदै बिदा भई अग्निहोत्रलाई समेत लिई पाञ्चालदेशतिर लागे ।

पाण्डवहरू केवल आफ्ना शस्त्रास्त्र मात्र साथमा लिएर हिंडेका थिए । उनीहरू विस्तार-विस्तार यमुनाको किनारै किनार पहाडी गुफाहरूको आश्रय लिंदै अगाडि बढे । केही दिन हिंडेपछि विराटनगर पुग्न केही मार्ग बाँकी छँदैमा

द्रौपदीले नगरप्रान्त्रवर्ती रमणीय क्षेत्रादिको मनोहर शोभा देखेर भनिन्, "अब विराटनगर नगिचै आए जस्तो बुझिन्छ । रात पर्ने बेला पनि भयो, मलाई थकाइले पनि आज साह्रै जोड गरिरहेछ । यसउसले आजको रात यहींनिर कतै बसेर बिताऔं । भोलि मात्र नगरमा प्रवेश गरौंला ।" यो सुनेर युधिष्ठिरले अर्जुनलाई भने, "भाइ ! द्रौपदी साह्रै नै थाकिछन्, उनलाई तिमी राम्रोसित सम्हालेर ल्याऊ । यहाँसम्म आइपुगेपछि राजधानीको नगिचै पुगेर बस्नु उचित छ ।" अर्जुनले पनि दाज्यूको आज्ञाअनुसार सुबिस्तासाथ द्रौपदीलाई नगिचै पुऱ्याएर उतारे । त्यसपछि त्यहाँको कुनै एकान्त प्रदेशमा बसेर अब कसरी राजधानीमा प्रवेश गर्ने हो भनी उनीहरूमा परस्पर सल्लाह हुन थाल्यो ।

युधिष्ठिरले भने, "भाइ हो ! हामीले गुप्तवेश धारण गरेर जाने सल्लाह ठीक गरिसकेका छौं । यसकारण अब यी हाम्रा धनुर्बाण र हातहतियारहरूलाई पनि हामीले एक गुप्त ठाउँमा थन्क्याएर मात्र जानु उचित छ । उसमा पनि विशेष गरेर अर्जुनको गाण्डीवलाई ता सबैले देख्नासाथ चिनिहाल्दछन् । त्यसलाई झन् गुप्त गरेर जानुपर्दछ । त्यस्तो ठाउँ चाँडै तजबिज गर जहाँ थन्क्याएर जानाले एक वर्षसम्म हिफाजतसाथ रहने र कसैले थाहा पनि नपाउने होस् । अर्जुनले भने, "महाराज ! यो ठीक कुरा आज्ञा भयो । यसको इन्तिजाम गर्दछु । यहींनेर अगाडि एक महाश्मशान देखिन्छ । त्यहाँ एउटा शमीको वृक्ष पनि रहेछ । त्यस वृक्षमा सहसा कोही चढ्न पनि सक्तैन । वृक्षको हाँगामा कपडाले राम्रोसित लपेटी हाम्रा सारा हतियार बाँधिदिऊँ, कसैले देख्नेछैन । त्यो खूब झ्याम्म परेको वृक्ष छ । कसैको दृष्टि त्यसभित्र जाँदैन ।

अर्जुनको कुरामा सबैको चित्त बुझ्यो । पाँचै भाइका हातहतियार जम्मा गरेर कपडामा लपेटी नकुलले त्यसै शमी वृक्षको भित्री हाँगामा बाँधिदिए । फेरि उनीहरूले आसपासमा भेटेका मानिसलाई पनि यस रूखमा मूर्दा झुन्ड्याएको रहेछ भन्ने हल्ला चलाइदिए । त्यसैले गर्दा त्यहाँ जाने कसैको साहस भएन । त्यसपछि उनीहरूले द्रौपदीसमेत विराटनगरीमा प्रवेश गरी आफ्नो आफ्नो कल्पित वेशको अनुकूल सामानहरू जम्मा गर्दै क्रमशः भिन्न-भिन्न समयमा नोकरी माग्नका निमित्त विराटको राजदरबारतिर लागे ।

॥वनपर्व समाप्त॥

□□□

विराटपर्व

सबभन्दा पहिले पासा, थर्की, गोटी काखी च्यापेका ब्राह्मणवेशधारी महाराज युधिष्ठिर विराटको दरबारमा पुगे । संयोगवश त्यस बेला राजा विराटको दृष्टि पनि सहसा उनैमाथि पऱ्यो । उनलाई राजसभामा बोलाउन पठाएर राजाले तिमी को हौ ? किन आयौ ? भनी सोधे । तब युधिष्ठिरले भने, "महाराज ! म व्याघ्रपदी गोत्रको ब्राह्मण हुँ । मेरो नाम कङ्क हो । म अघि महाराज युधिष्ठिरको प्रिय मित्र थिएँ । दुर्भाग्यवश पाण्डवहरूका उपर दुःखको पहाड गिर्नाले मेरो सर्वनाश भयो । साह्रै दुःख पाएर घुमेको छु । मेरो रोजगार जुवा थियो । त्यसैले महाराज युधिष्ठिरलाई प्रसन्न गराएको थिएँ । आज हजुरबाट जुवाका उत्तम खेलाडीहरूको राम्रो कदर गरिबक्सिन्छ भनी सुनेकाले सेवा गर्न पाउँला कि भन्ने आशाले हाजिर भएको हुँ ।" विराटले भने, "अहा ! यो बहुतै वेश कुरा हो । म तिमी जस्तै मानिसलाई बहुतै चाहन्छु । हुन्छ, आजदेखि तिमी मेरा परम मित्र भयौ । तिमी नीच काम गर्न योग्य छैनौ । मेरै साथ रहेर आनन्दपूर्वक सुखभोग गर ।" युधिष्ठिरले भने, "महाराज ! हजुरको कृपा देखेर म बहुतै कृतार्थ भएँ । हजुरको सेवामा रहनेछु, तर मलाई कुनै नीच र कपटी मनुष्यका साथ कहिल्यै जुवा खेल्नु नपरोस् । सदा योग्य मनुष्यका साथ धर्मपूर्वकको खेल मात्र खेल्न पाऊँ ।" यस कुरामा राजा विराटको चित्त बुझ्यो । उनले भने, "हुन्छ । तिम्रासाथ कसैले अलिकति मात्र पनि अन्याय गऱ्यो भने त्यसलाई म यथोचित दण्ड दिनेछु । आजदेखि मेरा परिवार वा प्रजाहरूले मेरो जत्तिको आदर र मान गर्दछन् तिम्रो पनि उत्तिकै गर्नेछन् ।"

यस प्रकारले पूरा तवरसित सम्मानपूर्वकको नोकरी पाएर महाराज युधिष्ठिर विराटको दरबारमा बसे । त्यसपछि बल्लभवेशधारी, भान्साको सामान (डाडु-पन्यूँ आदि) काखीमा लिएका भीमसेनले विराटभवनमा उपस्थित भएर आफ्नो नाम, धाम, काम सबै बताए । उनलाई पनि राजा विराटबाट सम्मानपूर्वक महानसाध्यक्ष (भान्सेको सरदारी) को पद मिल्यो । तदनन्तर स्त्रीवेशधारी अर्जुनले राजदरबारमा पुगेर आफ्नो नाम, धाम, काम बयान गर्दै भने, "महाराज ! म बृहन्नला हुँ । अघि

महाराज युधिष्ठिरको अन्तःपुरमा गाउने-बजाउने र सो कामको शिक्षासमेत दिने गर्दथैं । यहाँ पनि सो काम निगाह भए सेवा गर्ने थिएँ ।' यो सुनेर प्रसन्नतासाथ विराटले स्त्रीवेशधारी अर्जुनलाई सम्मानपूर्वक अन्तःपुरको गानबजानको काममा नियुक्त गरी राखे । तदनन्तर नकुलले गएर आफ्नो बयान दिए । उनलाई पनि राजा विराटबाट अपेक्षित काम मिल्यो । उनी वाहनशालाध्यक्ष बनेर रहन थाले । त्यसको अनन्तर सहदेवले राजदरबारमा गएर आफ्नो नाम र कामको परिचय दिए । उनलाई पनि राजाबाट इच्छामाफिकको काम मिल्यो । उनी पशुशालाध्यक्ष बनेर आनन्दपूर्वक रहन थाले । सबैभन्दा पछिबाट परमसुन्दरी द्रौपदीले राजदरबारमा पुगेर आफ्नो नाम, कामको लज्जापूर्वक परिचय दिएर नोकरीका निमित्त प्रार्थना गरिन् । उनलाई पनि राजाले यथोचित सत्कारपूर्वक इच्छामाफिकको काम दिएर महारानी सुदेष्णाकी प्रियसङ्गी बनाएर राखे । यस प्रकारले द्रौपदीसमेत पाँचै भाइ पाण्डवहरूको गुप्त वासका दिन सुबिस्तासाथ बित्न लागे ।

महर्षि बृहदश्वको शिक्षाको प्रभावले गर्दा महाराज युधिष्ठिर जुवा खेलमा बहुतै प्रवीण भइसकेका थिए । यसैले राजा विराटको दरबारमा जोसुकैसँग खेले पनि उनैको जित हुन्थ्यो । त्यसैबाट उनी आफू र आफ्ना भाइहरूसमेतको फर्मायसी खर्च यथेष्ट पुऱ्याउँदथे । उता भान्साको काममा रहेका भीमसेनबाट पनि द्रौपदीसमेत पाँचै भाइलाई उत्तमोत्तम भक्ष्य भोज्यादिको सहारा मिल्दथ्यो । यस्तै नकुल र सहदेव पनि आफ्नो कामबाट रीझबापत पाएको पारितोषिक र जागिरबाट समेत प्रशस्त आमदानी गर्दथे । यस प्रकारले सबैको गुजारा आनन्दसाथ चलिरहेको थियो ।

विस्तार-विस्तार पाण्डवहरूको अज्ञातवासका तीन महिना बिते । चौथो महिनाका केही दिन मात्र बितेको बेलामा एक दिन मत्स्यनगरमा ठूलो उत्सव भएको थियो । त्यस उत्सवमा देशदेशावरका महाबली पहलमानहरू आफ्नो आफ्नो बल पुरुषार्थ देखाउना निमित्त उपस्थित भएका थिए । यथासमयमा राजदरबारको चोकमा पहलमानी खेलको आरम्भ भयो । त्यसमा सानातिना अरू पहलमानहरूको खेल समाप्त भएपछि एक अत्यन्त बलियो र फुर्तिलो जीमूतवाहन नामको पहलमानले अखडामा खडा भएर अरू पहलमानहरूलाई हराउँदै बारम्बार ललकार्न थाल्यो । तर त्यससँग जोड हुन कोही अघि सरेन । सारा चुपचाप खडै थिए । यस्तैमा सहसा राजा विराटलाई अघि भीमसेनले भनेको कुरा याद भयो । उनले झटपट भीमसेनलाई त्यस पहलमानसँग लड्ने आज्ञा दिए । भीमसेनले पनि राजाको आज्ञा उल्लङ्घन गर्नु उचित सम्झेनन् । परस्पर उनको त्यस पहलमानका साथ

खूब खेल भयो । परन्तु महाबली भीमसेनका अगाडि त्यस साधारण पहलमानको के लाग्दथ्यो । उसलाई भीमसेनले धेरै बेरेसम्म खेलाची गर्दै अलमल्याएर अन्त्यमा जोरसाथ अखाडामा पछारिदिए । त्यस चोटले गर्दा कैयौं बेरतक उठ्न पनि सकेन । धेरै बेरपछि उठेर चुपचाप आफ्नो बाटो लाग्यो । यो देखेर राजा विराटले अत्यन्त प्रसन्न भई भीमसेनको खूब प्रशंसा गरे । त्यस दिनदेखि उनको आदर पनि उत्तरोत्तर बढ्दै जान थाल्यो ।

यता पाण्डवहरूका गुप्तवासका दिन पनि कम हुँदैहुँदै दुई महिना मात्र बाँकी भए, अब यी दुई महिना सहजै बिताउँला भन्ने आसमा उनीहरू अड्किरहेका थिए । तर अफसोस, दुर्दशाले ग्रस्त गरेका मनुष्यको सुखोदय सहसा हुन सक्तो रहेनछ त्यसमा बहुतै कष्टको सामना गर्नुपर्दो रहेछ । अभागिनी द्रौपदीले कष्ट भोग्नु बाँकी नै थियो । यसैले उनका उपर एकाएक अनिष्टको लक्षण उत्पन्न हुन थाल्यो । उनी सदा रानी सुदेष्णाको अन्तःपुरमा रहन्थिन् । रानी सुदेष्णाको कीचक नामक एक भाइ थियो । त्यसलाई राजा विराटले आफ्नो प्रधान सेनापति गराएर राखेका थिए । के राजदरबार, के बाहिर जतातै उसैको प्राधान्य थियो । नहोस् पनि किन ? एक ता राजाको सालो, दोस्रो महाबली महापुरुषार्थी वीर हुनाले राजा विराटसमेत उसदेखि दबेर रहन्थे । उसका उपर रोकटोक गर्ने कोही थिएन ।

एक दिन अन्तःपुरचारिणी द्रौपदीको अलौकिक रूप सौन्दर्य देखेर कीचकको मन एकाएक घबराउन थाल्यो । उसले द्रौपदीका उपर आसक्त भएको मनलाई कुनै तवरबाट सम्हाल्न नसकेर रानी सुदेष्णासँग पनि सो आशय प्रकट गऱ्यो । द्रौपदीलाई पनि अनेक भावभङ्गीद्वारा सताउन थाल्यो । तर सतीशिरोमणि द्रौपदीले त्यसको केही परवाहै राखिनन् । अन्त्यमा मौका पारेर स्वयम् द्रौपदीलाई उसले भन्यो, "सुन्दरी ! तिमी जस्ती सुन्दरी स्त्रीले यस राजदरबारमा नोकरी गरेर बस्नु साह्रै अनुचित कुरा हो । तिम्रो यो देवीदुर्लभ रूपराशि देखे भने देवताहरूसमेत मुग्ध नभइछोड्दैनन्; मानिसको के कुरा ? अतएव तिमी मैले भनेको मान, तिम्रो र मेरो विवाह होओस् । म तिमीलाई आफ्नो घरको सर्वोत्तम स्वामिनी बनाएर राख्नेछु । तिमीलाई पाएपछि अरू कुनै प्रियतमाको पनि म आदर गर्नेछैन । केवल तिम्रै दास भएर रहनेछु ।" यो सुनेर द्रौपदीले भनिन्, "सेनापति ! म नीचवंशकी सैरन्ध्री हुँ, तपाईंको दृष्टिमा रहनै पनि अयोग्य छु । फेरि मेरो विवाह पनि भैसकेको छ । यसकारण तपाईं धर्मको ख्याल नराखेर मसँग यस्ता कुरा नगर्नुहोस् ।" कीचकले भन्यो, "सुन्दरी ! चाहे तिमी जुनसुकै वंशको जोसुकैकी स्त्री होऊ, तिम्रा उपर मेरो मन साह्रै नै अनुरक्त भइसकेको छ । म तिमीलाई

कुनै तरहबाट छोड्न सक्तिनँ ।' द्रौपदीले क्रोधसाथ भनिन्, 'अरे नीच ! नराधम ! होस राख्, म महाबली पाँच गन्धर्वकी पत्नी हुँ यदि मेरा पतिहरूले यो कुरा चाल पाए भने तेरा हड्डीको टुक्रासम्म पनि बाँकी राख्नेछैनन् । यसउसले तँ मलाई पाउने आशालाई छोडिदे । आफ्नो जीवनको रक्षा गर्नु छ भने मेरो अगाडिबाट तुरुन्त भाग् ।'

द्रौपदीको कुराले कीचकका मनमा ठूलो धक्का पुऱ्यायो । अब सोझो उपायले यो हातमा आउने छैन भन्ने विचार गरी उसले दिदी सुदेष्णासँग गएर भन्यो, 'महारानी ! जसरी हुन्छ सैरन्ध्रीलाई मेरो हातमा पारिदिनुहोस् । मेरो दिल उसमा साह्रै नै गडिरहेछ । यदि म त्यसलाई पाउन्न भने यस राजपाठ, नोकरीचाकरी ता के प्राणसमेतलाई तिलाञ्जली नदिइछोड्नेछैन ।' यो सुनेर रानी सुदेष्णाको मनमा दया आयो । उनले भाइ कीचकको इच्छा पूर्ण गराउनानिमित्त द्रौपदीलाई घरैमा पठाइदिइन् । उनी आएको देखेर कीचकले प्रसन्न भएर भन्यो, 'प्यारी ! आयौ ? तिमी आउनाले मेरो दिल साह्रै नै प्रसन्न भयो । मेरानिमित्त आजको दिन बहुतै शुभदायक रहेछ । हेर, तिम्रानिमित्त मैले आफ्नो घरमा कतिको सुखसामग्री जम्मा गरेर राखेको छु । यो मेरो खोपी हो । आऊ, मेरो कुसुमशयनमा बस, दुई जना बसेर आनन्दपूर्वक मद्यपान गरौं ।'

द्रौपदीले कीचकका कुराको उत्तरै नदिई क्रोधकम्पित स्वरमा भनिन्, 'मलाई महारानीले मदिरा लिन पठाइबक्सेको हो, उहाँ तिर्खाइरनुभएको होला । मदिरा लिएर जान्छु । चाँडै मदिरा दिनुहोस् ।' कीचकले हाँसेर भन्यो, 'महारानीकहाँ मदिरा लिएर जाने अरू पनि छन्; जानुपर्दैन । आऊ, मसँग बस ।' यति भन्दै कीचकले द्रौपदीका उपर हात बढायो । जबर्जस्तीसाथ तान्न लागेको देखेर द्रौपदी बलैले उसको हात खुस्काएर त्यहाँबाट निस्की राजा विराटको सभामा पुगिन् । उहाँ रुँदै, चिच्याउँदै उनले सरासर सारा हाल जाहेर गरिन् । कीचक पनि उनका पछि दौडँदै आएको थियो । राजसभामा पुगेर एकदम सारा रहस्य प्रकट गर्न लागेकी उनलाई देखेर उसको धैर्य क्षणभर पनि रहन सकेन । उसले राजा वा अरू कुनै सभासद्को पनि केही परवाहै नराखी सहसा द्रौपदीको चुल्ठामा समातेर एक लात जमायो । त्यति गरेपछि, 'जा, मर्' भन्दै त्यहाँबाट निस्क्यो । त्यो सारा दृश्य राजसभामा बसेका पाण्डवहरू पनि हेरिरहेका थिए । भीमसेनका ओठ क्रोधले काँपिरहेका थिए । त्यस बेला इसाराको तवरले युधिष्ठिरले नसम्झाएको भए उनी कीचकको त्यही सभामा धूलो पार्ने थिए । दाज्यूको आज्ञा उल्लङ्घन होला भन्ने सम्झेर मात्र कठिनसाथ चुप लागे । यता द्रौपदीलाई सम्झाएर आश्वासन दिँदै विराटले अन्तःपुरतिर पठाइदिए ।

यतिसम्म हुँदा पनि कामान्ध कीचकले द्रौपदीको आशा छोडेको थिएन, मौका खोज्दै थियो । यस्तैमा सबै सुतेको मौका पारेर द्रौपदीले भीमसेनको डेरामा गई आफ्नो सारा दुःख प्रकट गरिन् । भीमसेन त्यसै ता उनको अपमानले जलिरहेका थिए, उसमाथि पनि स्वयम् साथमा आएर रुँदै उनले बिलाप गरेको सुन्दा भीमसेनको चित्त साह्रै नै विकल भयो । उनले धेरै बेर विचार गरेर द्रौपदीलाई भने, "प्यारी ! तिम्रा उपर साँच्चिकै आपत्ति आइलागेको छ । हामी जीवितै छँदै तिमीले यस्तो दुःख पाउनु हाम्रो हिसाबमा मर्नु बराबर हो; मेरो बाहुबल र अर्जुनको गाण्डीव धनुलाई धिक्कार छ । तिमी गएर कीचकलाई राम्रो चालसित भरे नाट्यशालामा भेट गराँला भन । तिमीलाई जब भेट्न आउला उसै बेला म त्यसलाई तिम्रा अपमानको फल चखाउनेछु, अहिले जाऊ ।" यति भनेर भीमसेनले द्रौपदीलाई चित्त बुझाई पठाए ।

भोलिपल्ट फेरि कीचक आएर द्रौपदीलाई अनेक प्रलोभन देखाउन थाल्यो । द्रौपदीले पनि प्रसन्नमुख जस्तो देखाएर उसलाई राती सङ्केतस्थान (नाचघर) मा भेट गराँला, उही तपाईको इच्छा पूर्ण गराउनेछु भनी प्रसन्न गराइन् । द्रौपदीको त्यस्तो मीठो वचन पाउनाले कीचक कृतार्थ हुँदै दिनभर यताउताको काममा अलमलिए जस्तै गरी घडी घडी पलामा भरेको स्वप्न देखिरहेको थियो । नाना प्रकारका शृङ्गारसामग्रीले सजिसजाउ भएर कीचक घरबाट निस्की नाट्यशालामा पुग्यो । उहाँ भीमसेन अघिदेखि गएर एक कुनामा छिपिरहेका थिए । मोहान्ध कीचकले त्यस नाट्यशालामा प्रवेश गर्नासाथ साँच्चैकी द्रौपदी भनेर भीमसेनलाई भन्यो, "प्यारी ! हेर असङ्ख्य अप्सरा जस्ता युवतीहरूले पूर्ण भएको घर छोडेर तिम्रानिमित्त अहिले यस अँध्यारो र रित्तो नाट्यशालामा आइरहेछु । आऊ, पहिले एक पटक मलाई अङ्कमाल गर ।" यो सुनेर भीमसेनले स्त्रीजातिको जस्तो स्वरमा "अहा ! यस्तो स्वर्गसुख म कहाँ पाउँला" भन्दै एकाएक उठेर कीचकको जुल्फीमा समाते । सहसा अङ्कमालको बदलामा जुल्फी पक्रेको देखेर कीचकलाई आश्चर्य लाग्यो । उसले जोरसाथ भीमसेनको हातलाई छुटाएर आफ्ना दुवै हातले उनको कम्मरमा पक्र्यो । अब के थियो । परस्परमा लछारपछार, घुस्साघुस्सी, थपडाथपडी चल्न थाले । घण्टौंतक घोर युद्ध भयो । अन्त्यमा भीमसेनले यसरी उचालेर कीचकलाई जमिनमा पड्काए कि फेरि उसमा उठ्ने सामर्थ्य नै रहेन । सदाका निमित्त उसले प्राणविसर्जन गरिहाल्यो । त्यति भएपछि क्रोधान्ध भीमले कीचकको टाउको र हातखुट्टा एकै डल्लो पारेर उसकै भुँडीभित्र कोची सानो कुनै भकुन्डो जस्तै तुल्याएर त्यही नाट्यशालाको ढोकामा फ्याँकिदिए । उनको त्यो

काम द्रौपदीले दरबारको एक झ्यालबाट कसैले नदेख्ने गरी हेरिरहेकी थिइन् । भीमसेनले उतैतिर हेरेर बिस्तारै भने, "प्रिय ! हेर तिम्राउपर जसले कुटिल दृष्टि राख्तछ त्यसको यही गति हुन्छ ।" यति भनेर भीमसेन आफ्नो डेरातिर गए ।

यता कीचक मरेको केही बेरपछि रात बितेर उज्यालो भयो । द्रौपदीले राजसभामा गएर जसले मेरा उपर अपमान गरेथ्यो त्यसलाई मेरा गन्धर्व पतिहरूले मारेर फ्याँकिदिएछन् भन्ने हल्ला चलाइन् । सो सुनेर सारा मानिसहरू नाट्यशालाको ढोकामा पुगेर हेर्छन् ता एक भकुण्डो जस्तो भएर लडिरहेको कीचकको लास देखे । एक क्षणपछि कीचकका आत्मीय जनहरू पनि उहाँ आइपुगे । चारैतर्फ हाहाकार मच्चियो । आफ्नो सेनापतिको त्यो दशा देखेर राजा विराट पनि साह्रै दुःखित भए । दर्शकमण्डलीमा अनेक तर्कवितर्कका कुरा भइरहेकै थिए । द्रौपदी पनि एक कुनामा बसेर त्यो सबै घटना हेरिरहेकी थिइन् । यस्तैमा कीचकका भाइहरूले एकाएक द्रौपदीतिर लाललाल दृष्टि प्रहार गर्दै भने, "भाइहो ! जसका निमित्त हाम्रो दाज्यूको यो गति भयो त्यो यही पापिनी हो । हेर, खम्बाको आड लागेर चुपचाप तमासा हेरिरहिछ । लौ पक्र पक्र यसलाई पनि दाज्यूको साथसाथै बाँधेर लगी श्मशानमा नजलाई हुँदैन । यस कुरामा कसैले केही उत्तर दिएन । अन्त्यमा द्रौपदीलाई समेत चारैतर्फबाट डोरीले बाँधी कीचकका साथसाथै उसका भाइहरूले श्मशानतिर लगे ।

"द्रौपदी ! हाय ! तिम्रो अभाग ! तिम्रा दुःखका दिन अझ सकिएका छैनन् । अब तिमीले दुष्ट कीचकका साथ सती हुन पनि जानुपऱ्यो । होइन होइन धैर्य राख; तिमी साँच्चि पतिव्रता हौ । तिम्रो अन्त्यमा कदापि यस्तो हुन योग्य छैन । एक पटक ईश्वरमा भरोसा राखेर आफ्ना पति गन्धर्वहरूलाई पुकार । उनीहरू तिम्रो यो गति देखेर कदापि चुप रहन सक्ने छैनन् ।" इत्यादि अनेक प्रकारले आंश्वासन दिन लागेका हुन् कि न भनेझैं पक्षीगणहरू वृक्षमा बसेर हल्ला मच्चाइहेका थिए । उनीहरूकै शिक्षाले हो कि भनेझैं द्रौपदी पनि "मेरा पूज्यपाद पति गन्धर्व हो ! मेरो रक्षा गर्नुहोस् !" भन्दै लगिइरहेकी थिइन् । यस्तैमा अकस्मात् अपरिचित देशको एक अद्भुत भयङ्कर पुरुष मार्गका अगलबगलको एक महान् वृक्ष उखेल्दै कीचकको मलामीहरूका पछिपछि दौडँदै आएको देखियो । ती व्यक्ति उनै महाबली भीमसेन थिए । हातमा लिएको त्यही वृक्षले बजार्दै सारा कीचकपक्षीयहरूको संहार गरे । कीचकका भाइहरूलाई पनि एक-एक गरेर दाज्यूकै साथ परलोकतिर पठाए । कीचकका पक्षको एक मनुष्यलाई पनि उनले छोडेनन् । उनको यो अद्भुत कर्म देखेर मत्स्यनगरका सारा निवासीहरू अचम्म

भए । उनीहरूको मनमा यो साँच्चिकै गन्धर्वको काम हो भन्ने पत्यार पऱ्यो । सबै चुपचाप घर फर्के । त्यसपछि द्रौपदीलाई बन्धनबाट फुकाएर भीमसेनले विराटको दरबारतिर पठाई आफू एक तर्फ लागे । यता भीमसेनको अद्भुत कर्म देखेर फर्केका प्रजाहरूको मुखबाट एकाएक यस्तो उद्गार निस्क्यो :

परस्त्री लोभी नहुनु कहिल्यै विज्ञ जनले ।
जगत्मा दूर्नामी निधन पनि भैजान्छ यसले ॥
बली शूरा बाली दशमुखहरूले पनि सदा ।
गुमाए व्यर्थैमा तन धन यसैमा रत हुँदा ॥

हतभागिनी द्रौपदी श्मशानबाट फर्केर आएको देखेर अर्जुनसँग नाच सिकिरहेकी विराटकुमारी उत्तराले भनिन्, "सैरन्ध्री ! यो बडो सौभाग्यको कुरा हो । श्मशानसम्म पुगेर पनि तिमी सकुशल फर्केर आयौ । जसले तिमीलाई कष्ट दिएको थियो, ती सबै मारिएछन् । मलाई साह्रै खुशी लाग्यो ।" द्रौपदीले भनिन्, "मेरा पति गन्धर्वसिवाय अरू मेरो रक्षक कोही छैन । उनैले आज मलाई बचाई मेरो दुश्मनहरूको संहार गरिदिए ।"

यता अन्तःपुरमा द्रौपदीका साथ यिनै कुरा भइरहेका थिए । यस्तैमा राजा विराट र रानी सुदेष्णामा मानिसहरूले एक अर्के अनर्थको कुरा लगाए । "यो सैरन्ध्री बडी डाइनी रहिछ । अरू केही दिन हाम्रो राजदरबारमा रही भने यसले के-के गर्ली ? यसैका निमित्तमा हाम्रा महाबली प्रधान सेनापतिको सर्वनाश भयो । यसकारण अब यसलाई दरबारमा राख्नु उचित छैन ।" इत्यादि अनेक कुरा मानिसहरूले सुनाउँदा राजारानी दुवैको मनमा साँच्चिकै पत्यार पनि पऱ्यो । उसै बेला राजाले रानीलाई भने, "अब सैरन्ध्रीलाई दरबारबाट राम्रैसँग बिदा दिएर पठाइदेऊ ।"

राजाको आज्ञाअनुसार रानी सुदेष्णाले द्रौपदीलाई भनिन्, "सैरन्ध्री ! तिम्रा पति गन्धर्वहरूको अत्याचारदेखि सारा मानिस थरथर काँप्न लागे । हामीलाई पनि के के गर्नेहुन् भनी डर लाग्यो; यसकारण अब तिमीलाई म बिदा दिन चाहन्छु । तिमी जहाँ मन लाग्छ जाऊ ।" यो सुनेर द्रौपदीले भनिन्, "महारानी ! मेरो विन्ती छ, मेरा तर्फबाट महाराजलाई एक पटक विन्ती चढाइबक्सियोस् । अब तेह्र दिनपछि मेरा पतिहरूले मलाई यहाँबाट आफैं लैजानेछन् । म महाराजका हजुरमा क्षमा प्राथना गर्दछु । यो तेह्र दिन यहाँ रहन पाएँ भने मेरा पतिहरू महाराजसित अत्यन्त प्रसन्न रहनेछन् । उनीहरूद्वारा महाराजको ठूलो कल्याण हुनेछ ।" यति भनेर द्रौपदी चुप लागिन् । राजा विराटबाट उनलाई अरू तेह्र दिनको दरबारमा रहने म्याद मिल्यो ।

पाण्डवहरू विराटका घरमा गुप्तवेशले रहेकै थिए । उनीहरूको गुप्तवासको अवधि पूरा हुन दश आठ दिन मात्र बाँकी थियो । उता पाण्डवहरू कता छन्, पत्ता लगाउनुपर्दछ भनी उनीहरूका खोजमा दुर्योधनले बारम्बार चर छोडेका थिए । उनीहरूले अनेक यत्न गरी खोज्दा पनि पाण्डवहरूको कतै पत्ता लगाउन सकेनन् । अन्त्यमा उनीहरूले दुर्योधनसँग गएर विन्ती गरे, "महाराज ! हामीले सकेसम्म चारैतर्फ पाण्डवहरूको खोजी गर्‍यौं, तर उनीहरूको कतै पत्ता लागेन । आखिरमा यही निश्चित भयो कि उनीहरू यस पृथ्वीतलमा छैनन् । भएदेखि अवश्य पत्ता लाग्नेथियो ।" चरहरूका कुरा सुनेर दुर्योधनलाई ठूलो हर्ष भयो । उनी तिनीहरूलाई बिदा गरेर आफ्ना काममा लागे ।

यसैबीचमा दुर्योधनका सामन्त राजा त्रिगर्तेश सुशर्माले भने, "महाराज ! मैले पनि पाण्डवहरूका खोजीमा दूत छाडेको थिएँ । उनीहरूले मलाई समाचार बताए, "हामी पाण्डवहरूको खोजीमा घुम्दाघुम्दा राजा विराटको शहरमा पुगेका थियौं । उनी राजा विराटकी रानी सुदेष्णाकी एक सैरन्ध्री नामकी दासी रहिछ । त्यसमा राजा विराटको सालो प्रधान सेनापति कीचक अत्यन्त आसक्त भएछ । उसले त्यस दासीलाई आफ्नी पत्नी बनाउने प्रयन्त गरेछ । सो चाल पाएर त्यस दासीका पति गन्धर्वहरूले कीचक र उसका भाइहरूसमेतलाई बेखबरसँग मारिदिएछन् । यसउसले अब कीचकविहीन राजा विराटको शक्ति कम्ती भइसकेको बुझिन्छ । यसै अवसरमा हजुरले उसको सारा ऐश्वर्य हरण गर्नुपर्दछ । यसनिमित्त पहिले म धेरै सैन्यका साथ राजा विराटको दक्षिणवर्ती गोठमा रहेका सारा गाईलाई हरण गर्दछु । जब ती फर्काउनका निमित्त राजा विराट भएभरका सैन्यका साथ मेरा फौजतिर लड्न आउँछन्, अनि उनको शहर सेनाविहीन भएको औसर पारी हजुरले सारा कौरवसैन्यका साथ उत्तरतर्फ हमला गरेर उनको राजधानी रोकिबक्सिएला । यसो भएपछि विराटको राज्य सहजै हाम्रो हस्तगत हुनेछ । पाण्डवहरू उहाँ लुकेका भए पनि फेला पर्नेछन् । यसमा केही सन्देह छैन ।"

त्रिगर्तेश सुशर्माका पूर्वोक्त कुराले दुर्योधनको चित्तलाई आकर्षण गर्‍यो । उनले उतिखेरै उत्साहपूर्वक कर्णादि वीरहरू र अनेक सैन्यका साथ विराटका राजधानीतर्फ प्रस्थान गरे । सुशर्मा पनि आफ्नो बन्दोबस्तमा लागे ।

यति हुँदाहुँदैमा पाण्डवहरूका गुप्तवासका दिन पनि पूरा भए । यसैबीचमा एक दिन राजसभामा आनन्दपूर्वक बसेका राजा विराटसँग एउटा गोठालाले आएर भन्यो, "महाराज ! सरकारका दक्षिणतर्फको गोठ त्रिगर्तेश सुशर्माद्वारा लुटियो । उससँग हाम्रो केही चलेन । हामी सबैलाई जितेर सुशर्माको फौजले

गाई लग्यो । सारा गोठ शून्य भइरहेछ । हाम्रा प्रधान सेनापति कीचक मरेपछि यस मत्स्यप्रदेशको प्रथमतः भएको पराभाव यही हो । आफ्ना गोधनको रक्षा गरिबक्सियोस् ।"

गोठालाको मुखबाट आफ्नो गोठ हरिएको समाचार सुन्दा क्षत्रियाभिमानी राजा विराटलाई सहिनसक्नु भयो । उनी उसै बेला गुप्त पाण्डवहरू र अनेक रथी, पदाति आदि सैन्य लिएर हात्तीका शरीरमा बजेका घण्टका आवाजले सारा दिशालाई गुञ्जायमान गराउँदै शहरबाट निस्के । यो खबर त्रिगर्तेश सुशर्माका फौजमा पुग्यो । उनीहरू पनि सङ्ग्रामका निमित्त तयार भए । दुवैतर्फका फौजको भेट हुनासाथ तुमुल युद्ध भयो । विराटका सूर्यदत्त, शङ्ख, मदिराश्व आदि अनेक शूरवीरहरूले सुशर्माका सेनामा आफ्नो अतुल पराक्रम देखाए । युद्ध हुँदाहुँदै सूर्यास्त भयो । छटाछट काटिएका भटहरूका शिर जमिनमा गिरेको आवाजसिवाय रणभूमिमा अरू शब्द सुनिन छोड्यो । यसैबीचमा चन्द्रोदय पनि भयो । सारा रणभूमि प्रकाशमान देखियो । यसै मौकामा भाइसहित सुशर्माले बडो फूर्तिका साथ लडेर राजा विराटलाई पक्रे । उनलाई बडो हर्षका साथ सुशर्माका सिपाहीहरूले बाँधेर शिविरतिर दौडाए ।

राजा विराटलाई शत्रुका वशमा परेको देखेर युधिष्ठिरले भीमसँग भने, "भाइ ! हेर, हामीले वर्ष दिनसम्म आपत्का समयमा जसको आश्रय गऱ्यौं, जसको अन्नपानी खाएर आफ्नो गुप्तवास पूरा गरिसक्यौं, आज उनै राजा विराट शत्रुका वशमा परेका छन् । यस बेला हामीले चुप लागेर बस्नु कृतघ्नता प्रकट गर्नु हो । यसनिमित्त उनलाई हामीले शत्रुबाट छुटाउनुपर्दछ । यसमा तिमी नै अग्रसर होऊ । भाइहरूलाई लिएर झटपट जाऊ, ढीलो गर्ने समय छैन ।"

दाज्यूका आज्ञाअनुसार भीमसेन भाइ नकुल र सहदेवका साथ विराटलाई लैजान लागेका मानिसहरूका उपर जाइलागे । उनीहरूको भारी युद्ध पऱ्यो । उसमा भीमले एक हजार सात सय सुशर्माका फौजको कत्तल गराए । नकुल र सहदेवले पनि हजारौं फौजलाई यमपुरीको बाटो देखाइदिए । यति गरेर साहसी वीर भीमले सुशर्माको रथ र सारथिसमेतलाई चूर्ण गराएर उनका हातबाट विराटलाई छुटाए । सुशर्मालाई पनि जमिनमा गिराएर उनको शिरमा दुईचार लातसमेत चखाए । अन्तमा उनले सुशर्मालाई दाज्यू युधिष्ठिरकहाँ लगेर मार्न खोजे, तर युधिष्ठिरका आज्ञाले उनलाई भीमले मार्न पाएनन्; खालि उनले "म तिम्रो दास हुँ" भन्ने गराएर सुशर्मालाई छोडिदिए ।

त्रिगर्तेश सुशर्मा लाजले उँधोमुण्टो लगाएर आफ्ना घरतिर फर्के । उता विजयलाभ र शत्रुका हातबाट छुटाइपाउनाले अत्यन्त हर्षित भएका राजा विराटले युधिष्ठिरसँग भने, "कङ्कजी ! तपाईं र तपाईका साथी बल्लभादिको सहायताले म शत्रुका हातबाट छुटें । गोधन पनि फिर्ता भयो । म विजयी भएँ । यो मेराउपर तपाईंहरूले ठूलो उपकार गर्नुभयो । यसको बदलामा म के चढाऊँ ? तपाईंहरूलाई जो इच्छा छ सो मबाट लिनुहोस् । यदि राज्यै चाहिन्छ भने पनि खुशीसाथ अर्पण गर्दछु ।" विराटका कुरा सुनेर युधिष्ठिरले भने, "महाराज ! तपाईंका निगाहाले हामीलाई सब कुरा पूर्ण छ । तपाईंका यस उदारोक्तिले नै हामी कृतार्थ छौं; अरू हामीलाई केही चाहिँदैन ।"

पाण्डवका औदार्यसम्मत कुराले राजा विराट प्रसन्न भए । उनी उनीहरूका साथ एक रात त्यही ठाउँमा बसे । सो विजयवार्ता विराटका शहरमा पनि फैलियो । यसै बेला अनेक उत्सव हुन थाले ।

उता सुशर्मासँगको युद्धमा विजय पाएर राजा विराट फर्केका थिएनन् । दरबारको हेरविचारका निमित्त केवल राजकुमार उत्तर मात्र बसेका थिए । भोलिपल्ट सबेरै उत्तर प्रान्तका गोठको एक गोठालाले उनीसँग आएर एकान्तमा विन्ती गऱ्यो, "राजकुमार ! हजुर महाराजका अत्यन्त प्रिय पुत्र हुनुहुन्छ । हजुरलाई देख्दा उहाँलाई यस्तो अभिमान पैदा हुन्छ कि मेरो पुत्रभन्दा वीर कोही पनि छैन । अहिले बुबा सारा वीर पुरुषका साथ सुशर्मासँगको युद्धमा लाग्नुभएको छ, यहाँ हजुरबाहेक अर्को कोही छैन । महाराज उतातिर अलमलिएको मौका पारेर वीर राजा दुर्योधन हाम्रा उत्तरतर्फका गाई र यशसमेत हरण गर्न लागेका छन् । उनका सवारीमा हात्ती र धूलाले गर्दा आकाश र जमिनको पत्ता छैन । दिशा पनि चमरमय देखिन्छन् । उस्ता सर्वशक्तिमान् राजा दुर्योधनका सामने पर्ने पुरुष यहाँ कोही छैन । हजुरले आफ्नो गोधनको रक्षाका निमित्त प्रस्थान गर्नुपर्ने भयो । अहिलेसम्मा उनीहरूले गोठै रित्तो गराएहोलान्, बेर गर्ने समय छैन ।"

गोष्ठ-पतिका उपरोक्त कुरा सुनेर राजपुत्र उत्तरले आफ्नी माताका सामने भने, "मेरापछाडि कौरवराज जेसुकै गरुन् । अहिले म यहीं छु, सिंह साम्ने नपरुन्जेल स्यालले फूर्ति देखाउनैपर्दछ । जब म उनीहरूलाई आफ्नो अतुल पराक्रमद्वारा आकुल गराउँला अनि उनीहरू जान्नेछन् कि उत्तर कस्तो रहेछ ? परन्तु के गरूँ ? अहिले म सुहाउँदो सारथि नै यहाँ छैन । मेरा रथ कसले चलाउँछ ?"

राजकुमार उत्तरको साहस देखेर सैरन्ध्री द्रौपदीले भनिन्, "हजुरकी बहिनीका गुरु बृहन्नला पनि कहिलेकाहीं गाण्डीवधनुर्धारी अर्जुनका सारथि बन्दथे । उनी

साँरथिको काम बेस जान्दछन् । अहिले उनै मात्र यहाँ छन् । हजुरको मर्जी भएपछि उनी यस कुरामा नाइँ भन्नेछैनन् । सारथिविना सवारी अड्कँदैन । यसमा उत्तराद्वारा उनलाई सारथि बनाउन प्रार्थना गर्नुहोस् । उनैबाट हजुरको यो काम हुनेछ ।"

द्रौपदीका यी कुरा सुन्नासाथ उत्तराद्वारा बृहन्नलालाई झिकाई सबै लडाइँको कुरा सम्झाएर सारथि हुने प्रार्थना गरे । अर्जुन पनि त्यस काममा सहमत भए । प्रस्थानको समय भएपछि उत्तराले बृहन्नलासँग भनिन् :

कौरवादिकन शीघ्र जितेर !
रंगिचंगि कपडा बटुलेर ॥
सम्झि ल्याइदिनुपर्छ मलाई !
खेलुँला पुतली बेस बनाई ॥

उत्तराको यो कुरा सुनी उनलाई उचित उत्तरले प्रसन्न गराउँदै अर्जुनले राजकुमार उत्तरको रथ हाँके । उनले हाँकेको रथ केही बेरमा पाण्डवले आफ्ना हातहतियार लुकाएको शमी वृक्षका समीपमा पुगेर अडियो । क्षणभर त्यहाँ बसेर बृहन्नलारूप अर्जुन र उत्तरकुमार दुवै जनाले चारैतर्फ नजर फिराए । नगिचै कौरवका सेना डटिरहेको थियो । उसमा नङ्गी तरबारका र मानपूर्ण वीरका मुकुटमा जडिएका रत्नहरूले अपूर्व शोभा भइरहेको थियो । अश्वत्थामा, द्रोण, कृप, कर्ण इत्यादि महारथि वीरहरूको धनुको टङ्कार र सैन्यका कोलाहलले दशैदिशा व्याप्त थिए । हात्तीका गण्डस्थलमा घसेका सिन्दूरले सन्ध्याको भान गराउँथ्यो । तेजी घोडाका खुराघातले पृथ्वी छिन्नभिन्न भएकी थिइन् । यस्तो अद्भुत कौरवसैन्यको शोभा देखेर डरले थरथर काँप्दै उत्तरले भने :

बृहन्नले ! हुन्छ मलाई दैन्य
देखेर यो कौरवराजसैन्य ।
द्वीपेन्द्रका दुःसह कर्णताल-
द्वारा म देख्छु दशदिक् कराल ॥
प्रचण्ड माध्याह्निक सूर्यतुल्य ।
कृपाणदावानलदुर्निरीक्ष्य !
शरावलीरूप महान्धकार ।
प्रच्छन्न सैन्याटवि यो अपार ॥
यहाँ बिचारो मृततुल्य जीव ।
म के, गरूँला ? डरछू अतीव ॥

अङ्गै कसोरी रथ यो फिराऊ ।
बचिन्न हे वीर ! कसै नजाऊ ॥

उत्तरका अत्यन्त कातर वचन सुनेर मुसुक्क हाँसी बृहन्नलाले भने, "राजपुत्र ! तपाईं जस्तो क्षत्रियले यस्ता वीरताहीन कातर वाक्य निकाल्नुहुन्छ? सङ्ग्रामरङ्गको भङ्गमा के तपाईं जस्ता पुरुषले लाज मान्नुपर्दैन ? मानिसले कीर्तिको उपेक्षा गरी बाँच्नुको अपेक्षा गर्नु मूर्खता हो । कहाँ कल्पान्तस्थायी कीर्ति, कहाँ यो विद्युच्चपल अस्थिर जीवन ? सङ्ग्राममा तीक्ष्ण शस्त्रद्वारा पवित्र नभएका पुरुषहरूले मन्दमारुतान्दोलित कल्पवल्लीकुसुमका सुगन्धले सुवासित नन्दन वनमा बस्न कदापि पाउँदैनन् । यस कुरालाई मनमा राखेर तपाईंले सङ्ग्राममा प्रवृत्त हुनैपर्छ । फेरि यता आउने बेलामा मुमा र बहिनी उत्तराका अगाडि तपाईंले के प्रतिज्ञा गरेको थियो ? त्यस प्रतिज्ञालाई भङ्ग गराउन खोज्नु के यो अत्यन्त लज्जास्पद होइन ?

घरको बाघ, वनको स्याल भन्ने कुरा यहाँ ।
घटेको स्पष्ट देखिन्छ, राजपुत्र तिमीमहाँ ॥

अर्जुनका यस्ता शौर्यपूर्ण वचनले पनि उत्तरको कातर हृदयलाई उत्साहित गराउन सकेन । उनी झन् डरले थरथर काँपै हातमा लिएको धनुसमेत छोडी भन्न लागे, "जो शरीर नाशेर कीर्तिको खोज गर्दछन् तिनीहरूलाई र त्यस मूलनाशक कीर्तिलाई समेत धिकार छ । त्यो के कीर्ति हो, जो आफूले सुन्न देख्न पनि पाइँदैन । यो त मरेका मानिसलाई सुवर्णकमलको माला लगाइदिनु जस्तो हो । सङ्ग्रामको चर्चा चलेको बेलामा घरमा बसी स्वास्नीका अगाडि जुँघामा ताउ दिनु बेग्लै कुरा हो । शस्त्रअस्त्रका चोटको केही परवाह नगरी शत्रुसँग लड्नु बेग्लै कुरा हो । ज्यान बचे अर्के लाभ । भीष्म, द्रोण, कर्ण, कृप यिनीहरूसँग शस्त्रास्त्रले सज्जित भई लड्ने कुन बहादुर हो । जुन वीरहरूका अगाडि बज्रधारी इन्द्र पनि सहसा अड्न सक्तैनन् उस्ताको सामना गर्नु साधारण कुरा होइन ।"

राजकुमार उत्तर यस्तै कातरताले भरिएका कुरा गर्दै ओठ मुख सुकाएर स्थबाट ओर्ली पैदल भाग्न थाले । त्यो देखेर अर्जुन पनि रातो सारी वंशदण्ड हल्लाउँदै उनका पछि लागे । उनको त्यो विचित्र रूप देखी सङ्ग्रामचर्चा छोडेर कौरवहरू खित्का छोडी हाँस्न लागे । तिनीहरूमा द्रोण, भीष्म आदि विचारवान् पुरुषले भने, "यो प्रलम्बबाहु मत्तमातङ्गामी स्त्रीवेषधारी व्यक्ति अवश्य अर्जुन हो; यसले निज शरद्वारा विषको घडा फोरी हामीलाई बेहोस गराउनेछ ।" यता यिनीहरू यस्तै तर्कवितर्क गर्दै थिए, उता

अर्जुनले उत्तरलाई टुपीमा समाती घिसार्दै ल्याएर रणक्षेत्रमा सम्मुख गराए । यो देखेर उत्तरले भने, "बृहन्नले ! मलाई छोडिदेऊ, जनी गर, म तिमीसँग जीवनदान माग्छु ।"

उत्तरको भीरुता देखी अर्जुनलाई हाँसो उठ्यो । उनले हाँसेर भने :

राजपुत्र ! भय मान्नुहुँदैन
आज युद्ध नगरी फिर्दिँदैन ।
पार्थतुल्य म छँदैछु तयारी
आउँला सकल कौरव मारी ॥

राजपुत्र उत्तरलाई यसरी उत्साहित गराएर अर्जुनले फेरि भने, "राजकुमार ! तिम्रा शत्रुलाई भगाउने भार मैले शिरमा लिएको छु । तिमीले डर मान्नुपर्दैन । पहिले तिमी यो शमीको रूखमा चढ । यहाँ मेरो बाहुलाई योग्य पाण्डवका हतियार राखेका छन्, ती लिएर आऊ । शमीका हाँगामा एउटा मुर्दा झुण्डाएको छ । त्यसदेखि नडराए, यो मुर्दा होइन, केवल माया हो । जाऊ, बेर नगर ।" अर्जुनका यी कुरा सुनेर उत्तर शमी वृक्षमा चढे । त्यहाँ सुनका बुट्टा भएका हतियार बडा जतनसँग एक हाँगामा बाँधिराखेका थिए । ती हतियार देख्नेबित्तिकै दीर्घ निःश्वास लिएर उत्तरले हडबडका साथ भने, "यी ता साँच्चै पाण्डवका हतियार रहेछन् । हाय ! ! उस्ता इन्द्रतुल्य पराक्रमी उनीहरू आजकल कहाँ होलान् ? जसका अगाडि कस्तै धनुर्धारीको पनि शिर नीचो हुन्थ्यो उस वीरहरूको आज पत्तै छैन ।"

उत्तरको पाण्डवउपर भक्ति र सहायताको आकाङ्क्षा देखी अर्जुनले भने, "पाण्डवको खोजी तिमीलाई किन चाहियो ? उनीहरू टाढा छैनन् । यदि उनीहरूको वृत्तान्त जान्नको इच्छा छ भने सुन । तिम्रा घरमा बसेका जो कङ्क छन् ती युधिष्ठिर हुन् । भान्से बल्लभ भीमसेन हुन् । अर्जुन मै हुँ । गोठका र तबेलाका अध्यक्ष जो हुन् ती नकुल र सहदेव हुन् । अब मलाई चिन्हिहाल्यौ । तिमीले हडबडाउने काम छैन । खालि मेरा शस्त्रले काटिएको रास र रगतको खोलो हेरिरहू । अब म तिमीलाई केही प्रयास गर्न दिनेछैन । यस कातरपनालाई छोडिदेऊ ।"

अर्जुनका कुरा सुनेर उत्तर हर्षले गद्‌गद भए । उनी खुशीसाथ रथ हाँक्न लागे । अर्जुनले रथमा बसी धनुको टङ्कार गर्न लागेको सुनेर कौरवको र उत्तरको मन थरथर काँप्न लाग्यो । उत्तर त्यस धनुका टङ्कारले एकछिन मूर्छितसमेत भए । अर्जुनले तिनलाई सचेत गराएर फेरि धनुको टङ्कार गरे ।

यसबीचमा द्रोणले उच्च स्वर गरी सारा सैन्यका अगाडि दुर्योधनलाई भने, "महाराज ! आजका लडाइँको मेलो ठीक देख्तिनँ । चारैतर्फ स्यालहरू घुम्न

लागेका छन् । यिनलाई देख्दा मलाई डर लाग्दछ । यिनीहरू थोरै कालमा अवश्य कौरवलाई कवलित गर्नेछन् । यो हामीसँग लड्न आएको अरू कोही होइन । साक्षात् अर्जुन नै हुन् । किनभने हेर्नुहोस्, ध्वजामा हनुमान् छन्, यो धनुको टङ्कार पनि आश्चर्यको छ । गाण्डीव धनुबाहेक अरू धनुको यस्तो टङ्कार अद्यापि मैले सुनेको छैन । यस टङ्कारबाट नकाँप्ने यस फौजमा कोही पनि होओइन । नजर होस्, यी बाण कस्तो बेगले आएका छन् । मानौं पाण्डवले वनवासको दुःख सकेर सुस्केरा हालेको हो कि भनेझैं फुत्कार निकाल्न लागेका छन् ।"

द्रोणका उपरोक्त कुरा सुन्दा दुर्योधनका कन्सिरी ताते । उनका नगिचमा भीष्म थिए । उनीतिर फर्की उनले भने, "पितामह ! हेर्नुहोस्, यो हाम्रो लडाइँ कससँगको हो ? यसमा पाण्डवको सम्बन्ध हुने सम्भवै छैन । के अर्जुन जहाँ चितायो उहीं निस्कने ईश्वर हो ? अथवा कोही तरह निस्किहालोस् त्यसले हाम्रो के क्षति ? बरु प्रतिज्ञा पूर्ण नगराई निस्कनाले उसलाई फेरि वनवास गुप्तवास गर्नुपर्ला । गुरुज्यूले भने बराबर उसैको तारिफ गर्नुहुन्छ । धन्य शिष्यबल्लभता ? गुरुजी ! तपाईंले कौरवका धनुको ध्वनि सुन्नुभएको थिएन ? सबै कौरवका धनुको यस्तै ध्वनि ता निस्कन्छ । तपाईंलाई लडाइँको व्यवस्था यादै रहेनछ । त्यसैले शस्त्रास्त्र चलाउने बेलामा शत्रुको तारिफ गर्नुहुन्छ । अबदेखि करुणानिधि तपाईंले लडाइँको सल्लाहमा सामेल हुनुपर्दैन । यस बखतका उपदेशक तिनै ठहरिन्छन्, जो शत्रुका गर्धनमा तरबार बजार्दछन् । यस बेला गुरुजीसँगको सल्लाह काम लाग्दैन । खालि यज्ञयागादिका विषयमा मात्र उहाँको उपदेश उपयुक्त हुन्छ । यो ता रणयज्ञ हो । यसका उपदेशक अरू नै छन् ।"

दुर्योधनका कुरा सुनी कर्ण पनि गर्जन लागे । यसै बेला भीष्मले पनि अघि सरेर भने, "द्रोणजीको कुरा ठीक हो । पाण्डवहरूको जतिसम्मको प्रतिज्ञा थियो उति काल बितिसक्यो । तीन महिना बढ्ता पनि भयो । पाण्डवले आफ्नो सत्यप्रतिज्ञा पूरा गरे । यो सेता घोडा लागेको कपिध्वज रथमा आएका पक्का अर्जुनै हुन् । यसमा सन्देह छैन । अझ पनि सन्धिको अवसर छँदैछ, मौका नचुक । यसो गर्नाले तिम्रो राज्यलक्ष्मीमा धक्का लाग्नेछैन ।" भीष्मका यस कुराले पनि दुर्योधनका मनमा पत्यार परेन, उनले केही गरे पनि आफ्नो हठ छोडेनन् ।

केही बेरपछि भीष्मले सैन्यमा यो उर्दी दिए, "वीरहो ! लड्न तयार होओ । आज हामीले महापराक्रमी अर्जुनका साथ लड्नुपर्नेछ । उनले हतपती गाई फर्काउन नपाऊन्, प्रथमतः चौथाई सेनाले आफ्ना गाई शहरमा पुऱ्याउनुपर्दछ ।

विवादको मूलको राम्ररी रक्षा गर्नु नै विद्वता हो । राजाको रक्षा गर्नु नै विजयको रक्षा गर्नु हो । यसकारण महाराज दुर्योधनले गाईलाई लिएर आफ्ना दरबारमा जानु योग्य छ । उनले यहाँ बस्नु सर्वथा उचित छैन ।"

दुर्योधन भीष्मका आज्ञाअनुसार गाई लिएर आफ्ना दरबारमा जान लागे । सो देखी अर्जुनले केही हाँसी उत्तरलाई भने, "राजपुत्र ! यो रथ चाँडै दुर्योधनका नगिचमा पुऱ्याऊ । किनभने उनले हाम्रा गाई आफ्ना देशमा लैजान लागे । विवादमूललाई छोडेर यहाँ लडाइँ गर्नु नीतिवेत्ताको काम होइन ।"

अर्जुनका कुरा सुनेर राजपुत्र उत्तरले पनि दुर्योधन भएतिर रथ बढाए । त्यसरी अर्जुन दुर्योधनतर्फ गएको देखेर भीष्म, द्रोण, कृप आदि वीरले उनलाई बीचैमा रोके । उनीहरूको फौज पनि एकट्ठा भयो । यो देखी अर्जुनले शङ्ख बजाए । त्यसका आवाजले सबै काँप्न लागे । हात्ती, घोडा, गाई, भैंसी पनि सबै तर्सेर दौडन लागे । फेरि अर्जुनले गाण्डीव धनुको टङ्कार गरे । त्यस शब्दले झन् तर्सेका गाई, भैंसीहरू जहाँको तहीं पुगेको देखेर दुर्योधन अत्यन्त लज्जित भए । उनलाई फेरि गाई फर्काउने साहस पनि भएन । यसै बेला कौरवका वीरमाथि अर्जुनले बाणको वृष्टि चलाए । त्यस वृष्टिले गर्दा आकाश जमिन अन्धकारमय भयो । तिनै बाणले काटिएका वीरहरूका रगतले हात्तीहरू तलाउमा पसेझैं भए । उनीहरू वीरका टाउकालाई कमल ठानी सूँड फैलाउँदै टिप्न लागे ।

यसैबीचमा अर्जुनले एक बाण हानेर कर्णानुज सङ्ग्रामजितको शिर काटिदिए । आफ्ना भाइको मरण देखेर स्वयम् कर्ण क्रुद्ध हुँदै अर्जुनका उपर बाणको वर्षा गर्न लागे । अर्जुनले पनि कहिले भेट्टाउँला भनी खोजिराखेको कर्णलाई देख्नासाथ उत्कण्ठापूर्वक गाण्डीवबाट छुटेका शरद्वारा उनलाई आहत गराए । ती दुई वीरका धनुका टङ्कारले सारा फौज बेखबर भए । उनीहरूले लड्ने भिड्ने कुरा पनि बिर्से, अर्जुनले कर्णलाई बाणद्वारा छिया-छिया पारिदिए । कर्णको केही चलेन । उनी केही हटे । सो देखी कृप अगाडि सरे । उनलाई पनि अर्जुनले घोडा र रथसमेत चूर्ण पारी विरथ गराए । उहाँपछि द्रोण अघि सरे । उनलाई देख्नेबित्तिकै अर्जुनले अगाडि सरेर विन्ती गरे, "गुरुजी ! मैले धनुर्विद्या जति जानेको छु सो हजुरकै कृपाले जानेको हुँ, यसकारण हजुरका उपर बाण छोड्न यो गाण्डीव धनु सङ्कोच मान्दछ ।" अर्जुन यति कुरा गर्दै थिए द्रोणले केही हाँसेर बाणको वर्षा गरिहाले । अब अर्जुनलाई केही बाधा रहेन । उनी आफ्ना बाणले द्रोणका बाणलाई बीचैमा काटेर गिराउन थाले । तिनीहरूको युद्ध विचित्र देखियो । द्रोणका बाणले आकाश-जमिन ढाकिदियो । अर्जुनका बाण जाने ठाउँ नै रहेन । फेरि ती दुई

जनाको दिव्यास्त्रद्वारा भारी लडाइँ भयो । केही बेरपछि अर्जुनका बाणले छोपिएर द्रोण नदेखिने भए । तिनको त्यो अवस्था भएपछि अर्जुनले सेनातर्फ शरको वृष्टि छोडेर सारा सैन्यलाई छिन्नभिन्न गराए ।

आफ्ना बाबुलाई अर्जुनले बाणद्वारा ढाकिएको देखी अश्वत्थामा उनका उपर जाइलागे । तिनीहरूको घनघोर सङ्ग्राम भयो । उसमा फलानो हो भनी पहिचान्न पनि कसैले सकेनन् । द्रोणको अस्त्र सकियो, अर्जुनको अस्त्र भने जतिका तति रहे । सो देखी कौरवहरूले गाडाका गाडा बाण ल्याइदिए । द्रोणले फेरि तिनै बाण पनि सिध्याए । उनलाई जति बाण ल्याइदिए पनि पुगेन । ती बाणमध्ये एउटाले पनि अर्जुनको देहमा आफ्नो प्रभाव देखाउन सकेन । यस्ता हिसाबले द्रोणसँग लडेका अर्जुनलाई देखेर फेरि कर्ण अघि सरे । उनी आफ्ना धनु घुमाउँदै ताँदाको टङ्कार गर्न थाले । अर्जुन पनि सो टङ्कार सुनी कर्णतिर छुटे ।

दुई जनाको मुठभेड भयो । त्यस बेला अर्जुनले हाँसेर भने, "कर्ण ! केही पराक्रम छ भने बेला यही हो, देखाऊ । जस्तो कुक्कुर जति कुटेर धपाए पनि भुकेर आइलाग्न छोड्दैन उसै गरी बारम्बार तिमी पनि आइलाग्छौ । यो ता जुवा होइन । ऐश्वर्यमत मूर्ख बालक राजा दुर्योधनका सहाराले अघि जुन फूर्ति छाँट्थ्यौ, सो फूर्ति देखाउने ठाउँ यही हो । यहाँ मुखका फूर्तिले मात्र केही हुँदैन । यहाँ आजसम्म अभ्यास गरेका अस्त्रविद्याको शक्ति देखाउनुपर्दछ । यस सभामा ता अलिकति तलमाथि पऱ्यो भने ज्यानको खतरा हुन्छ । यहाँको सभासद् उस बेलाका जस्ता छैनन् । यो कुरा विचार राख । हवेलीमा बसेर प्याला पिउँदा जुन कुरा गरेथ्यौ सो सबै यस बेला पूरा गर्नुपर्छ ।

उक्त कुरा गर्दागर्दै अर्जुनलाई शौर्यमदले उचाल्न थाल्यो । उनले धनुमा ताँदो चढाए । सो देखी कर्णले पनि धनु उठाएर भने, "डरछेरुवा लुतेको यस्तै मुखले बकबक गर्ने बानी हुन्छ । तिमी पहिल्यै सभामा जितिएका थियौ । अहिले पनि विजयी हुन पाउनेछैनौ । हेर मेरो फूर्ति" यति भन्दै कर्णले बाण छोडिहाले । दुवैको तुमुल युद्ध हुन लाग्यो । त्यो घमासान युद्धमा अर्जुनले कर्णलाई थिलथिलो गराए । त्यो देखेर उत्तरकुमार खित्का छोडी हाँस्न लागे ।

यसैबीचमा अर्जुनले उत्तरलाई भने, "राजपुत्र ! अब यो रथ भीष्मकहाँ पुऱ्याऊ ।" यो सुनी उत्तरले भने, "अहिले रथ उहाँ पुऱ्याउने सामर्थ्य छैन । चारैतर्फका बोसो र रगतका गन्धले, गाण्डीवका टङ्कारले र दिव्यास्त्रका झमकले मेरा सबै इन्द्रिय शिथिल भइरहेछन् ।" उत्तरको कातरपना देखी अर्जुनले उनलाई वीर वचनले उत्साहित गराएर रथ हाँक्न लगाए ।

अर्जुनका आज्ञाअनुसार उत्तरले कठिनसाथ रथ भीष्मका सामने पुऱ्याएर अड्याए । उहाँ पुगेर पराक्रमी अर्जुनले वीर पितामहको राज्यलक्ष्मी बराबर रत्नपूर्ण र अभिमानी वीरको मान जस्तो ध्वजा सहसा काटिदिए । सो देख्ता लड्न आएका राजाहरू सबै डराए । उहाँपछि दुःशासन आदि दुर्योधनका भाइ र अरू राजाहरूले चारैतर्फबाट घेरेर अर्जुनलाई छोपे । अर्जुनले पनि बाणको वृष्टिद्वारा ती सबैलाई तितरवितर गराइदिए । यो देखेर सबका मनमा यो कालले देखाएको इन्द्रजाल हो भन्ने भान हुन थाल्यो ।

अर्जुनका अद्भुत पराक्रमको चमत्कार अद्भुतै देखिन्थ्यो । उनले गिराएका चमर पङ्खा, पगरी, छाता इत्यादिका र हात्ती र राजाहरूका टाउकाका रासले सारा रणभूमि गैरिकपर्वत जस्तो देखिन लाग्यो । रगतको खोलो पनि बग्न लाग्यो । त्यस ठाउँमा जम्मा भएका स्याल, गिद्धहरूले पेट भर्न थाले ।

अर्जुनले वनवासको दुःख पोखेको हो, अब यहाँ हाम्रो जित बाजी हुन कठिन छ । उनको यो क्रोधाग्नि कौरववनलाई भस्म नगराई शान्त हुन मुस्किल छ । यस्तो विचार गर्दै बाँकी रहेका सबै सेना भाग्न लागे । यसैबीचमा फेरि अर्जुनको र भीष्मको भारी लडाइँ पऱ्यो । अर्जुनले भीष्मको जन्मभर आर्जेको यश जस्तो सेतो छाता काटी गिराए । सो देखी फेरि एकट्ठा भएर धेरै राजाहरू उनका उपर जाइलागे । अर्जुनले पनि तिनीहरूका उपर चित्ररथ गन्धर्वबाट पाएको मोहनास्त्र प्रयोग गरे । त्यसले गर्दा सबैलाई एक प्रकारका मोहले ढाके जस्तो भयो । कसैको हात पयरसम्म पनि चल्न सकेन । यही मौकामा अर्जुनले जितबाजीको शङ्खध्वनी गरे । परिभूत कौरवका फौजले पनि आफ्ना अभिमानको साथसाथै हतियार फ्याँकिदिए ।

यसैबीचमा अर्जुनले उत्तरकुमारलाई भने, "राजपुत्र ! आऊ, अब कौरवका फेटा पगरी जेजे चाहिन्छ बटुली ल्याऊ । उत्तरालाई सौगात लैजानुपर्छ । यो सुवर्णभैं टल्कने कर्णको फेटा पनि ल्याऊ । एक भीष्म जागा हुनुहुन्छ, उहाँको छोडेर जस जसको जे जे लिनुपर्छ, लेऊ ।" अर्जुनले यति भनेपछि उत्तरले सबैका राम्रा राम्रा कपडा बटुलेर रथमा जम्मा गरे । त्यहाँपछि अर्जुनका आज्ञाअनुसार उनले आफ्नो रथ बढाए । सो देखी पछिबाट भीष्मले बाणको वृष्टि छोडे । अर्जुनले पनि उनले छोडेका बाण र उनका घोडासमेतलाई तिलबराबर गरी काटी गिराएर केही नटेरी सरासर आफ्नो बाटो लिए । यसै बीचमा दुर्योधनसमेत भएर अर्जुन ! कहाँ जान्छौ ? भन्दै पछि लागे । अर्जुनले किरीट गिराई आफू सरासर अगाडि बढे । त्यस बेला फेरि अर्जुनलाई फर्काउने सामर्थ्य कसैको भएन । सारा कौरवहरूले चूक खाए जस्तो मुख गरी आफ्नो बाटो लिए ।

यता सुशर्मालाई जितेर आएका राजा विराटले उत्तरकुमारको वृत्तान्त सुनेर, "त्यस्ता महारथीका सामने मेरा छोराको के गति भयो होला ?" भनी ठूलो शोक प्रकट गरे । उनी यस्तै अनेक तर्कवितर्क गर्दै थिए त्यसै बेला कुनै दूतले राजसभामा आएर विन्ती गऱ्यो, "राजकुमारले भीष्म आदि सबैलाई जितेर गोधन फिर्ता गराइबक्सियो ।" यो कुरा दूतका मुखबाट सुन्दा विराटलाई अत्यन्त हर्ष भयो । उनले उत्तिखेरै आफ्ना राजधानीमा भारी उत्सव गराउने हुकुम दिए । आफू पनि हर्षपूर्वक युधिष्ठिरसँग पासा खेल्न लागे । खेलको प्रसङ्गमा राजा विराटले आफ्ना पुत्रको पराक्रमको प्रशंसा गर्दै युधिष्ठिरसँग भने, "कङ्क ! हेर मेरो बालक छोरो पनि क्या पराक्रमी रहेछ ? जसले उत्रा महारथीहरूलाई पनि परास्त गरेर आफ्नो गोधन फिर्ता गरिहाल्यो । धन्य महापराक्रमी उत्तर !" राजाले यसरी छोराको प्रशंसा गरेको सुनी युधिष्ठिरले भने, "महाराज ! बृहन्नला ता जसको सहाय छन् त्यसलाई त्यस्तो जाबो जितबाजीको के परवाह छ ?"

यो कुरा सुनेर आफ्नो पुत्रको तिरस्कारले क्रुद्ध भएका विराटले "बृहन्नला सहाय हुनाले नै मेरा छोराले जितबाजी पाएको होला ?" भन्दै सहसा हातमा लिएका पासाले युधिष्ठिरको नाकमा हाने । उनका नाकबाट रगतका धारा बग्न लाग्यो । सो रगत थाप्नका निमित्त युधिष्ठिरले पछिल्तिर हेरे । उनको आशय बुझेर झटपट सैरन्ध्री द्रौपदीले सुवर्णको पात्रामा त्यो रगत थापिन् । आफूलाई त्यसरी अन्यायमा विराटले रगतको धारा बगाइदिँदा पनि महात्मा युधिष्ठिर कत्ति क्रुद्ध भएनन् । यो महात्माको स्वभावै हो ।

होओस् जहाँसम्म महापमान
परोस् जती कष्ट बितोस्न ज्यान ।
तथापि सच्चा दिलको महात्मा
क्रोधादिले हुन्न कसै दुरात्मा ॥

यत्तिकैमा उत्तरकुमार उहाँ आइपुगे । उनले युधिष्ठिरको नाकबाट रगतको धारा बगेको देखेर "यो के भएको हो ?" भनी सोधे । त्यसको कारण थाहा भएपछि उनले बडो खेद गरेर राजा विराटसँग भने, "महाराज ! हजुरबाट यो जो काम गर्नुभयो सो ठीक भएन, किनभने यो जितबाजी मेरो बाहुबलबाट भएको होइन, कोही महानुभावका सहायले भएको हो । तिनलाई हजुर थोरै कालमा देख्नुहोला ।" छोराको यो कुरा सुनी राजालाई धेरै पश्चात्ताप भयो । उनले युधिष्ठिरलाई प्रार्थना गरी शान्त गराए ।

राजा विराट पश्चात्ताप गर्दैथिए । उनलाई युधिष्ठिरले भने, "महाराज ! धन्दा नमान्नुहोस्, केही बिग्रेको छैन । यदि मेरो रगत जमिनमा परेको भए बडो बिगार हुने थियो; किनभने मेरो रगत जुन ठाउँमा गिर्दछ, त्यो राष्ट्र शीघ्र नष्ट हुन्छ । यसउसले तपाईंको हानि होला भनी मैले यो रगत जमिनमा पर्न दिइनँ । तपाईं हाम्रा परमाश्रय हुनुहुन्छ । तपाईंको अनिष्ट हामीले कदापि गर्नु हुँदैन ।"

यति कुरा गर्दागर्दै अर्जुन पनि आइपुगे । उत्तरद्वारा उनको हाल राजा विराटलाई पहिले नै ज्ञान भएको थियो । उनले पाँचै भाइलाई जम्मा गरेर ठूलो आदर गरे । आफूले गरेका भूलचूकको माफी पनि गराए । गुप्तवास पूरा भइसकेको हुनाले पाण्डवहरू त्यसै दिनदेखि विराटका घरमा प्रकट भए ।

राजा विराटलाई अघिको कामले आनन्द र पछिका कामले ठूलो खेद भयो । उनले आफ्नो अपराधको बदलाका निमित्त अर्जुनलाई "मेरी छोरी उत्तरासँग विवाह गर्नुहोस्" भनी धेरै प्रार्थना गरे । राजाको यो आग्रह देखेर अर्जुनले भने, "राजकुमारी उत्तरालाई मैले नाचगान सिकाएको छु; यसउसले म उनलाई छोरी बराबरै सम्झन्छु । यसैले म उनीसँग विवाह गर्दिनँ । हजुरको यसमा आग्रहै छ भने मेरा छोरा अभिमन्युसँग उनको विवाह होस् । यसैले म कृतार्थ छु ।" यस कुरामा राजा विराट पनि सहमत भए । उत्तराको र अभिमन्युको ठूलो उत्सवसाथ विवाह भयो ।

॥विराटपर्व समाप्त॥

□□□

उद्योगपर्व

अभिमन्युको विवाहमा देशदेशका राजाहरू जम्मा भएका थिए । उनीहरू सबैको राजा विराटको दरबारमा ठूलो सभा जमेको थियो । त्यस सभामा वृष्णिवंशीहरू र पाञ्चाल आदि अनेक भूपालगण विराजमान हुनाले देवताहरूले अलङ्कृत महाराज इन्द्रका सभाको शोभा भइरहेको थियो । त्यस सभामा श्रीकृष्ण र युधिष्ठिर एकै आसनमा बसेका थिए । यसैबीचमा सिंहासनस्थित भगवान् श्रीकृष्णले सारा सभासद्को अगाडि भन्नुभयो, 'यद्यपि यो कुरा सभासद्हरूमा जाहेर छ, तथापि म त्यस कुरालाई पुनरुक्ति गर्दछु एवम् आशा पनि राख्दछु कि यस कुरामा सभासद्हरूबाट उचित सम्मति मिल्ला ! कुरा यही हो कि अघि कौरवहरूले पाण्डवका उपर जो अत्याचार गरे त्यसको परिणाम खराबै निस्क्यो । द्रौपदीको कचग्रहण, पाण्डवहरूको सर्वस्वहरण, उनीहरूको वनवास गुप्तवास आदि अनेक उपद्रव यसैबाट उठे । यस्ता अरूअरू कुराको पनि गिन्ती नै छैन । यसउसले अहिले कौरव र पाण्डवमा जो घोर विरोधबह्नि फैलिन लागेको छ त्यसलाई हामीले शान्त गराउनुपर्दछ । सो शान्त गराउने उपाय सन्धिबाहेक कुनै छैन । हुनेसम्म हामीले यी दुवै पक्षलाई विरोध गर्न दिनु हुँदैन । कारण, यस अन्योन्यका विरोधले दुवै पक्षलाई ठूलो हानी हुने सम्भावना छ । जसरी हुन्छ सन्धि नै गराउनुपर्दछ । हातैले टिप्न सकिने कमलका निमित्त परशु प्रहार गर्नु उचित हुँदैन ।'

श्रीकृष्णको वचन सुनी बलदेवले हलो हल्लाउँदै भने, 'जगद्बान्धव कृष्णले भनेको कुरा ठीक हो । मेरो सम्मति पनि त्यही छ । सामविना सिद्धि केही गरे पनि मिल्न सक्तैन । सामैले साध्य हुने शत्रुलाई मारेर लक्ष्मीका शृङ्गारको दर्पणस्वरूप स्वच्छ यशलाई पश्चात्तापको श्वासमारुतले को मलिन गराउला ? बन्धुजनलाई मारेर ऐश्वर्य बढाउनु काटिएको नाकमा गालाको मासु थोपरेर पूरा गराउनु जस्तै हो । क्रूर कर्मद्वारा अर्जित लक्ष्मी अग्निको ज्वाला जस्तै हुन् । आखिरमा त्यस्ती लक्ष्मी अग्निमा ज्वालाझैं कज्जल कश्मलादि रूपमा परिणत भएर अन्धमय हुन्छिन् । यसकारण जसरी हुन्छ पाण्डवको घरमा कौरव र कौरवका

घर हस्तिनापुरमा पाण्डवहरू आनन्दपूर्वक प्रेमसाथ विचरण गर्ने गराउनुपर्दछ । बान्धवहरूका घरमा परस्पर प्रेमाऽऽलाप गर्ने सुन्दरीजनको प्रेमपात्र हुन भाग्यले मात्र पाइन्छ । सुन्दरी स्त्री मीठो खानपान, सुरासेवन, सितारको मधुर गान र बान्धवहरूका साथको बसउठ यी कुरा खास पुण्य कल्पवृक्षका मीठा फल हुन् । कोशबल र सैन्यबल केही नभएका र सामादि उपाय निष्फल भएका वैरी तथा मरणासन्न मुनष्यहरू मात्र सङ्ग्रामका भन्भटमा पस्तछन् । अरू कुराको केही विचार नगरी सहसा सङ्ग्रामयज्ञमा गएर होमिनु बुद्धिमान्को काम होइन ।"

बलभद्रका उपरोक्त कुरा सुनी तरबारका क्षतले अङ्कित र मुक्ताहारले परिशोभित वक्षःस्थलमा लटकेको सफेद पछेउरालाई बराबर सम्हाल्दै, कोपाञ्चित मुखमण्डलले बिलोल गण्डस्थलमा कुण्डल युग्मलाई हल्लाउँदै सच्चा पुरुषार्थी सात्यकिले भने, "बडो खेद छ, अभिमान-भ्रष्ट भएका मनुष्यमा मुखबाट मात्र यस्ता मृदु वाक्य निस्कन्छन् । मानिनु नै एउटा मात्र औषधि भएका विपक्षका उपर स्नेह राख्नु उदग्र खड्गधाराका उपरको भीरुता प्रकट गर्नु हो । प्रतिष्ठा र भयलाई छिपाएर हितका निहुँमा सामको इच्छा राख्ने यस्ता कातर पुरुषले जिभ्रो चपाएर बोलेको कुरा रणप्रिय जनहरू कदापि सुन्दैनन् । मित्रका अगाडि र मानिनीका प्रणयमा मात्र मृदुतालाई धारण गर्नु र वैरीका अगाडि सदा कडा नै रहनु यो मानी वीर पुरुषको प्रकृतिसिद्ध कुरा हो । म्यानबाट तरबार खिच्न नजान्ने र शत्रुले गरेको अवहेलनालाई बिर्सी याञ्चाद्वारा सन्धिको इच्छा राख्ने यस्ताको श्री काटिदिएको हातको कङ्कण जस्तै हो । मन्त्रीका मन्त्रले मन्युहालाहल छोडेको राजभुजङ्ग सहजैमा परवंश हुन्छ । अतएव मेरो विचारमा कौरवहरूसँग सन्धिको प्रस्ताव गर्नु ठीक छैन । उनीहरूलाई साध्य गराउनका निमित्त अर्जुनका भुजदण्डमा गाण्डीवधनु नै सुशोभित हुनुपर्दछ । रणलक्ष्मीका काटक्ष जस्ता कर्णन्तगामी पक्ष्मल बाणको चोट नपाई कौरवहरू कदापि अनुरक्त हुने छैनन् । उनीहरूसँग सङ्ग्राम नै गर्नुपर्दछ । अहिले क्रोधाग्निका तापले तिर्खाएका यी मेरा शर पनि कौरवको हृदयको रगत नपिई तृप्त हुनेछैनन् । कृष्णाको पराभवमा चुपचाप क्षमाप्रिय भएर रहनाले भएको लाजरूपी रजावृन्दले मुछिएका दुष्ट भीष्म, द्रोण, कृप आदिको अवश्य अब कौरवका शोणितनदी स्नान गर्ने बेला भएको छ, यसकारण अहिलेसम्मको प्रस्ताव उठाउनु बिलकुल मूर्खता ठहरिने छ ।" यति भनी दीर्घ निःश्वासका साथ भयङ्कर रूप धारण गरेर सात्यकि चुप लागे ।

सात्यकिका पूर्वोक्त कुरा सुनेर युधिष्ठिरको प्रतिष्ठा गर्दै राजा द्रुपदले भने, "भगवान् श्रीकृष्ण र बलदेवबाट जो आज्ञा भयो त्यसै मार्गबाट हिंड्नु सज्जनको

काम हो । सात्यकिले भनेको पनि ठीक हो । उनी शूर छन् । आफ्नो शौर्यअनुसार यो कुरा उनको उचितै छ । परन्तु सकभर बुद्धिमान् जनले अयत्न साध्य सङ्ग्राममा निर्वाचित हुन योग्य छैन । त्यस कामबाट जो क्रोधबह्नि मनुष्य पैदा हुन्छ त्यो शत्रुकान्ताका अश्रुधाराविना शान्त हुनु उचित पर्दैन । यस निमित्त दूतहरू पठाएर अरू अरू राजाहरूको पनि सम्मति लिनुपर्दछ । कौरवहरूकहाँ पनि सामको प्रस्ताव पेश गर्नुपर्दछ । यसरी दुवै पाउलाई स्थिर गरीकन मात्र विचारपूर्वक एक पक्षको आश्रय गर्नाले कार्यसिद्धिमा विलम्ब पर्दैन । धृष्टकेतु, सेनाविन्दु, भगदत्त, शल्य, जयत्सेन, केकय पाँच भाइ, युधामन्यु उत्तमौजा इत्यादि सम्पूर्ण राजाहरूकहाँ दूत पठाउने प्रबन्ध गरी उनीहरूलाई पनि झिकाउनुपर्दछ ।"

यसरी आ-आफ्नो सम्मति प्रकट गरेर बलदेव, सात्यकि र द्रुपद चुप लागेपछि अरू त्यहाँ बसेका सभासद्हरूले पनि भने, "ठीक हो, सन्धि गर्ने कुरा दुर्योधन कदापि मान्ने छैनन् । उनी आफ्ना ऐश्वर्यमा र घमण्डमा मस्त छन् । यसउसले पहिले उनको आशय बुझी हेर्नुपर्दछ । यस कामका निमित्त अहिले हामी द्रुपदका गुरु अनल्वणलाई हस्तिनापुरमा पठाऊँ, उहाँबाट दुर्योधनको जस्तो जबाफ आउला उहीमाफिक काम गर्नुपर्ला । त्यसो भएपछि कुनै तरहको शङ्का रहँदैन ।" सभासद्को यो अनुमतिअनुसार द्रुपदका गुरु अनल्वणले हस्तिनापुरतिर प्रस्थान गरे । उनी गएपछि श्रीकृष्णले अरू राजाहरूको मत पनि बुझ्नुपर्दछ भन्ने आशयले दूत पठाउनुभयो । यति काम गरेर श्रीकृष्ण स्वयम् द्वारकातिर प्रस्थित हुनुभयो ।

उता दुर्योधन पनि अरू सामन्त राजाहरूको राय बुझ्नका निमित्त दूतहरू पठाएर श्रीकृष्णलाई आफ्नो पक्षमा ल्याउनाका निमित्त द्वारकातिर गए । उनी उहाँ पुगेको बेलामा श्रीकृष्णको सुकला भएको थियो । यसउसले दुर्योधन श्रीकृष्णको सिराननेर गएर बसे । केही बेरपछि अर्जुन पनि उहाँ पुगेर श्रीकृष्णका पाउनेर बसे ।

श्रीकृष्ण जागा हुनुभयो । उहाँको दृष्टि उठेर हेर्दा अर्जुनमा पऱ्यो । उनलाई देख्नेबित्तिकै श्रीकृष्णले त्यहाँ आउनाको कारण सोध्नुभयो । अर्जुनले आफू आउनाको कारण सबै बिस्तार गरे । उनको बयान सकिएपछि श्रीकृष्णसँग दुर्योधनले भने, "म पनि यसै कामका निमित्त अघिदेखि आएर बसेको छु, मलाई पनि यहाँले सहायता बक्सनुपर्दछ ।" दुर्योधनका कुरा सुनेर श्रीकृष्णले भन्नुभयो, "कुरुराज ! पहिले आएका हुनाले तिम्रो जित्तिको हक छ पहिले देखेको हुनाले अर्जुनको पनि उत्तिकै हक छ । यसकारण म तिमीहरू दुवै पक्षको सहायता गर्दछु । एकतर्फ शस्त्रास्त्रसज्जित मेरो दश करोड यादवसैन्य पठाउँछु, अर्कातर्फ

शस्त्रास्त्ररहित एक्लो म जान्छु । यी दुई कुरामा जसलाई जो मनपर्छ उही रोज ।" श्रीकृष्णका कुरा सुनेर दुर्योधनले दश करोड यादवी सैन्य लिन कबूल गरे । अर्जुन एकला निःशस्त्र कृष्णलाई लिनमा राजी भए । यति भएपछि श्रीकृष्णसँग सम्भाषण गरेर कृतवर्माले रक्षा गरिएको यादवी सैन्य लिई दुर्योधन बिदा भए । अर्जुन बसेकै थिए । उनलाई श्रीकृष्णले केही हाँसेर भन्नुभयो, "पार्थ ! तिमीले दश करोड यादवी सेनालाई छोडेर एक्लो मलाई किन लियौ ?" यो सुनी अर्जुनले भने, "जता कृष्ण, उतै जय ।" यति भनेर अर्जुन चुप लागे । उनलाई "म तिम्रो सारथि बनूँला" भन्ने प्रतिज्ञा गरी श्रीकृष्णले बिदा गर्नुभयो । उनी त्यहाँबाट फर्केर युधिष्ठिर भएका ठाउँमा आए ।

यसैबीचमा मद्राधिपति शल्यले पनि भानिज युधिष्ठिरको सहायताका निमित्त ससैन्य आफ्नो राजधानीबाट प्रस्थान गरे । यो कुरो थाहा पाएर चलाक दुर्योधनले उनको बाटोमा नाना प्रकारका राजाहं उपचार र नृत्यगीतादि प्रमोदका सामग्री तयार गरे । उनी सोही उपचारको भोग गर्दै हस्तिनापुरमा आइपुगे । उहाँ आएपछि मात्र उनलाई मैले दुर्योधनको प्रथम सम्मान ग्रहण गरेछु भन्ने ज्ञात भयो । अतएव उनले अक्करमा परेर दुर्योधनकै सहायक बन्नुपऱ्यो । यस कुराले गर्दा यिनलाई ठूलो खेद भयो । उनी लाजले आनतशिर भएर महाराज युधिष्ठिरकहाँ आए । उनलाई युधिष्ठिरले पनि विनयपूर्वक सम्मान गरे । सो सम्मान ग्रहण गरेपछि लज्जापूर्वक दुर्योधनले कपटसम्मानद्वारा आफूलाई स्वपक्षमा फसाएको कुरा बताए । सो सुनेर युधिष्ठिरले पनि आफूलाई कपटद्यूतमा हराएको सारा दुःखकथा सुनाए । यो सुन्दा मद्राधिराज शल्यलाई बडो खेद भयो । परन्तु उनी के गरुन् ! दुर्योधनका पेचमा परिसकेका थिए । तथापि उनले वृत्रवध र नहुषको स्वर्गाधिपत्य भएको इतिहास सुन्नाले विजयलाभ हुन्छ भन्ने इत्यादि कुराले युधिष्ठिरलाई दिलासा दिए ।

यति भएपछि आफ्नो विजय चाहने मामा शल्यसँग विनयपूर्वक युधिष्ठिरले भने, "मामा ! जो भयो भइगयो । यसमा विषाद लिनु ठीक छैन । तपाईं दुर्योधनकै पक्षमा रहे पनि समय-समयमा कर्णको तेजोवध गर्दै मेरो अनुकूल आचरण गर्नुहोला । अब तपाईं पाल्नुहोस् ।" यति भनेर युधिष्ठिरले बिदा गरिएका शल्य उनको सो कुरालाई स्वीकार गरी दुर्योधनका छाउनीतर्फ गए ।

केही बेरपछि भगवान् श्रीकृष्ण पनि सात्यकिका साथ युधिष्ठिर भएका ठाउँमा आइपुग्नुभयो । यसै बेला चेकितान, जयत्सेन, केकय पाँच भाइ, धृष्टकेतु, कुन्तीभोज प्रभृति राजाहरू आ-आफ्नो सैन्य साथमा लिएर मानौं पृथ्वीलोक

सञ्चाररहित गराउँछन् कि भनेझैं गरी आइपुगे । उनीहरूका साथमा आएका सारा सैन्य युधिष्ठिरका सेनामा अलक्ष्यझैं भएर मिल्यो । यस्ता प्रकारले युधिष्ठिरको सेना बिस्तार-बिस्तार बढ्न थाल्यो । अरू निमन्त्रित राजाहरू आ-आफ्ना सैन्यका साथ त्यहाँ आए । उनीहरू कोही पाण्डवतिर र कोही दुर्योधनतिर मिले । युधिष्ठिरतिर जम्मा सात अक्षौहिणी, दुर्योधनतिर एघार अक्षौहिणी सेना जम्मा भए ।

पाण्डवतर्फको हाल त्यत्तिकै थियो । उता पाण्डवकहाँबाट दूत बनेर गएका द्रुपदगुरु अनल्वण कुरुराजका सभामा पुगे । त्यस सभामा भीष्म, कर्ण, कृप, शल्य, बाल्हीकराज आदि अनेक नरपालवृन्द खचित थिए । उनीहरू सबैले अनल्वणको यथायोग्य सत्कार र कुशलप्रश्न आदि गरे । यति भएपछि विद्वान् द्रुपदगुरु अगाडि सरेर निर्भयताका साथ महाराज युधिष्ठिरको सन्देह बयानमा लागे । "सभासद्वर्ग ! तपाईंहरू मेरो वक्तव्य सुन्नलाई सावधानीसाथ उत्सुक भइरहनुभएको छ । यसैले म भन्दछु, सुन्नुहोस् । अघिदेखि राजा धृतराष्ट्र र पाण्डु दुई भाइले क्रमपूर्वक पृथ्वीको राज्य गरेर आएको सबैमा विदितै छ । पछि उनका पुत्र (कौरव र पाण्डव) हरूको सो राज्य चलाउने पालो आयो । उसमा तपाईंहरूले पाण्डवलाई जो भाग दिनुभएको थियो उनीहरू त्यसैमा सन्तुष्ट भएर बसेकै थिए । कालान्तरमा आफ्नो बाहुबलद्वारा शुक्लपक्षको चन्द्रमाका कलालाई बढाएझैं गरी उनीहरूले सो आफ्नो राज्य बढाएर ल्याएका थिए । सो पनि तपाईंहरूले कूट व्यवहारद्वारा हरण गर्नुभयो । यो कुरा भन्नलाई पनि मेरो जिह्वा सङ्कुचित हुन्छ । त्यतिले पनि नपुगी उनीहरूले वनवास आदि अनेक दुःखभोगसमेत गर्नुपऱ्यो । सो दुःखमय अवस्था पनि उनीहरूले बिताए । अहिले उनीहरू निस्तीर्ण-प्रतृज्ञ छन् । अतएव महाराज युधिष्ठिरले मलाई यहाँ पठाएको हो । अब पितृपितामहका पालादेखि चलिआएअनुसारको वृत्ति (अंश) हामीले पाउनुपर्दछ, सो मिलोस् भन्ने महाराज युधिष्ठिरको सन्देश छ । सो मैले यहाँ विस्तारपूर्वक वर्णन गरें । यसमा तपाईंहरूको जो तजबिज ।" यती भनी उत्तरको प्रतीक्षण गर्दै द्रुपदगुरु चुप लागे ।

द्रुपदगुरु अनल्वणका मुखद्वारा युधिष्ठिरको सन्देश सुनेर सारा सभासद्गण चुपचाप थिए । उसै बीचमा बडो आनन्दका साथ प्रसन्नमुख भई बुद्धिमान् पितामह भीष्मजीले कुरुराजका तर्फ फर्केर भने, "महाराज ! यो बडो सौभाग्यको कुरा सुनियो । पाण्डवहरू सन्धिको इच्छा गर्दा रहेछन् । हाम्रो भाग्य अनुकूल भएकै रहेछ । नत्र हामी सारा महारथी अर्जुनका गाण्डीवरूपी दावानलमा भस्म हुने थियौं । भाग्यले सो सम्पूर्ण भूपालवृन्द कृतान्तले बिर्सिएछ । म ता यसमा अत्यन्त खुशी मान्दछु ।"

वृद्ध पितामहका पूर्वोक्त कुरा सुनेर कर्णको प्रकोपानलको ज्वाला दन्कन थाल्यो । उनी ससम्भ्रम बाहुला सार्दै जोडसाथ हात हल्लाएर भन्न थाले, "पितामहजी ! हामीले जितिएका र हाम्रा दयापात्र भइसकेका पाण्डवहरू आफ्नो गर्वलाई छिपाएर दीन वचनले माग्न थालेछन् । यसमा तपाईंलाई केको हर्ष ? तपाईं जे कुरामा पनि पाण्डवकै प्रशंसा गर्नुहुन्छ । के तपाईंका हिसाबमा जगत्भरमा प्रशंसा गर्न अरू कुनै महारथीहरू छैनन् ? यसरी पाण्डवको पक्ष समर्थन गर्नाको तपाईंलाई के प्रयोजन ?" कर्णका यी कुरा सुनेर ईषत्हास्यका साथ भीष्मले फेरि भने, "हो, ठीक भन्यौ, तिमी कुरुराजका प्रिय मन्त्री होऊ । तिमीले राजाको अप्रिय कदापि गर्नु हुँदैन, यो हितकै कुरा गऱ्यौ । परन्तु विचार गर, जो सङ्ग्राममा पनि अड्न सक्तैनन्, सन्धिमा पनि विमुख हुन्छन् त्यस्ता खलहरूले यै शून्यवृत्तिको आश्रय गर्नुपर्दछ । यसकारण तिमीले यसो भन्नु उचितै छ । तर अघि घोषयात्रामा अर्जुनका हातको चोट खाएर पनि अझ तिमी पाण्डवहरूसँगको सौहार्दमा विमुख हुन्छौ । यसबाट मलाई बडो आश्चर्य लाग्छ ।"

पितामहका यस कुराले राजा धृतराष्ट्रको पनि चित्त बुझ्यो । उनी विचारपूर्वक पितामहको मान राख्दै भन्न थाले, "पितामह दीर्घदर्शी हुनुहुन्छ । उहाँबाट आज्ञा भएको कुरा ठीक हो । यस कामले यी सारा राजाहरू र हाम्रा सम्पूर्ण कुलको समेत कल्याण हुन्छ । यसउसले अहिले नै सञ्जयलाई पाण्डवकहाँ पठाऊ । उनी गएर मेरातर्फबाट 'म सैहार्दता चाहन्छु' भन्ने कुरा युधिष्ठिरलाई सुनाऊन् । हाम्रो प्रथम कर्तव्य यही छ । पाण्डवहरूको अपराध केही देखिँदैन । धर्मराज सब तरहबाट निर्दोष छन् ।" यति भनेर तत्कालैमा उनले सञ्जयलाई बिदा गरे । उनी द्रुपदगुरु अल्वणलाई साथमा लिएर रथमा चढी वेगसाथ केही दिनपछि युधिष्ठिरकहाँ पुगे ।

युधिष्ठिरका सभामा श्रीकृष्ण, चेदि, सञ्जय, पाञ्चाल, मत्स्य, मगध, केकय इत्यादि राजवर्गहरू खचाखच थिए । यस्तै बेलामा पुगेर सञ्जयले युधिष्ठिरलाई प्रणतिपूर्वक आफ्नोतर्फको कुशल समाचार बताए । उनका कुरा सुनेर युधिष्ठिरले सोधे, "सञ्जय । पितामह कनिष्ट पितृव्य र माता गान्धारी आदि कुरुवृद्ध हामीहरूलाई सम्झँदै हुनुहुन्छ कि ? महाराज धृतराष्ट्रका चित्तको वैरवह्नि शान्तिजलले अब शान्त भएको छ-छैन ? पश्चात्ताप गर्ने कर्मद्वारा उठेका निःश्वासले आफ्नो कीर्ति-मुक्तावलीलाई उहाँबाट मलिन गराउँदै हुनुहुन्छ कि ? यत्तमातङ्गका समूहले प्रवर्धित आफ्नो श्रीलाई देखेर अझ केही दिनसम्म संसारमा रहने इच्छा उहाँले राखेकै छ कि ? अथवा हामीहरूका उपर बन्धुभाव राखेर

कुलभाशमा प्रधान कारण भएको पिशुन पत्रका विचलित हुनुभएको छ कि ? सबै कुरा यथार्थ बताऊ ।'

महाराज युधिष्ठिरको यो प्रश्न सुनेर प्रसन्नतासाथ सञ्जयले भने, 'महाराज ! अहिले वृद्ध राजा धृतराष्ट्र साधुभावले रहनुभएको छ । यदि हजुर युद्ध नगरीकन नै सन्तुष्ट हुनुहुन्छ भने उहाँ पनि त्यसै कुरामा सम्मत हुनुहुनेछ । अहिले सारा कौरवहरू मुक्तकिल्विष भइसकेका छन् । सन्देहको घर भएको युद्धलाई कोही पनि प्रशंसा गर्दैनन् । युद्धमा आफ्ना भाइबन्धुहरूलाई मारेर विजयलाभ गर्नु र पराजय हुनु एकै हो । यही कुरा सारा कौरवका चित्तमा दृढ भइसकेको छ । हजुर पनि यस कुरालाई अवश्य स्वीकार गर्नुहुनेछ भन्ने उनीहरूलाई पूरा विश्वास छ । यदि हजुर यस कुरालाई स्वीकार नगरी युद्धमा सन्नद्ध हुन खोज्नुहुन्छ भने अघि वनवास आदि यन्त्रणालाई व्यर्थ किन भोग गर्नुभयो ? उसै बेला यो अवस्था प्रकट गरेको भए पनि हुन्थ्यै हो । यदि सरस चित्तवाला हजुर धर्मैलाई प्रमाण मानेर नरहनुहुँदो हो ता अघि नै भीम र अर्जुनका क्रोधानलमा परेर सारा कौरवहरू भस्म भइसक्तथे । यसो नगरेकाले थाहा हुन्छ कि हजुर अवश्य शान्तिप्रिय हुनुहुँदो रहेछ । अतएव सर्वक्षय नै फल भएको ऐश्वर्यदेखि आफ्नो चित्तवृत्तिलाई हजुरले हटाउनुभएको बुझिन्छ । वास्तवमा हजुर जस्ताको ऐश्वर्य अलोभरूपी भूषणले नै शोभित हुन्छ ।'

यति भनेर सञ्जय चुप लागेपछि युधिष्ठिरले भने, 'सञ्जय ! तिमीले कौरवका तर्फबाट यो कुरा मलाई सम्झाउन पर्दैन किनभने, मैले कुनै कालमा पनि युद्धविषयक प्रस्ताव उठाएको छैन । सो कुरा बराबर दुर्योधनसिवाय अरूबाट उठेको तिमीले कदापि सुनेका पनि होओइनौ । अहिले लोकसंहारबाट वित्रस्त भएर तिमी त्यस कुरालाई लुकाउन खोज्दछौ । तथापि तिमीलाई मैले जवाफ दिनै पर्दछ । यसकारण यो दुई कुराको भार मैले श्रीकृष्णका करकमलमा समर्पण गरेको छु, उहाँबाट जो आज्ञा हुन्छ सोही जवाफ तिमी कौरवकहाँ लैजाऊ ।' यति भनेर युधिष्ठिर चुप लागे । यो कुरा सुनेर सञ्जयका मुखमा हेरी भगवान् श्रीकृष्णले भन्नुभयो, 'सञ्जय ! महाराज युधिष्ठिरले भनेको कुरा ठीक हो । युद्ध हुनु र नहुनु कि ता तिमीहरूका अधीनमा छ कि ता मेरै अधीनमा छ । पाण्डवहरू पाँच गाउँमा सन्तुष्ट भएर युद्धको अभिरुचिलाई छोड्दछन् र उनीहरूको उचित भाग दिनामा कौरवहरू पनि सम्मत छन् भने युद्धको कुरा उठ्तैन । यो कुरा ता हुन सक्तैन भने अर्जुनका गाण्डीवबाट छुटेका शरावलीद्वारा भएको आफ्नो सैन्यका कबन्धको कन्दुकलीला कुरुराज अवश्य देख्नेछन् ।' श्रीकृष्णका मुखारविन्दबाट

निस्केको यो वाक्य उत्तररूपमा सुनी उसै बेला बिदा भएर सञ्जय फर्के । उनी साँझमा राजा धृतराष्ट्रका सभामा उपस्थित भए । त्यस बेला बाटाको थकाइले उनी व्याकुल भएका हुनाले त्यस दिन केवल पाण्डवको कुशलवृत्तान्त मात्र बताई अरू कुरा भोलि बिहान विन्ती चढाउँला भनी आफ्नो घरतर्फ गए ।

यस्ता प्रकारसँग सञ्जय फर्केपछि चिन्ताकुल वृद्ध राजा धृतराष्ट्रलाई रातभर निद्रा लागेन । उनले रातैमा विदुरलाई बोलाएर भने, "विदुर ! मैले पाण्डवकहाँ सञ्जयलाई पठाएको तिमीलाई थाहै छ । आज साँझमा उनी फर्केर आइपुगे । उनले उहाँको खबर भोलि बिहान भनुँला भनेका छन, के भन्ने हुन् ? कुराको पर्यवसान कस्तो बस्ने हो ? यसले गर्दा मलाई रातभर छटपटी भइरहेछ । कुन कुरा गर्नाले मेरो हित हुने हो ? यो सबै विचारपूर्वक बताऊ ।" यी कुरा सुनेर विदुरले भने, "महाराज ! तपाईं बुद्धिमान् र विद्वान् हुनुहुन्छ । यसकारण तपाईंले ताप मान्ने विषय केही छैन । अहिले के दुःख परेको छ र तपाईं यसरी घबराउनुहुन्छ ! अकृतार्थ, कामी स्त्रीविहीन, दुर्बल, बलवान्‌ले आक्रान्त वीर, परस्त्रीमा लोलुप भएर सदा असन्तुष्ट रहने र गाढ तृष्णाले प्रतप्त यस्तालाई मात्र रातभर निद्रा लाग्दैन । जो कल्याणशील छन्, जसलाई पारस्परिक विद्वेषजन्य हर्ष शोक केही छैन, त्यस्ता मनस्वी जनलाई कदापि चित्तज्वारले स्पर्श गर्न सक्तैन । जो सम्पत्तिमा हर्ष र विपत्तिमा खेद लिँदैनन् परिआएका आपत्तिलाई धैर्यसाथ पार गर्न सक्तछन् तिनै पण्डित हुन् । सारा संशयको मूल र घोर अन्धकारमा फसाउने यस्तो अर्थमा पण्डितजन कदापि फस्तैनन् । मन्त्रणामा बुद्धि लगाउनु, भय परिआएमा धैर्य राख्नु, व्यवहारमा चातुर्य देखाउनु यही विद्वान्‌को काम हो । यति भएन भने विद्वान्‌ले पढेको सुगाले पढे जस्तै हुन्छ । गुणमा अनुराग, विनय, विवेक, असम्मोह यति कुरा विद्वान्‌मा प्रकृतिसिद्धै हुन्छन् । जो वृत्तिविहीन छ तापनि अकर्तव्य गर्दैन, दुःख परे तापनि सन्ताप मान्दैन त्यही विद्वान् हो । आफूमा रहेको प्रतिभालाई प्रकट गर्दै सभामा योग्य कुरा गर्ने र सदा अनिन्द्य कर्म गर्नेलाई नै विद्वान् भन्दछन् । अर्काको उपकारमा चतुर, अर्काका निमित्त कष्ट सहन सक्ने र प्रियवादी यस्ता मनुष्य संसारमा पाउनु कठिन छ । आफ्ना चित्तमा उठेका मद, क्रोध, लोभ, मोह इत्यादिका वशमा परेर कृत्रिम पुतलीझैं अर्काले जसरी नचायो उसै गरी नाच्ने जो मूर्ख छन् तिनीहरू पामर हुन्, तिनलाई धिक्कार छ । पाउपाउमा ठक्कर खाने, विवेकहीन, आयस नै जीवनको प्रयोजन भएका र निधन नै प्रियाशिष भएका यस्ता पामरबाट केही काम हुन सक्तैन । मूर्ख, सर्वत्रताको अभिमान राख्ने, गरीब भएर ठूल्ठूला मनसुवा बाँध्ने असमर्थ, कापुरुष

यस्तो कुनचाहिं पुरुष उपहास्यास्पद होइन ? विनाकारण पिशुनतालाई धारणा गर्ने र सदा परदोषमा मात्र दृष्टि खोल्ने यस्ता उलूकसमान दुष्टको संसर्गलाई विद्वान् जनले दूरैबाट परित्याग गर्नुपर्दछ । निम्ने बेलाको बत्ती चहकिलो भएझैं मूढ जन पनि अन्तकालमा सहसा उन्नत भएको देखिन्छ । त्यस्ताको सो उन्नत हुनु नै अन्त हुनु हो । असत्य-मलिन वाणी, कार्पण्यमलिन मन र मात्सर्य-मलिन दृष्टि सज्जनको कदापि हुँदैन ।

यी सब कुराको विचार मनमा राखेर तपाईं यस कुलान्तक दुष्पुत्रलाई त्याग गर्नुहोस् । तपाईं जस्ताले कदापि धर्म छोड्नु हुँदैन । सज्जनका लेखा धर्म र सत्यभन्दा ठूलो अर्को वस्तु कुनै छैन । लक्ष्मीको भूषण विनय हो । मनको भूषण सत्य हो, यसउसले अल्पभोग्या पृथिवीका निमित्त सत्यलाई छोड्नु उचित छैन । संसाररूपी विषम पथको पाथेय केवल सत्य नै छ । मानिसको बुद्धि जतिजति कल्याणमार्गमा लाग्दछ उतिउति उसको ऐश्वर्य बढ्दै जान्छ । वृद्धविहीन सभा मृतसभा हो । अधर्मवादी वृद्ध मृतवृद्ध हुन्, सत्यरहित धर्म मृतधर्म हो । कलहले पीडित सत्य मृतसत्य हो । पछिसम्मको बाटो देख्ने विद्वान्हरू जन्मान्तरमा पनि दुःखदायक र पश्चात्ताप गराउने यस्तो कर्म कदापि गर्दैनन् । मर्मभेदका वाक्य, अकारणको कुटिल दृष्टि र क्रूर विचार यदि कुरा स्वच्छचित्तवाला विद्वान्मा कदापि देखिँदैनन् । गर्नैपर्ने हो भन्ने मनमा राखेर जो संक्षेपतः उचित कर्म गर्दछन् उनलाई रज्जुपाशको खिचातानीझैं लमलस्ट कुराको प्रयोजन केही छैन । बुद्धिमान् जनले नीच धनी जनको सेवा, मदोन्मत्त जनको अनुगमन, लुब्ध मित्र र बलवान्को अधिक्षेप यति कुरा गर्नु योग्य छैन । यसकारण राजन् ! हजुर दुर्योधनका स्नेहले यस तमोमय दुष्कर्ममा प्रवृत्त नहुनुहोस् । यो अनैशिक तमले मरणान्तर पनि तपाईलाई छोड्नेछैन । बुद्धिमान्ले आपत्ति आइनपर्दै सावधानीसाथ त्यसलाई हटाउने उपाय अघिबाटै गर्नुपर्दछ । आपत्तिले घेरिसकेपछि शोक गरेर केही पुग्दैन ।"

यति भनेर विदुर चुप लागेपछि दीर्घ निःश्वास लिएर राजा धृतराष्ट्रले भने, "विदुर ! के गरूँ । अन्त्यमा अवश्य युधिष्ठिरकै जय हुनेछ भन्ने मलाई पूरा विश्वास छ, तथापि स्नेहवश म यो पुत्रलाई छोड्न सक्तिनँ । दैवलाई टारूँ भनेर नहुने रहेछ । अधिअघि मृत्यु भनेको पदार्थ छैन भन्ने गूढ कुरा मलाई कुनै तत्वदर्शीले बताएका थिए । आजसम्म म त्यही विश्वासमा थिएँ ! तर आज उस बेलादेखिको सो दृढविश्वास पनि मेरो चित्तबाट हट्न लागिरहेछ । सो कुरा अघि मलाई बताउनेहरूले कुन आशय मनमा राखी भनेका रहेछन् सो कुरा मैले बुझेको

रहेनछु । अतः यो मेरो सन्देह छुटाऊ ।" धृतराष्ट्रको यो प्रश्न सुनेर विदुरले भने, "महाराज ! तत्त्वदर्शी महात्माहरूले भनेको गूढ कुरा म अवैदिक शूद्र जाति के जानूं ? यदि तपाईंलाई यो कुराको यथार्थ बुझ्ने इच्छा छ भने म सनत्सुजातलाई सम्झन्छु इनैले आएर तपाईंलाई यसको उपदेश गर्नेछन् ।" यति भनेर विदुर ध्यानस्थ भए । त्यसका केही बेरपछि सहसा सनत्सुजात भन्ने एउटा ठूला योगीजन त्यहाँ प्रकट भएर राजाको संशयोच्छेदनका निमित्त यो कुरा भन्न लागे :

"महाराज ! संसारमा मृत्यु भन्ने पृथक् पदार्थ कुनै छैन । मनुष्यका मुखबाट जो क्रोध उत्पन्न हुन्छ त्यही सारालाई नष्ट गराउने मृत्यु हो । काम; मोह आदिरूप अञ्जलिद्वारा सम्पूर्णलोकलाई पान गर्ने कृतान्त मृत्यु होइन, सम्पूर्ण प्राणीका अन्तरमा रहेको उद्दण्ड जो षड्वर्ग (काम, क्रोध, लोभ, मोह, मदा मात्सर्यको समुदाय) छ त्यो पनि मृत्यु नै हो । जन्म छैन भने - मृत्यु हुँदैन । यसकारण जन्म पनि मृत्यु नै हो त्यस्तो मृत्युलाई शुष्क क्रियाक जञ्जालमा फसेका ब्राह्मण, वेद, तीर्थसेवा, तप र यज्ञ यिनीहरू पनि हटाउन सक्तैनन् । निर्विति (मोक्ष) का धाम, हर्षशोकादिदेखि अतिरिक्त, त्रिगुणातीत यस्ता ईश्वरका भजनमा निरत छन् उनीहरू सदा अमृतमय छन्; उनीहरूलाई त्यस्तो मृत्युले कदापि दबाउन सक्तैन । केवल मूर्खलाई मात्र मृत्युले कवलित गर्दछ । क्रोध, स्पृहा, शोक, तृष्णा, अभिमान, लोभ, असूया, जुगुप्सा, ईर्ष्या, काम, विवित्सा, (लाल्चा), विमोह, यी बाह्र दोष नै घोर मृत्यु हुन् । तप, व्रत इत्यादि नियम र निबन्ध (सदाचार) द्वारा परमाक्षर (ब्रह्मा) को प्राप्ति हुन्छ । यसकारणले यी पाँच कुरा पनि अमृत (मोक्ष) हुन् । न स्थिर, न चल्ने यस्तो र तारा, चन्द्र, सूर्य, अग्निभन्दा अतिरिक्त जो स्वयम् प्रकाशमान वस्तु छ त्यसैलाई परमाक्षर भन्दछन् त्यसै परमाक्षरको शुक्र (तेज) द्वारा जगत् प्रकाशित छ । उसैका भरमा रहेर सूर्य जगत्मा प्रकाश फैलाउँछन् । त्यस्तो स्वयम् प्रकाशस्वरूप परमाक्षरलाई ठूलाठूला योगीजन मात्र पाउन सक्तछन् । त्यसै शुक्रद्वारा प्रेरित भएर प्राणी जन्म लिन्छ मर्दछ । योगीजनले मात्र देखिने स्वयम्प्रकाश वस्तुलाई जो जान्दछन् उनै अमृत (मोक्ष) लाई प्राप्त गर्दछन् । तस्मात् मृत्यु भन्ने पृथक् पदार्थ कुनै छैन । यो कुरा तिमी निश्चय जान ।" यति भनेर सनत्सुजात अन्तर्हित भए । यति हुँदाहुँदैमा रात पनि बित्यो ।

भोलिपल्ट बिहान कौरवहरूको सभा जम्यो । त्यस सभामा धृतराष्ट्र, भीष्म, द्रोण, कृप र भगदत्तादि अनेक राजाहरू जम्मा भए । सबभन्दा पछिबाट कर्णलाई आलिङ्गन गरेर राजा दुर्योधन पनि त्यस सभामा उपस्थित भए, त्यस

बेला सञ्जय पनि उहाँ पुगे । उनलाई देख्नासाथ सारा सभासद्हरू कौतुकवश मुखामुख गर्न थाले, परन्तु अग्रसर भएर कोही बोलेन । सारा सभा नै चुपचाप चित्रलिखितझैं भयो । आखिरमा बूढा राजा धृतराष्ट्रले सञ्जयतर्फ फर्केर प्रश्नका साथ पाण्डवहरूको हाल सोधे । उनको प्रश्न सुनी सारा सभासद्का सामु सञ्जयले भने, "म यस सभाबाट खटिएर पाण्डवका शिविरमा गएको हुँदा मैले आफ्नो कर्तव्य पूरा गरेर आएँ । मलाई पितामह, द्रोण, कृप, कृतवर्मा, अश्वत्थामा, शल्य, शकुनि, बाल्हीकनरेश, कर्ण र पितृव्य धृतराष्ट्रका सामने कुरुराजलाई सुनाउनु भनी अर्जुनले जो कुरा भनेका छन् सो म यहाँ वर्णन गर्दछु । उनी कुरु राजलाई यी कुरा भन्दछन् :

"तिमी कृपालू धर्मराजको राज्य छोडिदेऊ । यदि यो कुरा मान्दैनौ भने तिम्राउपर गाण्डीवमण्डित मेरा भुजदण्डले आफ्नो गौरव प्रकट गर्नेछ । यति मात्र होइन कि गदाघातले गण्डस्थल फुटेका गजयूथका दुस्तर रुधिरसागरको भुमरीमा माहिला दाज्यैज्यू पनि नाच्नुहुनेछ । रथले उडाएको धूलामा लुटपुटिएर कुद्न लागेका महिषयुग्मैझैं भाइ नकुल र सहदेव पनि तिम्रा सैन्यमा यमविक्रीडितको कौतुक देखाउनेछन्, रणभूमिका रजोमण्डलमा मुछिएको तिम्रो सैन्यलाई दलनमलन गर्दै धृष्टद्युम्न पनि कृष्णका प्रकोपको प्रतिकारका निमित्त अग्रसर हुनेछन् । धनुरूप ज्वालालाई फैलाउँदै देदीप्यमान बाणस्फुल्लिङ्गमण्डलले आकुल भएका शिखण्डी पनि तिम्रो सैन्यबाट वीमा धूमकेतु बन्नेछन् । सात्यकिका बाणले महारथीको वृन्द छिन्न भएपछि तिम्रा सैन्य क्षणभर पनि अड्न नसकी सहस्त्रधा विद्रूत हुनेछ । वीरहरूका मुखबाट गिर्न लागेका अभिमन्युका बाणहरू कुरुस्त्रीका वैधव्यको साक्षी बन्नेछन् । जसको चैद्य, कुन्तिभोज, मत्स्यनरेश र द्रुपदका साथ युद्ध पर्ला ती क्षणभर पनि तग्न सक्नेछैनन् । भूतको फौजमा विश्वकर्माले रचना गरेको मायालाई फैलाउँदै मेरा रथका ध्वजामा बसेर कपिकुञ्जर (हनुमान्) नाचेको तिमी शीघ्र नै देख्नेछौ । अब धेरै बेर छैन, कैटभारि भगवान् श्रीकृष्णले हाँकिएको मेरो रथ चल्दछ । ताकत छ भने रोक्न अघि सर । थोरै बेरमा स्वमनोरथका साथैसाथ कर्णको रथ भङ्ग भएको देखेर अघि बन्धुजनले भनेका कुरा झलझली सम्झन लाग्नेछौ ।"

यसरी सञ्जयले बताएको अर्जुनको सन्देश सुनेर राजसभामा बसेका सारा भूपालवृन्दका कपोलस्थलमा पुलकको छटा फैलिन थाल्यो । यसै बेला कुरुवृद्ध पितामहले अगाडि सरेर उच्चस्वरसँग भने, "दुर्योधन ! तिमीलाई पत्तै छैन । तिम्रा शिरमा घोर आपत् खनिन लागिरहेछ । तिम्रा पक्षका राजवर्गका उपर काललै

कटाक्ष फेरिसक्यो । एकै स्थमा बसेका लोकको संहार गर्नाका निमित्त उदाएका सूर्य जस्ता श्रीकृष्ण र अर्जुनका उपर नजर फेर्न को सक्ला ? उनीहरू दुवै जना साक्षात् ब्रह्माजीको आज्ञाअनुसार देवताले भूभारहरणका निमित्त प्रार्थना गरिएका नरनारायण हुन् । अघि हिरण्यपुरका निवासी कालखञ्ज र पौलोम आदिलाई विध्वस्त गराउने नरावतार अहिले अर्जुन भएर आएका छन् । राजन् ! यिनीहरूको उपेक्षा गरी कर्णका मधुर वचन सुनेर अहिले तिमीलाई यो घमण्ड उठेको छ । यसैले तिमी आफ्नो राज्य नष्ट हुन लागेको पनि थाहा पाउँदैनौ । राज्यश्रीको चमकदमक देखुन्जेल राजदरबारमा यस्ता धूर्त धेरै झुल्दछन् । जब राजाका उपर कुनै आँधी आइपर्दछ अनि त्यस्ता धूर्त स्वयम् कपासझैं दश दिशा लाग्दछन् । यो कुराको यथार्थता तिमीले घोषयात्रामा पनि पाउनुपर्ने हो । यस्तो धूर्त सेवकहरू अघिबाट बाः बाः गरेर मालिकलाई दुर्व्यसनमा पार्दछन् अनि जब त्यो दुःख पाउन थाल्दछ अनि यस्तो पामर भनेर उनै सेवक त्यस मालिकलाई थपरी मार्न थाल्दछन् । लक्ष्मी, कमलिनी, भृङ्ग, राज्य, चन्दन र सर्प यिनीहरू आखिरसम्म सुखकाननका मयूर भएर रहेका कहीं देखिँदैनन् । अहिले म अर्जुनलाई सहजै मार्दछु भनी कर्ण जो फूर्ति छाँट्दछन् उनको त्यो फूर्ति सत्य हो वा असत्य हो तिमी नै विचार गर, म के बयान गरूँ ?"

भीष्मका यी कुरा सुनेर कर्णलाई असह्य भयो । उनी आफ्नो श्वासमार फतलाई द्विगुण गराउँदै भन्न थाले, "मैले यस बेला आफ्नो पुरुषार्थको प्रशंसा गर्नु अयोग्य छ यसैले म लाचारीसाथ सबै सहन्छु । अहिले सङ्ग्रामको आरम्भ समय हुँदो हो त यो बूढाको मर्मभेदक असह्य वाक्य को सहन गर्दथ्यो ? जो भयो भइगयो, तिम्रै कुरा सदर होस् । तर म आफ्नो अन्तरात्माको साक्षी दिएर भन्दछु कि जहाँतक तिमी कुरुराजका सैन्यमा खडा रहुला त्यहाँतक म युद्ध गर्न्यैछैन । जुनबेला तिमीले रहित कौरवसैन्य होला उसै बेला मात्र म युद्धमा अग्रसर हुँला ।" यति भन्दै सहसा कर्ण राजसभाबाट बाहिर निस्के ।

यसरी कर्ण निस्केर गएपछि क्षणभर विचार गरेर धृतराष्ट्रले फेरि सञ्जयसँग भने, "सञ्जय ! धर्मराज हामीसँग सामको इच्छा गर्दा रहेछन्, यो कुरा सुन्दा बहुतै हर्ष लाग्यो । अब मलाई पाण्डवतर्फ सङ्ग्रामका निमित्त कुन कुन योद्धाहरू जम्मा भएका छन् ? जम्मा फौज कति छ ? यो कुरा सुन्नमा अत्यन्त इच्छा छ ।" सो कुरा सुनेर सञ्जयले भने, "महाराज ! धर्मराज सर्वथा कौरवदेखि भिन्न हुन चाहँदैनन् । उनले सब तरहबाट सामैको अभिलाषा राखेका छन् तर परिआयो भने उनी युद्धमा पनि तत्पर छन् । उनको सैन्यबल पूरा छ ।" यति भन्दाभन्दै

उसतर्फको सैन्यसङ्ग्रह सम्झेर सञ्जय सहसा मूर्छित भए । केही बेरपछि उनी सचेत भएर फेरि भन्न थाले, "मत्तमातङ्गरूप दुर्ग भएको र शस्त्रास्त्रको दृष्टिले दुर्गम यस्तो पाण्डवी सेनाले कसलाई मोह गराओइन ? त्यस सैन्यमा जम्मा भएका हात्ती, घोडा र रथ देख्दा सारा दुनियाँ नै हस्त्यश्वरविहीन छ कि भन्ने मेरो मनमा परेको छ । सात्यकि, द्रुपद, शैव्य, शिखण्डी, पाँच कैकय, चेकितान, जनत्सेन, युधामन्यु, उत्तमौजा, धृष्टकेतु, घटोत्कच, अभिमन्यु, द्रौपदेय (प्रतिविन्ध्यादि पाँच) इत्यादि वीरहरू शस्त्रास्त्रले सुसज्जित भएर पाण्डवको सहायतानिमित्त उहाँ प्रस्तुत छन् । यी मुख्य वीरका नाम मात्र मैले लिएको हुँ, अरू यस्ता वीरहरू पाण्डवी सेनामा यति छन् भनेर गणना गर्न सकिँदैन ।" सञ्जयका यी कुरा सुनेर धृतराष्ट्रले फेरि भने, "सञ्जय ! यो बडो भयङ्कर कुरा सुनियो । अरूभन्दा मेरा पुत्रलाई भीमसेनको बहुतै भय छ । अहिल्यैदेखि उनका पदाघातले छाती फुटेका मेरा सय पुत्रको मरण समय उपस्थित भएको देख्न लागेँ । अर्जुनको ता कुरै पर रहोस् । उनका गाण्डीववाट छुटेका बाणले दिग्दिगान्त ढाकिएपछि युद्धमा मरेका राजाहरूले स्वर्ग जाने बाटो पनि पाउने छैनन् ।"

यसरी कातरपना देखाउन लागेका वृद्ध राजाको अवस्था देखेर मानौं दुर्योधनको हृदय जल्न थाल्यो । उनी राजसिंहहरूको समाजका बीचबाट उठेर गर्जदै भन्न थाले, "पिताजी ! हजुर व्यर्थ यो कातरपन किन देखाउनुहुन्छ ? के पाण्डवको र हाम्रो कुललाई तपाईंले अलग सम्झनुभयो ? हामी उसै कुलका होइनौ र ? कुन कुरामा हामीलाई पाण्डवभन्दा कम देख्नुहुन्छ ? अहिले सैन्यबलका विषयमा पनि उनीहरूसँग सात अक्षौहिणी सैन्य छ, हामीसँग एघार अक्षौहिणी छ । तपाईलाई केको डर ? प्रदीप्त शस्त्र भएका लाख अक्षौहिणी पाण्डवी सेना र हामीतर्फ आफ्नो योजनापाद हात्तीमा चढेका एउटै भीमदत्तलाई तपाईं बराबर सम्झनुहोस् । फेरि हामीसँग पितामह, द्रोण, अश्वत्थामा आदि महारथीहरू छन् । यिनीहरूका अगाडि इन्द्र पनि अड्न सक्लान् वा सकोइनन् ? बृहद्वल, शल्य, सिन्धुराज बाल्हीकनरेश यिनीहरू प्रत्येक सय अर्जुनबराबर छन् । यो केही पनि विचार नगरी तपाईं व्यर्थ कलेजा कँपाउनु हुन्छ । यस्तो कुरा मलाई कदापि मन पर्दैन ।"

दुर्योधनका यी कुरा सुनेर विदुर भन्न थाले, "मलाई बडो खेद छ, बन्धुविरोधले गर्दा भरतकुल नष्ट हुन आँट्यो । चुच्चाले जाल पत्रेर आकाशमार्गले उडेका दुई पक्षीको परस्पर झगडा हुँदा जो गति भएथ्यो उही गति पाण्डव र कौरवको हुन आँट्यो । धेरै के भनूँ, अब कौरव पाण्डवका निमित्त कालरात्रीको महोत्सव सन्निहित भइसक्यो ।" विदुर यति भन्दै थिए, सहसा व्यासजी त्यहाँ आएर

दुर्योधनलाई करुणापूर्वक भन्न थाले, "पुत्र ! तिमी व्यर्थ निजकुलको विनाशकेतु नहोऊ । पाण्डवको राज्य दिएर आफ्नो जीवनरक्षा गर । तिमी मात्र होइन कि धृतराष्ट्र पनि हाम्रो कुरा सुनून् । भगवान् श्रीकृष्ण जता हुनुहुन्छ उतै विजय छ । उहाँको प्रभाव जगत्मा प्रसिद्धै छ । सञ्जयले पनि अघि नै बताइसके । मैले भन्ने कुरा यति हो" भनेर व्यास अन्तर्धान भए । उनका साथमा गान्धारी पनि आएकी थिइन् । उनले पनि व्यासजीकै कुराको अनुमोदन गरिन् । यसैबीचमा सञ्जयले भने, "महाराज ! स्वयम् भगवान् श्रीकृष्ण पाण्डवका सहायक बन्नुभएको छ, उहाँको कर्म अद्भुत छ भनेर विद्वान्हरू बराबर भन्दछन् । यो सारा चराचर जगत् उहाँकै इच्छाको स्वरूप हो । उहाँलाई सकल प्राणीका हृदयमा बस्ने हुनाले वासुदेव भन्दछन्, जगत्लाई वश गर्ने हुनाले विष्णु भन्दछन्, दुष्टको दमन गर्ने हुनाले दामोदर भन्दछन् । उस्ता भगवान्को आश्रय पाएका पाण्डवहरूसँग विरोध गर्नाले सर्वथा हाम्रो कल्याण हुनेछैन ।" यति भनेर सञ्जय चुप लागेपछि बूढा राजा धृतराष्ट्रले मनमनै भगवान् श्रीकृष्णलाई धन्यवादपूर्वक प्रणाम गरे ।"

अर्कातिर पाण्डवका सभामा श्रीकृष्ण पनि विराजमान हुनुहुन्थ्यो । उहाँलाई सम्बोधन गरेर सविनय युधिष्ठिरले भने, "भगवान् ! विश्वात्मा हजुरका सन्मुखमा जुन कुरा विन्ती गर्न चाहन्छु सो सब हजुरमा विदितै छ । मैले फेरि विन्ती गर्नु द्विरुक्तिसदृश हुन आउँछ तापनि हजुरको निगाहले नै यस्तो धृष्टता भएकोमा क्षमा रहोस् । अघि हामीले सञ्जयसँग भनेका सब कुरा उनले काकाका हजुरमा विन्ती गरिसकेकै होलान् । सो कुराले उहाँको चित्त बुझेको जस्तो लाग्दैन । आफ्ना हातमा परिसकेको राज्य दिएर हामीसँग शम गर्न उहाँलाई कठिनै पर्ला । परन्तु उहाँलाई त्यस्तो लाग्दछ भनेर हामीले आफ्नो धर्मपूर्वकको अंशलाई उपेक्षा गर्नु पनि भएन । जेसुकै होस् भनेर चुप लागौं भने पनि निर्धन छौं । लोकमा निर्धन मनुष्यको कसैले गणना राख्दैन । जङ्गलमा स्यालले खाएर छोडेको कीरैकीराले व्याप्त भएको मृगमांसमा लोक जत्तिको वास्ता राख्दछ, त्यत्तिको पनि निर्धन मनुष्यमा राख्दैन । धनहीन मनुष्य सकुटुम्ब छ तापनि एकाकी ठहर्दछ । कुलीन छ तापनि नीच ठहर्दछ, विद्वान् छ तापनि दुराचारी ठहर्दछ । धनी मनुष्य हीनजन्म होस् तापनि कुलीन ठहर्दछ । तीन पदार्थका मध्यमा धर्म र कामको मूल कारण हुनाले अर्थ नै गुरुतर छ । अर्थहीन न दान गर्न पाउँदछ न विषय भोग गर्न पाउँछ, धनहीन हुनाले नै मनुष्य पापी कहलाउँछ । पापी भन्नु र दरिद्र भन्नु नाम मात्राको फरक हो अर्थ एउटै हो भन्ने मलाई पूरा विश्वास छ । निर्धन ता निर्धनै छन्, परन्तु जो भ्रष्टै छ त्यो अतिशय शोच्य छ । क्षत्रिय भएर आफ्नो बाहुबलले

कमाएको राज्य छोडी आनतशिर भएर विराटले दिएको पिण्डभागी कसरी बनूं ? मानी पुरुषहरू अर्काले यो अघिको ठूलो मानिस हो अहिले दुःखित भएको छ, विचरालाई देऊ भनी दिएको भोग गर्नु प्राण त्याग गर्नु बराबर सम्झन्छन् । भगवान् ! लुब्ध दुर्योधन युद्ध नगरी कदापि हाम्रो राज्य दिनेछैनन् । भोगमा परिणत भइसकेकी लक्ष्मीलाई सहसा कोही छोड्न सक्तैन । बडो आयास पर्ने, मर्यादा केही नभएको र मनमा पनि संशय गराउने यस्तो युद्धलाई धिक्कार छ । जुन युद्धमा सदृद, बान्धव भृत्य यिनीहरूको जीवन बेचेर विजय लाभ गर्नुपर्दछ, त्यस्तो युद्धलाई म कदापि प्रशंसित मान्दिन । जसरी हुन्छ युद्ध नगरीकन काकाजी हाम्रो राज्य दिऊन् यही उपाय तपाईं गरिदिनुहोस् । कुशस्थल, तूलस्थल, अमन्दिस्थल, वारणावतस्थल र अर्को एउटा जुन हुन्छ सोही स्थल गरी जम्मा पाँच गाउं काकाजीबाट हामीलाई मिलून् । यत्तिकैमा सभ्रातृक म सन्तुष्ट छु ।'

धर्मराजका पूर्वोक्त कुरा सुनेर श्रीकृष्णले भन्नुभयो, 'महाराज ! तपाईंले भनेको ठीक हो । सज्जनहरू यसै कुरालाई साधु सम्झन्छन् । यदि तपाईंको यही आग्रह छ भने र यसैमा सबै राजाहरूको कल्याण हुन्छ भने यस काममा अग्रसर भएर मै धृतराष्ट्रकहाँ जान्छु । मैले भनेको कुरा उनी अवश्य मान्नेछन् । यदि पुत्रस्नेहका वशमा परेर उनी पनि कुमार्गमा प्रवृत्त भए भने कौरवकुलमा सद्धर्मी पुरुष सकिएछन् भनी सम्झेर जो गर्ने उपाय गर्नुपर्ला ।'

श्रीकृष्णको उक्ति सुनेर युधिष्ठिरले फेरि भने, 'भगवान् तपाईंले उहाँ जान ठीक परोइन कि भनेझैं लाग्दछ, किनभने दुर्योधन हामीलाई ऐश्वर्यभ्रष्ट गराउनामा तत्पर भएका दुष्ट मित्रहरूका मन्त्रणामा मुग्ध छन्, अतएव यस कुरामा म तपाईंलाई प्रेरणा गर्न सक्तिनँ ।' युधिष्ठिरको यो उक्ति सुनेर श्रीकृष्णले भन्नुभयो, 'महाराज ! यसमा तपाईं धन्दा नमान्नुहोस् । दुर्योधन अरूसँग जस्तोसुकै वाक्यप्रबन्ध छाँटुन्, घमण्ड प्रकट गरून् तापनि मसँग उनी आफ्नो प्रागल्भ्य कदापि प्रकट गर्ने छैनन् । उनी मैले भनेको अवश्य मान्नेछन् । यदि मानेनन् वा मेराउपर केही आपत्ति मच्चाउन थाले भने उनको सकल सैन्यलाई म क्षणभरमा आफ्नो कोपालनद्वारा भस्मावशेष गराइदिनेछु ।' यो कुरा सुनेर युधिष्ठिरले सविनय भने, 'भगवान् ! तपाईं जगत्को अनुकम्पामा उद्यत हुनुहुन्छ, तपाईंका उपर आदेश गर्ने मेरो सामर्थ्य छैन । जो गर्नुपर्दछ आफैं जान्नुहुन्छ, म के विन्ती चढाउं ? यदि उहाँ जानु नै उचित ठहर्दछ र तपाईं पाल्नुहुन्छ भने माता(कुन्ती)लाई आश्वासन गर्नुहोला । पाल्नुहोस्, कुशलपूर्वक कृतार्थ भएर तपाईंलाई फर्की आएको देख्न पाऊं ।'

यति भनेर युधिष्ठिर चुप लागेपछि लोकको संहारमा चकित भएका भीम, अर्जुन र नकुलले एकै मुख गरेर श्रीकृष्णसँग भने, "भगवान् ! तपाईं पाल्नुहुन्छ भने, कुरुराजलाई जसरी हुन्छ हामीसँग सन्धि गर्ने गराउनुहोला । भेदको कुरा उनका सामने एक पनि नगर्नुहोला । यही विन्ती गर्दछौं ।" यी तीन जनाको कुरा सुनेर सहदेवले भने, "म त सन्धि गर्ने कुरामा सम्मत छैन । जसरी हुन्छ दुर्योधन हामीसँग सन्धि नगरुन्, यही काम तपाईं उहाँ गएर गर्नुहोला । हामी जस्ता भुजवीर्यसम्पन्न क्षत्रियकुमारले शत्रुले आफ्नाउपर गरेको सकल अपराधलाई बिर्सी प्रतीकारमा विकुण्ठित चित्तद्वारा कदापि मानको आशा राख्नु उचित छैन ।" सहदेव यति भन्दै थिए, सहसा द्रौपदी अगाडि गएर भन्न लागिन्, "भगवान् ! पाण्डवहरूको अवस्था यहाँलाई विदितै छ । कुरुराजका सभामा दुःशासनद्वारा मेरो दुर्दशा भएको उहाँहरूले बिर्सिसक्नुभयो । अहिले उहाँहरू आपाततः कौरवदेखि निर्वैर भइसक्नुभएको छ, यसैले सन्धिका निमित्त तपाईलाई उहाँहरू प्रेरणा गर्नुहुन्छ, अज्ञातवासबाट मुक्त भएका उहाँहरूले गर्भनिर्गत बालकले गर्भवासको दुःख बिर्सेझैं शत्रुबाट भएको पराभवलाई बिर्सनुभयो । उहाँहरूले लोभ, प्रवास र दैन्य इत्यादिको दुःसह वेदनावश मलाई बिर्सिसक्नु उचित थिएन । उहाँहरूको दृष्टिमा त्यही उचित ठहरेछ । त्यसमा मैले खेद मान्नु व्यर्थ छ । परन्तु के गरूं ? उहाँहरूले बिर्सेदैमा म आफ्नो त्यो दुर्दशालाई कदापि बिर्सन सक्तिनं । यदि उहाँहरू चुप रहिदिनुहुन्छ भने मेरा भाइ धृष्टद्युम्न नै अघि सरेर कौरवसँग लडी मेरा शोकवह्निलाई शान्त गराउलान् । तपाईं व्यर्थ पाण्डवका निमित्त कौरवसभामा आफ्नो अस्तित्वलाई प्रकट गरी सन्धिको प्रस्ताव नउठाउनुहोला ।" यति भनेर दुःखाग्निका धूमले आकुलित दृष्टिद्वारा गिरेका निरन्तर अश्रविन्दुले मुक्ताहारको भ्रम गराउँदै द्रौपदी चुप लागिन् । उनको त्यो अवस्था देखेर श्रीकृष्णले भन्नुभयो- "क्षत्रिये ! धन्दा नमान, अब शीघ्र नै सपत्ननारीहरूलाई करकमल र नयनबाट कङ्कणमोचन गर्न लागेका तिमी देख्नेछौ ।"

यस्तो प्रकारसँग द्रौपदीको चित्त बुझाएर भगवान् श्रीकृष्ण पाण्डवहरूसँग बिदा हुनुभयो । सात्यकि पनि उहाँको पछि लागे । रेवती नक्षत्रले युक्त हेमन्ताम्भका दिन मित्रदैवत मुहूर्तमा भगवान् श्रीकृष्णले प्रस्थान गर्नुभयो । यसरी जाँदा भगवान् श्रीकृष्णको रथ साँझमा वृहत्कुल भन्ने ठाउँमा पुगेर खडा भयो । उहाँका साथ एक हजार फौज पनि गएको थियो । त्यस रात ती फौज समेत भगवान्ले त्यसै ठाउँमा विश्राम लिनुभयो ।

उता राजा धृतराष्ट्रले दूतद्वारा भगवान् श्रीकृष्ण पाल्नुभएको खबर थाहा पाए । त्यस कुराले गर्दा उनलाई अत्यन्त हर्ष भयो । उनले आफ्ना भीष्म आदि मन्त्री वर्ग

र पुत्र दुर्योधनका समक्षमा भने, 'भगवान् ! श्रीकृष्ण हाम्रा शिविरतिर आउनुभएको छ भन्ने खबर सुनिन्छ, यसकारण उहाँको सत्कार हामीले अवश्य गर्नुपर्दछ । त्यस कामका निमित्त नानाविध रत्नराशि र हस्त्यश्ववादी सामग्री लिएर हाम्रा मन्त्रीहरू उहाँको मार्गमा प्रस्तुत रहून् उहाँको सत्कारमा कुनै कमी नहोस् ।' राजाको यो कुरालाई पितामह र विदुरले पनि अनुमोदन गरे । परन्तु मानी दुर्योधनले हाँसी हाँसी भने, 'ठीक हो, पिताजी ! भनेभन्दा पनि अधिक गरेर हामीले श्रीकृष्णको सत्कार गर्नुपर्दछ । तर अहिले त्यो समय छैन । अहिले युद्धको कुरा उठेको हुनाले पाण्डवतर्फको मै एक बुद्धिमान् र शरण्य पुरुष हुँ भन्ने उनलाई पूरा घमण्ड छ । म गएपछि कौरवहरू त्यसै तर्सनेछन् भन्ने मनमा राखेर उनी यसतर्फ आएका छन् । यसकारण अहिले उनको सत्कार गर्नु हाम्रो बुद्धिमानी ठहर्दैन । यस बेला जसरी हुन्छ हामीले उनको घमण्ड नै तोड्नुपर्दछ । हामी बाटैमा उनलाई कैद गरेर पाण्डवका उपर आक्रमण गरौं । म ता प्रथमतः यही काम गर्नु नै उचित सम्झन्छु ।' दुर्योधनको यो साहस देखेर धृतराष्ट्र काँप्न थाले । भीष्मलाई असह्य भयो । उनले क्रोधपूर्वक भने, 'राजन् ! अब भरतकुलको आयुष्य क्षीण भयो, दुर्निमित्तसूचक यो तिम्रो पुत्र श्रीकृष्णरूप अग्निको ज्वालामा सलहभैं भस्मतावशेष नभइछोड्नेछैन ।' यति भनेर वस्त्र सम्हाल्दै पितामह भीष्म सहसा सभागृहबाट बाहिर निस्के । त्यस दिनको सभा विसर्जित भयो ।

भोलिपल्ट प्रातःकालमा आफ्नो नित्यकर्म समाप्त गरी भगवान् श्रीकृष्णले हस्तिनापुरमा प्रवेश गर्नुभयो । त्यस बेला उहाँको वेशरचना पनि विचित्र शृङ्गारले परिपूर्ण थियो । उहाँलाई नाना तर्कवितर्क मनमा लिएर नगरका सम्पूर्ण नरनारी कुतूहलसाथ हेर्दथे । यसरी जाँदाजाँदा भगवान्को रथ प्रथमतः राजा धृतराष्ट्रको दरबारमा पुगेर अडियो । उहाँका रथको मधुर शब्द सुन्नुभन्दा अघिबाटै कौरवराजाका पुरोहित द्वारदेशमा सत्कार सामग्रीका साथ खडा भएका थिए । उनले भगवान्लाई रथबाट उत्रनाका साथ यथार्थ सत्कारले सन्तुष्ट गराउँदै राजा धृतराष्ट्रका समीपमा उपस्थित गराए । राजाका साथ अधिकांश कुरुवृद्धहरू पनि बसेका थिए । केही बेर बसेर भगवान् श्रीकृष्णले ती सबैलाई कुशलप्रश्नादिले प्रमुदित गराउनुभयो । त्यति भएपछि अरू कुरा म भोलि गरूँला भनी भक्तवत्सल भगवान् त्यहाँबाट निस्केर विदुरको घरमा जानुभयो । पाण्डवमाता कुन्ती पनि अघिदेखि नै उहीं बसेकी थिइन् । उनलाई पुत्र पाण्डवहरूको कुशल समाचार सुनाएर भगवान् त्यताबाट फेरि दुर्योधनका घरमा जानुभयो । उनले नानाविध बाहिरी (देखौवा) सम्मानका साथ भगवान्लाई आज यहीं भोजन गर्नुहोस् भनी

निमन्त्रणा गरे । तर उनको कुटिलता भगवान्लाई सबै ज्ञात थियो । अतएव उहाँले बाहिरी शिष्टाचारद्वारा नै उनको चित्त बुझाएर फेरि विदुरका घरतर्फ प्रस्थान गर्नुभयो । विदुर भगवान्का अत्यन्त भक्त थिए । यसले उनको आतिथ्यसत्कार ग्रहण गरी प्रेम-कथाका साथ भगवान् त्यो रात त्यहीं बस्नुभयो ।

प्रातः कालमा भीष्म, द्रोण, शल्य, सिन्धुराज र अरू हजारौं राजवर्गले कुरुराजको सभा पूर्ण भयो । भगवान् श्रीकृष्ण पनि आफ्नो नित्यकर्म समाप्त गरेर दुर्योधनलाई अगाडि लगाई त्यस सभाभवनमा प्रविष्ट हुनुभयो । यसैबेला नारदादि महर्षिहरू पनि त्यहाँ उपस्थित भए । उनीहरूको यथार्थ सत्कार भइसकेपछि परस्परको अभिवादनपूर्वक सारा सभ्य मण्डलीले पनि भगवान्का उक्तिको प्रतीक्षा गर्दै आफ्नो आफ्नो आसनलाई अलङ्कृत गराए । यसरी भगवान् श्रीकृष्ण, नारदादि महर्षि र अनेक राजमण्डलले युक्त हुँदा कुरुराजको सभाभवन मानौं सुधर्मा (देवसभा) को भान गराउला भने जस्तो देखियो । त्यस बेला सारा सभ्यमण्डलीको दृष्टि भगवान्का वरनारविन्दका तर्फ खिचिएको थियो । अब भगवान् के भन्नुहुन्छ भनी सबै उत्कण्ठित थिए । सबैको यो अवस्था देखेर भगवान् श्रीकृष्ण फूर्तिसाथ मेघगर्जनको आडम्बरलाई तिरस्कृत गराउँदै बोल्न लाग्नुभयो-

'म जगत्को हितका निमित्त र कुरुकुलको अभ्युदयलाई चिरस्थित गराउनानिमित्त पाण्डवको दूत बनेर यहाँ आएको छु । मलाई जगत्को विनाशकाल उपस्थित हुन लागेको देखेर बहुतै खेद पैदा हुन्छ । यसकारण त्यसको शान्तिका निमित्त निष्पक्षताका साथ यस सभामा म आफ्नो वाचलता प्रकट गर्दछु । त्यसमा भीष्म, धृतराष्ट्र, द्रोण, कृप आदि सम्पूर्ण विद्वान्हरूले विवेकसाथ विचार गर्नुपर्दछ । यथार्थ मन्त्रणा दिन नसक्ने मनुष्यले प्रथमतः सभामा प्रवेशै नगर्नु, गरेपछि गुणीजनले उचित कुरा बोल्नैपर्दछ । गुणका साम्राज्यमा नै आजतक कुरुकुल रहेको छ । कुलभिमान रूप आचरणले नै सत्पुरुषको श्री सुशोभिता हुन्छिन् । अतएव म यस सभामा प्रथमतः महाराज धृतराष्ट्रलाई सम्बोधन गरेर भन्दछुः-

महाराज ! तपाईं भरतवंशी कुरुकुलोत्पन्न पुरुष हुनुहुन्छ । यस कारण तपाईंले पुत्रस्नेहका वशमा परेर यस कुमार्गको गतिलाई बढाउनु उचित छैन । तृष्णा नै प्रधान कारण भएको सुख-दुःख त्याग गर्नेका कुललाई क्षणविस्मृतिक संसारका विकारले दबाउन सक्तैन । जसको शिर विनयले अवनत छ, जसको चित्त करुणाले पूर्ण छ, जसलाई वैररूप आदिले ग्रस्त गरेको छैन त्यस सत्पुरुषका हिसाबमा रजनी पनि अवश्या छन् । संसारका उपर जसको प्रेम र विश्वास छ, जो अलोभरूप विभवका अर्थी छन् जो सत्यका पक्षपाती छन् उनको सुहृद् छ ।

आफ्ना बन्धुबान्धवलाई निवृत्त गराएर लोभवश सञ्चित गरिएको श्री श्मशानानलको शिखाबराबर हो । जुन घरमा बन्धुजन र सुहृद्गण निजगृहवत् भोगविलास गर्न पाउँदैनन्, त्यो घर स्वपर्याप्त मांसले पूर्ण भएको पक्कण (शवरायल) सदृश हुन्छ । ऐश्वर्य भईकन मृग नयनाको भोग्य हुन पाउनु र सूक्ति भइकन विद्वद्भोग्य हुन पाउनु यो एक प्रकारको नवयौवना आरोहण गर्नु हो । विवेकले अलङ्कृत चित्त, गुणले विवर्धित रूप, सुहृद्बन्धुजनले परिवेष्टित ऐश्वर्य यी सब कुरा खास प्राक्तन पुण्य कर्मका चिह्न हुन् । मित्र बान्धवका विपक्ष र जडसङ्ग्रहकारक पापीजनको विभूति मेघको अचिरद्युति समान छ । साधुजन जसका मित्र छन्, उत्पथगमी पुत्र जसको शत्रु छ, त्यस्तै पुरुषद्वारा यो जगत् वसन्तले सुशोभित उपवनझैं विभूषित हुन्छ । जसले विनयरूप रत्नमुकुट, सच्छास्त्ररूप मणिकुण्डल र त्यागरूप कङ्कण पहिरेको छ, उसलाई जडमण्डनको प्रयोजन छैन । यसकारण राजन् ! तपाईं आफ्नो चित्त सम्हाल्नुहोस् । अहिले परस्पर विरोधले गर्दा कौरव, पाण्डव र अरू अनेक राजाहरूको विनाशकाल उपस्थित भएको छ । यो विद्वेषवहिनको उपेक्षा गर्नु योग्य छैन । कालान्तरमा यस वंशसङ्घटनबाट उठेका विकटवहिनले सारा लोकलाई भस्मावशेष गराउनेछ । भक्तको परित्याग गर्नु, स्वजनमा नृशंसता राख्नु र बलवान्का साथ विरोध गर्नु विपद्को अङ्कुर पैदा गराउनु हो । यस सुधासागर र कमलाको कर जस्तो यो राजचक्र विनष्ट भएपछि तपाईंलाई पश्चात्तापसिवाय केही हात लाग्नेछैन । तपाईं परस्वहरणनिमित्त यस राजवर्गलाई व्यर्थ किन मराउनुहुन्छ ? अङ्गारका निमित्त चूतचम्पकको वनलाई कोही जलाउँदैन । बलवान्का साथ विरोध गरेर प्राप्त भएको श्री विटजनका हाहामा दरिद्रीको उत्सव (जाफत) जस्तै दुःखदायक हुन्छ । अर्थविना विजयमा उद्यत भएका राजाको काम कदापि राम्रो गरी चल्दैन । त्यसकारण विजयेच्छु राजाले अर्थसङ्ग्रह गर्नैपर्दछ । परन्तु त्यो अर्थ बान्धवहरू नै हुनुपर्दछ । बान्धव सङ्ग्रह गर्नु नै अर्थ सङ्ग्रह गर्नु हो, त्यसैलाई बुद्धिमान्हरू महाधन सम्झन्छन् । अहिले तपाईंका अपेक्षामा अजातशत्रु धर्मराज जत्तिको सङ्ग्रहीतव्य र स्नेहयन्त्रित बन्धु कुनै छैन । जसको आज्ञालाई पृथ्वीमण्डलका सम्पूर्ण राजाहरू मुकुटसदृश धारणा गर्दछन् उनलाई तपाईंले चिढ्याउनु सर्वथा उचित देखिँदैन । करिकुम्भरूप स्तनभारले विनम्र भएकी, खड्ग वेणीले सुशोभित र चामरस्मितलाई धारणा गरेकी राजलक्ष्मी भीमसेनविना अरू कसैको आश्रय ग्रहण गर्नेछैनन् । आजतक जसका घरमा हिरण्यपुरवासीका शङ्खध्वनिले प्रौढ गाण्डीवध्वनि शान्त भइरहेको छ, उस्ता र शङ्करलाई समेत सङ्ग्राममा सन्तुष्ट गराउने इन्द्रसून (अर्जुन) को वीरतालाई

बिर्सेर संसारमा को निःशङ्क रहन सक्ला ? तस्मात् प्रज्ञाचक्षु ! तपाई सैन्यहरूले दिग्विदिक्मा फैलिन लागेको राजमण्डललाई फर्काउनुहोस् । पाण्डवहरूसँग यसरी शत्रुता बढाउनु मेरो विचारमा असल देखिँदैन । उनीहरू अहिले खालि पाँच गाउँ पाए मात्र पनि सन्तुष्ट छन्, म ता पाँच गाउँ दिएर यो विषम समस्याको निपटारा गराउनु नै सर्वसम्मत देख्तछु ।"

श्रीकृष्णको यस कुरामा सारा सभ्यजनको चित्त ता बुझ्यो तर उनीहरू कसैले पनि त्यस कुराको प्रत्यक्षतः अनुमोदन गरेको देखिएन । यसैबीचमा द्रोणले खडा भएर भने, "श्रीकृष्णबाट आज्ञा भएको ठीक हो तर खेद छ, कुरुराज यस जगत्को हित हुने कुरालाई स्वीकार गर्दैनन् । उनी अहिले प्रमत्त छन् । यसैले उनी अपराधोन्मुख भइरहेछन् । अघि युद्धका निमित्त निहुँ खोजेर जगत्भर घुम्दै हिँडेका दम्भोद्भवको नरनारायणद्वारा जुन गति भएथ्यो सोही गति यिनको पनि अवश्य हुनेछ । मूर्खहरू धोखा नखाई कदापि शान्त हुँदैनन् । दम्भोद्भवको चाल अहिले पूरापूर कुरुराजले लिएका छन् । यसकारण प्रज्ञानयन ! तपाईं विजयशश्चन्द्रको संहारक कृष्णपक्षसमान दुष्पुत्रका स्नेहमा नपर्नुहोस् । यही मेरो प्रार्थना छ ।" द्रोणको यस कुरालाई धेरैले समर्थन गरे । परन्तु दुर्बुद्धि दुर्योधन सो कुरालाई किन सुन्दथे ? उनले आफ्नो हात्तीसुँडे तिघ्रामा थपरी मारेर त्यस कुरालाई ठट्टामा उडाइदिए । यति मात्र होइन कि उही आफ्नो छाती र कर्णको तर्फ दृष्टि दिएर पाउका बूढीआँलाले भुइँमा कोर्दै भन्न थाले, "तपाईंहरू आफैं विचार गर्न सक्नुहुन्छ कि "म माग्दछु" "विहार गर्दछु" "बोलक्कड छु" "शत्रुलाई मार्दछु" "प्रेम गर्दछु" भन्नु यो मूर्खता मात्र हो । मनुष्यले गरेर हुने कुरा केही छैन । जन्मकालमा भालपट्टामा जो लेखिएको छ त्यही मनुष्यलाई शुभाशुभ कर्ममा प्रेरणा गर्दछ । भाग्यलेखा उल्लङ्घन गर्न दैव पनि समर्थ छैन ।"

दुर्योधनको हठ देखेर नारदले खेदसाथ भने, "हठी जनका चित्तमा दुःखहरू पैदा गराउनका निमित्त बीजारोपण कसैले गर्नुपर्दैन । त्यो विष वृक्षझैं स्वयम् उत्पन्न हुन्छ ।"

यस्ता प्रकारसँग नारद र अरू वृद्धजनहरूले उपदेश गरेको सुनी धृतराष्ट्र, कृष्ण, भीष्म, द्रोण र गान्धारीले एकै मुख भएर दुर्योधनलाई भने :

भाइ फुटेपछि खुल्यो गृहछिद्र सारा ।
वर्षाउँछन् रिपुहरू करवालधारा ॥
विध्वस्त हुन्छ कुलसम्पतिराज्यमान ।

आखिरमा विवश भैकन जान्छ ज्यान ॥
हुन् खास पाण्डवहरू यदि अंशभागी ।
राजन् ! बुझाउ उनलाई, नहोउ दागी ॥
यो काममा हठ लिएर हुँदैन लाभ ।
देऊ यथार्थसित अंश नराख गाभ ॥

यो कुरा दुर्योधन किन सुन्दथे ? दुर्बुद्धिहरूको हितका कुरा नसुन्ने नै स्वभाव हुन्छ । कारण,

अनेक अर्ती, उपदेश, शिक्षण ।
विभीषिका, ताडन, बोध, तर्जन ॥
उपाय लाखौं गर तापनि रती ।
सुमार्गमा हुन्न प्रवृत्त दुर्मती ॥

यस नीतिलाई सार्थक गराउँदै ससम्भ्रम दुर्योधनले भने, "भवितव्यतालाई टार्न कसैले सक्तैन, युद्धमा जय हुन्छ वा पराजय हुन्छ यसमा पनि सन्देहै छ । आखिर एक पटक मृत्युवश सबैले हुनैपर्दछ, सो मृत्यु युद्धमा भएको छ भने स्वर्गप्रद हुन्छ, यसकारण म यी दुवै पक्षलाई समर्थन गर्न सक्तिनँ । परिणाममा अशिक्षित मनस्वी जनको मूल्य पृथ्वी नै छन् । मनुष्यलाई शत्रुका उपर प्रणत हुनाले एक कौडीको लाभ हुन सक्तैन । तस्मात्, गर्वी, वेराक्त र अभिमानी पाण्डवहरू मबाट सूच्यग्रपरिमित भूमि पनि पाउन योग्य छैनन्, पाँच ग्रामको कुरै पर रहोस् । यति भन्दै श्रीकृष्णलाई पक्रने निश्चय गरेर कर्णका साथ दुर्योधन सभाबाट निस्के ।

दुर्मन्त्रणा कदापि गुप्त रहन सक्तैन । दुर्योधनको गुप्त रहस्य सात्यकिले चेष्टाद्वारा नै चाल पाएर श्रीकृष्णलाई बताए । यसैबीचमा उहाँलाई पक्रेर कैद गर्ने सल्लाह ठीक गरी दुर्योधन फेरि सभाभवनमा आए । उनी आएको र उनको चेष्टा देखेर भगवान् श्रीकृष्णलाई अत्यन्त क्रोध उठ्यो । उहाँले तत्कालैमा त्यस सभाका बीचमा आफ्नो अलौकिक विश्वरूपलाई प्रकट गराउनुभयो । उहाँका त्यो अद्भुत र उग्रतर जगन्मय रूप देखेर कुनै सभासद्हरू त्यहाँ टिक्न सकेनन् । दुर्योधन पनि छातीमा हात राखेर बेपत्ता भए । यति भएपछि भगवान् श्रीकृष्ण सो आफ्नो विश्वरूपलाई छिपाएर त्यहाँबाट निस्की कुन्ती भएको ठाउँमा जानुभयो । उहाँलाई देखेर पुत्रहरूको कुशल प्रश्नका अनन्तर कुन्तीले भनिन्, "वत्स ! तिमीले यहाँबाट गएर युधिष्ठिरलाई मेरा तर्फबाट भनिदिए कि ब्राह्मणोचित आर्जव क्षत्रियलाई सुहाउँदैन । अमोघ वचन भएका भूपालशिरोमणि तिमीले तुच्छ दुर्योधनसँग याचना

गर्नु बहुतै लज्जाजनक कुरा हो । उनको पापाचार र पापीको सङ्ग तिमीलाई थाहै छैन । विनाविचार, व्यवहारपराङमुख भएर तिमीले यो जडतालाई धारण गर्नु सर्वथा उचित छैन । यो जाड्य केवल अष्टाकपाल विप्रलाई मात्र सुहाउँछ । क्षमा शर्वाशमा राजाको आभरण हुन सक्तैन । क्रोधलाई बिर्सेर कृतागस्क शत्रुका उपर जो क्षमा राख्तछ त्यो पितामाताका हिसाबमा गिन्ती मात्रको पुत्र कहलाउँछ । कण्टकवान् वृक्ष बरु बढिया छ, अग्निविहीन शमी केही काम छैन । बरु बन्ध्या माता असल छ, निस्तेज पुत्रकी माता बेकाम छ । अधि विदुला भन्ने कुनै वीरवधूले आफ्ना पुत्र सञ्जय भन्ने राजालाई यही कुराले सङ्ग्राममा उत्साहित गराइथिन् । सो कुरा तिमीले पनि सुनेकै होउला । युधिष्ठिरलाई यति भनी अर्जुन, भीम, नकुल, सहदेव यी चारै भाइलाई पनि उत्तेजित गराए । अरू कुरा तिमी आफैं जान्दछौ, म के भनूँ ।" यति भनी कुन्ती चुप लागिन् । उनीसँग बिदा भई भगवान् पनि दारुक सारथिले हाँकिएको रथमा चढेर पाण्डवको शिविरतिर फर्कनुभयो ।

बीच बाटामा आइपुगेपछि कर्णलाई भेटेर आफ्ना रथमा बसाली श्रीकृष्णले भन्नुभयो, "कर्ण ! तिमी कुन्तीका सर्वप्रथम पुत्र होऊ । तिमीले पाण्डवको पक्ष लिनुपर्दछ । किनभने कसैले आफ्नो पक्ष छोडी अर्काको पक्षमा लाग्नु ठीक छैन । तिमी दुर्योधनका पक्षमा मिल्नुको कारण के हो ?" यो कुरा सुनी कर्णले भने, "हजुरबाट आज्ञा भएको कुरा साँचो हो । म पनि कुन्तीकै छोरा हुँ, मैले युधिष्ठिरकै पक्ष लिनुपर्ने हो । तर मलाई बाल्यावस्थादेखि नै उहाँले त्याग गर्नुभयो । उस कालदेखि मेरो पालन-पोषण सब अधिरथ र उनकी पत्नी राधाबाट भएको छ, अझैसम्म हुँदैछ । यसकारण मेरा सच्चा पिता अधिरथ र सच्ची माता राधा नै हुन् । फेरि दुर्योधनले आजसम्म सब तरहबाट मेरो संरक्षण गरेका छन् । यसकारणले मैले उनैको भलो चिताई प्राणत्याग गर्नु उचित छ । अहिले दुर्योधनको पक्ष छोडी पाण्डवको पक्ष लिएँ भने मैले कृतघ्नताको मुख्य उदाहरण बन्नुपर्नेछ । यसकारणले पाण्डवका पक्षमा मैले रहनु सर्वथा उचित छैन । मलाई अर्जुन मार्नेछन्, दुर्योधनको भीमद्वारा वध हुनेछ । युधिष्ठिरले निष्कण्टक राज्य गर्नेछन् । यो कुरा मैले निज स्वप्नद्वारा पनि यथार्थ परिचय पाएको छु । तर जे भए पनि मैले दुर्योधनको पक्ष त्याग गर्नुभएन । यसमा म लाचार छु । यो कुरा पाण्डवहरूकहाँ जाहेर नहोस् । उनीहरूले मलाई आफ्नो दाज्यू रहेछन् भन्ने चाल पाए भने कदापि यो युद्ध उठाउने छैनन् । नलडी युधिष्ठिरलाई यो राज्य कदापि मिल्नेछैन । भगवान् ! यस कुरालाई गुप्त राख्नुहोला ।" यति भनेर श्रीकृष्णसँग

बिदा भई कर्ण आफ्ना घरतर्फ गए । भगवान्‌ले पनि रथ बढाउनुभयो ।

श्रीकृष्ण फर्केपछि एकान्तमा विदुरले कुन्तीलाई भने, "भाउज्यू ! दुर्योधनको हाल तपाईंले पाउनुभएकै होला । उनी हाम्रा कुनै कुरा सुन्दैनन् । भगवान् श्रीकृष्णको पनि उनले बहुतै अपमान गरे । यसउसले उहाँ पनि यिनीसँग चिढिनुभएको छ । अब सङ्ग्राम नभइछोड्ने छैन, सो भएपछि पृथिवीमा क्षत्रियको राज रहन्छ वा रहँदैन यो कुरा भन्न सकिँदैन । दुर्योधनलाई हामीले केही गरे पनि शान्तिमार्गमा प्रवृत्त गराउन सकेनौं । तपाईंबाट हुन सक्छ भने केही यत्न गर्नुहोस् ।" विदुरका यी कुरा सुनेर कुन्तीलाई बडो चिन्ता भयो । उनी भागीरथीका तटमा बसेर जप गर्न लागेको बेला पारी कर्णसँग गएर भन्न लागिन्, "बाबू ! तिमी मेरा कानीन पुत्र होऊ । युधिष्ठिर आदि तिम्रा सहोदर भाइ हुन् । तिमीले दुष्ट दुर्योधनको हाहामा लागेर आफ्ना सहोदर भाइको नाश गराउनु उचित छैन । आफ्ना भाइ मिलेर सुखपूर्वक पृथिवीको भोग गर । दुष्ट कौरवको दास भएर नबस । यत्ति कुरा सम्झाऊँ भनी म यहाँ आएकी हुँ ।" माता कुन्तीका प्रिय वचन सुनेर कर्णले उनलाई अघि श्रीकृष्णलाई दिएकै जबाब दिए । उनले विशेष गरेर यो कुरा पनि भने, "माताजी ! तपाईंका पाँच छोरा घट्नेछैनन् । अर्जुनबाहेक अरू पाण्डवको प्राण लिनेछैन । अर्जुनसमेत पाँच वा मसमेत पाँच तपाईंका छोरा अवश्य रहनेछौं । अर्थात् अरूसँग खालि देखौवा लडाइँ गर्नेछु; अर्जुनसँग मात्र आफ्नो भएको शक्ति प्रकाश गरूँला ।" यति भनेर कर्ण आफ्ना काममा लागे । कुन्ती पनि विदुरका घरतिर फर्किन् ।

यता कुरुराजकहाँबाट फर्केका श्रीकृष्ण पाण्डव भएका ठाउँमा पुग्नुभयो । उहाँको दर्शन पाउँदा पाण्डवहरू पनि प्रहर्षित भए । उनीहरूलाई भगवान्‌ले कौरवतर्फको सारा हाल विस्तार गर्नुभयो । सो हाल सारा पाण्डवी सैन्यमा पनि फैलियो । उनीहरू उत्साहपूर्वक ससम्भ्रम युद्धको आयोजनामा तत्पर भए रणसामग्री ठीक भएपछि श्रीकृष्णका आज्ञाअनुसार पावकजन्मा धृष्टद्युम्नलाई पाण्डवहरूले सेनापति बनाए । उनलाई सेनापति पाउँदा सारा सैन्य पनि प्रहर्षित भयो । यति बन्दोबस्त गरी महाराज युधिष्ठिर ठूलो फौज साथमा लिएर कुरुक्षेत्रतर्फ लागे । उनका त्यस सैन्यका कोलाहलले प्रलयकालको घनगर्जनलाई तिरस्कृत गराउन थाल्यो । हात्ती, घोडा र रथले उडाएको धूलीपटल बल्न तयार भएका शत्रुबहिनको धूममण्डल जस्तो देखियो । सूर्यका किरणले देदीप्यमान भटहरूका आभूषणले स्वर्णनिर्मित बाणसन्ततिको शोभा हरण गर्न थाल्यो । अगाडि हिंडेका बन्दीजनले गान गरेको निज यश सुन्दा वीरहरू आफूलाई इन्द्रदुर्जय सम्झन थाले । हात्तीका

कर्णजालले उडाएका सिन्दुररेणुले नभस्तटीलाई रुधिरावर्तले पूर्ण जस्तो गराउन थाल्यो । यसरी जाँदा जाँदा पाण्डवका सेनाले हिरण्यवती नदीका किनारामा डेरा जमायो । सारा फौजले आफ्नो आफ्नो शिविर तयार गरे । सो तयार भएपछि उनीहरू श्रीकृष्ण र अर्जुनका आज्ञाअनुसार सावधानीसाथ निजनिज शिविरमा प्रविष्ट भए । यसरी शिविर बाँधेर शङ्खदुन्दुभिको ध्वनि फैलाउँदै पाण्डवी सैन्य त्यस ठाउँमा बस्नाले सारा पृथ्वी नै शब्द गर्न लागेकी छन् कि भने जस्तो भान हुन थाल्यो ।

उता हजारौँ राजवर्गका साथ पृथ्वीलाई मानौँ ध्वजच्छब्दमयी नै बनाउँछन् कि भनेझैँ गरेर कुरुराजले पनि युद्धयात्राका निमित्त प्रस्थान गरे । त्यस बेला उनको शोभा विचित्रको देखिन्थ्यो । आफ्नो एकादश अक्षौहिणी सैन्यलाई हाँक्न लागेका उनी सहस्र किरणलाई आकर्षण गर्न लागेका भगवान् सहश्ररश्मि र सहस्रौँ सरिद्गणलाई आकर्षण गर्न लागेका सरित्पति जस्ता देखिन्थे । उनका गजशैलद्वारा आकुलित सैन्यमण्डलले म्यानबाट निकालिएको तरबारहरू पृथ्वीले थिचेर पाताल विवरबाट उठ्न लागेका सर्पझैँ देखिन्थे । यसरी आफ्नो सैन्य चल्न लागेको देखेर कुरुराजलाई अतिशय हर्ष भयो । यसैबीचमा द्रोण, कर्ण, कृप आदि महावीरका साथ उपस्थित भएर देवव्रत (भीष्म) सँग भने, "पितामह ! यस सैन्य मण्डलमा हजुर जस्तो वीर र वृद्ध पुरुष कोही छैन । अतएव हजुरै प्रथमतः यस सङ्ग्राममा कार्तिकेयझैँ सेनापति बन्नुहोस् ।" यो कुरा सुनेर भीष्मले भने, "बेस हो, म सेनापति भएँ । अहिल्यै पाण्डवसँग लड्दछु, मैले धनु उठाएँ । म दिनको दश हजार योद्धालाई नमारी यस धनुको अवरोपण (ओराल्नु) नै गर्नेछैन । आफू सेनापति बनुन्जेललाई मैले यो प्रतिज्ञा गरेँ ।" यस्तो प्रतिज्ञा गरेर भीष्म चुप लागेपछि उनलाई कुरुराजले सैनापत्यमा अभिषेक गरे । त्यसै बेला बज्रको जस्तो आवाज निकाल्दै सहसा पृथ्वी पनि काप्न लागिन् । यति भएपछि कुरुराजले फौज चलाउने हुकुम दिए । उनको आज्ञाअनुसार आ-आफ्ना हातहतियारले सुसज्जित भै कौरवसैन्य चल्न थाल्यो । केही बेरमा उनका सैन्यले कुरुक्षेत्रमा पुगेर आ-आफ्ना शिविरलाई अलङ्कृत गरायो ।

पाण्डवी सेनामा कौरव सेनापति भीष्म भए भन्ने खबर फैलियो । राजा युधिष्ठिरका कानमा पनि यो कुरा पुग्यो । उनलो आफ्ना सारा सैन्यलाई एकत्र गराएर आफ्ना भाइ र श्रीकृष्णका सामने भने, "आज सबभन्दा पहिले हाम्रो महातेजस्वी पितामहसँग युद्ध हुन आँट्यो । उहाँको पराक्रम सबैलाई विदित छ । पुरुषार्थमा उहाँको अगाडि इन्द्रको पनि गिनती छैन । अरूको ता के कुरा ?

उहाँको यस त्रिदशाङ्गनाहरूसमेत गान गर्दछन् । यसकारण उहाँसँग लड्दा हामीले बहुतै सावधानी राख्नुपर्दछ । हेलाले उहाँलाई कदापि जित्न सकिँदैन । यसका निमित्त युद्धका धुरन्धर भगवान् श्रीकृष्णको आज्ञाअनुसार जे गर्नुपर्दछ हाम्रो सारा सैन्य गरोस् ।" यति भनी श्रीकृष्णका आज्ञाअनुसार महाराज युधिष्ठिर सेनाको खटनपटनमा लागे । उसमा इन्द्रसदृश पराक्रमी विराट, द्रुपद, शैनेय, धृष्टकेतु, शिखण्डी, मागध र पार्षत यी सात राजाहरूलाई सेनापतिको काम मिल्यो । यी सातभन्दा उपर भएर हेरविचार गर्नका निमित्त धृष्टद्युम्न खटिए । उनभन्दा पनि उपर भएर सारा सैन्यको हेरविचार गर्ने श्रीकृष्णसहित अर्जुन भए । यस प्रकारले अरू अरू युद्धसम्बन्धी सारा बन्दोबस्त पनि ठीक भयो ।

यसैबीचमा कौरव र पाण्डवको युद्ध हुन आँट्यो भन्ने सुनेर बलभद्रजी त्यहाँ आइपुग्नुभयो । अर्जुन र दुर्योधन उहाँका पूरा प्रिय शिष्य थिए, यसकारण उनीहरू परस्पर नबिग्रून् भन्ने आशयसँग उहाँ पाल्नुभएको थियो । परन्तु त्यस बेला सन्धि प्रस्ताव उठाउनु नै व्यर्थ थियो । यो सुनेर बन्धुयुद्ध हेर्नु ठीक छैन भन्ने हिसाबसँग बलभद्रजीले श्रीकृष्ण र युधिष्ठिरसँग बिदा भई उसै बेला तीर्थयात्राका निमित्त प्रस्थान गर्नुभयो । उहाँ गएका केही बेरपछि रुक्मिणीका दाज्यू कुण्डिन नगरका राजा रुक्म, महेन्द्रविजय नामक धनु हातमा लिएर त्यहीं आइपुगे । उनले साथमा एक अक्षौहिणी फौजसमेत लिएर आएका थिए । आउनाका साथ मदमत्त उनले चारैतर्फ आँखा घुमाउँदै अर्जुनसँग भने, "अर्जुन तिमीले डराउनुपर्दैन । यी म आइपुगैं; तिम्रा सहायक भएर म यस सङ्ग्राममा भीष्म र द्रोण प्रभृत्तिको घमण्ड उतार्नेछु ।" रुक्मको यो कुरा सुनेर धीरताका साथ अर्जुनले भने, "महाराज ! तपाईं यस पृथिवीतलमा भीतत्राणका निमित्त घुम्नुहुँदो रहेछ । यो तपाईंको व्रतलाई धन्यवाद छ । अघि निवातकवचको वध गर्दा, गन्धर्वहरूसँग युद्ध हुँदा र विराटको गाई लुटिँदा तपाईं जस्तो सहायक पाएको भए म के गर्थें के गर्दिनथें ? तर खेद छ, उस बेला तपाईं हुनुभएन, ईश्वरले एक्लो मैबाट सो काम पूरा गरायो । अब पनि आशा छ कि यस युद्धमा पनि ईश्वरको अनुग्रह रहन्यै छ । व्यर्थ तपाईंलाई किन दुःख दिऊँ । तपाईं फकर्नुहोस् । मलाई सहायकको अपेक्षा छैन ।" अर्जुनले सावज्ञा यस्तो जवाफ दिएको सुनेर दर्पान्ध रुक्म त्यहाँबाट निस्केर दुर्योधनकहाँ गए । उहाँ पनि उनले उस्तै फूर्ति प्रकट गरे । तर दुर्योधन पनि अर्जुनभन्दा कम थिएनन् । उनले अर्जुनले भन्दा कडा जवाफ दिएर रुक्मलाई फर्काइदिए । यसरी दुवै पक्षबाट परास्त हुनाले रुक्म साह्रै नै निस्तेज भएर त्यसै आफ्नो राजधानीतर्फ फर्के ।

कुरुक्षेत्रतिरको हाल यत्तिकै थियो । उता हस्तिनापुरमा रहेका वृद्ध राजा धृतराष्ट्रले पुत्र स्नेहले परिलुप्त भएर दिव्यदृष्टिवाला सञ्जयसँग भने, "सञ्जय ! मेरा पुत्रहरू र पाण्डवहरूको सङ्ग्राम हुन लाग्यो होला । उहाँको हाल के-के छ सबै बताऊ ।" यो सुनेर सञ्जयले भने, "महाराज ! सङ्ग्रामको प्रारम्भ भएको छैन । महाराज दुर्योधनका तर्फबाट पाण्डवहरूलाई युद्ध जारी गर्नाका निमित्त खबर दिन भनी शकुनिका पुत्र उलूक खटिएर गएका छन् । उनलाई महाराजले उहाँ गएर भन्नु भनी यो आज्ञा दिएका छन् कि युद्धमा ढीलो नहोस् । अर्काको आश्रय लिएर हिँड्नेको काम यस्तै ढीलो हुन्छ । शीघ्र आफ्नो भएभरको सर्वस्व इष्टमित्रहरूलाई बाँडेर क्षणिक प्रियसमागमको अनुभव यथेष्ट पूरा गरी युद्धभूमिमा निस्क । थोरै बेरमा तिमीहरूले महापराक्रमी भीष्मका क्रोधानलको हवि हुनुपर्नेछ । यो कुरा उलूकले गएर पाण्डवका सभामा बयान गरे । सो सुन्दा श्रीकृष्ण र अर्जुनका नेत्रले भयङ्कर रूप धारण गरे । उनीहरू दुवै जनाले एकै मुख गरेर उलूकलाई यो जवाफ दिए, "उलूक ! राजा दुर्योधन अहिले कालपक्व छन् । उनले हामीलाई पराश्रय गर्न र दीर्घसूत्री ठहराउनु योग्यै हो, तर उनी जुन भीष्मलाई यस युद्धको परम परायण सम्झेर फूर्ति छाँट्छन् उनै भीष्मलाई भोलि बिहान गाण्डीवका शरद्वारा छिन्नभिन्न भएर जमिनमा गिरेको उनी देख्नेछन् । भोलि प्रातः कालदेखि युद्धको प्रारम्भ हुनेछ, यही कुरा तिमीले हाम्रा तर्फबाट भनिदिए ।" श्रीकृष्ण र अर्जुनबाट यो जवाफ लिएर उलूक फर्के । केही बेरपछि उनले कुरुराजका सभामा गएर यो सब कुरा वर्णन पनि गरे ।

उलूकले बयान गरेको पाण्डवसन्देश सुनेर कुरुराजले पितामह भीष्मसँग सङ्ग्रामका निमित्त उपस्थित भएका दुवैतर्फका रथी, अतिरथी को-को छन् ती कति छन् ? भनी सोधे । उनको प्रश्न सुनेर पितामहले भने, "राजन् ! तिमीतर्फ द्रोण, कृप, शल्य, जयद्रथ, काम्बोजनरेश, सुदक्षिण, भोजराज, कृतवर्मा, अश्वत्थामा, कर्ण, भूरिश्रवा, शकुनि र बाल्हीकनरेश यी एघार महारथी, अरू रथी र अतिरथी वीरहरू छन् । पाण्डवतर्फ युधिष्ठिर, नकुल, सहदेव, शङ्ख आदि गरिएका मत्स्यपुत्रहरू, बारक्षेपक, चित्रायुध, सत्यधृति, सेनाविन्दु, पौरव, पुरुजित, चन्द्रसेन, श्रेणिमान, विराट, द्रुपद इत्यादि अनेक महारथी धृष्टद्युम्न, शिखण्डी आदि गरिएका अतिरथी, भीमादि अष्ठरथीः अर्जुनादि शतरथीसमेत अनेक रथी, अतिरथी, शतरथीहरू तत्पर छन् । दुवैतर्फका साधारण रथी र अर्धरथीहरूको गिनती नै गर्नु कठिन छ । मुख्य मुख्य यिनै हुन् । ती सबै पाण्डवपक्षीय वीरहरूका साथ भोलि म युद्ध गर्नेछु । परन्तु एउटा स्त्रीरूप शिखण्डीसँग म लड्नेछैन । त्यस्तासँग युद्ध गर्नु वीरव्रतको विरुद्ध छ ।"

यति कुरा गरी दुर्योधन र भीष्म दुवै जना शयनस्थ भए । क्रमशः रात पनि बित्यो । भोलिपल्ट प्रातःकालमा उठेर दुवैतर्फका सैन्य युद्धयज्ञमा दीक्षित हुने प्रबन्धमा लाग्यो । यसैबीचमा दुर्योधनले पितामह भीष्मलाई प्रणाम गरेर यो कुरा भने, "पितामह ! तपाईं कति दिनमा यस पाण्डवसैन्यरूप समुद्रलाई पार गर्नुहोला ? गुरुजी (द्रोण) कति दिन लगाउनन् ? यस कुराले मेरो मनमा बहुतै सम्भ्रम पैदा गराएको छ, मेरो सम्भ्रमलाई दूर गराउनुहोस् ।" यो कुरा सुनेर पितामह मन्दास्मतका साथ मलाई ता महिना दिन लाग्दछ भन्ने जवाफ दिए । द्रोणले पनि महिना दिनको अवधि नियत गरे । कृपले दुई महिनाको अन्दाज गरे । अश्वत्थामाले दशै दिनमा म समाप्त गर्दछु भने । कर्णले पाँचै दिनमा पूरा गर्दछु भन्दै शौर्यमद प्रकट गर्न थाले । उता यही कुरा युधिष्ठिरले पनि आफ्ना पक्षमा उठाए । अर्जुनले अघि सरेर भने, "म योद्धा, श्रीकृष्ण सारथि, गाण्डीव धनुको प्रचण्ड वेग, सदाशिवको प्रिय पाशुपतास्त्रको प्रताप, यति कुरा भएपछि मर्त्यलोकको ता के कुरा त्रैलोक्यलाई उडाउन पनि मलाई बेर लाग्नेछैन ।" अर्जुनको यो साहस देखेर पाण्डवपक्षका सारा वीरमण्डलीका देहमा रोमाञ्च उठ्न थाल्यो । यसो हुँदाहुँदैमा शल्य, भगदत्त, जयद्रथ इत्यादि कौरवपक्षीय वीरहरू आफ्नो आफ्नो असङ्ख्य सैन्यका साथ गङ्गातनय (भीष्म) लाई अग्रसर गराई युद्धभूमिमा उपस्थित भए । यता पाण्डवतिरबाट कर्णाट, अश्वक, रुषिक, मत्स्य, अङ्ग, बङ्ग, सिन्धु, प्राग्ज्योतिष्, शाल्व, मालव, शक, किरात, सुह्य, क्राथ, चीन इत्यादि नाना देशका राजाहरू आ-आफ्ना शस्त्रास्त्रले सुसज्जित भई हात्ती, घोडा, रथमा खचाखच भएर स्वस्वसैन्यका साथ मानौं पृथ्वीलाई नै पातालतलमा धसाउँछन् कि भनेझैं समरक्षेत्रमा प्रस्तुत भए । ती दुवैतर्फका सैन्यले गर्दा कुरुक्षेत्रका मैदानको पाँच योजनाभन्दा अधिकांश प्रदेश पूर्ण भयो । त्यस मैदानको आधा आधा भाग फौजको किल्ला खडा गर्नानिमित्त दुवै पक्षबाट नियत, भयो । यस मैदानका पश्चिमी भागमा कौरवसैन्य खडा भयो भने पूर्वी भाग अर्थात् स्यमन्तपञ्चकको तटमा पाण्डवी सैन्यले किल्ला जमायो । यस तरहले सारा बन्दोबस्त ठीक गरी दुवै पक्षको सैन्य युद्ध समयको प्रतीक्षा गर्न थाल्यो ।

॥उद्योगपर्व समाप्त॥

□□□

भीष्मपर्व

लडाइँको समय नगिचै आइपुग्यो । फौज सबै आ-आफ्ना पक्षतिर गएर मिले । राजा-रैतीका घरघरमा स्त्री, बालक र वृद्धसिवाय अरू कोही बाँकी रहेनन् । सारा सोही लडाइँमा जम्मा भए । कौरवका सैन्यमा जताततै दारुण दुःशकुन मात्र प्रादुर्भाव हुन थाल्यो । त्यस रणभूमिमा ध्वजा हल्लेकाले मात्र यो फौज यताको हो भनेर जानिन्थ्यो । सेनाको ठेगानै थिएन । सबै शस्त्रास्त्रले सुसज्जित भइरहेका थिए ।

यसैबीचमा कृष्ण र अर्जुन शङ्खध्वनि गरेर चौधै भुवनलाई कँपाउन थाले । दुवैतर्फको युद्धनियम (घाबन्दोबस्त) यस्तो थियो कि विषम अवस्थामा परेकालाई र सेनाबाट छुटेकालाई प्रहार नगर्नु । लडाइँ छुटेपछि पनि कसैमाथि प्रहार नगर्नु । छातीदेखि तलतिर पनि नहान्नु ।

यसै बेला विषदपूर्ण धृतराष्ट्रकहाँ आएर व्यासजीले भने, "महाराज यस सङ्ग्रामका निमित्त पृथ्वीभरका सम्पूर्ण वीर वीर राजाहरू जम्मा भइरहेका छन् । पृथ्वीमा क्षत्रियको बीजसम्म पनि रहनालाई कठिन होला कि जस्तो भइरहेछ । यो सब कारबाही हेर्न नेत्रहीन हुनाले तिमी असमर्थ छौ; यसकारण म यो घनघोर लडाइँ हेर्नाका निमित्त तिमीलाई दिव्यदृष्टि दिन भनी आएको हुँ । तिमी सो लेऊ, यसले सारा रणभूमिको यावत् कुरा तिमीलाई प्रत्यक्षवत् थाहा हुनेछ ।"

मुनिवर व्यासजीको यस्तो कुरा सुनेर धृतराष्ट्रले भने, "भगवान् ! मलाई यो दिव्यदृष्टि चाहिँदैन, किनभने आफ्ना बन्धुको विनाश हेर्ने इच्छा मलाई छैन । दुर्लङ्घ्य भवितव्यतालाई मैले रोक्न सकिनँ । जो भयो, भइगयो जो छ उः पनि कसैले टारेर टर्नेछैन । हुन दिनुहोस् । यस दिव्यदृष्टि मलाई केही प्रयोजन छैन ।"

बूढा धृतराष्ट्रको यो विनीत निवेदन सुनेर व्यासजीले कृपापूर्वक सञ्जयलाई दिव्यदृष्टि दिएर भने, "महाराज ! यिनै सञ्जयले तिमीलाई युद्धको सम्पूर्ण हाल बताउनेछन् । यिनलाई मैले दिव्यदृष्टि दिएको छु । यिनले नजानेको कुरा त्यस लडाइँमा केही रहनेछैन । तर अबलाई मङ्गल कुरा देख्ने सम्भावना हराएको

देखिन्छ । हेर, आकाश पनि चारैतर्फ डढ्न लागिरहेछन्, मेघ पनि रगत वर्षाउन लागेका छन् । धूमकेतु पनि बखत बखतमा भयङ्कर रूपले उदाएको देखिन्छ । यस लडाइँमा पृथ्वीका धेरै राजाहरूको अन्त हुने सम्भावना छ । अर्जुनका तर्फ अग्निदेव पनि दक्षिणावर्त भएर बल्न लागिरहेछन् । अहिले उनको मन पनि प्रसन्न छ, उनीहरू धर्मात्मा पनि छन् । यसकारण अवश्य जयलक्ष्मीले पनि उनीहरूकै पक्षको आश्रय लिनेछन् । किनभने, "जहाँ धर्म उहाँ जय ।" एउटैले सयौँलाई जित्न पनि सक्तछ । सयौँले एउटालाई पनि जित्न सक्तैन । यस चञ्चल असिधाराको केही विश्वास छैन ।" यति भनेर व्यासजी आफ्ना स्थानतिर गए ।

उता लड्न गएका भीष्मले धेरै व्यूह रचना गरे । यो देखेर अर्जुनले पनि आफ्ना फौजको पूरा बन्दोबस्त बाँधे । दुर्योधन पनि आफ्नो सैन्यबल ठूलो छ भन्ने घमण्डले भुइँमा बसेका भए पनि स्वर्गमा पुगे जस्तै भए । यसैबीचमा भीष्मले आफ्नो शङ्खको ध्वनिद्वारा असङ्ख्य सेना जम्मा गरे । त्यसपछि अर्जुन पनि सो सेना भएको ठाउँमा पुगे । भगवान् श्रीकृष्ण अर्जुनका सारथि हुनुभएको थियो । अर्जुनले रणक्षेत्रमा आफ्नो गुरु कृपाचार्य र द्रोणाचार्य, पितामह भीष्म, मामा शल्य, दाजु दुर्योधन र उनान्सय भाइहरू र अरू पनि कोही शाला कोही भानिज, जेठान, भतिजा, भदाहा, फुपाज्यू, भिनाज्यू, जुवाइँहरूलाई देखे ।

रणक्षेत्रमा उपस्थित भएका सैन्यवर्गको हाल यत्तिकै थियो, उता यसैबीचमा राजा धृतराष्ट्रले फेरि सञ्जयसँग सोधे :

संक्षिप्त श्रीमद्भगवद्गीता[1]

धृतराष्ट्र–

१

उत्साहपूर्ण सब कौरव पाण्डवादी ।
जम्मा भइकन तहाँ दृढ वैर साधी ॥
के के गरे खुलस्त सबै बयान ।
हे वीर ! सञ्जय ! भिनो मनमा नमान ॥

सञ्जय–

२

हे नाथ ! को सब सैन्य हेरी ।
आचार्य चरणतर्फ गएर फेरि ॥
आज्ञा भयो नृप सुयोधनबाट एक ।
गाम्भीर्यसाथ गरि भित्र ठूलो विवेक ॥

३

पञ्चालित द्रुपनन्दनले विशेष ।
देखिन्छ शत्रुबल नाथ ! कराल वेष ॥
भीमार्जुन द्रुपद, भोज विराट आदि ।
धेरै महारथ जहाँ छन् सिंहनादि ॥

४

हाम्रो पनि हजुर भीम र वीर कर्ण ।
दुःशासनादि परिक्षित यो उदीर्ण ॥
सेना खडा छ छनता तर नाथ ! उस्तो ।
पर्याप्त छैन रणमा रिपुसैन्य जस्तो ॥

---

[1]पं. लेखनाथीय गीतासार

५

यै निम्तिमा अब हजुरहरू मिलेर ।
सेनाविभाग जकडीकन भीष्मनेर ॥
सारा खडा हुनुहओस फुकाइ छाती ।
आपत्ति गर्न नदिने गरि भीष्ममाथि ॥

६

राजेन्द्रको वचन यो सुनि हर्ष भारी ।
वर्षाउँदै कुरु - पितामह धैर्यधारी ॥
गर्जेर सिंहसरि शङ्ख झिकी तुरुन्त ।
थाले बजाउन भारी सब दिग्दिगन्त ॥

७

भेरी र शङ्ख, पणवानक गोमुखादि ।
बाजाहरू अरू पनि रणरंगनादि ॥
लागे त्यहाँ वजन लाखन एकनास ।
घन्काइ पूर्ण सहसा गगनावकाश ॥

८

थाले उतातिर पनि हरि अर्जुनादि ।
प्रत्येक शङ्ख सब फूकन दीर्घनादि ॥
त्यो शब्दले समय कौरवको तमाम ।
सातो हन्यो भुवनादित भो प्रकाम ॥

९

यै बीचमा धनु लिईकन फूर्तिसाथ ।
बोले ति पार्थ हरिमा निहुराई माथ ॥
हे कृष्ण ! यो रथ बढाउनुहोस् पैले ।
योद्धव्य शत्रुकन हेर्छु सबै क्रमैले ॥

१०

यो वात पाण्डुसुतको सुनि मर्म ताडी ।
लैजानुभो हरिजिले रथ क्यै अगाडि ॥
हेरे पृथातनयले पनि एक एक ।
योद्धव्य शत्रु सब मानि बडो उदेक ॥

११

तत्कालमा हृदय भो उनको भरङ्ग ।
केही रहेन रणरङ्गविषे उमङ्ग ॥
आखीर राज्यसुखको सब आश मारी ।
बोले ति कृष्णसित शत्रु सबै निहारी ॥

१२

देखेर बन्धु सब ती रणतर्फ मस्त ।
साह्रै सुक्यो वदन अङ्ग गले समस्त ॥
रोमाञ्चले जिउ जुरुङ्ग भएर भारी ।
काँपीरहेछ भगवन् ! सब आश मारी ॥

१३

छालाविषे पनि छ नाथ ! अघोर दाह ।
भैंमा खस्यो धनु मलाई भएन थाह ॥
सामर्थ्य छैन अडिने पनि छु अशक्त ।
मेरो मनै घुमिरहेछ बनी विरक्त ॥

१४

देखिन्न नाथ ! शकुनादिक केही सुल्टा ।
सारा निमित्तहरू देख्दछू म उल्टा ॥
आखीर यो समरमा सब बन्धु मारी ।
कल्याण हामिकन छैन कुनै मुरारी ॥

१५

हे कृष्ण ! यो विजयको अभिलाष छैन ।
साम्राज्य-सौख्य पनि त्यो अब चाहिँदैन ॥
के हुन्छ हामीहरूले सब बन्धु मारी ।
बाँचेर राज्य सुख भोग ठूलो फिँजारी ॥

१६

मामा, गुरु, पितृ, पितामह, पुत्र, नाती,
शाला र सम्धि ससुराहरू भाँती भाँती ॥
आपस्त गैह्र छन् युद्धविषे तयार ।
तेसै गरूँ म कसरी तिनमा प्रहार ॥

१७

मैमा दगा धरुन ती म तथापि नाथ ।
ती बन्धुको समरमा गरदीन घात ॥
भूलोकको कुन कुरा भुवनै तमाम ।
पाए पनि अब मबाट हुँदैन काम ॥

१८

दुर्योधनादि हुनता छन् आततायी ।
के प्रीति हुन्छ तर ती सब मारि हाई !॥
आखीरमा जटिल पापसिवाय नाथ ।
केही पनि शुभ कुरा परदैन हात ॥

१९

हाम्रा यि बन्धु हुन कौरव गैह्र खास ।
हामी तसर्थ नगरौं यिनको विनाश ॥
आपस्तलाई सब सोतर पारि मारी ।
हुँला कसो गरी सुखी पछि हे मुरारी ! ॥

२०

हे नाथ ! हामीहरूले कुलघातजन्य ।
सम्पूर्ण दोषकन देखि बडो जघन्य ॥
यो पापदेखि हटनू बढिया छ भारी ।
व्यर्थै नहुँ विकट दुष्कृतका भकारी ॥

२१

सारा कुलक्षय भएपछि धर्मचाहिं ।
नाशिन्छ गैह्र कुलको रहँदैन काहीं ॥
आखीर धर्म नभएपछि वंश मात्र ।
हे कृष्ण ! हुन्छ सहजैसित पापपात्र ॥

२२

त्यो पापले कुलबधूजनलाई नाथ !
अत्यन्त दूषित गराउँछ वेगसाथ ॥
बिग्रेपछि कुलबधू उनबाट खास ।
जन्मन्छ संकर सबैतिर हुन्छ नाश ॥

२३

श्राद्धादि कर्म पितृको सब हुन्छ अस्त ।
पुत्रादि जान्छन अधोगतिमा समस्त ॥
आख़ीरमा विपुल वंश र वंशनाशी ।
सम्पूर्ण हुन्छन पछी नरकाधिवासी ॥

२४

हे वासुदेव ! अतिभीषण वंशमारा ।
मानिसका विकट दूषणबाट सारा ॥
प्राचीन कौरव रसातलमा धसिन्छ ।
जातीयधर्म कुलधर्म विनष्ट हुन्छ ॥

२५

नासिन्छ नाथ ! जसको कुलधर्म खास ।
पक्का सधैं नरकमा उनको छ वास ॥
भन्ने कुरा सकल वेद पुराणबाट ।
स्पष्टै सुनिन्छ नगरौं रणतर्फ आँट ॥

२६

साम्राज्य-सौख्यतिर लुब्ध गराइ चित्त ।
आपस्त बन्धुकन मारनका निमित्त ॥
छौं आज हामी रणरङ्गविषे तयारी ।
आखीर हामिकन लाग्दछ पाप भारी ॥

२७

साटो म फेरदिन ईख कुनै म लिन्न ।
जे हुन्छ होस्, रणमा हतियार छुन्न ॥
भन्ने निवेदन गरीकन चुपचाप ।
लागे धनञ्जय तुरुन्त उदीर्णताप ॥

दोस्रो अध्याय

१

त्यस्ता ति शोकवश अर्जुनतर्फ हेरी ।
श्रीकृष्णले गरनुभो उपदेश फेरी ॥
हे वीर ! धैर्यधन ! निर्भय ! कीर्तिसार !
व्यर्थै भयौ किन तिमी बिचमा उजार ?

२

संयुक्त हुन्छ कहिले कहिले वियुक्त ।
आत्मा शरीरसित यो भवमा प्रसक्त ॥
आफू छ खास अजराऽमर नाशिँदैन ।
यो तत्त्व सम्झिकन तात्त्विक आत्तिँदैन ॥

३

जस्तो क्रमैसित सदा जड यो शरीर ।
कौमार यौवन जराकन लिन्छ वीर ! ॥
उस्तै गरी अज र जीव दुरन्तपार ।
देहान्तर ग्रहण गर्दछ बार बार ॥

४

पैदा हुने विषय इद्रिय योगदेखि ।
मात्सर्य, लोभ, सुख, हर्ष र शोक शैखी ॥
जो धीर भै सहन गर्दछ एकनास ।
कैवल्यधाम उसको छ सदा प्रकाश ॥

५

निर्लेप, नित्य अजरामर, शुद्ध, रम्य ।
आत्मस्वरूप तरु यो छ बडो अगम्य ॥
हे पार्थ ! हेर मनले तिमी यो पुराना ।
पतैसरी बदलँदो छ शरीर नाना ॥

६

अव्यक्तजन्य सब भौतिक सृष्टिजाल ।
व्यक्तस्वरूप बिचमा रहि केही काल ॥
अव्यक्त भै प्रलय हुन्छ अवश्य जान ।
दिग्दार कत्ति यसको मनमा नमान ॥

७

आत्मा छ यो अचल निर्मल चित्प्रकाश ।
निःसङ्ग नित्य सुखरूप जगन्निवास ॥
मारेर मर्छ न कहीं न त जन्म लिन्छ ।
देहादिभैं न त दबिन्छ न त लुप्त हुन्छ ॥

८

हे वीर ! अर्जुन ! तसर्थ अकीर्तिकारी ।
कातर्य छोडिकन यो वन उच्च पारी ॥
देखी जयाऽजय बराबर धैर्यसाथ ।
सङ्ग्रामतर्फ बढ उन्नत पार माथ ॥

९

तोडेर वेदविधि रूप बडो विशाल ।
सांसारिक त्रिगुण निर्मित कर्मजाल ॥
राखी विवेक मनमा लिइ बुद्धियोग ।
अद्वैत नित्य गुणवर्जित तत्त्व भोग ॥

१०

जत्ती प्रयोजन जलासयमा गएर ।
पानी भरेर फिरने जनको छ हेर ॥
उद्देश्य वेदहरूमा पनि मुख्य उत्ति ।
वेदज्ञको छ, बढता अरू छैन कत्ति ॥

११

छौ वीर ! पार्थ ! तिमी केवल कर्मपात्र ।
इच्छा नराख फलको गर कर्म मात्र ॥
जे हुन्छ होस, पर सार समस्त राग ।
सङ्कल्पको हृदयमा नपरोस दाग ॥

१२

योगस्थ निर्मम भई फलसङ्ग छाडी ।
जो कर्म गर्दछ धनञ्जय ! त्यो पछाडि ॥
छाडी यही विविध उत्कट पुण्य पाप ।
कैवल्यधामतिर चल्दछ चुपचाप ॥

१३

फारेर मोहमय तुस्तर अन्धकार ।
प्रज्ञा हुनेछ जब निश्चल निर्विचार ॥
श्रोतव्यको अनि तिमी नगरेर वास्ता ।
ल्यौला सखे ! परम दिव्य समाधि रास्ता ॥

१४

यो दिव्य बात सुनि फेरि समाधिवाला ।
मानीसको सकल लक्षण भाव चाला ॥
सोधे र भक्तवर अर्जुनले विशेष ।
श्रीकृष्णले गरनुभो उचितोपदेश ॥

१५

सङ्कल्पले रहित निर्मल शान्तचित्त ।
चिद्व्योममा छ जसको सब एकछत्त ॥
हे पाण्डुपुत्र ! उसको गलिताऽभिमान ।
प्रज्ञा प्रतिष्ठित रहेछ भनेर जान ॥

तेस्रो अध्याय

१

अर्जुन–
प्रज्ञा छ उत्तम भने यदि कर्मभन्दा ।
यै कर्मको फिर मलाइ कठोर फन्दा ॥
पैह्लाउने किन ? दयामय ! दीननाथ ।
शिक्षा मिलोस, अलमल्ल छ यो अनाथ ॥

२

हे कृष्ण ! यो सकल मिश्रित वाक्यबाट ।
होसै उड्यो अझ भएँ म बडो उराठ ॥
एकै तसर्थ शुभदायक वीतदोष ।
सिद्धान्तको अब ममा उपदेश होस ॥

३

श्रीकृष्ण–
योगी र साङ्ख्या दुइ साधकका निमित्त ।
मैले भनैं अघि दुवै थरि मार्ग सत्य ॥
योगीहरूकन तिमी बुझ कर्मयोग ।
हो साङ्ख्यसम्मत धनञ्जय ! बोधयोग ॥

४

छोडे म कर्म गरदीन कुनै भनेर ।
नैष्कर्म्यसिद्धि कहिल्यै मिलदैन हेर ॥
आफैं बलिष्ठ चल इन्द्रियवर्ग खास ।
दौडीरहन्छ विषयैतिर एकनास ॥

५

कोही कदापि नगरीकन धर्म केही ।
तेसै अवश्य रहनै सक्दैन देही ॥
दुर्भाग्य यो प्रकृतिका गुणले तमाम ।
प्राणीहरूकन गराउँछ नित्य काम ॥

६

कर्मेन्द्रियप्रकट बद्ध गरी टपक्क ।
एकाग्र भै विषयको सर टक्क टक्क ॥
सम्झीरहन्छ जुन मानिस त्यो अधीर ।
आडम्बरी अकृतबुद्धि भनिन्छ वीर ! ॥

७

बिस्तार इन्द्रिय सबै वशमा गराई ।
कर्तृत्वको दुरभिमान पनि गलाई ॥
जो कर्मयोगकन गर्दछ धैर्यधारी ।
त्यो हो धनञ्जय ! अवश्य बडो विचारी ॥

८

हे पार्थ ! कर्म बढिया छ अकर्मभन्दा ।
यज्ञार्थ कर्म गरदा परदैन फन्दा ॥
यो सत्य जान गर कर्म नहोउ खिन्न ।
आखीर देह पनि कर्मविना रहन्न ॥

९

निःसङ्ग निर्मल निरीह बडो पवित्र ।
निर्लेप आशय गरीकन भित्र भित्र ॥
जो बाह्य कर्मपथको गरदो छ चैन ।
त्यो कर्मबाट कहिल्यै पनि बाँधिँदैन ॥

१०

हे पार्थ ! हेर जनकादि सबै विचारी ।
कर्मै गरीकन गए भवसिन्धु पारी ॥
यो ख्याल राख तिमी कातरभाव छोड ।
सांसारिक स्थिति उसै बिचमा नतोड ॥

११

शक्त प्रतिष्ठित महाजन काज काम ।
जस्तो प्रकारसँग गर्छ यशोभिराम ॥
उस्तै हिसाबसित चल्छ सबै समाज ।
यो बात याद गर अर्जुन ! राख लाज ॥

१२

मेरो पनि जगतमा अलगै छ रास्ता ।
कर्तव्य कर्मसित छैन कदापि वास्ता ॥
हे पार्थ ! हेर तर गर्दछु कर्म नित्य ।
सांसारिक स्थिति बसालनका निमित्त ॥

१३

छोडें भने स्थिति धनञ्जय ! आज मैले ।
आदर्श मैकन गरी सब लोक ऐले ॥
बिग्रन्छ एकछिनमा यसका निमित्त ।
बाध्यप्रपञ्चतिर छू म सदा प्रवृत्त ॥

१४

रागान्ध भैकन ठूलो ममता लिएर ।
सामान्यले जसरि गर्दछ कर्म हेर ॥
नीराग निर्मल भई बुधले तमाम ।
उस्तै गरी गरनुपर्दछ पार्थ ! काम ॥

१५

मेरो यही मत लिई ममताऽनुराग ।
द्वेषादि छोडि मनको रणतर्फ लाग ॥
दुष्तर्कका वश परिकन बुद्धिभेद ।
देखाउने नगर पार्थ ! तिमी उमेद ॥

१६

कर्तृत्व ली प्रकृतिको गुणकार्यमाथि ।
सन्ताप मूर्खजन गर्छ अनेक भाँति ॥
ज्ञानी रहन्छ परकै सुख शान्त रम्य ।
देखेर कर्म गुणको सब तारतम्य ॥

१७

राखेर भित्र मनमा दृढ यो विवेक ।
कर्तव्यकृत्य गरदै गर एक एक ॥
आसक्ति, राग, ममता उसमा नहोस ।
केही हुँदैन यसले तिमीलाई दोष ॥

१८

ज्ञानी मनुष्यहरूको पनि पार्थ ! कृत्य ।
सारा निजप्रकृतिमाफिक हुन्छ नित्य ॥
आखीरमा प्रकृतिलंघनमा कसैको ।
सामर्थ्य छैन सब खेल छ यो उसैको ॥

१९

थामी तिमी पनि तसर्थ सदा स्वधर्म ।
गर्दै रहू प्रकृतिमाफिक पार्थ ! कर्म ॥
जो हुन्छ होस सुख, सङ्कट लाभ, हानि ।
सारा सहू हृदयले पिर क्यै नमानी ॥

२०

यो कृष्णको सदुपदेश सुनेर फेरि ।
श्रीकृष्णकै वदनतर्फ पुलुक्क हेरी ॥
जोडेर हातकन नम्र भएर भारी ।
सोधे पृथातनयले बहुतै विचारी ॥

२१

बिग्रन्छ पाप गरदा, गरदीन पाप ।
भन्दैछ आफू तर आखिर गर्छ पाप ॥
यो को रहेछ बलपूर्वक चित्तलाई ।
लाईदिने कलुषमा सहसा भुलाई ? ॥

२२

यै क्रोधको जड छ काम यही भनिन्छ ।
उत्पन्न यो बुझ रजोगुणबाट हुन्छ ॥
पापी छ यो सकल लोक विनष्ट गर्छ ।
सम्पूर्णको विकट दुश्मन यो ठहर्छ ॥

२३

शैवालले सलिलझैं नभझैं धुलाले ।
तेजी दिवाकरसरी घनका घटाले ॥
छोपीरहेछ यसले सब आत्मतत्त्व ।
क्षन्तव्य छैन कहिल्यै यसको महत्त्व ॥

२४

प्रज्ञा अहङ्कृति मनोयुत यो तयारी ।
जो इन्द्रियप्रकारको पिंजडा छ भारी ॥
हे पार्थ । काम रिपुको उसमा छ वास ।
यो खूब सम्झ यस दुश्मनलाई नाश ॥

चौथो अध्याय

१

यो दिव्ययोग रविले पहिले मबाट ।
पाए, सिके मनुजिले पछि सूर्यबाट ॥
क्यै काल यो हुन गयो बिचमा विनष्ट ।
ऐले तिमीकन भनैं उहि फेरि स्पष्ट ॥

२

जन्मैं जहाँ म तिमी जन्म उहाँ लिँदा छौ ।
मेरा महाप्रिय सखा भई घूमदा छौ ॥
जन्मैपिछै म समझाउँछु तत्त्ववाद ।
हे पार्थ ! यो तर तिमीकन छैन याद ॥

३

संसारमा विविध पाप र पापचित्त ।
मानिसको जड उखाडनका निमित्त ॥
आफू हरेक युगमा अवतार लिन्छु ।
गर्छु म कर्म तर निष्क्रिय भै रहन्छु ॥

४

यो कर्मको मकन बाँधनलाई पार्थ !
सामर्थ्य छैन कहिल्यै बुझ यो यथार्थ ॥
मैझैं तिमी पनि अशक्त भएर नित्य ।
गर्दै रहू निज कुलोचित धर्मकृत्य ॥

५

हे धीर ! पार्थ फलहीन फलाऽभिराम ।
वामादि भेदहरूले गरदा तमाम ॥
पत्ता नपाइसकनू छ अकर्म कर्म ।
दुष्कर्मको विषय कत्ति बुझिन्न मर्म ॥

६

संन्यास कर्मफलको गरदा समस्त ।
कर्मप्रपञ्च गहिरो हुन जान्छ अस्त ॥
कर्मै विशेष बढिया छ अकर्मभन्दा ।
भन्ने सुनिश्चय भए परदैन फन्दा ॥

७

ज्ञानाग्निले सकल कर्महरू डढाई ।
आनन्दमा मन निराश्रय भै चढाई ॥
तोडी अहङ्करण बन्दछ जो निराशी ।
यज्वा उही बुझ अनन्त सुखाम्बुराशि ॥

८

ब्रह्माग्निमा विविध ब्रह्महविर्विशैष ।
जो होम ब्रह्मविधिले गरिदिन्छ बेश ॥
जो प्राणयझरत निर्भय ब्रह्म साधी ।
ब्रह्मैविषे सहज लिन्छ सदा समाधि ॥

९

खैंची सबै विषय इन्द्रियमा मिलाई ।
सल्काइ संयमशिखी ति पनि जलाई ॥
सत्कर्म योगमय पावकमा तमाम ।
जो होमिदिन्छ उसलाई छ दिव्य धाम ॥

१०

स्वाध्याययज्ञ तपयज्ञ र योगयज्ञ ।
इत्यादि यज्ञ दिनहूँ गरने विधिज्ञ ॥
ज्ञानी अनेक छन् केवल यज्ञशिष्ट - ।
भोजी सधैं तिनीहरू बुझ ब्रह्मनिष्ट ॥

११

त्यस्ता ति साधुहरूको दृढभक्तिसाथ ।
सेवा गऱ्यो यदि भने निहुराइ माथ ॥
बाबु तिमीकन पनि तिनले तुरुन्त ।
पारिदिनेछन् अवश्य सुयोग्य सन्त ॥

१२

श्रद्धा प्रतीति मनमा छ भने रहस्य ।
ज्ञान स्वयं प्रकट हुन्छ बुझ्यौ अवश्य ॥
ज्ञानप्रभा फुरिसकेपछि पापचाहिं ।
नाशिन्छ बन्धन अनी परदैन काहीं ॥

१३

नाशिन्छ संशय लिने शठ मूर्खचाहिं ।
आपत्ति छैन गत संशयलाई काहीं ॥
यो सत्य जान तिमी संशयजाल तोड ।
बाबू ! विभूतिपथमा मनलाई जोड ॥

पाँचौं अध्याय

१

यो कृष्णको वचनरूप सुधा पिएर ।
सोधे पृथातनयले बहुतै झुकेर ॥
संन्यास, कर्म दुई योगविषे विशेष ।
हामीहरूकन प्रभो ! कुन हुन्छ बेश ?

२

भन्नुभयो हरिजिले पनि पार्थलाई ।
हेपार्थ ! जान ति दुवै थरि मुक्तिदायी ॥
हेरीलिँदा तर तिनीबिच हामीलाई ।
कर्मै छ उत्तम हटाईदिने बलाई ॥

३

शब्दादि यो विषय बाहिरको लिँदैछ ।
कर्मिष्ठ धीर मनले फरकै छँदैछ ॥
सम्पर्कहीन रविरश्मिसरी हिलामा ।
शुद्धै रहन्छ सुकृती भवयातनामा ॥

४

वास्ता नराखि फलको फरकै रहेर ।
कर्मै गरीकन निरन्तर पार्थ ! हेर ॥
योगी तटस्थ भइ निर्भय शान्ति लिन्छ ।
बाँधिन्छ मूढ फललुब्ध अशान्त हुन्छ ॥

५

कर्ता छ ईश्वर र कारयिता कसैको ।
साक्षी छ खालि हृदयान्तरमा सबैको ॥
संसार यो चलिरहेछ स्वभावबाट ।
बाबू ! वृथा किन हुने यसमा उराठ ॥

६

अज्ञान बोधबलले सब नष्ट पारी ।
जो दिव्य आत्मपदको सुख लिन्छ भारी ॥
हे धीर ! पार्थ भवमा उनका निमित्त ।
चाण्डाल ब्राह्मण सबै बुझ एकछत्त ॥

७

यो दृश्यमान अतिनश्वर दुःखयुक्त ।
बाह्यप्रपञ्चबिच नित्य भई विरक्त ॥
भित्री निरीह पदमा जुन मस्त हुन्छ ।
त्यो दिव्य ज्योतिकन पाइ सुखी रहन्छ ॥

८

स्पर्शादि दुर गरि लोचनयुग्मलाई ।
भ्रूमध्यमा अचल शान्त गरी लगाई ॥
शास्त्रीय युक्तिसित प्राण अपान खारी ।
दोटै मिलाईकन टप्प मसान पारी ॥

९

रोकेर बुद्धि, मन, इन्द्रियजन्य धारा ।
क्रोध, स्पृहा, भयहरू पर सारी सारा ॥
जो एकतान अविकम्प भई रहन्छ ।
त्यो धीर योगिजन मुक्त अवश्य हुन्छ ॥

१०

मै नाथ लोकभरको सबको म मित्र ।
भोक्ता म यज्ञ तपको म महापवित्र ॥
भन्ने कुरा जब बुझ्यो अनि मात्र पार्थ ।
वर्षन्छ शान्ति सुख चित्तविषे यथार्थ ॥

छैटौं अध्याय

१

जो धीर कर्मफलमा पनि लागदैन ।
कर्तव्य कर्म बिचमा पनि छोडदैन ॥
योगी भनेर मनले उसलाई जान ।
संन्यासयुक्त पनि त्यै जनलाई मान ॥

२

संन्यास भन्छ दुनियाँ जसलाई पार्थ ।
त्यो योग जान तिमी वास्तवमा यथार्थ ॥
सङ्कल्प अस्त नगरीकन योगलाभ ।
पक्का हुँदैन बुझ यो सब सूक्ष्मभाव ॥

३

शब्दादि यो विषयतर्फ र कर्मतर्फ ।
आसक्ति छोडि जुन गर्दछ कर्म सिर्फ ॥
आरूढ योगबिच त्यो छ अवश्य जान ।
सङ्कल्पशून्य ऊ रहन्छ सदा समान ॥

४

विज्ञान ज्ञान परितृप्त अखण्ड नित्य ।
कूटस्थ निश्चल जितेन्द्रिय बद्धचित्त ॥
मानापमान, सुखदुःख, समानदर्शी ।
योगी महाशय भनिन्छ बडो महर्षि ॥

५

एकान्तमा मृदुल आसन ठीक पारी ।
राखी शरीर उसमा मन शान्त पारी ॥
नासाग्रमा नयन दी जुन युक्त हुन्छ ।
त्यो ब्रह्मनिष्ठ जन निश्चय मुक्त हुन्छ ॥

६

आहार योग्य हुनुपर्छ बिहार योग्य ।
स्वप्नावबोध सब नित्य रहोस् योग्य ॥
त्यस्तो भए सहज खुल्दछ योगतत्त्व ।
पाइन्छ सबतिर चित्सुखको महत्त्व ॥

७

हे पार्थ ! योगविधिरुद्ध निरीहचित्त ।
भित्री अखण्ड रसमा गरि एकछत्त ॥
आत्मस्वरूपकन आत्मविषे विशेष ।
देखेपछि सुख अलौकिक लिन्छ बेश ॥

८

आत्यान्तिक प्रिय, आतीन्द्रिय, बुद्धिवेद्य ।
त्यो दिव्य योगसुखको महिमा अभेद्य ॥
पाएपछि मुनि महाकृत्यकृत्य हुन्छ ।
प्राप्तव्य केही रहँदैन अपूर्व बन्छ ॥

९

हावासमान अति चञ्चल चित्तलाई ।
निस्क्यो जतातिर उतैतिरबाट ल्याई ॥
आत्मैविषे लय गराउनुपर्छ काम ।
रागादि छोडि अनि मिल्दछ दिव्य धाम ॥

१०

वैराग्यलाई अगुवा लिई धैर्यधारी ।
अभ्यासले चपलता उसको उतारी ॥
विस्तार चित्तकन पारनुपर्छ वश्य ।
बिग्रन्छ नत्र सब खेल सखे ! अवश्य ॥

११

पाऱ्यो सफा जब यती गरि योगपन्था ।
चाहिन्न पार्थ ! अनि लौकिक शास्त्रकन्था ॥
देखिन्छ विश्व मबिषे म समस्तभित्र ।
हुन्छू प्रकाश सुख मिल्छ महापवित्र ॥

१२

पूर्वोक्त वाक्य सुनि अर्जुनबाट फेरि ।
भो सोधनी हरिजिका मुखतर्फ हेरी ॥
श्रद्धालु योगपथमा च्युत हुन्छ जौन ।
वासुदेव ! उसको गति हुन्छ कौन ? ॥

१३

त्यो योगभ्रष्ट न यता न उता भएर ।
छिन्नाभ्रतुल्य भइ रङमङिदै घुमेर ॥
आखीर नष्ट हुन जान्छ कि यादवेश ।
पाऊँ म आज यसमा उचितोपदेश ॥

१४

यो प्रश्न पाण्डुसुतको सुनि निर्विकारी ।
श्रीकृष्ण बोलनुभयो मन दङ्ग पारी ॥
कल्याणनिष्ट जन अर्जुन ! नाशिँदैन ।
सङ्कष्ट दुर्गती पनि उसको हुँदैन ॥

१५

भोगी परत्र सुखपूरित पुण्यलोक ।
आनन्दसाथ चिरकाल अजातशोक ॥
जन्मन्छ उच्च कुलबीच बनी उदार ।
सत्सङ्ग भोग सब पाउँछ त्यो अपार ॥

१६

आखीर पूर्वजुनीको उहि बुद्धि पाई ।
अभ्यास गर्छ फिर योगकला बढाई ॥
यस्तै प्रकारसित क्यै जुनिमा पछाडी ।
त्यो मुक्त हुन्छ गहिरो भवसिन्धु छाडी ॥

१७

ज्ञानी र तापस अनन्तर कर्मनिष्ठ ।
सम्पूर्णमा सकल लोकविषे विशिष्ट ॥
योगी गनिन्छ यसकारण पार्थ ! प्यारा ।
योगी भएर गर लौकिक कर्म सारा ॥

सातौं अध्याय

१

जानेपछि जुन कुरा रहँदैन कत्ति ।
ज्ञातव्य तत्त्व अरु क्यै पनि एक रत्ती ॥
विज्ञानले रहित निर्मल तेही ज्ञान ।
भन्छु म फेरि बन अर्जुन ! एक तान ॥

२

आकाश, वायु, जल, पावक, तेज, धर्ती ।
प्रज्ञा, अहंकरण, मानस आठ मूर्ति ॥
मेरो जड प्रकृतिको तिमी जान खण्ड ।
सारा प्रपञ्च जसमा छ सखे ! अखण्ड ॥

३

संसारमा विजय ! जीवमयी विचित्र ।
अर्की महाप्रकृति एक छ हेर मित्र ॥
थामीरहीछ यसले जगतै तमाम ।
यै भूतमात्र सबको बुझ आदिधाम ॥

४

हे पार्थ ! छैन अरु वस्तु मभित्र जान ।
सृष्टि स्थिति प्रलय गैह्र मलाई मान ॥
यो भासमान परिपञ्च ममा छ जे छ ।
धागाविषे मणिसरी उनिईरहेछ ॥

५

हे पार्थ ! गन्ध रस पौरुष शब्द कान्ति ।
ॐकार तेज तप जीवन बीज शान्ति ॥
बुद्धि प्रभाव बल धर्मनिबद्ध काम ।
इत्यादि मैमय छ खास बुझ्यौ तमाम ॥

६

प्यारा ! सखे ! विजय ! सात्विकराजसादि ।
नानाप्रकार सब भावहरू अनादि ॥
मैमा सदा पडिरहेछन एकनास ।
मेरो परन्तु तिनमा रति छैन बास ॥

७

व्यामोह पारि सब छोपिदिने मदीय ।
मायागुण त्रयमयी छ अलंघनीय ॥
मेरै सदा शरणमा नपरी कसैको ।
सामर्थ्य छैन उसबाट जुदा हुनाको ॥

८

जिज्ञासु आर्त र अकिंचन बोधशाली ।
मेरा यी चार छन् भक्त किरीटमाली ॥
मेरा तिनी प्रिय सबै तिनको म प्यारो ।
ज्ञानी त हेर तिनमा पनि मुख्य प्यारो ॥

९

लाखौं जुनी जब बित्यो अनि बल्ल पार्थ ।
ज्ञानी मनुष्य भवतत्त्व बुझी यथार्थ ॥
हो वासुदेवमय यो सब विश्व भन्छ ।
त्यस्तो महाशय विशेष अलभ्य हुन्छ ॥

१०

दुष्पूर काम लिइ मोहविषे परेर ।
गुप्ती निजप्रकृतिले दृढ बाँधिएर ॥
मानीस नित्य घुमदाछन देवदेवी ।
लाखौं थरी विधिविधान गरेर सेवी ॥

११

जस्तो प्रकारसित जो तनुमा विशेष ।
श्रद्धा गऱ्यो उहि दुरुस्त गरी अशेष ॥
इच्छानुरूप फलभोग म दिन्छु पार्थ ।
जान्दैन हेर दुनियाँ तर यो यथार्थ ॥

१२

जो जो कुरा भैसक्यो पछि जो हुनेछ ।
ऐल्हे समस्त भवमा जति भैरहेछ ॥
हे पार्थ ! त्यो सब म जान्दछु भित्र-भित्र ।
जान्दैन लौ मकन कोहि छ यो विचित्र ॥

१३

यो जन्ममृत्युभय लंघनका निमित्त ।
सर्वाऽऽत्मना छ जुन धीर ममा प्रवृत्त ॥
त्यो ब्रह्मतत्त्व परिपूर्ण बुझी यथार्थ ।
अध्यात्म कर्म सब जान्दछ वीर ! पार्थ ॥

१४

अधिभूतसमेत साधिदैव ।
अधियज्ञाऽन्वितरूप सर्वदैव ॥
जुन जान्दछ कति आत्तिंदैन ।
उसलाई पछि मोहले छुँदैन ॥

आठौं अध्याय

अर्जुन–

१

आज्ञा भयो मकन जो प्रभुबाट ब्रह्म ।
अध्यात्मआदिक विभागविशेष रम्य ॥
त्यो याद छैन भगवान ! सब एक एक ।
आज्ञा हओस् भरिसक्य दिई विवेक ॥

२

यो प्रश्न पाण्डूसुतको सुनि फेरि साफ ।
श्रीकृष्णले दिनुभयो सहसा जवाफ ॥
हो ब्रह्म अक्षर सनातन शुद्धभाव ।
अध्यात्म हो प्रियसखे ! सकलस्वभाव ॥

३

जो हो बिसर्ग सब भूत विकाशशाली ।
त्यै कर्म हो क्षर गती अधिभूत खालि ॥
हे पार्थ ! जान पुरुषै अधिदैव खास ।
यो देहमा म अधियज्ञ जगन्निवास ॥

४

सम्झन्छ जो मकन देह छुटेर जाँदा ।
त्यो मिल्छ मैसित कदापि हुँदैन बाधा ॥
जो भाव आफू मरदा जसको छ भित्र ।
त्यै भावतुल्य गति हो सबको पवित्र ॥

५

शास्ता म हुँ कवि म हुँ म महापुरानो ।
सानोमहाँ पनि धनञ्जय ! हद्द सानो ॥
आदित्यवर्ण म सदा तमदेखि पार ।
ज्योतिःस्वरूप म निरञ्जन निर्विकार ॥

६

प्राणान्तका समयमा स्थिर चित्त पारी ।
सद्भक्तियोगबलले प्रतिबन्ध टारी ॥
जो प्राण भ्रूयुगलका बिच टप्प थुन्छ ।
त्यो त्यै महापुरुषमा गई लीन हुन्छ ॥

७

ढोका लगाई हृदयैबिच चित्तलाई ।
रोकी सबै पवन माथविषे चढाई ॥
एकाक्षरी प्रणव सूक्ष्म जपेर भित्र ।
मेरो स्वरूप समझी बहुतै पवित्र ॥

८

एकाग्र भै सतत निश्चल योगधारी ।
हे पार्थ ब्रह्मविल भेद गएर भारी ॥
जो छोडिदिन्छ यस भौतिक पिण्डलाई ।
त्यो जान्छ दिव्य गतिमा बहुतै रमाई ॥

९

आब्रह्मलोक तिमी जान समस्त लोक ।
आवृत्तियुक्त उनमा छुटदैन शोक ॥
आवृत्तिवर्जित कुनै मसिवाय छैन ।
योगी जब पुग्यो ममा अनि फर्कदैन ॥

१०

बाबू ! सहस्र युगको दिन एक हुन्छ ।
ब्रह्माजिको उसमहाँ सब विश्व बन्छ ॥
रात्री भयो जब अनी सब भूतजात ।
अव्यक्तमा लय भयो न थलो न थात ॥

११

यो भूतचक्र दिनरात यसै गरेर ।
उत्पन्न हुन्छ, लय हुन्छ सदैव हेर ॥
भारी घुमावट छ कत्ति विराम छैन ।
हे पार्थ ! योग नलिईकन उम्किँदैन ॥

१२

भूतप्रपञ्च जति नष्ट हुँदा समस्त ।
हे धीर ! पार्थ ! जुन तत्त्व हुँदैन अस्त ॥
अव्यक्त अक्षर अनश्वर दिव्य धाम ।
मेरो उही बुझ निरञ्जन रामनाम ॥

१३

जो उत्तरायण र पावक शुक्लपक्ष ।
ज्योतिर्दिवा समयमा लिई भित्रि लक्ष्य ॥
यो देहरूप पिँजडाकन छोडिदिन्छ ।
त्यो ब्रह्मतत्त्वमय पूर्ण बनीरहन्छ ॥

१४

जो दक्षिणायन धुवाँ फिर कृष्णपक्ष ।
रात्री तमःपटललाई गरी समक्ष ॥
यो देह छोड्दछ त्यो पुगी चन्द्रमामा ।
फर्कन्छ पार्थ ! कहिल्यै छुटदैन धामा ॥

१५

यो शुक्लकृष्णगतिविज्ञ छ जौन योगी ।
त्यो मोहरोगवश हुन्न कदापि रागी ॥
तस्मात् तिमी पनि सदा यहि योग साधी ।
निर्भीक भैकन हटाउ समस्त आँधी ॥

नवौं अध्याय

१

हे पार्थ ! फेरि सुन उत्तम राजगुह्य ।
प्रत्यक्षगम्य अतिपावन सर्वसह्य ॥
धर्याऽभ्युपेत सुखयोग मबाट केही ।
के जानिँदा अशुभमा मुछिँदैन देही ॥

२

अव्यक्त छू म परिपञ्च फिँजीरहेछु ।
आफू म छू अलग विश्व धरीरहेछु ॥
सारा ममा छन सखे ! तिनमा म छैन ।
कस्तो छ हेर तिमी ऐश्वर योग चैन ॥

३

मेरी महाप्रकृतिमा सब भूतजात ।
कल्पान्तमा विजय ! लाग्दछ भित्र खात ॥
कल्पादिमा फिर उही झलमल्ल पारी ।
गर्छू म सृष्टि सब पद्धति यै फिँजारी ॥

४

अध्यक्ष छू प्रकृतिको उसबाट प्यारा !
सारा बहाउँछु चराचर सृष्टिधारा ॥
वास्ता पनि म गरदीन यसै निमित्त ।
बाँधिन्न कर्महरुले फरकै छु नित्य ॥

५

यो दिव्य भाव गहिरो नबुझेर मेरो ।
ली आसुरी प्रकृति व्यर्थ लगाइ फेरो ॥
मेरा मनुष्यतनुको जुन गर्छ हेला ।
त्यो निन्द्य मूढजन पर्दछ पार्थ ! फेला ॥

६

दैव शुभप्रकृति आश्रित जो उदार ।
योगी छ त्यो सब बुझीकन भित्री सार ॥
भूतादि अव्यय महेश भनी मलाई ।
एकाग्र भै भजन गर्छ सखे ! रमाई ॥

७

छू विश्वतोमुख अनन्त यै निमित्त ।
योगीहरू पनि लिई हरएक तत्त्व ॥
नाना प्रकारसित शान्त गराई चित्त ।
अभ्यासमा छन् सखे ! बहुधा प्रवृत्त ॥

८

स्वाहा, स्वधा सब म हूँ, ऋतु, यज्ञ मै हूँ ।
मै मन्त्र, आज्य, हुत, औषध, अग्नि मै हूँ ॥
मै हूँ पितामह, पिता सबको म धाता ।
ॐकारवेद्य, म पवित्र म फेरि माता ॥

९

भर्ता गतिप्रभु, म ऋक्, यजु, साम मै हूँ ।
साक्षी म हूँ, शरण मै, बुझ भित्र मै हूँ ॥
उत्पत्ति, नाश, म निधान, म बीज खास ।
मै स्थान पार्थ ! सबको म जगन्निवास ॥

१०

मै ताप दिन्छु जल मै सब खैंचिलिन्छु ।
मै वृष्टिकारक बनी जल छोडिदिन्छु ॥
मै हूँ सखे ! अमृत, मृत्यु, म छु अनन्य ।
मै सत्, असत्, म नष्ट कदापि हुन्न ॥

११

वेदज्ञ विज्ञहरू स्वर्गतिको प्रधान ।
इच्छा लिई ऋतुविषे गरि सोमपान ॥
पुण्येष्ट लोकहरूमा भई केहि काल ।
आनन्द भोगछन पार्थ ! सखे ! विशाल ॥

१२

पुन्यान्तमा ति सबले नफिरी हुँदैन ।
काम्य क्रियाफल चिरस्थिर केही छैन ॥
आखीर यै भुवनमा फिर जन्म हुन्छ ।
संसारको जटिलजाल बनीरहन्छ ॥

१३

यस्तै प्रकारसित काम्यफलप्रवृत्त ।
मानीस वेदविधिबद्ध अशान्तचित्त ॥
संसारमा घुमिरहन्छ विराम छैन ।
हैरान हुन्छ कहिल्यै पनि उम्कँदैन ॥

१४

श्रद्धालु जो छ अरू देवविशेषरक्त ।
हो त्यो पनि अविधिबद्ध मदीय भक्त ॥
मेरो प्रभुत्व नबुझ तर त्यो अकार्य ।
आखी भेदमतिले च्युत हुन्छ पार्थ ॥

१५

खान्छौ तिमी जति कुरा जति काम गर्छौ ।
दिन्छौ तिमी जति तिमी तप होम गर्छौ ॥
हे पार्थ ! अर्पण ममा गर त्यो समस्त ।
तेसो भए सकल कर्म हुनेछ अस्त ॥

१६

सम्पूर्ण जीवहरूबीच म छु समान ।
मेरो प्रियाप्रिय कुनै पनि छैन जान ॥
जो भक्त हो उ छ ममा उसमा म हुन्छु ।
खाली म भक्तिरसका वशमा रहन्छु ॥

१७

पापी छ तापनि पछि लिइ भक्ति लेश ।
एकाग्र भै भजन गर्छ भने विशेष ॥
हो साधु नै विजय ! त्यो कलुषी हुँदैन ।
आखीर भक्त कहिल्यै पनि बिग्रँदैन ॥

१८

यो नश्य दुःखमय मानुषजन्म पाई ।
क्यै लाभ छैन यसलाई वृथा गुमाई ॥
होऊ तसर्थ तिमी भक्त बनेर नित्य ।
मेरो महत्त्व अनुशीलनमा प्रवृत्त ॥

१९

मैमा लगाउ मन, भक्ति ममा बढाऊ ।
मैमा प्रमाण यजनादि सबै चढाऊ ।
यै चालले विजय ! मन्मय भै पछाडि ।
मैमा तिमी मिलदछौ भवदुःख छाडी ।

दशौं अध्याय

१

हे पार्थ ! प्रेमवशले फिर दिव्य बात ।
भन्छु तिमीकन यहाँ सुन भक्तिसाथ ॥
मेरो सखे ! प्रभव वास्तवमा महर्षि ।
देवादि कोहि बुझदैन सुदूरदर्शी ॥

२

प्यारा सखे ! विजय ! सिद्ध महर्षिदेव ।
सम्पूर्णको म छु सनातन आदिदेव ॥
मेरो न जन्म, न त मृत्यु, न आदि अन्त ।
दुर्बोध नित्य जगदीश म छु अनन्त ॥

३

ज्ञान, क्षमा, शम, दयादि र बुद्धि, सत्य ।
आनन्द, दुःख भव, भाव तथा समस्त ॥
निन्दा, तप, स्तुति, भयाभय, दान तुष्टि ।
फेरि अहिंसन र शान्ति विवेकदृष्टि ॥

४

हे पार्थ ! यी थरिथरी सब भूतभाव ।
मैबाट हुन्छन् म छू अतुलप्रभाव ॥
उत्पत्तिभूमि सबको म सबै मबाट ।
निस्कीरहेछ परिपञ्च महाविराट ॥

५

सम्पूर्ण जानिकन यो बुध भाग्यशाली ।
चर्चा परस्पर मदीय सदा निकाली ॥
मैमा समर्पणगरी मन देह सारा ।
आनन्दको सतत लिन्छन पार्थ ! धारा ॥

६

अज्ञानजन्य तिनको घन अन्धकार ।
प्रज्ञानदीपकन बालि बडो अपार ॥
भित्रै बसी हृदयमा गरिदिन्छु अस्त ।
कारुण्यसाथ प्रिय पार्थ ! सखे समस्त ॥

७

यो कृष्णको मधुर सूक्तिसुधा पिएर ।
आनन्द निर्भर भई बहुतै झुकेर ॥
प्यारा पृथातनय दृढ भक्तिसाथ ।
बोले उसै समयमा फिर केहि बात ॥

८

ब्रह्म प्रभू, प्रभु सनातन शुद्ध धाम ।
दिव्याऽऽदिदेव प्रभु नै अज नित्य राम ॥
भन्थे महर्षिहरू नाथ ! अघी अशेष ।
आज्ञा भयो हजुरबाट पनि विशेष ॥

९

हो सत्य यो सब कुरा गहिरो छ सत्ता ।
को जानने प्रभुविना प्रभुको इयत्ता ॥
हेरीलिँदा सब सुरासुरमाथि भारी ।
व्यामोहको जटिल जाल सदा तयारी ॥

१०

व्याप्तै छ विश्व प्रभुले सब एकनास ।
हे नाथ ! तैपनि अजान अनाथ दास ॥
केही विभूति सुनने अभिलाष गर्छ ।
आज्ञा हओस जसले मन दङ्ग पर्छ ॥

११

यो पार्थको सरल वाक्य सुनी मुरारि ।
सप्रेम बोलनुभयो फिर निर्विकारी ॥
विस्तारले सब भनी सकिँदैन पार्थ ।
संक्षेपले सुन विभूति जती यथार्थ ॥

१२

आत्मा म हूँ सकलको म विरञ्चि, विष्णु ।
मै जान शङ्कर, म हूँ रवि, चन्द्र, जिष्णु ॥
मै चेतना, मन तथा म सखे ! धनेश ।
मै वायु, सागर, सुमेरु, शिखी, जलेश ॥

१३

मै बीज हूँ जगतको, म कराल काल ।
सृष्टि, स्थिति, प्रलय मै म विवेकजाल ॥
मै वैद्य, अक्षर, चराचरको म धाता ।
मै ज्ञान, दण्ड, छल, तेज, म हूँ विधाता ॥

१४

धेरै सखे ! कति भनूँ गहिरो प्रपञ्च ।
सम्पूर्ण मन्मय तिमी बुझ भित्रि सञ्च ॥
एकांशले भव सदा जकडी तमाम ।
आनन्दमा स्थित म छु परिपूर्ण राम ॥

एघारौं अध्याय

१

फेरि भने विजयले प्रभुको प्रभुत्व ।
सम्झैं बुझैं सब यथामति गूढ तत्त्व ॥
इच्छा छ भित्र अब केवल विश्वरूप ।
प्रत्यक्ष देखनमहाँ जगदीश ! खूब ॥

२

जानेर त्यो विजयको अभिलाष भारी ।
सम्पूर्ण योगबलले झलमल्ल पारी ॥
देखाइबक्सनुभयो हरिले अनूप ।
आश्चर्यपूर्ण अति अद्‌भुत विश्वरूप ॥

३

त्यो दिव्य, अद्‌भुत, अन्तरविप्रकाश ।
लाखौं शिरोऽवययुक्त जगन्निवास ॥
दिव्यायुधादि परिशोभित रूपभित्र ।
देखे सबै जगत अर्जुनले विचित्र ॥

४

त्यस्तो प्रभावपटलपूरित भीतिकारी ।
देखी स्वरूप अकमक्क भएर भारी ॥
आश्चर्यसाथ प्रणति प्रभुको गरेर ।
बोले कृताञ्जलि धनञ्जय आत्तिएर ॥

५

हे देवदेव ! प्रभुको यस रूपभित्र ।
सारा प्रपञ्च झलकन्छ महाविचित्र ॥
ब्रह्मा, महर्षि, सुरराज, महेश, सिद्ध ।
यक्षोरगादि सब देखदछु प्रसिद्ध ॥

६

हेर्‍यो जतातिर उतै घटना अनन्त ।
पाइन्छ नाथ ! न त आदि न मध्य अन्त ॥
दीप्त प्रभावपटलले गगनावकाश ।
छोपीरहेछ सबतर्फ जगन्निवास ॥

७

योदुर्निरीक्ष्य अति अद्‌भूत उग्रधाम ।
देखि स्वरूप प्रभुको भुवनै तमाम ॥
काँपिरहेछु भगवान् ! भयले अघोर ।
ब्रह्मादिको पनि उहाँ चल्दैन जोर ॥

८

कोही खडा भइरहेछन् हात जोडी ।
कोही प्रवेश गरदाछन गैह्व छोडी ॥
कोही स्तुति प्रणतितत्पर भीत भीत ।
ब्रह्मादि देव सब देखदछू विनीत ॥

९

लाखौं शिरोवदन, लोचन, हस्तपाद ।
दंष्ट्रोदरादिपरिपूर्ण बडो अगाध ॥
यो रूपले छ सब पीडित जीवलोक ।
आफू पनि अकलगूम म छु सशोक ॥

१०

कालानलप्रतिम यी मुखले समस्त ।
सातो लिए धृति भयो मनबाट अस्त ॥
जान्दीन नाथ ! म दिशातक छैन होस ।
हूँ दास खास प्रभुको करुणा रहोस ॥

११

हे कृष्ण ! वीरवरका लाखन भूमिपाल ।
भीष्मादिले सहित यो कुरुसैन्यजाल ॥
दंष्ट्राकराल प्रभुका मुखभित्र सारा ।
जाँदो छ वेगसित सन्तत लागि धारा ॥

१२

छोपी प्रभापटलले भुवनै समग्र ।
बाई विशाल मुखमण्डल हद्द उग्र ॥
सम्पूर्ण लोककन हालनुहुन्छ गाँस ।
हो कौन यो विकट खेल जगन्निवास ॥

१३

यो उग्ररूप कुन हो ! किन हो लिएको ।
केका निमित्त यसरी जगतै निलेको ॥
जानूँ म भन्छु सब यो प्रभुको प्रवृत्ति ।
खुम्चिन्छ नाथ ! बिचमा तर चित्तवृत्ति ॥

१४

यो भीत भक्तवरका सुनी बात खास ।
श्रीकृष्ण बोलनुभयो जगदेकवास ॥
हे पार्थ ! यो सकल लोकविनाशकारी ।
कालै म हुँ बुझ तिमी मनले विचारी ॥

१५

मारीरहेछु पहिल्यै सब भीष्म कर्ण ।
द्रोणादि वीर लिइ रूप यही उदीर्ण ॥
आखीरमा तिमी हटे पनि शत्रुपक्ष ।
नाशिन्छ निश्चय नछोड कदापि लक्ष्य ॥

१६

बाबु ! तिमी अब निमित्त भएर खालि ।
गाण्डीवको अलिकति महिमा निकाली ॥
दुर्योधनादि रिपुवर्ग समस्त मार ।
साम्राज्य भोग गर कीर्ति ठूलो फिँजार ॥

१७

यो कृष्णको वचन गूढ सुनी तमाम ।
जोडेर हात गरदै सहसा प्रणाम ॥
बोले धनञ्जय सगद्गद भीत भीत ।
फेरी पनि शिर गराई बडो विनीत ॥

१८

ब्रह्मा महेन्द्रहरूको पनि आदिकर्ता ।
देवाऽधिदेव सदसत्पर लोकधर्ता ॥
ज्ञातव्य अक्षर चराचरको निधान ।
एकै हजूर हुनुहुन्छ महापुराण ॥

१९

हे नाथ ! यो वरुण, वात, यमादि सारा ।
लाखौं विभागवश विस्तृत विश्वधारा ॥
देखिन्छ केवल हजूरविषे विशेष ।
आश्चर्यपूरित नमोनम यादवेश ! ॥

२०

हे सर्वशक्तित अव्यय ! सर्वश्रेष्ठ !
सर्वज्ञ ! सर्वगत ! सर्वद ! सर्वनिष्ठ !
जान्दीन तत्त्व प्रभुको प्रणिपात खालि ।
गर्छु सहस्रतिरबाट सहस्रपाली ॥

२१

यस्तो अगाध महिमा प्रभुको नताडी ।
हे कृष्ण ! यादव ! सखे ! भनि जो अगाडि ॥
मैले गरे हजूरको अपमान खास ।
त्यो माफ बक्सनुहओस जगन्निवास ! ॥

२२

जस्तो पिता तनयको र सखा सङ्गीको ।
सारा सहन्छ अपराधहरू ननीको ॥
उस्तै गरी सहनुहोस हजूर सारा ।
मेरो कसूर पनि यै छ ठूलो पुकारा ॥

२३

ज्यादा म नाथ ! सकदीन कडा कराल ।
कालस्वरूपकन हेरन यो विशाल ॥
देखाइबक्सनुहओस उही अनूप ।
आनन्ददायक मनोहर शान्त रूप ॥

२४

लागे धनञ्जय यती भनि चुपचाप ।
श्रीकृष्णले दिनुभयो अनि यो जवाफ ॥
सौभाग्यले अनवलोकित पूर्व खास ।
देख्यौ सखे ! सकल मन्महिमाविकास ॥

२५

संग्रामका समयमा तिमी आत्तिनाले ।
मेरो विशेष करुणा तिमीमा हुनाले ॥
खोलीदिएँ सकल तत्त्व अनन्यलभ्य ।
चिन्ता नल्यौ गर तिमी रणरङ्ग भव्य ॥

२६

लौ हेर पार्थ ! अबलाई यही प्रसन्न ।
देखाउँछु मनुजरूप नहोउ खिन्न ॥
बोली यती निमिषमा नरदेहधारी ।
प्रत्यक्ष देखिनुभयो अघिभैँ मुरारि ॥

२७

त्यो देखि योगबलको महिमा अनन्य ।
भन्दै महाप्रणयपूर्वक धन्य धन्य ॥
श्रीकृष्णका चरणबीच सचेत पार्थ ।
पस्रे तुरून्त रणतत्व बुझी यथार्थ ॥

२८

हाँसी मुसुक्क बिचमा हरिबाट फेरि ।
आज्ञा भयो विजयका मुखतर्फ हेरी ॥
बाबू ! बुझ्यौ सुरमुनी सब यै स्वरूप ।
पाऊँ भनी सतत गर्छन यत्न खूब ॥

२९

देख्यौ यहाँ प्रियसखे ! अघि रूप जस्तो ।
इज्यातपोनियमले मिलदैन त्यस्तो ॥
खाली छ भक्तिवश यो तिमी भक्त होऊ ।
दुस्तर्कजन्य मनको मल साफ धोऊ ॥

बाह्रौं अध्याय

१

अव्यक्त, अक्षर उपासक नित्य युक्त ।
भक्तादिमा कुन विशेष छ योगयुक्त ॥
भन्ने कुरा विजयले फिर सोधदामा ।
श्रीकृष्ण लागनुभयो समझाउनामा ॥

२

श्रद्धासमेत मनलाई ममा लगाई ।
जो प्रेमले भजन गर्छ सदा रमाई ॥
मेरो उही प्रिय उपासकलाई पार्थ ।
सर्वोच्च योगयुत जान तिमी यथार्थ ॥

३

पञ्चेन्द्रियप्रकर - धीर समानदर्शी ।
कूटस्थ अक्षर उपासक दूरदर्शी ॥
योगीहरू पनि सखे ! गलिताऽभिमान ।
मैलाई पाउँछन यो सब सत्य जान ॥

४

मानिसलाई तर पर्दछ केही धामा ।
अव्यक्तको उस गम्भीर उपासनामा ॥
बाबू ! तसर्थ तिमी कर्म ममा तमाम ।
संन्यस्त पारि बन हटाउ काम ॥

५

मैमा लगाउ मन बुद्धि ममा मिलाऊ ।
मैमाथि भक्तिरसका लहरी बहाऊ ॥
तेसो भए विजय ! वीर ! विनाप्रयास ।
तिम्रो हुनेछ अबदेखि ममा निवास ॥

६

एकाग्र गर्न सहसा सकिँदैन चित्त ।
भन्छौ भने प्रियसखे ! उसका निमित्त ॥
अभ्यास खूप गर सो नभए सराग ।
सत्कर्म मात्र गर छाडि फलानुराग ॥

७

अभ्यास, बोध, मनको भजनैकतान ।
त्याग क्रियाफलविषे यिनमा प्रधान ॥
अन्तयान्त्यकै बूझ धनञ्जय ! पूर्वभन्दा ।
त्यागै भए सकल टर्छ अशान्तिफन्दा ॥

८

जो द्वेष मान ममतादि कुनै लिँदैन ।
उन्मत्त खिन्न सुखदुःखविषे हुँदैन ॥
सन्तुष्ट त्यो सुदृढ निश्चय निर्विकारी ।
मेरो महाप्रिय भनिन्छ अनन्यचारी ॥

९

कत्ती हुँदैन जसदेखि उराठ लोक ।
जो लोकदेखि चिढिँदैन भई सशोक ॥
उद्वेगहीन, भयहीन उही विचारी ।
मेरो सखे ! प्रिये भनेर गनिन्छ भारी ॥

१०

वास्ता कतैतिर नराखि बनी उदास ।
आनन्दसाथ रहने गलिताभिलाष ॥
आरम्भहीन जुन हो उहि धीर पार्थ ।
मेरो महाप्रिय छ जान तिमी यथार्थ ॥

११

जो शत्रु, मित्र र तथा अपमान, मान ।
शीतोष्ण, दुःखसुखमा छ सदा समान ॥
सर्वत्र तुच्छ समदर्शन त्यो विचारी ।
मेरो महाप्रिय भनेर गनिन्छ भारी ॥

१२

यो धर्म्यतत्त्व वचनाऽमृतमाथि भारी ।
श्रद्धा गरीकन सखे ! मन शुद्ध पारी ॥
जो जो उपासन सदा गरलान् पार्थ ।
मेरा सबै प्रिय तिनी बुझ्नू यथार्थ ॥

तेह्रौं अध्याय

१

यो पञ्चभूतमय देह सखे ! विकारी ।
हो क्षेत्र खास मनले बुझ सो विचारी ॥
साक्षी भएर जुन जान्दछ यो तमाम ।
क्षेत्रज्ञ त्यो म छु अनिर्वचनीय राम ॥

२

यो भूतपञ्चक अहंकृति, बुद्धि, वीर्य ।
अव्यक्त, इन्द्रिय, मदःसुखदुःख, धैर्य ॥
विद्वेषआदिक समस्त किरीटमाली ।
क्षेत्रै भनिन्छ बहुरूप विकारशाली ॥

३

हे पार्थ ! काम, ममता, मद, दम्भ, मान ।
मात्सर्य, लोभ, रिस, राग, बधाऽवमान ॥
चाञ्चल्य, संशय अलंकृत आदि सारा ।
छोडीदिनू मति लिनू स्थिर निर्विकारा ॥

४

वैराग्य, शौच, गुरुसेवन, पुत्रदार ।
गेहादिमा, अरुचि, तत्त्वविषे विचार ॥
शान्ति, क्षमा, भजनमा मन एकतान ।
यो ज्ञान हो इतर ता विपरीत जान ॥

५

ज्ञातव्य तत्त्व, सदसत्पर, विश्वकर्ता ।
आद्यन्तहीन गुणवर्जित, विश्वधर्ता ॥
सूक्ष्मातिसूक्ष्म नबुझीसकनु छ भारी ।
सर्वान्तरस्थ विभु निर्मल निर्विकारी ॥

६

साक्षी, सबैतिर शिरोवदनादिशाली ।
निःसङ्ग, नित्यसुख, निश्चल कान्तिमाली ॥
अद्वैत, शुद्ध, गुणभासक, सर्वसार ।
एकै छ पूर्ण विभु यो तमदेखि पार ॥

७

संक्षेपले गरि विभागचतुष्क मैले ।
क्षेत्रादिको जुन भनैं तिमीलाई ऐले ॥
मद्भक्त त्यो सब बूझीकन वीर ! पार्थ ।
मद्भाव पाउँदछ शान्त भई यथार्थ ॥

८

प्यारा सखे ! प्रकृति पूरुष यी समान ।
दोटै अनादि छन यो तिमी सत्य जान ॥
देखिन्छ जो गुणविकारमय प्रपञ्च ।
सम्पूर्ण त्यो प्रकृतिजन्य भनी भनिन्छ ॥

९

यो भोगमा प्रकृति कारण मात्र जान ।
भोक्ता छ दुःख सुखको पुरुष प्रधान ॥
अभ्यासले अगुण त्यो गुणमा परेर ।
जन्मान्तर ग्रहण गर्छ हरेक फेर ॥

१०

द्रष्टा स्वयं प्रकृतिको गुणभोगकारी ।
आत्मा सखे ! प्रकृति पुरुष नामधारी ॥
यै देहमा प्रकृति तद्गुणदेखि भिन्न ।
देखेपछी पछिपछी फिर जन्म हुन्न ॥

११

संसारमा जति चराचर जीवजाति ।
उत्पन्न हुन्छ प्रिय पार्थ ! अनेक भाँती ॥
क्षेत्रज्ञ क्षेत्र दुइको उस योगबाट ।
सम्पूर्ण त्यो समझ संशयज काट ॥

१२

सारा क्रिया प्रकृतिका गुणबाट हुन्छ ।
आत्मा सदैव सबमा सम भैरहन्छ ॥
द्रष्टा छ यो फगत लिप्त कहीं हुँदैन ।
भन्ने कुरा जब बुझ्यौ भनि बन्ध छैन ॥

१३

आत्मा अनादि गुणवर्जित यो छ खास ।
हे पार्थ ! छैन यसको कहिल्यै विनाश ॥
देहैविषे छ त पनि गरदैन केही ।
आकाशझैं अनुपलिप्त छ सूक्ष्म देही ॥

१४

जस्तो प्रकाशित छ यो भुवन प्रकाश ।
एकै सहस्रकरका करले अशेष ॥
क्षेत्री पनि प्रियसखे ! सबतर्फ उस्तै ।
क्षेत्र प्रकाश गरदो छ सदा दुरुस्तै ॥

१५

सांख्योक्त यो प्रकृति मोक्ष र सूक्ष्म रम्य ।
क्षेत्रज्ञ क्षेत्र दुइको सब तारतम्य ॥
जो ज्ञानदृष्टिकन खोलि विचार गर्छ ।
त्यो धीर पार्थ ! सहजै भवसिन्धु तर्छ ॥

चौधौं अध्याय

१

गर्छू म फेरि तिमीलाई यहाँ यथार्थ ।
ज्ञानोपदेश अति उत्तम वीर पार्थ ॥
सारा महर्षि जसले गरी धैर्यधारी ।
पाएर सिद्धि पहुँचे भवसिन्धुपारी ॥

२

मेरो महद्वितत ब्रह्म योनि खास ।
दिन्छू म गर्भ उसमा जगदेकवास ॥
त्यै गर्भबाट हुन जान्छ विनाप्रयास ।
सम्पूर्ण भौतिक चराचरको विकास ॥

३

लाखौं थरी जुनिविषे भवचक्रचारी ।
उत्पन्न हुन्छन सखे जति मूर्तिधारी ॥
त्यै ब्रह्म विस्तृत महत् तिनको प्रसूति ।
बीजप्रद प्रिय पिता म म महाविभूति ॥

४

सत्त्वादि मीन गुण जो छन भासमान ।
साक्षात् तिनी प्रकृतिजन्य भनेर जान ॥
बाबू ! तिनै प्रकृतिका गुणले गरेर ।
देही छ देहबिच बद्ध सदैव हेर ॥

५

सत्त्वप्रकाशक अनाविल शुद्ध हुन्छ ।
त्यो ज्ञान शान्ति सुखनिश्चय केही दिन्छ ॥
हे पार्थ ! हेर त्यसमा मरने मनुष्य ।
आनन्दि लोकहरू पाउँछ ती अवश्य ॥

६

तृष्णासमुद्भव रजोगुण रागरूप ।
कर्मप्रवृत्त मनका गरिदिन्छ खूप ॥
लोभादिको जड छ यो यसमा मरेर ।
कर्मिष्ठ लोकबिच पार्थ ! पुगिन्छ हेर ॥

७

अज्ञानजन्य छ तमोगुण मोहकारी ।
निद्रा प्रमादहरूको गहिरो भकारी ॥
शून्य प्रकार बुझ यो यसमा शरीर ।
छोडे विमूढ जुनि मिल्छ सखे ? जरूर ॥

८

हे पार्थ ! सत्त्वगुणको फल शांतिधारा ।
टण्टा र दुःख रजको फल जान सारा ॥
मोह प्रमाद सब हो तमको विकास ।
मिल्दैन कत्ति यसमा कहिल्यै प्रकाश ॥

९

हे पार्थ ! उर्ध्वगति सात्त्विक भक्त लिन्छ ।
कर्मी रजोगुण हुने बिचमा रहन्छ ॥
जो खास तामस छ मूढ तमःप्रधान ।
गाडिन्छ त्यो तलतलै यति सत्य जान ॥

१०

कर्तृत्वदेखि गुणमा गुणदेखि भिन्न ।
द्रष्टातटस्थ भइ आफु सदा अनन्य ॥
हे पार्थ ! गर्छ गुणलंघन जो मनुष्य ।
बाँधिन्न त्यो विषयबन्धनले अवश्य ॥

११

त्यै बीचमा प्रणयपूर्वक चट्ट फेरि ।
सोधे पृथातनयले हरितर्फ हेरि ॥
कस्तो भए त्रिगुणलंघन हुन्छ नाथ ।
यै बातमा छ अब उत्सुक यो अनाथ ॥

१२

मोह प्रवृत्ति र निवृत्ति तथा प्रकाश ।
इत्यादिमा छ जुन पार्थ ! सखे ! उदास ॥
निश्चेष्ट त्यो विषयले अविचाल्य धीर ।
जञ्जाल तोडदछ यो गुणको गम्भीर ॥

१३

तुल्य प्रियाऽप्रिय, सुखासुखमा समान ।
मानापमानसम, शत्रुसुहृत्समान ॥
आरम्भहीन, मणिलोठसमानदर्शी ।
जो हुन्छ त्यो त्रिगुणलंघक हो महर्षि ॥

१४

मेरो सखे ! जुन अखण्डित भक्तिकारी ।
श्रद्धालु भक्तजन हो गहिरो विचारी ॥
उम्केर त्यो पनि गुणत्रयबाट खास ।
ब्रह्मस्वरूप हुन जान्छ जगन्निवास ॥

१५

प्यारा सखे ! अमृत अव्ययको म निष्ठा ।
हूँ ब्रह्मको पनि सदोदित मै प्रतिष्ठा ॥
मै हूँ निरन्तर सनातन धर्मधारी ।
मै हूँ अखण्डसुख निर्मल निर्विकारी ॥

पन्ध्रौं अध्याय

१

ऊर्धस्थ मूलक अधोगत लोकरूप ।
शाखा सहस्र परिपूर्ण बडो अनूप ॥
छन्दोदलाङ्कित लसद्विषयप्रवाल ।
उत्तुङ्ग कर्मफलयुक्त महाविशाल ॥

२

आद्यन्तहीन भवपिप्पल वृक्ष भारी ।
जो भासमान भरतर्षभ ! यो छ जारी ॥
सो जानने जुन छ निश्चल दूरदर्शी ।
वेदार्थविज्ञ सहि जान सखे ! महर्षि ॥

३

हे पार्थ ! हेर उस उन्नत वृक्षलाई ।
एकै असङ्गमय शस्त्र कडा चलाई ॥
ढालेर धाम उहि खोजनुपर्छ खास ।
आखीर छैन जसमा फिरने प्रयास ॥

४

निर्माणमोह जितसङ्गम वीततोष ।
अध्यात्मनिष्ठ परिखण्डित कामकोश ॥
निर्द्वन्द नित्यसुख शान्त छ जो मनुष्य ।
आवृत्तिहीन पद पाउँछ त्यो अवश्य ॥

५

सूर्याऽऽदिको पनि सखे ! जसमा प्रकाश ।
पुग्दैन जो छ परिपूर्ण स्वयंप्रकाश ॥
अद्वैत शुद्ध गुणवर्जित त्यो प्रधान ।
मेरो परंपद भनीकन पार्थ ! जान ॥

६

यो जीवलोकबीच शाश्वत जीवनाम ।
मेरो छ अंश भरतर्षभ ! जो तमाम ॥
त्यो गन्धभैँ पवनले मन इन्द्रियादि ।
साथै लिई सतत फिर्छ सखे ! अनादि ॥

७

अध्यक्ष आफु मन इन्द्रियको बनेर ।
गर्दै प्रकाश यिनकै बिचमा रहेर ॥
श्रोत्रादिको विषय सेवन गर्छ नित्य ।
जीवांश यो प्रिय सखे ! तिमी जान सत्य ॥

८

योगी भएर जुन गर्दछ नित्य यत्न ।
त्यो आफुमै सहज पाउँछ आत्मरत्न ॥
यत्नै गरे पनि अयुक्त मनुष्य पार्थ ।
जान्दैन आत्मपदको महिमा यथार्थ ॥

९

मै सर्वभासकसखे ! म जगन्निवास ।
मै भूतधारक म सोमरसप्रकाश ॥
मै जाठरान्नि सबको परिपाककारी ।
मै जीवजीवन निरञ्जन निर्विकारी ॥

१०

सम्पूर्णका हृदयमा म बसीरहन्छू ।
ज्ञान, स्मृति प्रभृति मै सबलाई दिन्छू ॥
मै वेद्य वेदहरूले म छु वेदवेत्ता ।
वेदान्तकारक म संशयजालछेत्ता ॥

११

प्राणीहरू क्षर भनिन्छन लोकचारी ।
कूटस्थ चेतन छ अक्षर नामधारी ॥
तद्भिन्न पार्थ ! पुरुषोत्तम ईश खास ।
अर्के छ शुद्ध परिपूर्ण जगन्निवास ॥

१२

बाबू ! क्षराक्षर दुवै थरिदेखि भिन्न ।
आत्मा स्वयं परम उत्तम छू अनन्य ॥
यै निस्ति वेदहरूमा पनि हेर पार्थ ।
मेरो छ नाम पुरुषोत्तम यो यथार्थ ॥

१३

यो जानि गैह्र पुरुषोत्तमतत्व गूढ ।
प्यारा सखे ! नभई कत्ति पनि विमूढ ॥
सर्वात्मना भजनमा जुन मग्न हुन्छ ।
त्यो बुद्धिमान कृतकृत्य भइरहन्छ ॥

सोह्रौं अध्याय

१

शान्ति, क्षमा, तप, दमाऽमय, सत्वशुद्धि ।
स्वाध्याय, दान, करुणाऽऽर्जव, योगबुद्धि ॥
अक्रोध, सत्य, धृति, शौच र नाऽतिमान ।
त्यावादि गैह्र गुण दैव भनेर जान ॥

२

शान्त्यादि दैवगुणभूषित धैर्यधारी ।
हे पार्थ ! पुग्छ सहजै भवसिन्धुपारी ॥
यो ख्याल राख तिमी दैवगुणप्रधान ।
छौ शोक व्यर्थ यसरी मनमा नमान ॥

३

पारुष्य, दर्प, मद, दम्भ, तथाऽभिमान ।
अज्ञान, काम, छल, लोभ, पराऽवमान ॥
चिन्ता, अशोच, ममता, रिस, वैर, राग ।
हो आसुरी प्रकृतिका गुणको विभाग ॥

४

यी आसुरी प्रकृतिका गुणले निबद्ध ।
मानीस कामसुखलुब्ध छ जो अबुद्ध ॥
त्यो आसुरी जुनिविषे चिरकाल पर्छ ।
जन्मन्छ मर्छ उहिमाफिक भोग गर्छ ॥

५

चिन्ता लिईकन बढाइ दुरन्त आशा ।
कामोपभोग मनले समझेर खासा ॥
विद्रोह जीवहरूको गरदै अकार्थ ।
संसारमा सतत घुम्दछ मूर्ख पार्थ ॥

६

यस्तो गरे यति भयो अब यो गरूँला ।
होला यसो अनि म यो सुखमा परूँला ॥
इत्यादि यो दृढ मनोरथपाश हाली ।
बाँधिन्छ मूर्खजन केवल कामशाली ॥

७

प्यारा सखे ! विजय लोभ र काम रोष ।
ढोका तिनै नरकका बुझ पूर्णदोष ॥
फर्काई पीठ तिनितर्फ रहे अवश्य ।
पाइन्छ मुक्तिपथको गहिरो रहस्य ॥

८

छोडेर शास्त्रहरूको गहिरो विधान ।
इच्छाऽनुरूप चलदा शुभ छैन जान ॥
तस्मात् तिमी सकल शास्त्रहरू विचार ।
कर्तव्यको अनि समस्त निकाल सार ॥

सत्रौं अध्याय

१

सत्वादि तीन गुणका वशले गरेर ।
श्रद्धा पनी तिनथरी सबको छ हेर ॥
श्रद्धा छ पार्थ । जसको मनभित्र जस्तो ।
सोमाफिकै पुरुष आखिर हुन्छ उस्तो ॥

२

हे पार्थ । सात्त्विक सधैं सुरभक्त हुन्छ ।
यज्ञादितर्फ मति राजसको रहन्छ ॥
प्रेतादिको भजन गर्छ तमः प्रधान ।
सामान्य तीन गुणको यही भेद जान ॥

३

देखाइ दम्भ लिइ राग दुरुस्त काम ।
शोसी अशास्त्रविधिबाट जिऊ तमाम ॥
जो पार्थ ! धीर तप गर्छ नजानि तत्त्व ।
हो त्यो पनि फगत आसुर हीनसत्त्व ॥

४

आहारमा मधुर सात्त्विकको छ मुख्य ।
कट्वम्लरुक्षहरू राजसको छ मुख्य ॥
दुर्गन्धि वासि अपवित्र सडे पडेको ।
हो तामसप्रिय भनी सबले कहेको ॥

५

जो वैध याग अफलेच्छु रिन्छ ।
कर्तव्य जानिकन, सात्त्विक त्यो नन्छ ॥
दम्भार्थ वा फलनिमित्तक जो हुन्छ ।
त्यो खालि राजस भनी सबले कहिन्छ ॥

६

श्रद्धा र शास्त्रहरूको विधि दूर सारी ।
मंत्रक्रियाहरू सबै बरबाद पारी ॥
जो दक्षिणारहित यज्ञ गरिन्छ पार्थ ।
त्यो खालि तामस भनी बुझ्नू यथार्थ ॥

७

देवद्विजातिगुरुपूजन, ब्रह्मचर्य ।
शौंचादि जान तप दैहिक वंशवर्य ! ॥
स्वाध्याय, शीतल सुखावह बोलि शुद्ध ।
हो पार्थ ! वाचिक तूलो तप सर्वसिद्ध ॥

८

सौम्यत्व, आत्मपदनिग्रह, भावशुद्धि ।
चित्तप्रसाद अनि मौनगुणाऽभिवृद्धि ॥
इत्यादि मानसिक मानिसको प्रधान ।
हो वीर पार्थ ! तप यो तिमी सत्य जान ॥

९

श्रद्धा बढाई फलतर्फ नराखि आशा ।
जो जो गरिन्छ तप सात्त्विक त्यो छ खासा ॥
उद्देश्य मानहरूको लिइ जो गरिन्छ ।
हे पार्थ ! त्यो सकल राजस नै भनिन्छ ॥

१०

उच्चाटनादि अरुको गरनानिमित्त ।
यद्वा दुराग्रह लिईकन दुर्निमित्त ॥
जो घोर आत्मपरिपीडनले गरिन्छ ।
हे पार्थ ! उग्र तप तामस त्यो कहिन्छ ॥

११

दातव्य धर्म समझीकन देश काल ।
पात्राऽऽदिको हृदयभित्र गरेर ख्याल ॥
जो भक्तिले अनुपकारकमा दिइन्छ ।
त्यो दान शास्त्रबिच सात्त्विक हो भनिन्छ ॥

१२

जो दान हुन्छ फल प्रत्युपकारलाई ।
त्यो सम्झ राजस तिमी मनले ठमाई ॥
हेला गरीकन कुपात्रविषे प्रदत्त ।
सम्पूर्ण दानकन तामस जान नित्य ॥

१३

ॐतत्सदेष परमेश्वरको प्रधान ।
निर्देश हो त्रिविध यो पनि सत्य जान ॥
विप्र, श्रुति, ऋतुहरू पहिले यसैले ।
बाबू ! प्रवर्तित समस्त थिए क्रमैले ॥

१४

यै निम्ती हे विजय ! ॐ पहिले भनेर ।
यज्ञादि कर्म बुधको चलदो छ हेर ॥
तच्छब्द खालि फलसूचक मात्र जान ।
बाबू ! मुमुक्षु उसतर्फ दिँदैन ध्यान ॥

१५

सद्भाव साधुपनबोधनका निमित्त ।
सच्छब्द यक्षहरूमा छ सदा प्रवृत्त ॥
सद्भावले रहित जो तप, दान हुन्छ ।
त्यो हो असत् उभयलोक बिगारिदिन्छ ॥

अठारौं अध्याय

अर्जुन–

१

हे कंसकेशि रिपुमर्दन ! दीननाथ !
श्रद्धा बढाइ प्रभुमा अब यो अनाथ ॥
संन्यास त्याग दुईको स्थिर मुख्य भेद ।
केहीसुनूँ कि भनि गर्छ यहाँ उमेद ॥

श्रीकृष्ण–

२

छोडीदिनु हृदयले सब काम्यकर्म ।
संन्यास हो भनि सखे ! बुझ भित्रि मर्म ॥
हे पार्थ ! कर्मफल छोडिदिनु अशेष ।
हो त्याग सर्वजनमान्य विशेष बेश ॥

३

संसारमा प्रियसखे ! तप, यज्ञ, दान ।
इत्यादि कर्मकन पावन खास जान ॥
छोडेर संगफल यी सब भाँति भाँति ।
कर्तव्य जानि गरनू, बहुतै छ जाती ॥

४

प्यारा ! सखे ! नियत कर्म छ जो प्रधान ।
संन्यास हुन्न उसको तिमी सत्य जान ॥
त्यो कर्म मोहवश छोडिदिनू अकार्थ ।
हो त्याग तामस भनी बुझ वीर ! पार्थ ॥

५

टण्टा छ यो कति गरूँ भनि दिक्क मानी ।
त्यागोक्त कर्मकन कत्ति पनि नजानी ॥
छोडिदिनू बिचमहाँ करणीय कर्म ।
हो त्याग राजस त्यहाँ पनि छैन धर्म ॥

६

कर्तव्य मात्र समझीकन कर्मलाई ।
श्रद्धालु भै फल र सँग दुवै हटाई ॥
जो कर्म धीर जन गर्दछ नित्य पार्थ ।
त्यै त्याग राजस भनिन्छ सखे ! यथार्थ ॥

७

सम्पूर्ण कर्मकन छोडन देहधारी ।
बाबू ! समर्थ जन छैन कुनै विचारी ॥
जो धीर कर्मफल केवल छोडिदिन्छ ।
त्यागी भनेर उहि वास्तवमा कहिन्छ ॥

८

हे पार्थ ! मिश्रित, अभीष्ट, अनिष्टरूप ।
कर्माऽनुरूप फल भोग सदैव खूप ॥
अत्यागयुक्त जनलाई परीरहन्छ ।
त्यागी मनुष्य सबमा फरकै रहन्छ ॥

९

आधार मुख्य पहिले, करण द्वितीय ।
कर्ता, अनेक विधचेष्टित, फेरि दैव ॥
पाँचै यिनी सकल कर्मविषे प्रधान ।
हे पार्थ ! हेतु छन यो पनि सत्य जान ॥

१०

यो कर्मको नबुझि भित्रि गम्भीर मर्म ।
आत्माविषे फगत त्यो सब कर्तृधर्म ॥
आरोप गर्दछ सखे ! जुन मन्दबुद्धि ।
त्यो हो अवश्य पनि अन्ध बडो कुबुद्धि ॥

११

जो भिन्नदैहिक अहंकृति भाववृद्धि ।
निर्लेप शान्त जसको छ सदैव बुद्धि ॥
त्यो लोकघातक भए पनि बाँधिंदैन ।
हन्तृत्व दोष उसमा कहिल्यै हुँदैन ॥

१२

प्यारा ! सखे ! विजय ! ज्ञान र फेरि काम ।
कर्ता, तथा धृति, मती सुख यी तमाम ॥
सत्त्वादिक प्रकृतिका गुणले गरेर ।
प्रत्येक तीन थरि हुन्छन् पार्थ ! हेर ॥

१३

संसारमा त्रिविध यी गुणले अबद्ध ।
प्राणी कुन पनि सखे मिलदैन शुद्ध ॥
जस्तै गरोस गुण एक न एक पार्थ ।
लागीरहन्छ सबमा बुझ यो यथार्थ ॥

१४

संसारमा विजय ! ब्राह्मण बाह्र जात ।
वैश्यांघ्रिजन्यहरूको सब कर्मजात ॥
खाली यही प्रकृतिको गुणतारतम्य ।
द्वारा विभक्त भइ चल्दछ योग्य रम्य ॥

१५

यो भूतचक्र जसबाट चलीरहेछ ।
जो विश्वमा सतत व्यापक भैरहेछ ॥
त्यो नित्य शुद्ध विभुको निजकर्मबाट ।
सेवा गरे पर भइन्छ भवाब्धिबाट ॥

१६

कस्तै भए पनि विधर्म भलो हुँदैन ।
जत्ती गरे पनि सखे ! फल पाइँदैन ॥
बाबू ! स्वधर्म विगुणै पनि योग्य हुन्छ ।
आखीरमा सकल पाप छुटाइदिन्छ ॥

१७

दोषी भए पनि सनातन वर्णधर्म ।
छोडेर पार्थ ! कहिल्यै मिलदैन शर्म ॥
आगाविषे विजय ! धूमसमान सारा ।
आरम्भमा सकलतर्फ छ दोषधारा ॥

१८

तस्मात् तिमी हृदय बुद्धि र कर्म सर्व ।
मैमा समर्पण गरी नलिएर गर्व ॥
संग्राम खूब गर यो निजधर्म थाम ।
आखीर मिल्छ यसले अविनाशि धाम ॥

१९

प्यारा ! सखे ! अझ पनि लडदीन पक्का ।
भन्छौ भने प्रकृतिले तिमीलाई धक्का ॥
दिन्छे अवश्य नलडी सुख पाउँदैनौं ।
शक्त स्वयं प्रकृतिलंघनलाई छैनौ ॥

२०

सर्वात्मना हृदयमा स्थित शुद्धरूप ।
सर्वेशका शरणमा पर नित्य खूप ॥
तेसो भए प्रिय ! सखे ! उसको प्रसाद ।
चाँडै हुनेछ हटनेछ विपद् विषाद ॥

२१

जो ज्ञानको मधुर गोप्य रहस्य मैले ।
खोलिदिएं प्रणयले तिमिमा क्रमैले ॥
राखेर भित्र मनमा उसको विचार ।
इच्छानुरूप हट वा गर वा प्रहार ॥

२२

मेरो बिछट्ट प्रिय छौ तिमी यै निमित्त ।
फेरि भएर सहसा करुणार्द्रचित्त ॥
दिन्छू म एक अति गुह्यतमोपदेश ।
तिम्रो हुनेछ जसले पछिसम्म बेश ॥

२३

मद्भक्त होउ मनलाई ममा मिलाऊ ।
मेरै सदा यजन बन्दनमा रमाऊ ॥
तेसो गरेपछि ममा तिमी लीन हुन्छौ ।
साँचो म भन्छु प्रिय छौ किन मुग्ध हुन्छौ ।

२४

छोडेर भित्र मनले अरू धर्मजात ।
मेरै सदा शरणमा पार भक्तिमाथ ॥
पक्का तिमीकन छुटाउँछु पापबाट ।
सुर्ता नल्यौ हटन यो निजधर्मबाट ॥

२५

एकाग्र भै सकल बाट सुन्यौ सुनेनौ ?
भित्री रहस्यकन केही बुझ्यौ बुझेनौ ॥
व्यामोहको हठ हट्यो कि हटेन ! पार्थ !
मेरो अगाडि सब त्यो भन लौ यथार्थ ॥

२६

यो कृष्णको मधुर दुर्लभ वाक्यरूप ।
पीयूषपान गरि दङ्ग भएर खूप ॥
हेर्दै सहर्ष हरिको हँसिलो मुहार ।
बोले धनञ्जय जयोन्मुख कीर्तिसार ॥

२७

सन्देह छैन मनमा प्रभुको कृपाले ।
शङ्का हट्यो स्मरण पाउन फेरि थाले ॥
आशा शिरोपर छ यो सब दीननाथ ।
पर्‍कँ धनू लडदछू अब फूर्तिसाथ ॥

❑❑❑

यस प्रकारले महावीर अर्जुनको मोह छुटेपछि पाण्डवसैन्यका महारथीहरूमा वीरत्वको बिजुली सनसनाएर दौडन थाल्यो । उनीहरू सब फेरि कवच र समुद्रोत्पन्न शङ्ख लिएर आ-आफ्ना बाजाहरूले दिग्दिगन्त गुँजाउन थाले । त्यो वाद्यध्वनिले गर्दा स्वर्गवासी देवता, पितृ, सिद्ध, चारण, गुह्यक, गन्धर्वहरूमा समेत खलबली मच्चिन लाग्यो । इन्द्रपुरीमा आनन्दपूर्वक रहेका देवराज इन्द्र पनि हडबडाउन थाले । अन्त्यमा तिनीहरू सबका सब विमानमा सवार भई ऋषिहरूका साथ त्यै युद्धभूमिको उपरिस्थ नभोमण्डलमा खडा भए ।

यस्तैमा कवच र धनुर्बाण साथमा लिएका शस्त्रास्त्रहरू सबै फ्याँकेर पाउका जुत्तासमेत छोडी महाराज युधिष्ठिर हत्तपत्त रथबाट उत्री कौरवसैन्य रहेको मैदानतर्फ दौडे । उनको त्यो चाल देखेर दुवैतर्फका सैन्यमा कोलाहल मच्चियो । भीम आदि दुई-चार जना दौडँदै उनका पछि लागे । कहाँ जान लाग्नुभयो ? किन यसरी दौडेको ? भनी उनीहरूले सोद्धा पनि युधिष्ठिरले केही जवाफ दिएनन् । तब सबै आशचर्यमग्न हुँदै भगवान् श्रीकृष्णको मुखारविन्दतर्फ टुलुटुलु हेर्न थाले । सो देखेर श्रीकृष्णले भन्नुभयो, 'तपाईंहरू नहडबडाउनुहोस् । महाराज युधिष्ठिर दूरदर्शी पुरुष हुनुहुन्छ । उहाँ शत्रुसैन्यसँग सन्धि गर्ननिमित्त जान लाग्नुभएको होइन । युद्धको आरम्भमा आफ्ना गुरुजनको पूजा गर्नुपर्दछ र उनीहरूको आशीर्वाद लिएर मात्र युद्धमा प्रवेश गर्नुपर्छ भन्ने शास्त्रको वचन हुनाले त्यसको प्रतिपालन गर्न भनी जान लाग्नुभएको होला भन्ने ठान्दछु, किनभने वृद्ध पितामह भीष्म, आचार्य द्रोण, कृपाचार्य, मामा शल्य आदि पूज्य गुरुजनहरू उसतर्फ हुनुहुन्छ, बरु हामी पनि जाऔं, हिंड्नुहोस् ।' श्रीकृष्णको यो कुरा सुनेर ती पाण्डवपक्षीय वीरहरू पनि श्रीकृष्णसमेत उतै दौडे ।

उता कौरव सैन्यहरूतिर युधिष्ठिरको त्यो चाल देखेर यो हल्ला चल्न थाल्यो, 'हेर, अघि अर्जुनले जस्तो कातरपन देखाएथे उस्तै युधिष्ठिरको चाल पनि देखिन लाग्यो, तिनी अवश्य डराएर महाराज दुर्योधनको शरण पर्न आएका हुन् । धिक्कार हो, धिक्कार हो त्यस्ता कातर पुरुषलाई ।' यिनीहरू यस्तै हल्ला मच्चाउँदै थिए । त्यो सब सुनेको नसुनेझैं गरी महाराज युधिष्ठिर सरासर पितामह भीष्मको रथ भएको ठाउँमा पुगी परिक्रमा गर्दै साष्टाङ्ग दण्डवत्को अनन्तर उनीसँग विनयपूर्वक भन्न थाले, 'पूज्यपाद पितामह ! समयको फेरले गर्दा आज हजुरसँग पनि युद्ध गर्ने अवसर आइलागेको छ । अतः यस चरणरजलाई विजयप्राप्ति होस् भन्ने आशीर्वाद बक्सियोस्, यसै निमित्त सेवामा हाजिर भएको हुँ ।'

धर्मराजको नीतियुक्त प्रार्थना सुनेर गहभरी प्रेमाश्रु गर्दै उनको मुखतर्फ हेरी कम्पयुक्त करकमलले उनको पृष्ठदेशलाई परिमार्जित गर्दै भीष्मले भने, "बाबू ! युद्धका निमित्त तयार भई यदि तिमी म भएका ठाउँमा नआउँदा हौ त म तिमीलाई पराजित भए भनी उल्टो सराप दिने थिएँ, तर तिम्रो यस आचरणले गर्दा मलाई अत्यन्त हर्ष लाग्यो । म प्रसन्नतापूर्वक आशिष् दिन्छु, तिमी अवश्य विजयी हुनेछौ । के गरूँ, पुरुष द्रव्यको दास छ । कौरवहरूको धनबाट मेरो प्रतिपालना भएको हुनाले मैले अन्नको सोझो गर्नपन्यो । म कौरवतर्फबाट युद्ध गर्दछु, मबाट तिम्रो केही सहायता हुन नसक्ने भयो । कौरवका तर्फबाट युद्ध गर्नु नै अहिले मेरो कर्तव्य छ, तिमी स्वयम् मर्मज्ञ छौ, म धेरै के भनूँ ।"

भीष्मबाट यो आशीर्वाद पाएर उनलाई प्रणाम गरी महाराज युधिष्ठिर फेरि आचार्य द्रोणकहाँ पुगेर परिक्रमा तथा प्रणामको पछिबाट भन्न थाले, "गुरुदेव ! मलाई सल्लाह बक्सियोस्, यस महासमरमा म पापयुद्ध गरूँ कि धर्मयुद्ध गरूँ ? कसो गर्नाले शत्रुबाट विजयप्राप्ति गर्न सकुँला ।" युधिष्ठिरको यो धर्म मर्यादापूर्वकको निवेदनलाई सुनेर प्रसन्न हुँदै द्रोणले भने, "महाराज ! तपाईंको आचरण देखेर म साह्रै प्रसन्न भएँ । जानुहोस्, म खुशीसाथ आशीर्वाद दिन्छु, तपाईंको विजय होओस् । यदि तपाईं मसँग भेट गर्न नआउनुहँदो हो त म सराप दिने थिएँ, जसबाट तपाईंको भारी अनिष्ट हुने थियो । तर अब चिन्ता केही छैन, तपाईंले डराउनु पर्दैन । कौरवको अन्न खाएको हुनाले दुर्योधनको पक्षबाट मैले युद्ध गर्नुपन्यो तापनि मेरो हार्दिक इच्छा तपाईंकै तर्फ छ । यस बेला आशीर्वादबाहेक म तपाईंलाई के दिन सक्तछु ? तपाईं धर्मको रक्षा गर्नुहुन्छ, यसकारण विजय तपाईंको हुनेछ ।" युधिष्ठिरले फेरि भने, "गुरुजी ! हजुर युद्धमा डटेर रहुन्जेल मैले कसरी विजय प्राप्त गर्न सकुँला यसमा मलाई ठूलो सन्देह छ ।" द्रोणले भने, "हो, म नमरीकन तपाईंलाई विजय प्राप्त हुन सक्तैन । लौ मलाई मार्न सक्ने वीर पुरुष पनि जगत्मा कोही छैन । यसकारण तपाईंलाई सन्देह लाग्नु उचितै हो । तथापि तपाईंलाई विजयी हुने युक्ति बताउँछु । घोर घमासानको युद्ध चलेको बेलामा म एक पटक आफसे आफ शस्त्रहरू फ्याँकेर खडा हुनेछु । त्यसै बखत तपाईंहरू सबै मिलेर म उपर शस्त्रप्रहार गर्नुहोला र मेरो मृत्यु हुनेछ, अब तपाईं फर्कनुहोस् ।"

गुरु द्रोणाचार्यको यो युक्तियुक्त कुरा सुनेर उनलाई प्रणाम गरी महाराज युधिष्ठिर फेरि कृपाचार्य भए ठाउँमा पुगी प्रणामोत्तर उही विनय देखाउन थाले । त्यसबाट प्रसन्न भएका कृपाचार्यले पनि आशीर्वाद दिँदै उनलाई भने, "धर्मराज !

म तपाईंदेखि प्रसन्न भएँ, युद्धमा तपाईंको विजय होओस् । धर्मयुक्त छ, भगवान् श्रीकृष्ण जस्तो तपाईंको सहायक हुनुहुन्छ, यसकारण जानुहोस् निर्धक्कसँग युद्ध गर्नुहोला ।"

त्यसपछि त्यहाँबाट बिदा भएर महाराज युधिष्ठिर मामा शल्यराज भएका ठाउँमा प्रणामोत्तर निवेदन गर्न थाले, "मेरो माया गर्ने मामा ! हजुरले मेरो हार्दिक इच्छा तिमीतर्फ छ भन्नुभएको हो । अब युद्धको समय समीपमा छ, अब भानिजलाई आशीर्वाद र सहायता बक्सियोस् । अरू सहायता केही गर्न नसके पनि समयसमयमा हजुर कर्णको तेजोवध गर्न बाँकी नराखिबक्सिएला जसबाट हतोत्साह भएर कर्णले अर्जुनसँग मुकाबिला गर्न नसकोस् ।" शल्यले तथास्तु भनी आशीर्वाद दिँदै भने, "ठीक हो, कौरवहरूले तपाईंहरूका उपर ठूलो धोकाबाजी गरेका छन् । धर्मको रक्षा गर्दागर्दै पनि तपाईंहरूले ठूलो कष्ट पाउनुभएको छ । परन्तु अब युद्ध गर्नुहोला, तपाईंहरूको अवश्य पराजय हुनेछैन ।" यसप्रकार गुरुजनहरूबाट आशीर्वाद पाएर महाराज युधिष्ठिर आफ्नो रथ भएको ठाउँमा आइपुगे । उनका पछि श्रीकृष्ण भीम आदिहरू पनि आए । त्यसपछि रथमा सवार भएर शस्त्रास्त्रले सुसज्जित हुँदै उनले उच्चस्वरमा भने, "मेरा वीर भाइ हो ! अब म युद्धका निमित्त कवच पहिरन्छु । यस बेला कोही शत्रु मेरा शरणमा आउँछ भने म त्यससँग छाती मिलाएर आफ्नो सम्झनेछु, चाहे भाइ दुर्योधन नै आउन् तापनि म कत्ति सङ्कोच मान्ने छैन ।

महाराज युधिष्ठिरको औदार्यपूर्ण यो घोषणा सुनेर सकल पाण्डवपक्षीय सैन्यहरू मुग्ध भए । यसै बेला सहसा एक वीर पुरुषले कौरवदलबाट दौडँदै आएर युधिष्ठिरको चरणमा पर्दै म हजुरको शरणमा छु भनी विन्ती गऱ्यो । त्यो राजा धृतराष्ट्रको सङ्गृहीता पत्नीको गर्भबाट जन्मेको युयुत्सु नामक पुत्र थियो । त्यस प्रार्थनालाई स्वीकृत गर्दै युधिष्ठिरले प्रेमपूर्वक भने, " भाइ ! म तिमीदेखि प्रसन्न भएँ, आऊ मेरो दलमा मिल । तिम्रा भाइहरू बडा निर्बुद्धि रहेछन्, तिम्रा बुद्धिलाई धन्यवाद छ । अब श्रीकृष्णको समक्षमा तिमी-हामी एक भएर तिम्रा भाइहरूउपर शस्त्रास्त्रको वृष्टि गराँला । काका धृतराष्ट्रको वंशमा उनीहरूलाई पिण्ड जल दिनानिमित्त तिमी एक जना शेष रहनेछौ ।" यति भनेर युधिष्ठिरले आफ्नो सैन्यतर्फ फर्की युद्धको बिगुल बजाउने हुकुम दिए । शस्त्रास्त्रले सुसज्जित भएका वीर योद्धाहरू पनि आफ्ना आफ्ना रथ वाहनहरूमा सवार भई अगाडि बढ्न थाले । गऱ्याम गऱ्याम हिँडेको सैन्यको आवाजले रणभूमि गर्जन थाल्यो ।

युद्धारम्भ (प्रथम दिन)

अब माता बसुन्धराले रक्तरञ्जित हुने समय उपस्थित भयो । युद्धको बिगुल बज्नासाथ सैनिकहरू परस्पर प्रहार गर्न थाले । यसै बेला दुर्योधनको आज्ञा लिएर दुःशासनले पितामह भीष्मको रथलाई अगाडि बढायो । सो देखेर पाण्डवहरू पनि प्रसन्नतापूर्वक अगाडि बढे । दुवै पक्षका सैन्यमा रणवाद्यहरूको भयानक ध्वनि दिग्दिगन्तलाई गुञ्जाउन थाल्यो । भेरी क्रकच र शङ्खको ध्वनिले पृथ्वी थर्कन थालिन् । हात्तीहरूको चिङ्घार, घोडाहरूको हिनहिनाहट, रथहरूको घरघराहटले गर्दा सैनिकहरू आफ्नो र अर्को भन्ने कुरालाई बिर्सेर एकदम मतवाला जस्ता हुन थाले । यति हुँदाहुँदैमा सहसा महाबली भीमसेन आफ्नो सेनासहित फुत्त अगाडि निस्के, त्यस बेलाको उनको फूर्ति र साहस कौरवसैन्यका निमित्त बहुतै भयकारक देखिन्थ्यो । अगाडि हात कौरव-सैन्यले नै छोड्यो । त्यसको बदलामा भीमसेनका शत सहस्त्र बाणहरू पनि सनसनाउँदै शत्रुदललाई तितरवितर गराउन थाले । उसतर्फबाट पनि घनघोर शरवृष्टि हुन थाल्यो । पाण्डवहरूको पराक्रम द्विगुण त्रिगुण हुँदै जानाले दुवैतर्फको सङ्घर्षबाट रणभूमिमा अलौकिक दृश्य देखिन थाल्यो । पृथिवीबाट उडेका धूलीपटलले आकाशमण्डललाई आच्छादित गर्दै भगवान् दिनकरको त्रैलोक्यप्रकाशक रश्मिसमूहलाई अन्धकारको रूपमा परिणत गर्न थालेको हो कि भनिठानेझैं दर्शकहरू आश्चर्यचकित दृष्टिले चारैतर्फ हेर्न थाले । एकै क्षणपछि बिलकुलै त्यो धूलीपटल पृथ्वीमा ओर्लेर हताहत सैनिकको शोणित नदीमा मुछिँदै पङ्किल रूपमा परिणत हुन लाग्यो । भीष्म, कृतवर्मा, अभिमन्यु, बृहद्बल, दुर्योधन, नकुल, दुःशासन, दुर्मुख, सहदेव, शल्य, युधिष्ठिर, धृष्टकेतु, बाल्हीकनरेश, विराट, भूगदत्त, कृपाचार्य, बृहक्षत्र, द्रुपद, जयद्रथ, विकर्ण, सुतसोम इत्यादि महापराक्रमी वीरहरू परस्पर भिडेर लड्न थाले । त्यस बेला अरूको भन्दा अलम्बुष र घटोत्कचको सङ्ग्राम विशेष दर्शनीय देखिन्थ्यो, केही वेरतक तिनीहरूले एक प्रकारको घुँसाखान नै मच्चाए । काटिएका हात्ती, घोडाहरूको मासु बोसोका रास लागेर सैनिक वीरहरू नै ढाकिन लागे ।

प्रातःकालदेखि नै यो सङ्ग्राम आरम्भ भएको थियो । मध्यान्नतक घमासान हुँदासम्म पनि विशेष नतिजा केही निस्केको थिएन । यो देखेर अब भएन भनी कौरवहरूले प्रचण्ड वेगसँग युद्धको गतिलाई द्विगुण गराउन थाले । उत्तेजित हुँदै पाण्डव सैन्यलाई शरवृष्टिले छाउन बाँकी राखेनन्, उनको शरवृष्टिमा परेर धेरैजसो पाण्डवसैन्यको क्षति भएको देखिन थाल्यो । विशेष अभिमन्युतर्फका सेनामा धेरै वीरहरू घटेका देखिन्थे । वीर अभिमन्यु आफ्नो दलतर्फको क्षति अधिक देखेर

झन् झन् उत्तेजित हुँदै गएका थिए । आखिर उनी एकाएक वायुवेगले पितामह भीष्मको रथलाई लक्ष्य गर्दै अगाडि पुगेर शरवृष्टिद्वारा उत्पात मच्चाउन थाले । भीष्मलाई आच्छु, आच्छु पऱ्यो, उनी जति बाण छोड्दथे उतिलाई बीचैमा काटेर अभिमन्यु गिराइदिन्थे । अभिमन्युको हस्तलाघव देखेर स्वयम् भीष्म पनि मनमनले प्रशंसा गर्दथे । यस्तैमा अर्जुनपुत्र महापराक्रमी अभिमन्युले भीष्मको पराक्रमलाई विफल गराउँदै लैजान लागेको देखेर एकाएक क्रुद्ध हुँदै कृपाचार्य, कृतवर्मा, शल्य, विर्विंशति र दुर्मुख आदि वीर योद्धाहरू अभिमन्युतर्फ धुरा छुटेर आइलागे । तिनीहरू भीष्मको रक्षा गरी अभिमन्युको वेगलाई परास्त गराउने अभिप्रायले अघि सरेका थिए । सबका सब मिलेर उनीहरूले अभिमन्युलाई शरवृष्टिद्वारा ढाकिदिने चेष्टा के निकालेका थिए अभिमन्युले त्यो शरवृष्टिलाई आफ्ना बालुकावृष्टिसमान बाणप्रहारले विफल गराएर छोडिदिए । कृपाचार्यको धनुलाई नै दुई टुक्रा पारी जमिनमा गिराए । भीष्मको सहायता गर्न भनी आएका चारै महारथीहरू आफैं उल्टो चोट अभिमन्युबाट खाएर हडबडाउन थाले ।

उत्तरवध

अभिमन्युको यो युद्धकौशल देखेर भीष्म चकित भए । कौरवहरू पनि अभिमन्यु अर्जुनभन्दा बहादुर रहेछन् भनेर आपसमा कुरा गर्न लागे । यस्तैमा भीष्मले अभिमन्युमाथि आक्रमण गरे । यस पटकको भीष्मको आक्रमण भयङ्कर थियो । अभिमन्युको देहले सहन गर्न सकेन उनी घायल भए । भीष्मले उनको सारथिलाई समेत घायल गरी रथलाई पनि भताभुङ्ग पारिदिए । त्यसै बेला अर्कातिरबाट कृपाचार्यले पनि घायल अभिमन्युलाई कैयौं बाणले विद्ध गराए । बिचरा बालक अभिमन्युको सुकोमल गाथबाट रक्तको प्रवाह चल्न थाल्यो । तर त्यति हुँदा पनि उनी कत्ति पीडित नभए जस्तै गरी झन् झन् भीष्मलाई लक्ष्य गराएर उनका शरलाई बीचबीचमा टुक्रा पारी गिराउँदै बाणमाथि बाण थपेर धूम मच्चाउन थाले । उनका नौओटा बाणले एक पटक वेगसाथ गएर भीष्मका रथको सुवर्णमय ध्वजा नै काटेर गिराइदिए । उनको त्यो हस्तलागव देखेर पाण्डवहरू खुशी मनाउन थाले, भीष्मको शरीर बाणै बाणले ढाकिएर व्याकुल हुन थाल्यो । कौरवहरू टुलुटुलु हेरेर टोलाउन लागे । केही बेरसम्म रणभूमिको दृश्य यही रह्यो । अन्त्यमा भीष्म कुनै साधारण योद्धा थिएनन् । युद्धमा पीठ फर्काउन उनले जानेकै थिएन । उनले असङ्ख्य बाणवृष्टिद्वारा फेरि अभिमन्युलाई हायल कायल गराए । अब अभिमन्युको शक्ति निकै नै कम हुन थाल्यो । यो सब पाण्डवहरूले देखिरहेका थिए । जब उनीहरूलाई अब अभिमन्यु अगाडि बढ्न सक्तैनन् भन्ने निश्चय भएथ्यो

तब एकाएक महाबली भीम, वीरवर अर्जुन, राजा विराट आदि महारथीहरू उनको रक्षा गर्न भनी दौडे । सबभन्दा अगाडि विराटपुत्र उत्तरकुमारको भीष्मका साथ मुठभेट हुन लाग्यो । यही बीचमा भीष्मले भीमसेनको रथको ध्वजा काटिदिए । उनका साथीहरूलाई पनि घायल गराए ।

उता राजकुमार उत्तरको दर्पचूर्ण गर्नानिमित्त शल्यले सामना गर्न थाले । पहिलो झपटमा नै उनले उत्तरको कवचलाई काटेर जमिनमा थुप्रो लगाइदिए, उत्तरले चढेको हात्तीको सूँढ पनि काटिदिए । हात्ती चित खाएर पछारियो । वाहनहीन उत्तर पनि जमिनमा लोटे । ज्यादै घायल भइसकेका हुनाले उनलाई तत्क्षणैमा प्राणपखेरुले पनि बिदा दियो । उनको मृत्युले गर्दा सारा पाण्डव सैन्यमा शोक र हाहाकार मच्चियो । यो सब देखेर सबै किंकर्तव्यविमूढ हुन के थालेका थिए, एकाएक उनै उत्तरका भाइ श्वेतकुमारले झम्टा मार्दै गएर शल्यको शेखी झारिदिए । उनीसँग शल्यको केही जोर चलेन, उनी सहसा पछि हटे । त्यसपछि श्वेतकुमारको रुक्म भन्ने वीर योद्धाको साथ युद्ध हुन थाल्यो । अन्त्यमा श्वेतले आफ्ना विषाक्त तीक्ष्ण बाणले रुक्मलाई धराशायी तुल्याएर छोडिदिए ।

श्वेतवध

विराटपुत्र श्वेतको यो अद्‌भुत वीरताले गर्दा केही बेरतक कौरव सैन्यमा हाहाकार गरायो । भीष्म पनि भरसक गर्दै थिए, तर आफ्ना वीर योद्धाहरू र सैन्यहरूको रक्षा गर्न उनले सकेनन् । अन्त्यमा अब एक्लाले लडेर साध्य भएन भन्ने ठानी एकदमसँग दुर्योधनसमेतका सारा कौरवहरू मिलेर श्वेतलाई चारै तर्फबाट घेरामा पारे । त्यो देखेर भीम आदि वीरहरू उनलाई घेराबाट छुटाउन भनी दौडे । परन्तु महाबली भीष्मले उनीहरूलाई घेरामा पुग्न नपाउँदै बीचैमा एकपछि एक जना वीर योद्धालाई लगातार रोके । आफू लगातार श्वेतका उपर शरवृष्टि गर्न थाले, तर पनि श्वेतको वेगलाई उनले रोक्न सकेका थिएनन् । उनलाई श्वेतले कयौँ पटक विरथ पनि गराइसकेका थिए । धनु पनि काटेको र बाणलाई पनि आफ्ना उपर एक लाग्न नदिई बीचैमा टुक्र्याइदिएका थिए । कहाँसम्म भने आजको युद्धमा श्वेतकै हातबाट वृद्ध पितामहको देहान्त हुने हो कि भन्ने धेरैको मनमा परिसकेको थियो । परन्तु महारथी प्रचण्ड प्रतापी भीष्मका अगाडि बिचरा विराटराजकुमार श्वेत हात्तीका अगाडि भुसुना बराबर न हुन् । अन्त्यमा बूढाले फूर्तिसाथ केही बाण प्रहार गरी श्वेतको घोडा र सारथिसमेतलाई यमपुरीतर्फ बिदा गराए । श्वेत विरथ भएर पैदलै धनु हातमा लिई भीष्मका उपर शरवृष्टि गर्न थाले । भीष्मले पनि अब यस ठिटासँग कति खेलाँची गरूँ भन्ने

ठानेर हो कि भनेझैं गरी एक बाणले उनका हातको धनु नै काटेर गिराइदिए । तैपनि श्वेत त्यहाँबाट पछि हटेनन् । उनी ढाल तलवार लिएर लड्न थाले । भीष्मले उनको ढालैलाई पनि टुक्रा-टुक्रा पारिदिए । अब ढीला नगर्नुहोस्, त्यस ठिटाको शेखीलाई बिदा गर्नुहोस् भनी कौरवहरू पनि बराबर प्रेरणा गर्न थाले, तथापि भीष्म चाँडै नै श्वेतलाई मारिहाल्नु उचित छैन, उसको पराक्रम पनि पाण्डवहरूले देखिहालून् भन्ने विचारले खेलाँची गर्दै थिए । उनले हानेको एक बाणलाई श्वेतले तरबारद्वारा काटेर गिराईसकेका थिए, तर संयोगवश त्यस बाणको टुप्पो चाहिं उछिट्टिँदै गएर श्वेतको गर्दनमा लाग्न पुगेछ र उनको शिर जमिनमा गिरिहाल्यो । यस प्रकारसँग श्वेतले वीरगति प्राप्त गरेपछि उनका पनि भाइ शङ्ख नामक राजकुमार धनुबाणले सुसज्जित हुँदै शल्यका उपर आक्रमण गर्न के पुगेथे उनलाई शल्यले बीचैमा विरथ तुल्याएर उनको शिरै अलग गरिदिऊँ भनी एक बाण हानेका थिए, सो बाण लाग्न पाएको भए उनको मिति पनि पुगिहाल्दथ्यो, तर वीर अर्जुनले झटपट गरेर बीचैमा सो बाणलाई आफ्नो बाणद्वारा काटेर गिराइदिए । शङ्खलाई फेरि अर्को रथमा चढाए । त्यस बेला श्वेतलाई चारैतर्फ घेरामा पारी मारेका हुनाले कौरवका उपर अर्जुनको क्रोधाग्नि दन्किरहेको थियो । उनले शङ्खलाई त्यत्तिकै त्यहीं छोडी कौरवका उपर इन्द्रास्त्रको प्रयोग गरे । अरू सैन्यतर्फ पनि गाण्डीववाट छुटेका बाणवृष्टिले प्रलय मच्चाउन लागे । घडीभरको समयमा उनको शरवृष्टिद्वारा तीस हजार कौरवसैन्यको इतिश्री भइहाल्यो । यसै बेला भगवान् दिनकरले पनि अब आजलाई यत्तिकै भयो भन्ने सूचना दिँदै आफ्नो रश्मिमालालाई सुवर्णमय चद्दर पहिराउनुभएको थियो । भीष्मादिले अर्जुनलाई रोक्न भरसक चेष्टा गर्दै थिए, परन्तु कसैको केही जोर चलेन । आखिर विवश भएर कौरवसैन्यले एकाएक आफ्नो शिविरतर्फ सुइँकुच्चा ठोकिहाल्यो । तब भीष्मले पनि लाचारीसाथ त्यस दिनको युद्ध बन्द गर्ने बिगुल लगाउन आज्ञा दिनैपऱ्यो । पाण्डवहरू पनि विजयी बनेर आफ्ना शिविरतिर फर्के ।

युद्धको दोस्रो दिन

पहिला दिनको युद्ध बन्द भएपछि दुवैतर्फको सैन्य आफ्ना शिविरमा दाखिल भई आरामीसाथ रहन लागे । पाण्डव शिविरमा अरू सबै आरामी लिएर बसेका कोही सुतिसकेका थिए, एक कोठामा श्रीकृष्ण र युधिष्ठिरमा परस्पर वार्तालाप हुन लाग्यो । युधिष्ठिरले भने, 'जनार्दन ! कौरव बलवान् छन् । स्वयम् पितामह भीष्म उनीहरूको पक्षमा हुनुहुन्छ । उहाँ जीवित छउन्जेल हामी कसरी विजयी हुन सकौंला, मलाई ता कत्ति पनि आशा लागेन । आजको युद्धमा पनि उहाँले हाम्रा

धेरै सैन्यको नाश गरिदिनुभयो, हाम्रा सैन्यलाई अगाडि पर्नासाथ भगाइदिनुहुन्छ । आज उहाँको सेनाध्यक्षतामा हाम्रा दुई जना वीर योद्धा उत्तर र श्वेतको देहान्त भयो । शङ्खलाई पनि उहाँले समाप्त गर्न खोज्नुभएको हो, भाइ अर्जुनले उनको प्राणसम्म बचाइदिए । यस कुराले पनि मलाई शोकविह्वल गराइरहेछ । यस्तै प्रकारले पितामहको जोर प्रतिदिन बढ्दै गयो भने हामीले विजयको आशा राख्नु व्यर्थ हुनेछ । त्यसकारण व्यर्थको आशामा अल्झेर हामी किन यतिका आफ्ना सम्बन्धीहरूको विनाश गरौं । यो सब विचार गर्दा मेरो मनले भन्दछ कि अब यो युद्धलाई छोडेर तँले वनवास गर्नु नै उचित छ । यसै पनि उसै पनि राज्य मिल्ने आशा नभएपछि यी सब इष्टमित्र सम्बन्धीहरूको नाश किन गराऊँ ।"

धर्मराज युधिष्ठिरलाई यसरी शोक मनाउन लागेको देखेर श्रीकृष्णले भन्नुभयो, "महाराज ! तपाईंको मुखबाट यस्तो कुरा निस्कनु क्षत्रियोचित कार्य होइन । महाबली धृष्टद्युम्न तपाईंका प्रधान सेनापति छन् । उनी छउन्जेल तपाईंलाई युद्ध बन्द गर्ने अधिकारै छैन, महावीर अर्जुन, महाबली भीम, मान्द्रीनन्दन नकुल र सहदेवहरू खडा छँदै अहिल्यै तपाईंलाई किन यस्तो डर लागेको छ । फेरि अहिलेसम्म त्यस्तो ठूलो युद्धै पनि त के भएको छ र ! यसकारण युद्ध हुन दिनुहोस्, तपाईंका भाइहरू कस्तो पराक्रम देखाउँदा रहेछन्, अनि थाहा पाउनुहुनेछ ।" यति भनेर श्रीकृष्णले धृष्टद्युम्नतिर फर्केर इसारा गर्नुभयो । सो इसारा पाउनासाथ उनले दोस्रो दिनको युद्धका निमित्त जो मिलाउने प्रबन्ध मिलाउन थाले ।

भोलिपल्ट प्रातःकालदेखि नै युद्धको बाजा बज्न थाल्यो । सेनापति धृष्टद्युम्न आफ्नो सैन्यसहित व्यूह रचना गरेर रणभूमिमा उपस्थित भए । आज उनले पक्षव्यूहको रचना गरेका थिए । व्यूहको मोहडामा महावीर अर्जुनको रथ खडा भयो । त्यसका पछि क्रमशः महाराज द्रुपद, कुन्तीभोज र चन्देलराज नियुक्त भए । व्यूहको घाँटीमा किराँतराज अनूप रहे । स्वयम् महाराज युधिष्ठिर आफ्नो भागमा परेका सैन्यहरूसहित व्यूहको पृष्ठ भागमा नियुक्त भए । वीर अभिमन्यु र महापराक्रमी सात्यकि व्यूहको बायाँतर्फ र नकुल सहदेव दाहिनेतर्फ रहे । महाराज विराट र काशीनरेश व्यूहको जाँघमा खडा गरिए । हात्ती घोडा रथ र अरू वाहनहरू पनि यथास्थानमा राखिए ।

यस प्रकारसँग पाण्डवसैन्यले मोर्चाबन्दी गरेको देखेर उता कौरवहरूले पनि आफ्नो सैन्यलाई व्यूहाकार बनाउन थाले । सकल सैन्यहरू सामेल भएपछि दुर्योधनले द्रोणाचार्य भएका ठाउँमा गएर भने, "गुरुवर । हामीलाई हजुरउपर

ठूलो भरोसा छ । आचार्य कृप र शल्य आदि श्रेष्ठ महारथीहरू हजुरका सहायक छन् । आजको युद्धमा जुन तरहले हुन्छ कौरवको इज्जत राखिबक्सनुपर्दछ । पितामह भीष्म जस्तो सेनापति हुनुहुन्छ, उहाँले युद्धमा हार्नुपर्ने कारण केही छैन, तर जे भए पनि आज पाण्डवहरूले विकट युद्ध मच्चाउने चेष्टा गरेको बुझिन्छ । यसकारण हजुरले पनि बहुतै होसियारीसँग काम गर्नुपर्ला कि जस्तो मलाई लाग्छ ।" यति भनेर दुर्योधनले युद्धको नगरा बजाउने हुकुम दिए । नगरा बज्नासाथ पितामह भीष्मले पनि आफ्नो शङ्ख बजाए ।

कौरवसैन्यतर्फको शङ्खध्वनिले पाण्डवहरूलाई सचेष्ट गरायो । उनीहरूतर्फ पनि रणभेदी बजिरहेकै थियो । दुवैतर्फको वाद्यध्वनिले गर्दा पृथ्वी कम्पायमान भए जस्तो भान हुन थाल्यो । हात छोड्न मात्र बाँकी थियो, टुप्लुक्क सेनापति भीष्मको रथ मोहडामा आएर खडा भयो । सो देखेर यतातिरबाट पनि अभिमन्यु आदि नौ जना वीरहरू उनीसँग युद्ध गर्नानिमित्त अगाडि बढे । दुवैतर्फबाट बाण वर्षन थाले । महापराक्रमी पितामह भीष्मका तीक्ष्ण प्रहारमा पर्न जानाले पाण्डवसैन्यहरू यत्रतत्र भएर छरिन लागेका देखिन्थे । वीर अर्जुन चुपचाप हेरिरहेका थिए । उनको सारथि बनिरहनुभएको श्रीकृष्ण मुसुमुसु हाँसिरहनुभएको थियो, त्यसै बेला अर्जुनले उहाँसँग विन्ती गरे, "जनार्दन ! अब मेरो रथ पनि अगाडि बढाइबक्सनुपर्ला कि ! हाम्रो सैन्यमा पितामहले निकै नै उत्पात मच्चाउने चेष्टा गर्नुभएको बुझिन्छ, तसर्थ म उहाँलाई रोक्तछु ।" अर्जुनको यो निवेदन सुनेर श्रीकृष्णले रथलाई बढाउँदै भीष्मको सामने लगी खडा गराउनुभयो । अर्जुन धाराप्रवाह बाण छोड्दै भीष्मलाई रोक्न थाले । उनको त्यो साहस देखेर भीष्मले पनि एकै पटक सतहत्तर बाण उनका उपर प्रहार गरे । ती बाणले गर्दा अर्जुन चारैतर्फबाट छोपिए जस्ता भए । त्यसै बेला द्रोणाचार्य, कृपाचार्यको तर्फबाट पनि अर्जुनका उपर घोर बाणको वृष्टि गिर्न थाल्यो । तीनतर्फको बाणवृष्टिको चुटाचुटमा पर्नाले अर्जुन आत्तिए जस्ता देखिन थाले । उनको त्यो अवस्था देखेर झटपट धृष्टद्युम्न अगाडि सरेर भीष्मलाई हायलकायल गराउन लागे । द्रोण कृपलाई पनि उनले आकुलव्याकुल गराउन बाँकी राखेनन् । यस प्रकारसँग धृष्टद्युम्नद्वारा जब भीष्म, द्रोण, कृप तीनै जनाको वेग रोकिएथ्यो फेरि अर्जुनले आफ्नो चित्तलाई सम्हाल्दै भीष्मका उपर पच्चीस, द्रोणाचार्यका उपर साठी र दुर्योधनका उपर पाँच बाण यसरी चखाए कि उनीहरू एकाएक विह्वल हुन थाले । कृपाचार्यचाहिँ घायलै भए । अब कौरवसैन्यमा साँच्चिकै खलबली मच्चियो । अर्जुनले हजारौँ बाण प्रहार गरेर कौरवहरूको धुर्रा उडाइदिए । वीरहरूका काटिएका शिरले रणभूमि खचाखच भयो, चारैतर्फ

सैन्यले कोलाहल मच्चाउन आरम्भ गरे । अन्त्यमा सारा सैन्यले सुइँकुच्चा ठोक्न मात्र के आँटेका थिए यस्तैमा अर्कोतर्फबाट महाबली भीमसेनले उसमाथि धावा बोलिदिए । त्यसले गर्दा कौरवसैन्यको स्थिति एकाएक डामाडोल भएर निस्क्यो । सेनापति भीष्मले अनेक प्रकारबाट रोक्ने यत्न गर्दा पनि कलिङ्गराजका पाँच जना पुत्र र कौरवतर्फको बडो भारी हात्तीचढी सैन्यलाई भीमसेनले चकनाचूर गराएर छोडिदिए । भरदिन युद्ध क्षणभरका निमित्त पनि थामिएन । दुवैतर्फका गरी लाखौँ शूरवीर योद्धाहरू रणभूमिमा सोत्राम्य भए । विशेषरूपले यस दिनको युद्धमा हारजित कसैको भएन । सूर्यास्त भएपछि युद्ध बन्द गर्न बिगुल लाग्यो । दुवैतर्फका सैन्य आफ्नो शिविर (खलङ्गा) तर्फ लागे ।

तेस्रो दिन

प्रातःकालमा भुवनभास्कर भगवान्को उदयदेखि नै दुवैतर्फका सेना युद्धका निमित्त रणक्षेत्रमा आएर सामेल भए । शङ्खध्वनि हुनासाथ युद्धका बाजाहरू गमागम बज्न थाले । दुवैतर्फका सैन्य शस्त्रास्त्रले सज्जित भई तँछोड-मछोड गर्दै अग्रसर हुन थाले । मार्, काट्, ठोक् इत्यादि शब्दले आकाश गुँजेर उठ्यो । हात्तीहरूको चीत्कार, घोडाहरूको हिनहिनाहट, रथहरूको घरघराहटले कातर पुरुषको मुटु कलेजा धड्कन थाल्यो । एकसेएक वीर पुरुषहरू उत्साहित भएर अगाडि बढे । सबभन्दा अगाडि वीरशिरोमणि अर्जुनका गाण्डीव धनुबाट छुटेका हजारौँ बाणले कौरव सैन्यलाई भेट्न थाले । भीष्मको उनलाई रोक्ने सकल चेष्टा विफल भयो । उनी क्रोधान्ध भएर एकाएक अद्भुत वीरता प्रकट गर्न थाले । उनको प्रचण्ड वेगसहितको आक्रमणले गर्दा अर्जुनको क्रोध पनि द्विगुण भएर उठ्यो । यही बीचमा भीष्मले अर्जुनका उपर कैयौँ विषालु बाण वर्साए । उनका बाणका चोटले अरू पाण्डवसैन्य जमिनमा घुसमुन्टिए ।

त्यसपछि साराका सारा पाण्डवसैन्यहरू कौरवसैन्यका उपर ओइरिएर रथका साथ रथ, घोडाका साथ घोडा, हात्तीका साथ हात्ती, सवारका साथ सवार, पैदलका साथ पैदल वीरहरू परस्पर भिडिएर लड्न थाले । रक्तनदीको प्रवाह उर्लेर रणभूमिबाट बाहिर निस्कन थाल्यो । त्यसमा डुबेका घायल अधमरा र मरेका सैनिक हात्ती, घोडाहरू ताँती-ताँती लागेर बग्न थाले । बडेबडे हात्तीका मस्तक र उनका मोटा-मोटा तिघ्राहरूका रासहरू जताततै ढेर लाग्न थाले । कोही हात काटिएका छन्, कसैका तिघ्रै छैनन्, कसैका ढाड काटिएका छन्, कसैका टाउको उछिट्टिन लागेको छ, कोही भुलभुल रगतका धारा बगाएर ज्यान हत्केलामा राखी

दौडन थालेका छन् । कोही घोडैबाट हामफाल्न लागेका छन् । मनुष्य तथा हात्ती, घोडा आदिका रगत, मासु, मासीको हिलोले पाइलो राख्ने ठाउँसम्म पनि पाइन मुस्किल भयो । प्राश, शक्ति, तमोर, गदा परिघ, चक्र, मुशल आदि शस्त्रास्त्रका टुक्राहरू खहरे खोलाबाट बग्न लागेका गेगर पत्थरझैं बग्न थाले ।

भीष्मको प्रचण्ड वेगले गर्दा पाण्डव-सैन्यमा ठूलो खलबली मच्चियो, सैनिकहरू अर्जुनको दुहाइ पुकार्न थाले । सो देखेर घटोत्कच र अभिमन्यु अघि सर्दै सबैलाई ढाढस दिएर युद्ध गर्न थाले, उनीहरू दुवै जनालाई कौरव-सैन्यले पनि घेर्न बाँकी राखेनन् । अघिपछिको भन्दा आजको भीष्मको वेग अतिशय प्रचण्ड थियो । अर्जुन आदि महारथीहरू पनि क्या हो भन्लान् भने जस्तो गर्न थाले । नभन्दै भीष्मले आफ्नो भएभरको शक्ति लगाएर पाण्डवतर्फका दश हजार महारथीलाई मारी भीम आदि मुख्य-मुख्य वीरहरूलाई समेत परास्त गर्दै अगणित पाण्डव-सैन्यलाई धराशायी गराइदिए । अब पाण्डवहरूले धैर्यधारण गर्न ठाउँ नै रहेन । उनीहरूका सैन्यमा एक जनासम्म पनि घायल नभएको बाँकी थिएन । यो सब देखेर पाण्डवहरूले राम्रैसित कम्मर कसे । उता कौरवतर्फ सबैको हौसला बढिरहेको थियो, उनीहरू आज ता पाण्डवहरूलाई पिट्यौं भनेर थपडी मार्न लागेका थिए । भीष्मले बराबर पाण्डव-सैन्यमा धूम मच्चाउन छोडेका थिएनन् । आखिर यो सब देखेर अर्जुनलाई असह्य भयो । उनी स्वयम् अगाडि सरेर भिडिन थाले । घण्टौंसम्म युद्ध भएपछि सारा कौरवहरू मिलेर चारैतर्फबाट अर्जुनलाई घेर्दै भीषण बाणवृष्टिले विद्ध गराउन थाले । उनीहरूका बाणले उनको रथै ढाकिएको देखियो । त्यो देखेर महाबली धृष्टद्युम्न र सात्यकिले मिलेर अर्जुनको सहायतामा कौरवका बाणवृष्टिलाई बीचबीचैमा काटेर गिराउन थाले । यसै बेला भीमसेनले पनि हावा छुटेझैं छुट्तै गएर कौरवसैन्यको सातो लिए । उनको मुकाबिलामा कौरवहरू अड्न सकेनन् । अरू सारा कौरवहरू भागे । दुर्योधनलाई ठूलो चोट लागेछ र उनी त्यहीं मूर्च्छित भएर गिरे ।

केही बेरपछि मूर्च्छाबाट बिउँझेर दुर्योधनले भीष्मका उपर गम्भीर भावसँग केही आक्षेप युक्त दुईचार कुरा के भनेथे भीष्मले उनलाई जवाफ दिए, 'राजन् ! तिमी मलाई के दोष दिन्छौ, म आफ्नो ज्यानको परवाह नराखी युद्ध गरिरहेछु, तिमी देख्तैछौ, देख्तादेख्तै पनि म उपर आक्षेप गर्नु कुन धृष्टता हो ? तिमी आफैं अधीर हुन्छौ त मैले के गर्ने ? विजय केवल मेरै हातमा छ भन्ने नियम केही छैन । कहिले कसैको जय हुन्छ, कहिले कसैको पराजय हुन्छ, म के भनूं ।' यो सुनेर दुर्योधन चुप लागे ।

यसपछि फेरि भीष्मले शङ्खध्वनि गर्दै युद्धको आरम्भ गरे । पाण्डवहरू पनि शङ्ख, भेरी आदिको आवाजले दिग्दिगन्तलाई गुञ्जायमान गर्दै नाना शस्त्रास्त्र प्रहार गर्न भनी दौडे । किन्तु पाण्डवहरूतर्फबाट आक्रमण हुनासाथ भीष्मजीले घोर बाणवृष्टि गरेर सारा सैन्यलाई आकुल-व्याकुल तुल्याए । वीर पुरुषहरू त्राहि-त्राहि गर्दै यत्रतत्र भाग्न थाले । उनीहरू जतिजति भाग्दछन् उतिउति भीष्म चारैतर्फ रणभूमिमा चक्कर मार्दै बीचबीचमा उनीहरूलाई गिराउन थाले । पाण्डवतर्फका कुनै वीरले पनि भीष्मलाई रोक्न सकेनन् । यो युद्ध मध्याह्नकालमा भएको थियो ।

युद्धको यो भीषणता देखेर श्रीकृष्णले अर्जुनसँग भन्नुभयो, "अर्जुन ! हेर तिमी रणभूमिमा खडा भएको पनि केही काम लाग्ेन । बिचरा आफ्ना सैन्यहरू तितिरवितिर भएर भाग्न र साग मूलाझैं काटिन लागिरहेछन्, अझ पनि तिमीलाई होस छैन । भीष्मजीले तिम्रो सेनालाई भस्म गराएर छोड्न आँट्नुभएको छ । के तिम्रो चित्तको अघिको त्यो कातरपना अझ पनि बाँकी नै छ, अब चाँडै नै आफूले अघि गरेको प्रतिज्ञालाई सम्झेर भीष्मको वेगलाई रोक । आहत वीरहरूको रक्षा गर्नु पनि तिम्रो परम कर्तव्य हो । रथलाई अगाडि बढाउँछु, तिमी भीष्मलाई रोक ।"

यति भनेर श्रीकृष्णले रथ बढाउनुभयो । सो रथ अलिकति मात्र के बढेको थियो, भीष्मले अर्जुनलाई त्यहीं रोकिदिए । त्यसरी आफूलाई अगाडि बढ्न नपाउँदैमा रोकेको देखेर अर्जुनले पनि क्रोधसाथ प्रचण्ड बाण प्रहार गरी त्यहींबाट भीष्मका हातमा रहेको धनुलाई दुई ठुन्का पारी गिराइदिए । भीष्मले अर्को धनुष लिए, त्यसलाई पनि बाण चढाउन नपाउँदैमा अर्जुनले उसै गरी काटिदिए । त्यो देखेर भीष्मलाई पनि मनमा बहुतै खुशी लाग्यो । "स्याबास वीर अर्जुन, तिम्रो हस्तलाघवलाई धन्यवाद छ" भन्दै उनले अर्को एक दुर्भेद्य धनु लिएर अर्जुनका उपर शतसहस्र बाणको पर्रा छोड्न थाले, ती बाणले गर्दा अर्जुनको रथै छोपिएर नदेखिने भयो । परन्तु भगवान् श्रीकृष्ण नै जसका सारथि हुनुहुन्थ्यो उसको रथ भीष्मका बाणले ढाकिँदैमा किन रोकिन्थ्यो ! रथ हाँक्ने काममा अलौकिक नैपुण्य भएका भगवान्ले सो रथलाई नै उडाएर आकाशमा पुऱ्याउनुभयो । वीर अर्जुन आकाशैबाट भीष्मउपर शरवृष्टि गर्न थाले । तब भीष्मलाई झन् क्रोध उठ्यो । उनी जमिनैबाट अर्जुनका उपर अमोघ बाणहरू बर्साउन लागे ।

श्रीकृष्णले अघि बलरामसित यो प्रतिज्ञा गर्नुभएको थियो, "यदि म वसुदेवको पुत्र हुँ भने यो कौरवहरूको कुटुम्बयुद्धमा शस्त्र हातमा लिनेछैन ।" उहाँको यस प्रतिज्ञाले नै निःसन्देह भएर बलराम तीर्थयात्रामा हिंड्नुभएको हो । फेरि त्यसै बेला

भीष्मले पनि "म श्रीकृष्णलाई शस्त्र उठाउनानिमित्त लाचार गराइछोडुँला भन्ने प्रतिज्ञा गरेका थिए । यिनै दुई प्रतिज्ञाको पूर्तिका निमित्त आजको युद्धमा भीष्मजीले आफ्नो अद्भुत पराक्रम देखाउन बाँकी राखेका थिएनन् । उनले अर्जुनलाई तीखा बाणद्वारा थिलथिलो गराएर श्रीकृष्णउपर पनि सय-सय बाणको प्रहार गरे । उनका ती बाणले गर्दा श्रीकृष्णको सर्वाङ्ग घायल हुन थाल्यो । अर्जुन थाकिसकेका थिए । अतएव यही अवसर पाएर दुर्योधनादिले पनि अर्जुन तथा श्रीकृष्ण दुवैका उपर बाण बर्साउन थाले । श्रीकृष्णका उपर दुवैतर्फको मार पर्न आयो । उहाँ, "अर्जुन, के हेर्छौ ? फूर्ति गर, समय यही हो" भन्दै उनलाई उत्साहित गराउँदै आफू पनि लड्दै हुनुहुन्थ्यो । तर अर्जुन त्यस बेला आफ्नै बचाउ गर्न असमर्थ थिए, उनी श्रीकृष्णको रक्षा कसरी गर्न सकून् ! तब श्रीकृष्णले अरू कुन पाण्डव मेरा मद्दतका निमित्त आएका छन् कि भनी पछाडि फर्केर हेर्नुभयो, तर त्यस बेला कोही पनि उहाँको सहायता गर्न अघि सरेका थिएनन् । त्यसो हुँदा अब उहाँको धैर्यले ठाउँ छोड्नैपऱ्यो । उहाँ एकाएक अधीर तथा क्रोधान्ध हुँदै घोडाको लगामलाई रथको डण्डीमा अल्झाएर हातमा सुदर्शनचक्र उठाई आफू भीष्मका उपर आक्रमण गर्न पुग्नुभयो । उहाँको कालानलसमान क्रोधले प्रज्वलित मूर्ति र त्यो त्रैलोक्यसंहारक सुदर्शनचक्रलाई देख्नासाथ भीष्मले चट्ट आफ्नो हातलाई रोकेर श्रद्धाञ्जली हुँदै भने, "भगवान् ! सवारी होस्, हे भक्तवत्सल प्रभु ! हजुरसिवाय अरू को मेरो प्रतिज्ञा पूर्ण गराउनानिमित्त आफ्नो प्रतिज्ञालाई समेत तिलाञ्जली दिन सक्तथ्यो । अहो मेरो भाग्य ! प्रभुको बाहुलीबाट यस तुच्छ शरीरले मुक्ति पायो भने त्यहाँभन्दा ठूलो कुरा भक्तका निमित्त के बाँकी रह्यो ! भगवान्, लिइबक्सियोस्, भक्त श्रीचरणमा नतमस्तक भएर दाखिल छु । चाहे यस भक्तलाई काटिबक्सियोस् चाहे राखिबक्सियोस्, अब मलाई कुनै निवेदन गर्नु बाँकी छैन ।"

महापराक्रमी भीष्मको यो निवेदन अर्जुनको कानमा पनि पऱ्यो । त्यस बेला उनी आँखा चिम्लेर बेधडकसँग बाण चलाइरहेका थिए । भीष्मको बोली सुनेर आँखा खोल्छन् ता उनले श्रीकृष्ण सुदर्शनचक्र उठाएर भीष्मतर्फ दौडन लागेको देखे ! उनलाई श्रीकृष्णको आशय थाहा भयो । उनी हत्तनपत्त रथबाट फालहाल्दै उहाँको समीपमा पुगी भन्न थाले, "भगवान् ! हजुर यो के गर्न लागिबक्सेको छ, आफ्नो प्रतिज्ञालाई सम्झनुहोस् ।" यो सुनेर श्रीकृष्णले टक्क रोकिनुको बदला झन् उत्तर केही दिनुभएन र अगाडि नै बढ्न लाग्नुभयो । अब अर्जुन उहाँलाई कसरी रोकून् ! आखिर उनले एकाएक गएर उहाँका दुई पाउमा छाँद हाले । श्रीकृष्णको वेग रोकियो । अनि अर्जुनले विन्ती गरे, "भगवान् ! दयापूर्वक

रथमा सवार भैबक्सियोस् । अब प्रभुलाई यहाँसम्मको कष्ट उठाउनुपर्नेछैन । जे गर्नुपर्छ म गर्नेछु ।" श्रीकृष्ण चुपचाप फर्केर फेरि रथमा सवार भई घोडा हाँक्न थाल्नुभयो । त्यहाँपछि अर्जुनले राम्रैसित कम्मर कसे । उनले रथमा चढ्नासाथ इन्द्रास्त्रको मन्त्रले अभिमन्त्रित गरी एक बाण आकाशतर्फ छोडे, त्यस बाणबाट हजारौँ अरू बाण निस्केर कौरवसैन्यका उपर वैरिन थाले । भीष्म आदि जो-जो महाबली योद्धाहरू त्यहाँ थिए ती सबका रथ, घोडा, सारथि, ध्वजा, धनु, बाण आदि काटिएर धूलीपीठी भई ढेर लाग्न थाल्यो । अर्जुनको इन्द्रास्त्रबाट निस्केका ती बाणहरूमध्ये एउटा बाणलाई पनि कसैले विफल गराउन सकेनन्, सबका सब एक-एक सैनिकमाथि गएर रोपिए । आधा घडीभित्रमा नै कौरवका तीस-चालीस हजार सैन्यको स्वाहा भयो, बाँकी रहेका सैन्यहरू कौरवका साथसाथै कुर्कुच्चा ठोकेर आफ्नो आफ्नो शिविरमा दाखिल भए ।

यति भएपछि पाण्डवतर्फ सैन्यमा हर्षोल्हास फैलियो । सबैले अर्जुनको उपर प्रशंसाको वृष्टि गरे । श्रीकृष्णले पनि अर्जुनलाई अङ्कमाल गरी यो सामर्थ्य तिम्रै भाग्यमा रहेछ, धन्य, धन्य ! भनी उनको प्रशंसा गर्नुभयो । त्यसपछि सकल पाण्डवसैन्य त्यस दिनको युद्धमा विजय डङ्का बजाउँदै आफ्नो शिविरतिर फर्के ।

चौथो दिन

चित्रसेनवध

चौथो दिन फेरि रोमहर्षण युद्ध मच्चियो । सर्वप्रथम सेनापति भीष्म र अर्जुनकै गर्दीघमासान पऱ्यो । दुवै उस्तै उस्ता वीर पुरुषको युद्धले दुवैतर्फका सैन्यहरू कीचागानमा पर्न थाले, दुवैतर्फ हाहाकार मात्र उठ्न थाल्यो । यसै मौकामा अर्कातिर अभिमन्युसँग दुर्योधनले सामना गरे । दुर्योधनका पृष्ठरक्षक बनेर रहेका कृपाचार्य विर्विंशति र शल्यहरूले पनि उनको खूब खबर लिए । अभिमन्युले पनि आफ्नो वीरता देखाउन बाँकी राखेनन् । अन्तमा दुर्योधनसमेत ती चारै जना मिलेर अभिमन्युको गर्व तोड्न लागेको देखेर भीष्मलाई पछाडि खेद्दै अर्जुन अभिमन्युको सहायता गर्न पुगे । महाबली धृष्टद्युम्नले पनि कौरवसैन्यको सातो लिन बाँकी राखेनन् । कृपाचार्य घायल भए । त्यसै बेला राजकुमार चित्रसेनले अगाडि सरेर धृष्टद्युम्नलाई अनेकौँ बाणले विद्ध गराउँदै उनका सारथिको समेत शिर काटिदिए । यसरी सारथि गिरेको देखेर धृष्टद्युम्नलाई असह्य भयो । उनले अत्यन्त क्रोधका साथ चित्रसेनको धनु काटेर उनलाई समेत क्षतविक्षत तुल्याए । उनको सारथिलाई पनि मारिदिए । तब लाचारीसाथ चित्रसेनले रथबाट

उत्रन पऱ्यो । रथबाट एकदम फालहाल्दै उनी तरबार उठाएर धृष्टद्युम्नका उपर जाइलागे, तर वीर धृष्टद्युम्नले एक गदा उठाएर उनको छातीमा यसरी बजारे कि उनी फेरि उठ्नै नसकी सदाका निमित्त धराशायी बने ।

भीमसेनको वीरता

चित्रसेन मरेउपरान्त कौरवसैन्यमा ठूलो खलबली उठ्यो । उनीहरू महाराज दुर्योधनलाई अग्रसर बनाएर धृष्टद्युम्नको सामना गर्न थाले । उनीहरू एकनास धुरा छुटेर आउनाले धृष्टद्युम्नको हालत पनि खराब हुन थाल्यो । त्यो देखेर फेरि वीर अभिमन्यु उनको सहायता गर्दै अगाडि सरे । उनको प्रचण्ड हस्तलाघवपूर्ण शरवृष्टिले गर्दा सर्वप्रथम दुर्योधनलाई व्याकुल गरायो । त्यो देखेर राजा भद्र आफ्ना भाइहरूका साथ अभिमन्युउपर आक्रमण गर्न थाले । त्यस आक्रमणलाई वीर अभिमन्युको शरवृष्टिले क्रमशः रोक्तै लैजान लागेको थियो । त्यसै अवस्थामा गदाधारी भीमसेन उहाँ पुगेर उत्पात मच्चाउन थाले । कौरवसैन्य भागाभाग गर्न थाल्यो । त्यसपछि भीमसेन दुर्योधनका हात्तीचढीको दलतर्फ दौडे । उनका गदाप्रहारले गर्दा कैयौं हात्तीका गण्डस्थल चकनाचूर भए । कैयौं हात्तीहरूको हाड-खोरको थुप्रो लाग्यो । बाँचेर रहेका हात्ती र उनका सवारहरू कुहुँ-कुहुँ गर्दै काम्न थाले ।

भीमसेनको यो वीरता देखेर वीर मगधराज अघि सरे । उनी आफ्नो ऐरावतसमानको हात्तीमा सवार आएका थिए । उनको त्यो हात्ती बडो भयङ्कर र युद्धमा खूबै काम दिनलायक हुने गरी तालिम गरिएको थियो । परन्तु सो हात्ती भीमसेनका अगाडि पुग्न अलिकति मात्र बाँकी छँदैमा भीम र धृष्टद्युम्नले मिलेर पहिले माहुतेलाई मारी बाणै बाणले घायल गराई त्यस हात्तीलाई नै भगाइदिए । मगधराजको केही पत्ता लागेन । त्यस्ता कैयौं हात्तीलाई भीमसेनले भगाए । यो सब देखेर दुर्योधनले क्रोधपूर्ण हुँदै आफ्ना सेनापतिलाई भने, 'अब जसरी हुन्छ भीमसेनलाई मार, उनलाई जीवित छोड्नुपऱ्यो भने हामीले आजसम्म धनुर्विद्याको अध्ययन गर्नु नै व्यर्थ हुनेछ ।' यो सुनेर कौरवसैन्यको चित्तमा जोशको ज्वाला उठ्न थाल्यो । उनीहरू शक्तिले भेटेसम्म हरतरहसँग लडेर पुरुषार्थ देखाउन थाले । तर महाबली भीमसेनका अगाडि ती भुसुनाहरू कति बेर अड्न सक्तथे । भीमसेन जताजता गदा घुमाउँदै चक्कर मार्दथे उताउताको सैन्यमा कैयौं योद्धाहरू सोत्राम्य भएको देखिन्थ्यो । अन्तमा उनले कौरव सैन्यलाई यमपुरीको सफरका निमित्त बिदा दिए ।

दुर्योधनका पाँच भाइको वध

भीमसेनद्वारा आफ्नो सैन्य छिन्नभिन्न भएको देखेर स्वयम् भीष्म फेरि अगाडि बढे । भीमसेन र सात्यकिका साथ उनको भिडन्त परिहाल्यो । यी दुई जनाले भीष्मलाई आकुलव्याकुल गराए । त्यो देखेर दुर्योधनका परममित्र राजा भूरिश्रवा उनको सहायक हुन थाले । एक पटक उनले भीमसेनलाई रोके पनि, त्यसपछि उनीसँग सात्यकिको भिडन्त पऱ्यो । दुर्योधनादि पनि उनको सहायता गरिरहेका थिए । त्यसो हुनाले सात्यकिका उपर उनको प्रहार अधिक पर्न लाग्यो । तब उनी गडबडाएको देखेर भीमसेनले आफ्नो सारथिलाई रथ अगाडि बढाउने आज्ञा दिए । उनको धनुबाट छुटेका दश बाणको प्रहारले दुर्योधनलाई घायल गरायो । त्यसको उत्तरमा दुर्योधनले पनि तीखा तीखा सात बाण छोडेर भीमसेनलाई पनि विद्ध गराए । यसै बीचमा विशोक पनि घायल भए । त्यसपछि भीमसेनले एक बाणद्वारा दुर्योधनका हातको धनु काटिदिए । दोस्रो धनु हातमा लिएर फेरि दुर्योधनले भीमसेनकै छातीमै एक बाण रोपे । भीमको छातीमा रोपिएको त्यस बाणको बदला दिनानिमित्त अभिमन्युको कलेजा तातेर आयो । उनले यसरी बाणको धारा बर्साए कि त्यसको मारमा परेर दुर्योधन जलहीन माछो छटपटाएझैं छटपटिन थाले । त्यो देखेर शल्य उनको रक्षा गर्न भनी अगाडि बढे, तर तिनलाई पनि वीर अभिमन्युले पच्चीस बाणले काबू गराएर छोडिदिए ।

यति भएपछि दुर्योधनका भाइहरू चौध जना मिलेर एकै पटक भीमका उपर भिडिन आइलागे । त्यो देखेर पाण्डव-सैन्यको मन केही हडबडाएर उठ्यो । तब भीमसेनले तिनीहरूलाई ढाढस दिँदै ती चौध भाइमध्ये सेनापति सुषेण, उग्र, विखाह, भीम र भीमरथ नामका पाँच भाइहरूलाई एकै झपटमा यसरी घायल गराए कि तिनीहरू फेरि कहिल्यै नउठ्ने गरी जरा मकाएको वृक्षझैं जमिनमा चित पारे । तिनीहरू त्यसरी मरेको देखेर अरू भाइहरू कसरी टिक्न सक्तथे, उनीहरू क्षणभर पनि टिक्न नसकी त्यहाँबाट बेपत्ता भए । त्यसपछि राजा भगदत्तको र भीमसेनको मुकाबिला हुन थाल्यो । भगदत्तले सयौं बाण बर्साएर भीमसेनलाई छोपिदिए । उनको त्यो चाल देखेर अभिमन्यु आदि वीरहरू अगाडि सरे । तिनीहरूलाई पनि भगदत्तले आफ्नो योजनपादनामक महाबलिष्ट हात्तीद्वारा लखेटी लखेटीकन भगाइदिए । यता उनको घोर बाण वृष्टिले भीमसेनलाई पनि साह्रै नै व्याकुल गराएर छोड्यो ।

घटोत्कचको आक्रमण

महाबली पिता भीमसेनलाई व्याकुल भएको देखेर हिडिम्बापुत्र घटोत्कचको कन्सिरी तातेर आयो । उनी एकाएक राजा भगदत्तमाथि झम्टा दिन पुगे । त्यस बेला भगदत्त आफ्नो ऐरावत हात्तीमा सवार थिए, घटोत्कच पनि मायाको हात्तीउपर सवार भएको देखिन्थ्यो । त्यस मायामय हात्तीका चार दाँत थिए । त्यो हात्ती भगदत्तको हात्तीउपर जाइलाग्यो । त्यसको दन्तप्रहार र शुण्डादण्डको मारले गर्दा सो भगदत्तको हात्ती कुइँकुइँ कराउँदै यता र उता रफूचक्कर खान लागेको देखेर कौरवसैन्यहरू पनि आश्चर्यचकित हुन थाले । तब द्रोणाचार्यलाई अगुवा गराएर दुर्योधनसमेतका कौरवपक्षीय सकल वीरहरू घटोत्कचलाई मार्न भनी धुरा छुटे ।

वीर घटोत्कच सामान्य योद्धा मात्र होइन किन्तु मायावीका सरदार पनि थिए । आफ्नो मायाजाल फैलाएर ती सबैलाई व्याकुल गराउन थाले । तब भीष्म पितामहले वीरहरूलाई सम्बोधन गर्दै भने, "बाबु हो ! हेर, घटोत्कचको माया प्रबल छ, जसको राक्षसी मायाको अगाडि हामी मनुष्यहरूको जोर चल्न कठिन छ । हाम्रो धेरै वीरहरू उसको मायामा परी मर्ने लक्षण बुझिन्छ । म पनि यस राक्षसका साथ युद्ध गर्न सकुँला जस्तो लाग्दैन । यो कहिले पृथ्वीमा छ, कहिले आकाशमा छ, दुवैतर्फबाट छुटेका यसको बाणवृष्टिले अब के के उत्पात मच्चाउने हो, भन्न सकिँदैन । यसकारण अब यसलाई सिध्याउने कुनै युक्ति सोच्नुपर्दछ । यस उसले अहिले सन्ध्यासमय हुन लागेकाले युद्ध बन्द गर्नु उचित ठान्दछु । भोलि बिहानै यसको इतिश्री गराउनुपर्ला ।" यति भनेर भीष्मले त्यस दिनको युद्ध बन्द गर्ने उर्दी दिए । दुवैतर्फको सैन्यले आफ्नो आफ्नो शिविरमा गएर आरामी लियो आजको युद्धमा पाण्डवहरू नै विजयी बने ।

दुर्योधनको चिन्ता

चौथो दिनको युद्धमा पाण्डवहरूको जितबाजी देखेर दुर्योधनलाई ठूलो चिन्ता पऱ्यो, उनलाई रातमा निद्रा पनि लागेन । उनी एकाएक रातैमा उठेर भीष्मकहाँ गई भन्न थाले, "पितामह ! यो के कुरा हो, हजुर छँदाछँदै पनि प्रतिदिनको युद्धमा हाम्रै मात्र हार हुँदो छ, अब कुन्नि के हुने हो, हामीले उच्चशिर गराउन नपाउँला जस्तो लाग्यो । के उपाय गर्ने हो सो पनि मेरो समझमा चढ्दैन । हजुर तथा आचार्य द्रोणको समक्षमा हाम्रो सैन्यको पराजय हुनु निको रङ्ग होइन । हजुर देखिरहनुभएको छ भीमसेनले हाम्रो कुन दुर्दशा गराए । यसो हुनाको कारण म केही बुझ्दिनँ ।"

भीष्मले भने, "बाबु ! यस्तै होला भनेर पहिले नै मैले पाण्डवहरूलाई राज्य फिर्ता देऊ भनेर कति सम्झाएथें, त्यस बेला विनायुद्धले सियाको टुप्पो जति जमिन पनि उनीहरूलाई दिन्न भनी जिद्दी गऱ्यौ । अब पछुताएर मात्र के हुन्छ ? तैपनि नहडबडाऊ, तिम्रो विजय नै हुनेछ, मलाई बारम्बार यसरी छेडछाड नगर । एक ता म वृद्ध भैसकेको छु, त्यसमाथि पनि तिम्रो निमित्त ज्यान दिएर लडिरहेकै छु अझ पनि लड्नेछु । परन्तु विजय भनेको वस्तु थपक्क त्यसै तिम्रो हातमा राखिदिन सकिने होइन, तिमी अहिले जवान छौ, भीमबाट आफ्नो बचाउ गर्ने सामर्थ्य तिमीमा पनि नभएको होइन । जाऊ आनन्दपूर्वक सुत, भोलि बिहान कुनै एउटा उपाय निकाल्नेछु, धन्दा नमान ।" भीष्मको यो कुरा सुनेर नाजवाफ भई दुर्योधन फर्के ।

पाँचौं दिन

प्रातःकालैदेखि युद्ध आरम्भ भयो । भीष्म र द्रोणलाई साथ लिएर दुर्योधन आफैं अर्जुनसँग युद्ध गर्न लागे । अर्जुनका उपर दुर्योधनका धेरै बाणहरू लागेको देखेर सात्यकि द्रोणाचार्यसँग भिडिए, उतातिरबाट भीमसेनादि वीरहरूको बाणको पनि धारा छुट्न थाल्यो । जतातै किचाघान युद्ध मच्चिन लाग्यो । यसै मौकामा शिखण्डीले भीष्मको सामना गर्न थाले । शिखण्डी पहिला स्त्री थिए, पछि पुरुष भएका हुन् । त्यो कुरा थाहा पाएका हुनाले भीष्म स्वयम् पछि हटे । तब शिखण्डीलाई पछिल्तिर राखेर अर्जुन भीष्मसँग लड्न थाले । दुवैतर्फबाट प्रहार थपिन लाग्यो । पृथ्वी रुण्ड मुण्डले भरिन थालिन् । रक्तनदी बहन थालिन् । आकाशबाट असिनाका दाना बर्सेझैं वीरहरूका मस्तक जमिनमा बर्सन थाले । कैयौं हात्ती, कैयौं घोडाहरूका हाडखोरको थुप्रो लाग्यो । कोही छातीमा हात राखेर बुर्कुसी मार्न थाले, कोही दौडँदै रनथनिएर घुसमुन्टिन थाले । शिखण्डी साथमा लिएका हुनाले अर्जुनको दाउ माथि पऱ्यो । भीष्म उनीसँग मुकाबिला गर्न चाहँदैनथे, यसो हुनाले अर्जुनलाई कौरवसैन्यउपर आफ्नो पुरुषार्थ देखाउन उस्तो कठिन केही परेन । उनी एक्लै कौरवसैन्यका हजारौं वीरलाई यमपुरीको सैर गराउन थाले । यति गर्दागर्दै सूर्यनारायणले आफ्ना अरुणकिरणलाई चरमगिरिको फेदीमा उतार्न लाग्नुभयो । यत्तिकैमा युद्ध बन्द गर्न नगरा पिटियो ।

छैटौं दिन

सूर्योदयदेखि नै फेरि युद्ध आरम्भ भयो । आज पाण्डवहरूले चक्रव्यूहको रचना गरेका थिए । सर्वप्रथम भीमसेन र आचार्य द्रोणको भिडन्त पऱ्यो । आरम्भमा

नै भीमसेनले द्रोणाचार्यको सारथिलाई मारिदिए । त्यसबाट उत्तेजित भएर द्रोणले पनि भीषण बाणवृष्टि गरी भीमसेनलाई चारैतर्फबाट ढाकिदिए, तर भीमसेनले ती बाणको परवाहै नगरी रथबाट फालहाल्दै गएर कौरव सैन्यको कत्तल गर्न थाले । उनी जताजता जान्थे उतैउतैको फौज सोत्तर हुन्थ्यो । कौरवहरूले अनेक यत्न गर्दा पनि उनको वेगलाई रोक्न सकेनन् । द्रोणाचार्यले पनि भरमग्दुर गरे, अन्त्यमा उनले पनि भाग्नुपऱ्यो । दिनभर युद्ध गर्दा पनि भीमलाई कसैले हटाउन सकेनन् । कौरवका धेरै सैन्यहरूको संहार भयो ।

सातौँ र आठौँ दिन

इरावानवध

यस्तै प्रकारले सातौँ आठौँ दिन पनि घोर सङ्ग्राममा बिते । आठौँ दिनमा अर्जुनका पुत्र इरावान अलम्बुष नामक राक्षसको हातबाट मारिए । इरावान नागवंशका थिए । अलम्बुष एक कोही राक्षस थियो । यसकारण यी दुवै जना कूटयुद्ध गर्नामा बहुतै निपुण थिए । यी दुई जनाको घण्टौँसम्म युद्ध भइरह्यो । त्यसमा एउटाले रचेको मायालाई अर्काले विफल गराउँदथ्यो । अन्त्यमा अलम्बुष बलियो भएर निस्क्यो । उसको हातबाट इरावान मारिए । उनी मारिएपछि घटोत्कचले अलम्बुषलाई हायलकायलसमेत गराए । भीष्मले नबचाएको भए त्यो मरी नै हाल्दथ्यो । त्यस बेला अर्जुन अर्कैतर्फ लडिरहेका थिए । पुत्र इरावानको वधको समाचार के उनको कानमा पुगेथ्यो उनी आगवबुला जस्ता भएर अलम्बुषका उपर झम्टन पुगिहाले । तर बीचैमा भीष्मादिले उनको वेगलाई रोकेर आफैँसँग युद्ध गराउनातिर अलमल्याइदिए । त्यस युद्धमा पनि धेरै नै कौरवसैन्य सोत्राम्य भयो । अर्कातिर भीमसेनले पनि प्रचण्ड वेगका साथ सुनाभ, आदित्यकेतु, कुण्डधार, महोदर, अपराजित, पण्डितक, दुर्जय, विशालाक्ष आदि दुर्योधनका सात भाइलाई यमपुरीमा भर्ती हुन पठाइदिए । तिनीहरू मर्नाले दुर्योधनको मुटु फुट्ला जस्तो भयो, उनी दौडँदै भीष्मको अगाडि पुगेर रुन थाले । भीष्मलाई पनि ठूलो दुःख लाग्यो । धेरै सम्झाई बुझाई उनले उनलाई शान्त गराए । यत्तिकै साँझ पऱ्यो । युद्ध बन्द भई दुवैतर्फको सैन्यले निज निज शिविरमा गएर विश्राम लिए ।

नवौँ दिन

यस दिनभरिको युद्धमा भीष्मकै वेग विशेष बढिरहेको थियो । उनलाई कसैले पनि रोक्न सकेका थिएनन् । युद्ध साँच्चै नै भयङ्कर देखिन्थ्यो । कौरवको तर्फबाट

भीष्मले सर्वतोभद्र व्यूह र पाण्डवतर्फबाट स्वयम् युधिष्ठिरले महाव्यूहको रचना गरेका थिए । युद्धको बिगुल लाग्नासाथ दुवैतर्फको सैन्य लौ मार, लौ काट भन्दै प्राणपणले परस्पर भिडिन थाल्यो । वीरहरूका हुङ्कारले पृथ्वी घन्कन थालिन् । आकाश निदादित भयो, घायल वीरहरू त्राहित्राहि गर्दै यता र उता भड्कन थाले । यसै बेला अलम्बुष राक्षसलाई भगाएर वीर अभिमन्यु निजपिता अर्जुनसमेत भई अगणित कौरवसैन्यलाई गिराउन थाले ।

मध्याह्न समय जब भएथ्यो अनि भीष्मले आजअघि कहिल्यै नमचाएको उत्पात मच्चाउन लागे । उनका सहस्रौं बाणले पाण्डवतर्फका वीरहरू मसमिण्डीमा परेर ढेर लाग्न थाले । यता महाबली धृष्टद्युम्नले पनि कैयौं बाण बर्साएर भीष्मलाई घायल तुल्याइदिए । तर त्यत्तिले भीष्मको वेग किन रोकिन्थ्यो, उनले ती बाणहरूको परवाह नराखी धृष्टद्युम्नसमेत राजा विराट र द्रुपदलाई सर्वाङ्गमा घाउ गराए । राजा द्रुपदलाई ज्यादै नै चोट लाग्यो । उनको धनु र ध्वजासमेत काटियो । त्यसपछि महाबली भीमसेनले अगाडि बढेर भीष्मको वेगलाई रोके । त्यस बेला द्रौपदीका पुत्रहरू पनि आएर धूम मच्चाउन थाले । त्यो देखेर दुर्योधनको खटबाट उसतर्फको सारा फौज तिनीहरूसँग लड्न भनी अगाडि सऱ्यो । पैदल पैदलका साथ, घोडचढी घोडचढीका साथ, हात्तीचढी हात्तीचढीका साथ भिडेर परस्पर मारामार गर्न थाले । क्षणैभरमा पृथ्वी रुण्डमुण्डहरूद्वारा आच्छादित भएर निस्किन् । काटिएका वीर, भाँचिए टुटेका शस्त्र, थुप्रो लागेको मासु र बोसोले पङ्किल भएको रणभूमि गन्धर्वनगर जस्तो देखिन थाल्यो । उता हात्ती चिघ्राउँदै भाग्न थालेका छन् । यता घोडाहरू हिन्हिलिँदै भड्किरहेछन्, अर्कातिर घायल उठ्न नसक्ने गरी गिरिरहेका वीर योद्धाहरू तड्पिरहेछन् । उनका मुकुटमा जडेका मणिरत्नहरूको चमचमाहटले दिशैदिशा सहस्त्र ताराकागणले पूर्ण नवोमण्डलको छटा फैलाइरहेछन् । कोही पकपकी मुख बाएर पानी पानी भनी चिल्लाउँछन् । खौलन लागेको रक्त नदीबाट साउने खहरेहरूको जस्तो भड्किलो आवाज निस्किरहेछ । किचाघनमा परेका सैनिकहरूका रुण्डमुण्डहरू विशाल नदीको बगरलाई बिर्साउन लागिरहेछन् ।

यस्तो हुँदाहुँदै साँझ पऱ्यो । तैपनि युद्ध रोकिएको छैन, भीष्मको वेग झन् बढ्दो छ, मुला काटिएझैं गरी अनेकौं राजा, राजकुमारहरू काटिँदा छन् । भीम, सात्यकि, सहदेव, नकुल, युधिष्ठिरसमेत ज्यान हत्केलामा राखेर लड्दै पनि क्षतविक्षत भएर आकुलव्याकुल भइराखेका छन् । भीष्मको अद्भुत पराक्रमलाई रोक्न सक्ने सकस कुनै निस्केको छैन । यस प्रकारसँग घनघोर युद्ध मच्चाएर

भीष्मले पाण्डवको समस्त सैन्यलाई बाणले ढाकिदिए । कैयौं हात्ती, कैयौं घोडा हाँडीमा भुटिएको अन्नझैं भुटिन थाले । कैयौं रथ, हात्ती, घोडाहरू सवारविहीन हुँदै यत्रतत्र हुन लागेका देखिए । भीष्मको टङ्कारले बचेखुचेका सैन्यको कलेजालाई कम्पाउन लाग्यो । त्यसै अवसरमा भीष्मले बातैबातमा चन्देरि, काशीराज र कोशल देशका चौध हजार वीरहरूलाई मारेर सोतर तुल्याए । रथ, हात्ती, घोडा बिग्रन भत्कन मर्नाको लेखा नै केही भएन । कवचरहित वीरहरू नङ्गा भूत दौडेझैं दौडन थाले । भीष्मले मानौं इन्द्रले वृत्रासुरको सैन्यमा मच्चाए जस्तै धूम मच्चाएर छोडे । पाण्डवसैन्यको भागाभाग पऱ्यो । कसैले कति सम्झाए पनि कोही फर्केन । यस बेलासम्मको युद्धमा सब तरहबाट सेनापति भीष्म नै विजयी भएर निस्के ।

यस्तो भीषण काण्ड उपस्थित भएको देखेर श्रीकृष्णले अर्जुनसँग भन्नुभयो, "अर्जुन ! तिम्रो सैन्यलाई भीष्म पितामहले ज्यादै नै सताएर छोडिदिनुभयो । किन्तु अब बुझिन्छ कि उहाँ आफैं खतरामा पर्नुभएको छ । यस बखत इच्छा गरेको पक्षमा तिमी उहाँलाई मार्न सक्तछौ । तिमीले विराटनगरमा बस्ता भीष्मादिलाई म हाँसी हाँसी मार्नेछु भनेका पनि थियौ । अब तिमी किन चुपचाप रहेका छौ । मौका यही हो, तुरुन्त आफ्नो प्रतिज्ञा पूरा गरिहाल । आलस्यलाई त्याग गरेर वीरताको परिचय देऊ ।"

अर्जुनले विन्ती गरे, "केशव ! अहिले पितामहको अद्भुत पराक्रम देखेर मेरो पराक्रम क्षीण हुन लागिरहेछ, राम्रो सुद्धि पाउन पनि छोडिरहेछु । यदि हजुरको यही इच्छा छ भने रथ बढाइबक्सियोस्, म पितामहसँग लड्छु ।" यो सुन्नासाथ श्रीकृष्णले अर्जुनको रथ अगाडि बढाउनुभयो । सो रथ अगाडि बढेको देख्नासाथ भाग्न लागेका पाण्डव सैन्यको हौसला बढेर आयो । अर्जुन लगातार भीष्मका उपर बाणवृष्टि गर्न थाले । भीष्मले पनि ती सकल बाणलाई काटेर गिराउन लागे । उनका बाणहरूले अर्जुनको रथै ढाकियो । अर्जुन र श्रीकृष्णको समेत शरीरमा घावै घाउ देखिन लागे । श्रीकृष्णको छाती र बाहुमा समेत निकै चोट लाग्यो । सो देखेर अर्जुन आगबबुला भएर उठे । त्यै झोकमा उनले एक भयङ्कर बाण हानेर भीष्मका हातको धनु नै काटिदिए । सो धनु काटिएपछि भीष्मले फेरि अर्को धनु लिए । त्यस धनुलाई पनि अर्जुनले फेरि दुई टुक्रा गराए । फेरि क्रोधसाथ तेस्रो धनु लिएर भीष्मले अर्जुनका उपर हजारौं बाण वैरे । यस पटक अर्जुनलाई ज्यादै नै चोट लाग्ला भन्ने बुझिन्थ्यो तर सुचतुर सारथि श्रीकृष्णले आफ्नो धनु घुमाउँदै बीचैमा अलमलाएर ती बाणलाई विफल गराइदिनुभयो, भीष्मका सारा बाणहरू जमिनको धूलो उडेझैं उड्दै झर्दै गर्न थाले ।

भीष्मको क्रोधवेग भने झन्-झन् बढ्दै थियो, उनी आँखा चिम्लेर पाण्डव-सैन्यउपर घोर बाणवृष्टि गरिरहेका थिए । उनको चोटमा परेर निकै नै पाण्डवसैन्य खेत हुन थाल्यो । श्रीकृष्णको नजर पनि क्रोधले रगत बर्साउँछन् कि भने जस्ता थिए । उहाँ एकाएक मनमा के ठानेर हो कुन्नि घोडाको रासलाई रथमा अल्झाएर, रथ हाँक्ने चाबुक हातमा लिई रथलाई जोरसँग हाँक्दै आफैं भीष्मलाई मार्ने भनी दौडनुभयो । उहाँलाई कालझैं त्यसरी आफूतर्फ आइलागेको देखेर भीष्मले झटपट हातमा रहेको धनु चटक्कै छोडी बाहुली जोड्दै भने, "भगवान् ! सवारी होस्, सवारी होस्, हे गोविन्द ! म हजुरको स्वागत गर्दछु । हजुरको बाहुलीबाट मर्न पाउनुलाई म अहोभाग्य सम्झन्छु, हजुरको बाहुलीबाट मर्न पाएमा मेरो सब कुरा बनिबनाउ हुनेछ । हे चक्रपाणे ! हे पुण्डरीकाक्ष ! हजुरबाट मारिन गएँ भने म भन्दा भाग्यमानी अरू कोही हुनेछैन ! भगवान् ! ढीला नगरिबक्सियोस् । यो दास श्रीचरणमा मस्तक झुकाइरहेको छ, यस मस्तकलाई काटिबक्सियोस् । हे त्रैलोक्य विजयी ! सवारी होस्, मेरो स्वागत भक्ति ग्रहण गरिबक्सियोस्, जसरी इच्छा लाग्दछ यस तुच्छ देहका उपर प्रहार गरिबक्सियोस् ।"

यस बेला अर्जुन आँखा चिम्लेर विस्तार-विस्तार बाण बर्साइरहेका थिए । जब भीष्मको त्यो भक्तिभावपूर्ण बाणी उनको कानमा परेथ्यो अनि आँखा खोलेर हेर्छन् ता श्रीकृष्ण कोर्रा उठाएर भीष्मलाई हान्न तयार हुनुभएको । यो देखेर उनको मन हडबडाउन थाल्यो । झटपट रथबाट फालहाल्दै गएर उनले पाउमा छाँदहाली रोके । तर श्रीकृष्णको बाहुली रोकिएन, तब हात जोरेर अर्जुनले विनयपूर्वक विन्ती गरे, "प्रभु ! यो के गर्न आँटिबक्सेको हो ? के आफ्नो प्रतिज्ञा बिर्सिबक्स्यो ? यस युद्धमा शस्त्रप्रहार गर्ने छैन भन्ने प्रतिज्ञा गरिबक्सेको होइन ! हे शत्रुनाशन ! हे कालका पनि काल ! हजुर भीष्मका उपर चोट नछोडिबक्सियोस् । हजुरको क्रोध शान्त भएको देख्न पाऊँ । हजुर रथमा सवारी होस्, हजुरको प्रियसखा म छउन्जेल कष्ट उठाइबक्सनु पर्दैन । अब हजुरको समक्षमा प्रतिज्ञा गर्दछु भीष्मलाई नमारी छोड्नेछैन ।" अर्जुनको यो विन्ती निवेदन सुनेपछि शान्त भएर रथमा चढ्नुभयो । भीष्म र अर्जुनमा फेरि घनघोरको सङ्ग्राम चल्न थाल्यो । यत्तिकैमा साँझ पऱ्यो । युद्ध पनि बन्द भयो । आजको युद्धमा पाण्डवहरूले हरुवा भएर फर्कनुपऱ्यो । दुवैतर्फका सैन्य आ-आफ्नो शिविरमा दाखिला भए ।

भीष्मको मृत्युका बारेमा परामर्श

आजको हारले गर्दा पाण्डवहरू अत्यन्त दुःखित भइरहेका थिए । राति युधिष्ठिरले आफ्ना प्रधान सरदारहरूलाई र श्रीकृष्णलाई समेत बोलाएर भने,

"आज नौ-नौ दिन बितिसके पितामह भीष्मको वेग कत्ति घटेको छैन, उहाँ अहिले जुन तरहबाट युद्ध गरिरहनुभएको छ त्यै छाँट रहँदै गयो भने वर्षौंसम्म पनि यो युद्ध समाप्त हुनेछैन । यसकारण त्यस विषयको कुनै प्रबन्ध ठीक नगरी भएन । उहाँ नमरीकन हाम्रो विजय कदापि हुनेछैन ।" श्रीकृष्णले भन्नुभयो, "भीष्मको मृत्यु उहाँको इच्छामा छ । यसकारण उहाँले कहिले देहत्याग गर्ने इच्छा राख्नुभएको छ त्यो उहींसँग सोध्न जानुपर्दछ । अब हामी सबै मिलेर उहाँ भएका ठाउँमा जाऔं ।"

श्रीकृष्णको यस सल्लाहमा सबैको चित्त बुझ्यो । युधिष्ठिरादि पाँचै भाइ र श्रीकृष्णसमेत छ जना उसै बेला निस्केर भीष्मको पालमा पुगे । भीष्मले स्वागतपूर्वक आउनाको कारण सोधेपछि युधिष्ठिरले भने, "पूज्य पितामह ! युद्ध गर्दागर्दा नौ दिन बिते । परन्तु विजयी हुन सकिनँ । अब मैले गर्ने के हो ? उपदेश पाऊँ ।" यो सुनेर भीष्मले हाँसी हाँसी भने, "बाबु ! यो श्रीकृष्णको उपदेश ता होइन ? केवल तिमी मात्र भए यो प्रश्न कदापि मसँग गर्न सक्ने थिएनौ । तर बेस गऱ्यौ । जहाँसम्म म युद्ध गरूँला त्यहाँसम्म तिमी विजयी हुन पाउनेछैनौ । यसकारण मेरो मृत्यु जसरी हुन्छ त्यो उपाय तिमीले गर्नुपर्दछ ।" त्यस्तो कुन उपाय छ पितामह ! भनी युधिष्ठिरले प्रश्न गरेकामा फेरि भीष्मले उत्तर दिए, "सुन बाबु आफ्नो मृत्युको उपाय म आफैं तिमीलाई बताउँछु । यदि शिखण्डीलाई अगाडि सारेर आफू पछिल्तिर रही भीमसेन, अर्जुनले दिनभर मसँग युद्ध गरे भने मेरो मृत्यु हुनेछ । कारण के भनौला, शिखण्डी अघि सरेपछि म युद्ध गर्दिनँ । भीम र अर्जुनको एकोहोरो प्रहार ममाथि निरन्तर परिरहनेछन् । ती दुई भाइले प्रत्येक पटकमा दश-दश बाण मउपर प्रहार गरुन्, दिनभर यसरी मउपर उनीहरूको बाणको जब प्रहार भइरहला तब तिम्रो मनोरथ पूर्ण हुनेछ । अहिले तिमीहरू जाओ ।" भीष्मबाट उपदेश पाएपछि उनलाई प्रणाम गरी युधिष्ठिरहरू आफ्नो पालतर्फ फर्के ।

दशौं दिन

प्रातःकालैदेखि दुवैतर्फका सेनाहरू रणभूमिमा उपस्थित भए । पाण्डवहरूबाट भीष्मले बताएअनुसारको प्रबन्ध भइरहेको थियो । सङ्ग्रामको आयोजन बहुतै भीषण देखिन्थ्यो । अघिपछिको युद्धमा कहिले अर्जुन अघि हुन्थे, कहिले धृष्टदुम्न मण्डली भएर निस्कन्थे । परन्तु आजको युद्धमा द्रुपदपुत्र शिखण्डी नै पाण्डव सैन्यका मुखिया बनेर अगाडि बढेका थिए । उनका पछि भीमसेन र अर्जुन बढेका देखिन्थे । ती दुवै जना चक्रव्यूहको रक्षा गर्दथे । उता पितामहको रक्षामा

दुर्योधनले दुःशासन अग्रसर गराएको थियो । किनभने दुर्योधनका जासूसहरूले भीष्म र पाण्डवहरूको एकान्तमा भएको कुरा सबै पत्ता दिइसकेका थिए । यसकारण दुर्योधनले आज भीष्मको रक्षा विशेष रूपमा हुनुपर्छ भनी त्यसको पूरा प्रबन्ध मिलाइसकेका थिए । भीष्मको तेज पनि अघिपछिका भन्दा आज भीषण रूपमा देखिन्थ्यो । उनी अन्तिम युद्धका निमित्त सन्नद्ध भइरहेका थिए । युद्धको बिगुल बज्नासाथ दुवैतर्फका वीरहरू मार, सिध्याओ भन्दै बाणको वृष्टि गर्न थाले । आरम्भमा केही बेरका निमित्त कौरव सैन्यहरूमा आच्छु-आच्छु परेको देखियो, धेरैजसो कौरवतर्फका वीरहरू भाग्न र पछाडि हट्न लागेका पनि देखिए । हात्ती, घोडा, रथहरू पनि धूलोपिठो भएर रणभूमिमा पसारो पर्न थाले ।

युद्धको आरम्भदेखि नै अर्जुनको फूर्ति बढ्दै गएको देखेर भीष्मको मनमा पनि जोश बढ्दै आयो । उनी पाण्डवहरूका उपर घनघोर मच्चाउन थाले । उनको भयङ्कर मारमा पर्नाले पाण्डवहरूको शक्ति वैलाउन थाल्यो । उनीहरूले भीष्मको तीव्र गतिलाई रोकेर अगाडि बढ्न सकेनन् । भीष्मले अनेकन् वीर, हात्ती, घोडाहरूको सोतर तुल्याए । पाण्डव सैन्य त्राहि त्राहि गर्दै यत्रतत्र लाग्न थाल्यो । पाण्डवहरू टोलाए जस्तै हुन लागे । जब रात्रै आखिरी पर्ने ढङ्ग देखिएथ्यो तब उनीहरू शिखण्डी अगाडि सारेर भीष्मको सामना गर्न थाले । सामने पुग्नासाथ शिखण्डीले पाँच बाण हानेर भीष्मको छाती रोपिदिए । सो देखेर अर्जुनको मुखबाट स्याबास वीर, स्याबास भन्ने आवाज निस्केको सुनियो ! अब भीष्मलाई मार्ने मौका यही हो, वीरशिरोमणि खबरदार पछि नहटे भन्दै उनले अनेक प्रकारबाट सुन्याउन पनि थाले । अब साँच्ची नै भीष्मको अन्तिम घडी उपस्थित भए जस्तो देखियो ।

शिखण्डीका बाणले घायल भएको अवस्था देखी अर्जुनले पनि भीष्मउपर धाराप्रवाहसँग बाणको झरी दर्काउन लागे । उनले त्यसरी भीष्मका उपर आक्रमण गरेको देख्नासाथ राजा द्रुपद, धृष्टकेतु, भीमसेन, धृष्टद्युम्न, नकुल, सहदेव, चेकितान, केकयराज, सात्यकि, अभिमन्यु, घटोत्कच, द्रौपदीका पाँच पुत्र र राजा कुन्तिभोज आदि पनि एकाएक भीष्ममाथि खनिए । त्यतिका वीरहरूको प्रहारले गर्दा भीष्मको रथ बाणै बाणले ढाकियो । तर महापराक्रमी भीष्मले पनि एक शिखण्डीले हानेका बाणबाहेक अरू साराको बाण वृष्टिलाई एक पनि आफूमाथि लाग्न नदिई विफल गराइदिए । यत्तिकैमा मत्स्य, पाञ्चाल, चादेरी देशको राजाको सैन्यद्वारा पनि भीष्मको उपर आक्रमण गरिन थाल्यो । यसरी जतातैबाट एकैचोटि घेरिनुपर्दा होसहवास उड्नु सहजै थियो । परन्तु आबाल ब्रह्मचर्यको मूर्तिमान् तेजस्वरूप महापराक्रमी कत्ति हडबडाएको देखिन्नथ्यो । उनी झन्झन्

अदम्य साहसका साथ लड्न थाले । पाण्डवहरूका उपर उनको कठोर मार पर्न थाल्यो । द्रुपद आदि कैयौं वीरहरू घायल हुन थाले । यो देखेर झटपट अर्जुनले एक अति तीखो बाण हानी भीष्मका हातको धनु काटिदिए । उनको धनु काटिएको देखेर अर्कोतर्फबाट द्रोणाचार्य, कृतवर्मा, भूरिश्रवा, भगदत्त आदिको घुरा छुटेर एकै पटक अर्जुनलाई थिलथिलो पार्न थाले । अर्जुनका अङ्गमा घावै घाउको थुप्रो देखिन लाग्यो, उनका कैयौं साथी पनि घायल भए । यतातिरबाट महाबली भीम र सात्यकि आदि वीरले पनि अर्जुनको साथ दिएका थिए । उनीहरूद्वारा भीष्मको रथको ध्वजा पनि काटिइएको थियो । उता भीष्म चारैतर्फबाट घेरिएको देखेर कौरव सैन्यमा हाहाकार मच्चिएको सुनिन्थ्यो । उनीहरू मार, सिध्याओ अर्जुनलाई भन्दै यता र उता दौडन्थे । भीमसेन र अर्जुन दुवै भाइ शिखण्डीलाई अगाडि राखी भीष्मको उपर बाण बर्साइरहेकै थिए, भीष्म पनि ती एकै बाण आफ्नो उपर लाग्न नदिई बीचैमा गिराउँदै थिए । अब खालि भीष्म, अर्जुन र भीमसेन तीन जनाको मात्र घमासान हुन थाल्यो । घण्टौंसम्म यसरी लडेपछि एक्ला भीष्म कति बेर अड्न सकून् । भीम अर्जुनका सबका सब बाण काटेर गिराउने फूर्ति उनीमा रहेन । धेरै बाणहरू उनको शरीरैमा रोपिन थाले । यसरी उनको शक्ति जब ओइलाउँदै जान लाग्यो, तब दुःशासन अगाडि बढेर भीम र अर्जुन उपर बाणवृष्टि गर्न थाले । उनले भीमसेनलाई कैयौं पटक विरथ गराएर पनि छोडिदिए ।

यस प्रकारले दशौं दिनको महासङ्ग्राम दिनभर जारी नै रह्यो । दुवैतर्फका गरी लाखौं फौजहरू सोत्राम भए । हुँदाहुँदा घण्टाभर मात्र दिन बाँकी हुन आयो । अर्जुनले भने आफ्ना बाणवृष्टिको वेगलाई झन्झन् बढाउँदै लगेका थिए । पहाडको गुफाबाट सलहको फौज निस्केर दिग्दिगन्तमा फैलिएझैं गरी उनका गाण्डीवबाट निस्केका बाणको चौतर्फी घेरा लागेको थियो । कौरव सैन्यहरू यतिउति मरे भन्ने लेखा नै थिएन । तैपनि दुःशासन भीष्मको रक्षक बनेर भीमसेनसँग लड्दै थिए । यस्तैमा अर्जुनले भीष्मका हातको धनुलाई दुई टुक्रा पारिदिए । भीष्मले अर्को धनु लिए, त्यसलाई पनि अर्जुनले काट्न बाँकी राखेनन्, तेस्रो धनु लिए त्यो पनि काटियो । एवम् प्रकारले भीष्मका तेह्रवटा धनु लगातार काटिँदै गए । उनले एउटा धनु हातमा लिन नपाउँदै भीमसेन, अर्जुन र शिखण्डी तीन-तीन जनाले बर्साएका बाणले ती धनु बाण जोड्न नपाउँदैमा काटिन्थे । भीष्मको शरीरमा अर्जुन, भीम र शिखण्डीका चोट पर्नाले चाल्नी जस्तो परिसकेको थियो, उनको बल पनि क्रमशः क्षीण हुँदै गयो । आँखा तिर्मिराउन थाले । हातबाट धनु आफैं खस्न थाल्यो । यस्तो अन्तर देखेर भीम र अर्जुनले आफ्नो वेगलाई झन्झन्

बढाउँदै लगे । अन्त्यमा तिनीहरूका बाणको चोट भीष्मलाई सहिनसक्नुभयो । उनी एकाएक उँधोमुण्टो लगाउँदै रथबाट ओर्लेर रणभूमिका बीचमा पछारिए । उनको त्यो अवस्था देखेर कौरवहरूको मुटु-कलेजा उर्लन थाल्यो । सारा सैन्य हाहाकार मच्चाउँदै सुइँकुच्चा लिन लागे । जसले जता बाटो पायो ऊ उतैतिरबाट बेपत्ता भयो । भीष्मका शरीरमा रोपिएका सारा बाणहरू उनको शय्या बने । सोही शरशय्यामा भीष्मको अतुल पराक्रमी वज्रकठोर देह आनन्दपूर्वक लेटे जस्तो देखियो । त्यसै बेला आकाशबाट सिद्धगणहरूद्वारा निस्केको यो बाणी सुनियो, "महावीर भीष्म ! त्यस्तो धर्मात्मा भएर तिमीले यो दक्षिणायनमा किन देह त्याग गर्न खोजेको ?" यो आकाशवाणी सुनेर भीष्मले भने, "म उत्तरायण नहोउन्जेल यसै शरशय्यामा लेटिरहनेछु । उत्तरायण भएपछि मात्र मेरो देहान्त हुनेछ ।"

भीष्मको शरशय्या

यति भएपछि युद्ध बन्द गर्ने बिगुल बज्यो । पाण्डवहरूको सैन्यमा विजय दुन्दुभिको साथ हर्षध्वनि गर्जन थाल्यो । दुर्योधनका सकल आशा र आकाङ्क्षाहरू माटामा मिल्न थाले । उनी आफ्ना भाइ र कृपाचार्यहरूलाई साथ लिएर भीष्मको शरशय्याको समीपमा बसेर छाती पिटी रुन थाले । त्यस बेलासम्म द्रोणाचार्य अर्कैतिर युद्ध गरिरहेका थिए । दुर्योधनले दुःशासनद्वारा उनलाई बोलाइपठाए । सारा कौरवहरू आफ्ना सहायकवर्गको साथ त्यहीं जम्मा भए । सबैका शरीरबाट कवचहरू फुकालिए । सबका नयनबाट अश्रुनदी बहन लागिन् । सबै शोकमान् भएर विलाप गर्न थाले । यस्तैमा अर्कोतिरबाट पाण्डवहरू पनि आफ्नो सैन्यलाई विश्राम गर्ने आज्ञा दिई त्यहीं जम्मा हुन आए । उनीहरूले शरशय्यामा सुतिरहेका भीष्मलाई विनयपूर्वक प्रणाम गरी कौरवहरूझैं ठूलो शोक प्रकट गरे । तब पाण्डवहरूतर्फ हेरेर भीष्मले भने, "बाबु हो ! तिमीहरूको आगमन सफल होओस् । तिमीहरू सबै जना एक ठाउँमा जम्मा भएको देखेर बहुतै प्रसन्न भएँ । देखिहाल्यौ, अहिले मेरो शिर विनातकियाले झुन्डिइरहेको छ । दया गरेर एक तकिया ल्याइदेऊ । झुन्डिरहेको शिर अड्याउन अहिले मलाई साह्रै नै असजिलो भइरहेछ ।"

यो सुनेर दुर्योधनले झटपट राम्रो तकिया मगाए । सो तकिया देखेर भीष्मले भने, "दुर्योधन ! तिमी यो तकियालाई मेरो सिरानमा नराख । वीर पुरुषको सिरानका निमित्त यस्तो तकियाको केही आवश्यक छैन । खोइ अर्जुन कहाँ छन् ?" अर्जुन पाउतर्फ बसेका थिए । झटपट उठेर उनले भने, "पूज्यपाद पितामह ! चरणरजलाई के आज्ञा बक्सिन्छ, दास पाउमा उपस्थित छ ।" भीष्मले

भने, "मेरो प्यारो अर्जुन ! मेरो शिर झुन्डिरहेछ, तिमी यसको मन्तिर एउटा तकिया हालिदेऊ ।" यो सुन्नासाथ तुरुन्त अर्जुनले तीनवटा बाण झिकेर गाण्डीव धनुमा जोडी भीष्मको शिरमन्तिर घुडीखोप्रोमै पर्ने गरी जमिनमा रोपिदिए । तिनै तीनवटा बाण जमिनमा त्रिखुटी जस्तो गरी गाडिएर भीष्मको शिरलाई तकिया जस्तो बने । उनको झुन्डिएको शिर राम्रोसित त्यै शरको तकियामा लेट्यो ।

यसपछि भीष्मले मलाई प्यास लाग्यो भनेर जल मागे । सो सुनेर दुर्योधनले सुवर्णको गिलासमा जल मगाए । सो आइपुगेको देखेर भीष्मले फेरि अर्जुनलाई नै सम्बोधन गर्दै भने, "बाबु अर्जुन ! तिम्रा बाणले छिया-छिया भएको मेरो शरीर जल्न लागिरहेछ, म दुःखीलाई जल पिलाऊ ।" यो सुन्नासाथ अर्जुनले फेरि गाण्डीव धनुमा एक बाण चढाएर भीष्मको शिरैनेर पारी जोरसाथ बाण हाने । सो बाण जमिनमा घुसेर कता पुग्यो कुन्नि, क्षणभरपछि सो बाण रोपिएको जमिनको छिद्रबाट पातालगङ्गादेखि उर्लेर आएको जलको फुहारा बाइराखेको भीष्मको मुखमा पर्न लागेको देखियो । सो जलपान गरेर उनी कृतकृत्य भए ।

अर्जुनको यो अलौकिक बुद्धिमानीको काम देखेर त्यहाँ उपस्थित भएका राजाहरू आश्चर्यमग्न भई जिभ्रो टोक्न थाले । कौरवहरूको कलेजा जलेर उठ्यो । भीष्मले "स्याबास बाबु अर्जुन ! तिम्रो बुद्धिलाई धन्यबाद छ" भनी प्रशंसा गर्दै दुर्योधनतर्फ दृष्टि दिएर भने, "देख्यौ दुर्योधन ! अर्जुनको वीरतासँग कोही मुकाबिला गर्ने सक्तैन । यसकारण अझ पनि मेसो अर्ती मानेर पाण्डवहरूसँग सन्धि गर । तिमीहरूको सन्धि देख्न पाए मेरो प्राण सुखपूर्वक जानेछ । मेरो आत्मालाई पनि शान्ति मिल्नेछ ।" दुर्योधनले भीष्मको यस कुरामा केही उत्तर दिएनन् । उनी चुपचाप नीचा शिर गरेर बसे । अरू त्यहाँ आएका सबै वीरहरू पनि दुर्योधनको त्यो चाल देखेर चुपचाप भीष्मलाई प्रणाम गर्दै बिदा हुन लागे । अन्त्यमा भीष्मको देहरक्षानिमित्त सबै प्रबन्ध मिलाई दुर्योधन पनि आफ्नो शिविरतिर प्रस्थित भए ।

सबै जना गएपछि एकान्तको समय देखी कर्णले भीष्मको समीपमा गएर प्रणाम गर्दै यो राधापुत्र पाउमा हाजिर छ भनी निवेदन गरे । सो सुनेर आशीर्वाद दिँदै भीष्मले भने, "बाबु कर्ण ! तिमी राधापुत्र (माझीका छोरा) होइनौ, वास्तवमा तिमी कुन्तीकै पुत्र हौ । तिम्रो तेजोवध गर्नानिमित्त म तिमीलाई राधापुत्र भनेर सम्बोधन गर्दथेँ । अर्को कारण यो पनि थियो कि राधापुत्र भनेपछि आफू क्षत्रिय रहेनछु भन्ने ठानी तिमी आफ्ना भाइहरूसँग युद्ध गरोइनौ भन्ने मेरो विचार थियो । युधिष्ठिर खास तिम्रा माहिला भाइ हुन् । उनीसँग तिमीले मेल गरेर रहनु उचित थियो । तिमी अझ पनि उनीसँग मेला गरौला भन्ने मैले आशा राखेको छु ।

व्यर्थको सङ्ग्रामले यसरी लोकको संहार गर्न उचित छैन । लौ भन मेरो वचन मान्दछौ भने म युधिष्ठिरलाई अहिल्यै बोलाउन पठाउँछु र सबै ठीक गरिदिन्छु ।'

यसको उत्तरमा कर्णले निवेदन गरे, 'पितामह ! हजुरै ता यसरी शरशय्यामा परिसक्नुभयो भने अब सन्धि गरेर मात्र के हुन्छ र ? यदि हजुर जीवित रहने भए सन्धि गरेर पनि केही फायदा थियो । अरू नभए पनि हजुरलाई यसबाट सुखशान्ति मिल्दो हो । अर्को कुरा के भने दुर्योधनको अन्नजल खाएर यस्तो सङ्कटको अवस्थामा उनलाई छोड्नु पनि त उचित भएन । फेरि सन्धि गरेपछि हुने कुरा के ? युधिष्ठिरको राज्य म जेठो दाज्यू हुनाले मलाई मिल्ला । तर सो राज्य पाए पनि म लिनेछैन, किनभने मैले दुर्योधनकै हित गर्नुपर्दछ । सो राज्य लिएर म फेरि दुर्योधनलाई नै दिनेछु । यसबाट के होला ? एक धर्मात्मा राजाको राज्य अर्को अन्यायी राजाको हातमा पर्न जानेछ । त्यस्तो हुनु कदापि उचित होइन । युधिष्ठिरकै जितबाजी हुनेछ भन्ने कुरा त निश्चय छँदैछ, किनभने श्रीकृष्ण उनका सहायक हुनुहुन्छ, उता धर्म पक्ष छ । यसकारण अब सन्धिको प्रस्तावै नहुनु उचित हो कि भन्ने यो क्षुद्र बुद्धिले ठान्दछ । हजुर मलाई अन्तिम आशीर्वाद बक्सनुहोस् कि समरभूमिमा यो चरणदासले शूरवीरको गति प्राप्त गर्न सकोस् । मलाई यही इच्छा छ ।' भीष्मले तथास्तु भनी आशीर्वाद दिए । त्यति भएपछि उनलाई भक्तिपूर्वक प्रणाम गरी कर्ण कौरवहरूको शिविरतर्फ फर्के ।

॥भीष्मपर्व समाप्त॥

□□□

द्रोणपर्व

महापराक्रमी महात्मा भीष्म युद्धमा घायल भएर शरशय्यामा पसारिएका थिए, सेनापतिको स्थान खाली हुन आएको थियो, अब कसलाई सेनापति बनाउने हो भनी कौरवहरू विचार गर्दै थिए, प्रातःकाल भयो । दुवैतर्फका सैन्यहरू युद्धको मैदानमा सामेल भए । सेनापति को बन्ने हो ठेगान भएको थिएन । यसैबीचमा कर्ण टुप्लुक्क आइपुगेको देखेर उनैलाई सेनापति बनाउने विचार लिई दुर्योधनले भने, "भाइ कर्ण ! अहिले सेनापतिको स्थान खाली भएको तिमीलाई थाहै छ । महात्मा भीष्मबाट अब केही काम होला भन्ने आशा हरायो । अबलाई तिमीभन्दा दोस्रो सेनापति बन्न योग्य पुरुष कसैलाई देख्तिनँ, तिमी महापराक्रमी वीर छौ । यसकारण तिमीलाई नै सेनापति बनाउन पाए बढिया होला भने जस्तो मेरो मनमा लाग्दछ, तिमी के भन्दछौ ?"

कर्णले जवाफ दिए, "महाराज ! अहिले सेनापति छान्नु बहुतै असल कुरा हो, परन्तु सेनापछि बन्नु पनि दालभात खानु जस्तो होइन । यो काम बहुतै सोचविचारका साथ हुनुपर्दछ, हडबडाउनु हुँदैन । तपाईंका सैन्यमा म जस्ता कैयौं एकसे एक वीर पुरुषहरू छन्, उनीहरू हृदयदेखि तपाईंको हितसाधनामा तत्पर भएर यस रणभूमिमा जम्मा भइरहेछन् । यसकारण मेरो विचारमा त मभन्दा पराक्रमी कुनै अर्को योद्धा आजको सेनापति गराउनु बढिया होला जस्तो लाग्दछ । अहिलेको समयका निमित्त बहुतै अनुभवी पाको सेनापतिबाट नै विशेष लाभ होला कि भन्ने ठान्दछु, किनभने सेनापति जत्तिको सुयोग्य हुन्छ उत्तिकै उसको सैन्यबाट लाभ उठाउन सकिन्छ । सो सैन्य सुरक्षित तथा विजयी पनि हुन सक्तछ । यसैले म निवेदन गर्दछु, भीष्म जस्तै बल, बुद्धि, विद्या, अवस्था, जाति र वर्णमा समेत श्रेष्ठ कुनै पुरुषलाई सेनापति बनाउनु पर्ला ।"

दुर्योधनले भने, "तिमीले भनेको कुरा नीतिसङ्गत हो । सो कुरालाई म पनि अस्वीकार गर्न सक्तिनँ । अब तिमी नै भन म कसलाई आजको सेनापति नियुक्त गरूँ ? अहिले यहाँ तिमी र म दुई जना मात्र छौं, काम चाँडै नै गर्नुपर्दछ । हेर

मैदानमा सैन्यहरू जम्मा भइसके, सेनापति नहुनाले उनीहरू अनाथ जस्तै भइरहेछन् ।" कर्णले भने, "महाराज ! अहिले तपाईको सैन्यमा महात्मा द्रोणभन्दा लायक सेनापति बनाउन हुने पुरुष अरू देखिनँ । उहाँ सब तरहबाट योग्य हुनुहुन्छ । उहाँले सेनापति भइदिएको पक्षमा सैन्यहरू पनि खुशीसाथ उहाँको इसारामा काम गर्नेछन् । उहाँलाई सबैले चाहन्छन् पनि । उहाँलाई नै सेनापति नियुक्त गर्नु बढिया छ ।"

कर्णको यो कुरा दुर्योधनलाई बहुतै उचित लाग्यो । उनी कर्णको प्रशंसा गर्दै तुरुन्त उठेर द्रोणचार्य भएको ठाउँमा पुगी आफ्नो विचार प्रकट गर्न थाले । त्यस बेला द्रोणका साथमा अरू पनि कौरवपक्षीय वीरहरू थिए । गुरु द्रोणलाई सेनापति बनाउने विषयमा दुर्योधनले प्रकट गरेको विचार सुनेर सबैलाई हर्ष लाग्यो । सबैले एकै स्वरमा गुरु द्रोणको जय होस् भन्दै हर्षध्वनि गरे । द्रोणाचार्यलाई यस विषयमा केही भन्ने अवसरै रहेन । युद्धको बिगुल लाग्नु मात्र बाँकी भयो । द्रोणाचार्यले अरू केही भनेनन्, केवल, "म धृष्टद्युम्नसँग लड्नेछैन" यति मात्र भनेर सेनापतिको पदलाई स्वीकृत गरे ।

सैन्यसञ्चालनको समय ठीक हुने मौकामा द्रोणले दुर्योधनसँग भने, "महाराज ! तपाईले कुन भावना मनमा राखेर मलाई सेनापति बनाउनुभएको हो ! तपाईको वास्तविक अभिलाषा के छ ? यथार्थ भन्नुहोस् ।" दुर्योधनले द्रोणको यो प्रसन्न अवस्था देखेर भने, "गुरुदेव ! यदि हजुरको यस शिष्यउपर यस्तो कृपा छ भने आजको युद्धमा राजा युधिष्ठिरलाई पक्री मकहाँ दाखिल गराइबक्सेला, म यही चाहन्छु ।" द्रोणले भने, "राजन् ! तिमीले यस बेला मसँग यो वर माग्नु उचित हो, किन्तु अर्जुन खडा छँदै युधिष्ठिरलाई पक्रेर ल्याउन सक्नु कठिन कुरा छ । किनभने अर्जुन मैले जाने जति सकल धुनर्विद्यामा पारङ्गत गराएका मेरा प्रिय र मुख्य शिष्य हुन् । यसकारणले यो काम पूरा गर्नानिमित्त अर्जुनलाई आज यहाँ रहन दिन हुँदैन, अन्यत्र कतै पठाउनुपर्दछ ।"

परन्तु त्यहाँ जो जति वीर पुरुषहरू थिए तिनमा अर्जुनलाई हटाउन ता के उनको सामने जानसम्मको हिम्मत पनि कसैमा थिएन । को जाने, कसले हटाउने भनी विचार गर्दागर्दै केही समय बित्यो । अन्तमा त्रिगत देशका राजा सुशर्माले यो काम म गर्ने भएँ भनी कुम ठोके । उनी तुरुन्तै ससप्तक, नारायणी र गोपाल सेनालाई साथमा लिई अर्जुनलाई आफूसँगको युद्धमा अलमल्याउनानिमित्त हिँडी पनि हाले । उनको त्यो सैन्य बहुतै बलवान् थियो । युद्धमा पछि हट्न उसले जानेकै थिएन । सुशर्माको उत्साहलाई देखेर सबै प्रसन्न हुँदै उनको प्रशंसा गर्न थाले ।

संसप्तकहरूसँग युद्ध

यथास्थानमा पुगेपछि युद्धको बाजा बज्न थाल्यो । सुशर्माले फूर्तिसाथ युद्धका निमित्त अर्जुनलाई ललकारे । सो सुनेर अर्जुन पनि मुसुमुसु हाँस्दै अगाडि बढे । त्यसै बेला युधिष्ठिरले भने, 'अर्जुन ! तिमी भने यतातिर लड्न जान लाग्यौ, उता कौरवहरू अनेक षड्यन्त्र रचेर आज मलाई पक्रने चेष्टामा व्यस्त भइरहेछन् । यसको प्रबन्धमा के गर्ने विचार गरेका छौ ?' अर्जुनले भने, 'दाज्यैज्यू ! हजुर फिक्री नगर्नुहोस् । हजुरलाई पक्रनु ता परै होस् छुनसम्म पनि कसैले सक्ने छैन ।' यति भनेर युधिष्ठिरको रक्षाका निमित्त आफ्ना साला सत्यजितलाई खटाई अर्जुन सुशर्मातर्फ अगाडि बढे । तर उनको मनमा दाज्यूको रक्षाका निमित्त धुकचुकै थियो । त्यस चिन्ताले युद्ध गर्दागर्दै उनको मनलाई झस्काउने गर्दथ्यो । सुशर्मासित उनको घनघोर युद्ध पऱ्यो । त्यस युद्धमा उनलाई सुशर्माले यसरी फसाए कि उनीहरू युद्धको मैदानबाटै लड्दैलड्दै धेरै नै टाढा पुगे । सुशर्मा मार खाँदैछन्, पछिपछि हट्दैछन् । त्यसो हुँदाहुँदा युद्धको मैदान धेरै नै टाढामा छुटिसकेछ । तैपनि अर्जुन सुशर्मालाई लखेट्दै छन् ।

यता दोपहरसम्ममा अन्यान्य वीरहरूमा युद्ध हुँदै रह्यो । तेस्रो प्रहर सुरु मात्र भएको थियो, युधिष्ठिर र द्रोणाचार्यको परस्परमा द्वन्द्व युद्ध हुन थाल्यो । पाण्डवी सेनाहरू युधिष्ठिरको रक्षामा प्रबल शक्तिसाथ भिडिए । द्रोणाचार्य दुर्योधनलाई दिएको वर पूर्ण गर्नानिमित्त मौका खोज्दै तीखातीखा बाणहरू उनका उपर प्रहार गर्न थाले । उनका ती बाणहरू युधिष्ठिरका निमित्त रोकिनसक्ना भई आइलाग्दथे । देख्तादेख्तै द्रोणका विषालु बाणवृष्टिले पाण्डवी सैन्यको सर्वनाश गराउन थाल्यो । दुवैतर्फबाट क्रोधको समुद्र मडारिँदै आएको थियो । कहिले द्रोण घायल हुन्थे कहिले युधिष्ठिरका हृदयमा द्रोणका बाण बज्रन्थे । विचित्रको दृश्य उपस्थित थियो ।

सत्यजितवध

युधिष्ठिरको रक्षामा सत्यजित बहुतै दृढतासाथ मुस्तैद थिए तापनि द्रोणाचार्यको शरवृष्टिका अगाडि उनको दाल गल्दैनथ्यो । यस्तैमा द्रोणले युधिष्ठिरलाई घोडा सारथि रथ र युद्धसामग्रीले समेत एकदम रित्तो बनाएर छोडिदिए । सो देखेर सत्यजित युधिष्ठिरको रक्षा गर्न भनी के अगाडि बढेका थिए, उनलाई बाणै बाण चखाएर द्रोणले बीचैमा रोकिदिए । तैपनि उनले यथासाध्य यत्न गर्दै द्रोणसँग लड्न छाडेनन्, उनले द्रोणको रथलाई आफ्ना बाणै बाणले छोपिदिए । यस्तैमा उनले कौरवसैन्यलाई मार्न पनि बाँकी राखेनन् । उनको वीरता त्यस बेला तारिफ लायक देखिन्थ्यो । उनका बाणहरू द्रोणका बाणद्वारा काटिएर उछिट्टिँदा

पनि कैयौं सैनिकहरू द्रुनमुनिन्थे । आखिर द्रोणजस्ता महापराक्रमी धनुर्विद्यामा सर्वप्रथम आचार्यको अगाडि बिचरा भुसुना जस्ता सत्यजितको के जोर चल्दथ्यो ! उनलाई देख्तादेख्तैमा एकाएक द्रोणले आफ्ना तीक्ष्ण बाणद्वारा हात काटेर शिरै समेत उनको धडबाट अलग गराएर छोडिदिए ।

यस प्रकारसँग सत्यजितको वध भएको देखेर युधिष्ठिरलाई असह्य भयो । उनी कहिल्यै प्रकट नगरेको शक्ति निकालेर द्रोणसँग लड्न थाले । गुरु-शिष्यको घमासान पऱ्यो । परस्परको प्रहारलाई विफल गराउने चेष्टामा दुवै एकसे एक अगाडि बढेका देखिन्थे । गदा, बर्छा, तरबार आदि कैयौं प्रकारका शस्त्र र अस्त्रहरू चले, कैयौं काटिए, कैयौं धूलोपिठो भए । अन्तमा युधिष्ठिरको शक्ति मन्द हुँदै आयो, उनी निराशाको अवलम्बन गर्दै भाग्ने दाउ खोज्न थाले । यत्तिकैमा सहसा सुशर्मालाई परास्त गरी फर्केका अर्जुन त्यहाँ आइपुगे । उनी आइपुग्नु के थियो, युद्धले झन् उग्ररूप धारण गऱ्यो । अब अर्जुन नै गुरु द्रोणको जवाफ दिन थाले । यस प्रकारले साँझसम्म लगातार युद्ध चलिरह्यो । सूर्यास्त हुनासाथ युद्ध बन्द गर्ने बिगुल लाग्यो । दुवैतर्फको सैन्य आ-आफ्नो शिविरतिर फर्क्यो ।

भगदत्त मारिए

भोलिपल्ट प्रातःकालैदेखि फेरि युद्धको आरम्भ भयो । अघिल्लै दिनको जस्तै गरी सुशर्माले फेरि अर्जुनलाई घेरा दिए । उनीहरू दुईमा घमासानको युद्ध चल्न थाल्यो । आजको यस युद्धमा राजा भगदत्तले ठूलो वीरता देखाए । उनको दश हजार हात्तीको जस्तो बल भएको एक हात्ती थियो । त्यस हात्तीले पनि अर्जुनको सैन्यलाई कुल्चीमिल्ची धूलोपीठो गराउन बाँकी राखेन । यता भीमसेन पनि उत्तिकै वीरता देखाइरहेका छन्, उनले गदाको एक दनकमा त्यस हात्तीलाई कुइँकुइँ गराउँदै कोसौं दूरसम्म पुग्ने गरी भगाइदिए । यतातिरको यो घमासानको आवाज अर्जुनका कानसम्म पनि पुग्यो । उनीसमेत सुशर्मालाई त्यसै छोडेर यतै झमटा मार्न आइपुगे । त्यस बेलासम्म सुशर्माका अठार हजार सैनिकलाई उनले यमलोक पठाइसकेका थिए । उनको त्यो वीरता देखेर श्रीकृष्ण पनि प्रसन्न भई उनको प्रशंसा गर्दै रथ हाँक्नुभयो । उहाँले हाँकेको अर्जुनको रथ सरासर गएर भगदत्तको सामने उपस्थित भयो ।

अब अर्जुनको र भगदत्तको परस्परमा घमासान मच्चिन थाल्यो । अर्जुनले भगदत्तको धनु नै काटिदिए । उनको हात्तीलाई पनि थिलथिलो गराए । भगदत्तको सातोपुत्लो उड्यो । उनी निरूपाय भएर बच्ने उपाय सोच्न थाले । अन्त्यमा उनले अरू उपाय केही नदेखी आफ्नो अङ्कुशमा नारायणास्त्रको मन्त्रको प्रयोग गरी

सोही अस्त्र अर्जुनका उपर प्रहार गरे । सो नारायणास्त्र अर्जुनका शरीरमा वज्रन के आँटेको थियो सो देखेर झटपट श्रीकृष्णले अगाडि सरेर अर्जुनलाई बचाउँदै आफ्नो छातीमा त्यस अस्त्रलाई थापेर रोक्नुभयो । उहाँको छातीमा पुग्नासाथ सो अङ्कुश वैजयन्ती माला बनेर लट्केको थियो ।

श्रीकृष्णको यो अद्भुत लीला देखेर अर्जुनले भने, "भगवान् ! हजुरले आफ्नो प्रतिज्ञाको विरुद्ध यो काम किन गरिबक्सियो ?" श्रीकृष्णले भन्नुभयो, "सुन्यौ अर्जुन ! यस अङ्कुशमा नारायणास्त्रको प्रयोग गरिएको थियो । त्यस अस्त्रलाई म सिवाय अरू कसैले रोक्न सक्तैन । मैले नरोकेको भए तिम्रो काम तमाम भइहाल्थ्यो । तिम्रो रक्षाकै खातिर आज मैले यो काम गर्नुपऱ्यो ।" यो सुनेर अर्जुन चुप भए । केही बेर युद्ध भएपछि भगदत्त र उनको हात्तीसमेत अर्जुनका बाणद्वारा घायल भएर रणभूमिमा लडे ।

यस प्रकारसँग भगदत्त घायल भएपछि शकुनिका दुई जना अचल र वृक्षक नामक पुत्रहरू अर्जुनको सामना गर्न भनी अघि सरे । ती दुवै जना बडा मायावी थिए । तिनीहरूले हुनेसम्म आफूले जानेभरको माया फैलाई अर्जुनलाई व्याकुल तुल्याउने चेष्टा गरे । तर वीर अर्जुनका सामने तिनको मायाजाल कँचीले काटिएको जाल जस्तै भई बिलकुलै विफल भयो । देख्तादेख्तै क्षणभरमा अर्जुनले ती दुवै जनालाई आफ्ना बाणको चोट चखाएर शिरैसमेत उछिट्टिने गरी इहलोकबाट बिदा गरिदिए । अर्कातिर यसै बेला भीमसेनका परम मित्र नीलनामक एक राजाको अश्वत्थामाका साथ भिडन्त परिरहेको थियो । त्यस युद्धमा राजा नीलले पनि युद्ध गर्दागर्दै अश्वत्थामाद्वारा वीरगति प्राप्त गरे । यति हुँदाहुँदै झमक्क हुन आँट्यो । युद्ध बन्दको बिगुल बजेको सुनेर दुवैतर्फका सैन्यहरू आ-आफ्ना शिविरतर्फ लागे ।

यस दिनको युद्धमा पाण्डवहरूका साथ शल्य, कृपाचार्य, कृतवर्मा, शकुनि, विविंशति आदि अनेक वीरहरू लडेका थिए । असङ्ख्य वीरहरू मारिए, कैयौं वीर घायल भए, किन्तु सुफल केही हात लागेन । न द्रोणाचार्यको प्रतिज्ञा पूर्ण भयो, न दुर्योधनको अभिलाषा । युधिष्ठिर कसैबाट पक्रिइन सकेनन् । नाहक असङ्ख्य वीरहरूको मात्र संहार भयो ।

शिविरमा गएर आवश्यक भोजनादिको उपरान्त सदाकैझैं कौरवसभा बस्यो । सबै सभासद्हरू यथास्थानमा बसेपछि दुर्योधनले निकै नै आवेशमा परेझैं गरी गुरु द्रोणाचार्यसँग भने, "गुरुदेव ! हजुर सेनापति बनेर युधिष्ठिरलाई पक्रेर ल्याउँला भनी प्रतिज्ञा गर्नुभएको दुई दिन भयो । सो प्रतिज्ञा पूर्ण नभएको देखेर हजुरको

कुरामा मलाई भ्रम हुन लागिरहेछ । हजुरको वीरताका अगाडि यो कुनै ठूलो कुरा थिएन । परन्तु अब म सम्झन लागेको छु कि हजुर मलाई शत्रुभन्दा पनि ज्यादा ठान्ने र पाण्डवउपर ज्यादा प्रेम राख्ने गर्नुहुँदो रहेछ । हिजोअस्तिको सङ्ग्राममा हजुरले कैयौं पटक पञ्जामा परिसकेको युधिष्ठिरलाई पनि छोडिदिनुभयो । यसको कारण के हो ? हजुर जस्तो द्विजकुलभूषण महापुरुषबाट त्यस्तो होला भन्ने कदापि ठानेको थिइनँ । नजाने हजुरले किन त्यस्तो प्रतिज्ञा गर्नुभयो जुन प्रतिज्ञा पूरा हुन सक्तैन ।"

दुर्योधनको यो अधिक्षेप (छेड) युक्त कुरा सुनेर द्रोणको हृदय काँपेर उठ्यो, अपमानको तेजिलो आँच र लाञ्छनाको वचनले गर्दा उनको चेहरा नै तमतमाउन लागे जस्तो देखियो । केही बेर त जवाफै नदिई चुप लागे । पछि सम्हालिएर उनले भने, "राजन् ! आजको यो तपाईंको वचन अन्यायमूलक हुन लागिरहेछ । मैले युद्धमा गर्न सकेसम्म कुनै प्रयत्न बाँकी राखेको छैन । यदि मउपर तपाईंको त्यस्तै विश्वास छ भने निःसन्देह म भन्छु कि कौरवहरूको विनाश समय नगिचै आइपुगेछ ।"

गुरु द्रोण यसरी क्रुद्ध भएको देखेर दुर्योधन केही सम्हालिएर नम्रतासाथ उनलाई शान्त गराउँदै भन्न थाले, "होइन गुरुजी हजुरलाई यो भक्त कस्तो सङ्कटमा परिरहेछ त्यसको खबरै केही छैन । आफैं देख्न सक्नुहुन्छ कि पाण्डवद्वारा हाम्रो कस्तो दुर्दशा भइसक्यो । यिनै सब विफलताबाट व्याकुल भएर मैले सो कुरा विन्ती गरेको हुँ । मेरो आशय हजुरलाई छेडछाड गरूँ भन्ने होइन न हजुरको अपमान गर्नु मेरो उद्देश्य हो ।"

यद्यपि दुर्योधनका यी कुराको द्रोणमाथि केही प्रभाव परेन तथापि उनी अब शान्त भैसके कि भनेझैं गरी बोले, "राजन् ! मैले अघि नै अर्जुन छँदाछँदै युधिष्ठिरलाई पक्रनु दालभात खाए जस्तो होइन भनेकै थिएँ । तपाईं हाम्रो त कुरै पर जाओस् तेत्तीस कोटि देवतासमेत देवराज इन्द्रले पनि अर्जुनलाई हराउँ भनेर सक्तैनन् । यो कुरालाई जानेर तपाईं मउपर छेडछाड नगर्नुहोस् । बारम्बार प्रतिज्ञा पूर्ण गराइनस् भनेर मलाई भन्न सक्नेले यो कुरा पनि विचार गर्नुपर्दछ कि मबाहेकका अरू महारथीहरूले पनि अर्जुनलाई रोक्ने विषयमा गरेको प्रतिज्ञा कतिसम्म पूरा गरे । हो, शक्तिभर मैले युद्ध नगरेको र सकिनेसम्मको कुरामा केही गर्न बाँकी राखेको हुँदो हो ता मलाई तपाईंले त्यस्तो भन्न सुहाउँदथ्यो । यदि हिजोअस्तिको युद्धमा तपाईं मसँग चिढिनुभएको छ भने सो कुरालाई बिर्सिदिनुहोस् । हेर्नुहोला भोलि म कस्तो युद्धकौशल देखाउँदो रहेछु । भोलिको

सङ्ग्राममा पाण्डवतर्फको एक ठूलो वीर नमारिछोड्ने छैन । यति निःसन्देह सम्झनुहोला ।"

गुरु द्रोणको यो कुराले दुर्योधनलाई केही शान्ति भयो । उनी आफ्नो गल्तीमा क्षमा माग्दै त्यहाँबाट बिदा भए ।

सेनापति अभिमन्यु

भोलिपल्ट फेरि प्रातःकालदेखि नै सधैंको सैन्य युद्धको मैदानमा खडा भयो । हिजोअस्तिकै झैं आज पनि अर्जुनलाई सुशर्माले अन्यत्रै लगेर अलमल्याए । यस पटक उनको अलमल्याइ हत्तपत्त फुर्सद नपाउने जस्तो थियो । यता गुरु द्रोणाचार्यले आफ्नो प्रतिज्ञा पूरा गराउनानिमित्त विकट चक्रव्यूहको रचना गरेका थिए । यस व्यूहमा पाण्डवपक्षका वीरहरू अनभिज्ञ थिए । एक अर्जुनबाहेक यस व्यूहमा प्रवेश गर्ने, यसलाई भेदन गर्ने र यसबाट फुत्केर निस्कने परिपाटी अरू कसैलाई थाहा थिएन । संयोगवश अहिले अर्जुन त्यहाँ थिएनन् । आखिर हुनु के थियो, मुठभेट भइहाल्यो । पाण्डवपक्षका सात्यकि, चेकितान, धृष्टद्युम्न, कुन्तिभोज, राजा द्रुपद, चेदिराज, धृष्टकेतु, नकुल, सहदेव, घटोत्कच, राजा विराट, उत्तमौजा इत्यादि विशेष उल्लेखनीय वीरहरू तम्तयार थिए तापनि चक्रव्यूह भेदन गर्ने काम नजानेका हुनाले रणभुल्ल परिरहेका देखिन्थे । कोही मारिँदै थिए, कोही पछि हट्दै थिए । यो घटना देखेर युधिष्ठिर पनि जिल्ल परेर विचार गर्न थाले । अब यो विकट युद्धका निमित्त कुनचाहिँ सुयोग्य महारथीलाई सेनापति बनाएर शरम बचाउने हो ।" उनको यो विचारमा झटपट अर्जुनपुत्र अभिमन्युले अघि सर्दै भने, "पिताजी ! हजुर किन चिन्तामा मग्न भइबक्सेको छ ।" उनको कुरा सुनेर युधिष्ठिरले आफ्नो मनको सबै विचार प्रकट गरे । तर वीर बालक अभिमन्युले फूर्तिसाथ भने, यो कुन कुरा हो, यदि पिताजी अहिले यहाँ हुनुहुन्न तापनि उहाँको वीर पुत्र खडा छ । आफ्नो ज्यान रहेसम्म यस बालकले पिताजीको नाममा कलङ्क कदापि लाग्न दिनेछैन । म चक्रव्यूहलाई फोड्ने सारा क्रियाहरू जान्दछु, परन्तु कमी के छ भने सङ्कटको समयमा त्यस व्यूहबाट बाहिर निस्कने हतौडी मैले जानेको छैन । परन्तु यस कुराको फिक्री हामी क्षत्रियका निमित्त छैन ।"

अभिमन्युको वीरोचित कुरा सुनेर युधिष्ठिरलाई केही शान्ति भयो । तर उनलाई केटाकेटी सम्झेर अलिकति सङ्कोच पनि लाग्यो । अभिमन्युले त्यस विषयमा, कति सम्झाए बुझाए तैपनि युधिष्ठिरलाई राम्रो विश्वास लागेन । तब अभिमन्युले

हट्टै गरे । सो हठलाई अनिवारणीय सम्झेर अन्तमा स्वीकार गर्नैपऱ्यो । उनले लाचारीसाथ लौ हुन्छ त तिमी नै सेनापति बन्यौ, तिम्रो विजय होस् भनी आशीर्वाद दिदै सेनापतिको पदमा अभिमन्युलाई नियुक्त गरिदिए । अभिमन्यु सेनापति बनेको सुन्नासाथ सैन्यहरूको मुखबाट एकाएक अभिमन्युको जय होस् भन्ने जयध्वनि निस्क्यो । यो खबर जसजसले सुन्यो उसउसले अभिमन्युलाई तिमी यस्तो साहस नगर भनी सम्झायो, तर उनले कसैको कुरै सुनेनन् । आखिर स्वयम् अभिमन्युकी पत्नी उत्तराले उनलाई धेरै प्रकारबाट रोकिन् सम्झाइन्, अनेक मायाजाल फसाएर राख्ने चेष्टा गरिन् । तैपनि केही लागेन । आफ्नी गर्भवती प्रियतमा उत्तराको समेत परवाह नराखी अभिमन्यु युद्धका निमित्त तयार भए । उनको त्यो साहस देखेर पाण्डवहरूलाई पनि केही आशा भयो । इतर वीरहरूको मनमा पनि जोश बढ्दै आयो, सारा युद्धभूमितर्फ पाउ बढाउन थाले ।

यस प्रकारसँग वीर बालक अभिमन्यु चक्रव्यूह भेदन गर्नानिमित्त तयार भएपछि उनको सारथिलाई रथ ल्याउने उर्दी दिइयो । सजिसजाउ शस्त्रास्त्रले परिपूर्ण रथ आइपुग्नासाथ सवार हुन लागेका बेलामा सारथिले निवेदन गऱ्यो, "राजकुमार ! हजुरको यो सोह्र वर्षको उमेर यस्तो विकट सङ्ग्रामका निमित्त योग्य छैन । हजुर कसरी त्यो विघ्नको कौरव सैन्यसागरलाई पार गर्न सकिबक्सिएला ! हजुरको कौमारावस्था देखेर मलाई ठूलो चिन्ता भइरहेछ । हजुर कसरी युद्धमा सवारी हुनुहुन्छ ।" अभिमन्युले कड्कँदै भने, "भाइ ! केही डर छैन, यी जाबा कौरवहरूको म केही गिन्ती नै राख्दिनँ, यदि देवराज इन्द्र नै आउन् तापनि म एक पटकसम्म उनलाई नभगाइ छोड्नेछैन । पिताजी (अर्जुन) र मामाजी (श्रीकृष्ण) जस्ता महापराक्रमीसँग पनि परिआयो भने म सामना गर्न समर्थ छु । अतः अहिले तिमी मेरो उत्साहलाई भङ्ग नगराऊ ।"

यति भनेर नरवरकेशरी वीर अभिमन्यु रथमा चढे, सारथि चुप लाग्यो । फेरि अभिमन्युले भने, "सारथि ! अब तिमी मेरो रथलाई शीघ्रतासाथ चक्रव्यूहको सामने लैजाऊ ।" यो आज्ञा पाउनासाथ सारथिले रथ हाँक्यो । अभिमन्यु बाणमाथि बाण फ्याँक्दै चक्रव्यूहको ढोकैमा पुगे । उनका साथ सैन्य पनि प्रशस्तै थियो । सामना हुनासाथ घमासान मच्चियो । बाणवृष्टिको कुहिरीमण्डलमा परेर अनेकौं वीरहरू धराशायी बन्न थाले ।

अभिमन्युको वीरता

विस्तार-विस्तार युद्धले भयङ्कर रूप धारण गर्दै ल्यायो । मृतकहरूका लास ढेर लाग्न थाले । चीत्कारले आकाश गुँज्न थाल्यो । रक्तनदी प्रवाहित हुन

थालिन् । कौरवदलमा मच्चिएको हाहाकारलेु दिशाहरू घन्कन थाले । चारैतर्फबाट त्राहित्राहिको आवाज निस्क्यो । दुर्योधन असह्य भएर हडबडाउन थाले । क्षणभरपछि उनको अभिमन्युका साथ भिडन्त पऱ्यो । त्यसरी दुर्योधन आफैं भिडिन लागेको देखेर उनलाई रोक्तै द्रोणाचार्य नै सैनिकहरूलाई ललकार्दै अगाडि सरे । अरू सैन्य दुर्योधनका रक्षक बने । द्रोण म अभिमन्युको वेग रोक्तछु भनी शरवृष्टि गर्न थाले । साथै अश्वत्थामा पनि अभिमन्युमाथि नै खनिए । तर त्यस बेला अभिमन्युको लक्ष्य विशेष गरेर दुर्योधनतर्फ नै थियो । सहायक सैन्यहरू हरतरहबाट दुर्योधनको रक्षा गरिरहेका थिए । तब अभिमन्युले दुर्योधनउपर आफ्नो प्रभाव राम्ररी नपरेको देखेर त्यसतर्फको शरवृष्टि बन्द गरी फेरि द्रोणतर्फ आफ्नो हात बढाए । द्रोणको धेरै सैन्यहरूको धुम्साखान भयो । अभिमन्युको अद्भुत वीरता देखेर शत्रुपक्षबाट पनि स्याबास स्याबासको आवाज निस्केको सुनिन्थ्यो, पाण्डवहरू पनि अभिमन्युको जयजयकार गर्न थाले ।

यतातिरबाट दुःशासन, कृपाचार्य, अश्वत्थामा, बृहद्बल आदि वीरहरूले पनि अभिमन्युका उपर घोर प्रहार गरे । तिनीहरूका बाण जति आफूउपर आइलाग्दथे ती सबलाई अभिमन्यु बीचबीचैमा काटी गिराउँदथे । यसपछि अश्मक देशका राजाबाट अभिमन्युउपर आक्रमण गरियो । तिनलाई पनि थोरै बेरमा नै अभिमन्युले सदाका निमित्त वीरशय्यामा सुताइदिए । जब यसरी अश्मकराज पनि मारिएथे कौरवपक्षमा ठूलो हाहाकार मच्चियो । अब उनीहरूले राम्रै कम्मर कसेर धेरै जना महारथीहरू एकैचोटि हूल उठेर अभिमन्युलाई बिताउनुपर्छ भनी मतो गर्न थाले । यस मतमा दुर्योधन, द्रोण, कर्ण, कृपाचार्य, अश्वत्थामा, भूरिश्रवा इत्यादिको नाम उल्लेखनीय देखिन्थ्यो । यी सबै मिलेर एकैचोटि झरीको पर्काझैं छोडिएका बाणहरूले गर्दा वीर अभिमन्युको शरीर साह्रै नै घायल भयो । तैपनि कत्ति हरेस नखाई उनी झन्झन् उत्तेजित हुँदै कसैले कुल्चिएको सर्पझैं कौरव दलमा घुसेर धूम मच्चाउन थाले । उनको यो युद्धकौशलमा बडेबडे महारथीहरूको मुखबाट समेत प्रशंसा हुन लाग्यो । मरेका र घायल भएका सैनिकहरूको गिन्ती नै रहेन । बिस्तार-बिस्तार कौरवसैन्य भाग्न थाल्यो । पाण्डवहरूमा प्रसन्नताको लहरी उर्लेर आयो । उता दुर्योधनचाहिं निदाउरो मुख लगाएर टुलुटुलु हेर्न थाले । तर त्यत्तिले मात्र हुने केही होइन । उनले तुरुन्त नै अभिमन्युका उपर कर्णनामक वीरलाई अघि सारे । यसैबीचमा दुःशासनले अभिमन्युलाई घायल गराउन भनी हजारौं बाण छोडे । ती बाणलाई तिलबराबर रणभूमिमा धूलो पारेर बुर्काउँदै अभिमन्युले एउटा यस्तो बाण मारे कि सो बाण गएर दुःशासनको करङ छेड्दै पार भयो ।

दुःशासन मूर्छित भई जमिनमा पछारिए । उनलाई सारथिले त्यहाँबाट रथमा राखेर रणभूमिदेखि बाहिर लग्यो ।

यस प्रकारसँग दुःशासन मूर्छित भएपछि कर्णद्वारा अभिमन्युउपर आक्रमण गरियो । कर्णले उनलाई हरतरहबाट घायल तुल्याउने चेष्टा गरे । तर वीर अभिमन्यु कत्ति नहडबडाई उनका बाणको बीचबीचैमा जवाफ दिन थाले । उनबाट अनेक दिव्यास्त्रहरू पनि कर्णका उपर प्रयोग गरिएको थियो, त्यसले गर्दा कर्ण झन् उत्तेजित भई लगातार बाणवृष्टि गरिरहेका थिए, यसैबीचमा वीर बालक अभिमन्युको एक तीक्ष्णबाणले कर्णको ध्वजा र धनुसमेत काटिएर जमिनमा पसारा परेको देखियो । कर्ण एकाएक बौलाहा जस्ता हुन थाले । उनको त्यो अवस्था देखेर उनको दूर्धर्ष नामक भाइ अभिमन्यु उपर झम्टन पुगे, तर उनलाई पनि वीर अभिमन्युले सामने पुग्दानपुग्दै मारेर गिराए । कौरवसैन्यमा बडो खुलदुली मच्चियो । कर्ण आदि वीरहरू व्याकुल हुँदै भाग्न थाले । चक्रव्यूह टुटेर छ्यान्नब्यान्न भयो ।

देख्तादेख्तै त्यो दुर्भेद्य चक्रव्यूह टुटेको देखेर कौरवहरूको सातो उडिरहेको थियो, यही अवसर पारेर वीर बालक अभिमन्यु सो व्यूहभित्र घुसे । उनका पछिपछि ससैन्य युधिष्ठिर, भीम, नकुल, सहदेव, सात्यकि, धृष्टद्युम्न र शिखण्डी आदि पनि घुस्न भनी आँटेका थिए, सो देखेर जयद्रथले उनीहरूलाई रोके । जयद्रथ भगवान् शङ्करको वरदानबाट तिनीहरूलाई रोक्न समर्थ थिए । त्यहीं तिनीहरूको घमासान पर्न लाग्यो । व्यूहभित्र घुसेका अभिमन्युले पनि उथलपुथल तुल्याउन लागे । अन्त्यमा उनको शरवृष्टिद्वारा व्याकुल भएका सैनिकहरूले हुलै उठेर एक्ला अभिमन्युलाई घेरे । त्यसरी घेरामा परेको अवस्थामा पनि अभिमन्युको वीरतामा कत्ति कमी भएको देखिएन । उनले अद्भुत मारकाट मचाएर कर्णपुत्र वृक्षसेनका सारथि, धनु, रथसमेतलाई चूर्ण गरिदिए । रथविहीन वृक्षसेन क्षणभर पनि टिक्न नसकी बेपत्ता भए । उनी भागेको देखेर विशाल्य भन्ने वीर अभिमन्युको सामना गर्न आइलागे । तर उनलाई अगाडि आइपुग्न नपाउँदैमा अभिमन्युले स्वर्गको बाटो देखाइदिए । यसपछि सत्यश्रवाबाट अभिमन्युको द्वन्द्वयुद्ध चल्न लाग्यो । उनलाई पनि थोरै बेरमा नै अभिमन्युले यमलोकतर्फको बाटो पकडाइदिए । यसरी पकापक जो जो अघि सर्‍यो उस उसले अभिमन्युद्वारा माटो खाएको देखेर कौरवदलहरू घबराउँदै व्याकुल हुँदै भाग्न थाले ।

यसरी सारा सैन्य भाग्न लागेको जब देखेथे तुरुन्त मद्रदेशको राजकुमार स्वम्ले सो भाग्दो सैन्यलाई फेरि बटुली अभिमन्युसँग सामना गर्दै उनलाई केही बेरका

निमित्त घायल पनि गराए । तर तुरुन्तै सह्मालिएर अभिमन्युले पनि बाघझम्टा दिँदै ती रुक्मलाई पनि तत्क्षणैमा थुप्रो लगाएर छोडिदिए । उनी मरेको देख्नासाथ दुर्योधन अघि सरेका थिए, तर अभिमन्युको अर्को एक बाण दुर्योधनको छातीमा पनि आएर रोपियो । उनी ढुनमुनाउँदै पछि हटे, उनको चेहरा एकदम मन्द हुँदै आयो ।

त्यसपछि अभिमन्युको गर्वभञ्जनका निमित्त स्वयम् द्रोणाचार्य अश्वत्थामा, बृहद्बल, कृपाचार्य, दुर्योधन, कर्ण, कृतवर्मा, शकुनि आदि अनेक रथी-महारथीहरूको एक हूल उठेर अभिमन्युतर्फ आइलाग्यो । परन्तु वीरहरूले एकै पटक आक्रमण गर्दा पनि अभिमन्युको छालासम्म खोस्याउन सकेनन्, उल्टो असहनीय मार खाएर सबैले पछि हट्नुपऱ्यो ।

यसरी त्यतिका वीरहरूसमेत पछि हटेको देखेपछि अगाडि बढ्न साहस अरू कसैमा भएन । केवल दुर्योधन पुत्र लक्ष्मण एक जना आफ्नो वीरता प्रकट गर्दै अघि सरे । दुई जनामा मुठभेट भयो, घोर युद्धको अन्त्यमा स्वर्गको मार्ग लक्ष्मणले नै तताउन पऱ्यो । उनको मृत्यु देखेर दुर्योधन छाती पिट्न लागे । उनले एकाएक पागल जस्तो भएर द्रोणादि छ जनै महारथीहरूले एकै हूल भएर चाँडै नै अभिमन्युको वध गर्नु भन्ने हुकुम दिए । सो हुकुम पाउनासाथ छ-छ जना महारथीहरू मिलेर अभिमन्युउपर वैरिए । परन्तु त्यस बेला अभिमन्युको तेज प्रलयकालीन अग्निको ज्वाला दन्केझैं दन्किरहेको थियो । त्यस ज्वालामा पुतलीझैं होमिन जानेहरूको जो गति हुन्छ सो गति ६ जनाले नै पाए । उनीहरूले खानसम्मको मार खाएर पछि हट्नुपऱ्यो ।

त्यसरी छ-छ जना महारथीहरूलाई हटाएपछि वीर अभिमन्युले जयद्रथलाई पनि खूब स्वाद चखाए । त्यसपछि क्रोध र बृन्दारक भन्ने दुइटा वीरहरू अभिमन्युका बाणको शिकार बने । हूल उठेर आउने महारथीहरू पनि सख्त घायल भए । यसैबीचमा कौशलनरेश बृहद्बलले पनि अभिमन्युको सामना गरेका हुनाले उनलाई पनि स्वर्गवासको पुरस्कार मिल्यो । यस युद्धमा अभिमन्युद्वारा कौरवतर्फका दश हजार सैन्य मारिए । यति हुँदा पनि दुरात्मा दुर्योधनलाई अलिकति होस आएन । उनी अज्ञानको वशवर्ती बनेर अझ कुलकुटुम्बको संहार गर्नानिमित्त युद्धमा पठाउँदै रहे ।

वीर अभिमन्युले बृहद्बललाई मारेपछि कर्णलाई पनि हैरान पारिसकेका थिए । उनी रक्तरञ्जित हुँदै पछि हट्दै गएको देखेर अभिमन्युलाई दुःशासन-पुत्र सामना गर्न आएको थियो, त्यसलाई अभिमन्युले हाराबारा खेलाए । सो देखेर उसको सहायताका निमित्त अश्वत्थामा बोलाइए । उनको पनि आउनासाथ अभिमन्युको

बाणद्वारा सर्वप्रथम ध्वजा नै काटियो । यसैबीचमा अभिमन्युले अगाडि बढ्दै गएर शल्य र शकुनिलाई समेत थिलथिलो पारेर छाडिदिए ।

अभिमन्युवध

यस प्रकारसँग अभिमन्युको जतातैबाट हुँदै आएको देखेर दुर्योधन अत्यन्त विह्वल हुँदै आफ्नो भविष्यलाई ध्यानमा राखेर रुन थाले । परन्तु रोएर मात्र पुग्ने केही थिएन । आफैं केही बेरपछि सम्हालिएर उनी आचार्य द्रोण भएको ठाउँमा पुगे । त्यस बेला कर्ण पनि उहीं थिए । दुवै जनाले मिलाएर आफ्नो दुःख कथा सुनाएपछि अभिमन्युलाई मार्ने उपाय पनि सोधे । तिनीहरूको कुरा सुनेर मनमनै अभिमन्युको प्रशंसा गर्दै द्रोणले भने, "बाबु कर्ण ! अभिमन्युलाई मार्न सक्नु साधारण कुरा होइन, किनभने उसको कवच बहुतै दृढ छ । त्यो अर्जुनको पुत्र हो । जबतक त्यसका हातमा धनु रहला तबतक त्यसलाई देवताहरूले पनि मार्न सक्दैनन् । यसकारण तिमीहरू सबैभन्दा पहिले अभिमन्युलाई शस्त्रास्त्रविहीन तुल्याउने यत्न गर । उसलाई मार्न एक उपाय यो पनि हो ।"

आचार्यबाट यस्तो अनुमति पाएपछि त्यसमा नाइँनास्ति को गर्दथ्यो ! सबैले "ठीक आज्ञा भयो" भन्दै एकै पटक चारतर्फबाट घेर्दै अभिमन्युलाई व्यूहको बीचमा पारे । त्यतिखेरै कर्णले आफ्नो प्रस्तक नामक एक बाण हानेर अभिमन्युको धनु काटिदिए । राजा भोजले उनका घोडा र कृपाचार्यले उन (अभिमन्यु) का सारथिलाई समेत मृत्युशय्यामा सुताइदिए । यति हुँदाहुँदैमा निर्लज्ज द्रोणादि सात जना महारथीहरूले मिलेर एक्लो बालक अभिमन्युका उपर घोर प्रहार गर्दै बाणैबाणले ढाकिदिए । अब धनुरहित अभिमन्यु के गरुन् ? कम्मरमा भिरिराखेको तरबार थुत्त झिकेर लड्न थाले । तर द्रोणलाई त्यो पनि असह्य भयो । उनले सो तरबारको मुठसमेत काटिदिए । यसैबीचमा अर्कातिरबाट कर्णले उनको ढाल पनि काटिदिए । न ढाल न तरबार न धनु केही शस्त्रास्त्रको पनि सहारा नभएपछि यसो यताउता हेर्दा रथको पाङ्ग्रो नै भेट्टियो; त्यसैलाई उठाएर उनी आँधी छुटेझैं छुट्दै कौरवदलतर्फ दौडे । परन्तु त्यै पाङ्ग्रो पनि उनको हातमा रहन पाएन । सातै जनाले चारैतर्फबाट हानेर धूलोपीठो पारिदिए । तब अभिमन्यु गदा उठाएर सिंह-झम्टा दिन भनी दौडे । उनको त्यस गदाले पहिलो झटपटमा अश्वत्थामाको खबर लियो । तर अश्वत्थामाचाहिं बचे । उनको घोडासमेत रथै चूर्ण भयो । यतिखेर अभिमन्युले सौबलको पुत्र कालिकेय र उसका अनुयायी सत्र जना वीरहरूको कामतमाम गरिदिए । त्यसपछि उनीसँग दुःशासन पुत्र सुदर्शन गदा लिएर सामना गर्न अघि सऱ्यो ।

यी दुई जनामा कुश्ताकुस्ती पऱ्यो । कहिले ऊ पछारिन्थ्यो, कहिले उनी चित खान्थे । बीचमा घुस्साघुसी पनि चल्दथ्यो । अभिमन्युले एक पटक सुदर्शनको छातीमै ताकेर एक दनक दिए । त्यसको बदलामा उसले पनि अभिमन्युको गर्दनमा एक दनक चखायो । यी दुई परस्परका दनकले गर्दा दुवै जना वीरहरू चित खाएर मूर्छित भए । तर थोरै बेरपछि सुदर्शन होसमा आयो । अभिमन्यु चाहिं धेरै बेरसम्म लडेर थकित भइसकेका हुनाले धेरै बेरसम्म उठ्न सकेनन् । आखिल बल्लतल्ल सम्हालिएर उठी गदा समातूं भन्दै थिए, त्यस्तैमा पापी सुदर्शनले मौका छोपी उनको शिरैमा ताकेर एक दनक दियो । बस यही नै अभिमन्युको उपरको अन्तिम प्रहार भयो । यसपछि न उनको उपर कसैले प्रहार गऱ्यो, न उनले कसैका उपर प्रहार गरे । वीर बालक अभिमन्यु तत्कालै यस नश्वर संसारबाट बिदा भए । यसै बेला कौरवतर्फबाट विजय बाघको वीर गर्जना सुनिन लाग्यो, उता "भाइहो ! हेर अभिमन्यु अन्यायमा मारिए" भन्ने आकाशवाणीले पनि दशै दिशा गुँज्यो ।

वीर बालक अभिमन्युको मृत्युसमाचार सुन्नासाथ पाण्डवसैन्यले रणभूमिबाट कुलेलम ठोकिहाल्यो । राजा युधिष्ठिर मूर्छित भएर लडे । केही बेरपछि उठेर "मेरो प्यारो पुत्र अभिमन्यु, तिमी कता गयौ?" भन्दै विलाप गर्न थाले । यसै बेला महर्षि व्यासजी पनि त्यहीं आइपुग्नुभयो । उहाँले विलाप गर्न लागेका युधिष्ठिरलाई शान्त्वना दिँदै भन्नुभयो, "राजन् ! शोक गरेर के हुन्छ ? जन्मेपछि एक न एक दिन जसले पनि मर्नैपर्छ । यसकारण जुन कुरामा आफ्नो वश चल्दैन, त्यसमा शोक गर्नु उचित होइन ।" युधिष्ठिरले रुँदै भने, "त्यस्तो शूरवीर पुत्र देखादेख अन्यायमा मारिएको देखेर म कसरी धैर्य धारण गरूँ ।"

व्यासजीले भन्नुभयो, "यस पृथ्वीमा बडेबडे शूरवीरहरू पैदा भए, मरे, गए । उनीहरू तिमी, तिम्रो पुत्र अभिमन्युभन्दा पनि ठूला थिए । म तिनीहरूको चरित्र सुनाउँछु, सुन-

प्राचीन समयमा सञ्जय नामक एक राजा थिए, उनलाई प्रसन्न भएर नारदजीले एक पुत्र दिनुभएको थियो । त्यस पुत्रको मलमूत्र, थुक आदि जे पनि सुन बन्दथ्यो । त्यसले गर्दा राजाको महलै सुवर्णमय भएर निस्क्यो । सो कुरा चाल पाएर चोरहरूले एक दिन चोरेर लगी एकान्तमा मारेछन् । भोलिपल्ट सो कुरा राजाकहाँ जाहेर भयो । उनी पुत्रशोकले विह्वल भएर रुन लागेका थिए । त्यसै बेला उनी भएका ठाउँमा आएर नारदजीले भन्नुभयो, "महाराज ! यस पृथ्वीमा कैयौं शूरवीर राजाहरू भए, ती सबै तिमी र तिम्रा पुत्रभन्दा कम प्रतापी थिएनन् ।

राजा मरुत् अम्बरीष, नाभाग, रंतिदेव, मान्धाता, गय, पृथु, सुहोत्र, रामचन्द्र, परशुराम आदि बडेबडे प्रतापी महापुरुष भए । यिनमा एकसेएक दानी, मानी, वीर, विक्रमी थिए । यिनीहरूबाट लाखौं गाई, वस्त्र, अन्न, सुवर्ण पर्वतहरूको दान भएको थियो । ब्राह्मणहरू सन्तुष्ट थिए । दान यज्ञ गर्दा यिनीहरू कदापि आलस्य राख्दैनथे, देवताहरू उत्तिकै यिनीहरूदेखि सन्तुष्ट थिए । कुनै कुराको कमी थिएन । किन्तु तिनीहरूले पनि एक दिन कालको ग्रास बन्नैपऱ्यो । कोही सदाकाल बचेर रहेनन् भने तिम्रो पुत्रको के कुरा ।" नारदजीको यस उपदेशले गर्दा राजा सञ्जयको मनमा केही धैर्य भयो । उनी चित्त बुझेर शान्त भएको देखी नारदजीले उनको पुत्रलाई जीवित गराई त्यहाँबाट प्रस्थान गर्नुभयो । अतएव महाराज युधिष्ठिर तिमी पनि शोकलाई त्याग गरी धैर्य धारण गर ।" यति भनेर व्यासजी बिदा हुनुभयो । युधिष्ठिर पनि आफ्नो शिविरतर्फ फर्के ।

यतातिरको हाल यस्तै थियो । उता सुशर्मालाई परास्त गरेर फर्केका अर्जुन सूर्यास्त भइसकेपछि आफ्नो शिविरतिर फिरे । बाटोमै उनको हृदय अकस्मात् धड्कन लागेको थियो । उनले बीचै बाटामा श्रीकृष्णसँग भने, "केशव ! नजाने किन हो, आज त्यसै पनि मेरो दिल हडबडाउन लागिरहेछ । मेरो उपर आज कुनै अनिष्ठ ता आइपर्दैन ? हजुरले पनि सुन्नुभएकै होला गुरु द्रोणाचार्यले चक्रव्यूह रच्नुभएको थियो । सो चक्रव्यूहलाई मेरो अभिमन्युबाहेक अरू कसैले भेदन गर्न जानेको छैन । यसैले मेरो चित्तमा खेदको लहरी उर्लन लागेको छ ।" यो सुनेर श्रीकृष्णले भन्नुभयो, "यो सबै तिम्रो भूल हो । उहाँ कुशलै हुनुपर्दछ । म ता खराबीको लक्षण केही देख्तिनँ ।" यति कुरा हुँदाहुँदै अर्जुनको रथ मुकामनगिचै पुगिहाल्यो । त्यस बेला पाण्डवहरूमा औदासीन्य छाइरहेको थियो । अर्जुन आइपुगेको देखेर सबै जना मुख लुकाउन थालेका थिए । यो अनौठो अवस्था देखेर अर्जुनले भने, "आज किन यस्तो चनकमन्दी भइरहेछ ? तपाईंहरू पनि मलाई देखेर सामने नपरी यताउता गर्नुहुन्छ । आज मेरो प्रिय अभिमन्यु पनि यस बेलासम्म फर्केको छैन कि खोइ, कहाँ छ ?"

यस प्रश्नको उत्तर पनि अर्जुनले जब कसैबाट पाएनथे तब उनले झोक्किँदै भने, "किन तिमीहरू बोल्दैनौ ? मेरो प्रश्नको उत्तरसम्म पनि नदिने कारण के हो ?" यसरी अर्जुन साह्रै नै रिसाउन लागेको देखेर बल्ल बल्ल युधिष्ठिरले डराउँदै भएभरको हाल बताए । तब अर्जुनले भने, "साँच्चै मेरो प्रिय पुत्र अभिमन्यु जयद्रथका दुष्टताबाट मारिएको हो त? यदि दुष्ट जयद्रथले तपाईंहरूलाई नरोक्तो हो ता अभिमन्यु अनाथ जस्तो भएर त्यस्तो दुर्दशाले मारिन्थै थिएन ।" यति

भन्दाभन्दै अर्जुनको मुटुमा गाँठो परेर आयो, उनी एकाएक पुत्रशोकले विह्वल हुँदा यसरी विलाप गर्न थाले :

प्रिय पुत्र ! अमित्रकर्षण ! नयनानन्दन ! चारुलोचन !
अति निर्दय दुष्ट अक्षमी रिपुका दुर्नयमा पऱ्यौ तिमी ॥ १ ॥

रणशूर महापराक्रमी रिपुभन्दा रणमा नभै कमी ।
लडथ्यौ अधिसम्म हा ! अब उही तिम्रो छ विनष्ट वैभव ॥ २ ॥

निज अल्पवयस्क पुत्रको, दुरवस्था कसरी म हेरुँ यो !
हत दैव ! विवेक दुर्मुख, यसले हुन्छ तँलाई के सुख ? ॥ ३ ॥

सुकुमार ! कुमार विक्रम ! प्रथितोदारगुण ! स्मरोपर ।
अब पाउँ कहाँ म दर्शन वत तिम्रो मधुर स्मितानन ॥ ४ ॥

सब लोक छ शोकविह्वल, रणमा यो छ अघोर विप्लव ।
रहँदैन कसै गरी मन, कसरी थामुँ म हाय ! ! जीवन ॥ ५ ॥

यसरी विलाप गर्दागर्दै अर्जुन रुन पनि थाले । उनका साथसाथै त्यहाँ रहेका अरू पनि शोक-विह्वल बनेका देखिन्थे । मानौं पृथ्वी नै शतच्छिद्रा भएर चिरिन लागेकी छन् कि भने जस्तो भान हुन्थ्यो । सबका सब विचित्र दशामा परिरहेका थिए । स्वयम् योगीश्वर भगवान् श्रीकृष्ण पनि त्यस कारुणिक अवस्थाबाट बच्न सक्नुभएन । अन्त्यमा कठिनसाथ आफूलाई सम्हालेर अर्जुनलाई उत्तेजित गराउने अभिप्रायले युयुत्सुलाई सुनाउँदै भन्नुभयो, 'ए धृतराष्ट्रका अहङ्कारी पुत्रहो, तिमीहरूले एक दूधे बालकलाई अन्यायमा मारेर के पायौ ? यसरी एउटा बालकलाई अन्याय युद्धमा मारेर विजयोत्सव मनाउन तिमीहरूलाई लाज लाग्दैन ? तिमीहरूको यो सिंह-गर्जनालाई धिक्कार छ । यदि तिमीहरू अर्जुन जस्तो वीर पुरुषलाई मारेर सेनाको मङ्गलोत्सव अथवा सिंह-गर्जना गर्दा हौ त त्यो बहुतै उचित थियो । अब देखौला के के हुँदो रहेछ । तिमीहरूले एक्लो बालकलाई मार्नु के हो निःसन्देह आफ्नो शिरमा मृत्युलाई चढाउनु हो । अभिमन्युको आत्माले आकाशबाट तिमीहरूका उपर बज्र खसाउनेछ । ए अधर्मी हो, तिमीहरूलाई यही कुरामा हर्ष छ, यही गर्जनलाई उचित सम्झन्छौ भने लौ त विजयको डङ्का बजाओ । किन्तु अर्जुनको बाणवृष्टिमा पर्दाखेरि आफ्नो भविष्यको याद पाउनेछौ मैले के गर्न आँटेको रहेछु । हे महापापी हो, निरस्त्र बालकलाई अन्यायपूर्वक मारेर जुन प्रसन्नताको भागी बनिरहेका छौ, त्यो तिमीहरूको प्रसन्नता क्षणिक हो, तिमीहरूलाई अन्धकारमा लगेर चकनाचूर गराइदिने हो । यसै प्रसन्नताबाट

तिमीहरूको नाश मूर्तिमान् भएर खडा नभइछोड्नेछैन । यस अधर्म-युद्धको कुपरिणाम अवश्य नभोगी सुख पाउनेछैनौ ।"

श्रीकृष्णका यी कुरा सुनेर युयुत्सुले भने, "जनार्दन, मलाई यस कुराको खबरै छैन । यदि मैले यी कुरा उस बेला थाहा पाएको भए ती अधर्मीहरू एक-एकको कामतमाम गरेर छोड्ने थिएँ । यस घटनामा मलाई बहुतै खेद लागिरहेछ ।"

यसपछि शोकविह्वल अर्जुनको हात समातेर श्रीकृष्णले भन्नुभयो, "अर्जुन, अब तिमी ज्यादा शोक नगर । तिमी वीरपुरुष हौ, अभिमन्यु पनि एक वीर बालक थिए । वीरको गति तिमीलाई थाहै छ, वीर पुरुषका निमित्त यसभन्दा अर्को मार्ग नै केही छैन । अभिमन्युका विषयमा त भन्ने कुरै केही छैन । उनले धर्मयुद्धमा वीरगति प्राप्त गरे । उनी क्षात्रधर्मको पालन गर्दै निर्विघ्न उत्तम लोकका भागी बनिसके । उनी उत्साही थिए । उनमा वीरता यथेष्ट भरिएको थियो । यस्तो युद्धमा उनले वीरगति पाउनु उपयुक्तै कुरा हो । यसकारण अब तिमीले यसका निमित्त शोक गर्नु उचित छैन । तिमी नै यसरी दुःखी हुन लाग्यौ भने अरू पनि त्यसै गर्लान् ? अब भविष्यका निमित्त निर्णय ठीक गर्नुपर्दछ । तिमी नै हडबडाउन थाल्यौ भने आजसम्म जे जति भए-गरेको कामकुरा व्यर्थ हुनेछ । तिमीले यस बेला अरूको दिल बहलाउनानिमित्त यत्न गर्नुपर्दछ । यो कुरा मैले भनिरहनुपर्ने होइन ।" श्रीकृष्णको यस उक्तिले अर्जुनको चित्त सम्हालिएर आयो । उनी चुप लागे ।

अर्जुनको भीषण प्रतिज्ञा

अर्जुनले अभिमन्युको विषयमा भएको सारा हाल युधिष्ठिरबाट सुनिसकेका थिए । जयद्रथको नीचतामा उनको कन्सिरी तातिरहेको थियो, श्वास उर्लिरहेको देखिन्थ्यो । त्यस बखत अर्जुनलाई यतिसम्म भएको थियो कि यति उनको वश चल्दो हो र धर्मको प्रतिबन्धले नरोक्तो हो ता उनी समस्त कौरवकुलसमेत जयद्रथलाई पिँध्नासम्म पिँधेर रगत पिउने थिए । परन्तु उनी अहिले लाचार छन् । उनको क्रोधानल रहीरहीकन धप्पधप्प बल्दथ्यो, के गरून् ? उनको त्यो अवस्था देखेर चारैतर्फ पाण्डवपक्षीय वीरहरू चुपचाप थिए । केही बेरपछि सहसा उनलाई क्रोधले पागल तुल्यायो । उनी सबैलाई फट्कार्दै भन्न लागे, "तपाईंहरू अहिले यहाँ टोलाएर मात्र व्यर्थ किन बसिरहनुभएको छ ? जानुहोस्, आ-आफ्नो काममा । म आफ्नो प्यारो अभिमन्युका वधको बदला नलिइछोड्नेछैन । अधर्मी कौरवहरूका रथ, हात्ती, घोडा, पैदल सैन्य जे जति छन् तिनीहरूको नामनिशान संसारमा कसैले देख्न पाउनेछैन । मलाई खेद छ कि अहिले तपाईंहरू जस्ता

वीरमण्डलीमा मेरो प्यारो अभिमन्यु छैन । तपाईंहरू खडा छँदै मेरो अभिमन्यु त्यसरी मारिएला भन्ने मैले स्वप्नमा पनि ठानेको थिइनँ । यस घटनाबाट मलाई यही अनुभव हुन लागेको छ कि विनाशकाल समीप आएपछि मनुष्यको बुद्धि ठेगानमा रहँदो रहेनछ । अघिपछि मैले कुनै दिन यस्तो गरेको थिइनँ । प्यारो अभिमन्युलाई गुमाउनानिमित्त नै मेरो मति बिग्रेको रहेछ । तर जेसुकै होस्, हुने कुरा भइसक्यो । बितेका कुरामा शोक गर्नु मूढता हो मेरो भाग्यमा यस्तै रहेछ । अब म यसको प्रायश्चित्त गर्दछु । ती अधर्मीहरूलाई दण्ड नदिइछोड्दिनँ । हेर, मैले प्रतिज्ञा गरँ तपाईंहरू मेरो प्रतिज्ञा सुन्नुहोस्, जुन पापी जयद्रथले मेरो निर्दोष बालक पुत्रलाई अन्यायपूर्वक मराएको छ त्यस पापीलाई म भोलि अवश्य मार्नेछु, त्यो मेरो प्रचण्ड क्रोधाग्निमा परेर नभुटिइछोड्नेछैन । यदि भयत्रासले गर्दा त्यसले धृतराष्ट्रका पुत्रहरूलाई छोडिदिएन, अथवा राजा युधिष्ठिर, मेरो अथवा श्रीकृष्णको शरण आएन भने निःसन्देह त्यस बेला उसलाई कसैले बचाउन सक्ने छैन । स्वयम् द्रोण, अथवा कृपाचार्य पनि उसको रक्षा गर्न असमर्थ हुनेछन् । वीरहरू हो ! यो मेरो प्रतिज्ञालाई सत्य सम्झ । यस प्रतिज्ञालाई मैले अन्यथा गरँ, पूरा गर्न सकिनँ भने वैकुण्ठ अथवा स्वर्ग गए तापनि मलाई नरकको यातना भोग्नुपरोस् । मातृहत्या, पितृहत्या गर्नेलाई गुरुपत्नी गमन गर्नेलाई जुन पाप लाग्नेछ सो मलाई लागोस् । कातर पुरुषको जो गति हुन्छ सो मेरो होओस् । अर्काको निन्दा गर्नेलाई, मासु खानेलाई, गुरुजनको अपमान गर्नेलाई जो गति मिल्दछ सो मलाई मिलोस् ।

यदि भोलि सूर्यास्त हुनुभन्दा अगावै पापी जयद्रथको शिर उछिट्ट्याउन सकिनँ भने म आफैं अग्निमा जलेर यस नश्वर शरीरलाई विसर्जन गरी असह्य दुःखबाट छुटकारा पाउनेछु ।"

अर्जुनको यस भीषण प्रतिज्ञाले गर्दा पाण्डवसैन्यमा उत्साहको समुद्र मडारिएर आयो, सबका नसामा वीरताको प्रचण्ड बिजुली दौडन थाल्यो । अर्जुन क्रोधान्ध भएर गाण्डीव धनु घुमाउन थाले । श्रीकृष्णको पाञ्चजन्य पनि एकाएक उद्घोषित हुँदै दिग्दिगान्त गुञ्जाउन थाल्यो । आकाश-पाताल कम्पित भएर उठ्यो, सारा पाण्डवपक्षीय वीरहरू हुँकार छोड्दै आ-आफ्नो डेरातर्फ लागे ।

पुत्र-शोकग्रस्त अर्जुनको त्यो भीषण प्रतिज्ञाले गर्दा अरू सबै वीरहरू उत्साहित भएर उठे । परन्तु श्रीकृष्णको मुखमण्डलमा चिन्ताको एक हलका रेखा देखियो । उहाँले तुरुन्तै अर्जुनसँग सोध्नुभयो, "वीर अर्जुन ! तिम्रो यस बेलाको प्रतिज्ञा उचितै हो, तिमी सुहाउँदै हो । किन्तु यस प्रतिज्ञालाई पूर्ण गराउन सकौला

सकोइनौ मलाई यसमा शङ्का लाग्दछ । तिमीले क्रोधवश पागल भएर मेरो अथवा आफ्ना भाइहरूको सम्मतिविना यस्तो भीषण प्रतिज्ञा किन गऱ्यौ ? तिम्रो यो चाल पाएर जयद्रथलाई कौरवहरूले कतै लगेर लुकाइदिए भने अथवा पूरा तवरसँग उसलाई बचाइराख्ने यत्न उपायहरू गरे भने तिमी के गरौला ? यदि त्यस्तो भयो भने तिम्रो स्वेच्छाचारिताले गर्दा हामीहरूलाई समेत दुःखी तथा लज्जित हुनुपर्नेछ । म ता सम्झन्छु कि पापी जयद्रथ कतै लुकेन भागेन भने पनि तिम्रो सम्मुख पर्नै आउनेछैन । विनाविचारले यस्तो भूल कदापि नगरे ।" यति भनेर श्रीकृष्ण गम्भीर भावले चुप हुनुभयो ।

श्रीकृष्णको यस्तो गम्भीरता देखेर अर्जुनले वीरभावबाट उत्तर दिए, "जनार्दन ! हजुर खडा छउन्जेल मलाई यस कुराको कत्ति परवाह छैन । हजुरको अनुग्रहले म यस प्रतिज्ञालाई हाँसीहाँसी पूरा गर्नेछु । हजुर यो कुरा निःसन्देह जानिबक्सिएला कि यदि जयद्रथको रक्षा गर्नानिमित्त साध्य, रुद्र, वसु, अश्विनीकुमार, मरुद्गणसहित इन्द्र, विश्वदेव, गन्धर्व, वरुण, समुद्र, स्वर्ग, आकाश, पृथ्वी, दशै दिशा, गाउँ, नगर, वनचर जीव, स्थावर, जङ्गम आदि सारा एकैचोटि जम्मा होउन् तापनि भोलि प्रातःकालमा हजुर मेरो बाणद्वारा जयद्रथको शिर उछिट्टिएको देख्नुहुनेछ । भोलिको युद्ध बहुत रमाइलो हुनेछ । मेरो रथ मात्र तन्तुरुस्त पारिबक्सिएला । यो मेरो प्रतिज्ञा सुभद्रा र उनकी बुहारी (उत्तरा) लाई पनि सम्झाइदिइबक्सेला ।"

अर्जुनको यति कुरा सुनेर श्रीकृष्ण चुपचाप आफ्नो शिविरतर्फ फर्कनुभयो । पाण्डवहरू पनि आ-आफ्नो डेरामा आए । त्यसको केही बेरपछि सहसा उत्तरा, सुभद्रा र द्रौपदीको आकाशलाई पनि टुक्रा गराउला जस्तो रोदन शब्द सबैका कानमा पऱ्यो । सो सुनेर श्रीकृष्णको हृदय पनि विदीर्ण भएर उठ्यो । उहाँ दौडँदै गएर तिनीहरूलाई सम्झाउन बुझाउन लाग्नुभयो । परन्तु संसारमा पुत्रशोकभन्दा ठूलो दुःख कुनै छैन, सुभद्राले त्यस दुःखमा परेर छाती पिटेको, लडबुडी गर्दै रोएको, उनका साथसाथै द्रौपदी विह्वल भएको, उत्तराको विचित्र हालत भएको देखेर त्यस बेला कसको मुटु फुटेन होला । कसले धैर्य धारण गर्न सक्यो होला । परन्तु उपाय नलाग्ने कुरामा रोएर शोक गरेर साध्य नै हुन्थ्यो र ! भगवान् श्रीकृष्णले यथाकञ्चित् तिनीहरूलाई सम्झाई बुझाई शान्त गर्नुभयो ।

अर्जुनको प्रतिज्ञाको खबर दुर्योधनका गुप्त पुरुषहरूद्वारा जयद्रथकहाँ तुरुन्तै पुगिहाल्यो । सो सुन्नासाथ डरले दुर्योधनकहाँ गई भने, "महाराज ! अर्जुनले मलाई मार्ने प्रतिज्ञा गरेछन् । यसकारण अब मलाई बिदा बक्सियोस् । म आफ्नो देशतर्फ प्रस्थान गर्दछु । प्रणतिपूर्वक मेरो निवेदन छ कि मबाट केही ऊँचनीच भएकोमा

क्षमा रहला । हजुरहरूबाट मलाई युद्धमा जो सहायता बक्सेको हो त्यसका निमित्त हजुरलाई शतसहस्र धन्यवाद चढाउँछु ।"

यति भनेर व्याकुल हृदय जयद्रथ त्यहाँबाट हिँडिहाले । तर पर्ख-पर्ख भनेर दुर्योधनले रोक्दै उनलाई द्रोणाचार्यकहाँ पुऱ्याएर भने, "गुरुजी अर्जुनको प्रतिज्ञाबाट भयभीत भएर यहाँ घरतर्फ फर्कन तयार हुनुभएको छ । हजुर यहाँलाई के आज्ञा बक्सिन्छ ?" द्रोणले भने, "सिन्धुराजलाई बिदा दिनु कदापि हुँदैन, म उनलाई रोक्तछु । सिन्धुराज, तपाईं किन यसरी भयभीत हुनुभएको छ । यसरी डराउनुपर्दैन, धन्दा नमान्नुहोस् । भोलि म यस्तो व्यूह रचना गर्नेछु कि त्यसलाई एक अर्जुन ता के सय अर्जुन आए पनि भेदन गर्न सक्नेछैनन् । तपाईंले अहिले भाग्ने काम केही छैन ।" आचार्य द्रोणको यस कुराले जयद्रथको मनमा केही भरोसा भयो । उनी चुपचाप त्यहाँबाट फेरि आफ्नै शिविरतिर फर्के ।

जयद्रथवध

भोलिपल्ट प्रातःकाल हुनासाथ युधिष्ठिरले आफ्ना सैन्यहरूको एक सम्मिलित सभा गरे । अर्जुनको प्रतिज्ञा कुन तरहले पूर्ण होला भन्ने विषयमा केही बेरसम्म बहस भयो । अन्तमा सबैले एक राय प्रकट गरी सभा विसर्जित भएपछि श्रीकृष्णले आफ्नो दारुक सारथिद्वारा रथ तयार गर्ने आज्ञा दिनुभयो । जुन बेला म ऋषभस्वरले शङ्ख बजाउँला ठीक त्यसै बेला तिमीले सो मेरो रथ म भएका ठाउँमा उपस्थित गराइहाल्नु भन्ने कुरा पनि सूचना गर्नुभयो । यति भएपछि श्रीकृष्ण र अर्जुन दुवै जना रथमा सवार भई कौरवसैन्य भएतर्फ प्रस्थित भए । उनीहरूको रक्षक बनेर युधामन्यु र उत्तमौजा नामक अर्जुनका साला पनि पछिपछि दौडे ।

यतातिर आचार्य द्रोणले आफ्नो सैन्यलाई बत्तीस कोसको लम्बाइमा खडा गरेका थिए । त्यसको अग्रभागमा दुःशासनको अधीनतामा पचास हजार हात्तीचढी सैन्य खडा थियो । त्यसपछि छकडा जस्तै गरी अर्को सैन्य डटेको देखिन्थ्यो । यसका छ द्वार (ढोका) थिए । ती छमध्ये एक द्वारमा स्वयम् द्रोणचार्य तम्तयार भई जमेका देखिन्थे, दोस्रो ढोकामा कृतवर्मा, तेस्रो ढोकामा काम्बोज (काबुल) देशका राजा, दक्षिणतिर चौथो ढोकामा बिन्द र अनुबिन्द पाँचौं ढोकामा श्रूतायु र छैटौं नियुतायुलाई नियत गरिएको थियो । यसपछि अर्को सैन्य कमल-पुष्पाकारमा खडा थियो । द्रोणाचार्य रहेको ठाउँदेखि छ कोस पर कमल-केशर (कमल-पुष्पाकार सैन्यको केशर स्थान) मा जयद्रथलाई राखेका थिए । त्यसरी कमल-पुष्पाकार सैन्यको माझमा राखिएको भए पनि उसको रक्षाका निमित्त कृपाचार्य,

अश्वत्थामा, शल्य, भूरिश्रवा र दुर्योधनसमेत नियत गरिएका थिए । यिनबाहेक एक्काइस हजार पैदल सेना, साठी हजार रथसेना, चौध हज्जार मत्ता हात्तीमा चढ्ने सेना र एक लाख घोडा चढी सेना जयद्रथको रक्षार्थ डटिरहेका देखिन्थे । यस प्रकारले शकटव्यूहको रचना गरेर आचार्य द्रोण, अर्जुन कुन बेला आउलान् र युद्ध छेडौंला भनी पर्खिरहेका थिए ।

युद्धको बिगुल लाग्नासाथ दुवैतर्फको सैन्य परस्पर भिडिन थाल्यो । दुवैतर्फबाट शङ्खध्वनि चल्यो । उस्तै कातर योद्धाहरू ता दुईतर्फको वाद्यध्वनि र शङ्खध्वनिले नै सातो उडेर भुइँमा पछारिन थाले । कोही मूर्छित पनि भए । विचित्रको दृश्य देखिन थाल्यो । वीरहरूका रौं रौंमा वीरताको बिजुली दौडन लाग्यो । सर्वप्रथम दुःशासन गडगडाउँदै अघि सरे । उनका साथ केही बेर घमासानको युद्ध भएपछि अर्जुनका कठोर बाणवृष्टिले गर्दा असङ्ख्य वीर, हात्ती, पैदल सैन्यहरू स्वाहा भए । अर्जुनका एक-एक बाणको निशानामा सय-सय हात्ती घायल भएर पछारिन्थे । अर्जुन मात्र होइन कि अरू पनि पाण्डवपक्षीय सैन्यहरू कौरवसैन्यको खबर लिइरहेका थिए । वीर अर्जुनका अगाडि कौरवसैन्य चितुवाका अगाडिको भेडीगोठ जस्तो बनिरहेको थियो । यता दुःशासन पनि लरतरो वीर थिएनन् । उनको सलहको फौजबराबर लगातार छोडिएका बाणको वृष्टिले पाण्डवसैन्यमा पनि धूम मचाउन बाँकी राखेको थिएन । दुवैतर्फका सैन्यमा एकातिर भागाभाग पनि चल्न थालिसकेको थियो । रक्तनदीले रणभूमि व्याप्त थिइन् । लासहरूले बाटो पाइनसक्नु देखिन्थ्यो । घण्टौंसम्म यस प्रकारको युद्ध भएपछि अन्त्यमा अर्जुनका बाणले क्षतविक्षत हुँदै दुःशासन बेतोडसँग भागेर द्रोणको शरणमा दाखिल भए ।

त्यसपछि अर्जुन द्रोणाचार्यकै सम्मुख खडा हुन पुगे । गुरु-शिष्यमा मुठभेट हुन मात्र बाँकी थियो । नजाने किन हो दुवै जना एकाएक टक्क रोकिए । रणनीतिको अनुकूल कर्तव्यमा दुवै जना विचार गर्न थाले । यी दुवै साधारण वीर थिएनन् । आ-आफ्नो कर्तव्य आ-आफ्नो मनमा ठीक गरेपछि दुवै सिंह भिडिए । घनघोर युद्ध हुन थाल्यो । कहिले उनी घायल हुन्थे, कहिले यिनी घायल हुन्थे । विचित्र रणकौशल हेर्ने भारी मौका थियो । असङ्ख्य वीरहरू त्यस युद्धमा काम आए । अन्तमा एक पटक आचार्य द्रोणद्वारा अर्जुन निकै नै घायल भई त्यही अवस्थामा पछाडि हट्तै व्यूहबाट बाहिर निस्कूँ भनी दोस्रो ढोकामा के आइपुगेका थिए त्यहीं कृतवर्माका साथ उनको मुठभेट भयो । केही बेर घनघोर युद्ध भएपछि महाबली अर्जुनका अगाडि टिक्न नसकेर कृतवर्मा स्वयम् पछि हटे ।

यसरी कृतवर्मा परास्त भएपछि तेस्रो ढोकामा आइपुगेका अर्जुनका साथ उहाँ डटिरहेका सुदक्षिण भिडिन आए । वीर अर्जुन क्षणभरमा तिनको पनि कामतमाम गरी चौथो ढोकामा पुगे । उहाँ पनि बिन्द र अनुबिन्दका साथ उनको गर्दी घमासान पऱ्यो । ती पनि क्षणभरमा अर्जुनका बाणको शिकार बनिहाले । यसपछि पाँचौँ ढोकामा पुगेका अर्जुनको उहाँ जमिरहेका श्रुतायुधसँग धुम्साखान पऱ्यो । श्रुतायुधले एक पटक श्रीकृष्णलाई नै पनि एक वज्रको र गदाको चोट चखाए । तर सो गर्दा श्री कृष्णको वज्रकठोर छातीमा बजारिएर उछिट्टिँदै फेरि फर्केर श्रुतायुधैको छातीमा बजारिन आइपुग्यो । जस्तो क्रोधी मनुष्यलाई आफ्नै क्रोधले नष्ट गराउँछ त्यसै गरी आफैँले श्रीकृष्णउपर प्रहार गरेको गदाले उनी आफैँलाई चकनाचूर पारेर छोडिदियो । उनी तत्कालै यमलोकका अतिथि बने । उनी मर्नासाथ सारा सैन्यले कुलेलम ठोक्न थाल्यो । त्यसपछि अर्जुनले छैटौँ ढोकामा अकडिएर रहेको नियुतायुलाई बाघले झम्टेझैँ मारिदिए । यस प्रकारले आचार्य द्रोणद्वारा रचना गरिएको शकटव्यूह भताभुङ्ग भयो ।

यस प्रकारले शकटव्यूह तोडिएपछि वीरवर अर्जुन निर्धक्कसाथ अगाडि बढे । त्यस बखत उनका घोडाहरू पनि अत्यन्त थकित भइसकेका हुनाले श्रीकृष्णले तिनीहरूलाई पानी पिलाउने इच्छा गर्नुभयो । उहाँको त्यो इच्छा थाहा पाएर अर्जुनले झटपट विश्वकर्माको त्वाष्ट्र नामक अस्त्रको प्रयोग गरी एक बाण जमिनमा के रोपेथे एक सुन्दर कलापूर्ण तलाउ उत्तिखैरै तयार भयो । यता घोडाहरू फुकाइएर पानी पिउन थाले, उता अर्जुनचाहिँ रथबाट उत्रेर पैदलै शत्रुदलका उपर बाणवृष्टि गर्न लागे । यो कौरवहरूका निमित्त अपूर्व मौका थियो । पैदल युद्ध गरिरहेका अर्जुनलाई देखेर उनीहरूले यसै मौकामा चारैतर्फबाट घेरी अर्जुनलाई बिताउनुपर्छ भन्ने मतो मिलाए, तर चलाक अर्जुन किन चुक्तथे । तिनीहरूको चालबाजी चाल पाइहाले । उनलाई कसैले छुनसम्म पनि पाएन । यति हुँदाहुँदैमा श्रीकृष्णले घोडालाई पानी पिलाई रथमा जोतिहाल्नुभयो । अर्जुन फेरि रथमा सवार भएर दुश्मनहरूको धुर्रा उडाउन लागे । हजारौँ वीरहरूलाई घायल गराउँदै उनको रथ सीधा जयद्रथै भएतिर सम्मुख भयो ।

विस्तार-विस्तार अर्जुनलाई श्रीकृष्णले दुर्योधनको समीपमा पुऱ्याउनुभयो । सो देखेर दुर्योधनको कलेजाले ठाउँ छोड्यो । उनी बाघदेखि दच्केको मृगझैँ व्याकुल हुँदै दौडेर द्रोणाचार्य भएका ठाउँमा पुगे । उनले लाल मुख गर्दै भने, "गुरुजी ! हेर्नुहोस् । तपाईं खडा छँदै पनि अर्जुन यसरी बढेर आइरहेछन् । तपाईं यसरी शकटव्यूहलाई भङ्ग गरेर उनलाई मित्र घुस्न दिनुहोला भनी मैले ठानेको थिइनँ ।

परन्तु तपाईंलाई त्यो इच्छा रहेनछ । अर्जुन व्यूहभित्र प्रवेश गरुन् भनेर तपाईंले उपेक्षा गर्नुभएको बुझिन्छ । हेर्नुहोस्, तपाईंले देख्तादेख्तै अर्जुन यसरी अगाडि बढिरहेछन्; उनको त्यो चाल देखेर मेरो कलेजा काँप्न लागेको तपाईंलाई यादै छैन । मैले तपाईंमाथि त्यस्तो कुन अपराध गरेको थिएँ र आज मलाई यो दण्ड दिलाउन लाग्नुभएको हो । अब मैले राम्रै चाल पाइसकैं, तपाईंको भित्र एक कुरा, बाहिर एक कुरा रहेछ । त्यस्तो आखिरीको अवस्थामा पनि तपाईं केही ध्यान दिनुहुन्न भने हाम्रो मुखमा कलङ्कको टीका नलागी रहनेछैन ।"

दुर्योधनको यो आक्षेपपूर्ण उक्ति सुनेर आचार्य द्रोणलाई मनमा ज्यादै दुःख लाग्यो । तैपनि खामस गरेर उनले भने, "महाराज ! अहिले तिमी राजा छौ, तिमीले राम्रो-नराम्रो जे भने पनि मैले सहनैपन्यो । यसमा मलाई क्षोभ कत्ति छैन । केवल यही एक कुराको खेद छ तिमीहरू जवान छौ र तापनि पछि हटिरहेछौ । आफू भने पछि हट्ने, म बारम्बार युद्धमा थकित भएको वृद्धलाई छेडछाड गर्ने । यही तिम्रो अविवेक देखेर मलाई आश्चर्य लाग्दछ । अर्जुनको वीरतालाई ख्यालै नराखी मलाई मात्र दोष दिनु यो तिमीहरूको कहाँसम्मको अविवेक हो । अर्जुन स्वयम् अद्भुत पराक्रमी वीर छन्, त्यसमाथि स्वयम् भगवान् श्रीकृष्ण उनका सारथि तथा संरक्षक हुनुहुन्छ । तिमीहरू नै भन कि उनीहरूका उपर विजय गर्न सक्ने पुरुष त्रिलोकमा को होला ! मेरो वृद्धावस्थाको शरीरले कतिसम्म सक्ला, गर्नुसम्म गरिरहेकै छु, देख्तैछौ । अझ पनि गर्न बाँकी राख्नेछैन । अब विचार गर, अहिले म अर्जुनलाई रोक्न जाऊँ ता उता युधिष्ठिरका बाणले सैन्यहरू भुटिन्छन् । नजाऊँ तिमी नै यसरी छेड्न लागिर हेछौ । यसकारण मैले भनेको मान, तिमी आफैं गएर अर्जुनको वेगलाई रोक, म अरू सैन्यको रक्षा गर्दछु ।"

आचार्य द्रोणका यी कुरा सुनेर दुर्योधनले भने, "गुरुजी ! तपाईं यो भन्नुहुन्छ ? तपाईंले रोक्न नसकेको अर्जुन मबाट कसरी रोकिन सक्ला ? के यो मउपर तपाईंले दिल्लगी गर्नुभएको ता होइन ?" द्रोणले भने, "राजन् ! यो हँस्सी होइन, म ठीक कुरा भनिरहेको छु । लाऊ, म तिमीलाई दुर्भेद्य कवच पहिराउँछु, यसलाई पहिरेर तिमी अर्जुनसँग लड । यस कवचमा कसैको बाण पनि रोपिन सक्तैन । यो अद्भुत कवच हो ।" यति भनी दुर्योधनलाई उनले सो कवच पहिराइदिए । सो के पहिरेथे दुर्योधनको फूर्ति नै अर्कै भैहाल्यो । उनी प्रसन्नतासाथ निर्भय बनेर अर्जुनलाई रोक्न भनी अगाडि बढे । सो कवच पहिरनाले उनको देहमा भाद्र महिनाको मेघको जस्तो शोभा फैलिन लाग्यो ।

अब दुर्भेद्य कवचधारी दुर्योधन अभिमानले मस्त हुँदै फूर्तिका साथ अर्जुनको सामने पुगेर उनलाई ललकार्न लागे । यस ललकारको स्वागत गर्दै अर्जुनले पनि एकै पटक चौध बाणको चोट चखाएर उनलाई विह्वल गराउन भनी ती बाणहरू छोडे । दुर्भेद्य कवचको प्रभावले गर्दा ती चौध बाणमा एउटाले पनि उनको शरीरलाई स्पर्श गर्न पाएन । चौधै बाण विफल भए । यो देखेर अर्जुनलाई ताजुप लाग्यो । श्रीकृष्ण पनि स्तम्भित हुनुभयो । झट्ट सम्झेर उहाँले भन्नुभयो, "बुझ्यौ अर्जुन ! आज आचार्यजीले दुर्योधनलाई दुर्भेद्य कवच पहिराएर पठाउनुभएको रहेछ । त्यसकारणले अब तिम्रो कुनै बाणले पनि उनको शरीरमा स्पर्श गर्न सक्तैन ।" श्रीकृष्णबाट यो सूचना पाएर अर्जुन स्वयम् सम्हालिए । त्यसपछि उनी दुर्योधनको कवचपिहिम (कवचले छोपिएको) अङ्गबाहेक अरू हात आदि अङ्गमा नै बाणवृष्टि गर्न थाले । आरम्भमा नै उनको कालसर्पझैं सनसनाउँदै सुईंकिएर दुर्योधनका हातको पौजलाई छियाछिया पारिदियो । त्यस चोटले गर्दा उनी तत्क्षणैमा मूर्छित भएर लडिहाले । त्यसै मौकामा अर्जुनले अर्को बाण छोडेर उनका हातको धनु काटी घोडाहरूलाई पनि मारिदिए । सारथि पनि मारियो । क्षणभरपछि होस पाएर दुर्योधन फेरि उठेर अर्को धनु लिन भनी के लिन लागेका थिए त्यस्तै मौकामा अर्जुनले बाण थपी उनको हर्थुगामा र कन्सिरीमा समेत रोपिदिए । हुनासम्मको घायल भएपछि अब कता भागूँ भनी यताउता अर्को रथ पाउँछु कि भनी उनी हेर्न थाले । यसै मौकामा अर्कातिरबाट कौरवको एक दलले दौडँदै आएर अर्जुनलाई घेरामा पान्यो । यही सुअवसर भेट्टाएर दुर्योधनले पनि त्यहाँबाट कुलेलम ठोके ।

यस प्रकारसँग दुर्योधनलाई परास्त गरेर अर्जुन त्यहाँबाट अगाडि बढे । उनी जुन ठाउँमा पुगे त्यहाँको जमिन केही ढलुवा थियो; त्यसो हुनाले कौरवहरूको माथिल्लो पेच पर्न आयो । यही मौका फेला पारेर उनीहरूले एकाएक अर्जुनलाई घेरा हालिहाले; तर वीर अर्जुनका अगाडि उनीहरूको के जोर चल्दथ्यो । क्षणभरमा अर्जुनले तिनीहरूलाई तितरवितर गराई भगाए । श्रीकृष्ण खुशीसाथ शङ्खध्वनि गर्न लाग्नुभयो । उहाँको त्यो शङ्खध्वनि सुनेर बाहिरी भागमा रहेका युधिष्ठिर झस्के । उनको मनमा के पऱ्यो भने यसरी श्रीकृष्णले बारम्बार शङ्खध्वनि किन गर्नुभयो ! नजाने अर्जुनउपर कुनै आपत्ति ता आइलागेन ? अवश्य उहाँले हामीलाई सहायताका निमित्त सूचना गर्नुभएको हुनुपर्दछ । यही विचार गरेर उनले अर्जुनको सहायतानिमित्त सात्यकिलाई खटाई पठाए । सात्यकि अर्जुनका प्रधान शिष्य हुन् । उनी एक अपूर्व पराक्रमी योद्धा थिए । उनी शिकारी शिकारको

पछि दौडेर्भै बीचबीचमा फेला पारेको शत्रुदललाई सोतर पार्दै एकाएक अर्जुनलाई उछिन्न पुगे । कहाँ ! अर्जुनको सहायता गर्न गएका त झन् अर्जुनलाई नै बिर्सेर उनी आफैं धूम मचाउन थाले । उनको त्यो फूर्ति देखेर कौरवदलको मनमा यो अर्को अर्जुन कहांबाट आइलाग्यो भन्ने पऱ्यो । सात्यकि जताजता दौडन्थे उताउताको फौज सोतर भएको देखिन्थ्यो । शत्रुदलतर्फबाट आफूउपर आइलागेका बाणहरूलाई पनि उनी टुक्राटुक्रा पारी गिराउँथे । हुंदाहुंदा उनले द्रोणाचार्य, कृतवर्मा आदिलाई कोसौं परसम्म लखेट्दै भगाए । त्यसपछि उनको जालन्धरसँग मुठभेट भयो । उनले पहिलै झपटमा जालन्धरको दुवै हात काटिदिए । अर्जुनलाई कुन बेला भेट्टाउँला भन्ने हडबडले गर्दा उनलाई आफ्ना बाणले जालन्धरको शरीरमा सदाका निमित्त धराशायी भएको पत्तै भन । उनी निकै नै टाढा के पुगेका थिए, बीचैमा उनका उपर आचार्य द्रोणको धनुबाट छुटेका शतसहस्र बाणहरू वैरिन लागे । केही बेरतक घोर युद्ध भयो । यसैबीचमा अर्जुनका तीखा-तीखा शरको प्रहारमा परेर दुर्योधनका सारथि र घोडाहरूसमेत मारिए । दुर्योधनले पनि भाग्न पऱ्यो । उनी हटेको देखेर सारा कौरवहरू एक हूल गर्दै सात्यकिउपर जाइलागे । त्यसै बेला द्रोणले आफ्नो चाल बदलेर अर्जुनलाई छोडी युधिष्ठिरादि भएतर्फ आफ्नो वेग बढाए । उनको उतैतिर घोर युद्ध हुन थाल्यो । यता सात्यकि निर्धक्क भएर अगाडि बढ्दै सुदर्शनसँग भिड्न पुगे । भेट हुनासाथ सुदर्शनको इतिश्री भैहाल्यो । त्यसपछि सात्यकिका साथ असङ्ख्य पहाडी सैन्यहरू भिडिन आइलागे । तिनीहरू बडा वीर थिए । परन्तु सात्यकिको रणकौशलका उपर तिनीहरूको वीरता तृणसमान हुन गयो । उनले देख्तादेख्तै आफ्ना काम-भुजङ्ग सदृश बाणको वृष्टिले मुहूर्तभरमा पाँच सय रजवाडाहरूको हातै हात काटेर थुप्रो लगाइदिए । उनीहरू क्षणभर पनि टिक्न नसकी ठुटा पाखुरा लिँदै रणभूमिबाट बेपत्ता भए । त्यसपछि वीर सात्यकिले आफूसँग लड्न भनी आइलागेका पाँच सय त्रिगर्तहरूलाई यमपुरीको यात्रामा पठाई दुःशासनलाई पनि थिलथिलो पारेर छोडिदिए ।

यस प्रकारसँग घनघोर युद्ध गर्दै असङ्ख्य वीरहरूलाई मार्दै सात्यकि अघिअघि बढ्दै थिए । एकाएक बीचैमा श्रीकृष्णको शङ्खध्वनिको आवाज उनको कानमा पऱ्यो । परन्तु उनलाई चारैतर्फबाट शत्रु सैन्यले घेरामा पारिराखेका हुनाले त्यसलाई छिचोलेर अर्जुन भए ठाउँमा पुग्न असजिलो परिरहेको थियो । यता सो शङ्खध्वनि सुनेर युधिष्ठिर पनि व्याकुल भइरहेका थिए । श्रीकृष्णको लगातार शङ्खध्वनि, सात्यकि गएको गयै, दिन पनि घर्कदै तेस्रो प्रहर नाघिसक्न लागेको;

यी सब कुराले गर्दा युधिष्ठिरको मन हडबडाउनु स्वाभाविकै थियो । तब उनले भीमसेनलाई बोलाएर यी सब कुरा बताए । तुरुन्तै उनलाई अर्जुनको खबर लिनानिमित्त दौड भन्ने आज्ञा पनि दिइहाले ।

दाज्यू युधिष्ठिरको व्यग्रता देखेर भीमसेनले भने, "दाज्यैज्यू ! हजुरले अर्जुनको चिन्ता लिइबक्सनुपर्दैन; किनभने आज जुन रथमा सवार भएर गएका छन् त्यो सर्वमाङ्गलिक रथ हो । त्यस रथमा रहुन्जेल उनलाई कसैले मार्न सक्तैन । तर हजुरको हुकुम शिरोपर छ । जा भन्ने आज्ञा हुन्छ भने जान्छु ।" यति भनेर धृष्टद्युम्नलाई युधिष्ठिरको रक्षानिमित्त छोडेर भीमसेन त्यहाँबाट प्रस्थित भए ।

भीमसेन दौडँदै आएको के देखेथे उतातिरबाट दुःसल, चित्रसेन, कुण्डभेदी, विविंशति, दुर्मुख, दुःशह, विकर्ण, शल, विन्द, अनुबिन्द, सुमुख, दीर्घबाहु, बृन्दारक, सुहस्त, सुषेणु, भीम, कर्ण, अभय, सुवर्चा, दुर्विमोचन आदि दुर्योधनका भाइहरू हूलका हूल उठ्दै उनलाई घेर्न भनी आइलागे । उनले पनि कत्ति ढीलो नगरी ती एक-एक जनालाई घायल गराउँदै भगाएर देख्तादेख्तै आफ्नो रथलाई गुरु द्रोणका सामने उपस्थित गराए । यसै बीचमा उनको बाणवृष्टिले असङ्ख्य हात्तीचढी फौजको काम पनि तमाम गरिदियो । उनको त्यस बेलाको प्रचण्डनाले गर्दा कोही पनि अगाडि टिक्न सकेन । द्रोणाचार्यको निरन्तर प्रहारले पनि उनको रौंसम्म डगेन । तैपनि उनलाई चारैतर्फबाट आइलागेको शरवृष्टि छलेर आत्मरक्षाका निमित्त कठिनै परिरहेको देखिन्थ्यो । अन्त्यमा उनी सम्हालिनसक्नु भएर गदा घुमाउँदै प्रलय मच्चाउलान् भनेझैं गर्न थाले । गुरु द्रोणलाई पनि उनले सो गदा चखाउन बाँकी राखेनन् । यसै झोंकमा उनले दुर्योधनका आठ जना भाइहरूलाई पनि यमलोकतिर पठाए । ती आठ जना मारिएपछि अरू सैन्यले सुइँकुच्चा ठोकिहाल्यो । उनी त्यहाँ त्यति गरेपछि फेरि अगाडि बढे ।

अब भीमसेनको त्यो घोर प्रचण्डताको सामना गर्न भनी स्वयम् द्रोणाचार्य अघि सरे । उनले भीमलाई अनेक तरहले हैरान तुल्याउन भनी नौलोनौलो छाँटको युद्धकौशल निकालेका थिए । भीमसेनले पनि उनी जसोजसो गर्थे उसैउसै किसिमको जवाफ दिन बाँकी राखेनन् । कहाँसम्म भने भत्केको रथका पुर्जाहरू उठाएरसमेत उनले द्रोणका उपर बजारे । सिङ्गासिङ्गै आठवटा रथसम्म पनि उचाल्दै द्रोणका उपर झटारो फ्याँक्ने र त्यस झटारोलाई उल्टो उछिट्ट्याएर भीमकै उपर द्रोणाचार्यले फ्याँक्ने अद्भुत तमासा पनि देखियो । यस फ्याँकाफ्याँकीमा परेर हज्जारौं सैनिकहरू मिचिएर पनि मरे । यो धूम मच्चाएपछि बल्ल भीमसेनको बाटो खुल्यो, उनी त्यहाँबाट पनि अगाडि बढ्दै अद्भुत वीरताका साथ युद्ध

गरिरहेका अर्जुनलाई भेट्न पुगे । अर्जुनलाई सकुशल देखेर उनको मनमा अपार आनन्द लाग्यो । त्यस आनन्दले गर्दा उनको फूर्ति झन् द्विगुणा भएर निस्क्यो । उनी घोर गर्जनाले आकाश-पातालसम्म थर्काउन लागे । उनको त्यो घोर गर्जनाले युधिष्ठिर भएको ठाउँसम्म पुगेर गुँज्न थाल्यो । त्यसले युधिष्ठिर पनि शान्त भए । त्यसपछि उस्तै उम्ता महाबली महापराक्रमी दुई दाज्यूभाइ मिलेर जब अगाडि बढेथे युद्धले भयानक रूप धारण गऱ्यो । भीमको गर्जनाले असह्य भएर कर्ण उनीसँग भिडिए । यस पटक कर्णद्वारा भीमसेनका रथ, घोडा, सारथि, धनु, गदा, तरबारसमेत एक एक गरी काटिएर थुप्रो जम्यो । निरस्त्र भएका भीमले जब अरू हतियारै पाएनन् तब उनी रणभूमिमा मरेर लडिरहेका बडेबडे हात्तीलाई नै उचाल्दै कर्णका उपर झटारो फ्याँक्न थाले । ती हात्तीलाई बाणले बीचबीचमै खसाउँदै कर्णले आफ्नो रथ सहसा भीमको नगिचै पुऱ्याएर बाणको झरी लगाइदिए । बिचरा निःशस्त्र पैदल भीमसेन त्यस बेला के गरुन् ! उनी टोलाउलान् भनेझैं गर्न लागेको देखेर झटपट कर्णले आफ्नो धनुको ताँदो उनको घाँटीमा अल्झाई च्याँग्रो घिस्याएझैं घिस्याउँदै भने, "बच्चु ! तँलै ता अरू केटाकेटीसँग पो लड्नुपर्दथ्यो, अथवा धेरै-धेरै खान पाइने भोजभतेरमा सामेल हुन जानुपर्थ्यो । युद्धमा व्यर्थ किन आइस् । भन् त बाबु, अब म तँलाई युधिष्ठिर कहाँ पुऱ्याइदिऊँ कि माता कुन्तीको काखमा पुऱ्याइदिऊँ ।" हुन पनि बेला उस्तै थियो । यस बेला कर्णले मारूँ भनी आँटेको भए मार्न पनि सक्तथे । परन्तु कुन्तीले आफूसँग भनेको कुरा सम्झेर उनले मारिहाल्न सकेनन् । यसै बेला श्रीकृष्णको इसारा पाएर अर्जुनले कर्णको रथ भत्काएको र घोडाहरूसमेत घायल गरिदिएकाले उनी भीमसेनलाई त्यहीं छोडी अन्यत्र लागे । त्यसपछि भीमसेनले शत्रुपक्षको एक जना रथारोहीलाई मारी त्यसैको रथमा सवार भएर दुर्योधनको सैन्यतर्फ आफ्नो गति बढाए । उनबाट कैयौं कौरवसैन्यहरूको इतिश्री भयो ।

भूरिश्रवावध

यता वीरवर सात्यकि बद्दैबद्दै अर्जुनको रथ भए ठाउँमा पुगे । उनलाई सहसा त्यसरी चुरिँदै आएको देखेर भूरिश्रवा उनीसँग लड्न भनी अघि सरे । यी दुई जनामा केही बेरसम्म ठूलो लडाइँ भयो । दुवैले दुवैको रथ, धनु, घोडा आदिलाई चूर्ण पारेर छाडिदिए । त्यसपछि उनीहरूको तरबारै तरबारको युद्ध हुन थाल्यो । दुवैका तरबार पनि जब काटिएथे, अनि परस्परमा मल्ल युद्ध (कुस्ती) हुन थाल्यो । भूरिश्रवाले सात्यकिलाई चित पारेर उनको छातीमा पयरले पयँठ लगाउँदा तरबार झिकेर शिरै उछिट्ट्याउने चेष्टा गर्न लागे । त्यो चाल पाएर सात्यकि जाँतो

रिङेभैं रिङ्न थाले । भूरिश्रवाको निशाना ठीक पर्न सकेन । तब दुई जनामा यही रिङारिङ हुन लागेको देखेर श्रीकृष्णले सात्यकिको रक्षाका निमित्त अर्जुनलाई इसारा गर्नुभयो । अर्जुनले पहिले ता त्यो कुरा स्वीकार गरेनन्, तर श्रीकृष्णले बारम्बार प्रेरणा गर्नुभएको हुनाले सो कुरा नमानी भएन । उनले झटपट एक बाण प्रहार गरेर भूरिश्रवाको तरबारसमेतको हातै काटिदिए । तब क्रोधले अन्ध हुँदै भूरिश्रवाले सात्यकिलाई त्यसै छोडेर अर्जुनका अगाडि पुगी भने, "अर्जुन ! तिमी जस्तो युद्धविद्याप्रवीण वीर पुरुषले अर्कासँग लडिरहेको मेरो हात काटिदियौ, यदि तिमीसँग लडेको बेला हुँदो हो त यो तिम्रो काम उचित थियो । तिमीले यो युद्धधर्मको विरुद्ध काम गऱ्यौ ।" यो सुनेर अर्जुनले भने, "सात्यकि मेरा पुत्रसमान प्रिय शिष्य हुन् । यदि उनलाई मैले नबचाएको भए अभिमन्युलाई मारेझैं गरी तिमी उनलाई पनि मार्ने थियौ । त्यसकारण अहिले तिमी जतिसुकै मेरो तिरस्कार गर तापनि म त्यसको परवाह राख्तिनँ । म राजा युधिष्ठिरसँग जत्तिको प्रेम गर्दछु तिमीसँग पनि उत्तिकै गर्दछु ।" यो सुनेर भूरिश्रवा चुप लागे । अनि उनले आफ्नो ठोक्राबाट बाण झिकी त्यसैमा योगासन (पलैंटी) लगाए । त्यसको एकै क्षणपछि उनको प्राणले ब्रह्माण्डलाई भेदन गर्दै सदाका निमित्त नश्वर देहलाई छोडिदियो । उनी जमिनमा धडाम भएर ढलेथे । झटपट सात्यकि उठेर दौडँदै उनको मृत शरीरमाथि झम्टन आइपुगे । अरूले हाहा गर्दागर्दै पनि तरबारले हानेर भूरिश्रवाको शिरलाई उनले अलग गराइदिए ।

दिन दुई घडीमात्र बाँकी थियो । अर्जुन जयद्रथ भएको ठाउँभन्दा थोरै पर पुगेर बडो वेगसँग बाणवृष्टि गरिरहेका थिए । यस पटकको उनको बाणहनाइ नै बेग्लै किसिमको थियो । उनको एक बाणसम्म पनि कोही खप्न सक्तैनथे । कर्णादि वीरहरूको दल पनि उनलाई रोक्नानिमित्त हुनेसम्म जोड गर्दै थियो । परन्तु ज्यान लडाएर लड्दा पनि उनीहरूको केही लागेन, थाक्तै पनि आए । तैपनि अर्जुनलाई रोक्नानिमित्त उनीहरूबाट यथाशक्य यत्न गरिँदै थियो । त्यस ठाउँबाट जयद्रथ बसेको ठाउँ नगिचै नै पर्दथ्यो । दिन डुब्न लागिसकेकोले अब अर्जुनको प्रतिज्ञा भङ्ग हुन आँट्यो भनी कौरवहरू मनमनै हर्षित हुन लागेका देखिन्थे । यो देखेर लीलामय भगवान् श्रीकृष्णले अब यिनीहरूलाई राम्रै छकाउनुपऱ्यो, अर्जुनको प्रतिज्ञा पनि भङ्ग गराउनु भएन भन्ने विचार गरी आफ्नो योगमाया फैलाएर चारैतिर एकाएक अन्धकार फैलाइदिनुभयो । दशै दिशा अँध्यारो भए । अब सूर्यास्त भइसक्यो । जयद्रथको अत्तोपत्तो केही छैन, अर्जुनको प्रतिज्ञा फिका भयो, अब उनी कुन बेला आगामा फाल हाल्दछन् र मर्छन् भनी धेरै कौरवपक्षीय वीरहरूका मनमा पर्न लाग्यो । यस्तैमा बाहिर के भएको रहेछ,

सूर्यास्त भयो-भएन भनेर जयद्रथले लुकेको ठाउँबाट शिर बाहिर के निकालेको थियो श्रीकृष्णको इसारा पाएर तुरुन्त एक अमोघ बाण प्रहार गरी अर्जुनले उसको सो शिर उछिट्ट्याइदिए । यता सूर्यमण्डल पनि झलमल्ल खुलेको देखियो । दिन एक घडी अझै बाँकी रहेछ । श्रीकृष्णले स्याबास अर्जुन ! प्रतिज्ञा पूर्ण गऱ्यौ भनी प्रशंसा गर्नुभयो । भीमसेनादिले प्रसन्नतासाथ सिंहनाद गर्दै आफ्नो दललाई त्यहाँबाट फर्काए । यता जयद्रथ मरेको देख्नासाथ फेरि अर्जुनसँग लड्न भनी कर्ण आइलागे । सो देखेर श्रीकृष्णले पाँचजन्यध्वनि गर्नुभयो । त्यसै बेला उहाँको दारूक नामक सारथि पनि रथ लिएर टुप्लुक्क आइपुगे । श्रीकृष्णको आज्ञाले सात्यकि त्यै रथमा सवार भएर कर्णसँग लड्न लागे । कर्णको केही लागेन । उनी परास्त भएपछि अर्जुन आदि सबै त्यहाँबाट फर्की युधिष्ठिर भए ठाउँमा जम्मा भै युद्धको हाल बताउन लागे । युधिष्ठिरले ती प्रत्येक वीरहरूको प्रशंसा गर्दै अङ्कमाल गरे । यसतर्फ यस्तै थियो । उता दुर्योधनले गुरु द्रोणसँग गएर भने, "गुरुजी ! हजुरको उपेक्षा (लापरवाही) ले गर्दा मेरा जयद्रथसमेत सात अक्षौहिणी सैन्य युद्धयज्ञमा आहुति बन्यो । गुरुजीको निगाह यस्तै रहेछ ।" यो सुनेर द्रोणका कन्सिरी तातेर उठे । उनले भने, "मैले प्राणको परवाह नराखी जयद्रथको रक्षा गरेकै हुँ, मृत्युलाई टाल्न सक्ने मेरो सामर्थ्य थिएन । जो हुनु थियो भइसक्यो । अब म अर्को प्रतिज्ञा गर्दछु सुन, सकल पाञ्चालहरूलाई नमारीकन म कवचै फुकाल्नेछैन । आज राति पनि युद्ध हुनेछ ।"

घटोत्कचवध

दिनभरको युद्ध समाप्त भएपछि फेरि रात्रियुद्ध आरम्भ भयो । यस युद्धमा कर्णले ठूलो बहादुरी देखाए । उनले नकुल र सहदेवलाई पत्रेर कुन्तीको प्रार्थनाले छोडिदिए । आजको युद्धमा अर्जुनले समेत कर्णको हातबाट पार पाउन सकेनन् । उनले पाण्डवका लाखौँ सैन्यलाई र लाखौँ योद्धाहरूलाई यमपुरीको बाटो देखाए । यस प्रकारले कर्णको अद्भुत पराक्रमसँग मुकाबिला गर्न साध्य नदेखी आखिरमा श्रीकृष्णले उनका साथ घटोत्कचलाई भिडाइदिनुभयो । ती दुईमा घनघोर सङ्ग्राम पऱ्यो । दुवै जना कैयौँ पटक घायल भएर लडे, उठे, लडे । कर्णद्वारा पाण्डवका सैन्य जति मरेका थिए त्यसको चौबर कौरवका सैन्य घटोत्कचद्वारा मारिए । एक पटक घटोत्कचसँग हाम्रो केही नलाग्ने भयो भन्नेसम्म पनि परिसकेको थियो । धेरै जनाले ता कर्णलाई अब घटोत्कचका उपर आफ्नो अमोघ शक्तिको प्रयोग नगरी भएन भन्ने अनुमति पनि प्रकट गरे । अन्त्यमा लाचारीसाथ कर्णले सो अमोघ शक्तिको प्रयोग नगरी सुख पाएनन् । सो देखेर घटोत्कचलाई अब

मेरो जीवन रहेन भन्ने पक्का निश्चय भयो र उनी आकाशमा उडे । आकाशमा उनको मायावी शरीर यसरी फैलियो कि त्यसले ढाके जति तल जमिनमा रहेका कौरव सैन्यलाई सोतर पार्ने जस्तो देखियो । त्यसै बेला कर्णले प्रयोग गरेको सो अमोघ शक्ति उनको छातीमा गएर बजारियो । उनी बिचेत भएर पछारिए । उनी पछारिंदा एक अक्षौहिणी कौरवसैन्य धूलोपीठो भयो । यसरी घटोत्कच मारिएको देखेर युधिष्ठिरलाई अत्यन्तै शोक लाग्यो । उनले गन्धमादन यात्रामा घटोत्कचले गरेको उपकार बुझेर धेरै बेरसम्म विलाप गरे । श्रीकृष्णले धेरै सम्झाएपछि उनको मनमा केही धैर्य भयो ।

द्रोणवध

रात्रियुद्ध समाप्त भएपछि भोलिपल्ट सूर्योदय भएको देखेर दुवैतर्फका योद्धाहरूले सूर्यार्घ दिई फेरि युद्धभूमितर्फ पयर बढाए । आजको युद्धमा द्रोणाचार्यको वेग बहुतै चर्को देखिन्थ्यो । पाण्डवतर्फका नामी नामी सरदार विराट, द्रुपद आदि राजाहरू उनको हातबाट मारिए । लाखौं सैन्य काटिए, भीम-अर्जुनले कति युद्धकौशल देखाउँदा पनि आफ्नो सैन्यको रक्षा गर्न सकेनन् । द्रोणका सामने जो पर्न जान्थ्यो उसले फेरि फर्कनै परेन तेस्रो प्रहरसम्म लगातार युद्ध भैरह्यो । द्रोणको त्यो अद्भुत पराक्रम देखेर श्रीकृष्णसँग युधिष्ठिरले भने, "भगवान् ! यदि गुरुजीले सायंकालसम्म यही तरहसँग युद्ध गर्नुभयो भने हाम्रा सैन्य एक पनि रहनेछैन । यसकारण उहाँको वधका निमित्त कुनै उपाय विचार गर्नुपऱ्यो ।" श्रीकृष्णले भन्नुभयो, "महाराज, अश्वत्थामाको विषयमा कुनै अनिष्ट समाचार नसुनेसम्म उहाँको वध कदापि हुन सक्तैन । यसकारण अश्वत्थामाको वध पहिले गर्नुपर्दछ, तब उहाँलाई हामी सङ्ग्राममा गिराउन सकौंला ।" श्रीकृष्णको यो भनाइको तात्पर्य झटपट भीमसेनले बुझिहाले । उनी तुरुन्त त्यतैबाट उठेर गई दशार्ण देशका राजाको अश्वत्थामा नामक हात्तीलाई मारी आचार्य द्रोणकहाँ गई भन्न लागे, "गुरुजी ! अब हजुर कसका निमित्त यो सङ्ग्राम गरिरहनुभएको छ ? अश्वत्थामा ता अब यस संसारमा छैनन् । अहिले म उनलाई मारेर सरासर यहाँ आइरहेछु, धेरै बेर भएको छैन ।" यो सुनेर द्रोणले भने, "यो तिमीले झुट्टा कुरा गरेको हो, जबसम्म युधिष्ठिरको मुखबाट सुन्दिनँ तबसम्म म यो कुरा कदापि पत्याउन सक्तिनँ ।" तब श्रीकृष्णले युधिष्ठिरलाई तपाईं नै यो कुरा भनिदिनुहोस् भनी पठाउनुभयो । युधिष्ठिरलाई अप्ठेरो पऱ्यो । श्रीकृष्णको जिद्दीमा हार्न नसकेर उनले बिस्तारै, "हो अश्वत्थामा मारिए" भनेर के उच्चारण मात्र गरेथे एकाएक त्यसपछिको आवाजलाई श्रीकृष्ण र भीमसेनले शङ्खध्वनि गरी ढाकिदिए । त्यो

ढाकिएको आवाजमा, 'अश्वत्थामा त हो तर हात्ती' यो वाक्य थियो । यसलाई द्रोणले सुन्न पाएनन् । पुत्र अश्वत्थामाको नामका पछाडि मृत्यु शब्दको प्रयोग सुनेपछि उनको मुटु-कलेजाले ठाउँ छोडिहाल्यो । उनी तुरुन्त शस्त्रास्त्रहरू फ्याँक्तै योगासन बाँध्न थाले । सोही योगासनमा समाधि लागेर उनलाई प्राणपखेरुले बिदा दियो । योगासनमा खडा भएको देख्नासाथ अरूले रोक्तारोक्तै धृष्टद्युम्नले उनको शिरलाई एक तरबारद्वारा अलग गरिदिए । उनको देहान्तभएपछि कौरवसैन्यले पनि कुलेलम ठोकिहाल्यो ।

पिता द्रोणको देहान्तका समयमा अश्वत्थामा निकै टाढा युद्ध गरिरहेका थिए । एकाएक आफूतर्फका सैन्य भाग्दै आएको देखेर उनले सो भाग्नाको कारण सोधे । कृपाचार्यले सबै कुरा यथार्थ बताएपछि उनलाई पिताको मृत्युमा पूरा विश्वास भयो । उनी क्रोधले काँपेर उठे । उनले भने, 'हेर, राज्यमा फँसेर युधिष्ठिरले यो महापाप कर्म गरेछन् । त्यसको प्रायश्चित्त पनि उनले अवश्यै गर्नुपर्नेछ । अब म सारा पाण्डव र पाञ्चालहरूलाई नमारी कदापि शान्त हुनेछैन ।' यति भनेर उनले आफ्नो रथलाई तुरुन्तै पाण्डवहरू भएतर्फ बढाइहाले । कौरवहरू उनको पछि लागे । यता पाण्डवकहाँ पनि यो खबर तात्तातै आइपुग्यो । सात्यकिले धृष्टद्युम्नद्वारा अन्यायमा भूरिश्रवाको वध भएकोमा निन्दा गरे । धृष्टद्युम्न र सात्यकि दुवै जना शस्त्र लिएर परस्पर मारकाट गर्न थाले । उनीहरूलाई कति जनाले सम्झाएर बुझाएर थामथुम पारे । अब के गर्ने भनी परस्पर विचार हुन थालेको समयमा सहसा अश्वत्थामा झम्टँदै आइपुगे र एकदम अग्निशिर नामक अस्त्र प्रयोग गरिहाले जसले गर्दा सारा पाण्डवसैन्य हुर्हुर्ती बल्न थाल्यो । सो देखेर अर्जुनले पनि सोही अग्निशिर नामक अस्त्र प्रयोग गरी सो अश्वत्थामाको अस्त्रलाई शान्त गराए । त्यसपछि अश्वत्थामा नारायणास्त्रको प्रयोग गरेर हजारौँ बाणको वृष्टि बर्साए । भीम आदिले पनि ती बाणको बदला तिर्न बाँकी राखेनन् । बिस्तारै-बिस्तारैनारायणास्त्रको तेज बढ्न थाल्यो । कैयौँ बाणले पनि त्यसको तेज शान्त भएन । पाण्डवहरूको सातोपुत्लो उड्यो । लाखौँ सैन्य नष्ट भए । एक प्रकारको प्रलय नै मच्चिएला जस्तो भयो ।

यस प्रकारसँग अश्वत्थामाले प्रयोग गरिएको नारायणास्त्रद्वारा त्यो प्रलय मच्चिएको देखेर अब बिगार हुन आँट्यो भनी श्रीकृष्णले सबैलाई शस्त्रास्त्र छोडेर खडा होऊ भन्ने आज्ञा दिनुभयो । आज्ञाअनुसार तुरुन्त रथ वाहनबाट उत्रेर सबैले शस्त्रास्त्र छोडी नारायणास्त्रलाई प्रणाम गरी खडा भए । त्यति भएपछि लगातार बाण चलाइरहेका एक जना भीमबाहेक अरू सबै नारायणास्त्रको अग्निबाट बचे ।

उनलाई सो अग्निले जलाउन मात्र बाँकी थियो झटपट श्रीकृष्ण र अर्जुनले उनका हातको धनु जबर्दस्ती खोसेर रथबाट ओराले । त्यति भएपछि सो नारायणास्त्र आफसेआफ शान्त भयो । त्यो देखेर अश्वत्थामाले हातमा लिएको धनु फुत्त फ्याँकिदिएर भने, "मैले पढेको अस्त्रविद्यालाई धिक्कार छ । यस्तो प्रभावशाली अस्त्र पनि यसरी शान्त भयो भने अब युद्ध गर्नु नै व्यर्थ छ ।" यति भन्दै उनी सैन्यलाई चटक्कै छोडेर वनतिर दौडन थाले । संयोगवश त्यसै बेला सहसा व्यासजी त्यहीं आइपुग्नुभयो । अश्वत्थामाले प्रणाम गरेपछि आशीर्वाद दिँदै उहाँले भन्नुभयो, "तपाईं यसरी उदास भएर कहाँ जान लाग्नुभएको छ ?" अश्वत्थामाले सबै हाल बताएपछि फेरि उहाँले भन्नुभयो, "यस युद्धलाई छोडेर वनमा तपाईंले किन जानुपऱ्यो ? तपाईं जसलाई मनुष्य तथा वसुदेवका पुत्र ठान्नुहुन्छ, उहाँ श्रीकृष्ण साक्षात् परमेश्वर परमात्मा त्यहीं विराजमान हुनुहुन्छ । उहाँकै लीलाले गर्दा संसारको उत्पत्ति र नाश हुन्छ । ब्रह्मा, रुद्र आदि देवताहरूलाई उत्पन्न गराउने पनि उहीं हुनुहुन्छ । इच्छा गर्नासाथ उहाँबाट जे गरूँ भने पनि तुरुन्त हुन जान्छन् । तपाईंले प्रयोग गरेको अस्त्रलाई शान्त गराउनु उहाँका निमित्त कुनै ठूलो कुरा होइन । अतएव यस विषयमा तपाईंले दुःख मान्नु उचित छैन । यसो गर्नुभयो भने तपाईंलाई सबैले कातर मान्नेछन् । अब फर्केर युद्धभूमिमा खडा हुनुहोस्, जय-पराजय ईश्वरको हातमा छ ।" यस प्रकारसित व्यासजीले सम्झाएपछि अश्वत्थामा चुप लागे । उनी त्यहाँबाट गई फेरि आफ्नो रथमा सवार भएर युद्ध गर्न थाले । उनको सन्ध्या समयसम्म पाण्डवसैन्यका साथ घोर युद्ध हुँदाहुँदै सूर्यास्त भयो । दुवैतर्फका सैन्य आ-आफ्ना शिविरमा दाखिल भए । यस प्रकारले द्रोणवध भएपछि पाण्डवहरूलाई अब हामी विजयी भयौं भन्ने पूर्ण आशा भयो ।

॥द्रोणपर्व समाप्त॥

□□□

कर्णपर्व

पन्ध्रौं दिनको सङ्ग्राममा द्रोणाचार्य मारिएपछि कौरवसेनामा ठूलो खलबल पऱ्यो । विशेष गरेर अश्वत्थामा, दुर्योधन, कर्ण, दुःशासनहरूमा ठूलो धक्का लागेको हुनाले राति कौरवहरूको छाउनीमा सभा बस्यो । त्यसमा दुर्योधनले द्रोणाचार्यको विषयमा शोक प्रकट गर्दै भने, "अब हामीले कसलाई सेनापति बनाए बेस होला ।" त्यसमा अश्वत्थामाले सेनापति हुनामा धेरै कुराको उत्तरदायित्वको भार बोक्नुपर्छ भन्ने बयान गर्दै भने, "अब पिता (द्रोण) समानकै त्यस्तो महापराक्रमी कुनै वीर पुरुषलाई सेनापति बनाउनुपर्दछ । तर त्यस्तो वीर पुरुष कर्णसिवाय अरू कोही देखिँदैन । यसकारण कर्णलाई नै आजको सेनापति नियुक्त गर्नु बढिया होला ।"

अश्वत्थामाको यस प्रस्तावमा दुर्योधनको चित्त बुझ्यो । उनले भोलिपल्टको युद्धका विषयमा धेरै कुराको बहस भएपछि भने, "वास्तवमा वीर कर्ण नै यो भार उठाउने योग्य छन् उनलाई नै सेनापति बनाउन बेस होला कि जस्तो ठान्दछु ।" यस कुरामा सबैले अनुमोदन गरे । त्यति हुनासाथ दुर्योधनले चन्दन पुष्पमाला आदिद्वारा सत्कार गरी युद्धको सारा भार कर्णको हातमा सुम्पिदिए । कर्णले पनि उत्साहपूर्वक सेनापतिको उत्तरदायित्वलाई स्वीकार गरे ।

भोलिपल्ट भिसमिसेदेखि नै दुवैतर्फको सैन्य सङ्ग्राम-भूमिमा डट्न पुगेको थियो । कौरवसैन्यको अग्रभागमै गएर कर्णको रथ खडा भयो । उनी सेनापति हुनाले कौरवहरूको मनमा केही साहस पनि बढ्यो । युद्धका बाजाहरू बज्न थाले । यसै बेला अर्जुनसँग युधिष्ठिरले भने, "अर्जुन हेर आज युद्धमा कर्णलाई मार्न सक्यौ भने तिम्रो विजय निश्चित जान । आज कौरवहरूले मकरव्यूहको रचना गरेका छन् । तिमी कुन व्यूहबाट युद्ध गर्दछौ ।" अर्जुनले भने, "म पनि मकरव्यूहैबाट उनीहरूसँग लड्छु ।' युधिष्ठिर चुप भए । त्यसपछि तुरुन्त अर्जुनले आफ्नो सैन्यलाई मकरव्यूहमा खडा गरे । युद्ध चल्न थाल्यो । दुवैतर्फका सैन्यहरू अनगिन्ती मारिए । रक्तनदी बहन थाल्यो ।

यस बेला भीमसेनले क्षेमधूर्ति नामक एक वीरको सातो लिए । परस्पर शक्ति प्रहार गर्दै लड्न थाले । दुवै जना हात्तीमा सवार थिए । क्षेमधूर्तिको हात्ती बडो

बलवान् थियो । यसकारण यस हात्तीले भीमसेनको हात्तीलाई हाराबारा खेलायो । ऊ भाग्न थाल्यो । तब भाग्दाभाग्दैको हात्तीबाट फाल हाल्दै गर्दा गदा हातमा लिएर भीमसेन क्षेमधूर्तिका उपर जाइलागे । क्षणभरमा नै उनका गदाको चोट खाएर क्षेमधूर्ति र उसको हात्तीसमेत दुवै सदाका निमित्त यस लोकबाट बिदा भए । तिनीहरू मारिएको देखेर कौरवहरूको मनले हरेस खायो । सैन्यहरू पनि भाग्न थाले ।

त्यहाँपछि भाग्दो सैन्यलाई देखेर महावीर कर्णको रगत उम्लन थाल्यो । उनी पाण्डवहरूउपर बाणको झरी लगाउन थाले । सो देखेर झटपट अघि सर्दै नकुलले कर्णलाई रोके । त्यसै बेला अश्वत्थामा चुरिंदै आएर कर्णको सहायता गर्दै नकुललाई व्याकुल गराउन थाले । उता युधिष्ठिरको दुर्योधनका साथ र अर्जुनको संसप्तकगणका साथ घनघोर युद्ध चलिरहेको थियो । अर्कातिर बिन्द र अनुबिन्द नामका दुई भाइ वीरहरू सात्यकिका साथ भिडिएका थिए । यी दुई भाइले सात्यकिका कैयौं धनुहरू काटिदिए । तैपनि सात्यकि पयरभर पछि हटेनन् । आफ्नो अद्भुत रणकौशलद्वारा उनले थोरै बेरमा नै अनुबिन्दचाहिंलाई युद्धभूमिमा उठ्नै नसक्ने गरी घायल गराएर छोडिदिए । उसलाई तुरुन्तै प्राणपखेरुले पनि छोडिदिए । यसरी आफ्नो भाइ मारिएको देखेर बिन्दको कन्सिरी तातेर निस्क्यो, उनले भीषण बाण प्रहार गर्दै सात्यकिलाई नदेख्ने गराए । सात्यकिको शरीर छियाछिया भयो । रगतको पचका लगाएझैं छिर्रछिर्र धारा निस्कन लागे । अन्त्यमा सात्यकिले अत्यन्तै क्रुध भएर एक यस्तो बाण प्रहार गरे कि बिन्द मूर्छित भएर लडिहाले । उनको सारथि पनि मारियो । केही बेरपछि जुरुक्क उठेर उनी फेरि पैदलै भिडिन थाले । सात्यकि पनि पैदलै थिए । सात्यकिको फूर्ति झन्झन् बढ्न थाल्यो । अन्त्यमा उनले एक अति तीखो बाणले बिन्दको मुटु नै छेडिदिए । उनको तत्क्षणैमा इतिश्री भैहाल्यो ।

यसपछि श्रुतिवर्मा र चित्रसेनको युद्ध हुन थाल्यो । चित्रसेनले श्रुतिवर्माको धनु काटिदिए । चित्रसेनको धनु पनि काटियो । यस प्रकारले दुवैका कैयौं पटक काटिए, फेरिए । आखिर अत्यन्त उत्तेजित भएका श्रुतिवर्माले चित्रसेनको अन्तिम धनुसम्मलाई बाँकी राखेनन्, उनलाई मूर्छित गराएर मात्र छोडिदिए । उनको यो काम देखेर पाण्डवतर्फका वीरहरूको साहस पनि बढ्यो । उनीहरू फूर्तिसाथ शत्रुदललाई छ्यान्नव्यान्न पार्न थाले । निदानमा प्रतिविन्ध्यको हातबाट चित्रसेनको प्राणान्त भइदिनाले कौरवहरूको दलले हाहाकार गर्दै सुईंकुच्चा ठोकिहाल्यो ।

यता प्रातःकालदेखि नै संसप्तकगणहरूले अर्जुनलाई अलमल्याई उनीहरूसँग लड्नाले फुर्सदै मिलेको थिएन । यस्तैमा एकाएक अश्वत्थामासमेत खनिएर उनमाथि घमासान मच्चाउन लागेका थिए । अर्जुनले एक पटक अश्वत्थामाको धनु नै दुई टुक्रा गराइदिए । दोस्रो धनु लिएर अश्वत्थामाले पनि अर्जुनलाई क्षतविक्षत गराउन बाँकी राखेनन् । उनले श्रीकृष्णका पाखुरामा समेत बाणैबाणका घाउ पारिदिए । त्यसरी श्रीकृष्णलाई समेत घायल भएको देखेर अर्जुनलाई असह्य भयो । उन्ले हजारौँ बाण लगातार छोडेर संसप्तकहरूलाई त्राहित्राहि पुकार्ने गराए । अश्वत्थामालाई चुट्नसम्म चुटे । उनको एक बाणले पनि खेर नगई साराका सारा नै कौरवसैन्यको खबर लिन लागेको देखियो । अश्वत्थामाले हरएक उपाय गरे; तैपनि अर्जुनको वेग रोक्न सकेनन् । त्यसै मौकामा श्रीकृष्णले अर्जुनलाई ललकार्दै "अब के हेर्छौ यिनको काम तमाम गरिदेऊ" भन्नुभयो । उहाँको त्यो ललकार सुनेर अर्जुनले आफ्नो वेगलाई झन्झन् बढाए । अश्वत्थामाका घोडाको लगाम पनि काटियो । घोडा भटकेर भाग्ने दाउ खोज्न लागे । अब प्राण नबच्ने भयो भन्ने ठानेर स्वयम् अश्वत्थामा पनि कुर्कुच्चा ठोक्तै कर्णको समीपमा दाखिल हुन पुगे ।

यो युद्ध दोपहरसम्मको थियो । त्यसपछि अर्जुनबाट प्राण बचाएर भागेका अश्वत्थामा राजा पाण्ड्यसँग युद्ध गर्न थाले । यस पटक उनको वेग पनि निकै नै बढेको थियो । त्यस वेगमा परेर पाण्डवहरूका धेरै सैन्यहरू भकाभक मारिन थाले । पाण्ड्यले एक बाण छोड्दा नछोड्दा अश्वत्थामाका सयौँ बाण सनसनाएर आइलाग्दथे । अर्जुनको पनि तिनलाई रोक्ने शक्ति नहोला जस्तो देखिन्थ्यो । अन्त्यमा अश्वत्थामाका दुई बाणले राजा पाण्ड्यका दुई कान र अर्को तेस्रो बाणले उनको शिरैसमेत उछिट्टिएका देखिए । उनको शिरोविहीन शरीर धडाम्म भूमिमा लडिहाल्यो ।

यता अर्कोतिर यस्तै युद्ध दुःशासनद्वारा सहदेवका र सहदेवद्वारा दुःशासनका धनु काटिई परस्पर दुवै जना घायल हुँदै पछारिँदै उठ्दै गरिरहेका थिए । अन्त्यमा दुःशासन अड्न नसकी त्यहाँबाट भागे । उनका पार्श्ववर्ती सैन्यहरू पनि बेपत्ता भए ।

कर्ण र नकुल भिडिएका ठाउँमा घोर हाहाकार मच्चिएको थियो । नकुलले कर्णलाई व्याकुल गराइरहेका थिए । अर्कातिर सहदेव पनि उत्तिकै लडिरहेका देखिन्थे । त्यसै बेला एकाएक हाँस्तै नकुलले कर्णलाई भने, "दाइ ! तपाईं जस्तो वीरसँग युद्ध गर्न मलाई बडो रमाइलो लाग्दछ । तपाईं खूब मन लगाएर म उपर प्रहार गर्नुहोला । आज तपाईंको इतिश्री गराएर पाण्डवहरूको मार्गलाई निष्कण्टक पारूँला भनी म लडिरहेको छु । दुर्योधनलाई बहकाउने तपाईं नै हुनुहुन्छ ।"

कर्णले भने, 'वीर क्षत्रियहरू युद्धको समयमा गफ लडाएर बस्तैनन् । युद्ध गर, आज तिम्रो अभिमानलाई चूर्ण गराउनैका निमित्त मैले धनु उठाएको छु ।'

यति भन्दै कर्णले नकुलका उपर शतसहस्र बाणको वृष्टि गर्न थाले । ती बाणले गर्दा नकुलको शरीर घाउ नै घाउको डेरा बनेको देखियो । रगतका धारा बहन लागे । यस्तैमा उनले कर्णका छातीलाई नै निशाना गरेर सत्र बाण एकैचोटि वर्षाएर घायल गराइदिए । केही बेरसम्म कर्ण रन्थनिएर तोरीका फूल देख्न थाले । फेरि पछिबाट सम्हालिएर उनले एक बाण हानी नकुलका हातको धनु नै टुक्रा पारिदिए । तब नकुलले पनि क्रोधले चूर हुँदै लगातार तीन सय बाण वर्षाएर कर्णलाई मूर्छित गराए । उनको त्यो बढ्दो वेग देखेर पाण्डव सैन्यमा ठूलो हर्षध्वनि हुन लाग्यो । कौरवपक्षीय कोही वीर पनि त्यस बेला उनको अगाडि टिक्न सकेनन् । यस्तैमा एक ठूलो मौका भेट्टाएर नकुलले कर्णको धनु काटी सारथिलाई पनि मारिदिए ।

सारथिसमेत मारिनाले कर्णको क्रोध द्विगुण भएर उठ्यो । उनी आँखा चिम्लेर एकाएक नकुलउपर जाइलागे । तब नकुलको मन पनि केही हडबडायो । कर्णले बाण थप्दै हाराबारा खेलाउन थाले । उनका रथका चारैवटा घोडा पनि मारिए । ध्वजा पनि काटियो । अब के गरूँ भन्दाभन्दै एकाएक परिघ उठाई नकुलले पनि कर्णका उपर झटारो छोडे । तर त्यसलाई कर्णले बीचैमा काटिदिएकाले उनी भएठाउँमा पुग्नै पाएन । अब नकुललाई लाचार हुनुसिवाय केही रहेन । उनी टोलाउन लागे । यस्तैमा कर्णले उनको गर्दनमा आफ्नो धनु अल्झाएर घिस्याउँदै पछार्लान् जस्तो गर्न लागे । त्यस बेला कर्णले मारूँ भनी ठानेको भए उनी कदापि बच्न सक्ने थिएनन् । तर माता कुन्तीको वचन सम्झेर उनले नकुललाई मार्न सकेनन् । मार्नाको सट्टामा घाँटीमा अल्झाएको धनु झिकी 'जा मृतकसमान भइस्; अब कदापि कर्णसँग लड्ने साहस नगरेस्' भनी छाडिदिए । त्यसरी छुट्टी पाउनासाथ उनी दौडँदै युधिष्ठिर भएठाउँमा आए । उनका साथसाथै कर्णका बाणले थिलथिलो भएका सैन्यहरू पनि भागे । मारे काटिएका जति त्यहीं थुप्रो लागे । पृथ्वी रुण्डमुण्डले भरिइन् । कैयौं हात्ती, घोडाहरू रगतले लफलफाउँदै लड्न थाले । यस्तैमा आजलाई भयो भनेझैं गर्दै श्री सूर्यनारायणले पनि अस्ताञ्चलको फेदीतर्फ प्रस्थान गर्नुभयो । युद्ध बन्द गर्न बिगुल लाग्नासाथ सैन्यहरू आ-आफ्ना शिविरतिर दाखिल भए ।

त्यसै दिनको रातमा दुर्योधनले कर्णलाई बोलाइपठाएर भने, 'कर्ण ! भला भीष्म र द्रोण ता पाण्डवहरूका उपर प्रेम गर्दथे र दुवै जना जानीजानीकन पाण्डवहरूलाई मर्न नदिएर जीवितै राख्ने चेष्टा गर्दथे । परन्तु तिम्रो ता

पाण्डवउपर त्यस्तो प्रेम थिएन । तैपनि पाण्डवहरू नै युद्धमा सफल हुँदै छन् । आज पनि मारूँ भने सहजै हुने अवस्थामा परिसकेको नकुललाई तिमीले जीवितै छोडिदियौ । यो सब देखेर मलाई आश्चर्य लागिरहेछ ।" कर्णले भने, "म अरूलाई तृण बराबर गन्दिनँ । केवल अर्जुनलाई परास्त गराउनामा नै म आफ्नो वीरता ठान्दछु । परन्तु उनका सारथि स्वयम् श्रीकृष्ण हुनुहुन्छ । उहाँको रथहँकाइ नै बिलकुल विचित्र छ । त्यो अग्निले दिएको रथ हो । अर्जुनको गाण्डीव धनु पनि बडो गजबैको छ । त्यसका उपर जति प्रहार गरे तापनि भाँचिन टुट्न जानेको छैन । यदि आज मैले श्रीकृष्णैसमानको सिपालु सारथि पाएँ भने गाण्डीवधारी अर्जुनलाई परास्त नगरिछोड्ने थिइनँ । अतएव भोलिका निमित्त मद्रराज शल्यलाई मेरो सारथि बन्नानिमित्त तपाईं निवेदन गर्नुहोस् । यदि उनी सारथि भैदिए भने श्रीकृष्णको समानतामा सुयोग्य सारथि मलाई मिल्नेथियो ।" यो सुनेर उत्तिखेरै दुर्योधनले शल्यलाई कर्णको सारथि भइदिनुहोस् भनी प्रार्थना गरे । त्यसमा पहिले भने शल्यबाट स्वीकृति भएन । तर पछि राजा युधिष्ठिरको प्रार्थना स्मरण गरी उनले कर्णको सारथि बन्नालाई मञ्जुर गरे । त्यस बेला उनले "म जो भन्दछु त्यस कुरामा कर्णले मञ्जुर गर्नुपर्दछ, त्यसो भए मात्र म उनको सारथि बन्दछु नत्र बन्दिनँ" भनी प्रतिज्ञा पनि गराए । कर्णबाट सो प्रतिज्ञा स्वीकृत भयो ।

भोलिपल्ट सबेरै शल्यलाई सारथि बनाएर कर्णले रणभूमितर्फ प्रस्थान गरे । दुवैतर्फबाट उठेको वाद्यध्वनिले आकाश गुञ्जित हुन थाल्यो । पाण्डवहरू पनि चनाखा बन्दै आफ्नो प्रबन्ध मिलाउन थाले । कर्णको उत्साह यस दिन खूब बढेको देखिन्थ्यो । बीचबीचमा जसजससँग भेट हुन्थ्यो उस उससँग उनी "खोइ, अर्जुन कहाँ छन् ?" भनी सोद्धथे । कसैकसैलाई अर्जुन यहाँ छ भनी देखायौ भने यति हात्ती, यति घोडा बक्सिस दिउँला पनि भन्दथे ।

कर्णको यो उत्ताउलोपन देखेर मद्रराजले हाँस्तै भने, "राजन्, मृत्युलाई निमन्त्रण गर्नानिमित्त तपाईं यतिको धन (हात्ती, घोडा, असर्फी, दासी आदि पुरस्कार) दिने धक्कु किन लगाउनुहुन्छ ? अर्जुन स्वयम् तपाईंलाई खोज्दै यहाँ आइपुग्नेछन् । ऊ अब हामी अर्जुनको नगिचै पुग्न लाग्यौं । आज तपाईं उनको हातबाट बच्नु कठिनै होला । तपाईं बडो अज्ञानी हुनाले पुरस्कार बाँड्ने ढङ्ग पनि तपाईंमा रहेनछ । अर्जुनलाई मार्छु भन्नु पनि तपाईंको भूल हो । स्यालले कदापि सिंहको शिकार गर्न सक्तैन । यो तपाईंको फूर्ति गलामा पत्थर बाँधेर नदी तर्न चाहने पुरुषको जस्तै ठान्दछु । महावीर अर्जुनको बाणको वृष्टि, गाण्डीव धनुका टङ्कार सुन्नुहोला, तब पुच्छर लुकाएर भाग्नुपर्नेछ ।

कर्णले भने, "महाराज ! देख्नुहोला, म रथी हुँ, तपाईं अहिले मेरो सारथि हुनुहुन्छ । हामी दुवैले परस्परमा यथाशक्य आफ्नो रक्षा गर्नुपर्दछ । मित्र भएर शत्रुको काम नगर्नुहोला अहिल्यैदेखि मउपर यस्ता अशुभ वाक्य बोल्न लाग्नुभयो भने हाम्रो कसरी कल्याण होला ? म अर्जुनभन्दा कुन कुरामा कम छु र तपाईं यसो भन्नुहुन्छ ? हेर्नुहोला आजै म अर्जुनको वध नगरिछोड्नेछैन ।"

शल्यले भने, "यो तपाईंले भन्नुभएको कुरा पनि ठीक हो । तर महावीर अर्जुनका प्रति तपाईंको समझ कदापि ठीक होइन । अर्जुनको बाणवेग सहन तपाईंलाई कष्टै होला । तपाईंले अर्जुनलाई मार्न खोज्नु बालकले आकाशको चन्द्रमालाई पक्रन खोज्नु जस्तै हो । अथवा स्यालले सिंहलाई जिस्क्याउनु जस्तै हो अथवा तपाईंले यो बकबक गर्नु हात्तीलाई कुकुरले भुकेर तर्साउन खोज्नु जस्तै हो ।"

शल्यका यस्ता निन्दित वाक्य सुनेर कर्णको कन्सिरी तात्यो । उनी पनि शल्यलाई जथाभावी भन्न थाले । शल्यलाई पनि झाँक चल्दै गयो । उनी पनि कडाकडी जवाफ दिन लागे । सो देखेर कर्णले भने, "महाराज ! यस बेला यो नाहकको क्रोध किन प्रकट गर्नुहुन्छ ? तपाईंको धेरै अवहेलना वाक्य मैले सहें । तैपनि तपाईं जड़ितै हुनुहुन्छ । श्रीकृष्ण र अर्जुनलाई मैले पनि राम्रैसँग चिनेको छु । यी दुवैले आँटे भने विश्वविजय हुन सक्तछ भन्ने कुरा मलाई पनि थाहा छ । तर अर्जुन आफ्नो गाण्डीव धनुको सहारामा त्यत्रो घमण्ड गर्दछन् ता मलाई पनि आफ्नो विजय धनुका उपर घमण्ड हुनु स्वाभाविकै हो । गाण्डीव धनुले ता केवल मानव संहार मात्र गर्दछ । मेरो विजयनामक धनु लिएर शङ्करजीले दैत्यको पनि संहार गर्नुभएको हो । परशुरामले यही विजय धनुद्वारा एक्काइस पटकसम्म क्षत्रियको संहार गर्नुभएको थियो । अब भन्नुहोस्, त्यस्तो विजय धनु मेरो हातमा छँदाछँदै मैले अर्जुनदेखि किन डराउनुपर्‍यो ? यस्ता महाशक्तिशाली धनुर्धारी भइकन पनि डराउन लागें भने मबाट के काम होला ? तपाईं मलाई अर्जुनभन्दा कुनै कुरामा कम छ भन्ने नठान्नुहोला । आजको दिनमा कि त अर्जुन मर्दछन्, कि ता मै मर्दछु । त्यति नभई आज सूर्यास्त नै हुनेछैन, तर तपाईं उपर मलाई ठूलो भरोसा थियो । तपाईं नै मलाई यसरी छास्न लाग्नुभएको छ आफैं अर्जुनदेखि डराउन लाग्नुभएको छ । वास्तवमा यो ठीकै हो । किनभने तपाईं मद्राधिपति हुनुहुन्छ । मद्रदेशीहरू मित्रका उपर छल गर्दछन् भन्ने कहावतै छ । कुटिल र दुराचारीमा पनि मद्रदेशीहरू ठालु हुन्छन् भन्ने सुनिन्थ्यो । ठीक रहेछ । किनभने उनीहरू बहिनी र दासीहरूका साथ पनि हास्य विलास गर्दछन् रे । गोमांस खानु,

मदिरा पिउनु पनि उनीहरूका लेखा दाल-भात छ रे । तपाईं पनि त्यस्तै हुनुभयो भन्ने कुरामा आश्चर्य नै के छ ? मद्रदेशका स्त्रीहरू पनि स्वच्छन्द र पति-वञ्चक हुन्छन् भन्ने सुनिन्छ । पतिलाई कडा वचन गर्ने उनीहरूको चलनै पनि छ रे । फेरि धर्म भनेको के हो त्यो पनि थाहा छैन रे । त्यस्तो देशको निवासी हुनाले नै आज तपाईं यस्तो चेष्टा निकाल्न लाग्नुभएको छ । म राजा दुर्योधनको परम मित्र हुँ, उनका निमित्त सर्वस्व त्याग गर्नुपरे पनि म हिचकिचाउन्न । उसैले आज एक-एक पाण्डुपुत्रलाई गनी गनी नमारिछोड्नेछैन । आज मेरो वेग कसैले रोक्न सक्नेछैन । अब जे भयो भयो । अरू यस्तो कुरा मुखबाट ननिकाल्नुहोला । नत्र यही गदाले तपाईंको काम तमाम गरिदिनेछु । आजको म रथी हुँ, तिमी सारथि हौ । मेरो कमानमा तिमीले चल्नैपर्दछ । होसियारी साथ चाँडो रथ हाँक ।"

शल्यले भने, "सुन्यौ कर्ण ! तिम्रो यो बकबक त्यो कौवाको जस्तै हो । यसमा एउटा कथा भन्दछु सुन :

समुद्र किनारमा कोही महाजन बस्तथ्यो । त्यसको छोराले एउटा कौवा पालेको थियो । त्यस महाजनका छोराको जूठोपुरा खाँदा-खाँदा खूब मोटो भएछ । एक दिन त्यस कौवाले आफ्नो जलासयतर्फ जान लागेका हाँसहरूलाई देखेर तिमीहरू को हौ ? भनी सोधेछ । हाँसहरूले "हामी हाँस हौँ" भन्ने जवाफ दिएपछि त्यस कौवाले भन्यो, "मसित सँगै उड्न सक्तछौ ? म सय किसिमले उड्छु । तिमीहरू पनि त्यसै गरी उड्न सकौला ? लौ भन तिमीहरू जसरी भन्दछौ, म उसै गरी उड्दछु ।" हाँसले, "हामी सीधा आकाशमा मात्र उड्न जान्दछौँ" भन्दा कौवा पनि त्यसैगरी उड्नमा राजी भयो । त्यसपछि एउटा हाँस भुर्र उड्यो, अनि कौवा उड्यो । पहिले ता कौवा निकै चाँडो भएर हाँसलाई उछिन्न पुगेथ्यो, तर थोरै बेरमा नै थाकेर समुद्रमा झर्न तयार भयो । त्यो देखेर झटपट हाँसले त्यस कौवालाई आफ्नो पीठमा राखेर उही महाराजकहाँ पुऱ्याइदियो ।

कर्ण ! तिमी पनि त्यै कौवा जस्ता हौ । धृतराष्ट्रका पुत्रहरूको जूठोपुरा खाएर अर्जुनसँग युद्ध गर्न चाहन्छौ । तिम्रो पनि कदाचित् त्यै कौवा जस्तो हालत नहोओस् ।"

यस्तो दृष्टान्त समेत आफ्नाउपरको आक्षेप सुनेर कर्णका आँखा राता भए । उनले मेघगर्जित स्वरमा भने, "शल्य ! अब म तिम्रो यो अवहेलना सहन सक्तिनँ, तैपनि यो एक पटकसम्मलाई क्षमा गर्दछु । राम्रोसित रथ चाँडै हाँक । यहाँभन्दा बढ्ता बोल्यौ भने जिभ्रो काटिनेछ, होस राख ।" निदानमा यो ठेलाबाजी यसरी

बढ्यो कि दुवै जना शस्त्र उठाएर आफू-आफूमा मारामार गर्न तयार भए । तब तिनीहरूलाई दुर्योधनले सम्झाई बुझाईकन शान्त गराए ।

बल्लतल्ल रथी र सारथिको झगडा शान्त भएपछि युद्धको सुरु भयो । कर्ण धनु उठाएर पाण्डवसैन्यको कत्तल गर्न थाले । दुर्योधनादि पनि उनका साथसाथै पाण्डवसैन्यमा धूम मच्चाउन लागे । यतातिरबाट युधिष्ठिर आदिले पनि कौरवसैन्यमा घुसेर चारैतर्फ हाहाकार मच्चाउँदै शतसहस्र वीरहरूलाई धराशायी गराउन बाँकी राखेनन् । देख्तादेख्तै रणभूमिबाट रक्तनदी प्रवाहित हुन लाग्यो । मासु बोसोले थलथले हिलो जम्यो । यस प्रकारसित दोपहरसम्म लगातार युद्ध भैरह्यो । त्यसपछि स्वयम् महाराज युधिष्ठिर र कर्ण भिडिए । भेट हुनासाथ युधिष्ठिरले कर्णका उपर दुई-चार नराम्रा कुरा के भनेका थिए, कर्णले ती कुराको जवाफमा एकाएक युधिष्ठिरका उपर दशवटा तीखातीखा बाण बर्साई उनलाई घायलै गराए । त्यसको बदलामा युधिष्ठिरले पनि एउटा बेजोडको बाण हानेर कर्णका कोखा छेड्दै बाहिर निकालिदिए । उनी घुप्लुक्क पछारिएको देखेर पाण्डवहरूमा बडो प्रसन्नता भयो । तर एकै क्षणपछि होस पाएर उठेका कर्णले सहस्र बाणको वृष्टि गरी पाञ्चाल सैन्यलाई तितरवितर तुल्याए । उनले युधिष्ठिरलाई र युधिष्ठिरले उनलाई पनि कैयौं पटक घायल गराएको हुनाले ज्यादा गरेर चोट धेरै युधिष्ठिरमाथि पर्न आयो । यो देखेर धृष्टद्युम्न र द्रौपदीका पाँच पुत्रसमेत मिली कर्णका उपर बाण बर्साउन थाले । उनीहरूले यस पटक कर्णलाई घेरामा पारेर मारौं भन्ने उद्देश्यले आक्रमण गरेका थिए । तर कर्ण पनि त्यस्ता बेहोसी थिएनन् । उनीहरूको चाल बुझ्नासाथ उनीहरूका उपर ब्रह्मास्त्र छोडे । त्यसले गर्दा पाण्डवसैन्यलाई अत्यन्त आकुलव्याकुल तुल्यायो । कैयौं वीरहरू भकाभक मरे पनि । युधिष्ठिरको धनु पनि काटियो । अर्को कर्णको एक बाणले उनको कवच पनि चूर्ण भयो र पृथ्वीमा थुप्रो लाग्यो । त्यो सुवर्णजडित कवच रणभूमिको मांस कर्दममय भूमिमा बादलका बीचमा रहेको बिजुलीझैं सोभित देखियो । यसरी धनु कवचसमेत काटिएपछि युधिष्ठिरले अरू केही नभ्याई झटपट कर्णका उपर शक्ति उठाएर हाने, तर त्यसलाई पनि कर्णले बीचैमा काटी गिराइदिए । युधिष्ठिरलाई पनि बाणमाथि बाण थप्दै हायल कायल गराए । उनको रथै पनि चूर्ण भयो । सारथि मारियो, घोडा पनि बचेनन् । उनी अर्को रथमा सवार भएर भाग्ने दाउ खोज्न थाले । उनको आशय बुझेर अर्को रथ तयार भयो । त्यै रथमा सवार भई उनले रणभूमिबाट तुरुन्तै पलायन गरिहाले । त्यस बेला पनि

कर्णले उनलाई मारूँ भनेको भए ठूलो मौका हात लागेको थियो । तर उही माता कुन्तीको वचन सम्झी त्यसै छोडिदिए ।

यस प्रकारसँग युधिष्ठिरलाई भगाएपछि कर्णको फूर्ति झन्झन् बढ्न थाल्यो । सो देखेर उनको तेजोवध गर्नानिमित्त शल्यले फेरि भने, "वीर कर्ण ! अहिले तिमी धर्मराज युधिष्ठिरलाई पक्रने इच्छा नगर, नत्र उनको सरापले भस्म हुनेछौ ।" यस कुराको कर्णले केही जवाफै दिएनन् । यता युधिष्ठिर भागेर आफ्ना शिविरतिर लागेको देख्नासाथ उनका सहायकहरू पनि कर्णलाई त्यसै छोडी युधिष्ठिरका पछिपछि दौडन लागे । यो देखेर युधिष्ठिरलाई बडो शरम लाग्यो । उनले आफ्ना सहायकहरूलाई भने, "भाइ हो ! यसरी भाग्न लागेको मेरो पछि लागेर तिमीहरूलाई के लाभ छ ? फर्क, कर्णका साथ युद्ध गर ।" सो सुनेर सबै फेरि रणभूमितर्फ फर्के । युधिष्ठिर शिविरमा पुगेर घाउहरूमा मलहमपट्टी गर्न थाले ।

महाराज युधिष्ठिरका साथसाथै सैन्यहरू पनि भागेको देखेर पाण्डवहरूको चित्तमा बहुतै धक्का लाग्यो । उनीहरू ज्यान तोडेर लड्न थाले । मार, काट, सिद्धयाओ इत्यादि शब्दले आकाश ढाकिन थाल्यो । हात्ती, घोडा, रथहरू घायल तथा चूर्णित हुँदै पसारा पर्न थाले । हज्जारौँ घोडाचढी-हात्तीचढीहरूमा कसैका हात, कसैका पयर, कसैका शिर काटिएका छन् । रुण्डमुण्डले बाटो पाइनसक्नु भइरहेछ । भयानक शब्दले दश दिशा मुखरित भैरहेछ । कसैको चित्तमा होसहवास केही छैन । युद्धले भीषण रूप धारण गरिरहेको छ । हात्तीसँग हात्ती, घोडासँग घोडा, रथीसँग रथी, सारथिसँग सारथि, पैदलसँग पैदल भिडिरहेछन् । सास फेर्ने फुर्सदसम्म कसैले पाएको छैन । कतै लुछाचुँडी, कतै मुक्कामुक्की, कतै दाह्रा धसाधस, कतै घुस्साघुस्सी, कतै चडकाचडकी परिरहेछ । पृथ्वी मरेका सैन्यका मासु, बोसो आदिले महापङ्किल भइरहिछन् । रगतको बाढी चलिरहेछ । रगत-मासुका निमित्त स्याल, गिद्ध, कागहरूमा पनि गर्दी घमासान परिरहेछ । यस युद्धमा सबैको भन्दा भीमसेनको पराक्रमले अद्भुत रूप धारण गरेको देखिन्थ्यो । एक पटक उनले कौरव सैन्यलाई भगाएर रणभूमिलाई शून्य पनि गराइदिएका थिए । तर पछिबाट कर्णादि वीरहरूको प्रेरणाले फेरि फर्केर युद्ध गर्न थाले ।

यता कौरवपक्षीय संसप्तक सैन्य प्रतिदिन अर्जुनसँग मात्र युद्ध गर्दथ्यो । अर्जुन त्यतैतिर अलमलिएका हुनाले अन्यत्र लड्ने फुर्सदै पाउँदैनथे । त्यस संसप्तक सैन्यका सरदार राजा सुशर्मा थिए । उनको त्यो सैन्य गोपाल तथा नारायणी सेना भनेर प्रसिद्ध थियो । आजको दिनमा अघिपछि भन्दा ज्यादा नै संसप्तकहरूले अर्जुनलाई अलमल्याइराखेका थिए । सुशर्माको ससैन्य आक्रमणले

गर्दा उनी अत्यन्त आजित हुनु मात्र बाँकी थियो । एक पटक उनीहरूले अर्जुनलाई घेरामा पारेर च्यापिसकेका पनि थिए । सो च्यापिएको समयमा मार पनि उत्तिकै उनमाथि परिसकेको थियो । रथ पनि बाणैबाणले ढाकिएको थियो । कहाँसम्म भने सारथि स्वयम् कृष्ण र ध्वजानिवासी महावीर हनुमान्समेत घायल हुनुबाट बचेका थिएनन् । यो सब देखेर अर्जुनको अवस्था आफैं मृतकसमान भइरहेको थियो । अन्त्यमा लाचार भई उनले बडो वेगसाथ नागास्त्रको प्रयोग गरे । सो अस्त्रबाट छुटेका हजारौं, लाखौं सर्प र नागहरू फणा उठाउँदै सनसनाएर कौरव सैन्यलाई टुंग्न थाले । त्यसमाथि अर्जुनका गाण्डीवबाट छुटेका बाणको वृष्टिले उत्तिकै घनघोर मच्चायो । कौरवसैन्य एक एक हाँडीमा भुटिएको मकै जस्ता भए । रुनु, त्राहित्राहि पुकार्नुसिवाय उनीहरूको सत्ता केही रहेन । घण्टौंसम्म यही प्रकारको धूमधामको युद्ध मच्चियो ।

यसपछि संसप्तकहरूले, अब अड्न मुस्किल छ भन्ने ठानी अर्जुनलाई हटाउनका निमित्त राम्रै कम्मर कसे । उनीहरूबाट यस पटक अर्जुनका उपर घोर मार पर्न थाल्यो । सुशर्माले कैयौं बाण रोपेर उनको पाखुरा र छातीमा समेत छिद्रै छिद्र गराइदिए । त्यस मारलाई खप्न नसकेर मूर्छित हुँदै अर्जुन रथको कोखातिर घुप्लुक्क पछारिए । "लौ अर्जुन मरे" भनी सैन्यमा कोलाहल मच्चियो । तर थोरै बेरपछि त्यै कोलाहल कानमा पर्नाले उनको मूर्च्छा खुल्यो । उनी फेरि गाण्डीव धनु उठाएर शत्रुदलको संहार गर्न थाले । उनले इन्द्रास्त्रको प्रयोग गरी सहस्रौं हात्ती, घोडा, रथ र रथीहरूको चूर्ण गराए । जम्मा पुगनपुग दश हजार क्षत्रिय वीरहरूका लासको क्षणभरमा थुप्रो लाग्यो । तब सुशर्माले आफ्ना मोर्चा कायम गर्न नसकी आफैं पछि हट्नुपऱ्यो ।

यस बेला पाण्डवहरूको वेग यसरी बढेको थियो कि कौरवपक्षको कुनै वीर पनि उनीहरूको सामने पुग्नै पाउँदैनथ्यो । कृतवर्माले पनि उत्तिकै घूम मच्चाएका थिए । यता कर्ण पनि अद्भुत पराक्रम निकालेर पाण्डवहरूको विध्वंस गर्न मुस्तैद थिए । गरुडले जसरी एक एक नछोडी सर्पको स्वाहा पार्दछन्, त्यसै गरी कर्णका विषधर बाणहरू पनि पाण्डव वीरहरूलाई चपाउन भनी आइलाग्दथे । सूर्योदय हुनासाथ अन्धकारको नाश भएझैं कर्णका बाणवृष्टिले गर्दा पाण्डवसैन्यहरूको नाश हुन लाग्यो ।

आज कर्णको वेगलाई भीमसेनले पनि सहन सकेनन् । उनी एकाएक क्रुद्ध भएर गदा घुमाउँदै कौरवदलतर्फ दौडे । उनको मारमा परेर पहिले नै बाल्हीकनरेश, केकए, वात्स्य, मद्र तथा सैन्धव सैन्य सोतर भयो । त्यसपछि बीचबीचमा जजसलाई

भेट्टाउँछन् उसउसलाई मार्दै उनी दुर्योधनको गजसैन्यमा घुम्न पुगे । त्यस सैन्यका हजारौं हात्तीको गण्डस्थल फोर्दै कैयौं घोडचढी र रथरथीहरू उनको गदाद्वारा चूर्ण हुन थालेका देखिए । एवम् रीतले क्रमशः कौरवदलको शक्तिलाई उनले क्षीण गराउँदै लगे । दुर्योधनको मुटु हल्लन थाल्यो । अब भीमसेनलाई राम्रै अवसर हात लाग्यो । उनी अझ उत्तेजित हुँदै शत्रुदलको संहार गर्न लागे ।

यता कर्णले पाण्डवसैन्यलाई र संसप्तकहरूले अर्जुनलाई घेरामा पारिराखेका थिए । अर्जुनको संसप्तकका साथ लगातार युद्ध चलिरहेको थियो । कर्णको मारमा परेर पाण्डवसैन्य व्याकुल थियो । धृष्टद्युम्न पाञ्चाल सैन्यतर्फ धूम मच्चाइरहेका थिए । यसैबीचमा अर्जुनले श्रीकृष्णसँग भने, "भगवान् ! अब संसप्तकहरू हैरान भएर भाग्न थाले । यिनको पछि लाग्ने आवश्यक अहिले केही देखिँदैन । बरु उता कर्णको मारमा परेर हाम्रो सैन्य व्याकुल भैरहेछ । यसकारण मैले उतै जानु बेस होला । रथ उतै लगिबक्सनुपर्ला कि ! म कर्णसँग लड्न जान्छु ।" यो सुनेर श्रीकृष्णले हाँस्तै हाँस्तै रथ बढाइहाल्नुभयो । परन्तु सो रथ अगाडि बढ्न लागेको देख्नासाथ फेरि संसप्तकहरूले अर्जुनलाई घेरिहाले । त्यही युद्ध गर्दा गर्दैमा धेरै समय व्यतीत भयो । अन्त्यमा अर्जुनले फेरि सो संसप्तक सैन्यलाई हटाएर पठाए ।

संसप्तकहरूलाई भगाएर फर्कंदा नजाने किन हो अर्जुनको मन एकाएक हडबडाएर उठ्यो । उनले दाज्यू युधिष्ठिर भएका ठाउँमा जाऔं भनी श्रीकृष्णलाई रथ बढाउनानिमित्त प्रार्थना गरे । श्रीकृष्णले भन्नुभयो, "अर्जुन ! तिमी यो के कुरा गर्दछौ ? उता शत्रुहरू आफूलाई हाँक दिइरहेछन् । सो देख्तादेख्तै म कसरी तिम्रो रथलाई युधिष्ठिर भएतिर लैजाऊँ ।" श्रीकृष्णको यस्तो उक्तिले अर्जुन निरुत्तर भए । लाचारीसाथ रथ पनि अगाडि बढाउनुभयो । अर्जुन धडाधड बाण बर्साउन लागे । उनका ती बाणलाई अश्वत्थामाले बीचबीचैमा काटिदिने गर्दथे । अश्वत्थामा त्यस बेला आठ-आठवटा रथलाई तान्दै आइरहेका आठ जना ठिटाहरूको सहायतामा आक्रमण गरूँला भनी मौका खोजिरहेकै अवस्थामा तयार भएको हुनाले शत्रुदललाई अगाडि सारेका थिए । उनले अन्दाजी एक घण्टाभरसम्म अर्जुनका साथ लड्नुपऱ्यो । त्यति बेरमा नै अर्जुनले उनको धनु र रथसमेत चूर्ण पारिदिएकाले आफैं पछाडि हट्नुपऱ्यो । उनलाई हटाएपछि अर्जुन त्यहाँबाट फर्की दाज्यू युधिष्ठिर भएतिर आउन लागेका थिए । बीचैमा कर्णका साथ लडिरहेका भीमसेनसँग उनको भेट भयो । उनको मुखबाट दाज्यू युधिष्ठिर घायल भएर शिविरमा दाखिल भएको खबर उनले सुने । सो कुरा सुन्नु के थियो

उनलाई ठूलो चिन्ताले आक्रमण गरिहाल्यो । उनी श्रीकृष्णद्वारा हाकिएको रथको वेगलाई डबल गराउँदै हत्तरपत्त शिविरमा पुगेर रथबाट उत्रे । भित्र पसेर हेर्दा युधिष्ठिरलाई सकुशल देखेर प्रणाम गर्दै थचक्क बसे । तर उनको मनमा दाज्यू यसरी भागेर आउनाको कारण के हो भन्ने सन्देह थियो । यता श्रीकृष्णका साथ फर्केर आएका अर्जुनलाई देखेर युधिष्ठिरको मनमा पनि यिनी कर्णलाई मारेर फर्केका हुनन् भन्ने हर्षमा परेको बुझिन्थ्यो । उनले प्रसन्नतासाथ श्रीकृष्ण अर्जुन दुवैलाई सम्बोधन गर्दै भने, "तपाईंहरूका देहमा रगतका छिटाहरू भने देख्छु तर घाउ भने कतै देख्तिन । के कर्णलाई मारेर फर्केको ता होइन ? बडो खुशी लाग्यो । दुर्योधनलाई पागल गराउने त्यै छुसी हो । त्यै हाम्रा मार्गको विषालु काँडो थियो, त्यसैको दुर्नीतिमा लागेर दुर्योधनले हामीलाई यतिसम्म गराएको हो । आज बल्ल मारिएछ, बहुतै बेस भयो । मलाई त्यसले यसरी मारेको थियो कि बयानै गरिसक्नु छैन । पाजीले अर्जुनलाई नमारुन्जेलसम्म हस्तिनापुरमा फर्कन्यैछैन भन्ने प्रतिज्ञा गरेको थियो, आज आफैं मरेछ । ईश्वरको लीला अपार छ ।"

अर्जुनले अचम्म मान्दै उत्तर दिए, "दाज्यैज्यू ! म प्रतिदिन संसप्तकहरूसँग युद्धमा अल्झिरहेको हजुरलाई जाहेरै छ । त्यस युद्धबाट फुर्सद पाएकै थिएन । बीचमा अश्वत्थामा मउपर आइलाग्नुभयो । उहाँसँग मेरो घोर युद्ध भयो । उहाँले मलाई खूब घायल गराउँदै हुनुहुन्थ्यो, अरू कौरवदलसमेत हूल उठेर मलाई घेरे । उनको मारमा श्रीकृष्णसमेत मैले कैयौं बाणको शिकार बन्नुपऱ्यो । परन्तु आखिर हजुरको आशीर्वादले र प्यारो गाण्डीवधनुको प्रसादले हजारौं शत्रुसैन्यलाई मार्दै आफ्ना पनि हजारौं सैन्यलाई मराउँदै फर्कन लागेको थिएँ । बीचैमा माहिला दाज्यै (भीम) सँग भेट हुँदा हजुर घायल भएर फर्कनुभयो भन्ने सुनेकाले दर्शन गर्न भनी आएको हुँ । यसैले आज कर्णलाई मार्न पाइएन, अब यहीबाट तुरुन्तै गएर मारुँला ।"

अर्जुनका मुखबाट कर्ण अझसम्म जीवितै छन् भन्ने कुरा सुनेर युधिष्ठिरको चित्तमा ठूलो आघात पऱ्यो । उनले अर्जुनउपर क्रुद्ध हुँदै भने, "भाइ ! तिमीलाई धिक्कार छ । भो, मलाई तिमीले मुख पनि देखाउनुपर्दैन, कर्णलाई आज नै मार्छु भन्ने तिम्रो प्रतिज्ञा कहाँ गयो ? एक्लै कर्णलाई मारुँला भन्ने प्रतिज्ञा गरेको व्यर्थ भयो । झन् उल्टो एक्ला भीमसेनलाई उहाँ छोडेर तिमी फर्किआयौ ! के तिमीलाई शरम पनि लाग्दैन । एक्लै अर्जुनले हामीलाई राज्य दिलाउलान् भन्ने कत्रो आशामा तिमीले पानी फेरिदियौ । तर बेसै भयो, बेला छँदैमा तिमीले आफ्नो परिचय दियौ । नजाने अझ पछिपछि मेरो उपर कति धक्का पर्ने हुन् । अब यो गाण्डीव धनु पनि व्यर्थै किन लिन्छौ ? यस काठलाई फ्याँकिदेऊ, अथवा अग्निमा

जलाइदेऊ । आजदेखि आफूलाई तिमीले वीर हुँ भनेको म सुन्न सक्नेछैन ।" यति भन्दाभन्दै युधिष्ठिर पलङमा चित परे ।

गाण्डीवधनु नै फ्याँकिदेऊ वा जलाइदेऊ भन्ने कुराले विशेष गरेर अर्जुनको चित्तमा ठूलो आघात पुऱ्यायो । उनी एकाएक आगबबुला भएर म्यानबाट तरबार झिक्तै युधिष्ठिरउपर एकदम जाइलागे । तब झटपट श्रीकृष्णले उनको हात रोकेर भन्नुभयो, "अर्जुन ! यो के गरेको, यो तरबार किन झिक्यौ ?" अर्जुनले भने, "युधिष्ठिरलाई मार्न । हजुरलाई त थाहै छ कि मैले प्रतिज्ञा गरेको छु कि मेरो गाण्डीवधनुको जसले तिरस्कार गर्ला त्यसको शिर काटिदिनेछु । अहिले दाज्यैबाट मलाई तेरो गाण्डीवलाई जलाइदे, फ्याँकिदे भन्नुभयो ।"

श्रीकृष्णले भन्नुभयो, "अर्जुन ! तिमी धर्मको तत्त्व जान्दैनौ । बडाको अपमान गर्नु नै उनलाई मार्नु हो । तिमी स्वयम् आफ्ना दाज्यूलाई मार्न उद्यत भइरहेछौ, उहाँलाई को देखेका छौ ! उहाँ अहिले व्यथित हुनाले के-के बोल्न लाग्नुभएको छ, यस्तो पीडित अवस्थामा मनुष्यको मुखबाट राम्रो नराम्रो प्रलाप हुन जानामा आश्चर्य नै के छ ? यदि उहाँले जानीजानी तिम्राउपर आक्षेप गर्नुभएको हो तापनि त्यसो गर्नाको आशय तिमीलाई कर्णका प्रति उत्तेजित गराउनु हो । त्यस अधिक्षेपबाट उत्तेजित भएका तिमीले कर्णलाई शीघ्र नै मारिदेउला भन्ने उहाँको आशा हो ।"

श्रीकृष्णको यो कुरा सुनेर अर्जुनले झिकिसकेको तरबारसम्म म्यानमा राखे, परन्तु उनको रिस भने मरेको थिएन । उनी फेरि पनि दाज्यू युधिष्ठिरका प्रति कटु वाक्यको प्रयोग गर्न थाले, "आफू भने कर्णका डरले डेरामा आएर लुक्ने, मसँग व्यर्थै रिसाउने ! यदि माहिला दाज्यैले उहीं भेट भएका बेलामा मेरो निन्दा गर्नुभएको भए सहने थिएँ किनभने उहाँ अनेक कठिनता सहेर शत्रुसँग लडिरहनुभएको छ । त्यस बेला उहाँले मेरो निन्दा गर्न सुहाउन्थ्यै कुरा हो । परन्तु हजुरलाई शिविरमा बसीबसीकन मेरो निन्दा गर्ने के अधिकार छ ? हजुरले नै गर्दा राज्य गयो, द्रौपदीको यस्तो दुर्दशा भयो, वनवनको धूलो छानेर कैयौं वर्ष बिताउनुपऱ्यो । अहोरात्र हामी चारै भाइ हजुरको आज्ञापालन गरिरहेका छँदैछौं । त्यसका निमित्त आफ्नो क्षत्रियत्वलाई समेत हामी बिर्सिरहेका छौं, हाम्रो सारा सिरीखुरी जुवामा फुँकिदिँदा पनि हामीले चूँसम्म गरेनौं, हाम्रो त्यतिको त्याग, त्यस्तो बलिदानले पनि नपुगेर अझै तपाईं के चाहनुहुन्छ ? तपाईको रक्षाका निमित्त हामीले आफ्नो ज्यानको पनि परवाह राखेका छैनौं, तैपनि अझ उल्टै हाम्रै अपमान ! खबरदार ! अब उपरान्त यस्तो दुर्वाक्य कदापि त्यस मुखबाट ननिस्कोस् ।"

यस प्रकारसँग क्रोधान्ध हुँदै बडबडाएर अर्जुन जब शान्त भएथे तब शय्याबाट उठेर शोक प्रकट गर्दै युधिष्ठिरले भने, "भाइ ! क्षमा गर मैले तिमीलाई ठूलो कष्ट गराएँ, यो सब मेरै दोष हो । मेरै निम्तिमा तिमीहरू सबैले यो दुःख भोग्नुपरेको छ, डरपोक पनि मै हुँ, कठोर तथा मूर्ख पनि मै हुँ, मेरै निमित्तमा सारा कुल नष्ट हुन लागिरहेछ । यसकारण अब मैले जीवित रहनाको केही आवश्यक छैन । तिमी ठीक समयमा आइपुगेछौ, अब यही तरबारले तिमी मेरो शिरलाई अलग गरिदेऊ । त्यति भएपछि सारा झगडा आफसे आफ मेटिनेछ ।" यति भनेर युधिष्ठिरले अर्जुनका अगाडि शिर झुकाइदिए । उनको यस नम्रताले गर्दा अर्जुनले स्वयम् लज्जित हुँदै तरबार थन्क्याउनाको सट्टा आफ्नै शिर काट्न भनी उठाए । तब झटपट श्रीकृष्णले उनको हात रोकेर भन्नुभयो, "बडाको अगाडि आफ्नै मुखले आफ्नै प्रशंसा गर्नु पनि आफ्नै शिर काट्नु बराबर हो । तिमीले दाज्यूको ठूलो अपमान गऱ्यौ । यसकारण उहाँको पाउमा परेर क्षमा माग ।"

अर्जुनले भने, "महाराज ! मैले आसमुद्रान्त पृथ्वीलाई जितेर हजुरलाई सम्राट् बनाएँ, राजसूय जस्तो महायज्ञ गराएँ, हजुरको प्रताप बढाएँ, महादेवसँग समेत युद्ध गरेँ, निवातकवच र पौलोमादि दानवलाई मारेँ; लौ भन्नुहोस्, मेरो अगाडि को टिक्न सक्यो ? तैपनि मेरो प्रिय दाजैज्यू ! मबाट केही अपराध भएको छ भने क्षमा गर्नुहोला ।"

यति भन्दै अर्जुन चुप लागे । तर नजाने युधिष्ठिरको मनमा के जोश उठ्यो; उनी जुर्मुराउँदै शय्याबाट उठेर एकदम दौडे । तब श्रीकृष्णले रोकेर सोध्नुभयो, "महाराज ! यसरी एकदम उतर्सिँदै किन दौडन लाग्नुभएको ?" युधिष्ठिरले भने, "यतिसम्म अपमानित भएपछि यहाँ बस्ने केही काम छैन, अब म वनमा गएर बस्तछु ।" श्रीकृष्णले भन्नुभयो, "महाराज ! तपाईं विद्वान् हुनुहुन्छ, अर्जुन लडका हुन्, उनको लडकपनमा तपाईंले यसरी रिसाउनु उचित छैन; उनलाई क्षमादान गरी चाँडै नै कर्णलाई मारेर आऊ भनी आज्ञा दिनुहोस् ।" श्रीकृष्णको आज्ञा कसले उल्लङ्घन गर्न सक्तथ्यो । उहाँको त्यस उक्तिले युधिष्ठिरको क्रोध स्वयम् शान्त भयो । तब श्रीकृष्णले अर्जुनलाई झटपट दाज्यूका पाउमा पर भनी इसारा गर्नुभयो । इसारा पाउनासाथ युधिष्ठिरको पाउमा गिरे । युधिष्ठिरले उनलाई प्रेमपूर्वक उठाएर आलिङ्गन गर्दै अविरल बगेका अश्रुधारामा सो सबै मनोमालिन्यलाई बगाइदिए । त्यति भएपछि दाज्यूबाट कर्णवधका निमित्त बिदा भई अर्जुन अनेक प्रतिज्ञा गर्दै रथ सवार भइहाले । रणभूमिमा पुगेपछि उनको कर्णका साथ भयङ्कर सङ्ग्राम आरम्भ भयो ।

यस बेलासम्म महाबली भीमसेन कौरवहरूसँग एक्लै लडिरहेका थिए । न त्यहाँ युधिष्ठिर थिए, न अर्जुन । त्यसकारण पाण्डवसैन्यहरू कौरवसैन्यद्वारा चुटिनासम्म चुटिएका थिए । धेरैजसो थाक्तै आएका पनि देखिन्थे । एक्ला भीमसेनको शक्ति कतिसम्म एकनास रहन सक्तथ्यो, तैपनि उनी अद्भुत पराक्रम देखाउँदै लडिरहेका थिए । यसै बेला अर्जुनको रथ रणभूमिमा उपस्थित भयो । परन्तु भीमसेन भएका ठाउँसम्म पुग्न नपाउँदै उनलाई कर्णले बीचैमा रोके । तब अर्जुनको कर्ण र संसप्तक दुवैतर्फ घमासान हुन थाल्यो ।

यस प्रकारले युद्ध दुई भागमा बाँडियो । तर भीमसेनलाई त्यस कुराको खबरै थिएन । उनी अर्जुनको अनुपस्थितिमा आफूलाई नै उत्तरदायी सम्झी लडिरहेका थिए- उनबाट कौरवसैन्य खूब मार खाइरहेको थियो । दुर्योधनका सबै भाइहरू एकै हूल भएर भीमसेनका उपर आक्रमण गरिरहेका हुनाले सङ्ग्राम असाध्यै नै मच्चिएको थियो । यस्तैमा भीमसेन कौरवको हात्तीचढी सैन्यलाई पनि तितरवितर पार्दै एकाएक दुःशासनमाथि झम्टन पुगे । अब यिनै दुई जनामा घोर घमासान हुन थाल्यो । दुःशासनले भीमसेनको धनु काटेर उनका उपर एकै पटक नब्बे बाण प्रहार गरे । त्यसको बदलामा भीमसेनले पनि आफ्नो विषभुजी नामक शक्ति उठाएर दुःशासनका उपर फ्याँके । तर त्यसलाई पनि वीर दुःशासनले बीचैमा काटेर गिराइदिए । उनको यो हस्तलाघव देखेर कौरवहरू दङ्गदास भए ।

अन्त्यमा दुःशासनउपरको त्यो प्रशंसा सुनेर भीमसेनलाई असह्य भयो । उनले मेघ गर्जित आवाजमा भने, "खबरदार पाजी दुःशासन, तेरो बाणको वृष्टि मैले सहनासम्म सहँ । अब मेरो गदाको दनक तँलै सहनुपर्दछ । सो सहन सकिस् भने बहादुर रहिछस् । अब तेरो जीवनको अन्तिम घडी आइपुग्यो । यही गदाको एक प्रहारमा द्रौपदीउपर तँलै गरेका अत्याचारको बदला नलिइछोड्नेछैन ।" यो कुरा सुनेर दुःशासन पनि क्रोधले दाह्रा किट्न थाले । उनले तुरुन्तै आफ्नो शक्ति भीमका उपर प्रहार पनि गरे । वीर भीमसेनले पनि बीचैमा काटेर त्यस शक्तिलाई चूर्ण गराइदिए । त्यसरी आफ्नो शक्ति विफल भएको के देखेथे दुःशासनको छाती नै ताकी एक गदा प्रहार गरेकोमा सो गदा उनको छातीमा नलागी रथमा बजारिन पुग्यो । रथ धूलोपीठो भयो । भीमले अर्को एक गदाले उनलाई पनि ठोके । सो चोट सहन गर्न नसकी विरथ दुःशासन भूमिमा बजारिँदै मूर्छित भए । उनको शरीरबाट रगतको प्रवाह बहन लाग्यो । सारथि र घोडाहरू पनि मारिए । कवच, भूषण र हातहतियारसमेत सुशोभित दुःशासन भारी चोट खाएर जमिनमा लडी "मरैं, मरैं" भनी कराउन लागे । उनको त्यो आवाज सुनेर पाण्डव पाञ्चालहरूमा

प्रसन्नताको बाढ फुटेको देखियो । उनीहरू धूमधामसँग वाद्यध्वनि गर्दै हर्ष प्रकट गर्न लागे । भीमका हर्षको ता झन् सीमा नै रहेन । उनी त्यो हर्षले उन्मत्त भएर हत्तपत्त रथबाट फाल हाल्दै दुःशासनको छातीमा पुगी घुँडा धसेर घ्याँक्न थाले । मूर्छित दुःशासनको चैतन्य अलिअलि फर्केर जब टुलुक्क हेरेथे, तब भीमसेनले भने, "भन् ए दुष्ट ! द्रौपदीको चीर खैँचने तेरो कुनचाहिँ हात हो ?" दुःशासनले दाहिने हात उठाएर देखाए । भीमसेनले सो हातलाई पक्लक्क उखेलेर आफ्नो हातमा उठाउँदै भने, "देखिस्, यही हात हो ?" त्यसपछि भीमसेनले तरबारको चुच्चो जोरसँग घुसार्दै दुःशासनको छातीलाई चिरे । छातीबाट रगतको फुहारा छुट्यो । तब त्यै फुहारा छुटेको रगत अँजुलीभर लिएर भीमसेनले आफ्नो मुखमा लगाए । अनि उनी, "कौरवसभाको जुवामा जो जो हाँसेका जस जसले हामीलाई "गोरु हुन्, बयल हो" भन्दै नाचेका थिए, आज म पनि "उनीहरू गोरु हुन्, बयल हुन्" भन्दै नाचेको लौ हेर !" भनी नाच्न थाले । त्यस बेलाको उनको त्यो चाल देखेर कौरवहरू जिउँदै मरे जस्ता भए । उनीहरू क्षणभर पनि टिक्न नसकी रणभूमिबाट बेपत्ता भए ।

दुःशासनवधको दृश्य देखेर कौरवहरू छाती पिटीपिटी रुन थाले, विशेष गरेर दुर्योधनलाई दाहिने हात काटिए जस्तै भयो । उनी एकदम दौडँदै कर्ण भएको ठाउँमा पुगे । कर्णलाई पनि ज्यादै नै रिस उठ्यो । उनी एकाएक चुरिँदै अर्जुनलाई त्यसै छाडेर भीमसेन भएतिर दौडे । त्यस बेला भीमसेन रथमा चढेर अर्जुन भएतिर जान लागेका थिए । बीचैमा फेलापर्नाले उनका उपर कर्णले छोडेका बाणको ठूलो मार पऱ्यो । उनले पनि कर्णसँग त्यसको बदला लिन बाँकी राखेनन्, दुवै उत्तिकै घायल भए । यति हुँदै थियो, यसैबीचमा कर्णपुत्र वृषसेन पिताको सहायता गर्न भनी उपस्थित भए । उनी पनि विचित्र पराक्रमशाली योद्धा थिए । उनीसँग पहिले मुखैमा अर्जुनको घमासान पऱ्यो । दुवै उस्तै उस्ता लडाकु वीर हुनाले तिनीहरूको लडाइँ तारिफलायक देखिन्थ्यो । अर्जुन जति शस्त्रास्त्र चलाउँथे उतिलाई वृषसेन बीचबीचैमा काटिदिन्थे । अर्जुन पनि झन् किन डराउँथे । उनी वृषसेनलाई दोब्बर तेब्बर बाणवृष्टिद्वारा ढाकिदिऊँ भनी अनेक यत्न गर्दथे । अन्त्यमा अब अर्जुनले यस (वृषसेन) लाई नमारिछोड्नेछैन भन्ने विचारले स्वयम् कर्ण पनि भीमसेनतर्फको युद्धलाई छोड्दै त्यहीं सामेल हुन आए । उनलाई देख्नासाथ अर्जुनको धनुबाट छुटेका शतसहस्र बाणहरूको पर्रा एकसाथ उनीमाथि वैरिन लाग्यो । त्यति हुँदाहुँदै भीमसेन अर्जुनलाई साथसाथै बिताउनुपऱ्यो भन्ने विचारले ती पिता-पुत्र एकैसाथ लड्न थाले ।

महाबली भीमसेनको साथ पाउनाले अर्जुनको वेग झन्झन् बढ्दै गएको देखिन्थ्यो । उनीहरू दुवै भाइ मिलेर कर्णलाई बिताउन अनेक चेष्टा गर्दथे । दुवैतर्फको फौज पनि परस्पर भिडिरहेको थियो । कैयौं पटक अर्जुन घायल भए, कैयौं पटक भीम घायल भए । भयानक युद्धको दृश्य देखिन लाग्यो । दुवैतर्फका शतसहस्र सैन्यहरूको घात प्रतिघातले गर्दा दुवैतर्फ हाहाकार मच्चियो । घायल हात्तीको चिघ्राइ, दौडँदादौडँदैका रथहरूको घरघराहटले सुन्ने-देख्नेहरूका कान, आँखा नै तर्सन्थे । सैनिकहरूमा को आफ्नो को पराई ? आँखा चिम्लेर मारामार गर्न थाले । भगवती वसुन्धरा पनि ती आफ्ना सपूतहरूको दुर्दशा देखेर विदीर्ण हुन लागेकी छन् कि भने जस्ती हुन थालिन् । रुण्डमुण्डहरूले रणभूमि खचाखच भयो ।

यस प्रकारको घोर सङ्ग्राम देखेर अश्वत्थामालाई बहुतै ग्लानि भयो । उनले झटपट दुर्योधनसँग गएर अब युद्ध बन्द गर्नुहोस् भनी निवेदन गरे । उनले यो कुरा पनि भने, "महाराज ! राज्यको क्षणिक सुखका निमित्त यो विघ्न पृथ्वीका वीर पुत्रहरूको संहार गराउनु उचित छैन, यो राज्यलालसालाई छोडी शान्तिपूर्वक रहनु नै श्रेय छ" इत्यादि ।

परन्तु हठी दुर्योधन त्यो कुरा किन मानिरहन्थे । झन् उत्तेजित हुँदै उनले युद्धको आदेश दिन थाले । लाचारीसाथ अश्वत्थामाले फेरि फर्केर युद्ध गर्नैपऱ्यो । यसै बेला वृषसेनका निमित्त अर्जुनले एक बाणद्वारा उनको धनु काटी अर्को बाण ताकेर कर्णलाई सम्बोधन गर्दै भने, "अङ्गराज, तिमीहरूले मेरो पछिल्तिर (नभएको बेला) छल गरेर मेरो पुत्र अभिमन्युलाई मारेथ्यौ, तर म त्यसो गर्दिनँ, तिम्रै सामने तिम्रो पुत्र वृषसेनलाई मार्दछु ।" यति भनेर उनले एक अमोघ बाण हानी वृषसेनको गर्दन काटिदिए । उनको शिर उछिट्टियो । कर्ण छाती पिट्दै हाय हाय गर्न थाले । कौरवहरूको उत्साह पनि भङ्ग भयो ।

आफ्नो देखादेखी पुत्र वृषसेन मारिएको देखेर कर्णको क्रोधाग्नि दन्केर उठ्यो । उनी फेरि आफैं अघि सरेर घोर सङ्ग्राम गर्न थाले । उनका साथसाथै कौरवसैन्यले पनि रणरूपी जुवामा आफ्नो प्राणको थपनी राखेर लड्न सुरु गरे । दुवैतर्फबाट अद्भुत रणकौशलका साथ घमासान मच्चियो । दुईतर्फबाट निरन्तर छुटेको बाणवृष्टिले आकाश ढाक्यो । अर्जुनले तीखा-तीखा बाण छोडेर कर्णको शरीरभर घावै घाव तुल्याइदिए । सो देखेर कर्णले पनि आफ्नो ठोक्राबाट सर्पमुख नामक बाण निकाले । सो बाण उनको अर्जुनलाई मार्नानिमित्त साँचेर राखेको थियो । त्यसमा तक्षक नागको पुत्र अश्वसेन नामक सर्प घुसारेको थियो । त्यो नाग अर्जुनको परम शत्रु कहलाउँथ्यो । किनभने अर्जुनले खाण्डववन दाह गर्दा

तक्षककी पत्नीले सो अश्वसेनलाई निलेर आकाशमा उडी बचाएकी थिई । त्यस बेला अश्वसेनचाहिँ आमाको मुखबाट निक्लेर भागेको हो । आमाचाहिँलाई अर्जुनले मारेका हुन् । त्यहींदेखि सो अश्वसेन अर्जुनसँग बदला लिने मौका पर्खिरहेको थियो । आज भारीमौका भेट्टाएर त्यो कर्णका बाणभित्र घुसेको थियो । सोही बाण कर्णले अर्जुनका उपर प्रहार गरे । परन्तु त्यस बाणको गुप्त रहस्य अन्तर्यामी भगवान् श्रीकृष्णले थाहा पाइहाल्नुभयो र झटपट सो बाण आइपुग्न नपाउँदै रथका घोडालाई चट्ट निहुराइदिनुभयो । घोडा घुँडा टेकेर खडा भए । त्यसो हुँदा अर्जुनको शिर जुन स्थानमा थियो त्यहाँ उनको किरीट रहन पुग्यो । अर्जुनको शिर होचो ठाउँमा पऱ्यो ।

सो देखेर शल्यले भने, "कर्ण निशाना चुक्यौ, चुक्यौ । फेरि त्यै बाणको प्रयोग गर । महावीर अर्जुनलाई मार्नु सहज छैन ।" कर्णले भने, "चुके चुक्यो, भैगयो । कर्ण एक पटक प्रयोग गरेको बाणलाई फेरि कदापि प्रयोग गर्दैन ।" यस प्रकारले कर्णले प्रयोग गरेको बाण अर्जुनको किरीट मात्रलाई उछिट्टयाएर पार भयो अर्जुन बचे । यदि सो बाण घाँटीमा लाग्न पाएको भए उनको शिर नकाटिइछोड्ने थिएन । त्यसरी चुकेपछि आफूले अर्जुनसँग बदला लिन नपाएकाले दिग्दार हुँदै अश्वसेन नागले कर्णसँग आएर भन्यो, "एक पटकको तपाईंको निशाना चुक्यो, अब फेरि अर्को पटक मलाई आफ्नो बाणमा घुसाएर अर्जुनउपर प्रहार गर्नुहोस् ।" कर्णले भने, "म कसैको सहायता चाहन्नँ ।" यो सुनेर लाचारीसाथ अश्वसेन नाग आफैँ एकाएक फुत्कार छोड्दै अर्जुनउपर जाइलाग्यो । तर उसलाई अर्जुनले बीचैमा दुई बाण हानी तीन टुक्रा पारी लडाइदिए ।

अश्वसेन नागको कामतमाम गरेपछि अर्जुन लगातार कर्णका उपर बाणवृष्टि गर्न थाले । कर्णबाट पनि बाणको जवाफ प्रशस्त रूपमा दिइन लाग्यो । यसैबीचमा अर्जुनले एक अमोघ बाण प्रहार गरी कर्णका कवच च्यातिदिए । कर्णको शरीरमा पनि सो बाण रोपिनाले रगतको धारा निस्कन थाल्यो । यसै झोँकमा परेर कर्णले बाह्र बाणद्वारा श्रीकृष्णलाई र उन्नान्सय बाणद्वारा अर्जुनलाई विद्ध गराए । तब अर्जुनले आफ्नो शरीरको परवाह नराखी श्रीकृष्णलाई विद्ध गराएकोमा अत्यन्त क्रुद्ध हुँदै इन्द्रले वलिराजाका उपर वर्षाएझैँ गरी शतसहस्र बाण बर्साउँदै कर्णलाई ढाकिदिए । त्यसै मारमा पर्नाले कर्णको मुकुटसमेत काटियो, कुण्डल कवच पनि काटिए । त्यसपछि उनले तीनवटा तीखा बाण प्रहार गरी कर्णलाई कफ, वात, पित्तले ग्रस्त गरेको रोगी जस्तै तुल्याएर अन्त्यमा अर्जुनको अर्को एक बाणद्वारा कर्णलाई मूर्छित भएर लड्नुपऱ्यो ।

यसरी कर्ण मूर्छित भएको देखेर अर्जुनले उनका उपर अरू बाण छोड्न उचित सम्झेनन् । उनी अर्कैतर्फ बाणको पर्रा छोड्न थाले । त्यहीबीचमा अर्जुनको गर्मान्धता (मूर्छित शत्रुका उपर प्रहार नगर्ने) देखेर श्रीकृष्णले डुक्रँदै उनलाई भन्नुभयो, "अर्जुन ! तिमी यो के गर्दछौ, कर्णलाई किन नमारेको ? बडा मूर्ख पो रहेछौ । कर्णलाई मार्ने मौका यही हो, झटपट कामतमाम गरिहाल ।"

श्रीकृष्णको आज्ञा अनुल्लङ्घनीय सम्झेर फेरि अर्जुन कर्णतर्फ बाणवृष्टि गर्न थाले । त्यस बेला मूर्छाबाट बिउँझेका कर्ण पनि उनका बाणको उही टङ्कारसँग जवाफ दिन थाले । अब अर्जुनको इतिश्री नगरी छोड्दिन भन्ने दृढ निश्चय कर्णका मनमा भयो । उनले तुरुन्त अर्जुनका उपर ब्रह्मास्त्र प्रयोग गरिहाले । ती ब्रह्मास्त्रै पनि महाप्रतापी अर्जुनका शरीरमा पुग्न नपाउँदै उनले प्रयोग गरेको ब्रह्मास्त्रैद्वारा शान्त तथा विफल भयो । यो देखेर कर्ण स्तम्भित भए । यसै बेला अर्को एक अद्भुत घटना त्यहाँ उपस्थित भयो । एकाएक कर्णको रथ आफसेआफ रफ्तुचक्कर खाएर धुराबाट खुस्क्यो । यता रथ टेकिएको छ, उता अर्जुनका बाण बर्सिरहेछन्, रथ सम्हालूँ कि प्राण बचाऊँ, कर्णलाई साह्रै नै व्याकुलताले ढाक्यो । तैपनि उनले हरतरहबाट धुरा छोडेर ठीक गरी अर्जुनका प्रहारको जवाफ दिन छोडेनन् । एकएक बाणलाई बीचबीचैमा काटी झारे । यसैबीचमा कर्णको एक बाणले सुइँकिदै आएर अर्जुनका धनुको ताँदो काटिदियो । झटपट अर्जुनले अर्को ताँदो जोडे । त्यो पनि कर्णको बाणद्वारा टुक्राटुक्रा भयो । यस प्रकारले एघार पटकसम्म अर्जुन जति ताँदो जोड्दछन् उतिलाई कर्णले काटिदिए । कर्णको यो फुर्तिलो अद्भुत चाल देखेर उनको प्रशंसा नगर्ने कोही भएन ।

यसको केही बेरपछि दुर्भाग्यवश कर्णका उपर एक अर्को दुर्घटना उपस्थित भयो । उनको रथको पाङ्ग्रो नै एक डेग चलाउन नसक्ने गरी जमिनमा धसिन थाल्यो । त्यसलाई उठाउँ भनी कर्ण रथबाट ओर्ले । तर उनले जति बल लगाए, जति यत्न गरे पनि सो गडेको पाङ्ग्रो जमिनबाट उठेन । जति उठाउन खोज्यो झन् उति तलतल गड्दै जान लाग्यो । कर्ण हैरान भए । अर्जुनले बाण बर्साउन छोडेका थिएनन् तब उनले रुँदै लगातार बाण बर्साइरहेको अर्जुनसँग भने, "अर्जुन ! तिमी धर्मयुद्धका ज्ञाता शूरवीर हौ । यसकारण युद्धधर्मलाई सम्झेर केही बेर पर्ख । म रथको पाङ्ग्रो झिकेर ठीक गर्दछु ।"

कर्णको सङ्कट अवस्थाको रुवाइसमेतको यो विनय निवेदन सुनेर अर्जुनको मनमा दया आयो । उनी बाण बर्साउन छोड्न भनी के लागेका थिए श्रीकृष्णले भन्नुभयो, "ए कर्ण ! यस बेला तिमी अर्जुनलाई धर्मोपदेश दिन लाग्यौ ।

अघि भीमसेनलाई विषका लड्डू खुवाउने बेलामा, बारणावत लाहाको घरमा पाण्डवहरूलाई जलाउन लागेको बेलामा, छलको जुवाबाट राजा युधिष्ठिरको राज्य हडप गर्न लागेका बेलामा, कौरवसभाका बीचमा दुःशासनद्वारा द्रौपदीको सारी खैँचिएको बेलामा, एक्लो बालक अभिमन्युमाथि छ-छ जना महारथीहरूले घुरा उठी मार्न लागेको बेलामा तिम्रो यो धर्मोपदेश गर्ने बुद्धि कहाँ गएको थियो ? अहिले बडो धर्मात्मा भएर निस्क्यौ ।"

बिचरा कर्ण नाजवाफ भएर चुप लागे । अघि कुनै समय कर्णले धनुर्विद्याको अभ्यास गर्ने अवस्थामा कुनै ब्राह्मणकी एउटी गाई उनको बाणद्वारा मारिएकी थिइन् । त्यस बेला सो गाईको धनी ब्राह्मणले उनलाई यो सराप दिएका थिए, "जुन बेला तिमी सङ्ग्रामको समयमा आफ्नो धनुर्विद्याको पूर्ण परिचय दिन लागौला त्यस बेला तिम्रो रथको पाङ्ग्रोलाई पृथ्वी माताले पत्रेर राख्नेछिन् ।

यही सराप परेको हुनाले कर्णले जति यत्न गर्दा पनि रथको पाङ्ग्रो जमिनबाट निकाल्न सकेनन् । तर लाचार भएर उनले जमिनैमा खडा भएर अर्जुनका उपर भार्गवास्त्रको प्रयोग गर्न भनी के आँटेका थिए, दुर्भाग्यवश परशुरामको सरापको फल त्यसै बेला उनलाई प्राप्त भयो । उनले भार्गवास्त्रको मन्त्र नै बिर्सिसकेछन् ।

बाल्यावस्थामा कर्ण परशुरामसँग धनुर्विद्या सिक्न भनी जाँदा "म ब्राह्मण हुँ" भनी आफ्नो जात ढाँटेका थिए । धनुर्विद्या पढिसकेपछि एक दिन परशुराम कर्णको तिघ्रामा सिरान गरी सुत्नुभएको रहेछ । त्यसै बेला एउटा कीराले कर्णको तिघ्रामा टोकेछ र कर्णलाई साह्रै नै दुखेछ । तर गुरुजीको निद्रा भङ्ग होला भन्ने डरले तिघ्रो हल्लाउन नसकी सहेर बसेछन् । टोकेको घाउबाट तातो रगत निस्की परशुरामको माथमा पर्न गएछ । त्यसले झल्याँस्स बिउँझनुभएछ । हेर्दा त कर्णको तिघ्रामा घाउबाट रगत बगेको देखेर उहाँले सोध्नुभएछ, "बाबु ! साँचो साँचो भन, तिमी कुन जातका पुरुष हौ । ब्राह्मणको जातमा यहाँसम्मको धैर्य कदापि हुन सक्तैन । यदि झूटो बोल्यौ भने म तिमीलाई यहाँसम्म गराइदिनेछु ।" अब कर्णले लाचारीसाथ आफ्नो भएभरको सच्चा हाल नबताई सुख पाएनन् । यथार्थ बयान गरिदिए । तब परशुरामले भन्नुभयो, "बाबु ! तिमीले जुन धनुर्विद्या पढ्नका निमित्त मसँग आफ्नो जात ढाँट्यौ, त्यस पापले गर्दा युद्धको समयमा तिमी ती अस्त्रका मन्त्रहरू बिर्सनेछौ ।" यही सराप परेकाले आज कर्णले भार्गवास्त्रको मन्त्र बिर्सिदिएछन् ।

यता यही मौका भेट्टाएर अर्जुनले कर्णमाथि आफ्ना बाणमा ब्रह्मास्त्र, वायव्यास्त्र, इन्द्रास्त्र, वज्रास्त्रका मन्त्रको प्रयोग गर्दै कर्णका उपर प्रहार गरिरहेका थिए ।

सो देखेर अब मेरो अन्तिम समय आइपुग्यो भन्ने उनले ठानिसकेका पनि थिए । त्यसैले अब उनी उँचो शिर गरेर अर्जुनका प्रहारमाथिको प्रहार सहन थाले । त्यसै बेला एक तीक्ष्ण बाण प्रयोग गरी अर्जुनले उनको शिर उडाइदिए । सो देख्नासाथ पाण्डवसैन्यमा विजय डङ्का बज्न थाल्यो । सारा खुशीले उफ्रन थाले ।

यस प्रकारसँग कर्णको वध भएपछि कौरवहरू सारा रणभूमिबाट भागे । दुर्योधन कर्णलाई सम्झेर यसरी विलाप गर्न लागे–

सच्चा हितैषि र सदैव दिने सहाय
मेरो थिएन अरू कोहि तिमीसिवाय
हा वीर कर्ण ! तिमी आज ढली दिनाले
स्वप्ना सबै विजयको अब भुल्न थालैं ।

यसपछि अर्जुनले आफ्नो शिविरमा आएर युधिष्ठिरलाई कर्णवधको सबै हाल सुनाए । सो सुनेर करुणहृदय युधिष्ठिरको चित्त अधीर भएर उठ्यो । उनी एकाएक उठेर कर्णको लास भएका ठाउँमा आएर एक-एक गरी हेरे । तर कर्णका शरीरभर घाउ नै घाउ भएको उनको लास नै चिह्नी नसक्नु भएको रहेछ । आखिर उनको पैताला देखेर युधिष्ठिरलाई झट्ट माता कुन्तीका पैतालाको सम्झना भयो । कर्णका पैतला दुरुस्त कुन्तीकै जस्ता थिए । तब युधिष्ठिरलाई यो मारिएको लास कर्णको अवश्य रहेछ भन्ने विश्वास लाग्यो । अनि उनले हर्ष प्रकट गर्दै अर्जुनलाई प्रेमपूर्वक अङ्कमाल गरे ।

कर्णको मृत शरीरलाई छोडेर फर्कंदा युधिष्ठिरलाई धनी मनुष्यलाई आफ्नो धन अकार्थ छोडेर फर्कनुपर्दा जस्तै साह्रै नै माया लाग्यो । कर्णको शिर मानौं आकाशबाट खसेको वज्र जस्तै गरी जमिनमा एकातिर लडिरहेको पनि उनले देखे । त्यस बेला साँझ परिसकेको र युद्ध पनि बन्द भैसकेको थियो । सो रणभूमिको दृश्य सबै हेरेपछि युधिष्ठिर आफ्नो सैन्यसाथ विजयदुन्दुभिले दिग्दिगन्त गुञ्जाउँदै शिविरतर्फ फर्के । कौरवहरू पनि विलाप गर्दै आफ्नो शिविरमा दाखिल भए ।

॥कर्णपर्व समाप्त॥

□□□

शल्यपर्व

महावीर कर्ण मारिएपछि कौरवसैन्यको विचित्र हाल भयो । दुर्योधन रोइरहेका थिए । रणभूमि मृतकहरूका लासले आच्छादित थियो । अश्रुनदी प्रवाहित भइरहेकी थिइन् । त्यस्तो भयानक दृश्य देखेर कृपाचार्यको हृदय काँपेर उठ्यो । उनले दुर्योधनसँग गएर भने, "महाराज ! अब ज्यादै भयो । युद्धबाट हाम्रा निमित्त कुनै सुपरिणाम निस्केन । कुलमा एक मुठी पानी दिने कोही रहेन भने राजा मात्र बाँचेर के काम हुन्छ ! मेरो विचारमा अब पाण्डवहरूबाट हामीले विजय लाभ गर्नु असम्भव देखिसकियो । यदि तपाईं मैले भनेको मान्नुहुन्छ भने पाण्डवसँग चाँडै नै सन्धि गरिहाल्नुहोस् । युधिष्ठिर साह्रै दयालु छन्, श्रीकृष्ण पनि सन्धि नै चाहनुहुन्छ । तपाईं मान्नुहुन्छ भने अहिल्यै गएर म यो सब काम ठीक गर्दछु । नत्र अर्जुनका बाणद्वारा मृत्युको गाँस हुनुपर्नेछ । किनभने अब हाम्रो सैन्यमा अर्जुनको सामना गर्ने वीर कुनै छैन । महाप्रतापी भीष्म, आचार्य द्रोण र महावीर कर्ण जस्ता दुर्वय योद्धासमेत मारिए भने अरू कसले आज तपाईंको सेनापति बनिदेला ? श्रीकृष्ण छउन्जेल अरू मनुष्यहरू ता के देवताहरूले पनि अर्जुनलाई जित्न सक्तैनन् । म बराबर देखिरहेको छु, जुन बेला पनि अर्जुनलाई देख्यो कि हाम्रो सैन्य काँप्दछ । अर्जुनको गाण्डीवबाट छुटेका बाण दश दिशामा छरिन्छन् । श्रीकृष्णको रथहँकाइ विचित्र ढङ्गको छ । अर्जुनको झम्टाइमा परेका हाम्रा सैन्यहरू बाघको सामने परेका मृग भागेझैं भाग्दछन् । जुन कर्णका उपर तपाईंको पूर्ण भरोसा थियो उनै पनि रणभूमिमा ढलिसके । तपाईंहरू सबै मिलेर जुन जयद्रथलाई बचाउने चेष्टा गर्नुभएको हो, उनी पनि अर्जुनका अगाडि जीवित रहन पाएनन् । यसैले मेरो विन्ती लाग्छ भने युद्ध बन्द होओस् ।"

"यस्तै वीरवर सात्यकि र महाबली भीमसेनको वेग पनि साधारण छैन । भीमले आफ्नो प्रतिज्ञा पूर्ण गर्दै ल्याएका छन् । तपाईं आफ्ना दुष्कर्मको फल भोगिरहनुभएको छ । यो तपाईं-हाम्रा निमित्त साधारण किसिमको आपत्ति होइन । तपाईंका सकल बन्धुजनहरू तपाईंसँग बिछुडिसके । तपाईं कति दिनका निमित्त

यो हठ गरिरहनुभएको छ ? अहिले तपाईं आफैं आफ्नो रक्षा गर्न सक्नुहुन्न भने बिचरा सैन्यहरूको कुन दुर्दशा होला ? उनीहरूलाई व्यर्थ किन अकालमा मराउनुहुन्छ ? सन्धि गरेको पक्षमा तपाईंको हानि केही छैन । राजाहरूमा परस्पर कहिले युद्ध र कहिले सन्धि हुनु परम्परागत प्रथा नै हो । अतएव मेरो निवेदनलाई स्वीकृत गरी तपाईं पाण्डवहरूसँग सन्धि नै गर्नुहोस् । युद्ध गर्नाले तपाईंको सर्वथा कल्याण हुनेछैन ।" यति भन्दाभन्दै कृपाचार्य मूर्छित भए ।

कृपाचार्यको यो सदुपदेश दुर्योधनलाई किन उचित लाग्दथ्यो ? उनी मनमनमा के के विचार गर्दै थिए, यस्तैमा कृपाचार्य मूर्छाबाट बिउँझेको देखेर उनले भने, "मान्य आचार्य ! तपाईंले भन्नुभएको कुरा उचित हो । एक मित्रजनको हैसियतबाट तपाईंले मलाई यो कुरा सम्झाउनु अनुचित होइन । परन्तु यस बेला त्यो तपाईंको उपदेश मर्ने बेलाको रोगीलाई औषधि नरुचे जस्तै रुचिकर हुन सक्तैन । मैले पाण्डवहरूलाई सताउनसम्म सताइसकेको छु । अहिले त्यो कुरा सम्झेर मैले सन्धिको प्रस्ताव पठाए तापनि उनीहरू मञ्जूर गर्ने छैनन् । उनीहरूले युद्धमा पनि धेरै नै सफलता प्राप्त गरिसकेका छन् । यसउसले पनि उनीहरू कदापि हामीसँग सन्धि गर्नेछैनन् । अर्को कुरा के भने आजसम्म राज्यभोग गरेर उनीहरूका उपर शासन गर्दै आएको म फेरि उनीहरूसँग सन्धि गर्नेसम्मको तुच्छपना कसरी प्रकट गरूँ ! यसकारणले पनि सन्धिबाट मेरो विशेष कल्याण होला भन्ने म केही देख्तिनँ । यदि सन्धि गरैं भने पाण्डवहरू मलाई दास बनाउन खोज्दछन् । त्यो दासत्व म कसरी सहन सकूँला । पितामह भीष्म र आचार्य द्रोण जस्ता गुरुजनको वध गराएर म आफू जीवित रहन चाहन्नँ । मेरो निमित्त हजारौं वीर, सम्बन्धी, मित्र, बान्धवहरूले ज्यान दिएका छन् म जहाँसम्म बाँचिर हुँला तिनीहरूको कृपाको दास बनेर रहनु मेरो कर्तव्य हो । युद्धमा विजय भए राज्यप्राप्ति र मृत्यु भए स्वर्ग, मरेपछि पनि संसारले मेरो वीरताको प्रशंसा गर्नेछ । यी सबै कारणले गर्दा अब म पाण्डवहरूसँग सन्धि नगरी युद्धभूमिमै प्राण विसर्जन गर्न चाहन्छु । यसमा तपाईं पनि मेरो साथ दिनुहुनेछ भनी म आशा गर्दछु ।"

दुर्योधनको यो दृढ निश्चय देखेर क्षत्रियवीरहरूले उनको हृदयदेखि प्रशंसा गरे । कृपाचार्यको मुखमा टालो लाग्यो । त्यसपछि हिरण्यवती नदीमा गएर कौरवहरूले स्नान गरी शिविरमा फर्के ।

राति दुर्योधनको मुकाममा कौरवहरूको एक विशाल सभा जम्यो । त्यसमा भोलिको युद्धसम्बन्धी कार्यक्रमका प्रति विचार हुन लाग्यो । अनि सेनापति भीष्म,

कर्णहरूको मृत्युविषयमा शोक प्रकट गर्दै दुर्योधनले, "अब हाम्रो सेनापति को हुने ?" भनेर प्रश्न गरे । यसको उत्तरमा अरू यताउता धेरै कुरा गरेर आचार्यका पुत्र अश्वत्थामाले भने, "महाराज ! शल्य बडा वीर पुरुष हुनुहुन्छ । उहाँलाई सेनापति बनाउनुपर्ला कि जस्तो मलाई लाग्दछ; जो तजबिज ।" तब दुर्योधनले शल्यलाई बोलाएर भने, "मामाजी ! अब हाम्रो सर्वपूंजी सर्वाधार तपाईं नै हुनुहुन्छ । अहिले हाम्रो मौका मझधारमा छ, तपाईले कर्णधार बनिदिनुपऱ्यो । यस बेला तपाईले बचाउनुभएन भने कौरवहरू सबै डुब्ने भयौं । हामीलाई पूर्ण विश्वास छ कि तपाईं सेनापति बनिदिनुभएको पक्षमा अवश्य विजयलक्ष्मीले हामीलाई स्वयंवर गर्नेछिन् । कृपापूर्वक तपाईं मेरो विनयनिवेदनलाई स्वीकार गर्नुहोस् ।

महाराज शल्यलाई सेनापति बन्नाको कत्ति इच्छा थिएन । तर दुर्योधनको विशेष आग्रहलाई उनले टाल्न सकेनन् । लाचारीसाथ दुर्योधनलाई हरतरहबाट आश्वासन दिँदै उनले सेनापतिको पदमा नियुक्त हुन स्वीकार गरे । तब प्रसन्नतासाथ दुर्योधनले उनलाई वैदिक विधिको अनुसार सेनापतिपदमा अभिषिक्त गरे । उनलाई माथमा तिलक पहिराई सिंहासनमा विराजमान गराए । सैन्यको तर्फबाट प्रसन्नतासाथ हर्षको वाद्यध्वनि हुन लाग्यो ।

भोलिपल्ट प्रातःकालैदेखि शल्यको सेनापतित्वमा कौरवसैन्य युद्धभूमिमा गएर डट्यो । यतातिरबाट पनि व्यूहवद्ध पाण्डवहरूले पनि कौरवसैन्यउपर आक्रमण गरे । रथसँग रथी, पैदलसँग पैदल, अन्याय सैनिकसँग अन्याय सैन्यसमूह भिडियो । घमासानको युद्ध मच्चियो । घोडाको खुरले खुँदिएकी, वीरहरूको रक्तले मुछिएकी पृथ्वी नखक्षतले विभूषिता युवती जस्ती देखिइन् । छटाछट काटिएका वीरपुरुषहरूका शिर, काटिएका चन्दनचर्चित बाहुहरू, गिँडिएका गिँडहरू निरन्तर प्रवाहित रक्तनदीमा माछाहरू छटपटिन लागे जस्ता देखिए । रुण्डमुण्ड छत्र, चामरहरू महाकालीको आराधना गर्न लागे जस्ता देखिए । सैनिकहरू रक्तपङ्कले लथपथ भए । काटिएका हात्तीहरू आकाशमा कालो बादलका टुक्रा थुप्रिए जस्ता भान हुन थाले । यसैबीचमा महाबली भीमसेनले अद्भुत पराक्रम देखाएर कौरवसैन्यलाई चुट्नम्म चुटेर छोडेकाले कैयौं भागे कैयौं सोतर भए ।

यस प्रकारसित कौरवसैन्यको चिल्लीबिल्ली भएको देखेर सेनापति शल्यको हृदय क्रोधले जाज्वल्यमान भएर उठ्यो । उनी एकाएक मृगको बथानमा सिंहले झम्टेझैं झम्टन थाले । उनको त्यो सिंह झम्टाइ देखेर कौरवसैन्यको पनि हौसला बढ्दै आयो । निराश दुर्योधनको हृदयमा पनि आशाको सञ्चार हुन थाल्यो । तब उनले मनमनै भने–

भीष्म द्रोण र कर्ण आदि बलवान् उस्ता महावीरको
पत्ता केही चलेन ती सब गए प्रत्यक्ष नै देखियो ।
जाबो शल्य गएर पाण्डूसुतको संहार गर्ला भनी
लागेकै छ मलाई हा ! बलवती आशा अहो तैपनि !!

यति विचार गर्दै भित्र भने खिन्न बाहिर भने रवाफीपन देखाउँदै उनी भागेका आफ्ना सैन्यलाई फिर्ता गरी पाण्डवसैन्यतर्फ आक्रमण गर्न लागे । शल्यको मारमा परेर पाण्डव सैन्यमा पनि व्याकुलता छाउन लाग्यो । आफ्नो सैन्यको त्यो चाल देखेर महाराज युधिष्ठिरको हृदय पनि व्याकुल हुन लाग्यो । उनी आफैं प्राण सङ्कल्प गरी मामा शल्यसँग भिडिन भनी अगाडि सरे । मामा-भानिजमा सङ्ग्राम चल्यो । धेरै बेर लडेपछि आखिर शल्यले कैयौं बाण हानेर युधिष्ठिरलाई घायल गराए । यता द्रौपदीका पुत्रहरूले पनि शल्यलाई निकै नै आखिरी तुल्याए । त्यसपछि महाबली भीम, सहदेव र नकुलहरूले पनि एकै हूल गरी शल्यका उपर कैयौं बाण बर्साए । तिनीहरूको बाणजालमा पर्नाले शल्यको स्थिति नै डाँवाडोल भयो । उनको त्यो अवस्था देखेर कृतवर्मा, कृपाचार्य, शकुनि, अश्वत्थामा र उलूकहरूले मिलेर ती तीनै जनालाई रोके । तब शल्य फेरि सम्हालिए । यसै बेला कृतवर्माले कैयौं बाण प्रहार गरी भीमसेनलाई घायल तुल्याए । प्रतिविन्ध्यलाई पनि ठूलो चोट लाग्यो । यही मौकामा फेरि कृतवर्माले कठिन प्रहारद्वारा भीमसेनको रथका घोडालाई मारिदिए । सो देखेर भीमसेनले गदा उठाउँदै रथबाट फाल हालेर कृतवर्माको घोडालाई पनि दनकमाथि दनक थप्दै मारिदिए । अब दुवै जनाको पैदलै भएर परस्पर गदायुद्ध हुन थाल्यो ।

उता सेनापति शल्य सोमक र पाण्डवसैन्यलाई धमाधम गिराइरहेका थिए । आफ्नो सैन्य त्यसरी उनको मारमा परेको के देखेथे कृतवर्मालाई त्यसै छोडेर भीम शल्य भएतिर गदा घुमाउँदै दौडे । भेट्टाउनासाथ २/४ गदाको थप्पड दिएर शल्यका घोडालाई यमपुरीतर्फ पठाइदिए । आफ्ना घोडा मारिएको देखेर शल्यले रिसले आगो हुँदै कैयौं बाण प्रहार गरी भीमसेनको कवचै काटिदिए । त्यसको जवाफमा शल्यको सारथिको शिरै उछिट्ट्याइदिए । सारथि मरेपछि शल्य क्षणभर पनि टिक्न नसकी त्यहाँबाट पछि हटे ।

त्यसपछि स्वयम् शल्य र भीमसेनको गदायुद्ध हुन थाल्यो । सबै जना गदायुद्धमा उत्तिकै सिपालु थिए । केही बेरतक फूर्तिसाथ युद्ध गरेउपरान्त परस्परको प्रचण्ड प्रहारले गर्दा केही बेरका निमित्त दुवै जना मूर्छित भए । सो देखेर झटपट कृपाचार्यले गएर शल्यलाई उठाई रथमा बसालेर रणभूमिबाट बाहिर

लगे । यता केही बेरपछि भीमसेनको मूर्छा पनि हट्यो । उनी शल्यलाई अगाडि नदेखेर यताउति खोज्न लागे ।

यता भीमसेन मूर्छाबाट बिउँझेर उठेको देखी कौरवसैन्यहरू चौकन्ना भए । यस बेला दुर्योधनद्वारा चेकितान घायल भएको देखेर पाण्डवहरूलाई बडो दुःख भयो । उनीहरू क्रोधान्ध भएर कौरवसैन्यलाई कुट्न थाले । यसैबीचमा कृपाचार्य, कृतवर्मा र शकुनिहरू मिलेर युधिष्ठिरलाई घेरे । त्यस बेला बाणको वृष्टि दुवैतर्फबाट यसरी भइरहेको थियो कि मानौं सूर्यमण्डल नै ढाकिएजस्तो देखिन्थ्यो । धनुको टङ्कारले दिग्दिगन्त गुञ्जिरहेका थिए । दुवैतर्फको सैन्यमा उत्तिकै जोश फैलिएको देखिन्थ्यो । यसै बेला सेनापति शल्यले युधिष्ठिरलाई कैयौं बाणले व्याकुल र घायल समेत के गराएथे त्यसको जवाफमा युधिष्ठिरले पनि चौधवटा नाराच भन्ने अस्त्रको प्रयोग गरी शल्यलाई व्याकुल तुल्याए । त्यसको उत्तरमा शल्यले फेरि सयौं बाणद्वारा धर्मराजको रथलाई ढाकिदिए । धर्मराजले पनि ती कुनै बाण पनि आफ्नो शरीरमा लाग्न नदिई बीचैमा काटेर झारिदिए । यसैबीचमा क्रुद्ध शल्यले चेदि देशका पच्चीस जना वीरहरूलाई यमलोकतर्फ पठाइदिए । सो देखेर युधिष्ठिरको क्रोधको सीमा रहेन । यसै झोकमा उनले एउटा तरबारको धार जस्तो धारिलो र तीखो बाण प्रहार गरी शल्यका रथको ध्वजा काटिदिए । सो देखेर शल्यले पनि युधिष्ठिर र उनको सैन्यका उपर अनगिन्ती बाण छोडेर नाजवाफ गराइदिए । भीम आदि पाण्डव वीरहरूमा त्यस बेला शल्यको वेगलाई रोक्न सक्ने कोही भएन । कौरवहरू बडो हर्षसाथ जयध्वनि गर्न थाले ।

अब पाण्डवहरूलाई निकै नै शरमलाग्दो कुरा हुन आयो । यो कुरा युधिष्ठिरले धेरै बेर सहन सकेनन् । उनी स्वयम् कौरवसैन्यलाई आफ्नो बाणवृष्टिले ढाक्तै शल्यका साथ घोर युद्ध गर्न थाले । त्यस बेलाको उनको पराक्रम देखेर पाण्डवसैन्यको ज्यानमा ज्यान आउन थाल्यो । उनीहरू पनि नयाँ उत्साहका साथ लड्न लागे । यसै बेला संसप्तकहरूलाई परास्त गरी फर्केका अर्जुन पनि त्यहीं आएर शल्यका बाणको जवाफ दिन थालेका देखिए । शल्यका उपर उनका कैयौं बाण वैरिसकिएका थिए । केही बेरपछि सहसा शल्यका नौ बाण आएर युधिष्ठिरका अङ्गमा के रोपिएथे त्यसको जवाफमा युधिष्ठिरले क्षुरप्र नामक बाणद्वारा शल्यको धनु र सारथिसहित रथको ध्वजा नै काटेर टुक्राटुक्रा पारिदिए । यसरी शल्य विरथ भई पक्क पर्न लागेको देखेर भयभीत कौरवसैन्यले सुइँकुच्चा ठोकिहाल्यो ।

एक पटक होइन, दुई पटक होइन, बारम्बार आफ्नो सैन्य भागेको र आफूसमेत परास्त भएकोले शल्य ज्यादै नै क्रुद्ध भए । उनी अर्को रथमा

सवार भई फेरि पाण्डवसैन्यमा बाण बर्साउन थाले । उनको मारमा परेर सात्यकि, सहदेव र भीमसेनको वेग पनि रोकियो । उनीहरू घायल पनि भए । युधिष्ठिर झन् पिटिनासम्म पिटिए । पाण्डवसैन्यको दुर्दशा नै होला जस्तो देखियो । कैयौं हात्ती, घोडा सवारहरू काटिए, घायल भए । रथ, ध्वजा, खण्डित अस्त्रहरूको रास लाग्यो । रुण्डमुण्डले पृथ्वी आच्छादित भइन् । अन्त्यमा पाण्डव पाञ्चाल, सोमकहरू मिलेर शल्यलाई घेरे । युधिष्ठिर र शल्यको घमासान युद्ध पऱ्यो । घायल हुनुबाट पनि कोही बचेन । यसैबीचमा छड्के पारेर कृपाचार्यले युधिष्ठिरलाई विरथ गराए । यही औसरमा शल्यले पनि उनका सारथि र घोडालाई समेत मारिदिए । सो देखेर भीमसेनले अगाडि सरी शल्यलाई अनेकन् बाणले घायल गराउँदै उनको कवचसमेत काटिदिए । तब शल्य तरबार उठाउँदै युधिष्ठिरतिर जाइलागे । सो देखेर झटपट द्रौपदीका पुत्रहरूले मिलेर शल्यको ढालै काटिदिए । अनि ढालरहित तरबार म्यानमा थन्क्याएर शल्य फेरि धनु उठाउँदै पाण्डवसैन्यमा बाणवृष्टि गर्न के थालेका थिए, एकाएक क्रोधान्ध भएका युधिष्ठिरले आफ्नो विषभुजी नामक शक्ति उठाउँदै शल्यका उपर फ्याँके । त्यो शक्ति शल्यको छातीमा गई चिर्दै जमिनमा ठक्कर खान पुग्यो । शल्य धडाम्म पछारिए, उनको सैन्य बेपत्ता भयो ।

यस प्रकारसँग शल्य मारिएपछि कौरवसैन्यको सातोपुत्लो उड्यो । सैन्यहरू आर्तनाद गर्दै यत्रतत्र लाग्न थाले । परन्तु शल्यराजको मद्रदेशीय सैन्यको चाल विचित्र देखियो । त्यो आफ्नो सेनापति शल्य मरे तापनि एक पयर नहटी उहीं खडा थियो । आफ्नो राजा मारिएको बदलामा पाण्डवहरूको रगत पिउँला भनी मौका हेर्दथ्यो । कौरवसैन्यहरू एकातिर भागेको देख्नासाथ सो मद्रदेशीय सैन्य एकाएक आँखा चिम्लेर ज्यान हत्केलामा राख्दै पाण्डवहरूउपर खनिएर आयो । राजा युधिष्ठिर व्याकुल भए । भीमसेनादिलाई पनि खबरदार, भागौला भन्दै दपेट्न थाल्यो । कैयौं योद्धाहरू मारिए पनि । केही बेरसम्म रणभूमिमा यो विचित्र दृश्य देखियो । क्षणभरपछि फेरि पाण्डवसैन्यले उत्तेजित भएर त्यस मद्रदेशीय सैनिकहरूका रुण्डमुण्डले रणभूमिलाई हेरिनसक्नु तुल्यायो । ती मद्रदेशीय सैन्यहरू जम्मा सात सय जवान थिए । देख्तादेख्तैमा ती प्रत्येकले यम मार्गको सफर गर्न भनी प्रस्थान गरे । बचेखुचेका जो थिए ती पनि भागे । पाण्डवतर्फ विजय दुन्दुभि बज्न थाल्यो ।

यसपछि दुर्योधनको हुकुमले यत्रतत्र भागेका कौरवसैन्य फेरि युद्धभूमिमा सामेल हुन आए । यस पटक म्लेच्छराज शल्यको पाण्डवहरूका साथ मुकाबिला भयो । शल्य बडा वीर पुरुष थिए । पाण्डवसैन्यका उपर उनको खूब मार पर्न

थाल्यो । केही बेरका निमित्त ता उनले भीमादि वीरहरूलाई पनि आच्छुआच्छु खेलाएर छोडे । परन्तु पछिबाट धृष्टद्युम्नले उनको वेगलाई रोकिदिए । त्यस बेला तिनी (शल्य) हात्तीमाथि सवार थिए । धृष्टद्युम्नसँग अरू उपायबाट केही नलाग्दा उनले उनमाथि हात्ती नै दौडाएर किची मार्ने दाउ निकाले । तर हात्तीले त्यसो नगरी धृष्टद्युम्नको रथलाई पलट्ट पल्टाइदियो । धृष्टद्युम्न संयोगवश त्यस उल्टिँदो रथको तल अन्तरमा पर्नाले बल्लतल्ल बचे । नत्र उनी रथले किचिन्यै थिए । यो घटना अलि परबाट शिखण्डी र सात्यकिले देखेका रहेछन् र उनीहरूले दौडँदै आई शल्यका उपर आक्रमण गरे । यी दुई जनाको घोर आक्रमणमा पर्दा शल्य स्वयम् लाचार भैहाले । यही मौकामा रथको मुन्तिरबाट फुत्त निस्केर धृष्टद्युम्नले त्यस हात्तीका उपर एक बज्रकठोर गदाले यसरी बजाए कि त्यो चीत्कार छोड्दै, रगत वमन गर्दै रथमै चक्कर खाएर पछारियो । यसै मौकामा सात्यकिले एक भाला प्रहार गरी शल्यको टाउको नै उछिट्याइदिए ।

यस प्रकारसँग शल्य मारिएपछि उनको साथमा आएको कौरवसैन्य भागाभाग गर्न थाल्यो, तर त्यस सैन्यलाई दुर्योधनले थामथुम पारी फेरि फर्काए । फेरि युद्ध मच्चिन लाग्यो । यस युद्धमा पाण्डवहरूले दुर्योधनलाई चारैतर्फबाट घेरामा पारेका थिए । उनको सहायता कृपाचार्यले गरेको देखिन्थ्यो । पाण्डवहरूले आरम्भमा नै कृपाचार्यलाई विरथ तथा मूर्छित गराएर छोडिदिए । शकुनिले दौडँदै गएर उनलाई बचाउँदै त्यहाँबाट हटाए । अब केवल दुर्योधन मात्र बाँकी थिए । त्यस मौकामा उनलाई मार्न पाण्डवहरू सहजै सक्तथे तर शकुनिले हरतरहबाट बचाएको हुनाले केही बेरपछि सम्हालिएर उनी फेरि पाण्डवहरूसँग भिड्न थाले । यसै बेला अर्जुनले श्रीकृष्णसँग भने, "केशव ! अहिले दुर्योधन हाम्रो सामुमा खडा छन् । हजुर सावधानीसाथ रथ हाँकिबक्सेला । अब म उनलाई चाँडै नै मार्दछु । उनका सैन्य पनि बराबर भागिरहेछन् । तैपनि एक्लै हामीसँग लड्छु भन्ने मूर्खतामा तिनी डटिरहेछन् । यिनका भाइहरू उस्तै मूर्ख रहेछन् । नत्र पितामह भीष्म, आचार्य द्रोण, कर्ण जस्ता महापराक्रमी वीरहरू सिद्धिएपछि ता युद्ध बन्द गर्नुपर्दथ्यो । सो नगरी काललले कुतकुत्याएर यो हठीपनामा रहेको उनलाई सत्यासत्यको ज्ञानै केही रहेनछ । आज युद्धारम्भ भएको अठार दिन भैसक्यो । आजदेखि बढी युद्ध बाँकी राख्नु उचित छैन । अतः आजै म दुष्ट दुर्योधनको कामतमाम गर्दछु । मरो रथलाई चाँडै नै उसको सामने पुऱ्याइबक्सियोस् ।"

श्रीकृष्णले अर्जुनको निवेदनअनुसार रथ अगाडि बढाउनुभयो । ठीक सामनेमा पुगेपछि अर्जुन गाण्डीव धनुबाट शत-सहस्र बाण वृष्टि गर्दै कौरवदलमा हाहाकार

मच्चाउन थाले । हात्ती, घोडा, पैदल सैन्य यति उति काटिए मारिए भन्ने ठेगानै भएन । रक्तनदी बहन थालिन् । कैयौं वीर विरथ भएका छन्, कैयौं वाहनहीन छन्, कैयौं घायल छन्, कैयौं मूर्छित छन्, कैयौंको टाँग टुटिरहेछ, कैयौंका टाउका डिच्च दाँत देखाएर भकुण्डो लडेझैं लडिरहेका छन् । मानौं बगरेको वधस्थल जस्तै युद्धभूमिको वीभत्स दृश्य उपस्थित भैरहेको छ । कैयौं भाग्दै शकुनिको शरण लिन पुगिरहेछन् । शकुनिको र भीमसेनको घमासान परिरहेछ । दुमषण, श्रमान्त जैत्र, भूमिबल, रवि, जयत्सेन् दुर्जित, दुर्विषह, दुर्विमोचन, दुष्प्रधर्ष र श्रुतवर्मा नाम गरेका दुर्योधनका दश भाइहरूसमेत एक हूल भई भीमसेनउपर खनिइरहेछन् । घेरामा परेका भीम पनि कत्ति धक्काधार नमानी ती समस्त शत्रुहरूका उपर बाण बर्साइरहेका देखिन्छन् । आजको जस्तो कीचाघानको युद्ध अघिपछि भएकै थिएन जस्तो हुन लागेको छ । यसैबीचमा एक पटक भीमसेनलाई केही क्षणतक घायल अवस्थाको पनि अनुभव गर्नुपऱ्यो । तदनन्तर उनले आफ्नो भएभरको बाणविक्षेपकुशलता देखाउँदै क्रमशः ती दशै जना दुर्योधनका भाइहरूको शिर गिँड्दै तिनीहरूलाई इहलोकबाट बिदा गरी पठाए । तिनीहरूका साथसाथै एक्ला भीमसेनको हातबाट कौरवदलका पाँच सय महारथी, सात सय हात्तीचढी सैन्य र आठ सय घोडचढी सैन्यको पनि बलिदान भयो ।

दुर्योधनका दश भाइहरू यस प्रकारले खतम भएपछि त्यस बेला त्यहाँ केवल दुर्योधन र उनको अर्को एउटा भाइ सुदर्शन दुई जना मात्र शेष रहन आए । ती दुईलाई पनि अब धेरै बेर बाँकी राख्तिनँ भन्ने उमेदसाथ अर्जुन लडिरहेका थिए । भीमसेनादि पनि त्यहीं गएर सामेल भए । उनीहरूको पहिले शकुनिसँग लडन्त हुन थाल्यो । शकुनिले केही बेरसम्म उनीहरूलाई अलमल्याएर राखेका थिए । यता सहदेवचाहिँ दुर्योधनका उपर जाइलागेका थिए । दुई जनाको घोर घमासान हुँदाहुँदा आखिर सहदेवको मारमा परेर दुर्योधन मूर्छित भए । उनी मूर्छा परेको देखेर त्रिगर्तराज सुशर्मा अर्जुनउपर भिडिन पुगे । अर्जुनसहित पाण्डवको उनीसँग घोर घमासान पऱ्यो । अर्जुन त्रिगर्तराजका सैन्यलाई परास्त गर्नतिर लागे । तर सुशर्मा पनि साधारण वीर थिएनन् । उनले पाण्डव-सैन्यमा कैयौंलाई मृत्युको घाट उतारिदिए । आखिर अर्जुनको एक अमोघ बाणद्वारा सुशर्माको प्राण पखेरुले सदाका निमित्त यस लोकबाट बिदा लियो । उनी ती चक्कर खाएर चित परे ।

वीर सुशर्माको वध भएपछि कौरवहरूको एक मूलस्तम्भ नै भाँचिए जस्तो भयो । दुर्योधनले शरमको मारे त्यसै हट्नु भएन । जे हुन्छ होस् भनेर उनी बचेखुचेको सैन्यलाई सम्हाल्दै पाण्डवहरूलाई ललकार्न थाले । भीषण सङ्ग्राम हुन

थाल्यो । त्यसमा दुवैतर्फका धेरै सैन्यको हानि भयो । शकुनि र सहदेव एकातिर भिडेर लड्न थाले । शकुनिका कैयौँ बाण सहदेवका शरीरमा आएर घुसे, उनले पनि शकुनिलाई उत्तिकै बाणले विद्ध गराए । शकुनि पनि असाधारण वीर पुरुष थिए । एक्ला सहदेव उनको जोडी सम्झिँदैनथे । यसकारण उनले एकैसाथ भीमसेनसमेत सहदेवलाई बिरालाले मुसा खेलाएझैँ गरी खेलाउन थाले । उनका असङ्ख्य बाणले आकाशै ढाकिए जस्तो देखिन्थ्यो, सूर्यको प्रकाशसमेत अवरुद्ध भए जस्तो भान हुन लाग्यो । कैयौँ घोडा, हात्ती, रथहरू चूर्णविचूर्ण भएर थुप्रो लागे । पैदल सैन्यको उत्तिकै संहार भयो । भाँचिए, दोब्रिए, टुटे-फुटेका प्रास, शक्ति, तरबारहरू रक्तनदीको बगर जस्तो देखिए । मार, काट, गिँड, सिध्याऊ इत्यादिको आवाजसिवाय सुन्नु केही थिएन । पारस्परिक प्रहारबाट काटिएका वीर क्षत्रियहरूका चन्दनचर्चित बाहु र कटाकट काटिएका शिर उछिट्टिएको गुडेको बजारिएको अद्भुत दृश्य देखियो । स्याल, काग, गिद्धहरू मृतक वीरहरूको मांसका निमित्त लुछाचुँडी गर्न थाले । दर्शकहरूको हृदय ढुकढुकाउन लाग्यो । यसैबीचमा वीर शकुनिले सहदेवलाई एक प्रासले हानेर घिसार्दै पछारे । उनी मूर्छित भएर रथको पछाडि चित परे । उनको त्यो अवस्था देखेर भीमसेन आगो हुँदै कौरवसैन्यतर्फ फाल हाले । उनका गदाको चुटाइमा परेर सारा कौरवसैन्य यत्रतत्र भयो ।

त्यसको थोरै बेरपछि सहदेवलाई मूर्छाले छोडिदियो । उनी फेरि उठेर प्रचण्ड बेगले शकुनिसँग लड्न थाले । उनको कठिन प्रहारले शकुनिको धनु काटियो । उनी अर्को धनु उठाएर सहदेवका उपर बाण बर्साउन लागे । परस्पर घोर सङ्ग्राम मच्चियो, यसैबीचमा माद्रीनन्दन सहदेवले उलूकको शिर काटिदिए । सो देखेर क्रोधपूर्वक शकुनिले सहदेवको धनु नै काटिदिए । तब शकुनि र सहदेवमा परस्पर तरबारै तरबारको युद्ध हुन थाल्यो । सहदेवका तरबारले शकुनिको तरबारको दुई टुक्रा गरायो । त्यसपछि शकुनिले सहदेवका उपर शक्तिको प्रहार गरे । त्यस शक्तिलाई पनि सहदेवले बीचैमा काटी झारे । सो शक्ति विफल भएपछि क्षणभर टिक्न नसकी शकुनि भागे ।

यताउति शकुनि भागेको देखेर पाण्डवसैन्यको भारी उत्साह फैलियो । उनीहरू झन्झन् उत्तेजित हुँदै कौरवसैन्यको संहार गर्न थाले । उता सहदेव भाग्न लागेको शकुनिलाई लखेट्दै पछि लागे, पछिल्तिरैबाट उनको कैयौँ बाणले घायल हुँदा पनि नरोकिएर छातीमा हात राख्दै शकुनि बेपत्ता भए । तैपनि सहदेवले पीछा गर्दै गएर दश बाणद्वारा उनका घोडा र सारथिलाई समेत मारिदिए । तब विरथ

शकुनि रोकिए, उनले फरक्क फर्केर सहदेवउपर प्रास प्रहार गरे । त्यस प्रासलाई तुरुन्त शकुनिकै हातैसमेत काटी सहदेवले हुत्याइदिए । त्यति गर्दा पनि उनको रिस मरेन । उनले एक भालासमेत थपी शकुनिको शिरैसमेत उडाइदिए । सो देख्नासाथ दुर्योधनादि कौरवहरू सुइँकुच्चा ठोक्तै आफ्नो शिविरमा दाखिल भए । यता श्रीकृष्णसहित पाण्डवसैन्यमा विजय दुन्दुभि बज्न थाल्यो, सारा हर्षोन्मत्त भएर नाच्न थाले ।

यता भीमसेन र अर्जुनहरूले कृपाचार्य, अश्वत्थामा, कृतवर्मा र दुर्योधनलाई यस प्रकारले परास्त गरेपछि बचेखुचेको अक्षौहिणी सैन्यलाई समेत समाप्त गरिदिए । अब कौरवहरूको एघार अक्षौहिणी सेनामा केवल कृपाचार्य, अश्वत्थामा, कृतवर्मा र दुर्योधन मात्र बाँकी रहे । थोरबहुत सैन्य र यिनीहरूका सेवकसैन्य जो बाँकी थिए, तिनीहरू सबैलाई छोडी दुर्योधन पैदलै त्यहाँबाट भागेर द्वैपायनह्रद नामक कुनै गुप्त तलाउमा लुक्न पुगे । उनलाई जलस्तम्भ विद्याको ज्ञान हुनाले सो तलाउको जललाई शमन गरी उनी त्यहीं लुकेर बसे ।

॥शल्यपर्व समाप्त॥

□□□

गदापर्व

कुरुराज दुर्योधन बेपत्ता भएका हुनाले उनको पत्ता लगाउनानिमित्त युधिष्ठिरले गुप्तचरहरू छोडिराखेका थिए । तिनीहरूले कति खोज गर्दा पनि पाउन सकेनन् । पाण्डवहरूलाई लडाइँ जिते तापनि दुर्योधनविना विजयलाभ हुन सकेन । यही चिन्तामा उनीहरू दुःखित भइराखेका थिए । यसै बेला युधिष्ठिरलाई एउटा व्याधाले आएर भन्यो, 'महाराज ! हामीले राजा दुर्योधनलाई स्वयम् देख्न भने पाएनौं, परन्तु द्वैपायनको किनारमा कृपाचार्य, अश्वत्थामा र कृतवर्माहरूले जलमा लुकिरहेको कुनै मनुष्यसँग बातचित गर्न लागेकोसम्म देख्यौं ।' यो सुनेर पाण्डवहरूलाई दुर्योधन सोही द्वैपायनह्रदमा लुकेका छन् भन्ने निश्चय भयो । उनीहरू त्यतैतिर जान भनी हिँडे ।

यता दुर्योधन लुकेको तलाउ पत्ता लगाउँदै कृप, अश्वत्थामा र कृतवर्माहरू उहीं पुगेका थिए । उनीहरूको परस्पर बातचित हुन लागेकै बेलामा अर्कोतिरबाट ससैन्य पाण्डवहरू उहीं दाखिल भए । उनीहरूलाई टाढैबाट आएको देख्नासाथ कृपाचार्यहरू त्यहाँबाट सुटुक्क हिंडिहाले । त्यहाँ पुगेर पाण्डवहरूले यताउता दुर्योधनको खोजी गरे । तर कतै केही पत्ता लागेन । आखिर युधिष्ठिरले सो तलाउको जलमा खूब नियालेर हेर्दा दुर्योधन अवश्य यहीं लुकेका छन् भन्ने थाहा भयो । तब उनले खूब उच्चस्वरले भने, 'राजन् ! दुर्योधन ! हेर, यस्तो वीर पुरुष भएर पनि तिमीले आफ्नो चन्द्रिकासदृश शुभ्र यशलाई मलिन गराएर छोड्यौ, लक्ष्मीका निवासस्थान भएका हजारौं क्षत्रियवीरहरूलाई सङ्ग्राममा मराएर आफ्नो मात्र प्राण बचाउन चाहने तिमीलाई शरम पनि लाग्दैन कि ? त्यो तिम्रो उस्तो मान कहाँ गयो ? यसकारण यसरी किन लुक्छौ ? उठ, कि ता युद्धमा विजयी बनेर राज्यलक्ष्मीको भोग गर कि त स्वर्गको भोग गर । वीर पुरुषका निमित्त सङ्ग्राममा कि ता विजयलाभ कि ता स्वर्गप्राप्ति दुवै हातमा लड्डू छ ।

महाराज युधिष्ठिरको कुरा सुनेर असह्य भई साङ्लामा बाँधेको हात्ती सुसाएझैं सुसाउँदै दुर्योधनले भने, 'दाज्यै ! तपाईंले भन्नुभएको कुरा मनासिब छ । सङ्ग्राममा कि ता विजयलक्ष्मी कि ता स्वर्गप्राप्ति अवश्यै हुन्छ, परन्तु बन्धुबान्धव र स्वजनले हीन भएकी लक्ष्मीले कसरी दिललाई स्पर्श गर्न सक्तछिन् ? वीर

पुरुषले हीन भएको सेना, विद्वान्ले रहित भएको सभा जस्तै स्वजनले हीन भएकी लक्ष्मीले कसैको मनलाई तृप्त गराउन सक्तिनन् । ती मित्रजनमध्ये सर्वोत्तम कर्ण, ती गुरु द्रोण, ती पितामह भीष्म नै जहाँ छैनन् भने त्यहाँको साम्राज्य-लक्ष्मीले मलाई के हुन्छ ? बन्धुबान्धवहरूबाट वियुक्त भएका पुरुषको सारा ऐश्वर्य एक विडम्बनासदृश हो, अन्धाले चित्रविचित्रमाला पहिरनु जस्तै हो । यसकारण अब तपाईं नै मैले भोग गरिछाडेकी, वीररत्नहरूले रहित, वैराग्यरूपी मुक्तादामले विभूषित पृथ्वीको भोग गर्नुहोस् ।'

युधिष्ठिरले भने, 'महाराज ! आज ठूलो सौभाग्यले गर्दा तिमीलाई तपोवनमा बस्ने इच्छा लाग्यो । बल्ल शान्त भएछौ । सियाको टुप्पा जति जमिन मात्र पनि पाण्डवलाई दिन नचाहने तिमी आज समग्र पृथिवी उनीहरूलाई दिन लागिरहेछौ । यहाँभन्दा ठूलो आश्चर्यको कुरा के हुन सक्तछ ? अझ पनि म भन्दछु उठ, हामीहरूमध्ये एक जना जोसँग तिमी चाहन्छौ उससँग युद्ध गर । त्यस एक जनालाई जित्यौ भने हामी सबै जितियौं, यो मेरो सत्य प्रतिज्ञा भयो । चाँडो, अरू कुरा छोडिदेऊ ।'

युधिष्ठिरको यो वाक्यले दुर्योधनको मर्मलाई नै छेडिदियो । उनी सहसा क्रोधले पूर्ण हुँदै तलाउबाट निस्के । मानौं पुरुषहरू अर्काको तिरस्कार कदापि सहन गर्न सक्तैनन् । उनी त्यस बेला बाहुमा सुवर्णको बाजु पहिरिएका, हातमा वज्रकठोर गदा लिएका मानौं दण्डधर यमराज जस्तै देखिन्थे । उनले भने, 'लौ हुन्छ, म युद्धमा तयार छु, तिमीहरू पाँच भाइमध्ये मेरो जोडा लाग्न सक्ने भीमसेनबाहेक अरू कोही छैन । यसैले म भीमसेनकै साथ गदायुद्ध गर्दछु, यो सुनेर श्रीकृष्णले झटपट भीमसेनलाई इसारा गर्नुभयो । उनी सो इसारा पाउनासाथ द्रौपदीको विषयमा अघि आफूले गरेको प्रतिज्ञा - यही गदाले दुर्योधनको तिघ्रा भाँचुला भन्ने सम्झी गदा उठाउँदै फूर्तिसाथ अगाडि बढे ।

संयोगवश यसै मौकामा परस्परको युद्धबाट कुरु-पाण्डवको कुल नष्ट हुन लागिरहेछ भन्ने खबर सुनेर तीर्थयात्रामा हिँडिरहेका श्रीबलराम पनि त्यहीं आइपुग्नुभयो । भीमसेन र दुर्योधन दुवै जना उहाँका गदायुद्धका शिष्य थिए । आफ्ना दुवै शिष्यहरू गदा उठाएर परस्पर लड्न र घमण्डाघमण्डीका कुरा गर्न लागेको देखेर र सुनेर उहाँलाई आश्चर्य लाग्यो । उहाँलाई श्रीकृष्णसमेत पाण्डव र दुर्योधनादिले यथोचित सत्कार गरेउपरान्त केही बेर त्यहाँ बस्नुभयो ।

तदनन्तर सबैको अनुमतिअनुसार पाण्डव, श्रीकृष्ण, बलराम, दुर्योधनसमेत दलबलसहित दुई जनाको गदायुद्धका निमित्त स्यमन्तपञ्चल क्षेत्रमा गए । उहाँ

पुगेपछि बलरामले भीमसेन र दुर्योधन दुवै जनालाई आशीर्वाद दिँदै भन्नुभयो, "बाबुहो ! तिमीहरू दुवै जना मेरा शिष्य हौ, तिमीहरू दुवै जनाउपर मेरो समान प्रेम छ । आज बयालीस दिनपछि नाना तीर्थ घुम्दै म यहाँ आइपुगेको छु । यतिका दिनसम्म पनि तिमीहरूको युद्ध समाप्त नभएको देख्ता मलाई आश्चर्य लागिरहेछ । यो युद्ध मेरै सामने हुन आँटेको रहेछ, भैगयो, तिमीहरूको युद्ध नहेरूँला भन्दथँ, संयोगवश आजै आइपुगेछु । लौ लड म पनि तिमीहरूको युद्धकौशल हेर्दछु ।" यति भनेर बलराम चुप लाग्नुभयो । परन्तु त्यस बेला उहाँ त्यहाँ आउनुभएको श्रीकृष्णलाई ठीक लागेको थिएन । तैपनि उहाँ चुपै रहनुभयो । अनि दुर्योधनले भने, "लौ त तपाईंहरू हामी दुई जनाको युद्ध हेर्नुहोस् ।" यति भनी उनी भीमसेनसँग युद्ध गर्नानिमित्त ताल ठोक्न थाले । पाञ्चालसैन्य र श्रीकृष्णसमेतका महाराज युधिष्ठिरादिहरू बलरामका चारैतर्फ बसी तमासा हेर्न लागे ।

अब भीमसेन र दुर्योधनको गदायुद्ध प्रारम्भ भयो, परस्पर जोरसाथ टकराएका गदाबाट आगाका झिल्का निस्कन लागे । दुवै वीरको शरीर पसिनाले तर भयो । दुर्योधन गदायुद्धमा भीमसेनभन्दा सिपालु थिए, त्यसो हुनाले उनका गदाको चोट नै विशेष गरेर भीमसेनमाथि पर्दथ्यो । दुर्योधन अगाडि अगाडि सर्दै हिर्काउँथे, भीमसेनको प्रहारभन्दा उनको प्रहार अघिबाट भीमसेनको उपर पर्दथ्यो । भीमसेन पछिपछि हट्तथे । दुर्योधन अघिअघि बढ्दथे, तैपनि भीमसेनको प्रहार खेर जाँदैनथ्यो । उनी बीचबीचमा खूब चखाउँदथे । कैयौं पटक परस्परमा दुवै जना मूर्छित भएर पछारिए, उठे । यस प्रकारले धेरै बेरसम्म युद्ध भएपछि एक पटक भीमसेनको माथैमा बजाउँछु भन्ने विचारले दुर्योधन बुर्लुक्क के उफ्रेका थिए- श्रीकृष्णले उनको चेष्टा बुझेर यस अन्यायीबाट अब धर्मयुद्धले भीमसेन बच्न सक्तैनन् भन्ने विचार गरी झटपट आफ्नो जाँघमा थप्पड मार्दै भीमसेनलाई इसारा दिनुभयो । तब इसारा पाउनासाथ उनले दुर्योधनको गदा टप्प समातेर खोसी आफ्नो गदाले उनको जाँघमा एक दनक दिए । दुर्योधनको तिघ्रो ठनक्कै भाँचियो । उनी खर्लाम्म जमिनमा लडे । अझ त्यतिले पनि नपुगी उनी लड्नासाथ क्रोधी भीमसेनले लात्ती उठाउँदै उनको शिरमा बजारे । यो पनि उचितै थियो, किनभने-

जस्तोसुकै सुजन सभ्य विवेकशील
होओस् तथापि रिसले जब जल्छ दील ।
अन्धो बनेर सहसा निजकृत्यबाट
भ्रष्ट स्वयं हुन पनि जन गर्छ आँट ॥

यति बेरसम्म बलराम चुपचाप हेरिरहनुभएको थियो, जब भीमसेनको त्यो चाल देख्नुभएथ्यो तब क्रोधान्ध हुँदै मुशल उठाउँदै भीमसेनलाई ठोक्दछु भनी लम्कनुभयो । सो देखेर अब बिगार हुन आँट्यो भन्ने सम्झी श्रीकृष्णले उहाँलाई बीचैमा रोकेर भन्नुभयो, "दाज्यैज्यू ! तपाईं यो के गर्न लाग्नुभयो ?" बलरामले भन्नुभयो, "गदायुद्धको नियम यो हो कि कम्मरदेखि तलतिर कदापि हिर्काउनु हुँदैन, भीमसेनले आज अन्याय गरे । त्यस अन्यायको दण्ड म नदिइछोड्दिन, अन्यायलाई कदापि सहन्न ।" श्रीकृष्णले भन्नुभयो, "दाज्यै ! यसमा अन्यायको कुरा नै के छ र ? भीमसेन पनि क्षत्रिय नै हुन् । उनले अघि कौरव सभामा क्षत्रिय वीरहरूका सामने दुर्योधनको जाँघ तोड्ला भन्ने प्रतिज्ञा गरेका थिए । के सो प्रतिज्ञा पनि उनले पूर्ण गराउन नपाउनू ? यदि तपाईं भीमसेनलाई अन्यायी ठहराउनुहुन्छ भने पाण्डवहरूलाई अनेक छलकपट गरी राज्यबाट समेत भ्रष्ट गराउने दुर्योधन तपाईं लेखा न्यायी हुन् त ? भीमसेनलाई विषको लड्डू खुवाउनु, पाण्डवहरूलाई लाहाघरमा जलाउनु, युधिष्ठिरलाई जुवामा फसाएर उनको राज्य हडप गर्नु, सभ्य समाजले परिपूर्ण सभामा एकवस्त्रा द्रौपदीको सारी फुकाएर नाङ्गी तुल्याउनु यी सब कामहरू दुर्योधनका न्याययुक्त हुन कि ? यो केही विचार नगरी तपाईं भीमसेनलाई अन्यायी भन्नुहुन्छ, यो तपाईंको कुन विवेक हो ।"

भाइ श्रीकृष्णबाट यो मुखभरीको जवाफ पाएर बलरामको चित्त बुझ्यो । उहाँले भन्नुभयो, "भाइ ! मैले बल्ल सम्झँ, यो सब तिम्रै लीला हो । अब म यहाँ बस्न चाहन्नँ ।" यति भन्दै बलराम त्यहाँबाट प्रस्थित हुनुभयो । पाण्डवहरू पनि आफ्नो शिविरतर्फ फर्कने जोहो गर्न थाले । त्यसै बेला एकाएक युधिष्ठिरको मनमा नजाने के उब्ज्यो, दुर्योधनको त्यस बेलाको अवस्था देखेर उनी मनमनै भन्न लागे, "हाय ! संसारको स्थिति अतिशय रहेछ । घडीभर जो सम्राट् थियो, घडीभरपछि उही सकस धूलामा लडिरहेछ । यदि यो बिचरो आफ्नो भागशान्तिको राज्यमा सन्तुष्ट हुँदो हो ता आज यो दशामा किन पर्दथ्यो ।" युधिष्ठिर मनमनै यसो भन्दथे, भीमसेनचाहिँ दुर्योधनलाई अझ पनि भन्नु नभन्नु केही बाँकी नराखी छास्तै थिए । सो देखेर श्रीकृष्णले भन्नुभयो, "भाइ, मरिरहेको शत्रुलाई यसरी वाग्बाणले प्रहार गर्नु उचित छैन ।" यही बीचमा लडिरहेका दुर्योधनले पनि शिर उचाल्दै श्रीकृष्णतर्फ फर्केर भने, "श्रीकृष्ण ! अहिले यो गुलियो बचन बनाएर के काम लाग्छ ? तपाईंकै इसारामा न हो भीमसेनले अधर्म युद्ध गरी मेरो जाँघ तोडेको ? नत्र गदायुद्धमा भीमसेन मसँग कदापि दाँजा लाग्न सक्तैनथे । तर तपाईं साह्रै नै कृतघ्न हुनुहुँदो रहेछ । यस्तो अनीतिको चाल चलेर पाण्डवहरूलाई

विजय दिलाउन लाग्नुभएको रहेछ । तपाईंले यस पटक मात्र होइन, अरू कैयौं पटक पनि यस्तो कपटी चाल चल्नुभएको थियो । तपाईंले नै युधिष्ठिरलाई झूटो बोलाएर गुरु द्रोणको वध गराउनुभयो । वीर भूरिश्रवा पनि तपाईंकै कूटचालमा परेर स्वर्ग गए । यी सब गर्ने-गराउने तपाईंसिवाय अरू कोही छैन ।'

श्रीकृष्णले उत्तरमा भन्नुभयो, 'बुझ्यौ महाराज ! मैले कसैको केही गरेको छैन । यो जो कुछ भएको छ तिम्रै कपटको फल हो । बाल्यकालदेखि तिमी पाण्डवहरूको खेदो गर्दथ्यौ । राज्यको क्षणिक लोभले गर्दा तिमीले आफ्ना सुहृद बन्धुबान्धवहरूलाई चिढ्यायौ, त्यो लोभको परिणाम आज भोगिरहेछौ । आज तिमी अकालमा मारिएँ भनेर अर्कालाई शिरमाथि किन दोष दिन्छौ ! जैसी करनी तैसी भरनी ! जस्तो राखेको छ उस्तै पाइन्छ । अब रोएर केही पुग्दैन ।'

दुर्योधनले फेरि भने, 'रुनाको केही कुरा होइन । परन्तु यस नर-संहार लीलामा तपाईंको जुन चाल चल्यो त्यसको बयान मात्र मैले गरेको हुँ । नत्र मलाई यो वीर-भूमिमा लडेर मर्न पाएको समयमा केको शोक थियो ! म बहुत प्रसन्न छु । अब मलाई सांसारिक भोगको कामना नै केही थिएन । जहाँसम्म मेरो शरीरमा दम थियो त्यहाँसम्म मैले शत्रुहरूलाई एक कदमसम्म पनि आफूभन्दा अगि बढ्न दिएको थिइनँ । आज म क्षत्रिय धर्मको पालन गर्दागर्दै मरणासन्न भइरहेको छु, मलाई पूर्ण आशा छ कि म अवश्य वीरगतिमा प्राप्त हुँला । कृष्ण ! अब मेरा निमित्त स्वर्गको मार्ग खुला भयो । मलाई पश्चात्ताप कुनै कुराको छैन । अब पश्चात्ताप जति गर्नु लिनुपर्दछ यो मेरो जूठो कुरा राज्य, धन, सम्पत्ति स्याहारेर पाण्डवहरू नै गरून्, लिऊन् ।'

यति भएपछि युधिष्ठिर, भीमसेन, अर्जुन, नकुल, सहदेव, सात्यकि, चेकितान र युयुत्सुलाई साथ लिई श्रीकृष्ण शिविरतर्फ फर्कनुभयो । उहाँ पुगेपछि श्रीकृष्णले युधिष्ठिरलाई भन्नुभयो, 'महाराज ! आजको रात तपाईंले दुर्योधनको डेरामा नै रहनु उचित छ ।' यो सुनेर ती सबै जना त्यो रात दुर्योधनकै शिविरमा गएर बसे ।

यता युद्धमा बचेका अश्वत्थामा, कृपाचार्य र कृतवर्मा तीनै जना तेजी घोडामा सवार भै युद्धभूमिमा जाँघ टुटेर लडिरहेका दुर्योधन भएका ठाउँमा पुगे । जाँघ टुटेर रक्तले लथपथ भई तड्पिरहेका र अविरल अश्रुधारा बगाइरहेका दुर्योधनलाई देख्ता उनीहरूको मन पनि रहेन । आँखाबाट आँसु बहन लाग्यो । तब धैर्यसाथ मनलाई सम्हाल्दै अश्वत्थामाले भने, 'राजन् ! अब तपाईं कुनै कुराको चिन्ता नलिनुहोस् । यस पार्थिव देहको केही ठेगाना छैन । यदि शरीर क्षणस्थायी नहुँदो हो ता तपाईंले यस अवस्थामा पर्नैपर्ने थिएन । तपाईं राजाहरूको मुकुटमणि हुनुहुन्थ्यो । परन्तु कालचक्रको भोक्कामा परेपछि कसको के लाग्दछ ! तपाईंको

सर्वस्व नष्ट भैसक्यो, प्राणप्रिय भाइ दुःशासन पनि गए । एघार अक्षौहिणी सेना पनि मारियो । आखिरमा आएर आज तपाईको दुर्दशा भइरहेछ । यसको हामीलाई स्वप्नमा पनि सम्भावना थिएन ।"

यो सुनेर आँसु वर्षाउँदै लामो सुस्केरा हालेर दुर्योधनले भने, "गुरुपुत्र ! सृष्टिरचनाको समयमा ब्रह्माजीले आफ्नो आफ्नो समय आएपछि जोसुकैले पनि जानुपर्छ भन्ने नियम बनाइदिनुभएको छ । त्यै नियमका अनुसार आज मेरो पनि समय आइपुगेको रहेछ । तैपनि मलाई अपशोच कत्ति छैन । बरु मैले युद्धमा कहिल्यै पीठ फर्काइनँ, यसै कुरामा मलाई ठूलो सन्तोष छ । यसैले मेरो मृत्यु श्रेष्ठ हो भन्ने मैले ठानेको छु । यही जानेर मेरा मित्र जनलाई पनि मेरो मृत्युमा दुःख हुनेछैन । यस प्रकारको मृत्युबाट मैले अविनाशी लोकको विजय पाएँ । तर मलाई एउटा कुरामा दुःख छ कि क्षत्रियधर्म एवम् युद्ध-धर्मको नियमानुकूल म मारिइनँ । भीमसेनले मलाई छलले मारे ।

यति भन्दै राजा रुन थाले । केही बेर रोएपछि उनको आँसु बन्द भयो । उनी चुप लागे । परन्तु उनको त्यो अवस्था देखेर अश्वत्थामालाई असह्य भयो । उनी पाण्डवका उपर क्रोधले चूर भएर दुवै हात वेगसँग उठाउँदै भन्न लागे, "महाराज ! यद्यपि मेरा पिताजी (द्रोण) पनि नीच पुरुषकैझैं यस युद्धमा मारिनुभएको हो । तर त्यस बेला पनि मलाई आज तपाईको अवस्था देख्ता जस्तो रिस कहिल्यै उठेको र मनमा दुःख लागेको समेत थिएन । यसैले आज म कुवा, तलाउ, सरोवर, यज्ञ, दान, धर्म, पुण्य आदिको शपथ लिएर सत्यप्रतिज्ञा गर्दछु कि श्रीकृष्णकै देखादेखमा हरएक यत्न उपाय गरेर पनि म पाञ्चालहरूलाई नमारिछोड्नेछैन । केवल महाराजको आज्ञा चाहन्छु, आज्ञा पाऊँ ।"

अश्वत्थामाको यो साहस देखेर दुर्योधनले कृपाचार्यसँग भने, "आचार्य ! तपाई चाँडै नै जलपूर्ण कलश लिएर आउनुहोस् । म आजको सेनापति अश्वत्थामालाई बनाउँछु । किनभने क्षात्रधर्ममा आरूढ ब्राह्मणले राजाज्ञाका अनुसार युद्ध गर्नामा केही बाधा छैन । मनु आदि आचार्यहरूले पनि यस कुरालाई स्वीकार गरेका छन् । यो सुन्नासाथ कृपाचार्यले जलपूर्ण कलश ल्याइपुऱ्याए । त्यै कलशको जलले अश्वत्थामालाई सेनापतिको पदमा अभिषेक गरियो । त्यसपछि सिंहनाद गर्दै अश्वत्थामा हिँडिहाले । उनका साथसाथै कृपाचार्य र कृतवर्मा पनि फर्के । दुर्योधनचाहिं त्यहीं लडिरहे ।

॥गदापर्व समाप्त॥

□□□

सौप्तिकपर्व

दुर्योधनलाई अर्धमृतावस्थामा छोडेर हिँडेका अश्वत्थामा, कृपाचार्य र कृतवर्मा तीनै जना सरासर वनमा गएर एउटा वटवृक्षको छहारीमा बसे । दिनभरको युद्धको श्रमले गर्दा सबैलाई थकित गराएको थियो । रथैमा लेटिरेहेका थिए । कृपाचार्य र कृतवर्मालाई निद्राले छोपिहाल्यो । परन्तु अश्वत्थामालाई किन निद्रा लाग्दथ्यो । उनी चिन्ता र तापले तडफडाइरहेका थिए । कुनै उपायले शत्रुहरूको विध्वंस गरूँ भनी उनको मन व्याकुल थियो । पाण्डव वीर छन्, श्रीकृष्ण उनीहरूका सहायक हुनुहुन्छ । यस्तो अवस्थामा हामी जाबा तीन जनाले गरेर के हुने हो ? अब के गरूँ भन्ने यस्तै विचारले गर्दागर्दै झट्ट उनको मनलाई राति लुकेर पाण्डवको शिविरमा पसेर मौका छोप्नुपर्‍यो भन्ने आँट आयो । परन्तु साथीसँग पनि सल्लाह लिनु उचित हो भन्ने पनि उनले ठाने । फेरि विचार गरे, यो ता अधर्म हो, युद्ध शूरवीर पुरुषले गर्न अनुचित काम हो ।" यस्तै कुरा उनको मनमा धेरै बेरसम्म खेलिरहे ।

आधा रात भयो, वटवृक्षमा गुँड लगाएर बसेका कौवाहरू पनि मस्त निद्रामा परिसके । यसैबीचमा सहसा उलूक पक्षीको एक बथानले कताकताबाट आएर निदाइरहेका कागहरूमाथि हमला गर्‍यो । राति कागहरू आँखा नदेख्ने उलूकहरू देख्ने हुनाले कागहरूलाई ज्यान बचाउन कठिन पर्‍यो । अनेक कागहरू मारिए । यो सब दृश्य रथमा लेटिरहेका अश्वत्थामाले देखिरहेका थिए । तब उनको मनले ठान्यो, "यो पनि शत्रु संहार गर्ने एक उपाय नै उलूक पक्षीद्वारा उपदेश मिलेको हो । यही उपायद्वारा मैले पनि किन शत्रुसँग बदला नलिनु ?" यस्तो विचार उठ्नासाथ अश्वत्थामाले मस्त निद्रामा परिरहेका कृपाचार्य र कृतवर्मालाई बिउँझाएर त्यो सब काग र उलूक पक्षीको घटना विस्तार गर्दै "अब म पनि पाण्डवहरूका उपर यही उपायबाट काम लिऊँ कि" भन्ने आशय प्रकट गरे ।

कृपाचार्यले भने, "आचार्यपुत्र ! सुन्नुहोस् मनुष्यहरू दुई प्रकारका कर्मले बाँधिएका हुन्छन् । ती दुई प्रकारका कर्मको नाम प्रारब्ध र उद्योग हो । परन्तु उद्योगको सफलता विनाप्रारब्धको संयोग नभई मिल्न सक्तैन । त्यसो भए तापनि

मनुष्यले उद्योग गर्न छोड्नु हुँदैन । फल प्राप्त हुनु-नहुनु ईश्वरको अधीनमा छ । बुद्धिमान् मनुष्यले प्रारब्धलाई साथ लिएर ईश्वरार्पण कर्म गर्नुपर्दछ । परन्तु अल्सी मनुष्यहरू उद्योग गर्दै नगरीकन ईश्वरलाई दोष दिन्छन् । त्यसले अन्तमा उनीहरूलाई दुःखसिवाय हातलागी केही हुँदैन । प्रारब्धलाई ईश्वरको भरोसामा छाडौं उद्योग गर्ने मनुष्यलाई नै सुख मिल्दछ, नत्र कदापि मिल्दैन । फल प्राप्त हुँदैन । त्यस्तो अवस्थामा मनुष्यले मेरो प्रारब्धमा नै रहेनछ भनी चित्त बुझाउनुपर्दछ । विनाउद्योगमा खाली हात नबस्नु मनुष्यको कर्तव्य हो । उद्योगबाट नै सिद्धिलाभ हुन्छ । उद्योग गर्दा दुःख हुन्छ, तुरुन्त फलप्राप्ति हुँदैन । तापनि एक न एक दिन गएर त्यसको फल प्राप्त हुन जान्छ । परन्तु आफूखुशी जथाभाबी जस्तो पायो उस्तो काम गर्न थाल्यो भने त्यस कामबाट त्यसले दुःखित नभई सुखै पाउँदैन । त्यसको शीघ्र नै नाश हुन्छ ।

अश्वत्थामन् ! दुर्योधन बहुतै मूर्ख थिए, उनले ठूलाबडाको अपमान गरेर युद्ध आरम्भ गरेका थिए, आफ्ना भैयात र सुहृद्वर्गसँग शत्रुता उठाएका थिए । नत्र उनी जत्तिको शक्तिशाली थिए उत्तिकै सुखी हुने थिए । उनको यो विधि नाश कदापि हुने थिएन । परन्तु आफ्ना पितृ-पितामहादि मान्यजनको अपमान र आफ्ना सर्वगुणसम्पन्न भैयात पाण्डवहरूबाट विजयलाभको लालचाले गर्दा आज उनको त्यो गति भइरहेछ देखिहाल्नुभयो । उनी आज आफ्नो नृशंसताको र अत्याचारको फल पूर्णरूपले भोगिरहेछन् । उनको हाहामा लागेर हामीले पनि कति कष्ट पायौं । यो सब देख्तादेख्तै पनि हामीले विनाविचारसँग काम गऱ्यौं भने अझ हाम्रो के गति होला ? यसकारण म त भन्दछु राम्रो विचार गरीकन मात्र जो गर्न उचित ठहर्छ सोही काम गर्नुहोला । तर सबैको रायले गरेको कामबाट मात्र शुभफल प्राप्त हुन्छ भन्ने कुरालाई पनि बिर्सन हुँदैन । तसर्थ एक पटक हिंड्नुहोस्, महाराज धृतराष्ट्र, विदुर, माता गान्धारीहरूसँग पनि सल्लाह लिई काम उठाउनु बढिया छ । त्यति गर्दा पनि हामी सफल भएनौं भने हाम्रो प्रारब्ध नै खोटो रहेछ भन्ने निश्चय गर्नुपर्ला ।"

कृपाचार्यको यस कथनले अश्वत्थामालाई साह्रै असजिलो पऱ्यो । उनले विचार गरेको कुरामा पानी फेरियो । उनी एकाएक क्रुद्ध हुँदै कृपाचार्य र कृतवर्मा दुवैसँग भन्न लागे, "हो तपाईंले भन्नुभएको कुरा ठीक हो । आफ्नो बुद्धिको प्रशंसा जोसुकैले पनि गर्दछन्, अर्काको बुद्धिको प्रशंसा गर्ने मनुष्य कम मात्र पाइन्छन् निन्दा गर्ने नै धेरै हुन्छन् । तपाईं मेरो उत्तरदायित्वलाई सम्झनुहुन्न । राजा दुर्योधनले मलाई सेनापति बनाएका छन्, त्यस सेनापतिपदको मैले पालन

गर्नुपर्दछ । त्यसैका निमित्त म व्यग्र भैरहेछु । मैले पाञ्चालहरूको नाश गरूँला भन्ने प्रतिज्ञा गरिसकेको छु । यसकारण मैले क्षात्रधर्मको पालन गर्नैपर्दछ । त्यति नगरी मलाई शान्ति नै हुँदैन । अहिले रातिको समय छ, यस बेला पाण्डवहरू आफ्नो कवच फुकालेर सुतेका होलान् । यही मौकामा म उनीहरूका उपर आक्रमण गर्दछु । सबभन्दा पहिले म आफ्नो पिता (द्रोण) को हत्याकारी धृष्टद्युम्नलाई मार्दछु, अनि अरू पाण्डवहरूको कामतमाम गरूँला ।"

अश्वत्थामाको यो निश्चय जानेर कृपाचार्यले भने, "अवश्य तपाईं सर्वश्रेष्ठ योद्धा हुनुहुन्छ परन्तु यो कुन त्यस्तो ठूलो कुरा हो र राति सुतेका पाण्डवउपर आक्रमण गर्नुपर्दछ । अहिले आनन्दसाथ सुकला गर्नुहोस्, रात धेरै बाँकी छ । भोलि बिहान हामी तीनै जना सँगसँगै जाऔंला र जसरी भए पनि पाञ्चाल र पाण्डवहरूको संहार गरौंला । कृतवर्मा साथमा छउन्जेलसम्म इन्द्रले पनि तपाईंलाई केही गर्न सक्नेछैनन् ।" यस कुराले अश्वत्थामालाई झन् उत्तेजित गरायो, किनभने, उनको रातैमा छापा मार्ने उद्देश्य उनीहरूबाट पूरा नंहुने देखियो । तब उनले रन्कँदै भने, "तपाईं यो के भन्नुहुन्छ ? स्त्रीको वशमा रहने, क्रोधी र विजयाभिलाषी मनुष्यलाई निद्रा पर्दैन । अहिले मेरो पनि ठीक यही अवस्था छ । मैले यसै रातमा पाण्डवहरूको वध गर्ने निश्चय गरेको छु । यसकारण म निश्चयबाट अलिकति पनि डग्न सक्तिनँ । तपाईंहरू चाहनुहुन्छ भने मलाई साथ दिनुहोस्, नत्र म स्वयम् जान लागेँ । पाण्डहरूले बडा अन्याय गरेका छन् । तपाईंहरू रातमा छापा मार्नुलाई धोखा भन्नुहुन्छ ता भन्दै रहनुहोस् । परन्तु पाण्डवहरूले कुन न्यायले युद्ध गरेका छन्, धृष्टद्युम्नले कसरी शस्त्रहीन मेरा पिताको वध गरेका छन्, फेरि महावीर कर्णको सङ्कटापन्न अवस्थामा रथको पाङ्ग्रो धसिएको बेलामा उनले अर्जुनको शरण लिएका हुन्, त्यस कुराको बिलकुलै वास्ता नराखी उनलाई मारेको के तपाईंहरूले बिर्सिदिनुभयो ? अनि अखण्ड आबाल ब्रह्मचारी भीष्मपितामहको अगाडि शिखण्डीलाई राखेर उहाँलाई अर्जुनले मार्नु यो पनि न्यायको युद्ध हो कि ? अनि सात्यकिले शस्त्रविहीन भूरिश्रवाको शिर काट्नु यो पनि कुनै उचित कर्म हो ? यी सब धोखाबाजीसिवाय अरू के हुन् र आज मैले आँटेको कामलाई तपाईंहरू धोखाबाजी सम्झनुहुन्छ ? के त्यै पनि न्याय नै हो भनी तपाईंहरूले ठान्नुभएको छ ? ती सब अन्यायहरू देखी पाण्डवहरूसँग मेरो चित्त अत्यन्त दुःखित भइरहेको छ । यसैकारण म अब क्षणभर पनि रोकिन सक्तिनँ ।"

यति भनेर अश्वत्थामा उत्तिखेरै रथमा घोडा जोत्न थालिहाले । कृपाचार्यले फेरि पनि "यो के गर्न लागेको" भनी रोके । "राजा दुर्योधनको दुःख मेटाउनानिमित्त

र धृष्टद्युम्नसहित पाण्डवहरूको वध गर्नानिमित्त प्रस्थान गर्न लागें" भन्ने जवाफ दिएर फेरि उनले भने, "के तपाईं हामी दुवै जनाको विश्वास मान्नुहुन्न त ? एक्लै जान लाग्नुभयो !" अश्वत्थामाले केही जवाफ दिएनन् । तब लाचारीसाथ कवचहरू पहिरेर कृपाचार्य र कृतवर्मा दुवै जना "लौ हिंड्नुहोस् त" भनी उनको पछि लागे । तीनै जना रथमा सवार भए ।

सीधा पाण्डवको शिविरतिर लागेर उनीहरू ढोकैमा पुगे । जहाँ स्वयम् साक्षात् भगवान् शङ्कर विरथरूपमा खडा भएर पहरा दिइरहनुभएको रहेछ । उहाँलाई देख्नासाथ पहिले ता खूब रिसाउँदै अश्वत्थामाले उहाँका उपर पनि शस्त्र प्रहार गर्न बाँकी राखेनन् । तर जब एकसेएक बडे वरदानप्राप्त अस्त्रहरूको प्रयोगबाट पनि केही सीप लाग्दैनथ्यो तब उनको क्रोध शिथिल हुँदै आयो । उनी तुरुन्त विनयसाथ झुकेर विन्ती गर्न थाले । यता भगवान् शङ्करका उपर प्रहार गरेको देखेर क्रुद्ध भएका उहाँका भयानक वेशधारी गणहरू मद्यपानले मस्त भएर उहाँलाई प्रसन्न तुल्याउनानिमित्त अश्वत्थामाको बलिदिन तयार देखिन्थे । उनीहरूलाई देखेर स्वयम् अश्वत्थामाले आफैं बलि बन्ने विचार गरी शङ्करसँग भने, "हे भगवान् ! आज मैले आफ्ना शत्रुहरूलाई जित्न सकिनँ भने मेरो शरीरको बलिदान हजुर स्वीकार गरिबक्सिएला, किनभने शत्रुबाट पराजित भएर बाँच्ने मेरो इच्छा छैन ।" यति भनेर त्यहीं बलिरहेको अग्निकुण्डमा आफ्नो शिर हवन गर्न भनी उनले स्वयम् काट्न के आँटेका थिए झटपट शङ्करजीले हाँस्तै भन्नुभयो, "वीर अश्वत्थामा ! म तिम्रो वीरता र शूरता तथा भक्तिदेखि प्रसन्न भएँ ! अब तिम्रो मार्ग एकदम खुला भयो, कतैबाट रोकिनुपर्ने छैन । पाञ्चालहरूको अवधि पनि पूरा भयो, जाऊ ।" यति भनेर उहाँले अश्वत्थामालाई एउटा अत्यन्त झलझलायमान धारिलो तरबार दिनुभयो । आफैं पनि उनको शरीरमा प्रवेश गर्नुभयो । उहाँले प्रवेश गरेको हुँदा अश्वत्थामाको शरीर एकाएक प्रज्वलित तेजपुञ्ज जस्तो भएर निस्क्यो ।

एकाएक मानौं भैरवावतार हुन् कि भनेझैं गरी अश्वत्थामा पाण्डव शिविरमा घुसे । घुस्ने बेलामा उनले कृपाचार्य र कृतवर्मालाई भने, "तपाईंहरू दुवै जना शिविरको ढोकामा दुईतिर बस्नुहोस्, म गएर शत्रुहरूको नाश गर्नेछु । यदि कोही भित्रबाट भागेर बाहिर जान लाग्यो भने त्यसलाई त्यहीं खतम गरिदिनुहोला ।" यही अह्रोटअनुसार कृपाचार्य र कृतवर्मा शिविरको ढोकामा बसे । अश्वत्थामा भित्र पसे । त्यस बेला उहाँ धृष्टद्युम्न एक सुन्दर शय्यामा मस्त भएर सुतेका थिए । झम्टैंदै गएर अश्वत्थामा उनको छातीमा चढी दनादन गोद्न थाले । बिचरा एक्ला धृष्टद्युम्नको केही जोर चलेन । उनले विवश भएर भने, "आचार्यपुत्र !

तपाईंको हातबाट मर्न पाए म अवश्य पुण्यलोकमा जानेछु, यसकारण तपाईं चाँडै नै मेरो कामतमाम गरिहाल्नुहोस् ।" सो सुनेर अश्वत्थामा "तँ जस्तो पापीले नरकमा जानुपर्छ" भन्दै उनको मर्मस्थानमा ठूलो चोट पर्ने गरी प्रहार गर्न थाले । धृष्टद्युम्नका मुखबाट असह्य वेदनाको चीत्कार निस्कन थाल्यो । उनको त्यो आर्तनाद सुनेर शिविरमा सुतेका जति थिए ती सबै बिउँझेर हाहाकार मच्चाउन थाले । क्रोधान्ध अश्वत्थामाको रिस केही गरे पनि थामिएन । उनको अगाडि जोजो पर्न आउँछ उसउसलाई निर्दयतापूर्वक उहीं सिध्याइदिए । परन्तु भाग्यवश पाण्डवहरू त्यस रातमा त्यो शिविरमा नसुती अन्यत्रै सुत्न गएका रहेछन् । उनीहरूलाई पत्तै थिएन । युधामन्यु के उठेर आएका थिए उनलाई पनि अश्वत्थामाले भुइँमा पछारेर घिस्याउँदै यमलोकतर्फ पठाइदिए ।

त्यस प्रकारले धृष्टद्युम्न र अरू कैयौं जनालाई मारेपछि अश्वत्थामा दौडँदै द्रौपदीका पाँच पुत्रहरू सुतेको ठाउँमा पुगे । बीचमा शिखण्डीलाई भेट्टाएर उनको पनि तरबारको एकै प्रहारमा कामतमाम गरिदिए । यस्तैमा द्रौपदीका पुत्रहरूले चाल पाएर उनका वेगलाई रोक्ने चेष्टा के गरेका थिए, परन्तु उनको चढ्दो वेगमा कसको के लाग्दथ्यो ? उनले यी पाँचै जनालाई एकएक गरी त्यहीं मारिदिए । तिनमध्ये पहिले प्रतिविन्ध्य पेट चिरेर मारिए, सुतसोमका हात काटिए, शतानीक, श्रुतिकर्म र श्रुयकीर्तिको शिरै उडाइयो ।

यस प्रकारसँग शिविरमा अश्वत्थामाले उत्पात मचाएकाले उहाँ घोर कोलाहल उठ्यो । पृथ्वी रगतले मुछिइन्, कैयौं मारिए, कैयौं भागे, तर भाग्नेले पनि भागेर सुख पाएनन् । ढोकामा पुग्न पाउँदा नपाउँदा कृतवर्मा र कृपाचार्यद्वारा मारिए । कहाँसम्म भने शिविरमा जे जति हात्ती घोडा थिए ती पनि अश्वत्थामाको हातबाट एक बाँकी रहेनन् । रुण्डमुण्डहरूको रास लाग्यो, रगतको भेलमा लासहरू पौडन थाले । शिविरभूमि पूरा रणभूमिको रूपमा खडा भयो । सामनेमा पर्ने जति कसैलाई पनि अश्वत्थामाले जीवित रहन दिएनन् । त्यस प्रचण्ड वेगको समयमा को-को आफ्नो हातबाट मारिए सो कुरा उनी अश्वत्थामालाई पनि याद भएन । तर आफ्नो भयानक मार र प्रचण्ड वेग अनिवार्य रहेकोमा नै उनी स्वयम् प्रसन्न देखिन्थे । गर्नुसम्मको संहार गरिसकेपछि उनी शिविरबाट बाहिर निस्के । कृपाचार्य र कृतवर्मासँग भेट भएपछि "बल्ल पाण्डवहरूको संहार गरेर आएँ । पाँचै जना पाण्डवहरू आजदेखि यस लोकमा छैनन्" भनी ठूलो हर्ष प्रकट गरे । सो सुनेर कृपाचार्य र कृतवर्मा पनि थपडी मार्दै हाँस्न नाच्न उफ्रन थाले । उनीहरूका निमित्त त्यो रात कुनै भारी उत्सवको रात जस्तो लाग्यो ।

यसपछि अश्वत्थामा, कृपाचार्य र कृतवर्मा तीनै जना खुशीसाथ हाँस्दै, उफ्रँदै आफूले गरेको संहारलीलाको खबर सुनाउन भनी दुर्योधन लडिरहेको ठाउँमा पुगे । त्यस बेला दुर्योधन आफ्ना अन्तिम घडीको पलापला गनिरहेका थिए । उनको मुखबाट हुलहुल रगतको भल बगिरहेको थियो । स्याल, ब्वाँसा, गिद्ध आदि जीवहिंस्रक पशुपक्षीहरूले घेरिराखेका थिए । कोही टुग्दथे, कोही लुछ्तथे, कोही नगिचै गएर झम्टन खोज्दथे, दुर्योधन लडीलडीकन हातको गदा घुमाउँदै तिनीहरूलाई धपाइरहेका देखिन्थे । प्राण थाम्न कठिन भइरहेको उनको त्यो अवस्था देखेर कृपाचार्य, अश्वत्थामा र कृतवर्मा तीनै जनाको त्यो हर्षको अवस्था पनि एकाएक करुणाजनक रोदनको अवस्थामा परिवर्तित भयो । तीनै जना अविरल अश्रुधारा बगाउँदै रुँदै दुर्योधनको शिरलाई काखमा राखेर विलाप गर्दै धन्य विधिको विधान भनी छाती पिट्न थाले ।

यसरी शोक प्रकट गर्दै अश्वत्थामाले भने, 'हे नरशार्दूल कुरुराज ! तपाईं अतुल पराक्रमी हुनुहुन्थ्यो, क्षुद्र भीमसेनले अन्यायमा तपाईंको यो अवस्था गरायो । उनको त्यो अत्याचार सहन नसकेर स्वयम् बलराम उनलाई मार्न तयार हुनुभएको हो । तर जाली श्रीकृष्णले उहाँलाई रोक्नुभयो । किन्तु आश्चर्यको कुरा यो छ कि यस्तो अधर्मयुद्ध पनि धर्मराज युधिष्ठिर र श्रीकृष्णका समक्षमा हुन गयो । हे राजन् ! यो सृष्टि जहाँसम्म रहला त्यहाँसम्म वीर पुरुषहरूले भीमसेनको यस अधर्मयुद्धको कदापि प्रशंसा गर्नेछैनन् । नर-व्याघ्र ! तपाईं धन्य हुनुहुँदो रहेछ । धर्मयुद्धलाई तपाईंले कुनै अवस्थामा पनि लत्याउनुभएन । यसैले तपाईंको विषयमा हामीले शोक गर्नुपर्ने कुरा केही छैन । केवल प्रज्ञाचक्षु (अन्ध) महाराज धृतराष्ट्र र महारानी गान्धारीको विषयमा हामीलाई ठूलो शोक लागिरहेछ । किनभने उहाँहरूले तपाईंका साथसाथै यस नरदेहलाई विसर्जित गर्न पाउनुभएन' इत्यादि ।

अनेक विलाप गर्दागर्दै निकै बेर बित्यो । यति बेरसम्म पनि दुर्योधनले कठिनसाथ प्राणलाई रोकिराखेका थिए । उनको मुखबाट वाक्य पनि फुट्न सकेको थिएन । तब अश्वत्थामाले उनको काननगिचै मुख लगेर राम्ररी सुनुन् भन्ने विचारले खूब उच्चस्वरमा भने, 'महाराज ! यदि तपाईंको देहबाट प्राण निस्केको छैन र केही चैतन्य छँदैछ भने तपाईंको कान र मनलाई हर्ष लाग्ने एक समाचार भन्दछु राम्ररी सुन्नुहोस् । आज गएको रातमा मैले पाण्डवसैन्य, द्रौपदीका पाँच पुत्र, सहायक धृष्टद्युम्न र अन्यान्य विपक्षीगणसहित कैयौं पाण्डवपक्षीय राजा-महाराजाहरूलाई मारेर आएँ । पाण्डवहरू निःसन्तान भए । अब उनीहरूका कुलको बत्ती निभ्यो । वीरपुङ्गव ! अब पाण्डवका सात अक्षौहिणी सैन्यमा केवल

सात जना वीरपुरुष अर्थात् पाँच भाइ पाण्डव, सात्यकि र श्रीकृष्णसिवाय कोही बाँकी छैनन् । यता तपाईंको एघार अक्षौहिणी सेनामा केवल हामी तीन जना (अश्वत्थामा, कृपाचार्य र कृतवर्मा) बाँकी छौं ।"

अश्वत्थामाको मुखबाट यो सन्तोषलाग्दो समाचार के सुनेथे दुर्योधनको धुकधुकी मात्र अड्केको प्राणमा पनि नवजीवन प्राप्त भए जस्तो लाग्यो । उनी एकाएक सचेत तथा जाग्रत भई हर्षसाथ गद्‌गद कण्ठले भन्न थाले, "आचार्यपुत्र ! तपाईं तीन जनाको पुरुषार्थदेखि म बहुतै प्रसन्न भएँ । यस अवस्थामा पनि मलाई तपाईंको पुरुषार्थले स्वर्गीय आनन्द दिलायो ।" यदि भन्दाभन्दै दुर्योधनका दुवै नेत्र बन्द भइहाले । तत्कालैमा उनलाई प्राणपखेरुले पनि छोडिदियो ।

अश्वत्थामाको क्रूर कर्मबाट पाण्डव-शिविरमा जो दुर्घटना भएको थियो त्यस ठाउँभन्दा पर अर्को शिविरमा पाण्डवहरू सुतेका थिए । अश्वत्थामाको त्यो क्रूर कर्मको संवाद जब युधिष्ठिरको कानमा पुगेथ्यो उनी काटेको केराको खम्बा ढलेझैं एकाएक मूर्छित भएर ढले । सो देखेर झटपट श्रीकृष्ण, अर्जुन, भीमसेन, सात्यकिले दौडँदै गएर उनलाई उठाउँदै किन यसो गर्नुभएको भनी सोधे । तब युधिष्ठरले बल्लतल्ल होसमा आएर विलाप गर्दै सारा वृत्तान्त वर्णन गरी उनीहरूलाई सुनाए । त्यसले गर्दा ती सबैको हृदय एकाएक विदीर्ण भयो । उनीहरूले भने, "हाय ! विधिको गति विचित्र छ । जुन महापराक्रमी योद्धा धृष्टद्युम्न, कर्ण, भीष्म, द्रोण जस्ता कालसमान गर्जने र भगवान् महारुद्र जस्ता संहारकारी वीरहरूको बाणवृष्टिले पनि मारिन सकेका थिएनन्, आज उही वीर प्रमादवश अनायासैमा मारिए । यस संहारको समाचार सुनेर द्रौपदीको के गति होला ! निःसन्देह अब उनी पनि आफ्नो प्राण नछोडी रहन सक्नेछैनन् । भाइ नकुल, तिमी चाँडै जाऊ तिनी अभागिनीलाई र पाञ्चालका स्त्रीहरूलाई समेत यहाँ बोलाएर ल्याऊ ।" नकुललाई यति अराएपछि युधिष्ठर पाञ्चाल, धृष्टद्युम्न, शिखण्डीहरू मारिएको शिविरमा गए । उहाँको संहारस्थल देखेर पागल जस्तै भई विलाप गर्दै छाती पिट्न थाले । त्यसै बेला पुत्रहरूको संहारले विह्वल हुँदै रुँदै छाती पिट्दै केराको पातझैं काँप्दै द्रौपदी त्यहीं आइपुगेर लडीबुडी गर्न थालिन् । उनको त्यो अवस्था देखेर पाण्डवहरूको चित्त रहन सकेन । उनीहरू पनि रुन थाले । त्यसै बेला भीमसेनले द्रौपदीका आँसु पुछ्दै यो प्रतिज्ञा गरे, "द्रौपदी ! तिम्रा पुत्रहरूको हत्याकारी अश्वत्थामाको शिरमा रहेको मणि उनलाई मारेर ल्याई तिम्रो शिरमा बाँधिदिनेछु । तिमी धैर्य गर । तिम्रो पुत्रका हत्याकारी बाहुन अब मेरो गदाको प्रहारबाट कदापि बच्न सक्नेछैन ।"

द्रौपदीलाई यस प्रकारसँग सान्त्वना दिएपछि भीमसेन तुरुन्त रथमा सवार भई अश्वत्थामाको खोजमा दौडे । त्यसै बेला श्रीकृष्णले ब्रह्मशिर नामक अस्त्रको विस्तृत कथा सुनाउँदै युधिष्ठिरलाई भन्नुभयो, "महाराज ! भीमसेनले भने अश्वत्थामालाई मार्छु भनी दौडे । तर अश्वत्थामासँग भीमसेनलाई मार्न सक्ने ब्रह्मशिर नामक अस्त्र छ । त्यसकारण भीमसेन एक्लै गएर भिडिए भने उनी बच्न सक्नेछैनन् । हामी पनि उनका पछिपछि जाऔं ।"

श्रीकृष्णको उक्ति सबैलाई उचित लाग्यो । तब अर्जुन युधिष्ठिरादि सबै जना आ-आफ्नो रथमा सवार भई अश्वत्थामाको खोजमा भीमका पछिपछि दौडे । धेरै पर पुगेपछि अश्वत्थामा गङ्गा किनारमा व्यास आदि ऋषिहरूका साथ सर्वाङ्ग धूलाले लपेटिई बसेका छन् भन्ने पत्ता लाग्यो । सबै जना उहीं पुगे । पुग्नासाथ भीमसेनले धनु उठाउँदै अश्वत्थामालाई युद्धका निमित्त ललकारे । उनको जवाफ एकैचोटिमा दिन्छु भन्ने विचारले अश्वत्थामाले पनि उही ब्रह्मशिर नामक अस्त्रलाई अभिमन्त्रित गरी छोडिहाले । त्यसको मारमा परेपछि भीमसेनको समाप्ति नभई नछोड्ने देखेर झटपट श्रीकृष्णले अर्जुनलाई इसारा गर्नुभयो । अर्जुनले सो इसारा बुझेर त्यस ब्रह्मशिर अस्त्रका उपर तुरुन्तै ब्रह्मास्त्रको प्रयोग गरे । दुई अस्त्रकै बीच आकाशमा लडन्त हुन थाल्यो । भीमसेन मौका पाएर पछि हटे । यति नभएको भए उनका साथसाथै अरू चार भाइ पाण्डवहरूको पनि भस्म नभई रहने थिएन । परन्तु दुवै अस्त्रको परस्परको भिडन्त परेर भयङ्कर आवाज निस्कन थाल्यो । अब यी सृष्टिसंहारक दुई अस्त्रको भिडन्त परेपछि के-के हुने हो भनेर देख्नेहरू सारा हाहाकार गर्न थाले । यो देखेर झटपट महामुनि नारद र व्यास ती दुई अस्त्रका बीचमा आएर खडा भए । तब अर्जुनले अस्त्र आफैंमा खिचेर लिए । तर अश्वत्थामाले चाहिं खिचेनन् । व्यासजीले कति सम्झाउनु पनि भयो, तैपनि मानेनन् । उनले भने, "मुनिवर ! पाण्डवहरू मेरो शिखामणि लिन चाहन्छन् । त्यो मेरो प्राणभन्दा प्यारो हुनाले म दिन चाहन्नँ, त्यसैले आफूले प्रयोग गरेको ब्रह्मशिरलाई पनि म खिचेर लिन सक्तिनँ । मैले छोडेँ, छोडेँ बरु यतिसम्म गर्न सक्तछु कि यस अस्त्रलाई पाण्डवहरूको गर्भमा लगेर छाड्दछु ।"

व्यासजीले 'लौ त त्यसै गर्नुहोस्' भन्नुभयो । अश्वत्थामाले सो ब्रह्मशिर नामक अस्त्रलाई सहसा गर्भिणी उत्तरा (अभिमन्युकी पत्नी) को गर्भमा लगेर घुसेडिदिए । उनको यो कुत्सित विचारको मर्म श्रीकृष्णलाई थाहा भयो । उहाँले हाँस्दै भन्नुभयो, "आचार्यपुत्र ! तिम्रो यो प्रयत्न कदापि सफल हुनेछैन । तिम्रो पाण्डवकुलको निर्मूल गराउने विचार मैले राम्रैसँग बुझें । परन्तु उत्तराले एक सत्यनिष्ठ ब्राह्मणबाट

तिम्रो परीक्षित नामक पुत्ररत्न पैदा हुनेछन् भन्ने वरदान पाइसकेकी छन् । तिनै परीक्षित पाण्डवकुलको उत्तराधिकारी हुनेछन् । ब्राह्मणको आशीर्वाद कदापि व्यर्थ हुनेछैन । श्रीकृष्णको यस कुरामा अश्वत्थामाको चित्त बुझेन । उनी यो मेरो ब्रह्मशिर पनि अमोघ अस्त्र हो । यो अहिलै कसरी व्यर्थ होला भनी वादविवाद गर्न थाले । अन्त्यमा स्वयम् जगदीश्वर भगवान् श्रीकृष्णको अपमानपूर्वक उहाँसँग वादविवाद गरेको कहिले असल हुन्थ्यो ! उनलाई भगवान् श्रीकृष्णले भन्नुभयो, "ब्राह्मण भएर पनि तिमीले यस्तो क्रूर कर्म गर्नु साह्रै अनुचित कुरा हो । तिमी कापुरुष औ आततायी हौ । यसकारण तिमीले आजदेखि तीन हज्जार वर्षसम्म ठूलो कष्ट भोगेर बस्नुपर्नेछ ।"

श्रीकृष्णबाट दिएको यस सरापलाई वेदव्यासले पनि समर्थन गर्नुभयो । अन्त्यमा विवश भएर अश्वत्थामाले आफ्नो शिखामणि आफैंले झिकी पाण्डवहरूलाई सुम्पेर त्यतैबाट सीधा वनतर्फ प्रस्थान गरे । श्रीकृष्णसहित पाण्डवहरू पनि आफ्नो शिविरतर्फ फर्के । उहाँ पुगेपछि सो मणि द्रौपदीको हातमा दिई युद्धको वर्णन गर्दै भीमसेनले भने, "प्रिय ! हामीले अश्वत्थामाको यो मणि खोसेर उनले प्रयोग गरेको अस्त्रसमेत छुटाई उनलाई एक्लै धपाइदियौं । ब्राह्मण त्यसमाथि गुरुपुत्रसमेत हुनाले उनको हत्या गर्नु उचित भएन । केवल यत्ति दण्ड दिएर छोडिदियौं ।" द्रौपदीले भनिन्, "बहुतै बढिया भयो, उहाँ गुरुपुत्र हुनाले मेरो लेखा पनि त गुरुसमान हुनुहुन्छ । अब यो मणि महाराजबाट पहिरिबक्सनु उचित छ । म यसलाई लिएर के गरूँ !" द्रौपदीको यो आग्रह देखेर सो मणि महाराज युधिष्ठिरले लिई आफ्नो माथमा पहिरे । त्यसले गर्दा उनको शोभा दोब्बर भएर निस्क्यो । त्यसपछि व्यासजीले अनेक प्रकारको उपदेश दिई पाण्डवसहित द्रौपदीको पुत्रशोकलाई शान्त गराउनुभयो ।

॥सौप्तिकपर्व समाप्त॥

□□□

स्त्रीपर्व

यता दुर्योधनसमेत सकल सैन्य सङ्ग्राममा मारिएको खबर सञ्जयको मुखबाट सुनेर महाराज धृतराष्ट्र शोकसन्तप्त हुँदै काटेको वृक्ष ढलेझैं भूमिमा ढले । उनको मुखबाट सहसा यो विलाप निस्कन थाल्यो, 'हाय ! मैले कुन त्यस्तो पाप गरेको रहेछु, आफ्ना पुत्र-पौत्र, बन्धु-बान्धव तथा अन्य जनको संहारलीला देख्नुपऱ्यो । विधाताले मेरो कर्ममा के लेखिदिएको रहेछ ! म अन्धो, बन्धु-बान्धवहीन जराजीर्ण पक्षी जस्तै यस पृथ्वीमा जीवित रहनु अब मेरा निमित्त दुःखपूर्ण एक बोझा उठाएर बस्नु जस्तै हो । यसरी बाँचिरहनुभन्दा मर्नु नै उत्तम छ । मलाई धिक्कार छ । भीष्मादि महापुरुषहरूले सम्झाउँदा सम्झाउँदै पनि मानिनँ, त्यसैको परिणाम आज भोग्न लागिरहेछु ।'

राजा धृतराष्ट्रको यस विलापले गर्दा चारैतिर हलचल मच्चियो । शोकरूपी बादल सबतिर छायो । यसै बेला सञ्जयले त्यहाँ आएर भने, 'महाराज ! सकल जीवमात्रको गति यही हो । युद्ध नगर्नेहरू पनि मर्दछन् । परन्तु युद्धमा शरीर त्याग गर्नेहरूले अमर पदवी प्राप्त गर्दछन् । क्षत्रियका निमित्त शरीर त्याग गर्ने अमृतमय अवसर युद्ध नै हो । यसकारण तपाईं शोक नगर्नुहोस् ।' सञ्जयले यसरी सम्झाउँदा पनि धृतराष्ट्रको शोक-वेग कम भएन । उनी झन्झन् शोकविह्वल तथा मूर्छित हुन लागे । त्यस बेला अनेक मुनिगणहरू पनि त्यहाँ उपस्थित भएका थिए । उनीहरूले अभिमन्त्रित जलसेचनद्वारा बिउँताउनुपऱ्यो । त्यसपछि विदुरले सम्झाउँदै भने, 'महाराज ! दुर्योधन कलिको अंश भएर गान्धारीको गर्भबाट उत्पन्न भएका हुन् । यो संहार ईश्वरको इच्छाबाट नै भएको हो । दुर्योधन केवल निमित्त मात्र हुन् । एक दिन म इन्द्रसभामा गएको थिएँ, उहाँ देवता र नारदादि मुनिहरूको सभा जमेको थियो । पृथ्वी पनि उहीं पुगेकी थिइन् । भगवान् विष्णुले हाँसीहाँसी पृथ्वीलाई भन्नुभयो, 'दुर्योधन निमित्त भएर पृथ्वीमा अवतार लिन गएका छन् । तिनी जनसंहारको कारण हुनेछन् । त्यसैबाट तिम्रो बोझ हलुका हुनेछ ।'

यस प्रकारसँग विदुरले अरूअरू ज्ञानोपदेशद्वारा सम्झाएपछि धृतराष्ट्रको मनमा केही धैर्य भयो । तब उनले रणभूमिमा जाने इच्छाले रथ तयार गर्न आज्ञा

दिए । अन्तःपुरका सकल स्त्रीहरूलाई पनि साथै लैजाने निश्चय भयो । गान्धारी, कुन्ती आदि सारा स्त्री परिवारहरू कपालका झाँक्रो फुकाएर सफेद वस्त्र पहिरी रुँदै, कराउँदै, छाती पिट्दै रणभूमितर्फ लश्कर लागे । त्यस बेलाको तिनीहरूको विलाप सुनेर पाषाण-हृदय पनि पग्लन्थ्यो । रुवाइको आवाजले आकाश दिग्दिगन्त घन्किरहेका थिए । सबै जना रणभूमितर्फ प्रस्थित भए । एक कोस जति पर पुगेपछि रणभूमितिरबाट फर्केर आउन लागेका अश्वत्थामा, कृपाचार्य र कृतवर्मासँग भेट भयो । उनीहरूले त्यहीं दुर्योधनका मृत्यु वृत्तान्त सुनाउँदै यो कुरा पनि भने, "आज गएको राति हामीले पाण्डव शिविरमा घुसेर बचेखुचेको उनीहरूका सैन्य र द्रौपदीका पाँच पुत्रको समेत संहार गरेर आयौं । अब पाण्डवहरू हामीलाई खोज्दै आउन लागेका होलान् । यसैले हामी भयभीत भई भाग्दै आएका छौं, बस्न सक्तैनौं । महाराज धृतराष्ट्र ! हजुर जसरी हुन्छ आफ्नो शोकलाई शान्त गर्नुहोस् । हजुरका पुत्र दुर्योधन वीरगतिमा प्राप्त भए ।"

यति भनेर तिनीहरू तीनै जना त्यतैबाट बिदा भएर केही पर पुगेपछि परस्पर छाती मिलाउँदै आफ्नो आफ्नो बाटो लागे । कृपाचार्य हस्तिनापुरतर्फ, कृतवर्मा द्वारकातर्फ र अश्वत्थामा व्यासमुनिको आश्रमतर्फ हिँडे ।

यता स्त्री, परिवारसहित धृतराष्ट्र रणभूमितिर आउन लागेका छन् भन्ने सुनेर महाराज युधिष्ठिर पनि आफ्ना भाइ र श्रीकृष्णका साथ उहीं भेट गर्न पुगे । सारा कुल-स्त्रीहरू न्याउरी चरीझैं रुन, विलाप गर्न लागेको देखेर उनको हृदय विदीर्ण हुँदै आयो । राजा धृतराष्ट्र आफ्ना एक-एक मृत व्यक्तिको नाम पुकारेर रोइरहेका थिए । बीचमा उनको मुखबाट युधिष्ठिरका उपरको निन्दा पनि प्रकट हुन्थ्यो । ठीक यही समयमा युधिष्ठर उहाँ पुगे । भेट हुनासाथ धृतराष्ट्रले उनलाई भने, "बाबु ! युधिष्ठिर ! तिमीले आत्मीय तथा गुरुजनहरूको सम्म संहार गरिसक्यौ । आफ्ना प्रिय पुत्र अभिमन्युलाई पनि मरायौ । अब यहाँ भन्दा अरू के गर्ने इच्छा छ भन । समस्त कुलको संहार भए पनि तिमीलाई यो राज्य मिल्यो त के मिल्यो ? के अझ पनि तिमी यस राज्यलाई आनन्दपूर्वक भोग गरूंला भनी ठान्दछौ ?"

युधिष्ठिरले केही जवाफ दिन सकेनन् । नीचो शिर गरेर लुरुलुरु धृतराष्ट्रको पछि लागे । उनको विलापलाई सहन नसकेर पाउमा गिरे । धृतराष्ट्रको दिल पनि अतिशय कोमल थियो, उनको पाउमा परेका युधिष्ठिरलाई उठाएर अङ्गमाल गरे । तर भीमसेनलाई भने उनी उस्तो स्नेह गर्दैनथे, किनभने भीमसेनले नै उनका धेरै पुत्रहरूको वध गरेका थिए । त्यसैले उनलाई फेला पार्नासाथ पीठो पिँधेझैं पिँधेर छोडुँला भने जस्तो उनको मनमा लागेको थियो । हस्तिनापुरबाट

निस्केदेखि नै उनको यो भित्री भाव उठिरहेको हुनाले सो कुरा भगवान् श्रीकृष्णले बुझिसक्नुभएको रहेछ । त्यसैले भीमसेन जस्तै एक लोहमूर्ति उहाँले अघिबाटैदेखि बनाउन लगाई राख्नुभएको रहेछ ।

युधिष्ठिरले भेट गरेपछि भीमसेनको धृतराष्ट्रसँग भेट गर्ने पालो थियो । यसैले उनी धृतराष्ट्रलाई ढोग दिन भनी के अगाडि सरेथे, श्रीकृष्णले उनलाई हटाएर उनको सट्टामा त्यै फलामको मूर्ति धृतराष्ट्रको अगाडि सारिदिनुभयो । त्यस मूर्तिलाई धृतराष्ट्रले हुनसम्मको बल निकालेर यसरी अँगालो हाले कि त्यो मूर्ति चूर्ण भएर थुप्रो लाग्यो । त्यस काममा ज्यादा बल पर्न गएकाले धृतराष्ट्रको मुखबाट हुलहुली रगत बग्न समेत थाल्यो । उनी मूर्छित भएर गिरे । केही बेरपछि होस पाएर, "हाय, प्रिय पुत्र भीम ! मैले क्रोधको वशीभूत भएर नाहकमा तिमीलाई मारेँ" भन्दै विलाप गर्न थाले ।

श्रीकृष्णले भन्नुभयो, "महाराज ! नरुनुहोस्, मैले तपाईंको आशय अघि नै चाल पाएर त्यसको बचाउका निमित्त भीमको लोहमयी प्रतिमा बनाउन लगाएको थिएँ । त्यसैलाई तपाईंले आलिङ्गन गर्नुभएको हो, भीमसेनलाई केही भएको छैन । मैले त्यति नगरेको भए तपाईंको अङ्गमालबाट को बच्न सक्तथ्यो ?" यति सुनेपछि धृतराष्ट्रको चित्त शान्त भयो । उनले भने, "बहुतै बेस भएछ, तपाईंकै दयाले गर्दा मैले भीमसेनलाई जीवित पाउन सकेँ । अब भीमसेनउपर मलाई कत्ति पनि रिस छैन । उनी हर्षपूर्वक मसँग छाती मिलाउन आऊन् ।" यो सुनेर भीमसेनले उनलाई ढोगे, त्यसपछि नकुल सहदेवले पनि भेट गरे ।

यति भएपछि श्रीकृष्णसहित पाण्डवहरू माता गान्धारीसँग भेट गर्न गए । सबभन्दा पहिले युधिष्ठिरले गएर उनलाई प्रणाम गरे । तर अफसोस ! त्यस प्रणामको बदलामा गान्धारीले उनलाई सराप दिइन्, उनको त्यस सरापले गर्दा युधिष्ठिरका हातपाउका सबै नङ उत्तिखेरै एकदम काला भएका देखिए । सो देखेपछि उनको क्रोध पनि शान्त भयो । त्यति भएपछि पाण्डवहरू माता कुन्तीसँग भेट गर्न गए । उनीहरूलाई धेरै दिनमा भेट गर्न पाउनाले उनका नेत्रबाट अविरल अश्रुधाराका साथ मुखबाट कुलक्षयको विषयमा धेरै प्रलाप पनि निस्क्यो । पाण्डवहरू पनि धेरै बेरसम्म रोए । द्रौपदीसँग भेट हुँदा कुन्तीलाई उनको अधिको हालत सम्झेर बहुत दुःख लाग्यो । सुभद्रा र द्रौपदीलाई अँगालो हाल्दै उनका पुत्र-वधको विषयमा अतिशय विलाप गरिन् । रुवावासीको करुणास्वरले सबैको मुटुमा गाँठो नपरी रहन सकेन । आखिर स्वयम् गान्धारीले उहाँ गएर सम्झाई बुझाई उनीहरूलाई शान्त गराइन् ।

त्यसपछि महामुनि व्यासजीको आज्ञाअनुसार श्रीकृष्ण, धृतराष्ट्र, पाण्डवहरू सबै जम्मा भई सकल स्त्री, परिवारसमेत रणभूमितर्फ हिंडे । उहाँ पुगेपछि ती विधवा स्त्रीहरूले आफ्ना मृत पति, पुत्रादिका लासहरू देख्ता कति विलाप गरे होलान्, कति छाती पिटे होलान्, त्यसको बयानै गरी साध्य भएन । ती मृत पुरुषहरूका हाड-मासु-छालालाई हिंस्रक आममांसभक्षक स्याल, गिद्ध आदिले लुछाचुंडी गर्न लागेको देखेर उनीहरूको के हाल भयो होला ? साराका सारा छाती पिट्तै मूर्छित भएर पछारिन र लडीबुडी गर्न थाले । कोही-कोही ता आफ्ना मृत पति, पुत्रादिको लासलाई काखमा लिएर, छातीमा लगाएर पनि आफैं मृतकसमान हुन थाले ।

यस महाघोर दुःख र समस्त स्त्रीहरूको करुण हृदयविदारक विलापको शब्द सुनेर महायशस्विनी गान्धारीले श्रीकृष्णलाई आफू भएको ठाउँमा बोलाउन पठाइन् र उहाँ आउनुभएपछि भनिन्, "कृष्ण ! देख्नुभयो, यी स्त्रीहरूको अवस्था ! यिनीहरूको विलाप पनि सुन्नुभयो होला । मेरा यतिका बुहारीहरू विधवा तथा पुत्रविहीना भएर उनीहरूको गुण तथा स्नेहलाई सम्झीसम्झी व्याकुल भएका छन् । रणभूमिको मैदान चारैतर्फबाट रगत-बोसो-मासुले छापिएको छ । यस अपार दुःखलाई म कसरी हेरुँ ?" यति भन्दै उनी तिनै विलाप गरिरहेका पुत्रवधूहरूका साथ दौडँदै गएर मूर्छित भइन् । धेरै बेरपछि बिउँतेर अत्यन्त दुःखित र क्रुद्ध स्वरमा उनले भनिन्, "कृष्ण ! तपाईंको साथमा ठूलो सैन्य थियो । आफैं तपाईं अतिशय बुद्धिमान्, सर्वशक्तिमान् र पराक्रमी हुनुहुन्थ्यो । यदि तपाईंले इच्छा गर्नुभएको भए कौरव-पाण्डवको यो सङ्ग्राम हुनै पनि पाउँदैनथ्यो । परन्तु यी दुई थरीमा सन्धि नगराएर तपाईंले यस संहार-लीलालाई विनारोकटोक चल्न दिनुभयो । यसको मूल कारण तपाईं नै हुनुहुन्छ । अतः तपाईंलाई म सराप दिन्छु- आजको ३६ वर्षपछि तपाईंको कुल पनि यसै गरी परस्परको मारकाटबाट विध्वस्त होओस् । तपाईंले पनि सो कुलको संहार भएपछि वनवन घुम्दै एक व्याधाको हातबाट आफ्नो देहलाई विसर्जित गर्नुपरोस् । यिनै कुरुकुलका स्त्रीहरू जस्तै गरी तपाईंका यादवकुलका स्त्रीहरूले पनि यसै गरी विलाप गर्नुपरोस् ।" श्रीकृष्णले यशस्विनी गान्धारीको यो सरापलाई नतमस्तक भएर स्वीकार गर्नुभयो । उहाँले भन्नुभयो, "महारानी ! यो कुरा मलाई अघिदेखि नै थाहा छ । बरु अब तपाईं यो शोकलाई त्याग गरेर शान्त हुनुहोस् ।" श्रीकृष्णको यस वाक्यले गान्धारी चुप लागिन् ।

यता यसै बेला धृतराष्ट्रले युधिष्ठिरसँग सोधे, "बाबु धर्मराज ! यस सङ्ग्राममा जम्मा कति सैन्य मारिए ।" उत्तरमा युधिष्ठिरले भने, "पिताजी ! एक अरब

छयसट्ठी करोड, बीस हजार वीरहरूले यस सङ्ग्रामबाट वीरगति प्राप्त गरे ।" धृतराष्ट्रले भने, "अब यी सबको हामीले अन्तिम संस्कार गराउनुपर्दछ । हिँड, सब दाहादि कर्म गरौं ।" यो सुनेर युधिष्ठिरले धौम्य नामक आफ्ना पुरोहित र इन्द्रसेनादि सारथिहरूद्वारा चन्दन, अगरु, घिउ, वस्त्रहरू लगाई युद्धमा भाँचिएका टुटेफुटेका सब किसिमका लासहरू जम्मा गर्न लगाए । एकतर्फ चितामा अग्नि प्रज्वलित गरियो । धौम्य मुनिले सामवेदोक्त मन्त्रले उच्चारण गर्दै क्रमशः दुर्योधनका सय भाइसमेत अरू द्रुपद, घटोत्कच, कर्ण शिखण्डी, धृष्टद्युम्न, शकुनि आदि सकल मृतपुरुषहरूको दाह-संस्कार यथोक्त रीतिले गराए ।

यति भएपछि महाराज युधिष्ठिरसमेत सबै जना मिलेर अञ्जलीदानका निमित्त पुण्यसलिला पतितपावनी भागीरथीको किनारमा गए । स्त्रीहरू पनि विलाप गर्दै उहीं पुगे । सबैका हातबाट यथोचित रीतिले तर्पण अञ्जली दानादिको कर्म समाप्त भयो । यसै बेला कुन्तीले युधिष्ठिरसँग भनिन्, "बाबु ! तिमीहरू महावीर कर्णलाई राधापुत्र (माझीको पुत्र) भन्दथ्यौ । त्यो राधा पुत्र थिएन, मेरै पुत्र थियो । त्यो तिम्रो जेठो दाज्यू हो । यसकारण तिमीले उसलाई पनि तर्पण दिनुपर्छ, देऊ ।" यस प्रकारले माता कुन्तीबाट कर्णको परिचय पाउँदा युधिष्ठिर विलखबन्द परे । उनलाई कर्णको वधमा त्यसै बेला हुनासम्मको शोक पऱ्यो । तर बितिसकेको कुरामा शोक गरेर के पुग्दथ्यो । उनले भने, "माता तपाईंले यो कुरा अघि नै मलाई थाहा दिनुभएको भए हामीलाई यहाँसम्मको कष्ट हुन्थ्यै थिएन । मलाई दाज्यू कर्णको मृत्युमा अहिले जो शोक भएको छ, त्यो सारा कुरुवंशको विनाशमा पनि भएको छैन । अब के गरूँ, जो भयो भयो ।" यति भनेर युधिष्ठिर चुप लागे ।

॥स्त्रीपर्व समाप्त॥

□□□

शान्तिपर्व

कुरुक्षेत्रको युद्धमा मारिएका क्षत्रिय वीरहरूको अग्निसंस्कारादि कर्म समाप्त भएपछि महाराज युधिष्ठिरले एक महिनासम्म आशौचको रूपमा नगरबाहिरै बस्ने निश्चय गरे । यो सुनेर महामुनि नारद, महर्षि व्यास, अरू ऋषिमुनिजन, साधु, महात्मा, ब्राह्मणहरूको समाज पनि उनलाई राजधर्मको उपदेश गर्नानिमित्त त्यही जम्मा भयो । महाराज युधष्ठिर बन्धुबान्धव संहार देखेर अत्यन्त शोकाकुल भइरहेका थिए । विशेष गरेर कर्णको मृत्युबाट उनलाई ज्यादै व्याकुलताले आक्रमण गरेको बुझिन्थ्यो । उनको यो अवस्था देखेर महामुनि नारदजीले भन्नुभयो, "धर्मराज ! कर्णका विषयमा तपाईले शोक गर्न उचित छैन, किनभने उनी क्षत्रियधर्मको पालन गर्दागर्दै वीरगतिमा प्राप्त भएका छन् । अतएव महाराज, तपाई उनको चिन्ता नगर्नुहोस् । क्षत्रिय वीर पुरुषका निमित्त शरीर त्याग गर्ने यसभन्दा अर्को शुभ अवसर नै केही छैन ।"

यति भनेर नारदजी चुप लाग्नुभयो । युधिष्ठिरको शोक भने कत्ति कम हुन सकेन । उनी झन्झन् कर्णको यश र वीरताको प्रशंसा गर्दै शोकग्रस्त हुन थाले । तब स्वयम् कुन्तीले अघि सरेर भनिन्, "बाबु ! तिमी कर्णको शोकलाई छोडिदेऊ ।" तैपनि युधिष्ठिर विलापबाट विरत भएनन् । उनले भने, "माताजी ! तपाईले मसँग दाज्यू कर्णको उत्पत्तिका विषयमा सबै कुरा छिपाएर राखिदिनुभएकाले नै आज मैले यस शोकमा पर्नुपऱ्यो । यसैले आज म माता भए तापनि हजुरलाई सराप नदिइरहन सक्तिनँ । आजदेखि उपरान्त स्त्रीजातिको पेटमा कुनै कुरा छिपेर रहन नसकोस् ।"

यसपछि महाराज युधिष्ठिरले अर्जुनसँग भने, "भाइ ! हेर, हामी आजसम्म भिक्षाटन गरेर बस्न सकेको भए यो कुलक्षयको भयङ्कर पापवृत्तिमा प्रवृत्त हुनुपर्ने थिएन । हामीभन्दा त वनमा रहेर कन्दमूलले जीविका गर्ने साधुहरू नै असल हुन् । हुन ता युद्धमा मर्ने क्षत्रिय वीरहरूले अमर पदवी पाउँछन् भन्ने कहावत छ, तथापि म विचार गर्दछु- तृष्णामा लिप्त भएर युद्धमा मर्नेलाई अमर पदवी

कसरी मिल्न सक्ला ? किनभने यो घोर संहार केवल तृष्णाकै कारणबाट भएको छ । यसकारण त्यस्ता तृष्णालिप्त पुरुषलाई न यस लोकमा शान्ति मिल्यो, न परलोकमा मिल्नेछ । यसकारण अर्जुन ! अब यो राजसुख तिमी नै भोग गर । मलाई चाहिंदैन । म सकल सुख, लोभ, ममतालाई त्याग गरेर एक्लै फिरन्ता भई हिंड्दछु ।"

अर्जुनले भने, "दाज्यैज्यू ! यस्ता काँतरपनका वाक्यहरूले हजुरलाई शोभा दिंदैन । जङ्गलवासी हुनु ब्राह्मणकै धर्म हो, हजुरको होइन । राजाले दरिद्र हुनु महापाप हो ।" युधिष्ठिरले भने, "अब म तिम्रो वचन मान्न सक्तिनँ । सकल सुखलाई त्याग गरेर साधुसन्तको अनुकूल कर्म गर्दछु । जङ्गलमा मृगचर्म धारण गरी स्वल्पाहारी भएर आफ्ना सकल इन्द्रियहरूलाई वशमा ल्याई आत्मचिन्तन गर्ने इच्छा ममा प्रबल भएर उठिरहेको छ ।" यो सुनेर भीमसेन अघि सर्दै भन्न थाले, "महाराज ! हजुरलाई म कसको उपमा दिऊँ । जस्तो प्यासले पीडित मनुष्य तलाउको समीपमा पुगेर पनि डरका मारे पानी पिउन सक्तैन उस्तै हजुरको चेष्टा देखिन लागेको छ । यदि हजुरलाई यस राज्यभोगको इच्छा थिएन ता पहिले नै यो कुरा प्रकट गर्नुपर्दथ्यो । व्यर्थ यतिको रक्तपात किन गराउनुभयो ? हामी सबै भाइ हजुरका साथसाथै भीखमङ्गा बनेर हिँड्ने थियौं । परन्तु क्षत्रिय धर्मले हामीलाई यस कुराको उपदेश दिएको छैन । शास्त्रका अनुसार क्षात्रधर्म राजधर्मलाई नै भन्दछन् । यस धर्ममा सन्यासधर्म वर्जित छ । यस विषयमा हामी नै दोषी छौं । किनभने जेठो दाज्यू पितृतुल्य सम्झेर हामी हजुरका पछि लाग्यौं । हामी एकसेएक बलवान् जे आँटे पनि गर्न सक्ने भैकन पनि हजुरको वशमा रहेर केही गर्न सकेनौं । कर्मबन्धनले बाँधिएको यस संसारमा कोही पनि कर्मदेखि छुटकारा पाउन सक्तो रहेनछ । यसैकारण कर्म गर्नु नै सर्वोत्तम मार्ग रहेछ ।"

नकुलले अघि सर्दै भने, "महाराज दाज्यैज्यू ! यूप नामक क्षेत्रमा वेदीहरू बनेका छन् । त्यसबाट सबै देवताहरू पनि यज्ञादि कर्म गर्दा रहेछन् भन्ने थाहा हुन्छ । यसकारणले पनि कर्म गर्नु नै श्रेष्ठ कुरा हो । वेदले जसलाई जुन कर्म गर्नाको अधिकार दिएको छ, त्यसले त्यै कर्म गर्नुपर्दछ । त्यै त्यसको धर्म हो । धर्मलाई त्यसले कदापि त्याग गर्न हुँदैन । सच्चा त्यागी त्यसैलाई भन्नुपर्दछ जो यज्ञमय धर्मद्वारा सञ्चय गरेको धनलाई दानद्वारा त्याग गर्दछ । जो गृहस्थाश्रमलाई छोडेर वनमा गई शरीर त्याग गर्दछ त्यो तामसी त्यागी हो । विद्वान्हरूले ब्रह्मचार्य, गृहस्थ, वानप्रस्थ र सन्यास यी चारै आश्रमलाई तुलामा हालेर तौलँदा अरू तीन आश्रममा भन्दा गृहस्थाश्रम नै गह्रुँगो तथा श्रेष्ठ ठहरिन

आयो । ब्रह्माजीले यो सृष्टि गर्नुभएको गृहस्थाश्रमकै निमित्त हो । जुन गृहस्थी आफ्नो धनधान्यादिद्वारा यज्ञादि कर्म गर्दैन त्यो घोर पातकी ठहर्छ । राजन् ! यदि हजुर सङ्ग्रामबाट जितिएका रत्न, हात्ती, घोडा, धन द्रव्यादिलाई यज्ञादि धर्मद्वारा ब्राह्मणहरूलाई दान नदिनुहोस्ता हजुरले पनि पापको भागी हुनुपर्नेछ ।"

सहदेवले भने, "महाराज ! बाह्य त्यागको मूल्य बहुतै कम छ । त्यसबाट मोक्ष कदापि मिल्दैन । मानसिक त्याग अथवा ममत्व छुटेपछि मात्र मोक्षप्राप्ति हुन्छ । जबसम्म यो कुरा जानिँदैन तबसम्म स्मृतिहरूले बताएको मार्गमा जानु नै हाम्रो धर्म हो । जङ्गलमा गएर मोक्षको खोजी गर्नेहरूलाई ममत्वले छोडेन, उनको आसक्ति बाह्य वस्तु या मायामोहमा रह्यो भने उनलाई पनि मोक्ष मिल्दैन ।

चारै जना भाइहरूले यसरी सम्झाउँदा पनि युधिष्ठिरको चित्त शान्त भएन । उनले केही जवाफै दिएनन् । तब अन्त्यमा द्रौपदीले भनिन्, "महाराज ! हजुरका सबै भाइहरू शोकले दुःखित भएर विलाप गरिरहनुभएको छ । हजुर चुपचाप ! उहाँहरूलाई प्रसन्न गराउनु पनि हजुरको कर्तव्य हो । हजुरबाट अघि द्वैतवनमा बस्ता आज्ञा भएको थियो - "हामी युद्धमा दुर्योधनलाई मारेर राज्यभोग गरौँला ।" हजुरले नै भाइहरूलाई युद्धमा उत्साहित गराइबक्सेको हो । आज हजुरै सो आफ्नो वचनलाई बिर्सेर उहाँहरूलाई निराश गराउन लाग्नुभएको छ । पृथ्वीको भोग गर्नु क्षत्रियको धर्म हो । त्यो विनाराजदण्डले हुन सक्तैन । राजाले दण्ड धारण गरेनन् भने प्रजाहरूले दुःख पाउँछन् । साधुसन्तहरूलाई कष्ट हुन जान्छ । प्राणीमात्रको कल्याण गर्नु ब्राह्मणको धर्म हो, राजाको होइन । दुष्टहरूलाई दण्ड दिनु र साधुसज्जनको पालन गर्नु राजाको प्रधान धर्म हो । हजुरलाई ब्राह्मण-धर्म वा दान-दक्षिणाद्वारा यो राज्य प्राप्त भएको होइन, आफ्नो क्षात्रधर्मकै द्वारा प्राप्त भएको हो । अतएव हजुरबाट यसको राज्यको भोग अवश्य गर्नै पर्दछ जस्तो दासीको चित्तले ठान्दछ, जो आज्ञा ।"

युधिष्ठिरले भने, "तिमीहरू असन्तोष, प्रमाद, ईर्ष्या आदिपापादिपूर्ण प्रवृत्तिहरूको अधीन हुनाले राज्यको चाहना गर्दछौ । त्यसैले तिमीहरूको मुखबाट यो पण्डित्याइँ निस्कन लागिरहेछ । परन्तु जसलाई वैराग्य, शान्ति, चित्तैकाग्रता र नम्रताको चाहना छ उसलाई राज्यको आवश्यकै के छ ? तिमीहरू ठान्दा हौ कि राज्य राज्याधीन हुनाका साथसाथै वैराग्य र त्याग स्वतः आउन सक्तछ । परन्तु यसो ठान्नु तिमीहरूको भूल हो । भोगहरूको भोग गर्नाले विषयवासनाको तृप्ति कदापि हुँदैन । झन्झन् वासना बढ्दै जान्छ । सकल पृथ्वीउपर राज्य गर्नेहरूको अपेक्षा पत्थर र सुवर्णलाई समान दृष्टिले हेर्ने संन्यासी नै श्रेष्ठ छ, अधिक

सुखी छ । अतएव ममत्वलाई नछोडीकन दुःखको निवृत्ति कदापि हुन सक्तैन । यसैले मलाई राज्यत्यागबाट किञ्चित्मात्र पनि दुःख हुँनेछैन । मोक्ष-शास्त्रको ज्ञाताहरूले यज्ञयज्ञादिका कथाहरूलाई केवल कल्पना मात्र हुन्, त्यसबाट मोक्ष कदापि मिल्दैन भनेका छन् । तिमीहरू शास्त्रमा कुशल छौ, यो निःसन्देह भन्न सकिन्छ;'परन्तु धर्म भनेको बहुतै गूढ विषय हो । यसमा तिमीहरूले हस्तक्षेप गर्नु उचित छैन ।'

अर्जुनले भने, 'धर्मज्ञ ! धर्मराज ! क्षत्रियले सङ्ग्राममा मर्नु, ब्राह्मणले पनि क्षात्रधर्म लिएको छ भने त्यसको जीवन सफलै सम्झनुपर्दछ । क्षत्रियको धर्म संन्यास होइन । उसको प्रधान धर्म, कर्म प्रधान छ । अतएव हजुरले यस राज्यको धर्मपूर्वक शासन गर्नैपर्दछ । यसको विपरीताचरण क्षत्रियका निमित्त अवश्य अधर्म हो ।'

अर्जुनले हरतरहबाट सम्झाउँदा पनि युधिष्ठिरको चित्त नबुझेको देखेर महामुनि व्यासले भन्नुभयो , 'राजन् ! अर्जुनको कथन सत्य हो । क्षात्रधर्मसम्मत कुरा नै उनले भनेका छन् । तर तिमीले गृहस्थ धर्मलाई छोडेर वनवास बस्नु अधर्म हो पशुपक्षी आदि समस्त जीवधारीहरू गृहस्थधर्मबाट नै पालित भएका छन् । अरू आश्रमभन्दा गृहस्थाश्रम कष्टप्रद तथा दुःखप्राय भएको हुनाले नै त्यसलाई श्रेष्ठ मानेको हो ।' युधिष्ठिरले भने, 'महामुनि, पुत्र-पौत्र तथा अन्य सम्बन्धी बन्धुबान्धवहरूका स्त्री परिवारको करुण विलाप सुन्दा मेरो मनमा शान्ति नै नष्ट भैसक्यो । यसैले मलाई आज यस पृथ्वीतलको राज्य र अनेकानेक राजसी भोग सामग्रीले हर्ष गराउलान् भन्ने नठानिबक्सिएला ।'

फेरि व्यासले भने, 'धर्मराज ! तिमीलाई यो नचाहिँदो बुद्धि कहाँबाट उत्पन्न भयो ? सयोग र वियोग भनेको कुरा दैवाधीन छ । ती विधवाहरूको पति-संयोगको अवधि पूरा भयो, कसैले पनि आफ्नो अभीष्ट वस्तु प्राप्त गर्नानिमित्त जतिसुकै यत्न गरोस् तापनि ईश्वरको इच्छा छैन भने त्यो वस्तु त्यसलाई प्राप्त हुन सक्दैन । त्यो वस्तु ईश्वरनिर्दिष्ट समय आइपुगेको छ भने मात्र प्राप्त हुन्छ नत्र हुँदैन । समय आइपुगेपछि ब्रह्माले पनि यसलाई रोक्न सक्तैनन् । त्यो वस्तु अनायासैमा प्राप्त हुन आउँछ । सृष्टिका सकल कार्यहरू आफ्नो आफ्नो समयअनुसार नै हुन्छन् । तिनलाई यताउता पार्न कसैको सामर्थ्य छैन । राजा सेनजितले भनेका छन् - स्त्री, पुत्र, माता, पिता आदिको मरण धनको नाश, यश अपशय, यो सब कुरा समय आएर नै हुन्छन् । त्यसकारण अर्कालाई शोक पैदा गराउने कौरवहरूका निमित्त तिमी व्यर्थ शोक गरिरहेछौ । यो पार्थिव शरीर यी पृथ्वी कदापि आफ्ना होइनन्, न

अरू कसैका हुन् । अतएव यस शरीर यी पृथ्वी रहनु र जानुमा बुद्धिमान् पुरुषले कदापि शोक गर्नु हुँदैन । मूर्खहरूमात्र यी दुई कुराका निमित्त हाय ! गर्दछन् । यो संसार नै दुःखमय छ । दुःखकी जननी कामना हो । अतएव जो सुखैसुखको चाहना गर्दछ त्यसले दुःख र सुख दुवैको वासनाबाट पृथक् रहनुपर्दछ, अर्थात् कामनारहित हुनुपर्दछ । राजन् ! संसारमा कि ता जो आत्मज्ञानी छ त्यै सुखी हो, कि तो जो एकदम मूर्ख छ त्यै सुखी हो । यी दुवैका बीचको मनुष्य सदाको दुःखी नै हुन्छ । जसले संसारलाई दुःखमय हो भनेर पूर्णतया जानेको छ त्यसले जुनसुकै अवस्थामा पनि दुखैको अनुभव गरी रहनुपर्दछ । अतएव वीर मनुष्यले दुःखमा दुःखी र सुखमा सुखी हुँ भन्ने कदापि सम्झनु हुँदैन । जुन अवस्थामा जे कार्य आइपर्दछ त्यसलाई धर्मपूर्वक गर्दै जानुपर्दछ । युधिष्ठिर ! अहंकाररहित भएर धर्म न्याययुक्त राज्यशासन गर्दै यज्ञादि कार्यको सम्पादन गरिरहनु नै तिम्रो निमित्तको संन्यास हो ।"

यस प्रकारले सम्झाउँदा पनि जब युधिष्ठिर कर्ममार्गमा प्रवृत्त भएनथे तब फेरि व्यासले भन्नुभयो, "धर्मराज ! वेदमा ब्राह्मणको कर्तव्य तप र क्षत्रियको कर्तव्य रक्षा हो भनेर बताएको छ । यसैकारण तिमीले परम्परागत प्राप्त राज्यको स्वीकार गरी धर्मराज्य स्थापना गर्नुपर्दछ ।" युधिष्ठिरले भने, "हे मुनिवर, राज्यलोभको वशवर्ती भएर यस युधिष्ठिरले कति-कति पूज्य मान्यजनहरूको वध गरेको छ, त्यो सम्झँदैमा शरीर काँपेर आउँछ ।" व्यासले भने, "राजन् ! यदि तिमी आफूलाई कुनै कार्यको कर्ता हुँ भन्ने सम्झन्छौ भने त्यो तिम्रो अज्ञान हो । यस सृष्टिचक्रको सञ्चालन कुनै अज्ञात तथा अलक्षित ईश्वरीय सत्ताद्वारा भइरहेछ । मनुष्य एक प्रकारको काष्ठमय यन्त्रसदृश भएर शुभाशुभ कर्महरू गर्दछ । तसर्थ तिमीले आफ्नो धर्म (क्षात्रधर्म) का निमित्त पनि शोक गर्नु उचित छैन । कुरुक्षेत्रको युद्धमा जो जति राजा तथा वीरहरू मारिएका छन् तिनीहरूलाई मार्ने तिमीहरू होइनौ । तिमीहरू केवल निमित्त मात्र थियौ संहारकार्य जो भएको छ सो कालैले गर्दा भएको हो कालसिवाय अरू कसैमा यो संहारशक्ति छैन । तिमी नै विचार गरी हेर, कौरवहरूले तिमीहरूलाई कुन-कुन कष्ट दिन बाँकी राखे ? किन्तु त्यस समयमा तिमीहरू चुप लागेर बस्यौ ? उनीहरूलाई कालले घेरेको थिएन र न हो ! प्रत्यक्ष अधर्मको दृष्टिबाट देखिने कैयौं कार्यहरू अधर्ममूलक पनि भएका छन् । अतएव तिमीले धर्मको गाम्भीर्यपनमा काल नहालेर क्षात्रधर्मद्वारा प्राप्त राज्यको भोग गर्न नै उचित छ । यसैबाट तिम्रो कल्याण हुनेछ ।

धर्मराजले भने, "महामुनि ! हजुरबाट धर्माधर्मको व्याख्यान सुनेर मलाई अलिकति सन्तोष लाग्यो । अब विस्तारपूर्वक हजुरको श्रीमुखबाट राजधर्म र

वर्णधर्मको व्याख्या सुन्ने इच्छा पनि पूर्ण गर्न पाऊँ ।" व्यासले भने, "त्यस्तो इच्छा छ भने पहिले हस्तिनापुरमा जाऊँ हिंड, अनि शरशय्यामा सुतिरहेका त्रिकालदर्शी राजर्षि भीष्मबाट तिमी यो ज्ञान प्राप्त गरौला ।" श्रीकृष्णले पनि भन्नुभयो, "व्यासजीले भन्नुभएको कुरा ठीक हो । अब हिंड्नुहोस्, हस्तिानापुरमा जाऔं र राज्य ग्रहण गरी ब्राह्मण तथा सुहृद् प्रजाजनको रक्षा गर्नुहोस् । यसैमा तपाईंको कल्याण देख्छु ।"

अन्त्यमा श्रीकृष्णले सम्झाउँदा युधिष्ठिरको चित्त शान्त भयो । त्यसपछि उनी ब्राह्मणहरूको पूजा गरी उनबाट आशीर्वाद लिँदै सोह्र बयल जोतिएका गाडामा सवार भई हस्तिनापुरतर्फ प्रस्थित भए । उनको पछि भीमसेनादि भाइहरू र श्रीकृष्ण गान्धारी, कुन्ती आदि स्त्रीगण पनि गए । हात्ती, घोडा र दलबलसहित त्यस बेलाको उनको प्रयाण यथार्थमा सम्राट्को सवारी भन्न योग्य नै थियो । उता उनको सवारीको स्वागतका निमित्त हस्तिनापुरमा पनि ठूलो आयोजना भइरहेको देखिन्थ्यो । प्रत्येक घरका द्वारहरूमा पूर्ण कलश, सडकका दुवैतर्फ ध्वजा-पताका सुगन्धी धूपहरूले मङ्गलमय समयको सूचना दिइरहेका थिए । ब्राह्मणहरू स्वस्तिवाचन गर्दथे, बन्दीजन गान गर्दथे, जयध्वनि भइरहेको थियो । यथासमयमा दलबलसहित सवारी भित्रियो । दर्शनका निमित्त हजारौं मनुष्यको भीड जम्मा भएको थियो । दर्शन पाउनाले सबै प्रसन्न भए । ब्राह्मणद्वारा गरिएको पुण्याहवाचन तथा वेदध्वनिले आकाश गुँज्न लाग्यो । यस्तैमा अकस्मात् एक दुर्घटना पनि उहाँ उपस्थित भयो, त्यहाँ जम्मा भएको ब्राह्मणमण्डलीमा कता-कताबाट आएर एक जना अनिश्वरवादी चार्वाक संन्यासी भेषमा घुसेको रहेछ । त्यसलाई ब्राह्मणले चिनेर मारिदिएछन् । सो कुरा कारणसहित थाहा भएपछि हल्ला शान्त भयो । सारा स्वागतार्थीहरूबाट स्वागतको काम समाप्त भएउपरान्त पुण्यदिन शुभ मुहूर्तमा महाराज युधिष्ठिरको राज्याभिषेक भयो । यथायथास्थानमा विराजमान भएका श्रीकृष्ण, भीम, अर्जुन, सात्यकि प्रभृति सभ्यमण्डलीका बीचमा राजसिंहासनारूढ महाराज युधिष्ठिर देवसभाका बीचमा विराजमान भएका देवराज इन्द्र जस्तै देदीप्यमान शोभाले पूर्ण देखिए । यसै बेला ब्राह्मणहरूले वैदिक मन्त्रोच्चारणपूर्वक अनेक तीर्थका जलले अभिषेक गरे । महाराजबाट आफ्नो सहायकवर्ग जति थिए तिनीहरूलाई धन्यवादपूर्वक अनेकानेक पुरस्कार बाँडिए । तदनन्तर उनले श्रदाञ्जली भएर भगवान् श्रीकृष्णसँग निवेदन गरे, "जनार्दन, हामीलाई यो राज्य हजुरको प्रभावको फलस्वरूप प्राप्त भएको मात्र होइन किन्तु हजुरको बुद्धि, विचार, पराक्रम तथा नीतिचातुर्यको फल हो ।"

यस प्रकारले राज्याभिषेकको कर्म समाप्त भएपछि श्रीकृष्ण भीमार्जुनादि दलबलसहित महाराज युधिष्ठिर राजधर्मको ज्ञान प्राप्त गर्नानिमित्त गङ्गाकिनारमा शरशय्याउपर उत्तरायण पर्खेर बसेका महात्मा भीष्मपितामह भएका ठाउँमा गए । परस्पर अभिवादनादि भएपछि श्रीकृष्णले "पाण्डवराज राजधर्मोपदेश पाउनाको अभिलाषाले उपस्थित हुनुभएको छ" भनी भीष्मलाई बताउनुभयो । तर भीष्मले त्यस कुराको उत्तरै नदिई आँखा चिम्लिदिए । एक छिनपछि उनले भने, "जनार्दन ! बाणहरूको प्रहारले गर्दा अहिले मेरो शरीर जीर्ण भैरहेको छ । शरिरभित्र बाहिर दुवैतर्फ कठोर वेदनाले पीडित छु । प्राण निस्कन्छ कि भने जस्तो भइरहेछ । मेरो ज्ञानदीप पनि निभे जस्तै भइरहेको छ । चित्त ठेगानामा छैन । चारैतर्फ अँध्यारै मात्र देख्छु । यस्तो अवस्थामा म कसरी ज्ञानोपदेश गर्न सकुँला ।" श्रीकृष्णले भन्नुभयो, "महात्मन् ! जुन कष्ट तथा पीडाका विषयमा तपाईंले भन्नुभयो त्यसमा म पनि सहमत छु । तथापि म तपाईंलाई आशीर्वाद दिन्छु । मेरो आशीर्वादले गर्दा तपाईंको सकल कष्ट पीडा भोक प्यास दूर भैहालोस् । तपाईंलाई यथापूर्व निर्मल ज्ञानज्योति झलमल्ल खुली चित्तको शान्ति मिलोस् । चित्त सदा निर्मल होओस् ।"

यति कुरा हुँदाहुँदै साँझ पऱ्यो । समागत ऋषिमुनि तथा पाण्डवका बन्धुबान्धवहरूसमेत त्यस दिनका निमित्त बिदा भई फर्के । भोलिपल्ट फेरि श्रीकृष्ण र बन्धुबान्धवहरूसहित युधिष्ठिर भीष्मकहाँ पुगे । तब भीष्मले "अब भगवान् श्रीकृष्णको अनुग्रहले मेरो सकल पीडा दूर भयो, मेरो मन वचन सबै शुद्ध भैसकेको छ" भन्दै युधिष्ठिरलाई सम्बोधन गरे, "धर्मराज ! अब मसँग जे जे सोध्नुछ सोध, म तिमीलाई ज्ञानोपदेश गर्न सक्तछु ।" युधिष्ठिरले हात जोरेर भने, "पितामह ! मलाई प्रजापालनरूप राज्यको भार, असह्य हुने जस्तो लागिरहेछ, अतएव मलाई राजधर्मको उपदेश बक्सियोस् ।"

भीष्मले भने, "राजन् ! राजाको धर्म प्रजालाई सुख सन्तोष दिनु र ब्राह्मण, देवताहरूको सेवा गर्नु हो । राजाले भाग्यको भन्दा पुरुषार्थको भरोसा अधिक राख्नुपर्दछ । राजाले सदा सत्यनिष्ठ, धीर, शील-सम्पन्न, सरल कोमल-चित्त, धर्मनिष्ठ, जितेन्द्रिय, उदार, शूर हुनुपर्दछ । राजनीति भनेको त्यसैलाई भन्दछन् जसबाट राजा प्रजाको प्यारो, धर्ममा प्रेम राख्ने, प्रजापालन चतुर, कर्तव्यपरायण हुन सक्तछन् । स्वराष्ट्रको नीति, रणनीति अधिकारी तथा कर्मचारीहरूको नियुक्ति, मन्त्रिमण्डलको स्थापना, राजधानी-निर्माण, राजस्वनीति, वाणिज्यनीति, आपद्धर्म, युद्धनीति इत्यादि अनेक नीति भनेको यो यो यस्तो यस्तो हो भनी म विस्तारपूर्वक सुनाउँछु । जुन राजा सत्यासत्यविवेक र धर्मनिष्ठ छन् ती अन्त्यमा सब तरहबाट

अवश्य विजयी र प्रजाप्रिय भएर अक्षय कीर्तिका पात्र बन्दछन् ।' युधिष्ठिरले भने, 'पितामह ! सत्य र असत्य भनेको के हो ? धर्मानुसार आचरण कसरी गर्न सकिन्छ ? यो पनि सुन्न पाऊँ ।' भीष्मले भने, 'सत्य र असत्यको गुह्य सम्झाउनु कठिनको कुरा छ । धेरै दिनको अभ्यासविना यसको विवेक मनुष्यलाई हुन सक्तैन । यो संसार सत्य र असत्य दुवै कुराले व्याप्त छ । मनुष्यले यथाशक्ति हुन सकेसम्म सत्यकै आचरण गर्नुपर्दछ । जहाँ सत्यासत्यको समानता देखिँदैन त्यहाँ आफ्नो ब्रह्म (अन्तःकरण) ले जस्तो उचित ठहराउँछ तदनुसार आचरण गर्नुपर्दछ । त्यसबाट केही दोष लाग्दैन ।'

'युधिष्ठिर ! जहाँ सत्य असत्समान र असत्य सत्यसमान देखिन्छ त्यस्तो अवस्थामा सत्यवादी हुनाको आवश्यक रहँदैन । त्यस्तो अवस्थामा आफू पनि असत्यवादी नै हुनुपर्दछ । परन्तु जहाँ सत्यभाषणकै योग्य अवस्था आइपर्छ त्यहाँ असत्य कदापि बोल्नु हुँदैन । यिनै कुराबाट सत्यासत्यको विवेचना गर्नुपर्दछ । यो बहुतै कठिनको समस्या छ । यसको गूढ रहस्य बताएर बताइन सक्ने कुरा होइन । अर्को कुरा के भने प्राणीमात्रको रक्षा गर्नु धर्म हो धर्मको उत्पत्ति प्रजाधारणकै निमित्त भएको छ भनेर वेदले भनेका छन् ।'

यसपछि माथि बताएका अनेक नीतिहरूको उपदेशका अनन्तर आपद्धर्मको विषयमा उपदेश दिँदै फेरि भीष्मले भने, 'धर्मराज ! तिमी अत्यन्त ज्ञानी तथा गम्भीर विचारका छौ । यसकारण अरू विषय तिमीलाई धेरै सम्झाइरहनुपर्दैन । अब तिमी मोक्षधर्मको विषयमा केही प्रश्न गर्न चाहन्छौ भने गर ।' युधिष्ठिरले हात जोर्दै भने, 'पितामह ! त्यै कुरा सोध्न चाहन्थेँ, स्वयम् हजुरबाट आज्ञा भयो । अतएव चरणदासका उपर कृपापूर्वक आश्रम-धर्मको उपदेश बक्सियोस् ।' भीष्मले भने, 'राजन् ! सुन : धर्म भनेको कुरा यही शरीरबाट नै गरिन्छ, धर्मका मार्ग अनेक छन्, ती मार्गहरूमध्ये जुन मार्गबाट धर्म गरिन्छ त्यो सफल हुन्छ । सफल धर्मको चरम लक्ष्य मोक्ष नै हो । कामनासहित भएर जो धर्म गरिन्छ त्यो यस लोकमा अहिले नै सफल हुँदैन । त्यसको फल दोस्रो जन्ममा प्राप्त हुन्छ । जुन धर्म ज्ञानद्वारा कामनारहित भएर यस लोकमा गरिन्छ त्यसको फल यही लोकमा यही शरीरमा प्राप्त हुन जान्छ । अर्थात् सकाम कर्मको फल अर्को जन्ममा र ज्ञान-धर्मको फल यसै जन्ममा प्रत्यक्षरूपले प्राप्त हुन्छ । यसकारण बुद्धिमान् मनुष्यले कामनायुक्त धर्म गर्नु उचित छैन । हुन ता गरेको धर्म कदापि निष्फल हुँदैन, तथापि जो कर्म गरिन्छ त्यो विचारपूर्वक गरिने होस् । पुत्रादिको इच्छा, स्वर्गको इच्छा र वेदान्त विचारको इच्छा सो तीन प्रकारका इच्छा नै कामना

कहलाउँछन् । तिनै कामनाका अनुसार कर्म गर्नेलाई फल प्राप्त हुन्छ ।'

युधिष्ठिरले भने, 'हजुरबाट आज्ञा भएको उचित हो । अब कृपापूर्वक माता, पिता, पुत्र र धनसम्पत्ति नष्ट हुनाले शोकग्रस्त भएका मनुष्यहरूलाई शान्ति कसरी मिल्दछ सो पनि सुन्न पाऊँ ।'

भीष्मले भने, 'स्त्री, पुत्र, धन इत्यादि नष्ट हुन गएमा यो विचार गर्नुपर्दछ कि सबै जीव दुःखी छन्, एक न एक प्रकारको दुःखले कसैलाई छोडेको हुँदैन । फेरि यो शरीर पनि वास्तवमा मेरो छैन, यो पृथ्वी पनि मेरो होइन, अरूअरू जस्तो यिनका स्वामी हुन्, म पनि त्यस्तै हुँ । जस्तो नदीमा दुइटा लकडी सँगसँगै बगेका र आखिरमा गएर नदीको वेगले अलग-अलग हुँदै वियुक्त हुन जान्छन्, त्यस धर्म नदीको वेगले गर्दा स्त्री, पुत्रादीहरू मिल्नु र कर्मको वेगले अलग हुनु हो । त्यसमा दुःख मान्नु मूर्खता हो । सुखका पछि दुःख र दुःखका पछि सुख बराबर आउने र जाने गर्दछन् । कोही पनि सदा एकनास दुःखी र सदा एकनास सुखी रहन पाउँदैनन्, स्नेहको प्रभावले गर्दा स्त्री, पुत्र, धनादिको नाशमा आफूलाई दुःखी सम्झन्छन्, परन्तु त्यसो गर्नु भूलसिवाय केही होइन । प्रारब्ध कर्मका अनुसार मनुष्यलाई सुख-दुःख मिल्दछ । यस्तै विचार गर्दै रहेमा मनुष्य दुःखको अवस्थामा शान्ति लाभ गर्न सक्तछ ।

'दान गर्नाले पनि आत्मालाई धेरै सुख मिल्दछ, भोकोलाई खान दिनाले ठूलो पुण्य हुन्छ, केवल भूमिमा अलपत्र परेका निराश्रितलाई घर, शय्या, वस्त्र, भूषणादि जो दिन्छ त्यसको सौभाग्य बढ्दछ । जो मांस भक्षण गर्दैन त्यसलाई पुत्र, पौत्रादिको सुख प्राप्त हुन्छ । जो जसको समीपमा वा एकान्तमा रहेर धर्मको चिन्तन गर्दछन्, तिनलाई परमपद प्राप्त हुन्छ ।' यस्तै पाद्य, अर्घ्य, आसान, दीप भीष्मको मुखबाट सुनेपछि युधिष्ठिरलाई धेरै नै शान्तिलाभ भयो ।

॥शान्तिपर्व समाप्त॥

□□□

अनुशासनपर्व

भीष्मपितामहको पवित्र बाणीद्वारा राजधर्म, आपद्धर्म र मोक्षधर्मको उपदेश पाएपछि महाराज युधिष्ठिरको चित्तमा केही न केही शान्ति ता अवश्यै भयो, परन्तु महाभारतको त्यो लोमहर्षणकारी संहारले गर्दा उनी यस्तो दुःखित थिए कि राज्य सहमाल्नसम्मको योग्य शान्ति पनि उनलाई मिल्न सकेको थिएन । तब उनले गद्‌गद स्वरमा हात जोडेर भने, "पूज्यपाद पितामह ! हजुरले अनेक शान्तिप्रद उपायहरू मलाई सुनाउनुभयो तापनि तिनबाट मलाई वास्तविक शान्ति केही गरे पनि मिलेन । सो नमिल्ने अनेक कारणहरूमध्ये यो पनि एक कारण छ कि हजुर नै मेरा कारणले घायल भएर शरशय्यामा सुतिरहनुभएको छ । मेरै कारणले हजुरलाई यसरी विद्ध भएको देखीदेखीकन मेरो हृदय व्याकुल भइरहेछ । हाय ! म कस्तो कृतघ्न रहेछु, मेरानिम्ति शिखण्डीलाई अघि सारेर अर्जुनले हजुरलाई मरणासन्न । हजुरको शरीरबाट रक्तधारा निस्केको मैले टुलुटुलु हेरिरहनुपऱ्यो । नजाने जुन क्रोधले आवेशमा परेर लोभवश मैले र धृतराष्ट्रका पुत्रहरूले यो घोर पाप गरेका छौं । त्यसको परिणाम के हुने हो ? परन्तु धृतराष्ट्रका पुत्रहरूका निमित्त ता बसै भयो । उनीहरू सङ्ग्राममा मरेर स्वर्ग गए, यो भविष्यको दुःख शोक उनीहरूले भोग गर्नुपरेन । रहन्थे पनि कसरी ? उनीहरू पुण्यात्मा थिए । परन्तु म कस्तो पापी रहेछु । आजसम्म बाँचेर यो सबै हेरिरहेछु । दुर्योधन बडो अभिमानी र दुष्ट थियो तापनि आफ्ना भाइहरूसित मरेर वीरगतिमा प्राप्त भयो । क्षत्रियका निमित्त युद्धमा प्राण विसर्जन गर्न पाउनु सर्वोत्तम कुरा हो । यसकारण दुर्योधन दुवैतर्फबाट भाग्यवान् भयो । आफूले पनि क्षत्रियधर्मको पूर्णरूपले पालन गऱ्यो हजुरलाई कातर अवस्थामा पडिरहेको देख्न पनि परेन । हाय ! म मात्र कस्तो पतित रहेछु, हजुरलाई यस अवस्थामा पर्नुभएको टुलुटुलु हेरिरहेछु । म भन्दा अभागी कोही रहेनछ । म किन भाइहरूसमेत सङ्ग्राममा मारिन सकिनँ, नत्र आज हजुरको यो अवस्था देख्नैपर्ने थिएन । महात्मा ! हजुरको मउपर करुणा छ भने अब जसरी हुन्छ परलोकमा हामीहरू राग द्वेष मुक्त भएर रहन पाऔं, यही शिक्षा मलाई बक्सियोस् ।"

भीष्मले भने, "प्यारा युधिष्ठिर ! यो सकल काललीला तिम्रै अधीनबाट भएको हो भनेर तिमीले कसरी जान्यौ ? यो ता ईश्वरको अधीनको कुरा हो । इन्द्रियद्वारा यो कुरा कदापि जान्न सकिँदैन । यो बहुतै सूक्ष्म विषय छ । यस विषयमा तिमीलाई शङ्का छ भने म एक प्राचीन कथा भन्दछु, सुन :

गौतमी नामकी एक ब्राह्मणी थिइन् । एक दिन तिनको पुत्रलाई विषधर सर्पले डसेछ र त्यो मरेछ । सर्प डसेर भाग्न लागेको देखेर अर्जुन नामक कुनै व्याधाले त्यसलाई पक्रेछ र सरासर तिनै ब्राह्मणी भए ठाउँमा ल्याएर भनेछ, "लौ माताजी ! तपाईंको पुत्रलाई डस्ने सर्प मैले पक्रेर ल्याइदिएको छु । यसलाई मारेर आफ्ना पुत्रको बदला लिई तपाईं शान्त हुनुहोस् । यदि तपाईं मार्न सक्नुहुन्न भने मलाई आज्ञा दिनुहोस्, मै मार्दछु ।" बूढी ब्राह्मणीले भनिन्, "व्याधा, तँ यो के भन्छस् ? यसलाई मारेर मलाई के लाभ ? पूर्वजन्मको कर्मानुसार शुभाशुभ फल सबैले नभोगी सुख पाइँदैन । के संसारमा म मात्रै यसरी दुःख-दावाग्निले जलिरहेको छु र ! म जस्ता लाखौँ करोडौँ प्राणीहरू दुःखसागरमा गोता मारिरहेका छन् । कोही डुब्दा छन्, कोही उत्रँदा छन् । परन्तु को डुबेका हुन् यो कुराको विचार गर्नुपर्दछ । धर्मज्ञ प्राणीहरू दुःखरूपी सागरबाट नौका जस्तो भएर उत्रन लागिरहेछन्, पापी प्राणीहरू फलाम जस्तो गह्रुँगो भएर डुब्न लागिरहेछन्; यो कुरा जान्दाजान्दै पनि म कसरी तँ यसलाई मार् भनेर आज्ञा दिऊँ ? पूर्वसञ्चित भोग नभोगी सुख नपाइने हुनाले मेरो पुत्र आफ्ना प्राक्तन कर्मानुसार फल भोगेर गयो । जति दिन बाँच्नु थियो बाँच्यो । अब यो जिउँदो जीव (सर्प) लाई मारेर म किन नरकमा जाऊँ ?"

व्याधाले भन्यो, "माता ! पापको भारीले गर्दा प्राणीहरू थिचिएका छन् भन्ने कुरा मलाई थाहा छ । परन्तु तपाईं यो दुष्ट नीच सर्पको विषयमा पनि यस्तो उच्च विचार प्रकट गर्नुहुन्छ, त्यो म मान्न सक्तिनँ । तपाईंको पुत्रलाई यसले डसेर मारेको हो, त्यसकारण यो मारिने योग्य ठहर्छ । यस्तो दोषी अपराधीलाई म नमारिछोड्दिनँ । यस तुच्छ दुष्ट जन्तुलाई बचाउननिमित्त उच्चकोटिको विचारतर्फ नदौडिनुहोस् । यसलाई मारेको देखेर पुत्रशोकबाट मुक्त हुनुहोस् ।" बूढीले भनिन्, "बाबु ! मलाई पुत्रको त्यस्तो शोक छैन । यसको आयु यत्ति दिनको मात्र रहेछ, सकियो गयो । यसमा शोक लिएर के पुग्दछ ? परन्तु यस जीवित प्राणिलाई म किन मराऊँ ! तँ दयासाथ यसलाई छोडिदे ।" व्याधाले भन्यो, "माता ! शत्रुका उपर पनि कसैलाई दया उठ्ला ? शत्रुलाई मारेर छोड्नुपर्दछ । त्यसै छोड्यो भने त्यसले अझ पनि दगाबाजी गर्न छोड्दैन । यसलाई अहिले मारिदिन पाए

धेरै प्राणीको रक्षा हुन्छ, अरूअरूलाई फेरि डस्न पाउँदैन । त्यसकारणले पनि यसलाई नमारी हुँदैन ।"

बूढी- भैगो, लौ भन् त ! यसलाई मारेदेखि मेरो मरेको पुत्र जीवित हुन सक्तछ ? यस कुराको उत्तर दिन सक्तैनस् भने यस सर्पलाई पनि किन तैंले छोड्न नसक्नु ?

व्याधा- हो, यसलाई मारेर तपाईंको पुत्र ता अवश्य बाँच्तैनन्, तर यसलाई मारिदिए शत्रुसँग बदला लिन पाएकोमा तपाईंलाई आनन्द लाग्ला । जस्तो वृत्रासुरलाई मार्दा इन्द्रलाई आनन्द लागेथ्यो ।

बूढी- भो, भो म त्यस्तो आनन्द मनाउन चाहन्नँ ।

यति कथा सुनाएर भीष्मले भने, "युधिष्ठिर ! यसरी व्याधाले जिद्दी नै गरेर ती बूढी ब्राह्मणीलाई सताउने र ब्राह्मणीले इन्कार गर्ने गलबदी बढ्दै जान लागेको देखेर स्वयम् सर्पले नै भन्यो, "व्याधा ! तिमी बडा मूर्ख रहेछौ । व्यर्थ मलाई मार्नानिमित्त हठ गर्दैछौ । यस बालकलाई डसेकोमा म दोषी होइन न यो बालक नै दोषी हो । यसलाई मृत्युले आएर घेरेको थियो । मलाई डस भन्यो, डसिदिएँ । म पनि मृत्युकै अधीनमा छु । यसकारण हामी दुवै यस कुरामा दोषी छैनौं ।"

व्याधा - होइन यसमा मृत्युको के दोष ? तँ ता आफ्नो कर्ममा स्वतन्त्र नै थिइस्; डस्तिन भनेर अडेको भए भइहाल्थ्यो, मृत्युकै प्रेरणामा किन परिस् ?

सर्प - मृत्युको र मेरो कुह्मालेको चक्रको दण्डा र कुह्मालेको जस्तै सम्बन्ध छ !

व्याधा - मनासिब भनिस्; त्यसो भए यो अपराध मेरै हो भन्ने कुरा तेरै मुखबाट साबित भयो । यसकारण म तँलाई नमारिछोड्दिनँ ।

सर्प- किन ? मेरो भनाइको तात्पर्य नै तिमीले बुझेनौ । मेरो अभिप्राय यो हो- जस्तो दण्डा र चक्र कुह्मालेको अधीनमा छन् भाँडा बन्नु र बिग्रनु उत्तरदायित्व कुह्मालेमा छ, त्यस्तै म पनि मृत्युको अधीनमा छु । परन्तु यस बालकको मृत्युको उत्तरदायित्व मृत्युमा नै छ, ममा छैन । यसैले यस मृत्युको विषयमा म सर्वथा दोषी होइन ।

व्याधा- भैगो, तेरो सिद्धान्तबाट तँ दोषी रहिनछस् । परन्तु यस बालकको मृत्यु ता तँबाटै भएको न हो । यसैले पनि म तँलाई मार्दछु ।

सर्प- यो तिम्रो भूलसिवाय अरू केही होइन । किनभने विनाकारणले कुनै कार्य हुँदैन । जस्तो शस्त्रद्वारा कैयौं प्राणीको वध हुन्छ त्यसमा शस्त्र दोषी ठहर्दैन, सो

प्रहार गर्नेचाहिं दोषी ठहर्छ । यसैले यस बालकको मृत्युमा प्रधान कारण मृत्यु नै हो, म होइन ।

व्याधा- अहँ, म यस्तो कुरा मान्दिनँ । यो यथार्थ कुरा भएन, तँ अवश्य मेरो हातबाट मारिन्छस् ।

सर्प- उसो भए म तिमीलाई कसरी सम्झाऊँ । जसो गरे पनि सम्झन्नौ ।

सर्प र व्याधामा यी वादविवाद चल्दै थियो । यस्तैमा सहसा मृत्युदेवले त्यही प्रकट भएर भने, "सर्प ! यस व्याधालाई सम्झाउँदो भएर तँ किन मलाई दोषी भनिरहिछस् ? मैले ता तँलाई कालचक्रको प्रेरणाले प्रेरित भई, यस ब्राह्मणी पुत्रलाई मार भनेको हुँ । यसकारण यस विषयमा न तेरो दोष न मेरो । जस्तो आकाशको बादल हावाले जता लग्यो उतै लाग्छ, त्यस्तै हामीले पनि कालले जता लैजान्छ उतैउतै लाग्नुपर्दछ । प्राणीहरूमा सात्त्विक, राजसिक र तामसिक भावहरू जो छन् तिनैको अनुसार यावत् जीवधारी प्राणी आ-आफ्नो कर्ममा लागिरहन्छन्, ती सब कालैको पेटमा छन् । सूर्य, चन्द्र, वायु, जल, विष्णु, इन्द्र, अग्नि, आकाश, पृथ्वी, मित्र, वसु, दैत्य, नदी, समुद्र, ऐश्वर्य, नाग आदि जे जति छन् ती सबैलाई कालैले बारम्बार उत्पन्न गराउँछ, कालैले नष्ट पनि गराउँछ । अतएव यो कुरा राम्रोसित सम्झेर तँले मलाई दोषी ठहराउनु उचित छैन । यदि म दोषी हुँ भने तँ पनि मै जस्तो दोषी होस् ।"

भीष्म भन्दछन्, "धर्मराज ! मृत्यु देवताले त्यसो भनेपछि सर्पले भन्यो- मृत्युदेव ! मैले तपाईंलाई अपराधी भनेको होइन । म ता व्याधासँग मलाई मृत्युले पठाएको हो भन्ने कुरा मात्र गरिरहेछु । अतः चाहे तपाईंमा दोष होस् चाहे कालमा मलाई त्यस विषयको वास्ता छैन । म यस्ता कुराको निर्णय गर्न सक्ने पनि होइन । म ता केवल यस दोषबाट छुटेर निर्दोष हुन चाहन्छु । अब स्वयम् तपाईं आउनुभयो बेस भयो । मलाई जसरी हुन्छ यस दोषबाट छुटाइदिनुहोस् ।"

मृत्युसँग यति भनेर सर्पले फेरि व्याधासँग भन्यो, "व्याधा ! मेरो भाग्यले स्वयम् मृत्युदेव यहाँ पाल्नुभएको छ । तिमी उहाँसँग यस कुराको निर्णय गराऊ र मलाई छोडिदेऊ ।"

व्याधा- मैले तेरो र मृत्युदेवको दुवै थरीको कुरा सुनैं, लौ त्यसले के भयो र ? तँ अझ पनि दोषबाट मुक्त हुन सकिनस् । मृत्युदेवको सवारी भएको बेसै भयो, मैले उहाँलाई पनि खोजेर ल्याउनुपर्दथ्यो ।

मृत्युदेव- हे व्याधा ! तेरो यसमा भारी भूल छ । यस बालकको मृत्युमा न म कारण हुँ, न सर्प हो । यसको कारण अर्कै छ ।

व्याधा- होइन, अहिलेसम्म ता मैले तपाईंहरू दुवैलाई यस बालकको मृत्युको कारण सम्झिराखेको थिएँ । यदि यस काममा अर्को कुनै दुष्ट कारणभूत रहेछ भने भन्नुहोस् ।

मृत्युदेव- यसमा प्रधान कारक काल हो त्यसैको प्रेरणाले गर्दा सकल प्राणीहरू भिन्न चेष्टा गर्दछन् । म र यो सर्प दुवै जना कालैको अधीनमा छौं । यसो भएपछि हामी कसरी दोषी ठहछौं ।

यति हुँदाहुँदै सहसा स्वयम् कालदेव पनि उहीं उपस्थित भएर भन्न लागे, "व्याधा ! तँ व्यर्थै यी दुई जनालाई किन कष्ट दिन लागेको छस् ? मृत्युदेवले मलाई दोषी ठहराएछन् त्यो उनको भूल हो किनभने प्राणीहरूको मृत्युमा मेरो कत्ति पनि अधिकार छैन । सबै प्राणीहरू आफ्नो कर्मानुसारको फल भोग्दैछन् जसले जस्तो कर्म गरेको छ उसले उहीमाफिकको फल पाउँछ । त्यसले स्वकर्मानुसार प्रेरित भएर नरही सुख पाउँदैन । यस बालकले पनि अघि जस्तो कर्म गरेको थियो त्यै कर्मले यसको प्रेरक भई यसलाई मृत्युको मुखमा पर्न जाने गरायो । यसमा मेरो केही दोष छैन । संसारमा जे जति कुरा हुन्छ सो सब आफ्नो प्राक्तन कर्मका अनुसार हुन्छ । त्यसैका अनुसार सकल प्राणीहरू निजनिज चेष्टा गर्दछन् ।

ब्राह्मणी - व्याधा ! तँ मैले भनेको मान्दैनथिस् । अब राम्ररी सुनिस् कि सुनिनस् ? मैले ता पहिले नै सर्प दोषी होइन भनेकै हुँ, अब तँ यसलाई छोडिदे, यसको केही दोष छैन । न मृत्युको केही दोष छ, न कालको पनि दोष छ । प्राणी मात्रले स्व स्व कर्मानुसारको फल भोग्नुपर्दछ ।

भीष्मले भने, "राजन् ! वृद्धा ब्राह्मणीको यो कुरा सुनेर व्याधाले सर्पलाई छोडिदियो । काल र मृत्युदेव पनि स्व-स्व स्थानतर्फ प्रस्थित भए । यस कथाबाट व्याधालाई जसरी शान्ति मिल्यो तिमी पनि त्यसै गरी यस नरसंहारको विषयमा कर्मको प्राधान्य सम्झेर शान्त होऊ । व्यर्थ शोकसागरमा नडुब । प्रत्येक प्राणी निजनिज कर्मानुसार फल भोग्दछन् । यो भयानक नरसंहार न तिमीले गराएका हौ, न दुर्योधनले गराएको हो । यो सब गर्ने गराउने ती ती मनुष्यहरूको कर्म र कालसिवाय अरू केही होइन । यस युद्धमा जो मारिए ती सब कालैले मारिएका हुन् । अरू कसैको केही दोष छैन ।"

यो कर्मको प्राधान्यका विषयको भाषण सुनेर युधिष्ठिर प्रसन्न भए । तब उनले भने, "महापुरुष ! हजुरले कर्मको प्राधान्यका विषयमा जसरी आज्ञा भो, त्यसै गरी

अब दैव र पुरुषार्थ अर्थात् भाग्य र उद्योगको विषयमा पनि सुनाइबक्सियोस् । पुरुषार्थ र कर्ममा कुनचाहिँ श्रेष्ठ हो सुन्न पाऊँ ।"

भीष्मले भने, "बाबु धर्मराज ! यो पनि तिमीले राम्रो प्रश्न गऱ्यौ । यसकारण अब तिमीलाई ब्रह्मा र वशिष्ठको संवाद सुनाउँछु, सुन । प्राचीन समयमा एक दिन वशिष्ठले ब्रह्मासँग यही तिमीले गरे जस्तै प्रश्न गरेथे । त्यस बेला ब्रह्माजीले भन्नुभयो, "वशिष्ठ ! विनाबीजले कुनै कुरा उत्पन्न हुँदैन । जस्तो विनाबीजको खेत जोत्नु व्यर्थ छ त्यस्तै विनाउद्योगको पूर्वजन्मको कर्मद्वारा सञ्चित भाग्य पनि व्यर्थ छ । अर्थात् विनाउद्योग भाग्यले पनि केही फल दिन सक्तैन । जस्तो खेत र बीजको सम्बन्धबाट फलरूप अन्नादि उत्पन्न हुन्छ, त्यस्तै उद्योग र भाग्य दुवै थोक मिलेपछि मात्र त्यसबाट फलप्राप्ति हुन्छ, यसकारण मनुष्यले उद्योगलाई खेत जस्तो र भाग्यलाई बीज जस्तो सम्झनुपर्दछ ।

मनुष्यले जस्तो उद्योग (कर्म) गर्दछ त्यस्तै फल पाउँदछ । यस संसारमा कर्मका अनुसार सुख-दुःखरूपको फल मनुष्यले भोग गर्न पाउँदछ । जसले असल कर्म गर्दछ त्यसलाई सुखरूप असल फल र जसले खराब कर्म गर्दछ त्यसलाई खराब फल (दुःख) मिल्दछ । मनुष्यलाई शुभाशुभ फल दिने कर्म नै हो । कर्मले गर्दा मनुष्यलाई ठूलाबडाका बीचमा सम्मान प्राप्ति र अप्रतिष्ठा इत्यादि हुन जान्छ । कर्मरूपी तपस्याले नै मनुष्य भाग्यवान् लक्ष्मीवान् भई नाना सुख भोग गर्दछ । कर्मैद्वारा नाना प्रकारका दुःख पनि आफ्नो शुभकर्मद्वारा नै मनुष्यदेह विसर्जन गरेपछि देवरूपमा प्राप्त भएका हुन् । विनाकर्मले सुख प्राप्त गरूँ भनेर कदापि हुँदैन ।

यो निःसन्देह कुरा छ कि अकर्मण्य मनुष्यलाई धन, मित्र, कुटुम्ब मानमर्यादा, लक्ष्मी कदापि हुँदैन । ब्राह्मण अन्तकरण र ब्राह्म विषयहरूको शुद्धता अर्थात् पवित्रताद्वारा लक्ष्मीवान् हुन्छन्, क्षत्रिय पराक्रमद्वारा, वैश्य उपायहरू (बन्दबेपार, कृषि आदि) द्वारा र शूद्र आफ्नो सेवावृत्तिद्वारा धनवान् हुन्छन् । परन्तु जुन मनुष्य दान गर्दैन कामकाज पनि नगरी अकर्मण्य भएर रहन्छ, पुरुषार्थ गर्दैन, यज्ञादि कर्म पनि गर्दैन, जो संन्यासी (त्यागी) छ त्यसलाई कदापि लक्ष्मीले पनि नछोडी कसरी रहन सक्लिन् ? सारा सुरासुर मनुष्यादि प्राणीका उत्पत्तिकारक भगवान् त्रैलोक्याधिपति विष्णु पनि चीरसागरमा ध्यानावस्थित भई आफ्नो कर्म (तपश्चर्या) गर्नुहुन्छ । यो सबै जानेर पनि मूर्ख मनुष्यहरू केवल भाग्यको भरोसामा अकर्मण्य भई भाग्यमा जो लेखेको छ त्यै ता हुनेछ भनेर रहन्छन् । तिनलाई शुभ फल कदापि प्राप्त हुँदैन । यसकारण मनुष्यले कर्मलाई कदापि छोड्न हुँदैन । त्यसो

गरे मात्र भाग्यले दिनुपर्ने कुरा दिन्छ नत्र विनाकर्मले केवल भाग्यले केही पनि दिन सक्तैन । इन्द्रादि देवताहरू पनि आफ्ना अशुभ कर्मद्वारा स्थानभ्रष्ट हुन जान्छन् भने संसारी प्राणीहरूले अनुचित कर्मद्वारा अथवा अकर्मण्यताद्वारा सुख भोग गर्न पाउँला भनी ठान्नुहोला ? त्यस्ता अकर्मण्य भाग्यको भरोसामा रहनेहरूका उपर देवताहरूले पनि एक न एक विघ्न अवश्यै उपस्थित नगरी छोड्दैनन् । किनभने देवताहरू ईर्ष्यालु स्वभावका हुन्छन् । उनीहरूलाई स्थानभ्रष्ट होइएला भन्ने ठूलो भय रहन्छ । यसैकारण देवता र तपस्वीहरूमा सदा वैरभाव रहने गर्दछ ।

देवताहरू तपस्वीका तपस्यामा सदा बाधा उपस्थित गर्दै रहन्छन्, परन्तु तपस्वीहरू तिनीहरूको परवाहै नराखी आफ्नो कर्तव्य पूरा गर्दछन् । यस विचारबाट हेर्‍यो भने कर्मको प्राधान्य बडो महत्त्वपूर्ण छ भन्ने कुरा स्पष्ट हुन्छ । परन्तु धेरै नास्तिकहरू ईश्वर मान्दैनन् । यो जगत् ईश्वरको अधीन छ, यसमा रहने प्राणीहरूको प्रेरणाले गर्दा पृथक् चेष्टाहरू गरिन्छन् । उनै कर्महरूको प्रेरणाले गर्दा संसारचक्र चलिरहेको छ भन्ने कुरा जान्दाजान्दै पनि कर्म अर्थात् उद्योग नै सबका निमित्त प्रधान रहेछ भनी को नभन्ला ?

आत्मा (मन) नै आफ्नो शत्रु र पुण्य/पापको साक्षी हो । त्यो बहुतै चतुरो छ । अतः त्यसैद्वारा मनुष्यले विचारपूर्वक शुभाशुभ कर्मको विवेचना गरी शुभ कर्महरू गर्नुपर्दछ । शुभ कर्म गर्दा पुण्यलोकहरू प्राप्त हुन्छन्, जो पुण्यात्मा छ त्यसको दैवले पनि केही बिगार्न सक्तैन, त्यसका पुण्यका अगाडि कसैको केही चल्न सक्तैन । जस्तो अलिकति मात्र चुक्न जानाले ययाति राजालाई देवताहरूले स्वर्गबाट धपाइदिए र उनले पृथ्वीमा झर्नुपर्‍यो, पछि उनको पुण्यबलले गर्दा उनलाई दौहित्रहरूले स्वर्ग पुर्‍याइदिए ।

यस्तै महाराज पुरुरवा पनि ब्राह्मणको सम्मातजन्य धर्मले गर्दा पुण्यलोकमा प्राप्त भएका हुन् । अहिल्यै पनि तिमी आफैं विचार गर, आचार्यपुत्र अश्वत्थामा र परशुराम उत्तिकै धनुर्धारी भए तापनि आफ्नै कर्मले गर्दा उनीहरूलाई स्वर्गमा स्थान मिल्न सकेन । यस्तै आफ्नै कर्मले गर्दा राजा बलिले बन्धनमा पर्नुपर्‍यो, पातालमा गएर बस्नुपर्‍यो । यस्ता कैयौं उदाहरणद्वारा पनि स्पष्ट हुन्छ कि मनुष्यहरूलाई आफ्नो कर्मानुसारै शुभलाभ फलभोग प्राप्त हुँदोरहेछ । अझ यी भन्दा प्रत्यक्ष उदाहरण यो छ राजा धृतराष्ट्रका पुत्रहरूले पाण्डवपुत्रहरूको राज्य हरण गरेर लिए तापनि पछि उनीहरूले युद्ध नगरीकन पनि सो आफ्नो राज्य फिर्ता गरे । यसैबाट पनि थाहा हुन्छ कि पहिले आफ्नो कर्तव्य अर्थात् कर्म सहायक भई पछिबाट भाग्यले त्यसको साथ दिँदो रहेछ । जस्तो वायुको

अलिकति सहायता पाउनाले मात्र पनि अग्निले भयानक रूप धारण गरी कत्रोकत्रो फल (बडेबडे जङ्गल जलाउनेसम्मको काम) पनि प्राप्त गर्दछ, त्यस्तै उत्तम कर्म थोरै मात्र गर्न सकेको भए पनि त्यसको ठूलो कल्याणप्राप्ति गर्नामा भाग्यलाई सहायता दिन्छ । अथवा मर्त्यलोकमा रहेर पनि मनुष्यले कर्म नगरी केवल भाग्यको मात्र सहायता गरूँ भने त्यो कुरासम्म सम्भव छैन । तर शिष्य जस्तो गुरुको आज्ञाअनुसार चल्दछ त्यस्तै भाग्य पनि कर्म (उद्योग) को आज्ञाअनुसार चल्दछ, यो कुरा निश्चय जान ।"

यस प्रकारसँग दान, धर्म, आचार-विचारसम्बन्धी अनेक उपदेश दिएपछि भीष्म चुप लागे । त्यसपछि महामुनि व्यासले उनलाई सम्बोधन गर्दै भने, "महाज्ञानी भीष्म ! अब युधिष्ठिरले तपाईंबाट दिनुभएको सबै उपदेश सुनिसके । तपाईंलाई छोड्न नसकेर धर्ना कसिरहेका छन् । यसकारण अब तपाईं यिनीहरूलाई बिदा गर्नुहोस्, यिनीहरू हस्तिानापुर जाउन् ।" यो सुनेर भीष्मले भने, "महाराज ! अब तिमी प्रसन्न चित्त भएर हस्तिनापुरतर्फ फर्केर सब तरहका चिन्ता, शोकहरूबाट मुक्त भएर श्रद्धा र भक्तिपूर्वक यज्ञ तथा ईश्वरको आराधना गर, आफ्नो क्षात्रधर्मानुकूल रहेर देवता र पितृहरूलाई सन्तुष्ट गराऊ । यसैबाट तिम्रो कल्याण हुनेछ । म तिमीलाई बिदा दिन्छु, जाऊ । सूर्य भगवान् उत्तरायण भएपछि मेरो देहत्याग हुनेछ, त्यस समयमा अवश्य आए ।"

यो आज्ञा पाएपछि भक्तिपूर्वक पितामह भीष्मलाई दण्डवत् प्रणाम गरी श्रीकृष्ण, भाइहरू र माता गान्धारी धृतराष्ट्रहरूसमेत महाराज युधिष्ठिर हस्तिनापुरतर्फ फर्के ।

हस्तिनापुरमा नाना उत्सवहरू भइराखेका थिए, उहाँ पुगेपछि महाराज युधिष्ठिरका तर्फबाट आफ्ना सहायक सहकारीवर्गहरूलाई ठूलो सम्मान तथा पुरस्कार वितरणद्वारा प्रसन्न गराउने काम भयो । उनीहरू सबैलाई बिदा दिएपछि भारत सङ्ग्राममा पति, पुत्रादि मारिने विधवाहरूलाई यथेष्ट धनसम्पत्ति, मानमर्यादाले सन्तुष्ट गराई बिदा दिने काम भयो । त्यति गरेपछि आफ्ना विश्वसनीय कर्मचारीहरू नियुक्त गरी प्रसन्नतापूर्वक महाराज राज्यशासन गर्न लागे । यस प्रकारले बाह्र दिन मात्र के बितेका थिए उत्तरायणको समय पनि प्राप्त भइहाल्यो । तब फेरि ब्राह्मणहरूको पूजा गरी महाराज युधिष्ठिरले हस्तिनापुर नगरबाट बाहिर निस्केर आफ्नै सामनेमा भीष्मको अग्निसंस्कारका निमित्त घिउ, माला, श्रीखण्ड, कपूर, वस्त्र, अगरु इत्यादि सामानहरू तयार गर्न लगाई चलान गर्न लगाए । त्यसपछि माता गान्धारी, कुन्ती, विदुर, युयुत्सु, भीमसेनादि भाइ,

इष्टमित्र बन्धुबान्धवसमेत भई उनी कुरुक्षेत्रको मैदानतर्फ हिँडे । भीष्म शरशय्यामा सुकला भएको ठाउँमा पुगेपछि उहाँ अघिबाटैदेखि आएर बसेका वेदव्यास, देवर्षि नारद, देवल असित, युद्धमा बचेका कोही राजा-महाराजा र सहायक वर्गहरूका साथ उनको भेट भयो । उनीहरू सबै भीष्मलाई घेरेर बसेका थिए । उहाँ पुग्नासाथ युधिष्ठिरले भीष्म तथा व्यासादि मुनिहरूलाई प्रणाम गरे । उनीहरूबाट आशीर्वाद लिएपछि उनी भीष्मको शरशय्यानगिचै गएर विनयपूर्वक प्रणाम गर्दै भन्न लागे, "पूज्यपाद पितामह ! हजुर मेरो निवेदन सुनिबक्सिन्छ भने आज्ञा पाऊँ, अग्निहोत्रको अग्नि साथैमा ल्याएको छु । आचार्य, ऋत्विक्, पुरोहित, ब्राह्मण, भीमादि भाइ, काका धृतराष्ट्र, श्रीकृष्णसमेत हामी यहीँ दाखिल भएका छौँ । अब हजुरको आज्ञाको प्रतीक्षा गरिरहेछौँ, हामीले सेवाका निमित्त के के गर्नुपर्दछ ? एक पटक नेत्रपटल खोलेर हामी सबै उपर पवित्र कृपादृष्टि बक्सियोस् ।"

युधिष्ठिरको यो विनय प्रार्थना सुनेर भीष्मले पुलुक्क नेत्र खोलेर चारैतर्फ रहेका प्रत्येक व्यक्तिलाई हेरे । सबैभन्दा पछिबाट युधिष्ठिरको हात समाती उनले भने, "बाबु ! यस समयमा तिमीले यहाँ आउनु बडो सौभाग्यसूचक कुरा हो । आज यस तीक्ष्ण शरशय्यामा म सुतिरहेको अन्ठाउन्न (५८) दिन भयो । यी दिन वर्षभन्दा कठिन बिते । अब माघ महिनाको शुक्लपक्ष प्राप्त भइरहेछ । यस बेला अरू केही कुरा भन्नुभन्दा अगाडि तिमीलाई एउटा कुरा भन्नु छ । राजा धृतराष्ट्रलाई बोलाऊ, उनी कहाँ छन् ।" धृतराष्ट्र आइपुगेपछि उनले भने, "राजन् ! तपाईं धर्मार्थका ज्ञाता र वेदशास्त्र निपुण हुनुहुन्छ । यसकारण तपाईं कुनै कुराको शोक नलिनुहोला । जस्तो भवितव्यता थियो उस्तै भयो । अब म तपाईलाई भन्दछु, "युधिष्ठिरादि जस्तो पाण्डुका पुत्र हुन् । त्यस्तै तपाईका पनि पुत्र हुन् । तपाईले उनीहरूको स्नेहपूर्वक पालनपोषण गर्नु उचित छ, उनीहरू बहुतै धर्मात्मा छन् । तपाईको आज्ञाकारी बनेर रहनेछन् । उनलाई मैले बहुतै दयालु र गुरुजनका भक्त छन् भन्ने ठानेको छु । तपाईंका निर्बुद्धि पुत्रहरू जस्ता यिनी होइनन् । तपाईंका पुत्रहरू बडा ईर्ष्यालु र दुराचारी थिए । यसकारण तपाईले उनीहरूको शोक गर्नु उचित छैन ।"

त्यसपछि भीष्मले श्रीकृष्णतर्फ फर्केर भने, "केशव ! देवेश ! चक्रपाणे ! आज म हजुरको चरणारविन्दमा अन्तिम प्रणाम गर्दछु । हजुर सचराचर जगत्का स्वामी सनातन परमात्मास्वरूप होइबक्सिन्छ । जनार्दन ! हजुर मउपर क्षमा राखिबक्सिएला । म यस लोकबाट प्रस्थान गर्दछु । पाण्डवहरूका उपर हजुरको सदा यही तरहको कृपा रहोस् । उनीहरूको हर समय रक्षा गरिबक्सिएला ।

भगवान् ! युद्ध हुनुभन्दा पहिले हजुर सन्धिदूत भएर जब हस्तिनापुरमा पाल्नुभएको थियो उसै बेला मैले दुर्योधनलाई 'यतः कृष्णस्ततो जय' भनेको हुँ, परन्तु हठी दुर्योधनले त्यो कुरा सुनेनन्, पाण्डवसँग सन्धि गरेनन् । अन्तमा यत्रो नरसंहार गरेर उनले आफैंसमेत जानुपऱ्यो । भगवान् ! म सदा हजुरलाई आदिदेव परमात्मा सकल ऋषिहरूभन्दा श्रेष्ठ पुराण पुरुष सम्झेर भक्तिपूर्वक हृदयमा ध्यान गर्दथें । हजुरको अपार महिमा अघिबाटै मलाई देवर्षि नारदले बताइसक्नुभएको थियो । जगदीश्वर ! अब म बहुतै आग्रहपूर्वक आज्ञा माग्दछु यो नरदेह त्याग गर्नानिमित्त मलाई आशीर्वाद बक्सियोस् । हजुरको आज्ञा र हजुरकै चरणारविन्दको दर्शन पाएपछि निःसन्देह मलाई मोक्षपद प्राप्त हुनेछ ।'

श्रीकृष्णले भन्नुभयो, 'महाज्ञानी पितामह ! म तपाईंदेखि बहुत प्रसन्न छु । अब म तपाईंलाई आज्ञा दिन्छु यस नरदेहलाई विसर्जन गरेर तपाईं वसु देवताको लोकमा जानुहोस् । मलाई पूर्ण थाहा छ तपाईंले आजन्म पाप गर्नुभएको छैन । तपाईं बहुत पितृभक्त हुनुहुन्थ्यो । मार्कण्डेय ऋषिको दर्जामा म तपाईंको गणना गर्दछु ।' यति भनेर श्रीकृष्ण चुप हुनुभयो । त्यसपछि गङ्गातनय भीष्मजीले धृतराष्ट्र र उपस्थित नरनारीवर्गसहित पाण्डवहरूलाई सम्बोधन गर्दै भने, 'प्रिय महानुभावहो ! अब म आफ्नो प्राणलाई तपाईंहरूका समक्षमा विसर्जन गर्दछु, तपाईंहरू आज्ञा दिनुहोस् र मेरो अन्तिम निवेदनलाई पनि सदाका निमित्त हृदयमा राखिछोड्नुहोला । तपाईंहरूबाट सत्यको अवहेलना कदापि नहोओस् । सत्यभन्दा ठूलो कुरा अरू केही छैन ।'

यस प्रकारसित श्रीकृष्णसमेत उपस्थित वर्गहरूबाट आज्ञा मागेर भीष्मजीले केही बेरका निमित्त नयन चिम्ले । क्रमशः नियमानुसार उनको समाधि चढ्दै गयो, एकदम पूर्ण समाधिका साथ चित्तको एकाग्रता हुनासाथ उनलाई प्राणपुरुषले छोडिदियो । उत्तिखेरै आकाशमा देवताका विमानहरू खचिखचाउ भएर पुष्पवृष्टि गर्न थाले । धन्य भीष्म धन्य भीष्म भन्ने देववाणीले दिगन्त गुञ्जित भए । त्यसको केही बेरपछि विदुरजीले अग्नि-संस्कारको सकल सामग्री ल्याएर चिता बनाइदिए । उनलाई हार-गुहार गर्न युयुत्सु अघि सरे । अरू सबै चारैतर्फ घेरा लागे । भीष्मको मृतशरीर रेशमी वस्त्रले लपेटियो माला पहिराइयो । युयुत्सुले छाता ओढाए, भीमसेन चमल डोलाउन लागे, कुरुकुलका स्त्री परिवारहरू पङ्खाले हम्कन लागे । पितृयज्ञको विधिपूर्वक घृताहुति दिइयो । वेदपाठी ब्राह्मणहरूले संस्कारका मन्त्र पढे । लास चितामा चढाइयो । अग्निदेवले प्रसन्नतासाथ दक्षिणावर्त ज्वाला गर्दै सो पवित्र देहको आहुतिलाई ग्रहण गरे । देख्तादेख्तै त्यो

महापराक्रमी महारथी आबाल ब्रह्मचारी देह खरानीको रूपमा परिणत भयो । त्यसपछि सो गङ्गाकिनारको चितास्थान परिक्रमा गर्दै ऋषिमुनिसहित सबै जना गङ्गाकिनारमा स्नान जलाञ्जली दानका निमित्त उपस्थित भए । महर्षि वेदव्यास, नारद, श्रीकृष्ण, अशित र भरतवंशका सकल नारीगणसमेत उहीं जम्मा भए । यसै बेला हस्तिनापुरका नगरवासीहरू पनि उहाँ सम्मिलित हुन आइपुगे । साराले विधिपूर्वक स्नान र जलाञ्जली प्रदान गरियो । शोकाकुल स्त्रीहरू रुन विलाप गर्न लागेको देखेर स्वयम् गङ्गाजी पनि पुत्रशोकले व्याकुल हुँदै विलाप गर्दै नरदेहमा त्यहीं प्रकट हुनुभयो । सो देखेर श्रीकृष्णले भन्नुभयो, "कल्याणी, पतितपावन गङ्गे ! भीष्मका निमित्त तपाईंले शोक कति पनि गर्नु पर्दैन । तपाईंको पुत्र निःसन्देह स्वर्गमा गए । मेरो पुत्र शिखण्डीको हातबाट मारियो भन्ने ठान्नुभएको होला, त्यो कुरा साँचो होइन, किनभने भीष्मलाई मार्न शिखण्डीको के ताकत ? उनलाई खास गरेर अर्जुनले नै मारेका हुन् त्यस विषयमा तपाईंले कत्ति चिन्ता लिनुपर्दैन, शोक पनि गर्नुपर्दैन ।"

श्रीकृष्णको मुखारविन्दबाट सान्त्वना पाएपछि गङ्गाजीको शोक दूर भयो । उनी देख्तादेख्तै आफ्नो जलप्रवाहमा विलुप्त भइन् । तदनन्तर समागत सकल नरनारीहरू गङ्गाजीलाई प्रणाम गर्दै फर्के ।

हस्तिनापुरमा रहेर महाराज युधिष्ठिरले केही दिनतक राज्यभार ता सम्हालेरै रहे परन्तु महासङ्ग्रामको लोमहर्षणकारी संहारले गर्दा उनको मनमा वेदना छुटेको थिएन, उनी दिनपरदिन चिन्तित तथा राज्यदेखि विरक्त हुँदै आएका देखिन्थे । राज्य-शासनभन्दा वनवास नै श्रेष्ठ हो कि भन्ने उनको मनमा बराबर विचार उठ्न लाग्यो । महाराज धृतराष्ट्र बराबर सम्झाउने गर्दथे तापनि, श्रीकृष्णले राजधर्म क्षात्रधर्मको उपदेश गर्नुहुन्थ्यो तापनि उनको मोह क्यै गरी छुटेन । उनी प्रतिदिन चिन्ताग्रस्त भएर निस्कन थाले ।

॥अनुशासनपर्व समाप्त॥

□□□

आश्वमेधिकपर्व

यस्तैमा एक दिन महामुनि व्यासजी महाराज युधिष्ठिरसँग भेट गर्न आउनुभयो । उहाँको दर्शन पाएर यथायोग्य सत्कारको अनन्तर वार्तालापको प्रसङ्गमा खिन्नचित्त युधिष्ठिरसँग व्यासले भन्नुभयो, "महाराज ! अब तपाईं अश्वमेघ यज्ञ गर्नुहोस्, त्यो बहुतै पवित्र यज्ञ हो । त्यसबाट तपाईंको सकल मोह, शोक, पाप, ताप, छुट्नेछन् ।"

युधिष्ठिरले भने, "मुनिवर ! यज्ञ गर्नालाई प्रशस्त धन चाहिन्छ, युद्धले गर्दा राजकोषमा रहेको धनजति सबै स्वाहा भइसक्यो । प्रजा तथा अन्यान्य सहायक राजाहरूबाट मागेर लिऊँ भने उनीहरू पनि सबै कङ्गाल भइसकेका छन् । उस्तो बूढापाका राजाहरू पनि छैनन् । उनीहरूका बालबच्चा मात्र बाँकी छन् । यिनीहरूसँग माग्नु पनि कसरी ? अन्यत्र कतैबाट लिऊँ ? दुर्योधनले चुस्नासम्म चुसेर छोडिसकेको छ । जे जति बाँकी पनि नरमेध (सङ्ग्राम) यज्ञमा स्वाहा भैसक्यो । हजुर यस चरणदाससँग के छ भन्ने ठानेर अश्वमेध यज्ञ गर भनेर आज्ञा हुन्छ ।"

व्यासले भने, "महाराज ! तपाईंले धनका निमित्तको चिन्ता लिनुपर्दैन, तपाईंको राजकोष आत्र रित्तिइसकेको छ तापनि तपाईंको शुभाचरणले गर्दा फेरि चाँडै नै भरिपूर्ण हुनेछ । यसमाथि अर्को एक उपाय पनि म बताउँछु, सुन्नुहोस् । अघि प्राचीन समयमा मरुत् नामक एक बडा प्रतापी पुण्यात्मा राजा थिए । उनले आफ्नो समयमा यतियति महायज्ञ गरे भन्ने लेखा नै थिएन । ती यज्ञहरू गरेर बचेका धन पनि उनीसित प्रशस्त नै थियो । उनले सो धनलाई आफ्नो अन्तिम समय भएपछि हिमालय पर्वतमुनि गाडेर छोडेका थिए । त्यो धन अझसम्म पनि त्यहाँ छँदैछ । त्यसकारण तिमी भाइहरूसमेत गई उहाँबाट सो धन लिएर आऊ र अश्वमेध यज्ञ गर ।"

युधिष्ठिरले व्याससँग सोधे, "महामुने ! राजा मरुत् को थिए, उनको यज्ञ कसरी भयो ? यो उपाख्यान पनि सुन्न पाऊँ ।" व्यासले भने, "इक्ष्याकुवंशमा

राजा मरुत्को जन्म भएको हो । उनको एक पटक यज्ञ गर्न विचार मनमा उठेर बृहस्पतिलाई मेरो यज्ञमा पुरोहित बनिदिनुहोस् भनी प्रार्थना गरे । परन्तु बृहस्पति इन्द्रका पुरोहित थिए । इन्द्रको राजा मरुत्सँग ठूलो वैरभाव थियो । यसकारण बृहस्पतिले मरुत्को पुरोहित बन्न स्वीकार गर्न सकेनन् । मरुत् दुःखित भएर फर्के । उनी फर्केर आउँदा संयोगवश मार्गमा महर्षि नारदसँग उनको भेट भयो । उनले आफू फर्केर आएको सारा समाचार नारदलाई सुनाए । सो सुनेर नारदले भने, "तिमीले दुःखित हुनु पर्दैन । बृहस्पतिले पुरोहित बन्न अस्वीकार गरे भने गरुन्, त्यसले केही खाँचो हुँदैन । तिमी उनको भाइ संवर्तलाई पुरोहित बनाएर यज्ञको आरम्भ गर । संवर्त पनि बृहस्पतिभन्दा विद्वतामा कत्ति कम छैनन् । उनीबाट जे काम होला सो बृहस्पतिबाट हुन कठिन छ । परन्तु आजकाल उनी विरक्त भएर गुप्त भई काशीवास गरिरहेका छन् । तिमीले उहाँ गएर खोजी गर्नालाई सहसा चिह्न कठिन हुनेछ । यसकारण म तिमीलाई उनको हुलिया दिन्छु । उनी प्रतिदिन श्रीविश्वनाथको दर्शन गर्न जान्छन् । उहाँ जाँदा बाटामा कोही मुर्दा लैजान लागेको फेला पारे भने उनी त्यस मुर्दाको परिक्रमा गरेर त्यतैबाट आफ्नो डेरातर्फ फर्कन्छन् । विश्वनाथको मन्दिरमा त्यस दिन जाँदैनन् । यस परिचयबाट तिमीले उनलाई भेट्टायौ र कुरा गऱ्यौ भने उनले मेरो परिचय तिमीलाई कसले बताइदियो भनी सोध्ने छन् । त्यस बेला तिमीले मेरो नाम बताएर तपाईंको परिचय बताएपछि नारद ऋषि चितामा जलेर मरे भनिदिनू ।"

यस प्रकारसँग संवर्तको हुलिया लिएर राजा मरुत् संवर्तलाई खोज्दै बनारसमा गए । उनले एउटा मुर्दा लैजान लागेको भेटेर त्यसैका साथसाथै विश्वनाथको मन्दिरमा पुग्नुभन्दा केही बेर त्यस मुर्दालाई अड्याएर संवर्तलाई पर्खिरहे । यथासमयमा संवर्त पनि उहाँ आइपुगेर हेर्छन् ता विश्वनाथजीको गेटाभन्दा वरै मूर्दा भेट भएकोले त्यसको परिक्रमा गरी त्यतैबाट फर्के । तब झटपट उनलाई चिनेर मरुत् पछि लागिहाले । केही बेर आएपछि उनले आफू आउनाको हाल र नारदले भनेको कुरा र आफ्नो यज्ञमा उनलाई पुरोहित बनाउने आशय पनि प्रकट गरे । तब संवर्तले पनि उनको पुरोहित बन्न स्वीकार गरे । तदनन्तर प्रसन्न हुँदै मरुत् घर फर्केर सकल सामग्री जुटाई यज्ञको प्रारम्भ गर्न थाले । उनको यज्ञमा संवर्त पुरोहित बने भन्ने कुरा बृहस्पतिलाई थाहा भयो । तब उनले ईर्ष्यापूर्वक इन्द्रसँग गएर भने, "देवराज ! मरुत्को यज्ञमा संवर्त पुरोहित हुन पुगेछन् । त्यस यज्ञबाट उनलाई प्रशस्त धन हातलागी हुनेछ । सो धन उनलाई प्राप्त नहोस् । मै त्यस यज्ञमा पुरोहित बनेर सो धन पाउन सकूँ, सो उपाय हजुरले गरिबक्सनुपऱ्यो ।"

इन्द्रले भने, 'हुन्छ, म एउटा उपाय अवश्य गर्नेछु । सो उपाय सफल भयो भने मलाई पनि खुशी लाग्नेछ ।' यति भनेर तुरुन्तै इन्द्रले मरुत्कहाँ आफ्नो दूत पठाए । दूतले उनकहाँ गएर भन्यो, 'राजन् ! तपाईंलाई देवराज इन्द्रले भनी पठाउनुभएको छ । तपाईं आफ्नो यज्ञमा देवगुरु बृहस्पतिलाई नै पुरोहित बनाउनुहोस् । नत्र भने तपाईंको शिरमा इन्द्रको वज्र गिर्नेछ ।' यो कुरा सुनेर मरुत्लाई आश्चर्य लाग्यो, क्रोध पनि उठ्यो । उनले त्यस दूतमार्फत 'म बृहस्पतिलाई पुरोहित बनाउँदै बनाउन्नँ' भनेर ठाडै जवाफ दिइपठाए । सो खबर इन्द्रकहाँ दूतले तुरुन्तै पुऱ्यायो । सो दूत फर्कने बेलामा संवर्तले मरुत्सँग भनेका थिए कि 'राजन् ! तपाईंले फिक्री मान्नुपर्दैन । इन्द्र रिसाएर तपाईंको केही गर्न सक्नैछैनन् ।' सो कुरा इन्द्रले आफ्नो दूतबाट सुने । त्यस कुराले गर्दा उनको क्रोधको सीमा बेहद भएर उठिहाल्यो । उनले उत्तिखेरै वज्र उठाएर प्रचण्डवेगका साथ मरुत्लाई मार्नानिमित्त प्रस्थान गरिहाले । उनी मरुत् भएका ठाउँमा आइपुगेका मात्र के थिए संवर्तले बीचैमा उनको हातैलाई स्तम्भित गराइदिए । तब इन्द्रलाई लाजमर्नु भयो । लिनाको बदला दिनुपर्ने खण्ड परिहाल्यो । उनले विवश भएर क्षमा मागेर बल्लतल्ल प्राण बचाई फर्कनुपऱ्यो । यता संवर्तले विधिपूर्वक मरुत्को यज्ञ गराए । त्यस यज्ञमा देवताहरू ब्राह्मण-भोजन गराउने काममा नियुक्त गरिदिए । अहोरात्र दान-दक्षिणा र भोजनको वृष्टि भइरहेको थियो । महिनौंसम्म खाली नगरी सो दान-दक्षिणाको काम चलिरहेको थियो । त्यस प्रकारसँग दान गर्दा नसिद्धिएर बाँकी रहेको सुवर्णका भोजन पात्र (थाल, कचौरा आदि) मात्रको पनि एक पहाड जत्रो रास थियो । त्यो सब सामानलाई यज्ञ समाप्त भएपछि राजा मरुत्ले हिमालय पर्वतमा लगी गाड्न लगाइदिएका हुन् । हे राजन् ! युधिष्ठिर अब तिमी सोही धन र सोही सामग्री हिमालयमा लिन जाऊ ।' यति भनी व्यास आफ्ना आश्रमतर्फ गए ।

यतिका दिनसम्म भगवान् श्रीकृष्ण पनि हस्तिनापुरमा नै हुनुहुन्थ्यो । यसको थोरै दिनपछि एक दिन उहाँले अर्जुनलाई साथ लिएर वनविहारमा जाने इच्छा प्रकट गर्नुभयो । युधिष्ठिरले उहाँको सो इच्छालाई पूर्ण गराए । त्यसपछि उहाँले एक दिन अर्जुनलाई भन्नुभयो, 'अर्जुन ! म यहाँ आएको धेरै काल भयो । द्वारकामा मेरा विरहले कत्ति छटपटाइरहेका होलान् । अब यहाँको तिम्रो सारा कामकाज पनि सकियो । मलाई बिदा दिन्छौ भने म द्वारकातर्फ रमाना हुन्छु । महाराज दाज्यैज्यूसँग बिदा मागिदेऊ ।' सो सुनेर अर्जुनले निवेदन गरे, 'प्रभो ! हजुरले अघि सङ्ग्रामको समयमा मलाई जो उपदेश (गीता) बक्सिएको हो सो सङ्ग्रामको झमेलाले गर्दा

यथार्थ याद रहन सकेन । कृपापूर्वक आज फेरि एक पटक सुन्न पाए कृतकृत्य हुने थिएँ ।' यो सुनेर श्रीकृष्णले फेरि गीताको आद्योपान्त उपदेश दिनुभयो ।

त्यसपछि एक दिन शुभ मुहूर्तमा युधिष्ठिरसँग बिदा हुन भनी श्रीकृष्ण उपस्थित हुनुभयो । परन्तु पाण्डवहरूलाई उहाँसँग अलग भएर क्षणभर रहनु पनि बहुतै कष्टकारक जस्तो हुन्थ्यो । सहसा युधिष्ठिरले उहाँलाई बिदा गर्न सकेनन् । अन्त्यमा अर्जुनले ज्यादै नै कठिनसाथ प्रेरणा गरेकाले उहाँलाई युधिष्ठरबाट बिदा मिल्यो । त्यसपछि उहाँ फुपू कुन्तीसँग बिदा हुन जानुभयो । त्यहाँबाट पनि बिदा भई बहिनी सुभद्रालाई समेत साथ लिई सात्यकि र चेकितानसमेत श्रीकृष्ण रथमा सवार हुनुभयो । युधिष्ठिरादि पाण्डवहरूले नगरबाहिरसम्म आएर उहाँलाई बिदा गरे । त्यताबाट केही बाटो हिँडेपछि बीचमा उहाँको दर्शन गर्न भनी आएका उत्तङ्कनामक ऋषिसँग भेट भयो । उहाँको मुखारविन्दबाट भारत-युद्धको हाल सुनेपछि ऋषिले भने, 'कृष्ण ! हजुरकै लापरवाहीले गर्दा त्यत्रो नरसंहार भएछ । हजुरले चाहेको भए सो युद्ध हुने थिएन । आफूसँग सब तरहको बचाउन सक्ने सामर्थ भईभईकन पनि यसरी नाश गराउनु उचित थिएन । यसकारण हजुरको यो अविवेकका निमित्त म हजुरलाई सराप दिन्छु ।'

यो सुनेर श्रीकृष्णले आफूले उद्योग गर्दागर्दै रोक्तारोक्तै पनि केही नलागेर सो भारत-युद्ध हुन गएको सारा हाल बताई युक्तिपूर्वक भवितव्यतालाई टार्न सक्ने कसैको सामर्थ्य छैन भन्ने बोधसमेत गराई ती उत्तङ्कको सरापबाट छुट्टी लिनुभयो । त्यसपछि उहाँको सवारी यथासमय द्वारकामा भित्रियो ।

द्वारका पुगेपछि भगवान् श्रीकृष्णसमेत हस्तिनापुरबाट फर्केका सबै जना पहिले वसुदेवको दर्शन गर्न गए । महाभारत-युद्धको समाचार श्रीकृष्णले नै सुनाउनुभयो । सो सुनेर वसुदेवलाई ठूलो शोक लाग्यो । अरूभन्दा पनि नाति अभिमन्युको मृत्युमा उनी साह्रै नै विकल भए । सुभद्रा पनि छाती पिटी-पिटी रोइन् । रुँदा, विलाप गर्दा पिता-पुत्री दुवै जना केही बेरका निमित्त मूर्छित पनि भए । आखिर स्वयम् श्रीकृष्णले सम्झाईबुझाई उनीहरूलाई शान्त गराउनुभयो । वसुदेवले अभिमन्युका निमित्त धेरै दान प्रदान गरिदिए । त्यसपछि श्रीकृष्ण आनन्दपूर्वक द्वारकामै रहन लाग्नुभयो ।

यता श्रीकृष्ण द्वारकातर्फ प्रस्थित भएपछि पाण्डवहरूले अभिमन्युको श्राद्ध गरे । धेरै-धेरै दानदक्षिणा दिई ब्राह्मणहरूलाई प्रसन्न गराए । परन्तु त्यति गर्दा पनि पाण्डवहरूलाई अभिमन्युको शोकले छोडेन । उत्तरालाई त झन् जीवित राख्न पनि

कठिन पऱ्यो । उनी त्यस बेला गर्भिणी थिइन् । त्यस्तो अवस्थामा पतिको शोकले गर्दा उनले अन्नसमेत त्याग गरेकी थिइन् । त्यसले उनी अत्यन्तै दुब्लाएकी थिइन् । उनलाई आफू गर्भवती भएको सम्म पनि हंश थिएन । उनको त्यो अवस्थाले गर्दा पाण्डवको पनि विचित्र हाल भइरहेको थियो । आखिर सो कुरा थाहा पाएर स्वयम् महर्षि व्यासले उहाँ आएर उनलाई धेरै नै तरहबाट सम्झाउनुभयो । उहाँले भन्नुभयो, "उत्तरे ! तिमी ज्यादा शोक नगर । अहिले तिमी गर्भवती छौ तिम्रो गर्भबाट परम तेजस्वी बालक पैदा हुनेछन् । पाण्डवहरूको शेषपछि तिनै तिम्रो पुत्र प्रजाको पालन गर्ने हुनेछन् ।" यस बेला युधिष्ठिर र अर्जुन पनि त्यहीं थिए । उत्तरा गर्भिणी छन्, उनको गर्भबाट पुत्र पैदा हुनेछन् भन्ने कुरा सुन्दा उनीहरूलाई पनि अत्यन्त खुशी लाग्यो । त्यसपछि युधिष्ठिरलाई अश्वमेध यज्ञ गर्नानिमित्त फेरि प्रेरणा गर्दै व्यासजी बिदा हुनुभयो ।

अब राजा युधिष्ठिर र उनका भाइहरूमा मरुत्को गडेको धन ल्याउने विषयमा सल्लाह हुन लाग्यो । जाने निश्चय भएपछि युधिष्ठिरले आफ्नो सैन्यलाई हिमालयतर्फ गएर सो धन खनी ल्याउने आज्ञा दिए । स्वस्तिवाचनपूर्वक शुभमुहूर्तमा पाण्डवहरू आफैं पनि प्रस्थित भए । हिमालयमा पुगेपछि सबैले एक दिन उपवास गरी हिमालय खन्न आरम्भ गरे । सबभन्दा पहिले त्यस भूमिमा पुरोहित धौम्यले शङ्करको पूजा गरी हात हाले । युधिष्ठिरले कैयौं गाई दान गरे । यसै बेला व्यासजी पनि त्यहीं पुग्नुभयो र उहाँको साथसाथै राजा युधिष्ठरले सो खन्ने ठाउंमा हातले स्पर्श गरे । त्यसपछि खन्नेहरूले बराबर खन्न सुरु गरे । पहिले धनै धनको खजना निस्क्यो । त्यसपछि यज्ञका सामान तथा श्रुक् श्रुवा आदि पात्रहरू निस्के । थाली, लोटा, कमण्डलु, झारी, खड्कौंला आदि चित्रविचित्रका पात्रहरूको रास लाग्यो । निस्के जति सामानको भारीतारी जम्मै ऊँट, खच्चर, घोडा, गाडा, भरियाहरूले ओसार्न थाले । जम्मा साठी हज्जार कुल्ली, त्यसको दोब्बर ऊँट, ऊँटको दोब्बर घोडा, एघार लाख हात्ती, एघारै लाख ढोई, एघारै लाख रथको तौलभन्दा पनि बढी तौलको धन पाण्डवहरूको हात पऱ्यो । सारा धन लिएर उनीहरू हस्तिनापुर फर्के ।

यज्ञको सुरसार हुन लाग्यो । सो खबर पाएर शुभद्रासहित भगवान् श्री कृष्णको पनि द्वारकाबाट सवारी भयो । उहाँको साथमा प्रद्युम्न, युयुधान, चार ुदेष्ण, साम्ब गद, कृतवर्मा, बलदेव प्रभृति कैयौं यादवगणहरू पनि उपस्थित भए । तिनीहरूसँग भेट हुँदा गान्धारी पुत्रको सम्झनाले र अरू प्रभृति विधवा स्त्रीहरू आफ्ना मृतपतिको सम्झनाले झन् विलाप गर्न थाले । ती सबलाई श्रीकृष्णले सम्झाईबुझाई शान्त गराउनुभयो । सबै शान्त भएर चुप लागेका मात्र

थिए, यस्तैमा सहसा गर्भवती उत्तराको गर्भमा बहुत पीडा हुन लागेको छ भन्ने खबर आयो । सबैले उहाँ गएर नाना उपाय प्रयोग गरे । तैपनि पीडा शान्त भएन । दश महिना पूरा नभएको गर्भबाट बल्लतल्ल एक बालक पैदा भए । परन्तु अश्वत्थामाको अस्त्रले गर्दा ती बालक मरेका रहेछन् । मरेको बालक पो पैदा भयो भनी अन्तपुरमा घोर कङ्गला शब्द निस्क्यो । पाण्डवहरू शोक गर्न लागे । कुन्ती छाती पिट्दै जमिनमा लेटिन् । सो समाचार उनैद्वारा श्रीकृष्ण भए ठाउँमा पुग्यो । सुन्नासाथ उहाँ पनि दौडँदै उहीं दाखिल हुनुभयो । मरेको चन्द्रसमान मुख भएको बालक पैदा भएको देखेर आश्चर्यमुग्ध भएका स्त्रीहरू उहाँको मुहारमा टुलुटुलु हेर्न थाले ।

यस घटनाले गर्दा श्रीकृष्णलाई ठूलो कष्ट भयो । कुन्ती उहाँलाई पक्रेर विलाप गरिरहेकी थिइन्, चारैतिर हाहाकार र रुवावासी मात्र मच्चिरहेको थियो । श्रीकृष्णले कठिनसाथ कुन्तीलाई सम्झाएर शान्त गराउनुभयो । फेरि उनका पछिपछि छाती पिट्दै सुभद्रा श्रीकृष्णका अगाडि आएर भन्न थालिन्, 'दाज्यैज्यू ! कौरवहरूको साथसाथै हजुरको भानिज (अभिमन्यु) मऱ्यो । उसको पत्नी उत्तरा गर्भिणी थिइन्, उनको गर्भ भएको पनि यो हालत देखिहाल्नुभयो । अब यस हातभागिनी हजुरको बहिनीको के गति ? मैले के गर्नु ? हजुर जस्तो दाज्यू खडा छँदै बहिनीको यो गति भइरहेछ, आफैं विचार गरिबक्सियोस्, हजुरलाई संसारले के भन्ला ?' उत्तराले भनिन्, 'पुण्डरीकाक्ष ! म सासू तथा बडा सासूज्यूका साथ मस्तक झुकाएर हजुरसँग प्रार्थना गर्दछु, अभागिनीलाई यस दुःखसागरबाट उतारिबक्सियोस् । शत्रुनाशन ! अश्वत्थामाको अस्त्रले मेरो गर्भ छियाछिया भइरहेको बेलामा हजुरबाट क्रोधपूर्वक 'नराधाम ! तिम्रो यो कामना (पाण्डवकुल नष्ट गराउने) लाई म कदापि पूरा हुन दिनेछैन, अर्जुनको पौत्रलाई म बचाइछोडुँला' भन्ने आज्ञा भएको हो । उस बेलाको हजुरको सो वचन सुन्दा मैले पनि वियोगजन्य शोकलाई पनि बिर्सेकी थिएँ । हजुरको महिमा तथा पराक्रम मलाई थाहा छ । अब जसरी हुन्छ अभागिनीको प्राणले हजुरकै सामने बिदा पाओस् । सर्वान्तर्यामी ! कृपापूर्वक यस विशालनेत्र बालकको देहमा इन्द्रले वर्षा गरी कृषिमा जीवन प्रदान गरेझैं गरिपाऊँ । हजुर पुण्यात्मा सत्यवादी, सत्यपराक्रमी हुनुहुन्छ । हजुरका निमित्त आफ्नो वचन पूरा गर्नु कठिन होइन । इच्छा गरेमा यो बालकको त के त्रैलोक्यभरका मृतक प्राणीहरू पनि जीवित हुन सक्तछन् । पाण्डवहरूको शरण हजुरसिवाय कोही छैन हतभागिनीउपर करुणा रहोस् ।'

उपर्युक्त विलाप सुनेर श्रीकृष्णलाई असह्य कष्ट भयो । उहाँले एकाएक उच्च स्वरमा 'लौ तथास्तु, तिम्रो बालक जीवित होस्' भनेर के भन्नुभएको थियो त्यहाँ उपस्थित सकल नरनारीवर्गहरू हर्षले गद्‌गद हुन थाले । श्रीकृष्ण उत्तराको समीपमा गएर खडा हुनुभयो । त्यसै बेला द्रौपदीले हत्तरपत्त उत्तरालाई सचेत गराउँदै भनिन्, "कल्याणी ! उठ उठ, सचेत होऊ । जगदीश्वर भगवान् योगेश्वर श्रीकृष्ण तिम्रो समीपमा प्रकट हुनुभएको छ ।" यो सुन्नासाथ घुम्टो खोल्दै मृतक पुत्रलाई बिस्तारै उठाएर काखमा लिँदै उत्तरा उठिन् र श्रीकृष्णसँग निवेदन गर्न थालिन्, "हे गोविन्द ! हे घटघटवासी भगवान् ! हे अविनाशी ! हजुरले यस पुत्रभन्दा पृथक् भएका अभिमन्यु र उहाँका यस पुत्रलाई समेत मृतकको रूपमा नजर भयो । हे माधव ! म शिर झुकाएर प्रणाम गर्दछु, हजुर अश्वत्थामाको अस्त्रले यस मृत्युदशामा प्राप्त भएको बालकलाई जिलाइबक्सियोस् । हे कमलनयन ! यदि मैले कुनै समयमा पनि धर्मराज, भीमसेन र हजुरका उपर कटुवाक्य गरेकी रहेछु भने यो पुत्रशोक रूपी बज्रले म अहिल्यै मरिजाऊँ, परन्तु यो बालक पुत्र नमरोस् । निर्दयी अश्वत्थामाले नजाने के लाभ देखेर यस बालकको वध गरेका हुन् । शत्रुनाशन ! म शिर झुकाएर सहस्रबार प्रणाम गरिरहेछु; हजुर यस बालकलाई बचाई बक्सियोस् । हे जनार्दन ! मलाई यस पुत्रको ठूलो आशा भरोसा थियो, परन्तु सो मेरा सकल आशा भरोसामा निर्दयी अश्वत्थामाले पानी फेरिदिए । अब म आफ्नो जीवनको सहारा केही देख्तिनँ, मलाई क्षणभर पनि जीवित रहने इच्छा छैन । यस बालकलाई सजीव अवस्थामा काखमा राखेर हजुरको दर्शन गरूँला भन्ने इच्छा थियो । हाय ! उल्टो यो शोक भोग्नुपऱ्यो । हे पुराणपुरुष ! मलाई थाहा थियो, यस बालकको पिता हजुरको अतिशय प्रिय हुनुहुन्थ्यो । उहाँको पुत्र मरिरहेछ । आफ्नो पिताहरूको अपार लक्ष्मीलाई छोडेर जाने यस बालकका पिता जस्तो निर्दयी हुनुहुन्थ्यो उस्तै यो बालक पनि निर्दयी रहेछ । क्षणभरको आयु पनि नपाई मरेर जानुपऱ्यो । हे जनार्दन ! अभिमन्युले मर्नानिमित्त युद्धक्षेत्रमा प्रस्थान गर्दा मैले हजुर कदाचित् युद्धमा मर्नुभयो भने म पनि सती हुनेछु भनी प्रतिज्ञा गरेकी थिएँ । परन्तु जीवनको अभिलाषाले गर्दा कृतघ्नी पापिनी मैले त्यसो गर्न सकिनँ । त्यसको परिणाम आज मेरो कुन गति हुने हो ! म मरेर गएपछि उहाँसँग भेट भयो भने म कतिको नक्कचरी ठहरूँला ! हे जगत्पतिपालनकारी प्रभु अभागिनीको रक्षा होस् ।"

यस प्रकारसँग विलाप गर्दागर्दै उत्तरा मूर्छित भइन् । उनको त्यो अवस्था देखेर फेरि चारैतर्फ रोदन आक्रन्दनको बाढी उर्लेर निस्क्यो । राजभवन नै

गुञ्जित हुन थाल्यो । धेरै बेरपछि उनले होस पाइन् र फेरि मृत बालकलाई काखमा राखी विलाप गर्न थालिन् ।

अब यो करुण विलाप हेरिनसक्नु र सुनिनसक्नु हुँदै आयो । तब झटपट भगवान् श्रीकृष्णले पवित्र जल मगाई आचमन गरी आफ्नो योगबलको प्रभावले अश्वत्थामाका अस्त्रको प्रभावलाई दूर गर्दै सबैले सुन्ने गरी भन्नुभयो, 'उत्तरे ! तिमी प्रसन्न होऊ, मैले तिम्रो पुत्रलाई बचाइदिएँ । त्यो बाँच्यो । कल्याणी ! यदि मैले आजसम्म झूटा बोलेको रहेनछु, कहिल्यै युद्धमा पीठ फर्काएको रहेनछु, आफ्ना मित्र अर्जुनसँग वैरभाव गरेको रहेनछु, ममा सत्यधर्म रहेछ, धर्म तथा ब्राह्मणउपर अटुट श्रद्धा राखेको रहेछु, कंस, केशी इत्यादिलाई धर्मपूर्वकै मारेको रहेछु भने मेरो त्यस सत्यधर्मको प्रभावले गर्दा यो बालक बाँचोस् ।' यति भनेर बालकको शरीरमा भगवान्ले जलसेचन के गरिदिनुभएको थियो, तत्क्षणैमा प्राणसञ्चार हुँदै हातपाउ फ्याँक्दै बालक च्याँच्याँ गरी रुन थाले । यस प्रकारसँग योगेश्वर भगवान् श्रीकृष्णको कृपाले ब्रह्मास्त्रको प्रभाव विफल भएको र बालक जीवित भएको देखेर धन्यधन्य भगवान् भन्दै साराले उहाँको स्तुति गरे । कुन्ती, द्रौपदी, सुभद्रा, उत्तरा आदि सकल स्त्रीवर्गले हर्षले गद्‌गद हुँदै उहाँलाई सहस्रौं धन्यवाद चढाए । त्यसपछि मङ्गलोत्सवको बाद्यघोषपूर्वक स्त्रीहरू मङ्गल गाउन लागे, ब्राह्मणहरू वेदध्वनि गर्न लागे, सूतमागधहरू श्रीकृष्णको स्तुति गाउन लागे । उत्तराले हर्षोन्मत्त हुँदै बालकलाई काखमा लिएर उहाँलाई भक्तिपूर्वक प्रणाम गरिन् । श्रीकृष्णले सो पुत्रोत्सवको उपलक्ष्यमा कुन्ती आदि सकल राजपरिवारलाई नाना प्रकारका रत्नहरू दिनुभयो । श्रीकृष्णका साथ आएका अन्य यादववर्गले पनि यथेष्ट हर्षबढाईंका पुरस्कार पाए । तदनन्तर स्वयम् श्रीकृष्णले अभिमन्युको शेषपछि पाण्डवकुलको नाम 'परीक्षित्' भयो भनी नामकरण गर्नुभयो ।

त्यति भएपछि सबै आ-आफ्नो निवासस्थानतर्फ लागे । एक महिनासम्म यही परीक्षित्जन्मको हर्षोत्सवमा नै बित्यो । त्यतिन्जेल पाण्डव धन लिएर फर्किसकेका थिए । श्रीकृष्णको मुखारविन्दबाट परीक्षित्को जन्मवृत्तान्त सुन्न पाउँदा उनीहरू अत्यन्त प्रसन्न भए । श्रीकृष्णको आफ्नाउपरको करुणा देखेर उनीहरूको हृदय प्रफुल्लित भयो ।

केही दिनपछि महर्षि वेदव्यास स्वयम् हस्तिनापुरमा आउनुभएको थियो । पाण्डवहरूले यादव तथा अन्धकवंशी अतिथि वर्गको यथोक्त सत्कारका साथ उहाँको भक्तिपूर्वक पूजा गरे । तब युधिष्ठिरले सुखासनमा विराजमान व्यासजीसँग सविनय निवेदन गरे, 'महर्षिवर्य ! पितामह ! हजुरको कृपाले हामीलाई हिमालयबाट

यथेष्ट धन प्राप्त भयो, यस धनलाई हामीले कुन कार्यमा कसरी खर्च गर्ने हो सो उपदेश पाऔं ।" व्यासले भने, "राजन् ! अब तिमी यस धनले अश्वमेघ यज्ञ गर । त्यै यज्ञको दक्षिणामा तिम्रो यो धन खर्च होओस् । किनभने अश्वमेघ यज्ञ गर्नाले जन्मजन्मान्तरका सकल पाप नष्ट हुन्छन् ।"

यो सुनेर युधिष्ठिरले श्रीकृष्णसँग भने, "वासुदेव ! महाबाहु ! यदुनन्दन ! यदि हजुरको करुणा रहन्छ भने म अश्वमेघ यज्ञ गर्न पाऊँ आज्ञा बक्सियोस् । हजुरको आज्ञाविना म कुनै कार्य पनि गर्न सक्तिनँ । हजुर मेरो परम गुरु हुनुहुन्छ, हजुरकै कृपाले मलाई आज यो समस्त भूमण्डलको एकछत्र राज्य मिलेको छ । अब आज्ञा बक्सिन्छ, भने म सकल पापदेखि मुक्त हुन पाऊँ । हजुर नै यज्ञ हुनुहुन्छ, अविनाशी हुनुहुन्छ, धर्म हुनुहुन्छ, प्रजापति हुनुहुन्छ, प्राणीहरूको लयस्थान हुनुहुन्छ भन्ने कुरा मलाई पूरा याद छ । यसैले आज म अश्वमेघ यज्ञका निमित्त आज्ञा माग्दछु, जो कृपा ।" श्रीकृष्णले भन्नुभयो, "महाराज ! तपाईं मलाई त्यस्तो ठान्नुहुन्छ भने त्यो मेरो महान् सौभाग्य हो । परन्तु म तपाईंको आज्ञाकारी सेवक हुँ, तपाईं हाम्रा राजा तथा परम मान्य हुनुहुन्छ । त्यसो हुँदाहुँदै पनि तपाईं मेरो आज्ञा माग्नुहुन्छ भने म बहुतै प्रसन्नतासाथ आज्ञादिन्छु, तपाईं अश्वमेघ यज्ञ गर्नुहोस् । त्यसमा मैले जे जति गर्नुपर्दछ सो पनि यसो गर् भनी आज्ञा दिनुहोस् । मबाट हुनेसम्म सेवा गर्न म तयार छु ।"

युधिष्ठिरले व्यासर्सँग भने, "महामुनि ! हजुर वेदशास्त्रका ज्ञाता हुनुहुन्छ । यसकारण यज्ञको आरम्भ गर्नुभन्दा पहिले के गर्नुपर्दछ सो कुरा आज्ञा होस् । व्यासले भन्नुभयो, "धर्मराज ! यज्ञारम्भका निमित्त चैत्रमासको पूर्णिमा बहुतै पुण्यदिन छ । म र महर्षि याज्ञवल्क्य भएर तिमीलाई दीक्षित गराऔंला । अब आजभोलिदेखि नै यज्ञका निमित्त सरसामान जम्मा गर्ने काम होस् । यस यज्ञमा सबभन्दा मुख्य कुरा घोडा हो । उत्तम घोडा छानेर छोड्नुपर्दछ । सो घोडाले समस्त पृथ्वी घुमेर तिम्रो यश फैलाउनेछ । पहिले घोडाको तलास गर्नुपर्दछ ।" युधिष्ठिरले "जो आज्ञा" भनी जवाफ दिए ।

यथासमयमा यज्ञको सकल सामग्री तयार गरियो । घोडा छोड्नुभन्दा अगाडि युधिष्ठिरले व्यासर्सँग "घोडा एक्लै छोड्ने कि उसको पछि अरू पनि कोही जानुपर्छ" भनी सोधे । तब व्यासले भने, "घोडा एक्लै छोडिँदैन । उसको रक्षाका निमित्त धर्नुधारी अर्जुन जान्छन् । अर्जुनको सहायताका निमित्त अरू केही आवश्यकीय सेना पनि हुनुपर्दछ । भीमसेन र नकुल यही राज्यको रक्षाका निमित्त बसून् । घरतर्फको हेरविचारका निमित्त सहदेवले यहीं बस्नुपर्दछ ।" यो सुनेर युधिष्ठिरले

अर्जुनलाई बोलाएर भने, 'बाबु ! यज्ञारम्भको आदिमा एउटा घोडा छोड्नुपर्दछ । त्यस घोडाको रक्षा गर्ने काममा मैले व्यासदेवको आज्ञाअनुसार तिमीलाई खटाएँ किनभने तिमीभन्दा अर्को यस कामको लायक पुरुष म कोही देख्तिनँ । तिमीले यस घोडाका साथसाथै समस्त पृथ्वी घुमेर देशदेशका राजाहरूलाई निमन्त्रणा गर्नुपर्दछ, भरसक कसैसँग युद्ध गर्नु नपरोस् ।' अर्जुनले 'आज्ञा शिरोपर' भनी शिर झुकाए ।

शुभ मुहूर्तमा दिग्विजयका निमित्त विधिविधानपूर्वक घोडा छोडियो । अर्जुन दलबलसहित उसको रक्षक बनेर पछि लागे । प्रस्थान गर्ने बेलामा युधिष्ठिरले भने, 'बाबु ! जहाँसम्म हुन्छ युद्ध गर्नु नपरीकन देशदेशका राजाहरूलाई मिजासैसँग हात लिई यज्ञमा आउन राजी गराए । भरसक कुनै राजाको वध गर्नु नपरोस् ।' जो आज्ञा भनी अर्जुनले प्रस्थान गरे । केही दिन हिंडेपछि सबभन्दा पहिले जयद्रथका पुत्रले आफ्ना सिन्धुदेशीय सैन्यसमेत भई अर्जुनलाई घेरे । उनका साथ अर्जुनको घोर सङ्ग्राम पऱ्यो । त्यस सङ्ग्राममा जयद्रथ-पुत्रको केही लागेन । उनी अर्जुनद्वारा मारिए । उनी राजा धृतराष्ट्रकी राजकुमारी दुःशलाका पुत्र हुन् । उनी मारिएपछि पुत्रशोकले व्याकुल दुःशला पौत्रलाई लिएर अर्जुन भएका ठाउँमा दौडँदै आइन् । त्यस बेला अर्जुन सिन्धी क्षत्रियहरूसँग लड्दै थिए । त्यै अवस्थामा युद्धस्थलमै दुःशला पुगेकी हुनाले उनलाई देख्नासाथ अर्जुन रोकिए । तब दुःशलाले रुँदै आफ्ना दुःखदर्द बताइन् । अर्जुनले उनलाई हरतरहबाट धैर्य प्रदान गरी अश्वमेध यज्ञमा आउनानिमित्त स्वीकृत गराए । उनले आफ्नो सट्टामा पौत्रलाई पठाउनेछु भनी प्रतिज्ञा गरिन् ।

यसपछि घुम्दै गएको घोडा सिन्धुदेशलाई नाघेर अर्को देशमा के पुगेको थियो एकाएक भगदत्त पुत्र वज्रदन्त, जरासन्धका पौत्र, कानधारका क्षत्रियहरू र शिशुपालका पुत्रसमेतले अर्जुनलाई घेरे । उनीहरूलाई पनि युद्धमा परास्त गराई अर्जुनले अश्वमेध यज्ञमा आउनाका निमित्त निमन्त्रणा दिए । सो निमन्त्रणा उनीहरूद्वारा स्वीकृत भयो ।

त्यहाँबाट अगाडि बढेर घोडा मणिपुरमा पुग्यो । उहाँका राजाको नाम बभ्रुवाहन थियो । उनी अघि अर्जुन तीर्थयात्रामा गएका बखत चित्राङ्गदासँग विवाह हुँदा तिनै चित्राङ्गदाको यज्ञमा पैदा भएका अर्जुनका पुत्र थिए । आफ्ना पिता अर्जुन आइपुगेको सुन्नासाथ उनी भेट गर्न भनी आए । भेट भएपछि अर्जुनले भने, 'बाबु ! यदि तिमी मेरो वीर पुत्र हुँदा हौ ता यो घोडा पत्रेर मसँग युद्ध गर्नुपर्दथ्यो । स्वास्नीले भेट्न आएझैं नामर्दीपन लिएर किन आयौ । हुन ता तिमी

आफ्नो पिता सम्झेर मसँग भेट गर्न आएकोमा म बहुतै प्रसन्न छु, परन्तु तिमीले यो क्षत्रियोचित कर्म नगरेकोमा म तिमीलाई धिक्कार दिन्छु ।" अर्जुनको यो कुरा सुनेर बभ्रुवाहनको कन्सिरी तातेर आयो । उनी क्रोधले फनफनिँदै फरक्क फर्केर आफ्नो नगरमा आएर युद्धको तयारी गर्न थाले । उनको सैन्य रणभूमिमा उपस्थित भयो । उनी आफैँ पनि युद्धका निमित्त तम्तयार भएर आए । उनको सैन्यले अर्जुनको घोडालाई पक्रेर एक ठाउँमा बाँधी अर्जुनलाई युद्धका निमित्त हाँक दियो । क्रमश : पिता-पुत्रमा पनि घोर घमासानको युद्ध पऱ्यो । अर्जुनका प्रहारको एकाएक उत्तर बभ्रुवाहनले फूर्तिसाथ दिन थाले । हुँदाहुँदा अर्जुनलाई नै जब आच्छु-आच्छु पऱ्यो तब उनले क्रोधको आवेगमा बभ्रुवाहनलाई मार्नानिमित्त एक बाण छोडे । त्यस बाणलाई बभ्रुवाहनले त्यस्तै बाण छोडी बीचैमा विफल गराऊँ भन्दा ता परस्परलाई लाग्न जानाले दुवै जना केही बेरका निमित्त मूर्छित भए । पछिबाट बभ्रुवाहनको मूर्छा कम भयो र उनी उठे । अर्जुन मूर्छैमा थिए । उनको त्यो अवस्था देखेर बभ्रुवाहनलाई आश्चर्य लाग्यो । उनी झटपट अगाडि गएर हेर्छन् ता अर्जुन सर्वाङ्ग ठण्डा भइसकेको देखे; अर्जुन साँच्चि नै मरिसकेका पो रहेछन् । सो देख्नासाथ बभ्रुवाहनलाई चटचट पसिना आयो । "धिक्कार धिक्कार" मैले पितृहत्या गरेछु, अब के गर्ने हो, भनी उनी चिच्याउन थाले ।

केही बेरपछि यो खबर बभ्रुवाहनकी माता चित्राङ्गदाकहाँ पनि पुग्यो । उनी रुँदै कराउँदै दौडँदै अर्जुनको लास भएको ठाउँमा आइपुगिन् । उनका साथसाथै अर्जुनकी अर्की पत्नी उलूपी पनि त्यहीँ दाखिल भइन् । दुवै जना छाती पिटेर विलाप गर्न थाले । सो देखेर बभ्रुवाहनको झन् विचित्र हाल भयो । विलाप गर्दागर्दै उनी एकाएक यो पितृहत्याकारी शरीरलाई म धारण गर्न सक्तिनँ भनी आत्महत्याका निमित्त तयार भए । त्यस बेलाको घटना हृदयविदारक थियो । के गर्ने कसो गर्ने कसैलाई होस थिएन । अन्त्यमा आत्महत्यार्थ तयार भएका बभ्रुवाहनलाई रोक्तै उलूपीले भनिन्, "बाबु ! पर्ख, पर्ख म एक यत्न गर्दछु, सो यत्न सफल भयो भने हामी सबैको कल्याण हुनेछ ।" यति भनेर उलूपीले मरेका सर्पहरूलाई बिउँताउने मणिलाई सम्झिन् । उनले सम्झनासाथ मणि एकाएक कहाँकहाँबाट आएर प्रकट भयो । सो मणिलाई उलूपीको आज्ञाअनुसार बभ्रुवाहनले हातमा उठाएर अर्जुनको छातीमा के राखिदिएथे अर्जुन निद्राबाट बिउँझेझैँ जुरुक्क उठेर बसे । उनले अगाडि उलूपी र चित्राङ्गदालाई खडा देखेर सोधे, "अहो ! तिमीहरू यहाँ कताबाट उम्र्यौ ?" उलूपीले सबै हाल बताइन् । तब अर्जुनले बभ्रुवाहनलाई हृदयमा लगाएर आशीर्वाद दिए । त्यसपछि सबै जना अर्जुनलाई

लिएर बभ्रुवाहनको राजमहलमा गए । उनीहरूको सत्कार पाउँदा र धेरै दिनपछि मिलाप हुँदा अर्जुनलाई ठूलो हर्ष भयो । एक दिन त्यहीं विश्राम गरी माताहरूसित बभ्रुवाहनलाई अश्वमेध यज्ञमा आउनानिमित्त निमन्त्रणा दिई घोडाका साथ अर्जुन हस्तिनापुरतर्फ फर्के । त्यति गर्दा घोडाले जति देश घुम्नुपर्दथ्यो सो अब घुमाई पनि समाप्त भइसकेको थियो । यस प्रकारसँग दिग्विजय गरेर फर्केका अर्जुनलाई देखी युधिष्ठिरादिहरू अत्यन्त हर्षित भए ।

दिग्विजयबाट अर्जुन फर्केर आएपछि यज्ञमा बाँकी रहेका क्रियाहरू क्रमशः हुन थाले । ब्राह्मणहरूको आज्ञाअनुसार यज्ञशाला, यज्ञभूमि, मण्डपहरूको रचना भयो । आगन्तुक देशदेशका राजा, नातासम्बन्धी, अन्यान्य इष्टमित्रहरूका निमित्त हजारौं सुन्दर सर्वसामग्री-सम्पन्न निवासस्थान बनाइए । तदनन्तर ती सबलाई र अरूअरू छुटेका इष्टमित्रहरूलाई निमन्त्रणा पठाउने काम भयो । यथायथा समयमा अनेक रत्न, मणि, माणिक आदि किसिमकिसिमका नजरानाहरू लिई सारा निमन्त्रितगण यज्ञमा सम्मिलित भए । युधिष्ठिरले ती सबलाई आदरपूर्वक यथोचित रूपले ठूलो सम्मान गरे ।

सुवर्ण सुवर्णको यज्ञमण्डप बनेको थियो । त्यसका निमित्त चाहिने पात्रहरू पनि सबै सुवर्णकै बनेका थिए । जनसमूहको भीड सह्मालिनसक्नु भए तापनि गोलमाल रत्ती हुन नपाउने पूरा प्रबन्ध गरिएको थियो । संसारका अण्डज, स्वेदज, उद्भिज, पिण्डज प्राणीहरू उहीं एकत्रित भएका थिए, गोधन र अन्नधनले गर्दा यज्ञशाला नै परिपूर्ण देखिन्थ्यो । ब्राह्मण र वैश्यहरूका निवासस्थान अत्यन्त रमणीय देखिन्थे । एक-एक पटकमा एक-एक लाख ब्राह्मणहरू भोजन गर्दथे । भोजनको सूचनाका निमित्त दिनभरमा कैयौं नगरा बज्दथ्यो । कैयौं दिनसम्म त्यै क्रम जारी रह्यो । दही, दूध, घिउहरूका कुण्ड र अन्नका पहाडहरूको गिन्ती नै थिएन । पकाउने र पस्कने ब्राह्मणहरूको सङ्ख्या मात्र हजारभन्दा बढी थियो । ती पनि एकसे एक पाकविद्यामा निपुण छानेर राखिएका थिए ।

यज्ञको आरम्भ भएपछि व्यास आदि ऋषिहरूले महाराज युधिष्ठरलाई दीक्षा दिए । युधिष्ठिरले यज्ञ सिद्ध होस् भनी किसिम किसिमका दानहरू गरे । बेल, खयर, डुम्री आदि यज्ञीय वृक्षका छ-छवटा खम्बा गाडिएका थिए, बीचबीचमा सुवर्णका थाम, चमकिला पत्थरको यज्ञकुण्ड अत्यन्त सुशोभित देखिन्थ्यो । वेदीका नाप अठार हातको थियो । यस प्रकारको मण्डपमा पङ्क्ति बाँधेर बसी वेदमन्त्रद्वारा आहुति दिन लागेका ऋत्विकगणहरूको मुखमण्डलमा एक प्रकारको

ब्रह्मतेज झलमलाइरहेको देखिन्थ्यो । एकातिर मङ्गलका शाही बाजा बज्दथे, अर्कातिर अप्सराहरू नाच्तथे, हर्षध्वनिले यज्ञमण्डपै गुञ्जिरहेको थियो ।

यस प्रकारसँग घण्टौंतक आहुति प्रदान गरिएपछि महाराज युधिष्ठिरले ब्राह्मणहरूलाई यथेष्ट सुवर्ण, गाई, वस्त्रहरू दक्षिणा दिए । महामुनि व्यासलाई आफ्नो समस्त राज्य नै उनले दक्षिणाको रूपमा समर्पण गरे । परन्तु व्यासदेवले यो राज्य दान दक्षिणाका रूपमा लिइन सक्तैन । सो छोडी अरू जे दिन्छौ लिन्छु भन्नुभयो । तब युधिष्ठिरले अरू सुवर्णमणि रत्नादि दक्षिणाद्वारा उहाँलाई सन्तुष्ट गराएर यज्ञान्त स्नान गरे । तदनन्तर आगन्तुकवर्गलाई सम्मान पुरस्कार प्रदानपूर्वक बिदा गरी पठाए । ती सब आशीर्वाद दिँदै स्व-स्व स्थानतर्फ प्रस्थित भएपछि अन्त्यमा आफ्ना सहचारीवर्गसमेत भगवान् श्रीकृष्ण पनि पाण्डवहरूसँग बिदा भई द्वारकातर्फ प्रस्थित हुनुभयो ।

॥आश्वमेधिकपर्व समाप्त॥

□□□

आश्रमवासिकपर्व

अब पाण्डवहरू धर्मपूर्वक प्रजाको पालन गर्न थाले । महात्मा विदुर, सञ्जय, युयुत्सु र भाइहरूसमेत युधिष्ठिर नित्य धृतराष्ट्रको सेवा गर्दथे । कुन्ती, द्रौपदी र सुभद्राहरू पनि यशस्विनी गान्धारीको नित्य सेवा गर्दथे । पुत्रशोकले बराबर व्याकुलित नहोऊन् भन्ने विचारले पाण्डवहरू अहर्निश धृतराष्ट्रको सेवा गरी उनलाई प्रसन्न गराउनका लागि गर्नुसम्म उपाय गर्दथे । राज्यका कामकाज जति पर्दथ्यो त्यो सब उनै धृतराष्ट्रको आज्ञा र सल्लाहले गर्दथे । परन्तु भीमसेन र अरूअरूको लेखा भने धृतराष्ट्र तृणसमान पनि मानिँदैनथे । भीमसेन अरूको अगाडि भने उनलाई केही भन्दैनथे तर एकान्तमा फेला परे कि एक थोक न एक थोक भनेर घोचघाच गर्दथे । त्यसले धृतराष्ट्र गान्धारी दुवैलाई असह्य दुःख थियो । भीमसेनको यो उद्दण्ड प्रकृति नै हो । एक दिन त्यस्तै पर्न आयो । अरूअरू मानिसका मुखेन्जी धृतराष्ट्रको नगिचै गएर भीमसेनले दुर्योधनादिको निन्दा र आफ्नो प्रशंसा गरेछन् । त्यो सुनेर धृतराष्ट्र मुर्मुरिए तापनि त्यस बेला केही नभनी चुपचाप सहेछन् ।

त्यसको केही दिनपछि धृतराष्ट्रले असह्य भएर भीमसेनको कुरालाई मनमै छिपाई वनवास गर्न जाने इच्छा प्रकट गरे । युधिष्ठिरले त्यसको कारण सोध्दा उनले अरूअरू धेरै कुरा गरेपछि अन्त्यमा भने, "बाबु ! म जान आँटेको कारण अरू केही छैन । यो हाम्रो कुलपरम्परादेखि चलेर आएको कुरा हो । वृद्धावस्थाका राजाहरूले राजकाज सबै आफ्ना पुत्र, पौत्रादिमा सुम्पी वनवनमा गएर भगवद्भजन गर्नुपर्दछ । त्यस नियमको पालन गर्नानिमित्त मैले वन जाने इच्छा प्रकट गरेको हुँ, मेरो साथमा गान्धारी पनि जानेछिन् । तिमी यसमा अप्रसन्न होओइनौ भन्ने मलाई निश्चय छ ।"

युधिष्ठिरले भने, "काकाजी ! म राज्यभोग गर्ने हजुर वनसार लाग्ने यो कुरा कदापि हुन सक्तैन । हजुरले नियमपूर्वक आफ्नो आहारलाई घटाउँदै भूमिशय्या पनि गर्ने गर्नुभएको छ भन्नेसम्म सुनेको थिएँ, हजुरको यो विचार चाहिँ आजै मात्र

सुनँ । केही दिनअघि नै सुनेको भए हजुरलाई त्यसो गर्न दिने थिइनँ । मलाई धिक्कार छ, हजुर नभएको राज्य म भोग गर्न चाहन्नँ । यो राज्य हजुरको हो, हजुर राज्य गर्नुहोस्, बरु म वन जान्छु, मलाई दुर्योधनउपर अब अलिकति मात्र पनि रिसराग छैन । उनीबाट जे जति भयो त्यो कालचक्रको प्रभावले हुन आएको हो । यदि हजुर वनमा सवारी हुन्छ भने हामीले कसको अधीनमा रहने ? यदि हजुरलाई केही दुःख छ भने आज्ञा होस् ।" धृतराष्ट्रले भने, "बाबु ! मलाई केही दुःख छैन । मलाई वन जाने आज्ञा देऊ, यति भए मलाई पुग्दछ । सञ्जय ! तिमी पनि युधिष्ठिरलाई सम्झाइदेऊ ।" यति भन्दाभन्दै पुत्रशोक, आफूले गरेका कुकृत्य र आलो लोमहर्षण सङ्ग्राममा भएको नरसंहार सम्झेर धृतराष्ट्र मूर्छित भए । उनको त्यो अवस्था देखेर युधिष्ठिरलाई ठूलो कष्ट भयो । उनले झटपट जल मगाएर मूर्छित काकाको माथमा छिट्नु, अन्यान्य शीतोपचारहरू गर्नुसम्म गर्दा धेरै बेरपछि उनको मूर्छा खुल्यो । त्यसपछि धृतराष्ट्रले प्रसन्नता देखाउँदै युधिष्ठिरलाई अङ्कमाल गरे । त्यस बेला उनी साह्रै नै दुर्बल भइसकेका थिए, अन्नजलसम्म ग्रहण नगरेको कति दिन भइसकेको थियो । हप्ताको एक छाक मात्र भोजन गर्ने हुनाले उनका एक-एक अङ्ग-प्रत्यङ्ग सिन्का जस्तो देखिन्थे । सो देखेर युधष्ठिरले बिस्तारैबिस्तारै आफ्नो हातद्वारा मुसारिदिए । त्यसले गर्दा धृतराष्ट्रको चित्त स्नेहमुग्ध भएर उठ्यो । कुन्ती, गान्धारीहरू पनि बराबर अश्रुवृष्टि गर्दै थिए । त्यस्तैमा व्यासजीले युधिष्ठिरलाई अनेक उपदेश दिँदै भने, "राजन् ! धृतराष्ट्रको अवस्था ज्यादै शोचनीय भइसकेको छ । अब उनको आयु पनि धेरै होला जस्तो म ठान्दिनँ । यसकारण अब यिनका अमूल्य समयलाई नष्ट नगराऊ । राजाहरूले वृद्ध भएपछि वनमा जानैपर्दछ । धृतराष्ट्र त्यस कुलधर्मको पालन गर्नेका निमित्त दृढसङ्कल्प छन्, उनलाई नरोक ।"

व्यासजीले यसरी सम्झाएपछि युधिष्ठिरले हठ गर्न छोडे । व्यासजी पनि बिदा हुनुभयो । युधिष्ठिर धृतराष्ट्रका वनवास यात्राको तयारी गर्न थाले । यसै मौकामा धृतराष्ट्रद्वारा युधिष्ठिरलाई अनेक राजनीति विषयक उपदेशहरू प्राप्त भए । ती सब उपदेशलाई युधिष्ठिरले स्वीकार गरे ।

यति भएपछि धृतराष्ट्रले आफ्ना मृतक पुत्रहरूको श्राद्ध गर्ने इच्छा प्रकट गरे । इच्छाअनुसार युधिष्ठिरले त्यसको सारा प्रबन्ध मिलाइदिए । सबै कुरा ठीक भएपछि धृतराष्ट्रद्वारा भीष्म, द्रोण, सोमदत्त, दुर्योधन, अभिमन्युहरूको विधिपूर्वक श्राद्ध गरियो । ब्राह्मणहरूले यथेष्ट दक्षिणा पाए । यी श्राद्धहरू लगातार दश दिन लगाएर क्रमशः गरिए । त्यति भएपछि वनयात्राको तयारी भयो । धृतराष्ट्रले

प्रस्थान समयमा उपदेश दिए । नगरवासीहरूको टाँड लाग्यो । राजमहलमा एउटा तिलसम्म अटाउने ठाउँ पनि छैन कि भने जस्तो देखिन्थ्यो । विद्वान् ब्राह्मणहरूले इष्टीय यज्ञ गराई राजा धृतराष्ट्रलाई कौपीन पहिराए । त्यति भएपछि गान्धारी तथा कुटुम्बहरू र अन्यान्य मनुष्यहरूका साथ धृतराष्ट्र राजभवनबाट बाहिर निस्के । सो देखेर नगरवासी नरनारीहरू वियोगकातर हुँदै विलाप गर्न थाले । महाराज युधिष्ठिरको आँसु पनि रोकिन सकेन । उनी पनि रुँदारुँदै केही बेर मूर्छित भए । बल्लतल्ल अर्जुनले शीतोपचार गर्दै उठाउँदा र सम्झाउँदा उनको मनमा होस आयो । धृतराष्ट्र उपस्थित प्रजावर्ग र स्त्रीवर्गहरूलाई शान्तिपूर्वक बिदा दिँदै अगाडि बढे । उनलाई छोडेर खाली फर्कनुपर्दा प्रजाहरूलाई साह्रै कष्टको अनुभव भयो । भीमसेन, नकुल, सहदेव, विदुर, युयुत्सु, कृपाचार्य आदि र केही ब्राह्मणहरू अरू पनि धृतराष्ट्रको पछि लागेकै थिए । कुन्ती पनि गान्धारीको सहायता र शुश्रूषाका निमित्त वनवासमै रहन भनी प्रस्थित भएकी थिइन् । उनी तन्दुरुस्त र आँखा पनि देख्ने हुनाले अघिअघि हिंड्दथिन् । उनका पछि गान्धारी र उनीपछि उनको काँधमा हात राखेर धृतराष्ट्र बिस्तारैबिस्तारै हिंड्न थाले । उनीहरूसँग सदाका निमित्त बियोग हुने जानेर विलाप गर्ने रुने नरनारीहरूको करुणाजनक अवस्थाले पाषाणहृदय पनि पानी भएर निस्कन्थ्यो । यस प्रकार उनीहरू सीधा आफ्नो मार्ग पक्रेर हिंड्न थाले ।

केही पर पुगेपछि धृतराष्ट्रले युधिष्ठिरादिहरूलाई पनि फर्क भन्ने आज्ञा दिए । तब युधिष्ठिरले माता कुन्तीसँग भने, "मुमा ! अब हजुर फर्किबक्सियोस्, काकाजीका साथ माता गान्धारीको सेवा गर्दै म वन जान्छु ।" यो सुनेर कुन्तीको नयन-युगलबाट अश्रुधारा प्रवाहित हुन लाग्यो । उनी सो कुरा सुनेको नसुनेझैं गरी गान्धारीको हात आफ्नो काँधमा राखेर लुरुलुरु हिंड्न थालिन् । युधिष्ठिरादि पनि चुपचाप केही परसम्म पछि लाग्दै गए । तब उनीहरूले पीछा नछोड्ने लक्षण देखेर कुन्तीले भनिन्, "बाबु युधिष्ठिर ! अब तिमी फर्क, मेरो प्यारो सहदेवलाई राम्रोसित प्यारो गरेर राखे, मलाई त्यस बिचराको साह्रै माया लाग्दछ । आफ्ना रणहत दाज्यू कर्णलाई पनि नबिर्से । त्यो साह्रै वीर पुरुष थियो, आफ्नै अज्ञानले गर्दा मारियो । मैले त्यस सूर्यदेवको पुत्ररत्नलाई सो कुरा छिपाएर राखेँ । यो मबाट ठूलो अपराध भयो । त्यै अपराधको फल आज उसलाई टुक्राटुक्रा भएर रणभूमिमा मरेको मैले देख्नुपऱ्यो । मेरो प्रियपुत्र ! मैले त अपराध गरेँ गरेँ । तिमीले कदापि त्यस पुरुषलाई नबिर्से, त्यसका निमित्त धेरै धेरै दानप्रदानहरू गरिदिए, भाइहरूद्वारा पनि गराइदिए । भीमसेन, अर्जुन र नकुलका उपर पनि

स्नेहपूर्वकको व्यवहार गर्दै उनीहरूलाई सदा सन्तुष्ट र प्रसन्न राख्यैछौ । भाइहरूका उपर पूर्ण विश्वास राख्ने हुनाले नै आजसम्म तिम्रो कल्याण हुँदै आएको छ, अब पनि त्यस व्यवहारलाई अखण्डित राख्यैछौ, मेरो अन्तिम उपदेश यत्ति हो । अरू के भनूँ ? मेरानिमित्त तिमीले कदापि चिन्ता लिनुपर्दैन । म यहाँबाट अब सर्वथा फर्कन्नँ, वृद्ध महाराज-महारानीको सेवाका निमित्त वनवासमा रहने मैले निश्चय गरिसकेकी छु ।"

माता कुन्तीको कुरा सुनेर युधिष्ठिरलाई साह्रै कष्ट लाग्यो । उनी एकछिनसम्म बोल्न पनि सकेनन् । केही बेरपछि अश्रुनिरुद्ध कण्ठबाट निस्केको स्वरमा उनले भने, "मुमा ! हजुरले किन यस्तो निश्चय गर्नुभएको हो ? यसो आज्ञा हुनु मलाई उचित जस्तो लाग्दैन । म हजुरलाई वन जाने राय दिन सक्तिनँ । हजुरको माया मलाई कति लाग्दछ यो हृदय चिरेर देखाए पनि पूरा देखिन सक्नेछैन । यदि हजुरलाई आखिर यस्तै गरी वनवास गरूँला भन्ने निश्चय थियो ता त्यतिका बन्धुबान्धवहरूलाई मार्नानिमित्त मलाई किन उत्साहित गराउनुपर्दथ्यो । केवल हजुर र श्रीकृष्णले उत्साहित गराएकोबाट आज मलाई यो साम्राज्य मिलिरहेछ । अब हजुरैले पनि मलाई त्याग गर्नुहुन्छ भने यो राज्य पाएको कामै के भयो । हामीलाई क्षात्रधर्ममा नियुक्त गराएर आफू मुनिधर्ममा रहने विचार हजुरले गर्नु उचित हो होइन म के विन्ती गरूँ ? यस्तो महासाम्राज्य, हामी जस्ता मातृभक्त पुत्रहरू र द्रौपदी जस्ती सुचरित्र पुत्रवधूलाई त्यागेर हजुर कसरी वनमा रहन सक्नुहोला ?"

युधिष्ठिरको धर्मयुक्त उक्ति सुनेर कुन्तीले उत्तर दिने बाटो नै पाइनन् । प्रेमाश्रु केही गरे पनि रुद्ध हुन नसकेर नयन-युगलबाट प्रवाहित हुन थाल्यो । त्यस बेला महाबली भीमसेनले भने, "माता ! हजुरलाई यो कुमति कताबाट आइलाग्यो ? आफ्ना पुत्रहरूलाई श्रमपूर्वक विजित साम्राज्यलाई र राजसी सुखभोगलाई लात्ती मारेर वनमा जानु यो हजुरको कस्तो विचार हो ? यसै गर्नु थियो ता हामीलाई व्यर्थ उत्साहित गराएर त्यो घोर नरसंहार किन गराउनुपर्दथ्यो । माता ! मेरो विन्ती लागोस्, हजुर प्रसन्न हुनुहोस् यो वन जाने विचारलाई छोडी हामी पाँच पुत्रलाई काखमा राखेर राज्यसुखको भोग गर्नुहोस् । थोरै दिन मात्र भए पनि हामी हजुरको प्यारो काखमा रहेर यो राज्यसुखभोग गर्न पाऔं ।"

भीमसेनले यति भन्दा पनि कुन्तीले केही उत्तर दिइनन्, उनी छिटो-छिटो अगाडि बढ्न थालिन् । सो देखेर द्रौपदी, सुभद्रा आदि स्त्रीहरू झन्-झन् विलाप गर्न थाले । उनीहरूको त्यो करुण आर्तनादले गर्दा कुन्तीको पाइला रोकियो ।

उनी टक्क-टक्क रोकिँदै रुँदै हिँड्न लागिन्, उनको दृष्टि बराबर पछिपछि लागेका पुत्रहरूका उपर पर्न थाल्यो । तैपनि उनी रोकिइनन् । पाण्डवहरूले पनि उनको पीछा छोडेनन् ।

अन्त्यमा कुन्तीले कठिनसाथ धैर्य धारण गरेर भनिन्, 'मेरा वीर पुत्र हो ! युद्ध हुनुभन्दा अगाडि मैले तिमीहरूलाई उत्साहित गराएको सत्य हो, परन्तु त्यसको मतलब तिमीहरूले मलाई दोषी ठहराऔला भन्ने होइन । उस बेला तिमीहरू कौरवद्वारा पाइलैपिच्छे लज्जित र अपमानित भएका थियौ, द्यूतसभामा राज्य हारिएको थियो, कुटुम्बीहरूबाट तिरस्कृत भएका थियौ । त्यस अवस्थामा म तिमीहरूलाई साहस दिनुबाहेक अरू के गर्न सक्तथेँ । उस बेला तिमीहरूको बिचल्ली देखेर मेरो चित्त कति रोएको हुँदो हो, मेरा पुत्रहरूको नाश कदापि नहोओस्, उनीहरू कतैबाट अपमानित नहोऊन् भन्ने चिन्तामा नै म अहोरात्र बिताउँदथेँ । त्यो समय चाँडै नै जाओस् जसमा मेरा पाण्डवहरू सब तरहबाट निष्कण्टक र सुखी रहेको देख्न पाऊँ । मेरो पुत्रहरूले कसैको मुख ताक्नु नपरोस् भन्नानिमित्त मैले उस बेला हरतरहबाट तिमीहरूलाई उत्साहित गराउन मेरो कर्तव्य नै हो । जसरी हुन्छ तिमीहरूमा उत्साह बढोस्, बल बढोस्, इन्द्रसमान पराक्रमी बनेर शत्रुको दर्पदलन गर्न सकून्, कतैबाट कष्ट नपाऊन्, यही मेरो इच्छा थियो बाबु ! भीम ! अन्त्यमा यो बन्धुक्षय नभई रहनेछैन भन्ने कुरा दुःशासनबाट राजसभाका बीचमा द्रौपदीको कचग्रहणादि अत्याचार देखेकै बेलामा निश्चय भइसकेको थियो । त्यस बेलाको त्यो घटना अझ पनि म झलझझी सम्झदैछु । नाथ ! भनेर द्रौपदीले व्याकुल हुँदै रोएको र वृद्ध तथा नीतिज्ञ ससुरा आदि मान्यजनहरूले टुलुटुलु हेरिरहेको, सुकेशिनी सुन्दरी द्रौपदीको प्रलम्ब केशपाशलाई पक्रेर महापापी दुःशासनले आकर्षित गरेको देख्दा मेरो कुन हालत भएको हुँदो हो ? इत्यादि कैयौँ कारणले गर्दा मैले तिमीहरूलाई शत्रुनाशका निमित्त उत्साहित गराएकी अवश्य हुँ । मेरा पुत्रहरूले आफ्नो पैत्रिक राज्य भोग गर्न पाऊन् भन्नेसिवाय मेरो मनमा अरू कुरा ध्यानै थिएन । परन्तु आज तिमीहरू मलाई उल्टो किन हामीलाई उत्साहित गराइथ्यौ भनेर छेड्न लागिरहेछौ । यो तिमीहरूको भूल हो । अब आफ्नो बाहुबलले तिमीहरूलाई यो विशाल राज्य प्राप्त भएको छ; यसको पालन गरेर आनन्दपूर्वक सुख-भोग गर दानपुण्य गर । तिमीहरूले त्यसो गरेको सुन्न पाउनैको मलाई उत्कट आशा छ, तिमीहरूलाई भने त्यत्रो परिश्रमबाट विजित भएको राज्यसुखलाई अकार्थमा त्याग गर्ने अभिलाषा छ । यस कठिन समस्यालाई म कसरी हल गर्न सक्तछु ? अतएव

हे प्रिय पुत्र हो ! तिमीहरू खुशीसाथ मलाई बिदा देओ । म आफ्नै शरीरले वनमा बसेर तपस्या गर्न र वृद्ध जेठाज्यू-जेठानीको सेवा गर्न पाऊँ । तिमीहरू सकल नगरवासीहरूका साथ यहींबाट फर्क । ईश्वर तिमीहरूको कल्याण गरून् ।"

यस प्रकारसँग पुत्रहरूको चित्त बुझाएर राजा धृतराष्ट्र र रानी गान्धारीका साथ कुन्ती अगाडि बढिन् । पाण्डव प्रभृति नगरवासीहरू शोक मनाउँदै टुलुटुलु हेर्न थाले । त्यसै बेला धृतराष्ट्रले सबैलाई सम्बोधन गर्दै भने, "तिमीहरूको मउपर प्रेम देखेर बहुतै गद्‌गद भएँ । अतएव यही प्रेमलाई तिमीहरूले पाण्डवहरूउपर फैलाउन्यैछौ भन्ने मलाई आशा लागिरहेछ ।" यति भन्दै गान्धारीको काँधमा बाहुलीको सहारा गरी बूढा राजा धृतराष्ट्र सरासर लम्कन लागे । पाण्डवहरू पनि त्यहींबाट बिदा भएर फर्के । परन्तु हस्तिनापुरमा आएपछि पनि पाण्डवहरूको चित्तमा शान्ति भएन । उनीहरूको त्यस अशान्तिलाई धृतराष्ट्र कुन्तीको वनगमनले झन् द्विगुण गरायो । उनीहरू दिनपरदिन उदासीन हुँदै जान लागे । राजा युधिष्ठिर जतिजति भारत युद्धको सम्झनाले विकल हुन्थे उतिउति रानी द्रौपदी, सुभद्रा, उत्तरा आदि पनि उत्तिकै राज्यसुखभोगबाट विरक्त जस्ता देखिन्थे । त्यस अवस्थामा उनीहरूकों चित्तमा थोरबहुत शान्ति दिने केवल उत्तराका पुत्र नै थिए । उनको मुख देखेपछि केही न केही धैर्यले उनीहरू शान्त हुन्थे ।

यो सबै कुराभन्दा माता कुन्तीले समेत आफूहरूलाई छोडेर हिँडेकोमा उनीहरू साह्रै नै खिन्न हुन्थे । आरम्भमा त केही दिनतक उनीहरूलाई राजकाज गर्न पनि कत्ति मन लागेन; राजधानीमा बसेर दिन बिताउन पनि साह्रै नै कठिन लाग्यो । बूढी माता कुन्ती र बूढाबूढी राजा-रानीहरू वनमा कुन कष्ट सहेर कालक्षेपण गर्दा हुन् भन्ने चिन्ताले युधिष्ठिरलाई धरै दिएन । आखिर एक दिन उनले फेरि एक पटक वनैमा भए पनि राजा धृतराष्ट्रसँग भेट नगरी भएन भन्ने निश्चय गरे । जाने दिनमा आफ्नो राज्यको समस्त भार विश्वस्त मन्त्रीवर्गका जिम्मामा छोडी थोरबहुत पार्श्ववर्तीहरूका साथ उनी वन जान भनी हिँडे । उहाँ पुगेपछि वाहनहरूबाट उत्रेर उनीहरूले आश्रममा प्रवेश गरे । परन्तु अपशोच ! आश्रममा धृतराष्ट्र थिएनन् । उनीविनाको आश्रमलाई देखेर युधिष्ठिरलाई आश्चर्य लाग्यो । उनले यताउता रहने आश्रमवासी तपस्वीहरूसँग महाराज खोइ भनेर सोधे । मुनिहरूले भने, "महाराज पतितपावनी यमुनाजीतिर स्नान गर्न र पूजाका निमित्त फल, पुष्पादि लिन भनी सवारी भएको छ, यस मार्गबाट सवारी भए भेट होला ।" यति भनेर बाटो पनि देखाइदिए । सोही बाटोबाट युधिष्ठिर अगाडि बढे । केही पर पुगेपछि यमुनास्नान गरेर फर्केका सञ्जय, गान्धारी र कुन्तीसहित धृतराष्ट्रसँग

उनको भेट भयो । उनको नेत्रबाट प्रेम र भक्तिका अश्रुधारा निस्के, कण्ठ रुद्ध भयो । उनी टाढैदेखि भन्टँदै गएर पालैसँग तीनै जनाका पाउमा परे । कुन्तीले प्रज्ञाचक्षु (धृतराष्ट्र) र गान्धारीलाई पाण्डवहरू दर्शन गर्न आएका रहेछन् भनी सुनाइन् । धृतराष्ट्रले एक-एक गरी सबैलाई हातले स्पर्श गर्दै कुशलप्रश्न गरे । बिस्तारैबिस्तारै सबै जना आश्रममा आए ।

आश्रममा आइपुगेपछि युधिष्ठिरले काका विदुर कहाँ जानुभयो भनी सोद्धा धृतराष्ट्रले भने, "बाबु ! विदुर यहाँ छैनन्, यहाँ आएदेखि नै हाम्रो साथ छोडेर यही अगाडिको वनमा एकान्तवास गरी ईश्वराधना गरिरहेका छन् । पहिले ता उनी भोजन गर्दथे, अब केवल वायु मात्र पिएर बसेका छन् । उनको देहमा कुशलै छ, तर साह्रै दुब्लाएका छन् । कहिलेकाहीं जङ्गलमा घुम्दा उनलाई कसैकसैले भेट्तछन् रे ।" धृतराष्ट्रले यति भन्दै थिए, यसै बेला एक जना तपस्वीले आँलाको इसारा गर्दै युधिष्ठिरको ध्यानलाई सामनेको जङ्गलतर्फ आकृष्ट गराए । विदुरजी यतै आउन लाग्नुभएको छ भन्ने कुरा त्यस इसाराबाट ज्ञात भयो । नभन्दै विदुर पनि यतै आउन लागेका रहेछन् र युधिष्ठिर उतैतिर काकाजी ! भन्दै दौडे । परन्तु विदुरको तर्फबाट केही उत्तर मिलेन । उनी कता लागे कता त्यो पनि पत्ता भएन । सबैलाई आश्चर्य लाग्यो । अरू टोलाउन लागे । युधिष्ठिरचाहिं झन् दौडँदै त्यै जङ्गलभित्र घुसेर धुइँधुइँती खोज्न थाले । धेरै बेरसम्म खोजेपछि उनले एउटा वृक्षको फेदमा आड लिएर ठिङ्ग उभिइरहेका विदुरलाई देखे । उहाँ पुगेर कति बोलाए, तर एक कुरा पनि विदुरको मुखबाट जवाफ मिलेन । तब युधिष्ठिरले नगिचै पुगेर विदुरलाई समाती झाङ्ल्याङझुङ्लुङ गरेर हल्लाए, तापनि नाजवाफ । सो देखेर युधिष्ठिरले उनको छातीमा हात राखेर चाल हेरेको ता ठण्डाराम, विदुरको प्राणपखेरु उडिसकेको रहेछ । उनले युधिष्ठिरलाई देख्नासाथ योगक्रियाद्वारा आफ्नो प्राणलाई युधिष्ठिरको प्राणमा समावेशित गराइसकेका रहेछन् । यस प्रकारले एक वचनसम्म बोलचाल गर्न नपाउँदै विदुरको देहान्त भएको देखेर युधिष्ठिरलाई साह्रै कष्ट लाग्यो । अन्त्यमा उनले भीमादि भाइहरूद्वारा उनको मृत शरीरलाई त्यहाँबाट उठाएर लगी अग्निसंस्कारादि कर्म गराऊँ भनी लैजान लागेको बेलामा यस्तो आकाशवाणी भयो, "विदुर परमहंस हुन्, यसकारण उनको शरीरलाई अग्निसंस्कारद्वारा दग्ध नगराऊँ ।" यो सुनेर सो मृतदेहलाई त्यहीं त्यसै छोडी युधिष्ठिर फेरि धृतराष्ट्रको आश्रममा फर्के ।

भोलिपल्ट धृतराष्ट्रको आश्रममा व्यासजी आउनुभएको थियो । उहाँले धृतराष्ट्रलाई अनेक तरहबाट धर्मोपदेश दिएपछि युधिष्ठिरले भने, "भगवान् ! अघि

हजुरले म तिमीहरूलाई एक अद्भुत घटना देखाउँला भन्ने आज्ञा गर्नुभएको थियो । सो कहिले देख्न पाऔंला ?" व्यासले भन्नुभयो, "हुन्छ, आजै देखाउँछु । लौ, तिमीहरू सबै जना गङ्गाकिनारमा हिंड ।" आज्ञाअनुसार सबै गङ्गाकिनारमा गए । उहाँ पुगेपछि व्यासजीले सबैलाई आँखा चिम्ल भन्नुभयो । सबैले आँखा चिम्ले । एकक्षणपछि लौ आँखा खोल भन्ने आज्ञा पाउनासाथ खोलेर हेर्दा त उनीहरूको सामने अद्भुत घटना उपस्थित भइरहेको थियो । भारत-युद्धमा जो जति मनुष्यहरू मारिएका हुन् ती एक एक जना दिव्य शरीरमा दिव्य वस्त्र आभूषणहरू पहिरी गङ्गाजीको जलबाट फुटुफुटु निस्कन लागेका रहेछन् । क्रमशः गङ्गातनय भीष्म र आचार्य द्रोण आफ्ना सैन्यका साथ खडा थिए । उनीहरूका पछि द्रुपद, विराट, द्रौपदीका पाँचपुत्र, अभिमन्यु, घटोत्कच, कर्ण, दुर्योधन, शकुनि, दुःशासन, भगदत्त आदि समस्त वीरपुरुषहरू झकिझकाउ भइरहेका देखिन्थे । युद्धको समयमा उनीहरूको जो पारस्परिक वैरभाव थियो त्यसको नामनिशानासम्म अहिले उनीहरूमा थिएन । सबका सब प्रहसितवदन परस्परको प्रेमभावमा मुग्ध देखिन्थे । दुई घडीसम्म तिनीहरूसँग परस्पर वार्तालाप भयो । त्यसपछि उनीहरू फेरि गङ्गाजलमा एक-एक गरी अलप हुँदै गए । तब व्यासजीले त्यहाँ आएका सबै स्त्रीहरूलाई भन्नुभयो, "लौ जसजसलाई आफ्ना पतिको साथ जान मन छ उसउसले झटपट गङ्गाजीमा फाल हालेर डुब ।" यो सुन्नासाथ दुर्योधनादिका स्त्रीहरू सबका सब गङ्गाजीमा होमिँदै आ-आफ्ना पतिलोकमा मिल्न गए । त्यति भएपछि व्यासजी पनि धृतराष्ट्रसँग बिदा भई आफ्नो आश्रममा जानुभयो । धृतराष्ट्रहरू पनि आश्रममा फर्के ।

यसको दुई दिनपछि धृतराष्ट्रले युधिष्ठिरसंग भने, "बाबु ! अब तिमीहरू राजधानी (हस्तिनापुर) तर्फ फर्क, किनभने तिमीहरू यहाँ बसिदिनाले हाम्रो तपस्याको समयमा गडबड हुन जान्छ । फेरि तिमीविना नगरवासी प्रजाहरू पनि व्याकुल भइराखेका होलान् । यति ठूलो राज्यको काम कसको भरोसामा छोडेर आएका छौ ?" युधिष्ठिरले भने, "काकाजी ! हजुरबाट आज्ञा भएको कुरा योग्य हो, परन्तु अब मलाई हस्तिनापुर जानु इच्छा नै छैन । एक ता हजुरहरूको तपस्याले खिइसकेको शरीर, दोस्रो कुरा राज्य गर्नुभन्दा तपस्या गर्नु उत्तम हो भन्ने मनमा उठिरहेको विचारले पनि मलाई यहाँ अल्झाएर राखिरहेछ । सदाकालदेखि परमार्थको उपासक हुँ । युद्धको अगाडि पनि मेरो विचार यस्तै थियो । यो कुरा हजुरलाई पनि थाहै हुनुपर्दछ । परन्तु हजुरको र पितामह भीष्मको आज्ञालाई उलङ्घन गर्न सकिएन र मात्र हो आजसम्म राज्य तथा युद्धको झमेलामा मैले अड्कनुपरेको ।"

युधिष्ठिरको यो वक्तव्य समाप्त हुन नपाउँदैमा धृतराष्ट्रसँग नकुल आदि अरूअरूले पनि भने, "चाहे जेसुकै होस्, हस्तिानापुर डुबे पनि डुबोस्, हामी यहाँबाट फर्केर जाँदैनौं । जाबो राज्यको के कुरा ! तपस्वी मातापिता र आश्रमवासीजनका सेवाको अगाडि अमरापुरी पनि हाम्रो लेखा तुच्छ छ ।"

पुत्रहरूको यो विचार बुझेर यशस्विनी गान्धारी र कुन्तीसहित प्रज्ञाचक्षु महाराजा धृतराष्ट्रलाई बहुतै हर्ष त लाग्यो, परन्तु आफ्नो तपोमार्गमा बाधा उपस्थित हुने जानेर उनीहरूले र अरू आश्रमवासी तपस्वीहरूले समेत एकमुख भएर युधिष्ठिरलाई हरएक तरहबाट सम्झाए । उनीहरूको उपदेश वाक्य र आग्रहले गर्दा विवश भएर युधिष्ठिरले चित्त बुझाउन करै लाग्यो । उनी भाइहरूसहित त्यहाँबाट बिदा भएर हस्तिनापुरतर्फ फर्के ।

युधिष्ठिरादि सबै जना बिदा भएपछि धृतराष्ट्र, कुन्ती, गान्धारीहरू पनि त्यस आश्रमलाई छोडेर हरिद्वारको समीप एक वनमा पुगे । त्यो वन बहुतै सुशोभित र तपस्या गर्न योग्य थियो । त्यहीं कुटी बनाएर उनीहरू बस्न थाले । यस्तैमा एक दिन सञ्जय, कुन्ती र गान्धारीसमेत धृतराष्ट्रहरू गङ्गास्नान गरेर फर्कन लाग्दा पो उनीहरू बसेको वनमा डँढेलो लागिरहेको देखे । आश्रम अलि परै थियो । आगो भने हुर्हुराउँदै झन्झन् अगाडि आइरहेको देखिन्थ्यो । तब हडबडाउँदै धृतराष्ट्रले सञ्जयसँग भने, "अब कसो गर्ने, म यस्तो दुर्बल छु, भाग्न सक्तिनँ । म ता यस डँढेलोमा परेर मरूँला, तर तिमी व्यर्थ आफ्नो ज्यान किन गुमाउँदछौ । सामर्थ्य छँदाछँदै शरीर त्याग गर्नु महापाप हो । यसकारण तिमी जहाँ गएर आफ्नो प्राणरक्षा गर्न सक्तछौ जाइहाल, नत्र अब यस डँढेलोको ज्वालाले हामीलाई नलपेटिछोड्नैछैन । हाम्रो साथसाथै तिमीलाई पनि यसले ग्रास गर्न नपाओस् । अर्को कुरा के भने अब हामीलाई धेरै दिन बाँच्नाको इच्छा पनि छैन । अरू तरहबाट मर्नुभन्दा त अग्निमै जलेर मर्नु बेस छ ।"

धृतराष्ट्रको विचारपूर्वकको कुरा सुनेर सञ्जयको चित्त बुझ्यो । उनी तुरुन्तै उनीहरूलाई प्रणाम गरी सदाका निमित्त बिदा लिएर त्यहाँबाट भागे । उनी भागेपछि धृतराष्ट्र, गान्धारी र कुन्ती तीनै जनाले समाधि चढाए । उनीहरू समाधिस्थ भएकै समयमा डँढेलोको अग्निले लम्कँदै आएर उनीहरूलाई भस्मीभूत गराइदियो । उता भागेका सञ्जयचाहिं गङ्गातीरमा पुगे । त्यहीं उनको त्रिकालदर्शी देवर्षि नारदसँग भेट भयो । उनले सो सबै वृत्तान्त नारदलाई बताए ।

यता युधिष्ठिर धृतराष्ट्रको आश्रमबाट हस्तिनापुरमा आएर बसेको दुई वर्ष भयो । त्यतिन्जेलसम्म पनि ती वनवासी माता, काकाहरूको खबर केही आएको

थिएन । के भयो, कसो भयो, मरे वा बाँचेका के छन् ! बराबर मनमा चिन्ता बढ्न लाग्यो । यस्तैमा एक दिन देवर्षि नारद त्यहाँ आए र उनको यथोचित सत्कार गरी युधिष्ठिरले वनवासीहरूको समाचार सोधे । नारदजीले पनि हरिद्वारको वनमा डँढेलो लागेदेखिको सकल वृत्तान्त आद्योपान्त सुनाइदिए । सो सुनेर युधिष्ठिर एकाएक शोक व्याकुल हुँदै काटेको वृक्षझैं जमिनमा लडे । सो समाचार अन्तःपुरदेखि लिएर सारा नगरभर फैलियो । साराले शोक मनाए । अन्त्यमा युधिष्ठिर होसमा आएपछि नारदजीले सम्झाई बुझाई शान्त गराए । तदनन्तर नारदजीलाई बिदा गरी महाराज युधिष्ठिरले ती सबै मृतकहरूको उद्देश्यले श्राद्धादि कर्म गरे ।

॥आश्रमवासिकपर्व समाप्त॥

□□□

मौशलपर्व

पाण्डवहरूले राज्य गरेको पैंतीस वर्ष बिते । त्यहाँसम्म उनको राज्यमा कतैतिरबाट कुनै तरहको विघ्नबाधा उपस्थित भएको थिएन । छत्तीसौं वर्षको आरम्भ जब भएथ्यो त्यस बेलादेखि पाण्डवहरूका अगाडि अनेक उत्पात तथा कुलक्षणहरू प्रकट हुन थाले । यद्यपि त्यस बेलासम्म भगवान् श्रीकृष्ण द्वारकामा खडै हुनुहुन्थ्यो, तापनि भोजवंशी र वृष्णिवंशीहरूको परस्पर कलहले गर्दा सर्वनाश भयो । संसार परिवर्तनशील छ । जहाँ अधिक सुख तथा आनन्द छ, त्यहाँ दुःख र चिन्ता पनि उत्तिकै आइपर्दछ । यो संसारको नियमै हो । यसैले गर्दा अनेकानेक परिवर्तनहरू बराबर भइरहन्छन् । जहाँ भगवान् श्रीकृष्णको उपदेशामृतपान गरेर मुमुक्ष जनले परमानन्दरूप तृप्ति लाभ गर्दथे, जसलाई सकल लोकले योगिराज भगवान् विष्णुको पूर्णावतार सम्झेर पूजा गर्दथे, नामस्मरण गर्दथे त्यसै ठाउँमा उनै भगवान्को अगाडि उनकै कुल यादव अन्धक र भोजवंशीहरूमा पापाचारको वृद्धि हुन थाल्यो । धन, ऐश्वर्यको मदमा मस्त भएर बालविलासितामा डुब्दै उनीहरू धर्मको नाममा तिलाञ्जली दिन थाले । साधु-सन्तहरूको अपमान गर्नु उनीहरूको लेखा बालक्रीडासदृश हुन लाग्यो । मद्यपान, व्यभिचार सबै कुराबाट भ्रष्ट भएका बालक ठिटाहरू देवोपासक परमार्थसाथक साधु-महात्माहरूलाई कष्ट दिन थालेका थिए । यो सब दुर्विनीतताको दमन गर्नानिमित्त भगवान् श्रीकृष्णलाई समेत धौधौ होला जस्तो देखियो । उहाँले अनेक यत्न उपाय गर्नुभयो, परन्तु भवितव्यलाई रोक्ने कसको सामर्थ्य ? सकल यत्नहरू व्यर्थ भए ।

यस्तैमा एक दिन मुनिवर दुर्वासा श्रीकृष्णकहाँ आएर बसेका थिए । त्यसै बेला मदमत्त प्रद्युम्न आदिले मिलेर साम्बलाई स्त्री वेशमा खडा गरी दुर्वासाका साथ भेट गर्न आएका मुनिजनहरूका सामने लगेर यी बभ्रुकी स्त्रीको गर्भबाट पुत्र पैदा होला कि नहोला भनी सोधे । यिनी पुत्र पाउनाको बडो इच्छा गर्दछिन्, यिनको इच्छा पूर्ण होला कि होओइन भन्दै वरिपरि घेरा दिएर कर्कराउन थाले । ती उत्पादी उपद्रव्याहा ठिटाहरूको त्यो चाल देखेर आफ्नो अपमान देखी क्रुद्ध

भएका मुनिहरूले क्रोधको आवेशमा भने-

आएपछि आत्मविनाशकाल,
मनुष्यको हुन्छ विचित्र हाल ।
बिग्रन्छ बुद्धि कम हुन्छ जोर,
आपस्तमा हुन्छ विरोध घोर ॥

"ए मूर्खहो ! तिमीहरू हाम्रा उपर यो दिल्लगी गर्न लागेका छौ, यसको परिणाम शुभ हुने छैन । हेर, यो जाम्बवतीका पुत्र साम्ब हुन् कि बभ्रुकी स्त्री हुन् तिमीहरूलाई नै थाहा होला । परन्तु यो दिल्लगी हामीलाई कदापि निको लाग्दैन । यिनले वृष्णि र अन्धकवंशीहरूको नाशका निमित्त आफ्नो उदरबाट फलामको मुशल पैदा गर्नेछन् । त्यसैबाट तिमी बदमासहरूसमेत श्रीकृष्ण तथा बलदेवसहित समस्त कुलैको लोमहर्षण संहार हुनेछ । श्रीकृष्णलाई अन्त्यमा जरा नामक व्याधाले मार्नेछ । बलराम समुद्रमा डुबेर मर्नेछन् ।" ऋषिहरूको झोकमा निस्केको कुरा सुनेर प्रद्युम्न त्यहाँबाट भागे । नभन्दै त्यसको भोलिपल्टै साम्बको पेटबाट एउटा फलामे मुशल निस्क्यो । त्यस मुशललाई उनीहरूले वसुदेवकहाँ पठाए । मुशलको सारा हाल सुनेपछि वसुदेवले त्यस मुशललाई घोटीघोटी चूर्ण पारेर समुद्रमा फ्याँक्न पठाए । द्वारकामा आजको एक वर्षसम्म कसैले मद्यपान नगर्नु, गरे भने फाँसी दिइनेछ भन्ने झ्याली पिटियो । सारा नगरवासीहरू त्यस दिनदेखि बडो होसियारीसाथ रहन लागे । परन्तु यता दुर्विनीत वृष्णि भोजवंशीहरूको दुराचार भने झन्झन् बढ्न लाग्यो । अनेकन् उत्पातहरू हुन थाले । ऋषिहरूको सराप परेको वर्षदिन पनि बित्न पाएको थिएन नाना प्रकारका अपशकुन र उत्पातहरूले द्वारकावासीहरू व्याकुल हुन थाले । प्रचण्ड आँधी चल्दथ्यो, कहिले उल्कापात हुन्थ्यो, अकालमा मानिसहरू भकाभक मर्न थाले । गर्भिणी स्त्रीहरूका गर्भबाट कुनै पशु, राक्षस इत्यादि पैदा भएको पनि देखियो । सुन्दर स्वादिष्ट कालपक फलफूलहरूमा आफसेआफ स्याउँस्याउँ कीरा पर्न थाले । विनाकारण नगरभरमा एक प्रकारको दुर्गन्ध फैलिएर आयो ।

जतिसुकै होसियारीसाथ रहे पनि भयङ्कर मूर्तिधारी काल सबका घरघरमा घुम्न लाग्यो । जलवृष्टिका साथ हाड-रगतको वृष्टि हुन थाल्यो । आफ्नो पतिको आँखा छल्दै स्त्रीहरू परपुरुषमा गमन गर्न थाले । घरघरमा आगाको रङ्ग पहेँलिएको देखिन लाग्यो । देवयज्ञका स्थानहरूमा राक्षसहरू आएर मलमूत्र त्याग गर्न थाले । सौभाग्यवती स्त्रीहरू रातमा मस्त भएर सुतेको बेला पारी राक्षसीहरूले आएर उनीहरूका सौभाग्य-चिह्न (चुरा, पोते, सिन्दूर आदि) चोरेर लैजान थाले ।

सुतेका मनुष्यलाई मुसा, छुचुन्द्रा आदिले कोतर्नाको लेखा नै भएन । यत्ति भएर पनि नपुगी एक दिन सबैका देखादेखमा भगवान् श्रीकृष्णको सुदर्शन चक्र र उहाँको रथका घोडाहरूसमेत सहसा आकाशतर्फ उडेर बेपत्ता भए ।

यी सब उत्पातहरू हुन लागेको देखेर श्रीकृष्णलाई अब भयानक अवस्था आउन लाग्यो भन्ने थाहा भयो । उहाँले यो सूचना एक दिन सकल द्वारकावासीहरू जम्मा गरेर दिनुभयो । सो सूचना पाएर फौजका फौज मानिसहरू प्रभास नामक लेकमा गए । स्वयम् श्रीकृष्ण पनि जानुभयो । उहाँ पुगेपछि एकतर्फ धार्मिक नरनारीहरू स्नान, दान, जप, पूजा गर्न लागे अर्कातिर उत्पाती बदमास ठिटाहरू नाना प्रकारका उत्पात लहडबाजी गर्दै खेल्न थाले । कोही मद्यपान गर्ने कोही परस्पर मारपिट गर्ने, कोही बाझ्ने, किसिमकिसिमको उपद्रव देखिन लाग्यो । कहाँसम्मको भने वीर सात्यकि र कृतवर्मा जस्ता श्रीकृष्णका परम प्रिय भक्तहरूसमेत मदिराको प्याला लिएर घुट्का मार्न थाले । मदिरा पिउँदापिउँदै ठट्टैठट्टामा उनीहरूको घमासान हुन लाग्यो । सात्यकिले कृतवर्मालाई तिमी के घमण्ड गर्दछौ ! अभिमन्युलाई मार्ने बेलामा मतियार हुने तिमी नै त हौ भने । कृतवर्माले त्यसको जवाफमा अहो तिमी पनि योगी भूरिश्रवालाई मारेर आफूलाई धन्य सम्झने न हौ, के फूर्ति गर्दछौ भने । यस प्रकारको भनाबैरी हुन लागेको देखेर प्रद्युम्न अगाडि सरी सात्यकिको पक्ष लिएर बाझ्न थाले । श्रीकृष्ण पनि उतै लागेर कृतवर्मालाई छास्न थाल्नुभयो । सत्यभामाले उहाँलाई झन्झन् उत्तेजित गराउँदै लगिन् । उहाँ झन्झन् जाग्दै कृतवर्मालाई पनि फट्कार्न बाँकी राख्नुभएन । सात्यकि पनि क्रोधले चूर भएर निस्के । एकाएक उनको हातबाट लम्केको तरबारले कृतवर्माको शिरलाई छेदन गर्दै उछिट्ट्याइदियो । सो देखेर कृतवर्माका कुटुम्बीहरू हातहतियार उठाउँदै धूम मचाउन थाले । सात्यकिलाई एकाएक घेरेर उनको कामै तमाम गरिदिए । सात्यकिलाई बचाउँछु भन्दाभन्दै प्रद्युम्नसमेत घानमा परेर मरे । प्रद्युम्न मरेको देखेर श्रीकृष्ण क्रोधाग्न हुँदै समुद्रको किनारमा उम्रेको झरापात उखेल्दै कृतवर्मातर्फका फौजलाई सोतर पार्न थाल्नुभयो । उहाँको हातमा पर्नासाथ सो झार पनि उहीं मुशलका चूर्णको हतियार जस्तै वज्रकठोर भएर बज्रन्थ्यो । देख्तादेख्तै यादववीरहरूमा एक पनि बाँकी नरही साराका सारा परस्पर मारामार काटाकाट गर्न लागेको अद्भुत तमासा खडा भयो । ऋषिहरूका सरापको प्रभावले गर्दा पिता पुत्रलाई, पुत्र पितालाई, दाज्यू भाइलाई, भाइ दाज्यूलाई समेत आँखा चिम्लेर मार्न थाले । यस्तो गर्दागर्दैमा दुई-तीन घण्टैको बीचमा छप्पन्न करोड यादवहरू एकै मशानका मूर्दा भएर सोतर परे । श्रीकृष्णका पुत्रहरू पनि कुनै

बाँकी रहेनन् । खाली आफ्नो सारथि दारुक र बभ्रु नामक एक जना यादवसहित श्रीकृष्ण मात्र त्यस लडाइँमा बाँकी रहे । ती तीनै जना सर्वसंहार भएपछि बलदेव भएका ठाउँमा आए ।

बलदेवजी प्रभास क्षेत्रमा नगई कहीं अन्यत्र बस्नुभएको थियो । प्रभास क्षेत्रमा त्यो छप्पन्न करोड यादवको संहार भएको थाहै थिएन, पछि श्रीकृष्णले गएर सारा हाल बयान गरेपछि मात्र उहाँलाई थाहा भयो । उहाँलाई बहुतै दुःख पनि लाग्यो । त्यस बेला श्रीकृष्णले अर्जुनलाई लिएर आऊ भनी आफ्नो दारुक सारथिलाई हस्तिनापुरतर्फ पठाउनुभयो । बभ्रुलाई द्वारकामा गई विधवा स्त्रीहरूको हेरविचार गर्नू भनी पठाउनुभयो । आज्ञाअनुसार दुवै जना त्यहाँबाट हिंडे, परन्तु बभ्रु केही पर पुगेका मात्र थिए अकस्मात् कताकताबाट एक व्याधाको बाण आइलागेर उनको कामतमाम गरिदियो । उनी त्यहीं मरे । केही बेरपछि सो समाचार पाएर स्वयम् श्रीकृष्ण द्वारका जानुभयो । उहाँ पुगेर पिता वसुदेवसँग उहाँले भन्नुभयो, "पिताजी ! अब म द्वारकालाई त्याग गर्दछु, हजुर जसरी हुन्छ द्वारकावासीको रक्षा गर्नुहोला । अहिले केवल हजुरलाई दण्डवत् गर्नानिमित्त मात्र म यहाँ आएको हुँ । यादवकुलको संहारले गर्दा मेरो मन साह्रै नै व्याकुल भइरहेको छ । यसैले म अब उपरान्त तपोवन सेवनको इच्छा राख्दछु ।" पिता वसुदेवसँग यति कुरा गरेर श्रीकृष्ण तपोवनतिर लाग्नुभयो । उहाँ पुगेर यताउति हेर्दा बलरामजी एक वृक्षमुनि समाधि लगाएर बसेको देख्नासाथ नगिचै के जानुभएको थियो बलरामजी चुपचाप त्यहाँबाट उठेर सरासर समुद्रमा पुगी झ्वाम्म हामफाल्नुभयो । उहाँको त्यो चाल देखेर श्रीकृष्णलाई झलक्क अघि यशस्विनी गान्धारीले सरापको रूपमा आफूलाई भनेको कुरा याद भयो । अब समय नगिचै आएछ भन्ने सम्झी उहाँ सोही वनको एक कुनामा एक वृक्षको मुनिबाट योगासन बाँधेर लेटिदिनुभयो । लेट्नाका साथसाथै दैवसंयोगले गर्दा उहाँको लालकमलसदृश चरणलाई मृग हो भन्ने सम्झेर कुनै व्याधाले हानेको एक बाण सो जगपावन चरणतलमा आएर रोपियो, साथसाथै मृग मारेँ भन्दै व्याधा पनि दौडँदै त्यहीं आइपुग्यो । हेर्छ ता कहाँको मृग हुन्थ्यो ! भगवान् श्रीकृष्ण लेटिरहनुभएको देखेर हाय ! मैले यो के काम गरेँ भनी छाती पिटेर रुन थाल्यो । तब श्रीकृष्णले उठेर भन्नुभयो, "भाइ व्याधा ! तिमी शोक नगर, भवितव्यता नै यही थियो । यो कसैले टारेर टर्ने कुरा होइन । तिम्रो हातबाट मेरो मृत्यु हुनु अवश्यम्भावी हुनाले आज यो घटना घट्न आएको हो । यसमा तिमीलाई केही दोष छैन जाऊ निश्चिन्त भएर बस ।" श्रीकृष्णको यो उक्ति सुनेर व्याधा फर्क्यो । श्रीकृष्णले योगबलद्वारा त्यहीं आफ्नो

मनुष्यदेहलाई विसर्जन गर्नुभयो । उहाँको सो देह योगबलद्वारा आकाशमा उड्दै अलप भयो ।

यता श्रीकृष्णको आज्ञानुसार दारुक सारथि हस्तिनापुरमा पुगे । उनका मुखबाट यदुवंशको संहारवृत्तान्त सुनेर पाण्डवहरूका शोकको समुद्र उर्लन थाल्यो । अर्जुन हडबडाउँदै एकाएक दारुकका साथ द्वारकातर्फ दौडिहाले । उहाँ पुगेर देख्छन्, सारा नगरै उजार परिरहेको, यदुवंशका विधवा स्त्रीहरू न्याहुलीभैँ विलाप गरिरहेका, भयङ्कर जन्तु र राक्षसहरू चारैतर्फ घुम्न लागेका, अलौकिक शोभासम्पन्न श्रीकृष्णको महल श्रीविहीन भएर अन्धकारमय बनिरहेको र पस्नैलाई पनि डरलाग्दो भएको । भित्र पसेर हेर्दा सत्यभामा र रुक्मिणीलाई छाती पिटेर लडीबुडी गरिरहेका देखेर उनको मुटु फुटेर आयो, एक क्षणतक अर्जुन जिल्लाराम भए । उनलाई देखेर झन्झन् रून र छाती पिट्न लागेका महिलावर्गको अलाप-विलाप शब्दले दशै दिशा गुँज्न थाले । एकतर्फ यस्तो अर्कोतर्फ वृद्ध वसुदेवको अर्कै दुर्दशा, उनी खालि आफू अर्जुनलाई मात्र पर्खेर प्राण त्याग गर्न तयार भइरहेका थिए । भेट हुनासाथ वसुदेवले भने, "मेरो प्यारो अर्जुन ! श्रीकृष्णको कथनानुसार तिम्रो प्रतीक्षामा यस घडीसम्म मैले प्राण धारण गरिरहेको छु, अब तिमी आइपुग्यौ । यी मेरा कुलका सकल विधवाहरूलाई लिएर तिमी हस्तिनापुरमा जाऊ । यिनीहरूको राम्रोसित पालना गरिदिए । म आजै यस वृद्ध शरीरलाई त्यागिदिन्छु ।" तिमी यहाँबाट निस्कनासाथ यस द्वारका नगरीलाई समुद्रले डुबाइदिनेछ । यति भनेर एकै क्षणपछि वसुदेवले प्राण त्यागिदिए । उनको शोकले गर्दा झन् स्त्रीवर्गमा घनघोरको विलाप फैलियो । स्वयम् अर्जुन पनि शोकविह्वल भएर चेतनाहीन जस्ता हुन लागे । केही बेरपछि चित्तलाई सम्हालेर सामयिक कर्तव्य गर्नु उचित सम्झी उनले वसुदेवको मृतदेहलाई हटाउन लगाई मसानमा पुऱ्याए । देवकी, सुभद्रा, रोहिणी र मन्दिरा नाम गरेका चार ओटी पत्नीहरू पनि उहीं पुगेर एकै चितामा सती गए ।

त्यसपछि अर्जुन यदुवंशीहरू परस्पर लडाइँ गरेर मरेको ठाउँमा गए । लासहरूको चाङ देख्दा उनको होसहवास गुम भयो । तर गरून् के, विवश भएर उनले ती सारा लासलाई एउटै चितामा होमेर भस्म गराउन लगाई एकै पटक सबैलाई तिलाञ्जली दिए । त्यति गरेपछि विधवा स्त्रीलाई साथ लिएर श्रीकृष्णको महलमा आए ।

यी सब कार्यहरू गर्न अर्जुनलाई छ दिन लाग्यो । सातौँ दिनमा उनी सकल विधवा स्त्रीहरूलाई लिएर द्वारकाबाट निस्के । उनी बाहिर पनि निस्कनु द्वारका नगरी पनि एकाएक स्वयम् भासियो र उसलाई समुद्रले सदाका निमित्त आफूमा

लीन गरायो । त्यताबाट अर्जुन ती विधवा स्त्रीहरूलाई लिएर पञ्चनन्द प्रदेश (पञ्जाब) मा के पुगेका थिए अकस्मात् डाँकूहरूको एक फौजले आएर उनलाई घेऱ्यो । त्यस फौजलाई हटाउनानिमित्त उनले अनेक यत्न उपाय गरे । धनुमा ताँदो चढाए । परन्तु दैवेच्छाले गर्दा धनुको ताँदो नै डेग चलेन । फेरि विवश भएर दिव्यास्त्रको प्रयोग गर्न खोजे । अस्त्राभिमन्त्रण मन्त्र नै भुसुक्क बिर्सिएका, साह्रै नै लाजमर्नु भयो । उनी सब तरहबाट हारी आखिर केही नलागी दैवेच्छा सम्झेर श्रीकृष्णको नाम पुकार्दै विलाप गर्न थाले । डाँकूहरूले स्त्रीहरूका उपर आक्रमण गरी धूम मचाउन किन बाँकी राख्तथे । कसैको हुर्मतसम्म बाँकी रहेन, जसले जसलाई फेला पाऱ्यो उसले उसलाई घिसारेर लग्यो, शरीरमा लगाएका गहना पोशाक लुछ्यो, नङ्ग्यायो, छोडिदियो, तैपनि अर्जुन बाण चलाउने यत्न गर्दैछन्, तर उनको सारा प्रभाव नै श्रीकृष्णको सत्तामा थियो, उहाँले प्राण त्याग गरेपछि उनी केवल एक साधारण मनुष्य नै बने । उनलाई टेर्दै नटेरी डाँकूहरूले आफ्नो मतलब पूरा गरी सुइँकुच्चा ठोके । अर्जुन लाचार भएर टुलुटुलु हेरिरहे ।

यसको केही बेरपछि डाँकूको हातबाट बचेखुचेका स्त्रीहरूलाई साथ लिएर अर्जुन हस्तिानापुरतर्फ प्रस्थित भए । मार्गमा व्यासजीको आश्रम पर्दथ्यो । उहाँ पुगेर उनले व्यासजीसँग सारा वृत्तान्त रुँदैरुँदै बताए । सबै हाल सुनेपछि व्यासले भन्नुभयो, "बाबु ! दिक्क नमान, तिमीमा जो प्रभाव थियो सो सब भगवान् श्रीकृष्णका सत्तामा थियो, उहाँके सत्ताले गर्दा तिमीले भीष्मादिलाई जित्यौ । नत्र तिम्रो केही लाग्ने थिएन । यसकारण तिमीले दुःखित हुनु र श्रीकृष्णका निमित्त शोक गर्नु पनि व्यर्थ हो । भवितव्यतालाई टार्न कसैको सामर्थ्य छैन । हुन ता भगवान् श्रीकृष्णले जे गरूँ भने पनि गर्न सक्नुहुन्थ्यो, तर गर्नुभएन, किनभने कालैले भएर आउने कुरालाई उहाँले पनि अन्यथा गर्नु हुँदैन । यो महाभारतको सङ्ग्राम र यदुवंशीको संहार अवश्यम्भावी थियो, किनभने पृथ्वी ज्यादै नै पापीहरूको बोझले दब्न लागेकी थिइन् । तिमीद्वारा श्रीकृष्णले उनको भारलाई हलुका गरिदिनुभयो । म पनि तिमीदेखि बहुतै प्रसन्न छु । तिम्रो वीरताको प्रशंसालाई भारत-युद्धले नै अमर तुल्यायो । अहिले यी जाबा डाँकूहरूबाट पराजित भएँ भनी कत्ति खेद नगर । अब तिम्रो पनि संसार त्याग गर्ने समय नगिचै आइपुग्यो । तिमी जुन कार्यका निमित्त पृथ्वीमा जन्म लिन आएका हौ सो कार्य पूरा गऱ्यौ । अब जहाँबाट आएथ्यौ उहीं तिमीले जानुपर्दछ । संसारमा कालको महिमा यस्तो रहेछ भनी सबै देख्यौ, सुन्यौ, जान्यौ, अनुभव गऱ्यौ, अब तिम्रानिमित्त शेष कृत्य केही छैन । यसैले यो सब शोकलाई छोडेर हस्तिनापुर जाऊ र त्यहाँबाट आफ्ना दाज्यू-भाइहरूका साथ तीर्थयात्रार्थ प्रस्थान गर ।"

व्यासजीका यी कुरा सुनेर अर्जुनको चित्त बुझ्यो । उनी व्यासलाई प्रणाम गरेर ती बाँकी विधवा स्त्रीहरूका साथ हस्तिनापुरतर्फ हिँडे । उहाँ पुगेपछि उनीद्वारा युधष्ठिर तथा अरूअरू पुरवासीहरूमा समेत यदुवंशक्षय र श्रीकृष्ण स्वर्गारोहणको खबर फैलियो । युधिष्ठिर भाइहरूसमेत ज्यादै नै दुःखित भए । त्यसपछि अर्जुनले यदुवंशी स्त्रीहरूलाई इन्द्रप्रस्थमा लगी मार्तिकावल भन्ने प्रदेशमा कृतवर्माका पुत्रलाई राजा बनाई तिनैको जिम्मामा छोडिदिए । तदनन्तर उनले वज्रनाभलाई इन्द्रप्रस्थको राज्यासनमा बसाले । त्यति भएपछि श्रीकृष्ण, अक्रुर आदिका विधवा स्त्रीहरूले तपोवनमा गई तपस्या गर्ने अभिलाषा प्रकट गरेका हुनाले अर्जुनले तिनीहरूलाई त्यहींबाट बिदा गरिदिए ।

॥मौशलपर्व समाप्त॥

□□□

महाप्रस्थानिकपर्व

यदुकुल संहारको खबर सुनेदेखि नै महाराज युधिष्ठिरको मन उदास भइरहेको थियो । उनी अत्यन्त मानसिक व्यथाका साथ दिन बिताइरहेका थिए । अन्त्यमा उनको मनले सब तरहबाट विचार गर्दा महाप्रस्थान गर्नु नै उचित हो भन्ने निश्चय गऱ्यो । तब उनले एक दिन शुभ मुहूर्तमा हस्तिनापुरको राज्य नाति परीक्षित्लाई सुम्पी युयुत्सु र सुभद्रालाई भने, 'बाबुहो ! परीक्षित् अहिले बालकै छन्, राजकाजको काम उनलाई थाहा छैन । यसकारण तिमी दुई जनाले हरतरहबाट यिनको सहायता गर्नू । अब हामीहरू यस राजपाठलाई छोडी परमार्थको मार्गका अतिथि बन्दछौं ।' यति भनेर युधिष्ठिरले राजकाजबाट सदाका निमित्त छुट्टी लिए । त्यसपछि उनबाट अनेकानेक दान-महादानहरू हुन लागे । मार्कण्डेय, भारद्वाज, याज्ञवल्क्य आदि ऋषिवर्गको पूजा गरियो । नगरवासीहरूलाई जे-जति कुराले सान्त्वना दिनुपर्थ्यो सो पनि दिइयो । त्यसपछि भाइहरूसित युधिष्ठिरले आफ्नो देशपरिवर्तनपूर्वक महाप्रस्थान यात्राको प्रबन्ध मिलाउन लगाए । सो कुरा नगरमा पनि फैलियो, नगरवासीहरू शोकले खिन्न हुन लागे । विशेष गरेर युधिष्ठिरादिले जुन बेला आफ्नो राजसी पहिरनलाई छोडेर वल्कलादि धारण गरेथे त्यस बेलाको त्यो शान्तिमय कारुणिक अवस्था देख्ता प्रजाहरूलाई असह्य कष्टको अनुभव भएको देखिन्थ्यो । पाण्डवहरूकै झैं द्रौपदीले पनि उस्तै वल्कलादि धारणपूर्वक आफ्नो वेशलाई तपस्वी वेशमा परिवर्तित गराएकी थिइन् । उनको त्यो अवस्थाले नगरवासी नारीगणलाई झन् शोकले ग्रस्त गराइरहेको थियो । प्रस्थानको समय नगिचै आएको देखेर चारैतिरबाट दर्शनार्थीहरूको भीड जम्न थाल्यो, कोही-कोही यसो नगरिबक्सियोस्, हामीलाई टुहुरो गराएर सवारी हुनुहुन्न भनी रोक्न पनि थाले । परन्तु निश्चय भइसकेको कुरा कहिले टल्दथ्यो । यथासमय शुभ मुहूर्तमा भ्रातृ र पत्नीसहित युधिष्ठिरले हस्तिनापुरबाट प्रस्थान गरे । केही परसम्म नगरवासीहरू पुऱ्याउन आए । उनीहरूलाई विनयपूर्वक पाण्डवहरूले फर्काइदिए ।

त्यसपछि द्रौपदीसमेत पाण्डवहरूले सीधा उत्तर दिशातर्फको मार्ग पक्रे । यसैबीचमा कताकताबाट एउटा काला कुकुर उनीहरूका पछि लाग्न आइपुग्यो । त्यसलाई

पनि साथै लिई पाण्डवहरू अगाडि बढे । अनेक वन, जङ्गल, पर्वत, नदी, नाला, सरोवरहरूलाई नाघ्दै लालसागरमा पुगे । त्यहाँ उनीहरूको ब्राह्मणवेशधारी अग्निदेवसँग भेट भयो । कुशलप्रश्नादिको अनन्तर अग्निदेवले युधिष्ठिरसँग भने, "राजन् ! खाण्डव वन दाह गर्दा मैले अर्जुनलाई गाण्डीव धनु दिएको थिएँ, अब उनलाई त्यस धनुको काम केही छैन, सो धनु मलाई फिर्ता मिलोस् ।" यो सुनेर युधिष्ठिरले अर्जुनलाई सो गाण्डीव धनु फिर्ता गर्न लगाए, तर अर्जुनले मानेनन् । यस विषयमा केही बेरतक अग्नि र अर्जुनको वादविवाद पनि भयो । आखिरमा अग्निले भने, "बाबु अर्जुन ! तिमी व्यर्थ यस धनुको मायामोहमा किन फस्तछौ ? तिम्रै शरीरको त आज हो कि भोलि हो ठेगाना छैन भने यो धनु लिएर अब के गरुँला भन्दछौ ? यदि हठ गरेर तिमीले दिएनौ भने पनि यो जसको धनु हो उसैसँग आफैँआफ नगई छोड्नेछैन । तिमीलाई सम्झनै होला, श्रीकृष्णको सुदर्शन चक्र पनि उहाँको देहान्त हुनुभन्दा पहिले नै गएको हो । त्यस्तै तिम्रो रथ पनि अघि नै जलेर गइसक्यो । अब यो धनुले मात्र के गर्दछौ ?" अग्निदेवका यी कुरा सुनेर अर्जुनको चित्त बुझ्यो । उनले खुशीसाथ सो गाण्डीव धनु उत्तिखेरै अग्निदेवको बाहुलीमा चढाए । त्यति भएपछि अग्निदेव त्यहीं अन्तर्धान भए । पाण्डवहरू पनि फेरि उत्तर दिशातर्फ अगाडि बढे ।

अग्निदेवसँग बिदा भएर हिँडेका पाण्डव द्रौपदी र कुकुरसमेत जाँदा-जाँदा गन्धमादन पर्वतको बदरिकाश्रमलाई र त्यसपछि कैलाश पर्वतलाई नाघ्दै सीधा सुमेरु पर्वततर्फ तड्केर हिंड्न थाले । त्यहाँ बीचमा चार सय कोस लामो एउटा बरफको चट्टान आइपुग्यो । उनीहरू त्यै चट्टानबाट हिंड्न थाले । सबभन्दा अगाडि युधिष्ठिर, त्यसपछि भीमसेन, अनि अर्जुन, अनि नकुल, अनि सहदेव, अनि द्रौपदी र सबभन्दा पछि कुकुर लुरुलुरु हिंडिरहेका थिए । केही पर पुगेपछि द्रौपदीका पाउ गल्न थालेछन् र उनी थचक्क त्यै चट्टानमा बसिन् । सो देखेर भीमसेनले युधिष्ठिरलाई लौन, द्रौपदी ता थचक्क बसिन्, के गर्ने भनी सोधे । फेरि उनले यस चट्टानमा पापीहरू हिंड्न सक्तैनन् भनी आज्ञा भएको थियो, यिनले ता केही पाप गरे जस्तो लाग्दैन, यिनी के कारणले यस पत्थरमा लडिन् भन्ने कुरा पनि सम्झाए । यसको जवाफमा युधिष्ठरले भने, "यिनी हामी सबै भाइमध्ये अर्जुनउपर ज्यादा प्रेम गर्दथिन् । त्यै पापले यिनको देह यहाँ लड्यो ।"

यति भनेर पछाडितर्फ हेर्दै नहेरी युधिष्ठिर अगाडि लम्के । अलिक पर पुगेपछि सहदेव पछारिए । यसको कारण के हो भनी सोद्धा युधिष्ठिरले भने, "यिनी मभन्दा बुद्धिमान् कोही छैन भन्ने घमण्ड गर्दथे, यही यिनको एक पाप थियो ।" अलि पर पुगेपछि नकुल लडे । तिनको कारण युधिष्ठिरले भने, "यिनीमा मभन्दा सुन्दर पुरुष

कोही छैन भन्ने दिमाग थियो, लडे जान देऊ ।' केही पर पुगेपछि अर्जुनै लडे, उनी पछारिनाको कारण भीमले सोध्दा युधिष्ठिरले भने, 'भैगो जान देऊ, आऊ, यिनी आफ्नो अगाडि जोसुकैलाई पनि तुच्छ सम्झन्थे । यो त्यसैको फल हो ।' अलि पर पुगेपछि भीमसेनै जोरसाथ ढले । ढल्नासाथ 'दाज्यै ! म किन पछारिएँ भनेर उनले सोद्धा युधिष्ठरले जवाफ दिए, 'हो तिमी पनि संसारमा मभन्दा बलियो कोही छैन भन्ने घमण्ड गर्दथ्यौ, धेरै खज्चुवा थियौ, त्यसैको फल हो यो ।'

अब केवल कालो कुकुर र स्वयम् युधिष्ठिरसिवाय कोही बाँकी रहेनन् । उनी छिटोछिटो हिंड्दै बाँकी मार्गलाई तय गर्न लागेका थिए, त्यसै बेला सहसा देवगणसहित देवराज इन्द्र विमान लिएर त्यहीं आइपुगेर भने, 'महाराज ! तिमी बडा धर्मात्मा पुरुष हौ, यस कारण म आफैं तिमीलाई लिन भनेर आएको हुँ । मेरा साथसाथै यही मनुष्य शरीरले तिमी स्वर्गतर्फ हिंड, यो विमान तिमीलाई सदेह स्वर्ग लैजानानिमित्त ल्याएको हो । चाँडै यसमा आरूढ होऊ ।'

युधिष्ठिरले विनयपूर्वक भने, 'सुरराज ! मलाई एक्लै जाने हो भने स्वर्ग पनि प्यारो लाग्नेछैन । पछाडि मेरी द्रौपदी मेरा भाइहरू सबै ढलिसकेका छन्, यदि हजुर तिनीहरूलाई पनि स्वर्ग लैजानुहुन्छ भने म जान्छु, नत्र जान्नँ ।' इन्द्रले भने, 'महाराज ! तिम्रा पत्नी, भाइहरू तिमीभन्दा अगाडि स्वर्गमा पुगिसके, हिंड उहीं भेट गराइदिउँला । उनीहरूका निमित्त तिमीले शोक गर्नुपर्दैन । तिमी यही शरीरले स्वर्ग जान पाउँछौ ।'

यो सुनेर युधिष्ठिर चुपचाप कालो कुकुरलाई समेत साथै लिएर विमान चढ्न तयार भए । सो देखेर इन्द्रले भने, 'राजन् ! यो के गरेको ? कुकुर जस्तो अपवित्र पशुजाति पनि कहीं स्वर्ग जान पाउला ? यसलाई यहीं छोडिदेऊ ।' युधिष्ठिरले भने, 'भगवान् ! यो कुकुर धेरै टाढादेखि मेरो पछि लागेर आइरहेछ, यसले मलाई नै आफ्नो स्वामी सम्झे जस्तो लाग्दछ । यसकारणले पनि यो मेरो शरणागत ठहर्दछ । शरणागतलाई त्याग गर्नुभन्दा ठूलो पाप केही छैन भन्ने शास्त्रमा लेखेको देखिन्छ । अतएव म यस कुकुरलाई सर्वथा छोड्न असमर्थ छु ।' इन्द्रले भने, 'यो कुरा त ठीक हो, तर स्वर्गमा कुकुर यस्तो अपवित्र जीव हो कि त्यो स्वर्गमा जानै सक्तैन, त्यसलाई पाल्नेको सम्म पनि शुभकीर्ति नाश नभइछोड्दैन । त्यसैले तिमी यस कुकुरको मायामोहलाई छोडेर एक्लै हिंड । यसलाई त्याग गर्नाले तिमीलाई केही पाप लाग्नेछैन ।'

युधिष्ठिरले भने, 'देवेश ! आफ्नो भक्तलाई कदापि त्याग गर्नु उचित छैन । शरणागत भक्तको त्यागभन्दा ठूलो पाप केही छैन । म ता यसलाई छोड्नुपर्छ भने

कदापि स्वर्ग जान्नँ ।" इन्द्रले भने, "राजन् ! तिम्रो यो कस्तो विचार ! आफ्नो पत्नी र भाइहरूको भने वास्तै नराख्ने, यो जाबो कुकुरका निमित्त भने यस्तो ममता, यस्तो आग्रह !" युधिष्ठिरले भने, "जो अब गइसके, तिनका निमित्त आग्रह गर्नु व्यर्थ हो, तर जुन मौजुदै छ जो यति टाढासम्म आफ्नो शरण राखेर आइरहेछ त्यसका निमित्त आग्रह नगरी त्याग गर्नु महापाप हो । अतएव यसलाई म कदापि त्याग्न सक्तिनँ ।"

युधिष्ठिरको यो धर्मनिष्ठा र सत्यानुराग देखेर इन्द्रलाई बहुतै हर्ष लाग्यो । उनले युधिष्ठिरको प्रशंसा गर्दै भने, "भारत ! तिम्रो शरणागत रक्षाविषयको यो आग्रह देखेर म बहुतै प्रसन्न भएँ । यो वास्तवमा कुकुर होइन, कुकुरको वेशमा स्वयम् धर्मराज तिम्रो धर्म परीक्षाका निमित्त पछि लागेका हुन् ।" इन्द्रले यति भन्नासाथ कुकुरको रूप त्याग गरेर स्वयम् धर्मराज अगाडि खडा हुँदै युधिष्ठिरलाई भन्न लागे, "मेरा प्रियपुत्र ! मैले तीन-तीन पटकसम्म तिम्रो परीक्षा लिएँ, तिमी तीनै पटकमा उत्तीर्ण भयौ, यसकारण अब आनन्दपूर्वक जाऊ, आफ्नो पुण्यको नातावाट स्वर्गसुखको भोग गर ।" यो सुनेर इन्द्रलाई प्रणाम गर्दै युधिष्ठिर विमानमा चढे । एकै छिनपछि महाराज युधिष्ठिर इन्द्रको सभामा दाखिल भए ।

॥महाप्रस्थानिकपर्व समाप्त॥

□□□

स्वर्गारोहणपर्व

इन्द्रसभामा पुगेपछि युधिष्ठिरले के-के देखे ? दुर्योधन एक दिव्य सुवर्ण सिंहासनमा विराजमान थिए, उनका अगाडि अप्सराहरू नाचिरहेका; भक्ष्य भोज्यादि पदार्थ र सर्वाङ्गपूर्ण भोजनसामग्रीहरू टनाटन भरिएका छन् । यो सब तमासा देखेर युधिष्ठिर जिल्ल परे । उनको मनमा नजाने के विचार उठ्यो उनले एकाएक उठेर इन्द्रादि देवताहरूलाई फट्कार्दै भने, "यो अन्यायी, दुराचारी, कपटी र महापापी दुर्योधनलाई तपाईंहरूले कुन न्यायबाट स्वर्गमा यस्तो गौरवसाथ स्थान दिनुभयो ? मर्त्यलोकमा छँदा यसले जे जति उपद्रव अत्याचार गरेको थियो सो सब देख्तादेख्तै पनि तपाईंहरूले यसरी स्वर्गमा स्थान दिनु यही स्वर्गको औ देवसभाको न्याय हो ! यसको उल्टो मेरा परम धर्मात्मा भाइहरूलाई तपाईंहरूले कुनचाहिं नरकमा लगेर ता ठोसिदिनुभएको छैन ? म ता यस दुराचारी दुर्योधनको समीपमा पनि बस्न चाहन्नँ, बस्नू ता परै रहोस् यसको मुखसम्म पनि मलाई हेर्न मन लाग्दैन । यसको मुख देख्यो कि मलाई अशान्तिले घेरिहाल्दछ, जहाँ यस्तो अशान्ति छ ता त्यस्तो स्वर्गको मलाई प्रयोजनै छैन । त्यो कुन स्वर्ग हो ।"

युधिष्ठिरको यो उत्तेजना देखेर देवर्षि नारदले उनलाई सम्झाउँदै भने, "राजन् ! सुन, दुर्योधनले युद्धमा क्षत्रिय धर्मको पूर्णरूपेण पालन गरेका थिए । त्यही सत्य धर्मपालनमा उनले आफ्नो शरीर होमेका हुन् । यसैले उनलाई स्वर्गमा उत्तम स्थान मिलेको छ । यो केही अन्याय भएको छैन, सत्य न्याय नै भएको छ । यो स्वर्ग हो, 'न यत्र शोको न जरा न मृत्युः ।' यस्तो ठाउँमा अन्याय कदापि हुँदैन । यस्तो ठाउँमा आएर पनि तिमीलाई यो शत्रुताको बुद्धि कहाँबाट आइरहेछ ।" यो सुनेर युधिष्ठिर नाजवाफ भए । तब फेरि नारदले भने, "महाराज ! किन बोल्दैनौ !" युधिष्ठिरले भने, "भइगयो, मेरो चित्त बुझ्यो । अब कृपापूर्वक मेरा भाइहरू कहाँ छन् । सो सुन्न पाऊँ । मलाई सबभन्दा पहिले उनीहरूसँग भेट गर्न इच्छा लागिरहेछ ।"

नारदले भने, "हुन्छ, धैर्य गर, अहिल्यै म भेट गराइदिउँला ।"

युधिष्ठिरलाई यति भनेपछि देवर्षि नारदले देवताहरूसँग सल्लाह गरी यिनलाई भीमसेनादि भएको ठाउँमा लगिदेऊ भनी देवदूतलाई खटाइदिए । उसका साथ युधिष्ठिर जान्छन् ता नरकमा पुगे ! उहाँ भीम, अर्जुन, नकुल, सहदेव, द्रौपदी र अरू पापी जीवजन्तुहरू सडिरहेका थिए । वरैदेखि ठसठस दुर्गन्ध आइरहेको थियो । मासु, रगत, बोसो जतातै छताछुल्ल देखिन्छ । प्रेतगण हल्ला मचाइरहेका थिए । यस्तो वीभत्स दृश्य देखेर युधिष्ठिरले अब मैले कहाँसम्म जानुपर्छ भनी देवदूतसँग सोधे ।

देवदूतको कामै युधिष्ठिरलाई नरक देखाउनु थियो । उसले भन्यो, "हुन्छ, अब धेरै पर जानुपर्दैन, म फर्काउँछु ।" यति भन्दाभन्दै युधिष्ठिर नरककुण्डको नगिचैमा पुगे । उहाँको दुर्गन्ध, गर्मी, सङ्कीर्णता, अन्धता इत्यादि देखेर उनलाई असह्य भयो । अब मलाई फर्काऊ भन्न थाले । यो सुनेर देवदूतले उनलाई फर्कायो । उनी फर्कन भनी आँटेका मात्र के थिए यस्तैमा नरकबाट आवाज आयो, "धर्मराज ! हामीलाई छोडेर कहाँ जानुहुन्छ ? तपाईं आउनाले बहुतै शान्ति तथा शीतलता प्राप्त भएको छ । हेर्नुहोस्, हामी सब कर्ण, भीमसेन, अर्जुन, नकुल, सहदेव, धृष्टद्युम्न, द्रौपदी, द्रौपदीका पुत्र हौं । यस नरककुण्डमा सडिरहेछौं ।" यस्तो परिचयपूर्ण आर्तनाद सुनेर युधिष्ठिरलाई ठूलो कष्ट भयो । उनी विधिविडम्बनालाई सम्झेर जिल्ल पर्दै मनमा के-के विचार गर्न थाले ।

यसैबीचमा देवदूतले "अब यहाँबाट फर्कनुहोस्," भन्यो । तर त्यस्तो आर्तनाद सुन्दै उनी कसरी फर्कन सक्तथे । मेरा सबै भाइहरू नरकमा छन्, म एक्लै स्वर्गमा गएर के गरूँ, बरु इन्द्रसँग गएर यही कुरा भनिदेऊ भन्दै टक्क रोकिए । यसै बेला स्वयम् इन्द्र नै त्यहीं टुप्लुक्क आइपुगे । उनलाई देख्नासाथ युधिष्ठिरले भने, "देवेश ! तपाईंको यस स्वर्गमा अन्यायसिवाय केही रहेनछ, पापी दुर्योधन भने देवतासमान सुखभोग पाउने, मेरा पुण्यात्मा भाइहरू नरकमा सड्ने, यो कुन न्याय हो ?"

इन्द्रले भने, "महाराज ! यो हाम्रो मात्र प्रबन्ध होइन । प्राणीहरूले आ-आफ्ना कर्मको फल भोग्नुपर्दछ । यस नियमबाट तिम्रा भाइहरू पहिले पापकर्मको फलस्वरूप नरकयातनाको भोग गरेर मात्र पछि पुण्यफल स्वर्गको भोग गर्न पाउने हुनाले यहाँ ल्याइएका हुन् । तिमीले पनि आफ्नो पापकर्मको फलस्वरूप नरकसम्म देख्नुपरेको हो ।" युधिष्ठिरले त्यस्तो कुन पाप गरेको रहेछु भनी सोधे । तब इन्द्रले भने, "द्रोणपुत्र अश्वत्थामाको विषयमा, 'नरो वा कुञ्जरो वा' यो मिथ्याभाषण

तिमीले गरेको हुनाले त्यसको फल हो ।" युधिष्ठिरले आश्चर्य साथ भने, "ओहो ! धर्मस्य सूक्ष्मा गतिः" भनेको सत्य रहेछ ।"

यसपछि युधिष्ठिरलाई साथ लिएर इन्द्र नरककुण्डको नगिचै गए । त्यसै बेला युधिष्ठिरले भने, "देवेश ! अब यी मेरा भाइहरूको कहिले यहाँबाट उद्धार हुने हो ?" इन्द्रले भने, "अब यति समयसम्म नरकमा बसेपछि यिनीहरूको सकल पाप भस्म भइसक्यो । तिनीहरू स्वयम् स्वर्गमा आउँछन् । तिमीले चिन्ता गर्नुपर्दैन । यिनीहरू नआउन्जेलसम्ममा तिमी मसँग हिँड र त्यहीं नगिचै बगिरहेकी गङ्गाजीमा स्नान गरी पवित्र होऊ । त्यहाँ स्नान गर्नाले तिमीमा अहिलेसम्म रहिरहेको पाप, ताप, राग, द्वेष, माया, मोह सकल दूर हुन्छ । यो सुनेर युधिष्ठिरले तुरुन्त गङ्गाजीमा गई स्नान गरेर निस्कनासाथ उनको मनुष्यदेह कता गयो, उनी दिव्यदेहमा उत्रे । उनको अन्तःकरण एकाएक शुद्ध, शान्त र निर्मल भयो । तब उनलाई साथ लिएर इन्द्रले त्यो आफ्नो लोकमा लगे जहाँ रागद्वेष क्रोधादिले रहित भएर दुर्योधन, भीम, द्रौपदी, अर्जुनादिहरू सबका सब दिव्यरूपमा विराजमान थिए ।

॥स्वर्गारोहणपर्व समाप्त॥

□□□



३२२९३

उपसंहार

रत्नोदार चतुः समुद्रतकको भोगेर पृथ्वीकन,
ब्याँसाले लुछिएर मर्नु जिउँदै भग्नोरु दुर्योधन ।
वृष्णीले तृणदेखि मर्नु जितिनू गोपादिले अर्जुन,
स्पष्टै भारत भन्छ शान्तिपथमा लगोस् सबैको मन ॥

॥ हरिॐतत्सत् ॥

□□□

योगी र साङ्ख्या दुइ साधकका निमित्त ।
मैले भनैं अघि दुवै थरि मार्ग सत्य ॥
योगीहरूकन तिमी बुझ कर्मयोग ।
हो साङ्ख्यसम्मत धनञ्जय ! बोधयोग ॥



बिस्तार इन्द्रिय सबै वशमा गराई ।
कर्तृत्वको दुरभिमान पनि गलाई ॥
जो कर्मयोगकन गर्दछ धैर्यधारी ।
त्यो हो धनञ्जय ! अवश्य बडो विचारी ॥

भुंडीपुराण प्रकाशन
फोन : ४२२३३१६, ४२२५१४८, बागबजार, काठमाडौं
इमेल : bhundipuranp@gmail.com
www.bhundipuran.com.np
ISBN 978-9937-772-31-0
9 789937 772310
मूल्य रु. ६९०/-